१४५

परमात्मा शिव
देवता रुद्र



৯৮৫

परमात्मा शिव - देवता रुद्र

रेवतिरमणानन्द श्रेष्ठ वैद्य

प्रथम संस्करण, १,००० प्रति

प्रकाशन मितिः– २०४८

२१२३५

मुद्रक तथा प्रकाशकः श्री ५ को सरकार, सञ्चार मन्त्रालय,
मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौं ।

प्रकाशकीय

शिव तत्त्व अत्यन्त गहन छ। समस्त शास्त्रहरूको सार एवं सृष्टि, स्थिति र लयको मूल तत्त्व वास्तवमा परमात्मा शिव नै हुन्। यस्ता कुराहरूको आध्यात्मिक ज्ञान आजको परिप्रेक्षमा आत्मीक उन्नतिका लागि अत्यन्तै महत्त्वपूर्ण छ। "परमात्मा शिव-देवता रुद्र" नामक प्रस्तुत पुस्तक परमात्मा शिवको साथै भगवान् रुद्र सम्वन्धी जानकारी दिने एउटा उपयोगी पुस्तक भएको हुँदा यसको अध्ययनबाट पाठकबर्गले आध्यात्मिक उपलब्धि हासिल गर्नेछन् भन्ने उद्देश्यले हामीले यसलाई प्रकाशनमा ल्याएका छौं। पुस्तक तयार गर्न परिश्रम गर्नुहुने लेखक श्री रेवतिरमणानन्द श्रेष्ठ वैद्य प्रति पुनः यस्ता कृतिहरू तयार हुदै जाउन् भन्ने अपेक्षा राख्दै धन्यवाद दिन चाहन्छौं।

मुद्रण तथा प्रकाशन विभाग

दुई शब्द

"परमात्मा शिव–देवता रुद्र" नामको यो पुस्तक मैले लेखेको शिवसम्बन्धी दोस्रो पुस्तक हो। पहिलोको नाम हो "भगवान् शङ्कर" जुन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा २०४५ सालमा प्रकाशित भएको थियो। सो पहिलो पुस्तकमा विशेषगरी शिव यस लोकमा प्रादुर्भाव हुनु भएको कुरा र उहाँबाट भएका विभिन्न कृयाकलापहरू तथा उपदेशहरूका सम्बन्धमा चर्चा गरेको थिएँ। यो दोश्रो पुस्तकमा शिवलाई १. परमतत्वको रूपमा २. लोकमा प्रादुर्भाव हुने शङ्कर रुद्रको रूपमा तथा ३. वेदमा स्तुति गरिएका रुद्रको रूपमा वर्णन गर्न खोजेको छु।

खास गरी यस पुस्तकमा (१) परमतत्व शिव (अर्थात् जुन तत्वबाट संसारको उद्‌भव भयो जसद्वारा संसारको स्थिति बनिरहेछ र जसमा गएर सबै कुराहरू लय हुँदै जान्छन् त्यही तत्व सबैका परम आत्मा शिव हुन् भन्ने कुरा), शिवका निर्गुण निराकार र सगुण निराकार तथा सगुण साकार स्वरूप, सत्व रज तम जस्ता त्रिगुणमय प्रकृति, पुरुष (जीव) र प्रकृति (अर्थात् प्रधान, बुद्धितत्व, अहंकार, शब्द स्पर्श रूप रस गन्ध जस्ता ५ तन्मात्राहरू, मन, ५ ज्ञानेन्द्रियहरू, ५ कर्मेन्द्रियहरू र ५ महाभूतहरूका कुरा), प्रणव विज्ञान ॐ (अर्थात् सृष्टि स्थिति लय तिरोभाव अनुग्रहका कुरा), पशु पाश र पति सम्बन्धी पाशुपतज्ञान, प्रकृतिको कारण सम्बन्धी विषय आदि शिवसम्बन्धी ज्ञानका कुराहरू; (२) शिव रुद्र नामले प्रादुर्भाव भएर गर्नु भएका विभिन्न कृयाकलापहरू, धर्म सम्बन्धी गतिविधिहरू तथा ज्ञान सम्बन्धी विभिन्न उपदेशहरू (जसमा विषपान पछि दिनुभएको मुक्ति सम्बन्धी ज्ञान, लिङ्गपतन पछि दिनुभएको सांख्ययोगको उपदेश तथा बद्रिकाश्रममा दिनुभएको आत्मज्ञान र अष्टाङ्ग योगको प्रवचन–ईश्वरगीता आदि प्रमुख हुन्) र (३) वेदमा उल्लेख गरिएका रुद्र सम्बन्धी सकाम तथा

निष्काम स्तुतिहरूका वर्णनहरू छन् । साथै यी ३ वटै विषयहरूमा आफ्ना विचार हरू पनि समावेश गरी शिव सबैका आत्मा हुनुको साथै रुद्र सबैका लागि गतिशील देवता हुन् भन्ने धारणा व्यक्त गरेको छु । वास्तवमा शिवसम्बन्धी आफ्नो साधारण अध्ययनको भरमा तथा यस विषयमा केही चिन्तन मननको आधारमा यो पुस्तक तयार पार्ने प्रयास गरेको हुं । विशेषगरी धर्म र ज्ञानका कुराहरू यथार्थ रूपमा स्वाभाविक हुन सकेमा मनुष्यको लागि उपयोगी हुन सक्तछन् र सो उपयोगिता अनुसार नै उनीहरूले पनि ती कुराहरू ग्रहण गर्न सक्ने हुन्छन् । यही बिचारले शिवका सम्बन्धमा लेख्ने आफ्नो प्रयास अघि बढाउन खोजेको हुँ । अतः यो पुस्तकमा लेखिएका कुराहरू ठीक वेठीक राम्रो नराम्रो के कस्तो हो विद्वान् पाठकहरूको बिचारमा छोडेको छु । मेरो उद्देश्य त शिवसम्बन्धी ज्ञानका कुराहरू नेपाली जनसमुदायमा प्रसादको रूपमा पुर्याउनु मात्र हो, अरू कुनै विशेष होइन ।

अन्तमा यो पुस्तक तयार भएको उपलक्ष्यमा म आफ्ना दिवंगत पिता माता वासुदेवानन्द वैद्य र चन्द्रमाया वैद्यलाई सश्रद्धा स्मरण गर्दछु । अनि पुस्तक काम लाग्ने ठानी प्रकाशित गरि दिएकोमा म श्री ५ को सरकार मुद्रण तथा प्रकाशन विभागलाई हार्दिक धन्यवाद अर्पण गर्दछु । विशेषगरी का. मु. सञ्चार सचिव श्री काली प्रसाद रिजालज्यू र का. मु. महानिर्देशक श्री नगेन्द्र प्रकाश श्रेष्ठज्यूलाई यस कामको निम्ति उहाँहरूले लिइ दिनु भएको अभिरुचिको लागि विशेष कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यो पुस्तकमा व्याकरण हेरिदिनु भएकोमा श्री कृष्ण ज्ञवाली र पुस्तकको गुरुकपी तयार गर्न टाईप गरी सहयोग गरिदिनु भएकोमा श्री रामबहादुर थापा र श्रीमती विणा श्रेष्ठलाई तथा पुस्तकको जिल्दाको लागि ॐरूपी परमात्मा शिवको ब्रह्माण्ड आकारको लिङ्ग र काम क्रोध लोभ मोह जस्ता विकारहरू वशमा राखेर आत्मसाक्षात्कार गर्दै मोक्षको मार्गमा हिंड्न प्रेरित गर्ने शङ्कर रुद्रको सांकेतिक चित्र तयार गरिदिनु भएकोमा कला अधिकृत श्री वत्सगोपाल वैद्यलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

परमात्मा शिव - देवता रुद्र

विषय	पाना

१. परमात्मा शिव

१. परमात्मा शिव सम्बन्धी ज्ञानका केही स्रोतहरू	३
२. परब्रह्म शिव	६
३. शिवको निर्गुण तथा सगुण स्वरूप	७
४. ज्ञान निरूपण तथा शिव–विज्ञान	८
५. प्रणवार्थ परिज्ञान	१२
६. समस्त सृष्टिको कारण ॐ	१४
७. शिवका स्त्रीपुरुष–रूप	१६
८. शिवको अद्वैत ज्ञान सम्बन्धी सृष्टि तत्व कथन	१७
९. शिव नै परमतत्व हो	२०
१०. पशुपति शब्द	२२
११. शिवतत्व वर्णन	२५
१२. शिवको काल स्वरूप	२८
१३. शिवक्रीडाको रूपमा जगत्‌को निर्माण	३०
१४. समस्त ब्रह्माण्डको स्वरूप	३१
१५. अग्निसोमात्मक जगत्	३३
१६. वागर्थात्मक जगत्	३४
१७. परमकारण शिव सम्बन्धी मुनिहरूको जिज्ञासा	३६
१८. शिवका मूर्ति आत्मा र निग्रह तथा अनुग्रह	३७

विषय | पाना

विषय	पाना
१९. मोक्षको प्रधान साधन शिव–ज्ञान	४०
२०. पाशुपत ज्ञानको श्रेष्ठता	४३
२१. समस्त जगत् शिवमय	४५
२२. शिवका पुरूष-प्रकृतिरूप	४६
२३. जीव पशु, शिव जगत्पति	४७
२४. शिवलाई कुनै पाशले छुँदैन	४९
२५. मायारूपी विद्या	४९
२६. ईश्वरगीतामा परमात्मा शिव	५१
२७. तीन दर्शनहरू–सांख्य, योग र वेदान्त	५७
२८. ईश्वरगीतामा उल्लिखित भगवान् शङ्करका विचारहरू	७२

२. देवता रुद्र

(क) शङ्कर रुद्र

१. शिव रुद्र नामले प्रादुर्भाव हुनु	९१
२. शिवद्वारा पूर्वजन्मको वर्णन	९३
३. शङ्कर रुद्र स्थाणु हुनु	९६
४. रुद्र कपाली हुनु	९८
५. ब्रह्मालाई भावीको कुरामा शोक नगर्नू भन्ने उपदेश	९९
६. विष्णुसँग एकता	१००
७. विष्णुलाई चक्र प्रदान	१००
८. शङ्कर रुद्रको सतीदेवीसँग विवाह हुनु	१०१
९. शङ्कर जिमूतकेतु हुनाको कारण	१०६
१०. सतीलाई भक्तिशास्त्र वताउनु	१०८
११. विषपान पछि भगवान्द्वारा भएको प्रवचन	१०९
१२. प्रजापति दक्षद्वारा शङ्कर रुद्रको विरोध	११३
१३. लिङ्गपतन र सांख्ययोगको उपदेश	१२०
१४. हिमालयमा शङ्करको तपस्या तथा काममाथि विजय	१२३
१५. कामको दुष्परिणामबारे उपदेशको साथै पुत्रोत्पादनको लागि शङ्कर–पार्वती विवाह	१२४

विषय	पाना
१६. पार्वतीलाई प्रणव, श्रद्धा, आचारबारे उपदेश	१२६
१७. शङ्करको किराती भेष	१३१
१८. पञ्चकृत्य तथा शिवरात्री सम्वधी उपदेश	१३१
१९. वर्ण–जाति लक्षण, कर्मवन्धन र स्वर्ग तथा नर्कको गति	१३३
२०. कुमार र गणेशको जन्म	१३७
२१. पार्वती गौरी बन्नु	१३८
२२. पार्वतीसँगको मोह छुटाउन विभिन्न स्थलहरूको भ्रमण	१३८
२३. वेद–बाह्यहरूको लागि शास्त्र निर्माण हुनु	१३९
२४. अन्धकको आत्मपरिवर्तन	१४०
२५. ईश्वर–गीता	१४१
२६. शङ्करद्वारा सोमलाई श्राप हुनु	१५१
२७. त्रिपुर संहार	१५२
२८. शङ्खचूड–वध	१५५
२९. ब्रह्मको शक्ति बोध गराउनु	१५६
३०. शङ्कर (रुद्र)को प्रादुर्भाव र अन्तर्धान–एक अध्ययन	१५८

२. देवता रुद्र

(ख) वेदस्तुत रुद्र

१. ऋग्वेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी अन्य उल्लेखहरू	१८९
२. यजुर्वेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी अन्य उल्लेखहरू	१९९
३. सामवेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी अन्य उल्लेखहरू	२१२
४. अथर्ववेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी उल्लेखहरू	२१३
५. वेद सम्बन्धी केही कुराहरू	२३५
६. देवता सम्बन्धी केही कुराहरू	२४०
७. रुद्रदेवता सम्बन्धी केही कुराहरू	२४६
८. वेदस्तुत रुद्र सम्बन्धी केही कुराहरू	२५१

१. परमात्मा शिव

परमात्मा शिव

परमात्मा शिव सम्बन्धी ज्ञानका केही स्रोतहरू

परमात्मा शिव के हो ? यो बताउन त्यति सजिलो छैन किनभने यो अध्यात्मको विषय हो । अध्यात्मको विषय भएकोले यो बाह्य विषय नभई अन्तर्विषय बनेको छ । यस्तो अन्तर्विषय अन्तर्मुखी जो छ उसलाई नै विशेष जानकारी हुने हुनाले अन्तर्मुख व्यक्तिलाई मात्र यो विषय सजिलो पर्नेछ । खासगरी ज्ञानलाई तीन प्रकारले विभाजन गरिएको हुन्छ– १. बाह्य ज्ञान, २. चिन्तन ज्ञान र ३. अन्तर्ज्ञान । बाह्य ज्ञान भन्नाले बाह्य स्रोतद्वारा प्राप्त हुने ज्ञानलाई जनाउँछ । यसलाई स्रोतमय ज्ञान पनि भनिन्छ । गुरुले बताएको वा शास्त्रमा पढेको आदि सुनेर, पढेर सिकेका ज्ञान सबै बाहिरी स्रोतबाट प्राप्त हुने भएकाले यी सबै बाह्य ज्ञान हुन् । यस्तै आफूले बाहिरी स्रोतबाट प्राप्त गरेको ज्ञानलाई जब मनमा चिन्तन मनन गरी निश्चित गरिन्छ त्यस्तो ज्ञानलाई चिन्तन ज्ञान भनिन्छ । तर जुन ज्ञान कसैले सिकाएको होइन बरु आफ्नो अन्तर्मनमा स्वयं अनुभूति भएको हुन्छ त्यसलाई अन्तर्ज्ञान भनिन्छ । अन्तर्ज्ञानलाई भावनामय ज्ञान पनि भनिन्छ । जीवनमा घटेका विभिन्न कुराहरूबाट पनि मानिसको मनमा एक्कासी यस प्रकारको भावमय ज्ञानको उदय हुन्छ । त्यस्तै ध्यानस्थ हुँदा मन साक्षी स्वरूप हुने समयमा पनि त्यस प्रकारको भावनामय ज्ञान उत्पन्न हुने हुन्छ । आध्यात्मिक ज्ञान खासगरी भावनामय ज्ञान उत्पन्न हुने समयमा नै प्रवल हुने कुरा हो तापनि स्रोतमय र चिन्तनमय ज्ञानले पनि अध्यात्म विषयको जागरण नहुने होइन । वास्तवमा बाह्य ज्ञानमाथि आफ्नो चिन्तन परिपक्व भएपछि पनि भावनामय ज्ञान प्रकाशित हुनमा बढी सहायता गर्दछ । अतः चिन्तनमय ज्ञानमा बढी जोड दिइएको हुन्छ । चिन्तनमय ज्ञानको लागि आवश्यक पर्ने कुरा स्रोतमय ज्ञान नै हुन् । यसकारण परमात्मा

शिव सम्बन्धी ज्ञान हासिल गर्ने एक उपाय प्रथमतः यस सम्बन्धी स्रोतमय ज्ञानहरू उपलब्ध गर्नु पनि हो ।

हुनत परमात्मा शिव भन्नाले त्यसको शाब्दिक अर्थ नखुलेको होइन । यसबाट शिव सबैका परम आत्मा हुन् भन्ने कुरा बुझाउँछ । त्यस्तै व्यावहारिक वा सामान्य अर्थमा पनि परमात्मा शिव भन्नाले जगत्का मालिक ती परमेश्वर जसले सबैलाई रक्षा गरि राखेको छ भन्ने बुझाउँछ । तर परमार्थतः परमात्मा शिव के हो ? अथवा आत्मा के हो ? परमात्मा के हो ? यी कुराहरू बुझ्न सामान्य तरिकाले परिभाषा गरेर वा व्याख्या गरेर स्पष्ट हुन गाह्रो हुन्छ । यसको लागि यस विषयमा केही गहिरिएर अध्ययन गर्नुपर्ने आवश्यकता हुन आउँदछ। खासगरी आत्मा, परमात्मा, शिव आदि विषयहरूमा अलग अलग जानकारी हुन पनि आवश्यक छ । आत्मा र परमात्माको विषयमा पनि विभिन्न विचारधाराहरू पाइन्छन् तथा विभिन्न दर्शनले आ-आफ्नै मत जाहेर गरेका छन् । तर यहाँ परमात्मा शिव भनिएकोले शिवलाई परमात्मा मान्ने शिवदर्शन अनुसार नै यस विषयको विश्लेषण हुनु उपयुक्त हुन आउँछ । शैव दर्शनका ज्ञानहरू विभिन्न पुराणहरूमा पनि उल्लेख गरिएका छन् । खास गरी १८ पुराणहरू (श्री खेमराज कृष्णदास, वैङ्कटेश्वर प्रेस बम्बइद्वारा प्रकाशित शिव महापुराण अनुसार १. ब्रह्म पुराण, २. पद्म पुराण, ३. विष्णु पुराण, ४. शिव पुराण, ५. भागवत पुराण, ६. भविष्य पुराण, ७. नारदीय पुराण, ८. मार्कण्डेय पुराण, ९. अग्नि पुराण, १०. ब्रह्मवैवर्त पुराण ११. लिङ्ग पुराण, १२.वाराह पुराण, १३. स्कन्द पुराण, १४. वामन पुराण, १५. कूर्म पुराण, १६. मत्स्य पुराण, १७. गरूड पुराण, १८. ब्रह्माण्ड पुराण) मध्ये शिव पुराण, लिङ्ग पुराण, स्कन्द पुराण आदि शैव पुराण मानिएका छन् । यी पुराणहरूमा शैव दर्शनका विभिन्न कुराहरू उल्लेख गरिएका छन् तर कूर्म पुराण, वामन पुराण आदि वैष्णव पुराणहरूमा पनि शैव दर्शनका कुराहरू नभएका होइनन् । खास गरी कूर्म पुराणमा संगृहीत ईश्वरगीता त शैव दर्शनको प्रमुख कुरा मान्नु पर्दछ । अतः यी सबै प्रमुख स्रोतहरू हुन् । यिनीहरू मध्ये पनि शैवहरूको प्रमुख पुराण, शिव पुराणमा नै परमात्मा शिवबारे विशेष कुराहरू उल्लेख गरिएका छन् जुन विभिन्न महापुरुषहरूद्वारा व्याख्या गरिएका हुन् । ती हुन्–सूतजी, स्कन्द कुमार, गुरु ब्रह्मा, महात्मा वायु, महात्मा उपमन्यु आदि । अतः परमात्मा शिव सम्बन्धी ज्ञान हासिल गर्न शिव पुराणमा यी महापुरुषहरूद्वारा बताइएका परमात्मा शिव सम्बन्धी कुराहरूको अध्ययन हुनु बढी विषयोचित हुनेछ । यसको साथै शैव दर्शनको प्रमुख विषय आत्मवादको आधिकारिक ज्ञान भगवान् शङ्करद्वारा उप-

दिष्ट ईश्वरगीतामा पनि उल्लेख गरिएकोले कूर्म पुराणमा उल्लिखित ईश्वर गीताको आत्मज्ञान सम्बन्धी कुराहरूको अध्ययन हुनु पनि उत्तिकै विषयोचित देखिन्छ। अतः शिवपुराण र ईश्वरगीतामा उल्लेख गरिएका परमात्मा शिव सम्बन्धी कुराहरू के के हुन् ? सोको अध्ययन भएमा यस विषयमा आवश्यक जानकारी गर्न सहयोग हुन सकिने देखिएकोले यहाँ शिव पुराणमा र कूर्म पुराणको ईश्वर गीतामा उल्लिखित परमात्मा शिव सम्बन्धी वर्णनहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ। यसमा सर्व प्रथम सूतजीद्वारा वर्णन गरिएका विषयहरू–परब्रह्म शिव, शिवका निर्गुण तथा सगुण स्वरूप, ज्ञाननिरूपण तथा शिव विज्ञान, त्यसपछि स्कन्द कुमार-द्वारा बताइएका विषयहरू-प्रणवार्थ परिज्ञान, समस्त सृष्टिको कारण ॐकार, शिवका स्त्री पुरुष रूप, शिवको अद्वैत ज्ञान सम्बन्धी सृष्टि तत्त्व, त्यसपछि गुरुब्रह्माद्वारा बोध गराइएका विषय – शिव परमतत्त्व हो, त्यसपछि महात्मा वायुद्वारा व्याख्या गरिएका विषयहरू–पशुपति शब्द, शिवतत्त्व, शिवको कालस्वरूप, शिव क्रीडा रूपमा जगत् निर्माण, समस्त ब्रह्माण्डको स्वरूप, शिवका मूर्ति आत्मा र निग्रह तथा अनुग्रह, मोक्षको प्रधान साधन शिव ज्ञान, तथा त्यसपछि महात्मा उप-मन्युद्वारा सुनाइएका विषयहरू–पाशुपत ज्ञानको श्रेष्ठता, समस्त जगत् शिवमय शिवका स्त्री पुरुष रूप, जीव, पशु, शिव, जगत्पति आदिका वर्णनहरू उल्लेख हुनुका साथै अन्तमा भगवान् शङ्करद्वारा ईश्वर गीतामा बताइएका विषयहरू– आत्म गुह्य सनातन विज्ञान, ब्रह्ममय जगत्, परमेष्ठिको प्रभाव, माया, अलिङ्ग स्वरूप लिङ्ग आदि छन ।

शिवपुराण, कोटि रुद्र संहिताको मुक्तिनिरूपण नामक ४१ औं अध्यायमा परब्रह्म शिव, सगुण निर्गुण भेद नामक ४२ औं अध्यायमा शिवको निर्गुण तथा सगुण स्वरूप र ज्ञाननिरूपण नामक ४३ औं अध्यायमा शिव-विज्ञानबारे सूतजीद्वारा उल्लेख गरिएका कुराहरूः–

परब्रह्म शिव

शिव के हुन् वा को हुन् ? शिव परमार्थतः परम ब्रह्म हुन् । यसबारे शिव पुराण कोटि रुद्र संहिताको मुक्ति निरूपण सूत्रमा उल्लेख गरिए अनुसार मुक्तिको सम्बन्धमा प्रश्न गर्ने ऋषिहरूलाई संझाउँदै सूतजी भन्नु हुन्छ– मोक्ष सांसारिक क्लेश र पीडालाई हरण गर्ने भएकोले यो पूर्ण आनन्ददायी हुन्छ । यो सारूप्य, सालोक्य, सान्निध्य र सायुज्य नामले ४ प्रकारको हुन्छ जुन शिवव्रतद्वारा प्राप्त हुन्छ । ब्रह्मा आदि (ब्रह्मा, विष्णु, इन्द्र आदि देवता) ४ पुरुषार्थ–धर्म, अर्थ, काम, मोक्ष मध्ये धर्म, अर्थ र काम तीन कुरा मात्र दिने हुन् । मोक्ष दिन सक्तैनन् तर परम पुरुषार्थ मोक्ष दिनत केवल शिव (महेश) मात्र सक्तछन् । ब्रह्मा आदि देवता त्रिगुण (सत्त्व, रज र तम) का स्वामी हुनुहुन्छ तर शिव तिनै गुणबाट पर निर्विकारी, प्रकृतिबाट पर तुर्य अवस्था (जाग्रत, निद्रा र स्वप्न अवस्थाबाट पनि परको तुर्य अथवा चतुर्थ अवस्था) का परब्रह्म हुन् । उनी त ज्ञानरूपी, अव्यय (अविनाशी), स्वयं साक्षी, ज्ञानद्वारा जानिने, अद्वैत तथा त्रिवर्ग (धर्म, अर्थ, काम) को साथै कैवल्य (मोक्ष) दिने पनि हुन् । हे उत्तम ऋषिहरू ! यो कैवल्य नामको पाँचौ मुक्ति मानिसलाई सर्वथा दुर्लभ हुन्छ । यसको लक्षण बताउँछु, सुन– जेबाट यो सबै जगत् उत्पन्न हुन्छ, जसद्वारा समस्त जगत्को पालन पोषण हुन्छ तथा जुन कुरामा गएर यो जगत्को लय हुन्छ, तथा जुन शक्तिद्वारा यी सबै कुराको पूर्ण विस्तार हुन्छ त्यसैलाई नै हे मुनिहरू ! शिवरूप भनिन्छ (अर्थात् शिव तथा ब्रह्म त्यही कुरा हो) । वेदले यसलाई सफल र निष्फल (फल सहित र फल रहित) दुई प्रकार बताएको छ । त्यो (ब्रह्मरूपी शिव) यस्तो विलक्षण स्वरूप हो जसको ज्ञान ब्रह्मा, विष्णु, सनत् कुमार, व्यास,

शुकदेव, नारद आदि मुनिगण तथा अन्य देवगण र वेदशास्त्रलाई पनि छैन। यो सत्य ज्ञान हो तथा यो अनन्त, सत्-चित् आनन्द, उपाधि रहित, निर्गुण, अव्यय (अविनाशी), शुद्ध र निरञ्जन छ। यो न रातो छ, न पहेंलो, न सेतो वा नीलो नै। त्यस्तै यो न छोटो, न लामो, न ठूलो, न सानो नै छ। जहाँ मन तथा बोली पुग्न सक्तैन त्यही नै शिव संज्ञा भएको परब्रह्म हो भनिन्छ। यो (परब्रह्म शिव) आकाश-जस्तै सर्वव्यापक तथा मायाबाट पर, द्वन्द्व रहित, विना मत्सरताको भएकोले परम आत्मतत्त्व हो। हे द्विजहरू! विज्ञानको अटल उदयबाट शिवको भजन गरेबाट सूक्ष्म मति हुन गई यसको प्राप्ति हुन्छ। लोकमा ज्ञान प्राप्त गर्न दुष्कर (कठिन) तथा भजन उपासना गर्न सुकर (सजिलो) भन्ने मत छ त्यसकारण शिवलाई भजेमा मुक्ति पाइन्छ। शिव भजनको अधीनमा रहने, ज्ञानको आत्मा तथा मोक्ष दिने परमपुरुष हुन्। धेरै सिद्धहरू भक्तिद्वारा नै मुक्ति प्राप्त गर्दछन्। शम्भु माथिको भक्ति नै मुक्तिको ज्ञान उत्पन्न गर्ने जननी हो। यसको प्रसाद (मुक्तिको दृढता) सुलभ हुने लक्षण सत्य र प्रेमका अङ्कुर हुन्।

शिवका निर्गुण तथा सगुण स्वरूप

ऋषिहरूले सोधे–शिव को हुन्? हरि को हुन्? रुद्र को हुन्? तथा विधि (ब्रह्मा) को हुन्? र यी सबैमा निर्गुण को हुन्? यस विषयमा हाम्रो सन्देह दूर गर्नु होला। सूतजीले भने–जो आदिमा (सृष्टिको प्रारम्भमा) निर्गुण, निर्विकार परमात्माबाट उत्पन्न भए त्यसैलाई वेदान्तका विद्वानहरूले "शिव" संज्ञा दिए। उनै (शिव) बाट पुरुष सहित प्रकृतिको उद्भव हुन गयो। फेरि त्यहाँ ती दुबै (पुरुष तथा प्रकृति) ले मूल (शिव) मा स्थित भएर जलमा तपस्या गर्दा त्यसको जल सम्पूर्ण संसारमा व्याप्त भयो (अर्थात् पुरुष तथा प्रकृतिको उद्भव भएपछि संसारमा जल व्याप्त हुनगयो)। यो जानी हरि (पुरुष) आफ्नी माया (प्रकृति) सँग युक्त भई त्यहाँ शयन गरे (अर्थात् त्यहाँ पुरुष र प्रकृतिको समन्वय हुन गयो)। ती हरि (पुरुष) नारायण नामले तथा प्रकृति नारायणी नामले विख्यात भए। हरिका नाभि–कमलमा जो जन्मे उनी पितामह (ब्रह्मा) नामका भए (अर्थात् ती पुरुष सहित प्रकृतिको समन्वयबाट उत्पन्न पृथ्वीमा पितामह जन्मे)। तिनले तपस्याद्वारा हृदयमा जो देखे ती विष्णु रूप (पुरुषयुक्त प्रकृति) थिए। अर्थात् ब्रह्माले तपस्या गर्दा यो संसार विष्णुरूपी (शिव मायाबाट उत्पन्न पुरुष संयुक्त

प्रकृति) भनी ज्ञान प्राप्त गरे। हे ज्ञानीहरू ! ती पितामह र विष्णु नामक देवता बीच को ठूलो भन्ने वादविवाद हुँदा सो विवाद शमन गर्न निर्गुण शिवले जुन स्वरूपको (सगुण रूप रुद्रको) दर्शन दिए ती महादेव नामले प्रख्यात भए अर्थात् ती दुबैले महादेव ठूलो भनी जाने।

उनै महादेवले भनेका थिए—म शम्भु विधाताको मस्तकबाट प्रकट हुनेछु। त्यसपछि लोकलाई अनुग्रह गर्ने ती शम्भु रुद्र नामले विख्यात भए। भक्त वात्सल्य कारक (भक्तलाई आफ्नै बालकको रूपमा व्यवहार गर्ने) ती साक्षात् शिव नै सबैको ध्यानार्थ रूपवान् भई प्रकट भए (अर्थात् रुद्र नामक पुरुषको रूप लिएर लोकमा अवतीर्ण भए)। मायाको तीनवटै गुणहरूबाट रहित भएर रहेका शिवमा तथा सगुण रुद्रमा केही फरक छैन जस प्रकार सुवर्ण र सुवर्णद्वारा निर्मित गहनामा कुनै भेद हुँदैन। यी दुवै (शिव र रुद्र) नै समान स्वरूप र समान कर्म भएका हुन्, आफ्ना भक्तहरूलाई समान रूपले गति दिने हुन् र सबैद्वारा समान भावले नै सेवन गर्न योग्य हुन् तथा यी दुवै अनेक प्रकारका लीलाहरू गर्ने हुन्। अत्यन्त पराक्रमी रुद्र सबै प्रकारले शिवकै स्वरूप हुन्। ब्रह्मा (ब्रह्मवादीहरूका प्रमुख गुरु) र विष्णु (देवगणका नायक) को सहायता गर्ने यी आफ्ना भक्त-हरूको लागि आफ्नो कार्य पूरा गर्न नै अवतीर्ण भएका हुन्। संसारमा जो पनि उत्पन्न भएका छन् ती सबै क्रमैसंग लयमा प्राप्त हुन्छन्। तर यसप्रकार रुद्रको भने लय कहिल्यै हुँदैन, केवल ती शिवको शरीर मात्र लय हुन्छ। लय हुँदा ती सबै सामान्य भएर रुद्रसँग मिलेर लय हुन्छन् तर ती रुद्र विष्णु आदिमा मिलेर कहिल्यै लय हुँदैनन्। यस विषयमा शास्त्र यही बताउँछ।

यी सबै रुद्रलाई भज्दछन्। तर रुद्र कसैलाई पनि भज्दैनन्। कहिलेकाहीं भक्तजन माथि दया गरेको कारणले आफैले आफूलाई भज्न लगाउँदछन्। विद्वत्-गणहरू ! जो धेरै सर्वदा अन्य देवहरूलाई भज्दछन् अन्तमा तिनीहरू उसैद्वारा लय पनि हुन्छन् र यसरी धेरै समयपछि रुद्रको प्राप्ति गर्न पाउँदछन्। तर जो रुद्र-लाई भक्तिभावद्वारा भज्दछ त्यो उसै समय शिवको भाव प्राप्त गरिलिन्छ। ती रुद्र देवलाई कुनै पनि अन्य देवताको आवश्यकता हुँदैन। यही सनातनी श्रुति हो। हे द्विजगण ! संसारमा अज्ञान त धेरै तरहका हुन्छन्, तर विज्ञान धेरै तरहको कहिल्यै हुँदैन। अब त्यसैको भेद तिम्रो सामुन्ने वर्णन गर्दछु। यस संसारमा ब्रह्मा (विराट ब्रह्माण्ड) देखि लिएर तिलसम्म जे पनि देखिन्छ यी सबै शिवका नै स्वरूप हुन्। यसबाट विभिन्न प्रकारका कल्पना गर्नु व्यर्थ छ। सृष्टिको पूर्व पनि शिव तथा यो संसारको रचनाको मध्यकालमा पनि शिव र सृष्टिको अन्तमा पनि शिव

नै रहन्छन् । जब सबै शून्य हुन्छ तब पनि सदाशिव विद्यमान रहन्छन् । हे मुनीश्वरहरू ! यसरी भगवान् शिव चार गुणहरूले युक्त हुनुहुन्छ । ती दुई प्रकारको स्वरूपमा स्थित भएर पनि सबै प्रकारको शक्तिले पूर्णता राख्नुको कारण सगुण नै हो । यस्तै सम्झनु पर्छ ।

जसबाट भगवान् विष्णुलाई समस्त सनातन वेदहरूको उपदेश, अनेक वर्ण र मात्राहरूले युक्त आफ्नो ध्यान तथा अर्चन बताइयो तिनै शिवलाई समस्त विद्याहरुका स्वामी वेदहरूका निर्माता र वेदहरूका अधीश्वर भनिन्छ । ती साक्षात् शिव नै सबै माथि दया गर्ने, सबैलाई उत्पन्न गर्ने, सबैका पालन कर्ता, सबैलाई विनाश गर्ने र साक्षी एवं निर्गुण हुन् । यस सृष्टिमा सबैको समयको प्रमाण हुन्छ, तर यो काल यस्तो हो जसको कुनै कलना नै हुँदैन । ती स्वयं महाकालीद्वारा सेवित साक्षात् महाकाल हुन् । ब्राह्मणहरू रुद्र तथा महाकाललाई नै यस्तो भन्ने गर्दछन् । उनीहरूले (ती दुवैले) आफ्नो सत्य लीला सहित इच्छाद्वारा सबै कुरा प्राप्त गरेका छन् । यिनीहरूका कोही पनि अन्य उत्पादक, पालक र विनाश गर्ने हुँदैनन् । उनीहरू नै सबैका कारण् हुन् र विष्णु आदि अन्य समस्त देवता कार्यभूत हुन भगवान् शिव स्वयम् कारण र कार्यस्वरूप पनि हुन् । उनको अन्य कोही कारण हुदैन एक भएर पनि अनेक स्वरूप धारण गर्दछन् तथा अनेक भएर पनि फेरि एकै स्वरूपमा ठीक हुन्छन् ।

एक वीज फलबाट बाहिर निस्केर फेरि त्यो बीज हुन्छ । यसै प्रकार धेरै भएर पनि सबै कुरा वस्तु रूपले स्वयम् शिव क रूप भएका महेश्वर नै हुन् । हे ऋषिवृन्द ! यो शिवको ज्ञान अत्यन्त श्रेष्ठ छ । भगवान् शिवको ज्ञानलाई ज्ञानी नै बुझ्दछ । उनीहरूले भने—यो शिव-ज्ञानको ठीक लक्षण र स्वरूप राम्ररी बताउनु होस् । कसरी ती शिव सबै कुरा हुन् र कसरी संसारका सबै वस्तुहरू शिव स्वरूप हुन् ?

ज्ञाननिरूपण तथा शिव–विज्ञान

सूतजीले भने—शिव-ज्ञान अत्यन्त गोपनीय र मोक्षप्रद छ । यी सारा चराचर जगत् शिवमय नै छ । जो सर्वज्ञाता विद्वान् छ उसले शिवलाई सर्वजगन्मय जान्नु पर्दछ । परब्रह्मको स्वरूपदेखि लिएर घाँस पर्यन्त जेपनि यो संसारको स्वरूप देखिन्छ ती समस्त कुरा शिवका नै एक रूप हुन् अर्थात शिव नै हुन् । यसै कुरालाई शिव भनिन्छ । जब उनको हृदयमा रचना गर्ने इच्छा उत्पन्न हुन्छ तब उनी यो समस्त

विश्वको निर्माण गरिदिने गर्दछन्। ती स्वयम् सबैलाई राम्ररी जान्दछन् तर तिनलाई कोही पनि जान्न पाउँदैनन्। यो सम्पूर्ण जगत्को रचना गरेर स्वयम् यसमा प्रविष्ट हुँदै फेरि सबैबाट पृथक् स्थित रहन्छ। उनी यसमा लिप्त हुँदैनन्, न कहिल्यै उनको लय नै हुन्छ, ती त केवल ज्ञानका स्वरूप हुन्। जसरी जलमा अग्नि आदि तेजको छाया हुँदा यो अग्नि त्यसको भित्र विद्यमान छ भन्ने भान हुन्छ तर वास्तवमा जलमा त्यो कुरा सर्वथा हुँदैन, त्यसरी नै यो जगत्मा साक्षात शिवको भान मात्र नै हुन्छ र उनी यस जगत्सँग लिप्त हुँदैनन्।

बुद्धिको भ्रमलाई नै अज्ञान भनिन्छ। समस्त दर्शन शास्त्रहरूमा मति (विचार) को भेद स्पष्ट देखाइदिएको हुन्छ किनभने प्रत्येक सिद्धान्त भिन्न स्वरूपको हुन्छ, तर वेदान्तीहरू नित्य परमेश्वरलाई अद्वैत नै भन्ने गर्दछन्। आफ्नै अंशको स्वरूपमा स्थित यो जीवात्मा अविद्याले मोहित भएर म र तिमी यस्तो सम्झन्छ तर शिव त्यस अविद्याबाट सर्वथा रहित छ। सबैमा व्यापक साक्षात् भगवान् शिव सबैलाई व्याप्त गरी समस्त जीवहरूमा स्थित हुन्छन् र समस्त चराचरको प्रभु शिव साक्षात् कल्याण गर्ने हुन्। जो बुद्धिमान मानिस शिवको दर्शन प्राप्त गर्ने उपाय गर्दछ ऊ वेदान्तको मार्गको आश्रय ग्रहण गरी ती शिवको दर्शन प्राप्त गर्दछ। जसरी प्रत्येक काठमा अग्नि व्याप्त भै स्थित रहन्छ तर जसले त्यस काठलाई मन्थन गर्छ उसैले त्यसमा अग्निको दर्शन प्राप्त गर्दछ। त्यसै प्रकार जो विद्वान् मानिस भक्ति आदिद्वारा अगाडि बढ्दछ ऊ अवश्य नै ती शिवको साक्षात् दर्शन प्राप्त गर्दछ।

सर्वत्र शिव नै छन्। शिवको अतिरिक्त संसारमा अन्य केही पनि छैन। भ्रान्तिवश उही शिव यहाँ नाना स्वरुपमा भासमान हुन्छ। जसरी माटो, सागर र सुवर्ण विभिन्न उपाधिहरूको कारण अनेक रूपमा देखिन्छन्, जस्तैः– पर्वत, खेत, भाँडो–समुद्र, पोखरी, कुवा, नदी-औंठी, मुन्द्री, हार, थाल आदि। वास्तवमा विचार गर्दा यहाँ कारण र कार्यमा केही पनि भेद हुँदैन। यो भेद जुन प्रतीत हुन्छ त्यो केवल आफ्नो बुद्धिको भ्रान्ति मात्र हो। जब यो बुद्धिको भ्रान्ति स्वरूप अज्ञान नष्ट हुन्छ यो अन्तर फेरि नदेखिने हुन्छ। कारणस्वरूप बीजबाट वृक्ष अनेक रूपमा प्राप्त गर्दछ। तर अन्तमा सो वृक्ष नष्ट हुन्छ, बीज मात्र शेष रहन्छ। ज्ञान सम्पन्न जीवात्मा पनि बीज स्वरूप हो र यो समस्त प्रकृति स्वरूपिणी विकृति वृक्षकै तुल्य हो। यो समस्त जगत् शिव हुन् तथा शिव नै सम्पूर्ण जगत् हुन्। यी दुईमा वस्तुतः (तत्वतः) कुनै भेद छैन। यो कसरी अनेक रूपमा देखिन्छ र कसरी फेरि एकता हुन्छ भने जसरी एकै सूर्यको स्वरूप जलमा मानिसहरूलाई

अनेक सूर्य देखनमा आउँछ त्यसै प्रकारले ती शिव एक भएर पनि भ्रान्तिको कारण अनेक रूपमा भासमान (प्रकाशित) हुन्छ । जसरी आकाश व्यापक भएर पनि कसैको स्पर्शमा आउँदैन त्यसरी नै ती सर्वव्यापक परमात्मा पनि कहीं बद्ध हुँदैनन् । जीवात्मा अहङ्कारले युक्त छ र शिव स्वयं त्यस अहंकारबाट रहित छन् । जीव एक तुच्छ र आफूले गरेको शुभाशुभ कर्मको भोग गर्ने हो तर शङ्कर (शिव) परम महान् र निरन्तर नितान्त निर्लिप्त हुन् । शुद्ध जीव पनि अहंकारले युक्त हुनाको कारण तुच्छ बन्दछ । जस्तो सुन मूल्यवान् भएर पनि चाँदी आदि मिसावट हुँदा स्वल्प मूल्यवान् हुन जान्छ । तेजाब, आगो तथा क्षार आदिद्वारा शोधित हुँदा सुन जसरी शुद्ध हुन जान्छ र पूर्ववत् समुचित मूल्यको बन्दछ त्यसैगरी सुसंस्कारद्वारा यो अहंकारी जीवात्मा पनि शुद्धस्वरूप बन्न जान्छ । अतः जीवको कर्तव्य हो सर्वप्रथम कुनै सुयोग्य गुरुद्वारा ज्ञानको दीक्षा प्राप्त गर्नु अनि परम भक्ति भावले शिवबुद्धिद्वारा उनै गुरुको पूजा गर्नु । यस प्रकारको बुद्धि बनाएमा यस देहबाट समस्त पाप तथा मल हटेर जान्छ र सारा अज्ञान नष्ट भई ज्ञान उत्पन्न हुन्छ। जब यो जीवात्मा ज्ञान सम्पन्न हुन्छ ऊ अहङ्कारबाट छुट्दछ र उसको बुद्धि अत्यन्त निर्मल भएर शिवको स्वरूप प्राप्त गर्ने हुन्छ ।

जुन प्रकारले ऐनामा आफ्नो स्वरूप देखिन्छ त्यसै प्रकार शिवलाई सर्वत्र व्यापक जानिन्छ अनि त्यो जीवात्मा पनि मुक्त भएर देहरहित भै शिवकै स्वरूपमा आएर मिल्दछ। यो देह प्रारब्धको वशीभूत हुनाले नै मिल्ने गरेको हो । तर ज्ञानीको शरीर रहेर पनि उसलाई शरीर रहित भएको हुन्छ । ज्ञानवान् जीव उही हो जो आफ्नो प्रिय वस्तुद्वारा अति हर्षित हुँदैन र कुनै पनि अप्रिय कुराले क्रोध तथा अप्रिय दशामा शोक पनि गर्दैन र सुख दुःखमा समान भावना नै राख्दछ । मुक्तिको इच्छुक पुरुष आफ्नो आत्म– योगले वा तत्व विचारले आफ्नो शरीरद्वारा शरीरको त्याग गर्दछ ।जो सदा शिवमा लीन हुन्छ ऊ समस्त व्यथा तथा पीडा-हरूबाट छुटकारा पाएर ज्ञानको मूल रूप अध्यात्म प्राप्त गर्दछ । र उसलाई शिवको अत्यन्त भक्ति मिल्दछ । भक्तिद्वारा प्रेम उत्पन्न हुन्छ, प्रेमद्वारा श्रवण, श्रवणद्वारा सत्संगको लाभ र सत्संगबाट गुरुदेवको प्राप्ति हुन्छ । गुरुबाट जुन ज्ञान प्राप्त हुन्छ त्यसबाट निश्चय नै मुक्ति प्राप्त गर्दछ । जो नित्य निरन्तर शिवको उपासना गर्दछ ऊ यसै क्रमले ज्ञान सम्पन्न भएर जान्छ र निश्चय नै अन्तमा मुक्ति प्राप्त गर्दछ ।

शिव पुराणको कैलाश संहितामा स्कन्दकुमारद्वारा उल्लेख गरिएका प्रणवार्थ परिज्ञान, सृष्टिको कारण ॐकार तथा अद्वैतज्ञान र सृष्टितत्व सम्बन्धी कुराहरू:–

प्रणवार्थ परिज्ञान (ॐकारको स्वरूपबारे ६ प्रकारको कथन)

शिवपुराणको कैलाश संहिता (अध्याय १४) मा शिवपुत्र स्कन्द कुमारले वामदेव मुनिलाई बताएको ॐकारको स्वरूप सम्बन्धी ६ प्रकारको कथन यस प्रकार उल्लेख गरिएको छ–

स्कन्दजीले भन्नुभयो– हे वामदेव मुनि ! तिमीले सोधे अनुसार प्रणवार्थ परिज्ञान बताउँदछु । प्रणवको परिज्ञान ६ रूपले गर्न सकिन्छ । ती हुन्– मन्त्ररूप, यन्त्ररूप, देवार्थ, प्रपञ्चार्थ, गुरुरूप प्रदर्शक, शिष्य–आत्मानुरूप ।

१. मन्त्ररूप– जुन मन्त्रको विशेष ज्ञानले मानिस ज्ञानी बन्दछ त्यस मन्त्रलाई सुन । ओं अक्षरको पहिलो स्वर अकार त्यसपछि क्रमशः पाचौं स्वर उकार र प वर्गको अन्तिम व्यञ्जन मकार तथा विन्दु र नाद गरी यी पाँचवर्ण मिलेकोलाई ॐकार मानिन्छ । वेदमा यी अ देखि नाद सम्मको पाँचको समष्टिलाई नै ॐकार भनिएको छ । प्रणव (ओं) शिव वाचनमा यो व्यष्टि (एक) रूपले प्रसिद्ध छ ।

२. यन्त्ररूप– ओं को यन्त्ररूप हो लिङ्ग (प्रतीक) स्वरूप । सबभन्दा तल पीठ (आसन) बनाउने, त्यसमाथि अकार फेरि उकार फेरि मकार बनाउने अनि मस्तकमा विन्दु र अर्धचन्द्राकार बनाउने यसरी यन्त्रपूर्ण भएमा सबै कार्यको सिद्धि हुनेछ । यस यन्त्रलाई खिचेर ॐकारद्वारा वेष्टित गरी (बेरेर) यसको नाद समाप्त नहुन्जेल भेदन गर्ने । हे वामदेव मुनि ! तिमीलाई स्नेहपूर्वक अब भगवान् शङ्करले बताएको अत्यन्त गोप्य देवार्थ सुनाउँदछु ।

३. देवार्थ– सद्योजातादि उपक्रम (सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) नै सदाशिव हुन् । श्रुतिले पनि ब्रह्मलाई यही पञ्चवाचक भनी बताएको छ । ब्रह्मरूपमा यी पाँच सूक्ष्म देवताहरू हुन् । यिनीहरू पनि शिवकै मूर्ति हुन्,

पृथक होइनन् । शिवको वाचन हुने मन्त्र शिव मूर्तिकै वाचक हुन् । मूर्ति र मूर्तिमान्मा विशेष भेद हुँदैन । ईशान मुकुटमा गरी पाँच मूर्ति शिवका देह हुन् । यी पाँचै मुखहरूका वर्णन सुन । शिवका पाँच मुखहरू (सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) सद्योजात देखि प्रारम्भ भै क्रमशः चारैतिर रहन्छन् र साथि ईशान रहेको हुन्छ । यही ईशान देवताकै चतुर्व्युह पदमा रहेका सद्योजात आदि चारै पुरुषहरू ब्रह्मस्वरूप हुन् । ईशान नामक ब्रह्मको साथै यी समष्टिरूपमा पञ्च ब्रह्म भनिन्छन् । अतः सद्योजात देखि अन्ततकका प्रत्येक पनि ब्रह्म भनिन्छ ।

४. प्रपञ्चार्थ– यो अनुग्रहमय चक्र (सृष्टि, स्थिति, लय, तिरोभाव र अनुग्रह) लाई प्रपञ्चको कारण भनिएको छ, तथा परब्रह्ममय, सूक्ष्म र निर्विकार पनि यसैलाई सम्झनू । अनुग्रहका पनि दुई भेदहरू छन्– तिरोभाव र प्रकटभाव जुन प्राणीहरूलाई पर र अपर मुक्ति दिने हुन् । सदाशिवको अनुग्रहका यी दुई कृत्यहरू सहित सृष्टि आदि (सृष्टि, स्थिति, लय, तिरोभाव र अनुग्रह) लाई कृत्यहरूका पञ्चक अर्थात् पञ्चकृत्य भनिन्छन् । ती सद्य आदि भनी कीर्तिमान् भएका देवताहरू परब्रह्मस्वरूपका हुन् र ती पाँचै कल्याणका दाता हुन् । अनुग्रहमय चक्र शान्ति (सुख) भन्दा पर तथा कलामय छ । सदाशिवमा अधिष्ठित भएकोले यसलाई परमसत् (आनन्द) भनिन्छ । सदाशिवका उपाशक तथा प्रणव भक्तिको चेतना हुने भावित आत्मा यतिहरूलाई यस पदको प्राप्ति हुन्छ । हे मुनिहरू ! यस पदलाई प्राप्त गरी यिनीहरू ब्रह्मस्वरूप परमात्माको साथ रही अनेक उत्तम भोग गर्दछन् । महाप्रलय भएपछि शिव समतामा मिल्नेछन् । पुनः संसाररूपी समुद्रमा खस्तैनन् । सनातन अर्थ यही हो । शिवको ऐश्वर्यको समष्टिरूप यही हो । उनी सबै ऐश्वर्यले सम्पूर्ण छन् तथा उनै सबै ऐश्वर्य प्रदान गर्दछन् । यो भन्दा अर्को ठूलो पद छैन । यो ब्रह्म पञ्चक विस्तारलाई नै प्रपञ्च भनिन्छ । प्रवृत्ति निवृत्ति आदि कलाहरू ब्रह्मद्वारा नै भएका हुन् । निवृत्त हुँदा सूक्ष्म भूतस्वरूप भई कारणमा स्थित हुन्छन् ।

५. गुरुरूप प्रदर्शक– आफ्नो शरीरको स्थूलरूप प्रपञ्चको ५ प्रकारले स्थिति भएकोले नै यसलाई ब्रह्म पञ्चक भनिएको हो । हे मुनिहरू ! पुरुष, स्रोत, बोली, शब्द र आकाश यी पाँचै ईशानरूपी ब्रह्मद्वारा नै व्याप्त हुन्छन् । हे मुनिहरू! प्रकृति, त्वचा, हात, स्पर्श र वायु यी पाँचै तत्पुरुष ब्रह्मद्वारा व्याप्त छन् । अहङ्कार, आँखा, पाउ, रूप तथा पावक (अग्नि) अघोर ब्रह्मद्वारा व्याप्त छन् । बुद्धि, रसना (जिब्रो), वायु (मलद्वारा), रस र जल यी पाँच ब्रह्म वामदेवद्वारा व्याप्त छन् । मन, नाक, उपस्थ (मूत्रेन्द्रिय), गन्ध र भूमि यी पाँच सद्य (सद्योजात) ब्रह्मद्वारा व्याप्त छन् । यसरी पञ्च ब्रह्ममय जगत् भयो । जुन शिव वाचक ॐ प्रणव मन्त्ररूपले ॐ भनिन्छ

त्यही पाँच वर्णको विन्दुसहितको ॐ समष्टि भनेर विद्वान्हरूले भनेका हुन् । शिवद्वारा उपदेश गरिएको मार्गले यस मन्त्ररूपलाई भावना गर्नुपर्छ, यही प्रणव शिवरुपी परम मन्त्राधिराज हो ।

६. शिष्यात्मरूप– हे वामदेव मुनि ! अब म हंस शब्दको प्रतिलोम (उल्टा– अर्थात् सअहम्बाट सोहम् र सहंको उल्टा हंस भएको)मा प्रणवको उद्भव सुनाउँदछु सुन । व्यञ्जन सकार र हकारको वर्जन (छोड्नु) ले ॐ रूप स्थूल परमात्म वाचक हुन्छ । यो ॐलाई तत्वदर्शी मुनिहरूले महामन्त्र भनी जानेका छन् र यो सूक्ष्म महामन्त्रको उद्धार (व्याख्या) तिनीहरू गर्दछन् । अ अं अः यी तीनवटैका आदि स्वर अकारको सोह्रौं स्वरूप अः मा आधा हकार हुन्छ अतः हंसको प्रतिलोम (उल्टा) सअहम् हुनगयो । यस सअहंको सकारको अर्थ शिव भनी सम्झनु किनभने यो स (सर्वनाम) विशुद्ध स्वभाव हो । यो शक्त्यात्मक महामन्त्रलाई शिवकै वाचक ठान्नु पर्दछ। गुरुको उपदेशकालमा सोअहं नै शक्त्यात्मक शिव हुन् । त्यही शक्त्यात्मक शिवांशबाट पशु (जीव) भयो । यो पशु र शिवको एकीकणरद्वारा साम्यभाग (समानताको भागी) हुन गएकोले प्रज्ञानं ब्रह्म भन्ने वाक्यको अर्थ यही सोअहंमा प्रदर्शित भएको हुन्छ ।

समस्त सृष्टिको कारण ॐकारः–

ॐकार समस्त सृष्टिको कारणबारे स्कन्द मुनिले भन्नु भयो–

(अध्याय १६) प्रज्ञान शब्द चेतनाको पर्यायवाची हो यसमा शंका छैन । आत्मा चैतन्य हो भनी शिव सूत्रहरूमा भनिएको छ । यो चैतन्य जसमा विश्वका सारा ज्ञान र क्रिया भरिएको हुन्छ र जो स्वतन्त्र स्वभावको छ त्यसैलाई आत्मा (परमात्मा) भनी बताइएको छ । शिवसूत्र र वार्तिक (व्याख्या) हरू अनुसार जीवस्वरूपमा दुई लक्षण ज्ञान र बन्ध रहन्छन् । जसले आत्माको ज्ञान पाएको हुन्छ त्यसको ज्ञान क्रियात्मक (स्वतन्त्र) हुन्छ । जसको हुँदैन त्यसको पशुवर्ग (पाशले बाँधिएको प्राणी) को लक्षण हुन्छ । यी दुई ज्ञान र बन्ध पराशक्तिबाट भएका हुन् र पहिलो सृष्टि यही पराशक्तिबाट भयो भन्दछन् । त्यो पराशक्ति स्वभावतः तीन शक्तिले चलेको छ । यी हुन् इच्छा शक्ति,ज्ञान शक्ति र क्रिया शक्ति । यी इच्छा, ज्ञान, र त्रिया शक्तिहरू शम्भुका दृष्टिका तीन भेदहरू भनी जान्नू। शिवका यी तीन प्रकारका दृष्टि हुने मानिस तथा नहुने पशु हो । चैतन्य (प्रज्ञान) लाई

निश्चय नैं आत्मरूप भनी जान्नू ।

अब प्रपञ्चको निमित्त प्रज्ञान र प्रणवको एकताको वर्णन गर्दछु । हे वामदेव मुनि ! तिम्रो स्नेहले गर्दा म तिमीलाई विवेकज्ञान हुने गरी यसको तात्पर्य बताउँदछु । शिव र शक्तिको समायोजन नैं परमात्मा भनी निश्चय गर्नू । त्यस परमात्माको पराशक्तिबाट चित् (चैतन्य) शक्ति खडा भयो । त्यसद्वारा आनन्दशक्ति तथा त्यस आनन्दशक्तिबाट इच्छाशक्ति उत्पन्न भयो । अनि त्यस इच्छाशक्तिबाट ज्ञानशक्ति र ज्ञानशक्तिबाट क्रियाशक्ति उत्पत्ति भए । यिनैं शक्तिहरूबाट हे मुनि ! निवृत्ति आदि कलाहरू पनि उत्पन्न भए । चिदानन्द (चित् र आनन्द) शक्तिबाट क्रमशः नाद र विन्दु उत्पत्ति भए इच्छा शक्तिले मकार तथा ज्ञानशक्तिले पाँचौं स्वर उकार भयो । हे मुनि ! क्रियाशक्तिद्वारा अकारको स्वर भयो । यस प्रकार प्रणव उत्पन्न भयो ।

अब पञ्चब्रह्मको उत्पत्तिको कुरा सुन । शिवबाट ईशान, ईशानबाट पुरुष, पुरुषबाट अघोर, अघोरबाट वामदेव र वामदेवबाट सद्योजात उत्पन्न भए । यसबाट ३८ मातृका (कला र व्यन्जन अक्षरहरू) पनि उत्पन्न भए । ईशानबाट शान्त्यतीत नामको कला तथा पुरुषबाट शान्तिकला उत्पन्न भयो । अघोरबाट विद्याकला उत्पन्न भयो । त्यस्तै वामदेवबाट प्रतिष्ठा र सद्योजातबाट निवृत्ति उत्पन्न भएर शिवको मुखबाट ईश र चित् (चैतन्य) शक्तिको मिथुन (दुई अथवा जोडी) पैदा भयो । त्यसबाट शिवका यी अनुग्रह आदि पञ्चक भए । अनुग्रह आदि (सृष्टि, स्थिति, लय, तिरोभाव र अनुग्रह) कृत्यहरूका हेतु यिनैं पञ्चक (सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) हुन् । यो भनाइ यस कुराका ज्ञाता मुनिहरूको हो ।

ॐको वाच्यवाचक सम्बन्धद्वारा मिथुनत्व (दुईको जोडा) भयो र यसबाट कला र वर्ण स्वरूपको यो पञ्चक अनुग्रह आदिमा भूत पञ्चक (पञ्च महाभूत) उत्पन्न भयो । हे मुनि ! यी पञ्च महाभूतहरू पनि क्रमैले (आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल र जलबाट पृथ्वी) उत्पन्न भए । चित्शक्त्यात्मक (चैतन्यशक्ति भएका) ईशको आदि मिथुनदेखि आरम्भ गरी पञ्चमहाभूत सम्म चित् शक्त्यात्मक नैं भनिन्छ अर्थात् जस्तो चित्शक्त्यात्मक छ त्यस्तै पञ्चमहाभूत पनि शक्त्यात्मक छ । आकाशमा शब्द गुण, वायुमा शब्द र स्पर्श गुण तथा अग्निमा शब्द, स्पर्श र रूपको गुण हुने हुन्छ, त्यस्तै जलमा शब्द, स्पर्श, रूप र रसको गुण तथा पृथ्वीमा शब्द, स्पर्श, रूप, रस र गन्धका गुणहरू हुन्छन् । यी सबै गुणहरू क्रमैले आ–आफ्नो भूतहरूमा व्याप्त छन् र गन्धादि क्रमले विपरीतताद्वारा व्याप्त भै रहेको छ (अर्थात् व्यापक भित्र व्याप्य रहेको हुन्छ जस्तो पृथ्वी व्यापक गन्ध

व्याप्य)। यी भूत पञ्चक (पञ्चमहाभूत) को रूपलाई प्रपञ्च (संसार) भनिन्छ। प्रपञ्च (जगत्) को यो सम्पूर्ण समष्टि आत्मा विराट्लाई ब्रह्माण्ड भनियो। पृथ्वी तत्वदेखि शिव सम्मका (पृथ्वी, जल, तेज, वायु, आकाश, शिव) तत्व समुदाय शक्ति सहित परमेश्वरमा लीन भएपछि जीव रूप पनि विराट्मा लय हुन्छ। र सृष्टि-कालमा फेरि शक्तिद्वारा निर्गत भएर (निस्केर) स्थूल प्रपञ्चको रूपमा आई पुनः प्रलय नहुञ्जेल सम्म स्थित भएको हुन्छ। विश्व रचनामा उद्यत हुने स्वेच्छा जुन हो त्यसैलाई शिव तत्व भनिएको छ। सम्पूर्ण कृत्यको अनुवर्तन (प्रयास) लाई इच्छा-शक्ति–तत्व भनिन्छ। ज्ञान र क्रिया शक्तिमा ज्ञानको अधिकता भए शिवतत्व र ज्ञान भन्दा क्रियाको अधिकता हुँदा महेश्वर तत्व भनी जान्नू। ज्ञान र क्रिया शक्तिको समानता हुँदा विशुद्ध ज्ञानरूप शिव तत्व सम्झनु पर्छ।

आफ्नो अङ्ग रूप अवयवहरूमा भेदरूप बुद्धि हुनु माया तत्व भनिन्छ। जब शिव आफ्नो मायाले आफ्नो परमैश्वर्यस्वरूपलाई लुकाई सम्पूर्ण पदार्थ ग्रहण गर्दछन् तब यसलाई पुरुष नामक सृष्टि भनिन्छ। पुरुष यस शिव–मायाद्वारा मोहित भएर जीव रूप भई अज्ञानवश आफूलाई अनेक कर्ममा कर्ता तथा सबैबाट भिन्न सम्झन्छ। यस प्रकार मोहित हुन्छ कि पुरुष आफूलाई शिववाट तथा शिवलाई जगत्बाट अभिन्न सम्झदैन। तर जसरी योगीलाई इन्द्रजालको भ्रम हट्दछ त्यसरी नै गुरुको ज्ञानरूप ऐश्वर्यद्वारा सम्पन्न शिष्य शिवरूप प्राप्त गर्दछ। शिवका संकोच युक्त (खुम्च्याउन र फैलाउनसक्ने) तथा सूर्य झैं नित्य प्रकाश दिने सम्पूर्ण कर्तव्य स्वरूप, सर्वज्ञ स्वरूप, पूर्णत्व नित्यत्व र व्यापकत्व स्वरूप पाँचशक्तिहरू छन्। जीवका कला (निवृत्ति), विद्या, राग, काल र नियति यी पाँच कलाहरू तत्वरूपले रहेका हुन्छन्। कर्तापन हुनु विद्या, विषयमा प्रीति उत्पन्न हुनु राग, भाव र अभाव छुट्ट्याउने क्रमलाई काल, यो मैले गर्नु हुन्न भन्ने ज्ञान गराउने नियामक जुन हो त्यो विभुको शक्तिलाई नियति (विवेक) भनिन्छ जुन त्याग गर्दा (नमान्दा) प्राणी पतित हुन्छ। अतः त्यस जीवस्वरूपका यी पाँच आवरणहरूलाई अन्तरङ्ग साधन तथा पाँच कञ्चुक भनिन्छ।

शिवका स्त्रीपुरुष-रूप

(अध्याय १६) वामदेवले भने– सदाशिवदेखि कीटसम्मको स्थितिलाई जगत्को रूप भनिन्छ। यो रूपवान् जगत्का कारण उही सनातन देव शिव

भनिन्छ । जगत्का कारण ती पुरुष हुन् वा स्त्री हुन् ? अथवा दुवै मिलेको वा अरू कुनै प्रकारका हुन् सो कुरा बताइदिनु होला । स्कन्दकुमारले जवाफ दिए– प्रतिज्ञा, हेतु, उदाहरण, उपमेय, निगमन यी ५ अवयवका ती परमेश्वरको अनुमान पनि प्रयोगबाट सिद्ध हुन सक्तछ । स्त्रीपुरुष रूप यो विश्व प्रत्यक्ष नै देखिन्छ । ६ कोष भएको यो शरीरमा तीन कुरा– अस्थि (हाड), स्नायु, मज्जा पिताबाट तथा तीनकुरा– छाला, मासु, रगत आमाबाट प्राप्त हुन्छ । यसरी सबै शरीरमा स्त्री-पुरुष भाव रहेका छन् । त्यस्तै परमात्मामा पनि स्त्रीपुरुषको भाव रहेको हुन्छ । परमात्माको सच्चिदानन्द (सत् चित आनन्द) स्वरूप प्रपञ्चलाई निवृत्त गर्दछ । प्रकाश शब्द पुलिङ्ग भएकोले यसको पर्यायवाची सत् शब्द पनि पुलिङ्ग मान्नु पर्दछ । त्यस्तै ज्ञान शब्दको पर्याय भएकोले चित् शब्द स्त्री रूप मानिन्छ । अतः सच्चिदात्माको अर्थ पुरुष र स्त्रीको आत्मा अर्थात् जगत्को कारण स्त्री र पुरुषको संयोग हुन् भन्ने देखिन्छ । अर्को कुरा जसरी तेल र बत्तीको कमीले प्रकाशको कमी हुन्छ त्यस्तै शक्तिको अभावमा शिव पनि केही होइन । अतः शक्तिले युक्त शिव नै जगत्का कारण हुन् । शिवत्व र शक्तित्व दुबै परमात्मामा रहेका छन् । शिव-शक्तिकै संयोगले सबै आनन्द प्राप्त हुन्छन् । अतः शिव र शक्ति अर्थात् पुरुष र स्त्री दुवै रूपी परमात्मा शिव जगत्का कारण हुन् ।

शिवको अद्वैत ज्ञान सम्बन्धी सृष्टितत्व कथन

शिवको अद्वैत ज्ञानका सम्बन्धमा शिव पुराणको कैलास संहिता (अध्याय १७) मा यस प्रकार उल्लेख गरिएको छः–

स्कन्द कुमारले वामदेव मुनिलाई भन्नु भयो– यो अद्वैत शैव्यवाद द्वैतलाई कहिल्यै मान्दैन । किनभने द्वैत नाशवान् कुरा हो र अद्वैत अविनाशी । ती सबभन्दा ठूला कर्ता जसबाट तीन देवता ब्रह्मा, विष्णु, रुद्र (सृष्टि स्थिति र लय सहितको प्रकृति) उत्पन्न भए ती सर्वज्ञ एक शिव नै सच्चिदानन्द स्वरूप ब्रह्म हुन्। उही शिव आफ्नो माया तथा स्वेच्छाले संकुचित रूप समान पुरुष बन्दछ । पुरुषका पाँचकला (कला, विद्या, राग, काल, नियति वा पंचकोष-अन्नमय कोष, प्राणमय कोष, ज्ञानमय कोष आदि ?) हुनाको कारण भोक्ता पनि यही हुन् किनभने यो पुरुष प्रकृतिमा जन्म गुणहरू भोग्ने हुन् । यस प्रकार दुवै स्थानमा (ब्रह्म तथा प्रकृतिमा) पुरुष स्थित हुने कुराको कुनै प्रकार विरोध हुँदैन । यसरी शिव आफ्नो रूप, ज्ञान

आदिको संकोच गर्दै समष्टियुक्त हुन्छ ।

सत्व आदि (सत्व, रज र तम) गुणहरूद्वारा साध्य बुद्धि आदि त्रिगुणात्मक चित्त (मन, बुद्धि, चित्त) र ती गुणहरूका कारण प्रकृति तत्व नै हुन्। सात्विक आदि(सत्व, रज र तम)को भेदद्वारा प्रकृतिका गुणहरू उत्पत्ति हुन्छन् । गुणहरू (त्रिगुणात्मिका प्रकृति) द्वारा वस्तुको निरूपण गर्ने बुद्धिको उत्पत्ति हुन्छ । त्यस बुद्धीद्वारा महान-अहंकारको उत्पत्ति हुन्छ । त्यस अहंकारबाट क्रमशः मन तथा इन्द्रियहरू र तन्मात्राहरू भए । मनको स्वरूप सङ्कल्प गर्ने भयो । इन्द्रियहरूमा बुद्धीन्द्रियहरू– कान, छाला, आँखा, जिब्रो र नाक हुन् जसबाट क्रमशः शब्द, स्पर्श, रूप रस तथा गन्ध गोचर हुन्छन् । बुद्धीन्द्रियलाई श्रोतादि पनि भनिन्छ । तथा कर्मेन्द्रियहरूमा हात, पाउ, मुख, मुत्रेन्द्रिय र मलद्वार हुन् । यस पछि क्रमशः अहंकारबाटै तन्मात्राहरू (शब्द, स्पर्श, रूप रस र गन्ध) उत्पन्न भए। तत्व दर्शीहरूले यिनीहरू (तन्मात्राहरू) लाई सूक्ष्म भनेका छन् तथा कर्मेन्द्रियहरूको आफ्नो कार्य सहित भएकोले स्वतः (स्थूलरूपमा) जानिन्छन् जस्तो– मुख, हात, पाउ, मूत्रेन्द्रिय, मलद्वारका क्रियाहरू बोल्नु, काम गर्नु, हिंडनु, मुत्नु, दिशा गर्नु हुन् ।

अहङ्कारबाट तन्मात्राहरू उत्पन्न हुने क्रम पछि तन्मात्राबाट पञ्चमहाभूतहरू उत्पन्न भए । हे मुनिहरू ! तन्मात्राहरूद्वारा नै शब्द, स्पर्श, रूप, रस, गन्ध जस्ता सूक्ष्म कुराहरूको स्थिति रह्यो । तथा यसै तन्मात्राहरूबाट आकाश वायु, अग्नि, जल र पृथ्वीको उत्पत्ति भयो जसलाई पञ्चभूत भनिन्छ । आकाशको व्यापार अवकाश दिनु, वायुको व्यापार वेग, अग्निको व्यापार पचाउनु, जलको व्यापार बग्नु र पृथ्वीको व्यापार धारण गर्नु हुन् ।

कलाहरू (रूप, विद्या, राग, काल, नियति आदि आवरणहरू) सहित तन्मात्राहरूद्वारा पञ्चमहाभूतको उत्पत्ति भयो । यो स्थूल प्रपञ्च (जगत्) रूप पञ्चभूत शिवकै शरीर (तत्व) हो । शिवतत्वमा पृथ्वी तत्वसम्म तत्वको क्रमद्वारा (आकाशदेखि वायु, तेज, जल र पृथ्वीसम्म) तन्मात्राहरूमा उत्पत्ति हुन्छ । यस क्रमलाई भूतोत्पत्ति भनिन्छ । तन्मात्रा र कला यी नै भूतहरूका कारण हुन् ।

अब देवताहरूबारे सुन । ब्रह्मा, विष्णु, रुद्र, महेश्वर, सदाशिव यी सबै साक्षात् शिवकै मूर्तिहरू (स्वरूप) हुन् । चन्द्र, सूर्य, ग्रह, नक्षत्रादिको उत्पत्ति यो स्थूल–सूक्ष्मात्मक विश्वमा जसरी भयो त्यसरी नै ब्रह्मा, विष्णु, रुद्र आदि देवता, भूत-जाति, इन्द्रादि दिक्पाल, देवता, पितर असुर, राक्षस, मनुष्य तथा विभिन्न प्रकारका जीव, पशु, पक्षी, कीट, पतंग र वृक्ष, गुल्म, लता, औषधि, पर्वत, नदी, सागर आदि जे जति छन् सबै यसैमा (शिवमा) स्थित छन् भन्ने कुरा बुद्धिद्वारा

सम्झनु पर्दछ । यो स्त्री-पुरुषरूपी जगत् शिव शक्तिले युक्त छ । यी जे छन् ती सबै शिव हुन् । शिव नै प्रपञ्चआत्मा (जगत्को आत्मा) हुन् । अठ्तीसकला त्यागी शिवजीको अद्वैत भावना बुझ्ने गुरु शिव नै सम्झनू । यसप्रकार विचार गर्ने श्रेष्ठ शिष्यले युक्त गुरु शिव नै हुन् । तथा प्रपञ्च, देवता, यन्त्र, मन्त्रात्मा गुरु पनि शङ्कर (शिव) नै हुन् । यसप्रकार गुरुको कृपाले बन्धनमुक्त भई शिव पदमा आसक्त शिष्य अवश्य नै पूज्यात्मा बन्दछ । सम्पूर्ण वस्तु गुण प्रधान योगको कारण समस्त तथा पृथक् प्रणवको अर्थलाई नै प्रकाशित गर्दछ ।

शिव पुराणको वायुसंहिता (पूर्व भाग) अध्याय २-३ मा नैमिषारण्यका मुनिहरूलाई ब्रह्माद्वारा बताइएको शिव नै परम तत्व हो भन्ने वर्णन छ जुन सारांशमा यसप्रकार छः-

शिव नै परम तत्व हो

सृष्टिको प्रारम्भ पछि धेरै कल्प बित्दा श्वेतवाराह कल्पमा नैमिषारण्यमा षटकुल उत्पन्न मुनिहरू विश्व निर्माण सम्बन्धी ज्ञानका चर्चा गर्दै यो परब्रह्म हो, यो त्यही हो, आदि प्रकारले विवाद गरी ब्रह्म निरूपण जस्तो कठिन विषयमा कुनै निश्चय हुन नसक्दा उनीहरू सबै ब्रह्मा (ब्रह्मवादीहरूका वरिष्ठ गुरु) कहां गई ब्रह्म निरूपण सम्बन्धी ज्ञान दिलाउन अनुरोध गर्न गए। ती मुनिहरूले ब्रह्मालाई भने- "परमतत्व के हो (यो संसार कुन परमतत्वबाट उत्पन्न भयो ?) जान्न नसकेर हामी अन्धकारमा परेका छौं र पारस्परिक विवादले खिन्न भएका छौं। अतः तपाई हामीलाई विशुद्ध परिपूर्ण शाश्वत नित्य परमेश्वरले जगत्लाई कुन अदभुत कर्म द्वारा निर्माण गर्दछ, तत्वपूर्वक बताई दिनुहोस् तथा यो जगत् अन्तमा कहाँ लीन भएर जान्छ ? यी सबै प्राणी कसका वशमा छन्, यी सबैका नियोजक को हुन्, उस-लाई हामी कुन प्रकारले देख्न सक्तछौं ? सो पनि बताई दिनुहोस्।"

गुरु ब्रह्माले भन्नु भयो- जसद्वारा पहिले ब्रह्मा, विष्णु, रुद्र, इन्द्र आदि (देवताहरू) उत्पन्न भए, जसबाट सब प्रकारका इन्द्रियहरू र पञ्चमहा-भूतहरू पहिले उत्पन्न भए, जो कारणहरूका पनि धाता, ध्याता परमकारण हुन् (अर्थात जगत्को कारण प्रकृतिलाई पनि धारण गर्ने परम ईश्वर हुन्) उनी बाहेक अरू कुनै वस्तु कसैले पनि उत्पन्न गरेको छैन। उनी सबै ऐश्वर्यहरूले सम्पन्न स्वयं सर्वेश्वर हुन्। सबैद्वारा ध्यान गर्न योग्य ती शम्भु हृदयाकाशमा स्थित छन्। उनैले म पुत्रलाई उत्पन्न गरी पहिले ज्ञान प्रदान गरे र यो प्रजापतिको पद उनैको प्रसादले मैले पाएं। ती एक ईश्वर आकाशमा वृक्ष समान निश्चल रूपले स्थित छन्। उनै महान पुरुषद्वारा यो ब्रह्माण्ड परिपूर्ण छ। जो एकै छन् र स्वयं निष्क्रिय रहेर अनेक जीवहरूद्वारा सक्रिय गराउँदछन् तथा एकैले अनेक बीज रूपहरूलाई कर्म गराउँद छन्, तिनै महेश्वर हुन्।

जो सबै लोकहरू जीवहरूद्वारा परिपूर्ण गरी स्वयं तिनका शासक भएका छन् उही भगवान् रुद्र (महेश्वर) हुन्, अन्य कोही होइनन्। जो सदा प्राणीहरूका

हृदयमा स्थित भएर पनि सर्वदा कसैले देख्न नसकिने भई स्थित छन्। काल र अखिल जगत्‌का कारणहरूमा पनि एकै अनन्त शक्ति भएका ती भगवान् स्थित छन्। अर्थात् पञ्चमहाभूतका कारण पञ्चतन्मात्रा, पञ्चतन्मात्राका र इन्द्रियहरूका कारण अहंकार, अहंकारको कारण महत् (बुद्धि) र महत्‌को कारण महान (मूल प्रकृति) जस्ता सबै कारणहरूमा स्थित हुने भएकाले ती महेश्वर हुन्। सृष्टि भन्दा पूर्व यो विश्व अन्धकारमय (शून्य) थियो। त्यस समय दिन रात सत्‌असत् केही थिएन। जसको रात र दिन हुँदैन जसको समान अथवा ती भन्दा ठूला अन्य कोही छैनन् स्वभावतः तिनको पराशक्तिमा (परमात्माको दुई शक्तिहरू पराशक्ति र अपराशक्ति छन्, पराशक्तिबाट पराप्रकृति पुरुष उत्पन्न हुन्छ) नित्य ज्ञान र कृया स्थित छन्। जुन यी सम्पूर्ण क्षर तथा व्यक्त भूत (संसार) हुन् तथा अव्यक्त र अक्षर ब्रह्म हुन् यी दुवै स्वयं एकै महेश्वर हर हुन्। जो मनुष्य सद्‌भाव पूर्वक ती ईश (शिव) मा ध्यान गर्दछ उसको अन्त्य समयमा विश्वमाया (प्रकृति उन्मुखकर्म) निवत्त हुन्छ र उसमा विद्युत, सूर्य, चन्द्र कुनै पनि प्रकाश गर्दैनन्। बरू उसको कान्तिले नै यो सम्पूर्ण विश्व प्रकाशित हुन्छ। यही शाश्वत श्रुति हो।

एकै देव महादेवलाई महेश्वर भनी जान्नु योग्य छ, उसको परमपद कुनै पदद्वारा जान्न सकिंदैन। उनको आदि अन्त छैन। ती देवता स्वभावैले निर्मल स्वतन्त्र तथा परिपूर्ण छन् र चराचर जगत्‌लाई आफ्नो इच्छाको अधीन राख्तछ। उनको शरीर प्रकृतिजन्य छैन, उनी लक्ष्य लक्षणबाट पर छन्। स्वयम् मायाद्वारा सम्बद्ध भएर पनि भक्तहरूलाई मोक्ष दिने हुन्। काल स्वरूप भएर पनि काललाई प्रेरणा गर्दछन्। उनको स्थान सर्वोपरि छ, उनी सबैमा अधिष्ठित छन् र सबैमा निवास गरेर पनि सबैका ज्ञाता हुन्। उनी नै छ (६) मार्ग (षटदर्शन– सांख्य, योग, मीमांसा, न्याय, वैशेषिक, वेदान्त?) हुन्, उनी सबै जगतका पति हुन्।

यिनी समानका वा यिनी भन्दा ठूला अरू कोही छैनन्। यिनको तुलना कसैसंग गर्न सकिन्न। यो विश्व पहिले यिनैद्वारा बन्दछ र अन्तमा यिनैमा लय भएर जान्छ। सबै कुरा यिनैका वशमा छन्। परमभक्तिद्वारा यिनको दर्शन सम्भव हुन्छ। यिनी स्थूल पनि हुन्, सूक्ष्म पनि हुन् तथा सूक्ष्मभन्दा परका (शून्य) पनि हुन्। योगीहरू यिनको सूक्ष्म रूपलाई दर्शन गर्न सक्तछन्।

जो नित्य ज्ञान, आनन्द र अव्यय हुन् यस्तालाई प्रतिष्ठावान् भक्तले मात्र प्राप्त गर्दछ। यसर्थ मुक्ति प्राप्त गर्ने गुप्त रहस्य शिव-भक्ति नै हो। तर भक्ति पनि प्रभुको प्रसादले (कृपाले) मात्र उदय हुन्छ। प्रसादको प्राप्तिले धर्म वृद्धि हुन्छ। धर्म वृद्धिले पाप क्षय हुन्छ। यसै क्रमले अनेक जन्मका पापहरू नाश हुँदै गएपछि सर्वेश्वर शिवमा ज्ञानपूर्वक भक्तिको उदय हुन्छ। भक्तिबाट प्रसाद प्राप्त भएपछि कर्म तथा कर्मफल पनि क्षय भएर जान्छ।

शिव नै परम तत्व हो भन्नेबारे ब्रह्माको प्रवचन पछि समयान्तरमा नभिषारण्यका मुनिहरूलाई वायु नामक ऋषिले पशुपति शब्द, शिव तत्व, शिवको कालस्वरूप, शिव क्रीडाको रूपमा जगत् निर्माण, समस्त ब्रह्माण्डको स्वरूप शिव, मोक्षको प्रधान साधन शिवज्ञान आदि विषयहरूमा दिनु भएका प्रवचनहरू शिव पुराणको वायु संहिता (पूर्व भाग) मा उल्लेख गरिएका छन् । जुन क्रमशः यसप्रकार छन्–

पशुपति शब्द

(अध्याय ५) वायु नामक ऋषिले ती मुनिहरूका प्रश्नको जवाफ दिदै भने– अजड जीव तथा जड प्रकृति दुबैका नियन्ता उनै शिव हुन् । उनैका तीन नामहरू पशु, पाश र पति हुन् । क्षर, अक्षर तथा क्षराक्षर भन्दा पनि पर यी तीन कुरा तत्वज्ञाताले बताए अनुसार अक्षरको नाम जीव हो, त्यही पशु हो तथा ब्रह्मज्ञानद्वारा पाश जुन प्रकृति हो सो क्षरण हुने हुनाले यसलाई क्षर भनिएको हो तथा जो क्षराक्षरबाट पनि पर छन् उनै पति हुन् । प्रकृति क्षर हुन्, पुरुष अक्षर हुन् र यी दुबैलाई प्रेरणा गर्ने तथा यी दुबैबाट पर परमेश्वर शिव हुन् । मुनिहरूले प्रश्न गरे– प्रकृति के हो ? पुरुष को हुन् ? वायुले जवाफ दिए– मायाको नाम प्रकृति हो, त्यसै मायाद्वारा पुरुष आवृत्त हुन्छ। मल (विकार) र कर्मको सम्बन्धबाट पर शिव नै सबैका प्रेरक तथा ईश्वर हुन् । माया (प्रकृति) शिवको शक्ति हो, मायाले ढाकिएको चेतन (जीव) शिव स्वरूप हो । मल (विकार) ले चित्त स्वरूपलाई आवृत्त गर्नु शिवकै इच्छा हो । तर शिव स्वतः विशुद्ध तथा मल (तम) रहित हुन् ।

मुनिहरूले प्रश्न गरे– व्यापी (पुरुष) लाई यो माया किन आवृत्त गर्दछ ? पुरुषलाई आवरण कसरी हुन्छ ? तथा त्यसको निवृत्ति कसरी हुन्छ ? वायुले बताए– यी व्यापी (पुरुष) कला आदि (प्रवृत्ति, विद्या, राग, काल र नियति) ले आवृत्त हुने हो । कला आदिको कारण कर्म हो । कर्म भोग गराउँदछ । मन क्षीण भएमा

कला आदिमा निवृत्त हुन्छ । कला (क्रियाको व्यञ्जक), राग (रजो गुणद्वारा उत्पन्न हुने विषयको इच्छा), विद्या (कर्तापन अथवा राग पूर्ति गर्ने बुद्धि), यिनीहरूलाई अवच्छेद गर्ने काल तथा यी सबैलाई वशमा राख्ने ईश्वरीय शक्ति नियति यी पाँच कुरालाई कला आदि भन्दछन् जसको भोक्ता पुरुष हुन् । पुण्य र पापलाई कर्म भनिन्छ । पुण्यको फल सुख तथा पापको फल दुःख हुन्छ । अज्ञानद्वारा उत्पन्न यी अनादि मल (विकार) भोगको अन्तमा पनि अज्ञानवश आफ्नो आत्मामा समाहित भएर रहन्छ अतः कर्म र कर्मको भोग नाश गर्न अव्यक्त (प्रकृति) लाई नै भोग सम्झनु पर्दछ । भोग शरीरको लागि हो । वाह्य करण (दश इन्द्रिय–आँखा, कान, नाक, छाला, जिभ्रो र हात, खुट्टा, मुख, मूत्रेन्द्रिय, मलद्वार) तथा अन्तकरण (मन बुद्धि अहङ्कार) भोगका साधन हुन् । अतिशय भाव (अन्तरभाव) प्राप्त गर्नाले त्यस्को प्रसादले मल (विकार) क्षय हुन्छ । मल क्षीण भएमा त्यस पुरुषको आत्मा शिव समान हुन्छ । मुनिहरूले सवाल गरे– कला आदि (कला, विद्या, राग, काल, नियति) पञ्चतत्वका कर्म के हुन् ? भोग गर्ने पुरुष आत्मा हुन् वा आत्मा बेग्लै हुन् ? के अव्यक्त आत्मा हुन् ? भोग के कारणले हुन्छ ? किन शरीरले भोग गर्दछ ? शरीर केलाई भनिन्छ ?

ऋषि वायुले जवाफ दिए– पुरुषको ज्ञान उत्पन्न गर्ने शक्ति विद्या हो, क्रियाका व्यञ्जक कला हो, विषयमा प्रीति जगाउने राग हो, त्यस्को अवछेदक काल हो र यिनीहरूलाई नियन्त्रण गर्ने देव–शक्ति नियति हो । यी सबैको कारण अव्यक्त (प्रकृति) हो जुन त्रिगुण (सत्य, रज र तम) मा प्रकट हुन्छ । तत्व चिन्तकहरू यस (त्रिगुणलाई) प्रधान वा मूल प्रकृति भन्दछन् । कला नै क्रियात्मक अभिव्यक्तिको लक्षण हो । सुख दुःखले विमोहित आत्मा (पुरुष) गुणलाई तीन प्रकारले भोग गर्दछ । सत्व, रज र तम यी तीन प्रकृतिका गुणहरू हुन् । तिलमा तेल रहे जस्तै प्रकृति पनि सूक्ष्म रूपले रहेको हुन्छ । सुख र सुखका हेतु सात्विक तथा त्यसको उल्टो दुःख र दुःखको हेतु राजस र मोहको हेतु तामस भनिएको छ । त्यस्तै सात्विक ऊर्ध्वगति, तामस अधोगति तथा राजस मध्यम गतिका हुन् ।

५ तन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध), ५ महाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश), ५ ज्ञानेन्द्रिय (आँखा, कान, नाक, जिभ्रो र छाला), ५ कर्मेन्द्रिय (हात, खुट्टा, मुख, मलद्वार र मुत्रेन्द्रिय) व्यक्त हुन्, अनि प्रधान, बुद्धि, अहंकार र मन यी चारै कुरा पनि कारण अवस्थामा अव्यक्त हुन् भने कार्य अवस्थामा व्यक्त हुन् । जस्तो गाग्री माटोसँग भिन्न हुँदैन त्यस्तै शरीर पनि अव्यक्तसँग भिन्न

हुन सक्तैन । त्यसकारण अव्यक्त नै कार्यको कारण हो, देह यसको (अव्यक्तको) आधार तथा भोग्य हो ।

आत्मा– बुद्धि, इन्द्रिय र शरीरबाट अलग्ग भई जो निश्चल र सर्वव्यापक रहेको छ त्यही आत्मा हो । त्यसको हेतु थाहा पाउन धेरै कठिन छ । बुद्धि, इन्द्रिय र शरीरलाई आत्मा भनिंदैन । स्मृति बुद्धिको परिणाम हो, यो आश्रय र आश्रयीको भेद हो । नेत्र रूपलाई ग्रहण गर्दछ स्पर्श होइन । अतः एक इन्द्रियबाट एउटै कार्य (ज्ञान) ग्रहण हुन्छ । तर आत्मा (जीव) विभिन्न इन्द्रियद्वारा सबै कुराको ग्रहण गर्दछन् । देह हुन्जेल ज्ञान हुन्छ । आत्मा (जीवात्मा) त शरीर नाश भए पनि अर्को शरीरमा जान्छ । होइन भने कर्म भोग कसरी हुन सक्तछ ? त्यसैले देहबाट भिन्न कुनै आत्मा (जीव) छ जो कर्म फल भोग्दछ । अतः आत्मा यिनीहरूबाट भिन्न छ । आत्मालाई वेदवेदान्तमा अन्तर्यामी भनिन्छ । आत्मा सबैमा विद्यमान् छन् र सर्वत्र व्याप्त छन् । यी शाश्वत हुन् तथापि कसैले यसलाई प्रत्यक्ष देख्न सक्तैन । कारण यो नेत्रआदि इन्द्रियद्वारा ग्रहण गर्न सकिने कुरा होइन । मनलाई प्रदीप्त गर्ने महात्माले मात्र यसलाई जान्न सक्तछन् । यो आत्मा स्त्री, पुरुष तथा नपुंसक कोही होइन, त्यस्तै माथि, तल वा बाङ्गो कतै रहने होइ न । शरीरमा रहेर पनि अशरीर, चलबस्तुमा रहेर पनि स्थाणु (अचल) तथा अविनाशी हुन् । यसलाई धीर पुरुष-हरू सदा अभ्यास गरेर देख्न सक्तछन् ।

ती पुरुष (जीव-आत्मा) शरीरबाट फरक छन् । शरीर अशुद्ध, दुःखस्वरूप र चल कुरा हो । पुरुष यसबाट पृथक् भए पनि यिनै शरीरसँग पुरुषको संयोग हुन जाँदा पुरुष कर्मानुसार दुःखी, अज्ञानी, मानिने हो । विरुवालाई पानी दिंदा अंकुर निस्के झैं अज्ञानरुपी जलले भिज्दा देहमा कर्मरुपी अङ्कुर उत्पन्न हुन्छ । जसबाट शरीर अत्यन्त दुःखरूपको हुन जान्छ । आखिर शरीरको मुखमा मृत्यु आइपर्छ । यसैगरी शरीर पनि हजारौं भएर जान्छ । एक शरीर जीर्ण भएपछि पुरुष अर्को शरीरमा प्रवेश गर्दछ । एक शरीरमा निरन्तर रहँदैन । आकाशमा चन्द्रमा कहिले बादलले ढाकिने कहिले देखिने जस्तै पुरुष पनि शरीरसंग कहिले संयोग हुने कहिले नहुने हुन्छ ।

अनेक देहको भेदले जीव-आत्माको वृत्ति पनि फरक फरक देखिन्छन् । जस्तो नदीमा बगेको काठ नदीका लहरहरूमा एक पछि अर्कोमा मिल्दै जान्छ, पृथक् हुँदै जान्छ । त्यस्तै आत्मा पनि प्राणीहरूमा सभागम हुन्छन् । जीव शरीरलाई देख्तछ तर शरीर जीवलाई देख्न सक्तैन । यो जीव र शरीर दुबैलाई देख्ने अर्को (आत्मा) छ । यस आत्मालाई जीव र शरीर दुबैले देख्न सक्तैनन् । ब्रह्मादिदेखि

स्थावर जङ्गम सबै प्राणीहरू पशु संज्ञाका हुन् । कारण यिनीहरू पाशले बाँधिएका भई सुख दुःख भोग्ने हुन्छन् । पाशले बाँधिएकोलाई नै पशु भनिएको हो । जीव अज्ञानी भएकोले सुख दुःख भोग गर्दछ, । उसलाई स्वर्ग वा नरकको लागि ईश्वर प्रेरित गर्दछन् :

शिवतत्व

(अध्याय ६) वायुदेवताले पशु र पाश दुबैका स्वामीबारे भन्नुभयो– पशुको पाश छुटाउने स्वामी जगदीश्वर हुन् । उनी विना यो सृष्टि सम्भव हुँदैन । प्रधान (प्रकृति),परमाणु आदि जुन अचेतन छन् यिनीहरू कुनै कारण विना स्वयं कर्तृत्व चेतन हुन सक्तैनन् । यो जगत् कर्ता सापेक्ष हुन् । कर्ता विना हुन सक्तैन । जगत् कर्ताको कार्य हो। कार्य कर्ताकै अवयव हुन् । अतः कार्यको कर्तृपन ईश्वरमा छ, पशु र पाश (जीव र कर्म) मा होइन । ईश्वरको प्रेरणाले जीवमा कर्तापन प्रतीत हुन्छ तर यथार्थमा कर्ता जीव होइन । जस्तो अर्को कुनै पुरुषको सहारा विना अन्धो चल्न सक्तैन त्यस्तै ईश्वरले प्रेरित नगरीकन जीव कार्य गर्न सक्तैन । अतः जीव कर्ता होइन ।

पशु, पाश र पतिलाई तत्वतः फरक जानेर ब्रह्मज्ञानी योनिमुक्त हुन्छन् । क्षर अक्षर दुबै मिलेर व्यक्त अव्यक्तलाई धारण गर्दछन् । ईश्वर संसारबाट मुक्त गराउने हुन् । भोक्ता, भोग्य र प्रेरक यी तीन कुरा जान्नेलाई अन्य कुरा जान्नु आवश्यक छैन । जस्तो तिलमा तेल, दहीमा घिउ, विद्यमान हुन्छ त्यस्तै आफू (जीव) आत्मामा स्थित हुन्छ जुन नित्य सत्य तपद्वारा देख्न सकिने हुन्छ । संसार ईश्वरको एक माया हो । ईश्वर यसैमा आफ्नो शक्तिद्वारा सबैलाई वशमा राखी स्थित हुन्छन् । ती रुद्र (ईश्वर) एक हुन् । अर्को छैन । उही सृष्टि गर्दछन्, रक्षा गर्दछन् र संहार गर्दछन् । विश्व सबै यिनका नेत्र तथा मुख हुन् । विश्वका बाहु यिनका बाहु नै हुन् । आकाश र भूमि उत्पन्न गर्ने उनै महेश्वर हुन् । उनै सबै देवताहरूलाई उत्पन्न तथ पालन गर्दछन् । जस्ले पहिले हिरण्यगर्भ देवता (ब्रह्मा) लाई उत्पन्न गरे, उही विश्व उत्पन्न गर्ने रुद्र हुन् । यी परमात्मा भन्दा ठूला अन्य कोही छैनन् । यिनैले सारा जगत्‌लाई पूर्ण गरेका हुन् । उनी सबैका मुख, शिर, घाँटी हुन् । उनी सबै प्राणीका हृदयमा स्थित छन् । यी भगवान् सर्वव्यापी छन् । यिनी सर्वगत (सर्वतिर फैलने) भएको कारण यिनलाई शिव भन्दछन् । यिनी सबैलाई ढाकेर राख्तछन् ।

२१२८५

यिनी सबै इन्द्रियहरू आभास हुने तथा सबै इन्द्रियहरू वर्जित हुने, सबैका प्रभु विज्ञान तथा सबैलाई शरणदिने सुहृद हुन्। चक्षु नभएर पनि देख्ने, कान रहित भएपनि सुन्ने, सबैलाई जान्ने तर यिनलाई भने कसैले नजान्ने यस्ता यिनीलाई परम पुरुष भनिन्छ। यी अणुभन्दा साना, महानभन्दा ठूला, सबै जीवको हृदयको गुफामा स्थित हुने अविनाशी महेश्वर हुन्। ऋतु हीन तथा प्रज्ञास्वरूप अति महिमा भएका ती ईशान देवको प्रसादले हामी शोकरहित देखिन्छौं। यिनीलाई वेदले अजर पुराणले सर्वगामी विभु भन्दछन् तथा ब्रह्मवादीहरू यिनको ध्यानले जन्ममरण निरोध हुन्छ भन्दछन्। एकै भएपनि धेरै शक्ति भएकाले तीनै लोक निर्माण गर्दछन् र संहार गर्दछन्।

विश्वधारण (उत्पन्न) गर्ने प्रकृति अजा (जन्मरहित) भनिएकोले शैवी हुन्। यी रजोगुणले लालवर्णको, सत्वगुणले शुक्ल (सेतो) वर्णको तथा तमोगुणले कृष्ण (कालो) वर्णको मानिन्छ। यो प्रकृति अनेक प्रकारका प्रजा उत्पत्ति गर्दछन्। जीव यसलाई भोग गर्दछ। देहरुपी वृक्षमा जीव र आत्मा समानरूपले स्थित हुन्छ तर जीव वृक्षको फल खान्छ भने आत्मा सो खाएको हेर्दछ। संसाररूपी वृक्षमा पुरुष भोगहरू भोग्दै मोहवश शोक गर्दछ। तर शुद्ध मनले हेर्दा परमकारण अर्थात् परमेश्वर रूपी मायालाई देखेर शोकमुक्त भई आनन्द हुन्छ। ईश्वर नै आफ्नो मायाले विश्व सृजना गर्दछ। माया प्रकृति हो र माया–पति महेश्वर हुन्। उनै ईश्वरका अवयवद्वारा सम्पूर्ण जगत् व्याप्त छ। सूक्ष्मभन्दा सूक्ष्म ईशानदेवको गर्भको मध्यमा रही विश्वको स्रष्टा र त्यसमा वेष्टित भै चेष्टा गर्ने शिव नै हुन्। यस्तो जानेमा शान्ति पाइन्छ।

उनी विश्वका अधिपति प्रभु काल हुन्। ती विश्व अधिपतिलाई (शिवलाई) जानेर मानिस मृत्यु पाशबाट मुक्त हुन्छ। प्रभु (शिव) लाई घिउको कण भन्दा पनि सूक्ष्म भई सबै प्राणीहरूमा स्थित भएको जानेर मानिस सबै पापबाट मुक्त हुन्छ। यी परमदेव विश्वकर्मा महेश्वर हृदयमा विद्यमान छ भन्ने जानेमा अमृत (अमर) हुन्छ। जुन समयमा दिन, रात, सत्, असत् केही थिएन त्यसबेला एक मात्र शिव थियो जसबाट पुरातन प्रज्ञा प्रकट भयो। यिनको माथि, तल, तेर्छो केही थिएन। यिनको प्रतिमा (आकार) कुनै थिएन। यिनको नाम अनन्त यश हो। अनेक जन्मदेखि भयभीत मानिस परमात्मालाई अजात (कहिल्यै नजन्मने) भन्ने जानेर आफ्नो रक्षाको लागि ती रुद्रको दक्षिण मुखमा प्राप्त हुन्छ। ब्रह्म भन्ने परम शब्दको दुई अक्षरमा यस्तो रक्षा पाइन्छ जुन ब्रह्म विद्या-अविद्या भनिने कुरामा स्थित भई गूढवत् (रहस्यमय) रहेको छ।

अविद्याले क्षर हुन्छ भने विद्याले अमृत प्राप्त हुन्छ । ती दुवै विद्या अविद्याका अधीश्वर महेश्वर हुन् । एकै (परमात्मा) ले धेरै जाल (प्रपञ्च) रचना गरी त्यसमाथि शासन गर्दछ । माथि, तल तथा सबै दिशामा सबै माथि आधिपत्य राखी विराजमान हुने ती विश्वका कारण भएकाले सर्वश्रेष्ठ हुन् । ती रहस्यमय परात्पर ब्रह्मलाई पहिले देवऋषिहरूले जानेका थिए । संसारको आश्रयस्वरूप तथा सृष्टि र संहारका कला भएका ती परमेश्वर भावनाले मात्र पाइने हुन्। शरीररूपी बन्धनमा रहनेले पाउन सक्तैन । कोही ती ईशलाई स्वभाव भन्दछन् । तर यथार्थ जान्न सक्तैनन् र यिनैमा सबै मोहित छन् । ती परमेश्वरको महिमाले सारा जगत् भ्रमिएका छन् ।

कालका पनि कालस्वरूप ती सदा जगत्लाई आवृत गर्दछन् र प्राणीहरूलाई कर्मतिर प्रेरित गर्दछन् । गुण अनुसारको कर्म हुन्छ । गुणको अभावमा कर्म पनि क्षीण हुन्छ । कर्म क्षीण भएमा पुनर्जन्म हुँदैन जसबाट भोक्ता र भोगको योग समाप्त हुन्छ । यी परमेश्वर निर्गुण, सर्वज्ञ, तीनै गुणका स्वामी, परमभन्दा परम साक्षात् ब्रह्म हुन् ।

यिनैबाट यो सम्पूर्ण विश्व प्रकट भयो । उही कार्य र कारणका स्वामी हुन् । उसलाई उत्पन्न गर्ने कोही छैन, उसको कहिल्यै जन्म हुँदैन, उसलाई कालमा गणना गर्न पनि सकिंदैन । यसको आवश्यकता पनि छैन । ती एक नै सर्व प्राणीमा व्याप्त छन् । ती नै सबै जीवका अन्तरात्मा तथा धर्माध्यक्ष मानिन्छन् । उही सबै प्राणीमा निवास गर्ने सबैका साक्षी हुन् । निर्गुण चेतना हुन् । उनी आदिमा प्रजा उत्पत्तिको लागि बीज उत्पन्न गर्ने हुन् । यिनलाई मुमुक्षुजन आफ्नो आत्मामा देख्तछन् । यिनी नित्यको पनि नित्य,चेतनाको चेतन कर्ता,स्वयं कार्य रहित भै अरूलाई कार्यफल दिने हुन् । साङ्ख्य योगद्वारा जान्नयोग्य यिनी कारणरूप हुन् । यिनलाई जगत्पति भनी जानेर मानिस पशु-पाश (कर्मबन्धन) बाट मुक्ति पाउँदछ । यी विश्वका कर्ता विश्वका ज्ञाता, स्वात्मायोनिज्ञ (आफ्नै आत्माका योनिको ज्ञाता), प्राणीहरूको कर्म फलको ज्ञाता, कालका कर्ता हुन् तथा त्रिगुणात्मिका प्रकृति र क्षेत्रज्ञ (अन्तर-साक्षी) का पनि पति हुन् । यिनैले (शिवले) सर्वप्रथम ब्रह्मालाई वेदका उपदेश दिए । मोक्षको कामना गर्नेले संसारबाट मुक्त हुन कला तथा क्रियारहित, शान्त, निरञ्जन ती शिवको शरणमा जानु पर्दछ । उनी विना दुःख निवृत्तिको कुनै उपाय छैन । संक्षेपमा भनौं भने शिव प्रकृतिबाट परका पुरुष हुन् । यिनी सृष्टि समयमा सबै कुरा प्रकट गर्दछन् र संहार कालमा सबै लय गर्दछन् ।

शिवको काल स्वरूप

(अध्याय ७) मुनिहरूले सोधे– कालबाट वस्तु उत्पन्न हुन्छ। कालबाटै लय भएर जान्छ। कालनिरपेक्ष कहिल्यै हुँदैन। ब्रह्मा, हरि, रुद्र लगायत अन्य देवताहरू पनि कालको नियम उलङ्घन गर्न सक्तैनन्। भूतकाल, वर्तमान र भविष्य तीन रूपले विभाजित यो काल के हो ? कसको अधीनमा छ ? को यसको वशमा छैन ? वायुले उत्तर दिए– कला, काष्ठा, निमेष, कलाहरूको वृद्धि कालका शरीर हुन्। यी कालात्मा नै महेश्वरका तेज हुन्। जसलाई कसैले उल्लंघन गर्न सक्तैन। यो काल ईश्वरका नियोग स्वरूप संसारका रक्षक हुन्। ईश्वरको अंशमयी शक्ति भएकोले यो काल संसारलाई वशमा राख्तछ। काल कसैको वशमा हुँदैन तर यो शिवको वशमा छ, शिव कालको वशमा पनि छैन। शिवको तेज कालमा निहित भएकोले महत् आदि भन्दा परम यी कालको मर्यादालाई कोही मेट्न सक्तैन। जस्तो सुकै बुद्धि लडाएपनि काललाई अन्यथा गर्न सकिंदैन। आफ्नो वीरताले पृथ्वीलाई वशमा राख्नेले पनि कालको मर्यादा उल्लंघन गर्न सक्तैनन्। त्यस्तै इन्द्रियहरूलाई वशमा राखी जगत्‌लाई जित्नेहरूले पनि काललाई जित्न सक्तैनन्। काल नै यिनीहरू सबै माथि विजय गर्दछ। काल दुरतिक्रम छ अतः स्वयं आयुर्वेद तथा रसायन शास्त्र जान्ने वैद्य पनि मृत्युलाई मेट्न सक्तैनन्। अप्रिय, प्रिय, अचिन्तित वस्तुको प्राप्ति वा अभाव अथवा कसैसँग संयोग वा वियोग कालकै कर्म हो। एक जना सुखी हुँदा अर्को दुःखी हुनु पनि कालकै कुरा हो। तरुण वृद्ध हुन्छ, बलियो निर्बल हुन्छ–त्यो पनि कालकै कर्म हो। धनी गरीब हुनु, गरीब धनी हुनु त्यो पनि कालकै कर्म हो। अतः कालको गति गजब छ। काल विना जन्म, वृद्धि, मरण संभव हुँदैन। सुख दुःखको प्राप्ति पनि हुँदैन। कालैले वर्षा हुन्छ, कालैले गरम, ठण्डी र कालैद्वारा कार्य सफल वा विफल हुन्छ। काल नै सबै कुराको उत्पति कारण हुन्, त्यस्तै नाशको कारण पनि। यस प्रकार कालात्मक परमात्माको तत्व जो जान्दछ उही कालात्मक शरीरलाई अतिक्रमण गर्दै कालातीत ती निर्गुण ब्रह्मलाई देख्दछ जसको न काल हुन्छ, न बन्धन वा मुक्ति भन्ने हुन्छ। जो न पुरुष, न प्रकृति, न विश्व हुन्। यस्ता विचित्र रूपका शिव हुन्।

शिवकालको वर्णन्

(अध्याय ८) मुनिहरूले सोधे– यी कालमा कुन प्रकारले आयुको सख्या कल्पना गरिन्छ ? त्यस्तै संख्या रूप कालको परम अवधि के हो ? वायु देवले भने– आयुको आदि अर्थात् पहिलो मानलाई निमेष भनिन्छ ? कालको संख्यात्मक सीमा शान्ति पद भन्दा पर छ । आँखाको एक पलकलाई नै निमेष भनिन्छ । पन्ध्र निमेषलाई एक काष्टा, तीस काष्टालाई एक कला, तीस कलालाई एक मुहूर्त तथा तीस मुहूर्तको एक दिनरात हुन्छ । तीस दिनरात अथवा दुई पक्ष (शुक्ल पक्ष र कृष्ण पक्ष)लाई एक महिना भनिन्छ । ६ महिनाको एक अयन, दुई अयनको एक वर्ष हुन्छ । मानिसको एक वर्ष देवताको एक दिन रात हुन्छ । यसमा दक्षिणायन रात्री तथा उत्तरायण दिन गनिन्छ । यस प्रकार देवताहरूका एक महिना मनुष्यको तीस वर्ष हुन्छ, त्यस्तै एक वर्ष मनुष्यको ३६० वर्ष हुन्छ । ४००० (चार हजार) देव वर्षको एक सत्य युग तथा ४०० (चार सय) वर्ष संध्यांश, त्यसपछि ३००० (तीन हजार)देव वर्षको एक त्रेता युग तथा ३०० वर्ष संध्यांश, त्यसपछि २००० (दुई हजार) देववर्षको एक द्वापर युग तथा तथा २०० (दुई सय) वर्ष संध्यांश, त्यसपछि २००० (दुई हजार)देव वर्षको एक कलियुग तथा १००वर्ष संध्यांश गरी जम्मा दिब्य १२००० (बाह्र हजार)देव वर्षको एक चतुर्युग हुन्छ । यस्तो १००० चतुर्युगको एक कल्प हुन्छ । ७१ चतुर्युगको एक मन्वन्तर हुन्छ । एक कल्पमा १४ मनु हुन्छन् । यस प्रकार कल्प र मन्वन्तर सहस्रौं विती सके । एक कल्प ब्रह्मा (विधि)को एक दिन हुन्छ । सहस्र कल्प ब्रह्माको एक वर्षहुन्छ । यस्तो आठ सहस्र वर्ष ब्रह्माको एक युग हुन्छ । ब्रह्माको सहस्र (१०००) युगको एक सवन भनिन्छ । तीन सहस्र सवन परमेष्ठी ब्रह्मको समय हो । यतिका दिनका आयु हुन्छन् । ब्रह्माको एक दिनमा १४ इन्द्र हुन्छन् । ब्रह्माको आयुभर ५ लाख ४० हजार इन्द्रहरू हुन्छन् । ब्रह्माको स्थिति विष्णुको एक दिन पर्यन्त र रुद्रको एक दिन पर्यन्त ४० विष्णुको स्थिति हो । ईश्वरको एक दिनसम्म रुद्रको स्थिति हुन्छ । यसैलाई सत् भनिन्छ । यही साक्षात् शिवले बनाएको काल संख्या हुन् । सत् नाम भएका शिव यिनै हुन् । यिनको अवस्थामा ५ लाख ४० हजार रुद्रादि हुन्छन् । तर साक्षात् शिवमा ती काल प्रवृत्त हुँदैन । ती परमात्माको दिन रात कुनै हुँदैन । इन्द्रिय, पञ्चमहाभूत, पञ्चतन्मात्रा, बुद्धि आदि र तिनका देवताहरू सबै ती परमेश्वरको दिनमा स्थित हुन्छन् र तिनको दिनको अवसानमा लय हुन्छ । ती परमेश्वर जो विश्वका आत्मा हुन् जसको शक्तिको उल्लंघन काल, कर्म, स्वभाव आदि अर्थमा कसैले गर्न सक्तैनन् । उनैको आज्ञाको अधीनमा यी सारा संसार रहेका छन् । ती महान् शङ्कर हुन् ।

शिव-क्रीडाको रूपमा जगत्‌को निर्माण

(अध्याय ९) मुनिहरूले सोधे–यो जगत्‌लाई परमेश्वरले निर्माण तथा स्थित गरी कसरी आफ्नो शक्ति सहित क्रीडा गर्दछन् ? यो जगत् पहिले कसरी उत्पन्न भयो, कसबाट विस्तृत भयो र अन्तमा यो कसको महा कोखमा प्रविष्ट हुन्छ ?

वायुदेवताले भने–पहिले शक्ति उत्पन्न भयो यसपछि शान्त्यतीत पद भयो, त्यसपछि माया, त्यसपछि अव्यक्त (प्रकृत्ति), यिनै शिवशक्ति प्रभु हुन् । पहिले शान्त्यतीत पद, त्यसपछि शान्तिपद, त्यसपछि विद्यापद, त्यसपछि प्रतिष्ठापद अनि प्रतिष्ठापदपछि निवृत्तिपद हुन् । संक्षेपमा यही ईश्वरप्रेरित सृष्टिवर्णन हो । जुन क्रमबाट यो उत्पन्न हुन्छ त्यसको प्रतिलोम (उल्टो) संहार पनि हुन्छ । यो जगत् जुन कारणले ५ कलाहरूद्वारा व्याप्त छ ती अव्यक्त (प्रकृति) हुन् । अव्यक्त (प्रकृति) आत्मा (परमात्मा) मा अधिष्ठित छन् । महत् (बुद्धितत्त्व) देखि विशेषसम्म अर्थात २३ सँ तत्त्वहरू उत्पत्ति हुने हुन् । तर यसमा अव्यक्त (प्रकृति) र जीवको कर्तृत्त्व हुँदैन । प्रकृति अचेतन (जड) तथा जीव अज्ञानी हुन् । त्यस्तै प्रधान परमाणु आदि जे पनि अचेतन हुन् । बुद्धिमानहरूले ती आत्मा विना कारण भएको तथा ती स्वयंकर्ता पनि भएको मानेकाछन् । यो जगत् कर्तृ सापेक्ष छ र ती कर्ताको रूप अवयव कार्य हुन् । अतः जो समर्थ, स्वतन्त्र, सर्वशक्तिमान, सर्वज्ञ छन् ती अनादि सदा ऐश्वर्यसंयुक्त हुन् । उनी नै जगत्‌कर्ता महादेव महेश्वर हुन् । उनै सबैका पालक तथा हर्ता हुन् । तथा उनै सबैबाट पृथक् हुन् । तिनै महत् (बुद्धि) आदि २३ तत्त्वका परिणाम गराउने हुन् । ती सर्व वृत्तका शासनद्वारा नै यी सब प्रकारका प्रवृत्ति हुन्छन् ।

सृष्टिको आरम्भदेखि प्रलयकालसम्ममा ब्रह्माको १०० वर्ष व्यतीत हुन्छ । ब्रह्माको आयुको प्रथम अर्ध भागलाई परार्द्ध भनिन्छ । यसप्रकार दुई परार्द्ध व्यतीत भएपछि ब्रह्माको आयु समाप्त हुन्छ । यसपछि अव्यक्त (प्रकृति) पनि आत्मा (शिव) मा स्थित हुन्छ । यस बेला प्रधान (प्रकृति) र पुरुष साधर्म्यले युक्त हुन्छन् । प्रकृति त्रिगुणात्मिका नभै साम्य अवस्थामा रहन्छ । यस्तो अवस्थामा एक मात्र शिव स्थित भएको हुन्छ । जसलाई माहेश्वरी रात्री भनिन्छ । त्यस रात्री अवस्था समाप्त भएपछि पुनः प्रधान र पुरुष दुवैको अन्तरमा शिव प्रविष्ट भै अव्यक्त (प्रकृति) द्वारा सृष्टि कार्य शुरू हुन्छ ।

समस्त ब्रह्माण्डको स्वरूप

(अध्याय १०) वायु देवताले भने– ईश्वरको आज्ञा (व्यवस्था)द्वारा पुरुषसंग अधिष्ठित अव्यक्त (प्रकृति) बाट बुद्धिदेखि विशेषसम्म (अन्य २२ तत्त्वहरू–अहंकार, १० इन्द्रियहरू र मन तथा पञ्चतन्मात्रा र पञ्चमहाभूत) का विकृतिहरू क्रमशः उत्पन्न भए । यी विकारहरूबाट सारा जगत्का कारण मानिएका ब्रह्मा, विष्णु, रुद्र तीन देवताहरू (तीन शक्तिहरू) उत्पन्न भए जसका कार्य क्रमशः सृष्टि स्थिति र प्रलय हुन् । त्रिगुण देवताहरू–ब्रह्मा, विष्णु, रुद्र भन्दा माथिका महेश्वर चतुर्व्युह रूप हुन् अर्थात महेश्वर त्रिगुणरूपी हुनुको साथै उसका नियन्ता पनि हुन् । तथा उनी सबैका आधाररूप शक्ति (प्रकृति) का कारण हुन् अर्थात् यी महेश्वरबाटै शक्तिरूपी प्रकृति, उत्पन्न भयो । यस प्रकार ब्रह्मा, विष्णु, रुद्र रूपी त्रिगुणात्मक प्रकृतिका तथा पुरुषका पनि आत्मा उनै हुन्, उनी जगत-सृष्टिको लीला गरी ईश्वरतामा अवस्थित छन् । जुन परमेश्वर सबैभन्दा परम छन्, नित्य छन्, निष्कल छन् ती सबैका आधार तथा आत्मा भई बसेका छन् । यस प्रकार महेश्वर, प्रकृति, पुरुष, सदाशिव, रुद्र, विष्णु, ब्रह्मा यी सबै शिवात्मक हुन् ।

प्रधान (मूल प्रकृति) बाट सर्वप्रथम महत्तत्त्व–बुद्धि, ख्याति (विवेक), मति (चित्त) उत्पन्न भए । यस महत्तत्त्वको क्षोभ (चाल) ले तीन प्रकारका अहङ्कार (सत्वयुक्त, रजोयुक्त र तमोयुक्त) उत्पन्न भए । अहङ्कारबाट इन्द्रियहरू (५ कर्मेन्द्रिय, ५ ज्ञानेन्द्रियहरू), तन्मात्राहरू (शब्द, स्पर्श, रूप, रस, गन्ध) तथा पञ्चमहाभूत (पृथ्वी ,जल, तेज, वायु, आकाश) भए । अहङ्कार विकार भएको कारण सत्त्वयुक्त अहङ्कारबाट इन्द्रियहरू उत्पन्न भए, त्यस्तै रजोयुक्त अहङ्कार-बाट मन र तमोयुक्त अहङ्कारबाट भूतादि (पञ्चतत्त्व-पृथ्वी, जल, तेज, वायु, आकाश) उन्पन्न गर्ने तन्मात्रा(शव्द, स्पर्श, रूप, रस, गन्ध)उत्पन्न भए । भूतहरूका आदि भएकाले अर्थात यी पञ्च महाभूत र पञ्चतन्मात्राका पनि अग्रज भई यिनीहरू लाई पनि उत्पन्न गर्ने भएकाले अहङ्कारलाई भूतादि अहङ्कार पनि भन्दछन् । यस भूतादि अहङ्कारबाट शब्द मात्रा हुन्छ र यस शब्द मात्राबाट आकाशको उत्पत्ति हुन्छ । आकाशबाट स्पर्श, स्पर्शबाट वायु भयो । वायुबाट रूप, रूपबाट तेज भयो । तथा तेजबाट रस, रसबाट जल उत्पत्ति भयो । जलबाट गन्ध, गन्धबाट पृथ्वी उत्पन्न भयो । र यी पञ्च महाभूतबाट सबै चराचर जगत् उत्पन्न भयो ।

पुरूषका अधिष्ठित हुनाले र अव्यक्त (प्रकृति) को अनुग्रहले महत् (बुद्धितत्व) देखि लिएर विशेष (पञ्चमहाभूत) पर्यन्त सबै अण्ड उत्पन्न गर्दछन् । जब त्यस

अण्डमा ब्रह्मको कार्य र कारण सिद्ध हुन्छ त्यसमा ब्रह्म संज्ञा भएका क्षेत्रज्ञ प्रवृद्ध (वृद्धि) भयो। यसैलाई प्रथम शरीर तथा यसैलाई पुरुष भन्दछन्। प्राणीहरूका आदि कर्ता ती (महेश्वर) ब्रह्मा (सृष्टि कार्यका शक्ति) भन्दा पहिले उत्पन्न भए। ती ईश्वरको प्रतिमा (स्वरूप) ज्ञान र वैराग्य लक्षणको छ। (तिनको) अभिमान (सङ्कल्प) ले ब्रह्म यज्ञ (सृष्टि कार्य) मा धर्म र ऐश्वर्यकारी बुद्धिको उत्पन्न भयो। तिनको मनले जुन कुरा इच्छा गर्दछ ती सब अव्यक्त (प्रकृति) बाट उत्पन्न हुन्छ। उनी तीनवटै गुण (सत्व, रज, तम) लाई वशमा राख्दछन् र जुन गुणको उनी अपेक्षा गर्दछन् सो स्वभावैले सापेक्ष हुन्छ। यसरी महेश्वर आफ्नो आत्मालाई तीन प्रकारले विभाजन गरी त्रिलोकमा प्रवृत्त हुन्छन्। आफैं त्रिगुण भै सृष्टि, पालन र लय गर्दछन्। सृष्टि कर्म ब्रह्मा, संहार कार्य रुद्र तथा पालन क्रिया विष्णु भनिन्छ। यी तीन वटै अवस्थामा स्वम्यभू (महेश्वर) रहन्छन्। ब्रह्मत्वमा सत्त्वगुण र रजोगुण, काल (रुद्र) त्वमा तमोगुण र रजोगुण तथा विष्णुत्वमा केवल सत्त्वगुण हुने यी तीन प्रकारका विभुहरू हुन्। ब्रह्मत्वमा लोकहरूको सृजना, कालत्वमा संहार (नष्ट) तथा पुरुषत्त्व (विष्णुत्व) मा हेरचाह अथवा पालन कार्य सविधि हुने गर्दछ। यस प्रकार ब्रह्म तीन प्रकारले भिन्न भएको हुँदा यसलाई त्रिगुणात्मक (प्रकृति) र महेश्वर सहित चार प्रकारले विभक्त भएको हुँदा चतुर्व्यूह पनि भनिन्छ। त्यस्तै ब्रह्म आदि भएकोले आदिदेव, नजन्मेकोले अजा सम्झिन्छ भने यिनैबाट प्रजाको पालन हुनेहुँदा प्रजापति भनेर पनि सम्झिन्छ। ब्रह्मको अण्डमा सारा जगत् विद्यमान रहन्छ। यसैभित्र (ब्रह्माण्डभित्र) चन्द्र, सूर्य, नक्षत्र, ग्रह, वायु सहित स्थिर छन्।

यो अण्ड (ब्रह्माण्ड-पृथ्वी) बाहिर दशगुणा जलले व्याप्त छ भने जलभन्दा १० गुणा तेजले र तेजभन्दा १० गुणा वायुले व्याप्त छ। सो वायु आकाशद्वारा ढाकिएको छ र आकाश पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) ले वेष्ठित छ। यी पञ्चमहाभूत महत् (बुद्धितत्त्व) बाट व्याप्त छन्। महत् महान (मूल प्रकृति) ले व्याप्त छ। यस प्रकार सारा ब्रह्माण्ड प्रकृतिका सप्त आवरण (महान्, महत् र पञ्चमहाभूत अथवा महान, महत्, अंहकार मन, इन्द्रिय, तन्मात्रा र महाभूत) ले व्याप्त छ। त्यस्तै यो अष्ट प्रकृति (महान, बुद्धि, अहङ्कार र भूतादि पञ्चतन्मात्रा) परस्पर सापेक्ष छन् र यिनैद्वारा (अष्ट प्रकृतिद्वारा) सृष्टिको उत्पत्ति, पालन र संहार हुन्छ। कछुवाको शरीरझैं यो विश्व फैलने र खुम्चिने हुन्छ। सारा जगत् अनुलोमले (पूर्वोक्त क्रमले) उत्पन्न हुँदै अव्यक्त (मूल प्रकृति) बाट प्रकट हुन्छ र पछि लय हुँदा प्रतिलोम रूपले अव्यक्त मूल प्रकृति मै लीन भएर जान्छ।

कालद्वारा नै गुणहरू (सत्व रज तम रूपी प्रकृति) विषम वा सम हुन्छन् । या गुणहरूको विषमतामा सृष्टिको रचना तथा साम्य अवस्थामा लय भएर जाने हुन्छ अर्थात् प्रकृतिको गुणद्वारा सृष्टिको रचना एवं लय हुन्छ । यही ब्रह्मको योनि विशालघनाको अण्ड वा ब्रह्माण्ड हो । ब्रह्मको क्षेत्र हुँदा ब्रह्मा क्षेत्रज्ञ भनियो । यस प्रकारको अण्ड करोडौं छन् ।

ती स्थानहरूमा (अण्डहरूमा) ब्रह्मा, विष्णु, रुद्र स्थित छन् । अर्थात सत्व-रजतमरूपी प्रकृति अवस्थित छ । यी गुणहरू प्रधान (मूलप्रकृति) बाट प्रकट भई शम्भु (शिव) सन्निधि प्राप्त गरी जगत् रचना गर्छन् । महेश्वर व्यक्त (ब्रह्मा, विष्णु, रुद्र) बाट पर हुनुहुन्छ । उहाँबाटै अव्यक्त भनिएको अण्ड सम्भव (उत्पन्न) भयो । त्यस अण्डबाट ब्रह्मा विभु भए त्यसबाट यो सारा जगत् निर्माण भयो । अप्रमेय कारणभूत ब्रह्मा प्रधान प्रकृतिबाट प्रादुर्भूत भएको हो । ती आदि अन्त हीन, अनन्त वीर्यवान, तेजिला पुरुषद्वारा युक्त छन् । रजोगुणको वृद्धि हुनु लोकमा सन्ततिको वृद्धि हुने कारण हो । उनी सृष्टिको शुरूमा आठ विकार उत्पन्न गर्दछन् र अन्त-कालमा सबै ग्रास गर्दछन् । यी प्रकृतिजन्य कारणहरूका स्थिति वा प्रवृत्ति ती अप्राकृत वैभव महेश्वर (शिव) को सङ्कल्प मात्रले भएको हो ।

अग्निसोमात्मक जगत्

(अध्याय–२८) ऋषिहरूले भने–महादेव शङ्करले पार्वतीलाई यो जगत् अग्निसोमात्मक र वागर्थात्मक भनी बताएको कुरा जान्न चाहन्छौं । ऋषि वायुले भने –अग्नि रुद्र (शिव) को तेजस्वी शरीर (पुरुष) र सोम शक्तिको अमृतमय शरीर (प्रकृति) हुन् । अर्थात् शिवका दुई रूप अग्नि (पुरुष) र सोम (प्रकृति) हुन् । त्यस अमृतमा अर्थात् सोमात्मक प्रकृतिमा जसको प्रतिष्ठा छ त्यो स्वयं तेजको कला विद्या हुन्, अर्थात् सोमात्मक प्रकृति विद्या हुन् । उही (शिव) तेज र रस (पुरुष र प्रकृति) देखि सूक्ष्म (बुद्धि, अहङ्कार, मन,) र स्थूल (इन्द्रिय, तन्मात्रा, पञ्चमहाभूतहरू)मा स्थित छन् । दुई प्रकारका तेजस्वी वृत्ति छन् । एक सूर्यात्मक रूप अर्थात् सूर्यबाट उत्पन्न हुने तेज अर्को अनलात्मक रूप अर्थात् आगोबाट उत्पन्न हुने तेज । त्यस्तै रस वृत्ति पनि सोमात्मक र जलात्मक दुई प्रकारले स्थित छन्–सोमलताबाट उत्पन्न हुने अमृत र अर्को पानीबाट उत्पन्न हुने रस । तेज विद्युतमय छ भने रस मधुमय हुन्छ । तेज र रसको भेदले नै अर्थात् पुरुष र प्रकृतिको

भदले यो चराचर जगत् धारण गरिएको हुन्छ । यसैलाई अग्निसोमात्मक जगत् भनिएको हो ।

अर्को कुरा अग्निबाट अमृत (सोम) को उत्पत्ति हुन्छ र अमृतबाट अग्निको वृद्धि हुन्छ । अर्थात् शक्तिमान शिव (अग्नि) बाट शक्ति (अमृत सोम) उत्पन्न हुन्छ र सो अमृतमय शक्तिबाट शिवको वृद्धि हुन्छ वा ब्रह्माण्डको विस्तार हुन्छ। अतः अग्नि र सोमको विक्रान्तले जगत् हित गर्दछ । हवि (होम) बाट वृष्टि हुन्छ। वृष्टिबाट अन्न सम्पत्ति वृद्धि हुन्छ । यज्ञमा सोम सहित अग्नि माथि प्रज्वलित हुन्छ र सोमबाट उत्पन्न अमृत पृथ्वीमा खस्दछ । यसरी शिव-शक्तिद्वारा धारण गरिएको यो कालाग्नि ऊर्ध्वगामी छ भने शिव-शक्तिको पदवाला सोम निम्नगामी छ। वास्तवमा माथि शिव तल शक्ति तथा माथि शक्ति तल शिव यसै गरी शिवशक्तिद्वारा नै सबै जगत् व्याप्त छ ।

अग्निबाट दग्ध भएपछि भस्म हुन्छ । यस भस्मलाई अग्निको वीर्य भनिन्छ। जसले यस प्रकार भस्मको भाव (अर्थ) बुझेर भस्मद्वारा स्नान गर्दछ तथा अग्नि भस्म हो, वायु भस्म हो भनी मन्त्र जप्तछ अर्थात् यो भावमा दृढ हुन्छ ऊ बन्धनबाट मुक्त हुन्छ । अर्थात् अग्निको भस्म त्यो वीर्य (पुरुष) सोम (प्रकृति) सँग प्लावित भएर शरीरको अधिकारबाट निवृत्त हुन्छ । अनि अग्नि-सोममय जगत्लाई छोडेर फेरि जन्म लिँदैनन् । यसरी शिव-अग्निमा शरीरलाई दग्ध गरी शक्तिरूपी सोमको अमृतद्वारा उनी योग मार्गमा लागी अमृत (अमर) बन्दछन् ।

वागर्थात्मक जगत्

(अध्याय २९) वायुले भने-वागर्थात्मक अर्थात् वाक् र अर्थबाट ६ मार्गको ज्ञान हुन्छ । कुनै पनि शब्द अर्थरहित हुँदैन । संकेत जानेमा सबै शब्द अर्थकारी हुन्छन् । प्रकृतिको परिणाम शब्दार्थ (शब्द र अर्थ) दुई रूपमा छन् शिव र शिवको विभूति (प्रकृति) । शब्दात्मक विभूति तीन प्रकारका छन्-स्थूल, सूक्ष्म र परा। स्थूल शब्द श्रवणद्वारा प्रत्यक्ष हुन्छ, सूक्ष्मशब्द चिन्तनमय वा मनमय हुन्छ तथा चिन्तनबाट पनि परको पराशब्द हुन्। परा शब्द नै शिव तत्वको आश्रय लिने क्रिया शक्ति हो । यसबाट प्राप्त हुने कुरा ज्ञान शक्तिको योगबाट ईश्वरको इच्छाको साथ सम्पूर्ण शक्तिहरूका समष्टि आत्मा शक्तितत्त्व हुन् जुन सम्पूर्ण कार्य समूहको मूल प्रकृति हुन् । यही मूलप्रकृति विशुद्ध मार्गस्वरूपा कुण्डलिनी माया हुन् । यी मूल

प्रकृति माया विभागस्वरूप हुन् र यसैबाट षडध्वात्मा (६ वटा कुराका आत्मा) विस्तृत हुन्छ। जसमा तीन मार्ग शब्दका तथा तीन अर्थका हुन्। यसबाट पुरुषको आत्म शुद्धि अनुरूप भोग लय भएर जान्छ। ३ शब्दाध्व हुन्–मन्त्राध्व, पदाध्व र वर्णध्व। यी शब्दाध्व आदि आत्म (आफ्नो) ज्ञानद्वारा मोक्षप्राप्त गर्ने हुन्छ। ३ अर्थाध्व हुन्–भुवनाध्व (चौधभुवन रूप), तत्वाध्व (बुद्धि आदि २३ तत्त्व) र कालाध्व (विशुद्ध रूप, प्रतिष्ठा, शान्ति, विद्या, निवृत्ति आदि ५ रूप) यी सबै शब्द र अर्थका परस्पर सम्बन्ध व्याप्त व्यापकताको सम्बन्ध हुन्। सबै मन्त्र पदले व्याप्त तथा मन्त्र वाक्य स्वरूप हुनाले र वाक्य पद समूह हुनाले ती पद वर्णले व्याप्त छन्। वर्णकै समूहको नाम पद हुन्। अतः जगत् वर्णले व्याप्त छ ती वर्णहरू भुवनमा प्राप्त हुन्छन्। भुवन पनि तत्वहरूको समूहक्रमले ब्रह्माण्डभित्र तथा बाहिर व्याप्त छन्। ती भुवनहरू आफ्ना कारणरूपी तत्त्वहरूसँग अनेक प्रकारले व्याप्त छन्। ती सबै तत्त्वहरू निवृत्ति आदि कलाहरूमा व्याप्त छन् जुन पराप्रकृतिको प्रारम्भमा पाँच प्रकारका परिणाम हुने कला (निवृत्ति, प्रतिष्ठा, विद्या, शान्ति, विशुद्धरूप) हुन्। यी कलाहरूबाट पर ती पराशक्ति मूल प्रकृति षडध्वहरूमा विभक्त नभएर व्याप्त भएका छन् तर प्रकृतिभावका ती तत्त्व आदि (महत् देखि महाभूत) शिव तत्त्व रूपले यी षडध्वहरूमा विद्यमान छन्। शक्ति आदिदेखि पृथ्वीसम्म अर्थात् प्रकृतिका सबै २३ तत्त्वहरू शिवतत्त्वहरूबाटै प्रकट भएका हुन्। यी सबै उनै एकबाट व्याप्त हुन् जस्तो गाग्रीहरूमा माटो। जुन षडध्वबाट प्राप्त हुन्छ उही शिवको परमधाम हो। शिवको स्थानमा प्राप्त गराउने र व्याप्तिको शक्ति शोधन गर्ने पाँच तत्त्वहरूमा निवृत्तिकलाले रुद्रपर्यन्त अण्डको स्थिति र प्रतिष्ठाकलाले अण्डबाट माथि अव्यक्तको शोधन हुन्छ। विद्याबाट विद्येश्वरसम्म शोधन हुन्छ। शान्तिबाट ऊर्ध्व र अधोसम्म र विशुध्दबाट शान्त्यतीत जसलाई परा प्रकृतिको योगद्वारा परम व्योम भनिन्छ तहाँसम्म शोधन हुन्छ (शुद्ध हुन्छ)। यिनै ५ तत्त्वहरूबाट सबै जगत् व्याप्त छन्। शक्ति (प्रकृति) शिवकी आज्ञा (परमेश्वरी) हुन् जसको कारण भूतभएर सबैमा शिव अधिष्ठित हुन्छन्। विचार गरी हेरेमा न आत्मा, न माया, न विकार, न बन्धन, न मुक्ति न बन्ध र मुक्तिको विधान गर्ने छन्। सबै ऐश्वर्यको पराकाष्ठा (ईश्वरीय कार्य) शिवको अव्यभिचारिणी शक्ति हुन्। विशेषगरी शिवका ती २ भागहरू (आत्मा र माया) अर्थात् पुरुष र प्रकृति समान धर्मीहरू हुन्। ती शिव (पुरुष) उसका गृही हुन् भने ती शक्ति (प्रकृति) उसकी गृहिणी हुन्। तिनका सन्तानरूप जुन कार्यहरू हुन् त्यही परम प्रकृतिबाट उत्पन्न भएको जगत् हो। उही कर्ता शिव हुन् जसलाई शक्ति (प्रकृति)

का कारणरूप भनिन्छ । यसैले उनी जगत्का मातापिता दुवै हुन् । एकै शिव दुई प्रकारले स्थित छन् । कोही यस भेदलाई स्त्रीपुरुष रूप भन्दछन् । कोही पराशक्ति शिवमा नित्य मिलेको अपराशक्ति भन्दछन् । जसरी सूर्यको तेज सूर्यबाट भिन्न वा अभिन्न छ त्यस्तै शक्ति पनि शिवबाट भिन्न वा अभिन्न दुवै हुन्, अतः शिव नै परम कारण हुन् । उनै परम कारणबाट उनकी आज्ञा (परमेश्वरी) अविनाशिनी मूल प्रकृति प्रेरित भई त्रिगुणात्मक (सत्व, रज, तम वा सृष्टि, स्थिति, लय) हुन्छन् । प्रकृतिको त्रिगुण भेदलाई महामाया पनि भन्दछन् । यही ३ प्रकारका कार्य भेद भई षडध्व (३ शब्द र ३ अर्थका कुराहरू) लाई प्रकट गर्दछन्। उही शब्दमय र अर्थमय हुन् जसबाट सबै जगत् व्याप्त छ । यसलाई महाविस्तार पनि भन्दछन् ।

परमकारण शिव सम्बन्धी मुनिहरूको जिज्ञासा

(अध्याय ३०) ऋषिहरूले भने शिव–शिवाको तत्त्व सम्बन्धमा बताइएको कुरामा कुन दोष देखिंदैन । ती दुवैका चरित्र (स्वभाव) मा प्रकृति कै भाव देखिन्छन्। ब्रह्मा, विष्णु रुद्र पनि लोकहरूका उत्पत्ति, पालन र लयका कारण हुन् र यिनीहरू निग्रह र अनुग्रह प्राप्त गरी शिवकै वशमा रहने हुन् भन्ने बुझियो । तर शिव कसैको निग्रह अनुग्रहको स्थानमा रहने होइनन्, शिवको ऐश्वर्य कसैको अधीनमा छैन, यस्तो ऐश्वर्य हुनु स्वतन्त्रताको लक्षण हो भनिएकोले शिवमा यसप्रकारको स्वभाव सिद्ध भएपछि यी शिव मूर्तिमान् कसरी हुन सक्दछन् ? किनभने मूल हेतु अर्थात जगत्को मूल कारण हुनाले ती स्वतन्त्र शिवको मूर्ति हुनु नपर्ने । मूर्तिमा कार्यत्व हुनाले त्यस कार्यको हेतु (कारण) मात्र शिव सिद्ध हुन सक्तछ, मूर्ति स्वयं नै शिव हुनु नपर्ने ।

त्यस्तै सर्वत्र उही निर्गुण भाव हुन् अरू होइन भनेपछि निर्गुण सगुण एकैमा कसरी स्थित हुन्छ ? परमात्माको निर्गुण स्वभाव हो भने फेरि त्यस स्वभावको विपरीत सगुण कसरी हुन सक्तछ ? यदि उनको स्वतन्त्र इच्छाबाट उनको स्वभाव विपरीत हुन्छ भने ती ईशान (शिव) को आफ्नो नित्य स्वरूप नै किन अनित्य हुँदैन ? त्यस्तै शिवको मूर्तिमा अन्य मूर्तिमान्हरू परतन्त्र छन् भने ती मूर्तिमान्हरू निर्गुण शिवबाट अलग हुन् वा यी सबैमा सर्वत्र शिवद्वारा नै अधिष्ठित छन् ? अर्को कुरा, यदि स्वइच्छाले नै भगवान् मूर्ति धारण गर्दछन् भने त्यो कुरा परतन्त्रता हुन

सक्तैन र ? कारण आफ्नो इच्छा पनि कर्मानुसार हुने हो । साथै आफ्नो इच्छाले देहको धारण गर्न र त्याग्न त ब्रह्मादेखि पिशाचसम्म समर्थ छन्, इच्छाद्वारा देहको निर्माण हुनु इन्द्रजाल समान हो । किनभने अणिमा आदि (अणिमा, महिमा लघिमा, गरिमा, प्राप्ति, प्रकास्य, वशित्व र ईशित्व) सिद्धिहरूद्वारा पनि देह-को धारण र लोप हुनसक्तछ। अर्को कुरा दधीचि मुनिसँग युद्धहुँदा भगवान् विष्णुले विश्व रूप धारण गरेका थिए । शिवले पनि यस्तै शरीर धारण गरेमा सबभन्दा ठूलो ऐश्वर्य भएको भनिएका ती परमात्मा पनि दोस्रो देवता समान विदित हुनेछन् । यसबाट शिव परमकारण तथा देवताहरूका पनि निग्रह गर्ने र सबैका अनुग्राहक कसरी हुन सक्तछ ? त्यस्तै शिवलाई ब्रह्माको कपाल छेदन गर्ने, नृसिंह रूपलाई शान्त गर्ने, दक्षयज्ञको विध्वंश गर्ने, त्रिपुरासुरको वध गर्ने, कामदेव–लाई भस्म पार्ने, जालन्धरलाई मार्ने, अन्धकासुरको हृदय तप्त गर्ने, दारूक दैत्यलाई मार्ने, शुम्भनिशुम्भलाई मराउने, कुमारलाई अभिषेक गराउने, रावणलाई पृथ्वीमा दबाउने भन्दछन् भने ती निर्गुण शिवमा यी सबै कुराहरू कसरी सम्भव भए ? फेरि ती शिव शान्त भएर सदा सबैलाई अनुग्रह गर्दछन् भने यस्तो समर्थवान् भएका तिनी सबैलाई एकैपल्ट किन मुक्त गर्दैनन् ? यदि प्रारब्ध कर्म रहेकोले सबै एकैपल्ट मुक्त हुँदैन भने दुःख प्राप्ति हुने कर्मको कारण पनि त ती ईश्वरैले गराएका हुन् । अतः यी हाम्रा सन्देहहरू दूर गराई दिनु हुन अनुरोध गर्दछु ।

शिवका मूर्तिआत्मा र निग्रह तथा अनुग्रह

(अध्याय ३१)–ऋषि वायुले भने–तपाईंहरूले हेतु सहित जुन सन्देह प्रकट गर्नु भयो त्यो नास्तिकता होइन, तपाईहरूको बुद्धि परिपक्व गर्ने जिज्ञासा हो । शिवको परिपूर्ण स्वभाव नै परा (परम) अनुग्रह हो । यस पराअनुग्रहको कार्यमा स्वभाव नै समर्थ छ । निःस्वभावले त केही पनि हुनसक्तैन । यो पशुपाशात्मक जगत् सबै अनुग्रह गर्न योग्य छन् । अरूमाथि अनुग्रह गर्नको लागि नै शिवको आज्ञा हुनेहो । उनै आज्ञा दिने तथा उनै सदा सबैमा अनुग्रहकर्ता हुन् । यसरी अनुग्रह गर्दा शिव कसरी परतन्त्र हुन सक्तछन् ? कसैको अपेक्षा (इच्छा) नहुनु नै स्वतन्त्रको अर्थ होइन । अनुग्रह गर्नेलाई परतन्त्र भनुं भने अनुग्रह विना भुक्ति मुक्तिको पनि अन्वय हुँदैन । यस संसारमा शिवको आज्ञामा स्थित नहुने कोही पनि छैन । जुन सगुणद्वारा हामी निर्गुणको प्राप्ति गर्दछौं उनै मूर्तिआत्मा (सगुणमूर्ति) शिवका

मूर्ति हुन् । यी परमकारण शिवको निर्गुण मात्र होइन यसको सगुण स्वरूप (साकार-मूर्ति) लाई पनि कसैले जान्न सक्तैन । शिवको साक्षात् आत्माको उपलक्षण नै मूर्ति हो । जस्तो काठ, दाउरा नबलीकन आगो देखिंदैन त्यस्तै शिव पनि मूर्ति आरूढ नभैकन देखिंदैन । जस्तो आगो ल्याउनु भन्दा बलेको दाउरा ल्याइन्छ, आगो मात्र ल्याउन सकिंदैन । त्यस्तै प्रकार मूर्तिद्वारा शिव पूज्य हुन्छ । मूर्ति-आत्मामा साक्षात् शिव कै पूजा हुन्छ । लिङ्ग आदि प्रतिमा बनाई शिवकै भावनामा उपासना गरिन्छ । जसरी ती मूर्तिआत्मा परमेश्वर हामीलाई अनुग्रह गर्दछन् त्यसरी नै मूर्ति आत्मामा निष्ठित परमेश्वरको हामी जीव उपासना गर्दछौं । शिव परमात्माले लोकमाथि अनुग्रह गर्नको लागि नै सदाशिव आदि मूर्तिआत्माद्वारा स्थित भएका हुन् । अर्थात् मूर्ति-आत्माका स्वरूपमा तत्वरूपले शिव स्थित छन् । ती मूर्ति आत्माको भावले स्वयं अनुग्रह प्राप्त गरी शिवद्वारा अधिष्ठित अरू आत्मा (जीवात्मा) माथि अनुग्रह गर्दछन् । आत्मा (पुरुष) भोग र मोक्ष दुवैका लागि हुन् । भोग कर्मफल भएकोले सुख दुःख रूप हुन् । तर शिव (परमात्मा) मा कर्म छैन अतः भोग पनि छैन ।

शिव सबैमा अनुग्रह गर्दछन्, निग्रह (शासन) होइन । निग्रहको दोष शिवमा छैन तर जुन ब्रह्मादि (ब्रह्मा, विष्णु, रुद्र) आदिमा निग्रह देखिन्छन् ती पनि लोकको हितको लागि नै शिवद्वारा (व्यवस्था) गरिएका हुन् । शिवमा जगत्को आधिपत्य छ, यसमा शङ्का छैन । आधिपत्य भएकोले निग्रह हुन्छ तर यो निग्रह निन्दित छैन । निग्रह भएकोले नै ईश्वर भनेको हो । यी ईश्वरता विधिको आज्ञा हो । यो गर्नुपन गर भन्नु आज्ञा हो त्यस्तै यसो गर्नु नहुने नगर भन्नु अनुशासन हो। ती ईश्वरको शासन अनुसार चल्नु साधुभाव हो । साधुभावलाई रक्षा गर्नु सबैको हितको लक्षण हो । अतः असत् पुरुषहरूको निग्रह गर्नुबाट यी शिव दूषित हुन सक्तैनन् । निग्रह सबै द्वेषपूर्वक हुने होइन । पितामाताले पुत्रलाई शिक्षा दिन निग्रह गर्नु, वैद्यले रोगको नाश गर्न निग्रह गर्नु आदि मध्यस्थ भएर निग्रह गर्नु हो वा न्यायले निग्रह गर्नु हो ।

मार्न योग्य प्रतियोगीहरूलाई दया गर्नु गुण होइन, त्यस्तै रक्षा गर्न योग्य विरोधीहरूलाई रक्षा गर्नु दोष होइन । यो सत्य हो कि मूर्तिआत्माहरूमा रागादि दोष हुन्छन् । तर यो कुरा अरूमा लागू भए पनि शिवमा लागु हुदैन । किनभने आगोमा अशुद्ध वा अपवित्र वस्तु राख्दा ती वस्तुको सम्पर्कले आगो अशुद्ध हुँदैन । बरू आगोले ती वस्तुलाई नै शुद्ध बनाई दिन्छ, जस्तो सुनलाई आगोमा हालेर शुद्ध गरिन्छ । यसै प्रकार आत्म-संसर्गले शुद्ध गर्दा शिव अशुद्ध हुँदैनन् । शिव संसर्गद्वारा शोधन भई आत्मा शुद्ध हुन्छ । आगोमा फलाम राखेमा अग्नि (काठ) दाह हुन्छ

फलामको हुँदैन । यसकारण मूर्तिआत्मामा शिव कै ऐश्वर्य हुन्छ अनात्माको हुँदैन। काठ बलेर माथि जाँदैन आगो नै माथि जान्छ । काठमा अङ्गार (गोल) हुन्छ आगोमा होइन । ईश्वर पनि यस्तै हो,आगो जस्तै शुद्ध , फलाम जस्तै दाह नहुने, बलेको आगो जस्तै माथि जाने ।

मैत्री, क्षमा, चतुरता जस्ता गुणहरू चित्तका वृत्ति भएकाले यी गौण कुरा हुन्, महत्त्वका होइनन् । यी गुणहरूले युक्त चित्तवृत्तिहरू जीवहरूको लागि गुण र दोषका हुन्छन् । शिवको अनुग्रह मोक्षकोलागि हुँदा गुण र दोषको निमित्त हुँदैन । संसारबाट मोचन गर्ने यो अनुग्रह गौण भन्न सकिन्न । यो त शिवको आज्ञामय रूप हो। तिनको आज्ञा नै जगत् हित हो र सो हित नै अनुग्रह हो । तर स्वभावतः प्राणी त्यस हितलाई समरूपले प्राप्त गर्दैनन् । जसरी अग्नि सुवर्णलाई शुद्ध गर्दछ, अङ्गारलाई होइन त्यस्तै शिव पूर्ण दोष हुनेलाई नै त्याग्दछ, अमल (दोषरहित) लाई होइन । जो निर्मल स्वभावका हुन् ती नै सबैमा अनुग्रह गर्ने अन्तरात्मा हुन् । जो आत्मा स्वभावले मलिन (मललेयुक्त) छ त्यो जीव हो । अर्थात् निर्मल आत्मा परमात्मा हो भने मलयुक्त आत्मा जीवात्मा हुन् । कर्म र मायाको बन्धन जीवलाई नै हुन्छ । जीवको स्वभाव मल (विकार) मा हुन्छ । सो मल पनि कुनै कारणद्वारा हुने गर्दछ । जुन आत्माको वृत्ति लय हुन्छ ऊ मुक्त हुन्छ, जो भोगको अधिकारी छ ऊ बद्ध हुन्छ । आत्माको स्थिति तीन प्रकारका छन्–१. आत्मा (जीवात्मा) निम्न भागमा रहन्छ २. अन्तर आत्मा मध्यभागमा रहन्छ तथा ३. परमात्मा माथि स्थित हुनेहुन् । कोही जीव पद प्राप्त गर्दछ भने कोही अन्तरात्मा पदमा र कोही आत्मा पदमा स्थित छन् ।

८ देवयोनि उत्तम, १. मनुष्ययोनि मध्यम तथा ५.पशु (पशु, पक्षी, सर्प, कृमि, दंश) योनि अधम हुन् । यी उच्च तथा निम्न गरी १४ योनिहरूमा जानु जीवको आफ्नो मल तथा गुण हुन् । कर्मलाई कच्चा भोग भनिन्छ भने फल भोग्नुलाई पाको भोग भनिन्छ । मल पनि त्यस्तै कच्चा र पाको हुन्छन् । कच्चा हुन्जेल अधोगति हुन्छ भने पाको भएपछि क्रमैले ऊर्ध्वगतिमा जाने हुन्छन् अर्थात मल अनुसारको कर्मफल भोगिसकेपछि अधो (तल्लो) योनि प्राप्त हुँदैन । पशु आतमा पनि तीन प्रकारका छन्–एकमल (सत्व प्रधान), द्विमल (सत्व र रजप्रधान,) र त्रिमल (सत्व, रज र तम प्रधान) । एकमल उत्तम, द्विमल मध्यम तथा त्रिमल अधम हुन् । यी एक, दुई, तीन सबै प्रकारका गुणहरूका शिव अधिपति हुन् । अशिवात्मक जस्तो यो जगत् पनि शिवद्वारा नै अधिष्ठित हो । त्यस्तै माया पर्यन्त यो जगत् देवताहरू-द्वारा अधिष्ठित छ । यस प्रकार तीन मल (गुण) अलग अलग पाकेपछि कारण-

भूत संसारमा पुरुषको आवागमन प्रवृत्त हुन्छ । संसार आवागमन सम्बन्धी रोगको औषधि ज्ञान हो । यो ज्ञान-औषधि दिने वैद्य शिव हुन् । अतः शिव नै परम कारण हुन् ।

जो शिव विना प्रयास नै जीवहरूको दुःख दूर गर्नमा समर्थ छन् भने ती यसप्रकार दुःखमय किन गर्दछन् भन्ने विषयमा खास विचार गर्नुपर्ने आवश्यकता देखिदैन । किनभने संसार भनेकै दुखः मय हो अतः संसारमा सबैलाई दुःख हुन्छ । फेरि यस स्वभावको विपरीत सो दुःख कसरी अदुःख हुन सक्तछ ? वैद्यको औषधिले रोग अरोग हुन सक्तैन रोगलाई हटाउन मात्र सकिन्छ तथा सो रोग हटाई वैद्यले रोगीलाई सुख दिने मात्र हुन् । यस्तै स्वभावैले मलयुक्त तथा दुःखी जीवलाई शिव आफ्नो आज्ञाको औषधि विधान (ज्ञान) द्वारा दुःखबाट मुक्त गरिदिन्छन् मात्र । हुनत रोगमा वैद्य कारण होइन तर शिव भने संसारका कारण पनि हुन् । तर यस विषमतामा पनि शिवको दोष छैन। किनभने जगत स्वभावैले दुःखमय हो भने जगत्को कारणरूपी शीव त्यस्तो स्वभावमा संयुक्त जीवहरूलाई यो संसारबाट पृथक् गर्ने कुरा मिल्दैन । जुन संसारको (दुःखको) कारण हुन् ती मल, माया, र अचेतता हुन् । यी कुराहरू शिवका साक्षीत्वमा स्वयं प्रवृत्त हुन्छन् । जसरी चुम्बक फलामलाई तान्दछ र चुम्दकको अति निकट भई टाँसिएको फलाम चलायमान हुन्छ। त्यस्तै शिवको सान्निध्यले जगत् चल्दछ । यस सहकारी निकटतालाई निवृत्त गर्न कोही समर्थ छैन । यसैमा ती अज्ञात शिवको प्रतिष्ठा सदा रहेको छ । शिव विना जगत्मा कुनै कुरा प्रवृत्त हुँदैन । यो उसैको प्रेरणा हो र यसमा उनी दुःखी हुँदैनन् । तिनको आज्ञा आत्मिका शक्ति (प्रकृति) विश्वको सर्वतिर व्याप्त भै नियन्त्रण गर्दछ तैपनि तिनमा कुनै दोष छैन । जो सबैभन्दा पहिले सबैलाई शासन गर्दछन् उनै ईश्वर हुन् । ईश भएकाले नै तिनको आज्ञा हुन्छ तथापि तिनी (आज्ञा हुँदैमा) दूषित हुँदैनन् ।

मोक्षको प्रधान साधन शिव-ज्ञान

(अध्याय ३२) ऋषिहरूले प्रश्न गरे- कुन अनुष्ठानद्वारा अपरोक्ष ज्ञान (इन्द्रियद्वारा महशूस नहुने ज्ञान) प्राप्त भई मोक्ष मिल्दछ? वायुदेवताले बताए- शिवको उपासना नै श्रेष्ठ अनुष्ठान हो । यही परम धर्म हो र यसैबाट मोक्षदायक शिव अपरोक्ष (अन्तर अनुभूति) हुन्छ । यो ५ प्रकारबाट हुन्छ—क्रियाबाट, जप

बाट, तपबाट,ध्यानबाट र ज्ञानमय आत्माद्वारा हुने चिन्तनबाट। धर्म दुई प्रकारका बताइएका छन्–परम र अपरम। परम धर्ममा मायाको पाशबाट मुक्त (अर्थात् अन्तरमुखीहरूको) आत्माहरूको अधिकार हुन्छ भने अपरम धर्ममा योग आदि (बाह्यवृत्तिबाट हुने कर्म)साधारण धर्मको अधिकार हुन्छ। अपरम धर्म परम धर्मको साधन हो। शिवको अनुष्ठान श्रेष्ठ तथा आदि धर्म हो। शैव शास्त्र श्रुति र स्मृति दुई भेदले युक्त छ। वेदशास्त्रलाई श्रुति भनिन्छ भने स्मृति स्वतन्त्र शास्त्र गनिन्छ। वेदसारयुक्त पाशुपत व्रत परम ज्ञान हो। भगवान् शिव योगाचार्यको रूपमा युग-युगमा अवतरण गर्नुहुन्छ र यस पाशुपत व्रतबारे आफ्ना शिष्यहरूलाई उपदेश गर्नुहुन्छ। पाशुपत व्रत शिवलाई साक्षात्कार गराउने श्रेष्ठ धर्म हो। पाशुपत व्रतको अष्टाङ्ग योग (यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान समाधि) शिवद्वारा नै बताइएको हो। यस (पाशुपत) योगबाट शीघ्र ज्ञान प्राप्त हुने बुद्धि उत्पन्न हुन्छ। यसबाट शिव-ज्ञान प्राप्त भई संसारबाट मुक्त हुन्छ र शिव समान हुन्छ। शिवका आठ नामहरू–शिव-,महेश्वर, रुद्र, विष्णु, पितामह, सर्वज्ञ, संसार-भिषक तथा परमात्मा हुन्। यिनीहरूमा शिव, महेश्वर, रुद्र, विष्णु, पितामह (ब्रह्मा) यी ५ उपाधिहरू शिवादिसंज्ञक हुन्। यी पदहरू नित्य हुन् भने यी पद-धारण गर्नेहरू अनित्य हुन्। यी पदहरू प्राप्त गरी यिनीहरु मोक्ष प्राप्त गर्दछन्। त्यस्तै संसारवैद्य, सर्वज्ञ र परमात्मा यी तीन नामहरू मायाको अवलम्बनको कारण धारण गरिने उपाधि हुन्। यी उपाधिहरूबाट पनि शिवकै ग्रहण गरिन्छ।

अनादि गुण (सत्व, रज, तम) ले युक्त भाव तथा स्वभाव (प्रकृति–सृष्टि, स्थिति, लय) सँग सम्बन्धित परम परिशुद्ध आत्मा शिव नै हुन्। अथवा पूर्ण कल्याणमय गुणका धनी ईश्वरलाई नै शिव तत्वका ज्ञाताहरू शिव भन्दछन्। प्रकृति २३ तत्व (महत्, अहंकार, ११ इन्द्रियहरू, ५ तन्मात्राहरू तथा ५ महा-भूतहरू) भन्दा माथिका हुन् भने प्रकृति भन्दा पनि पर (अलग) ती पच्चीसौं तत्व पुरुष हुन्। जो प्रकृतिमा लीन भएर भोग कार्य गर्दछन्। प्रकृतिमा लीन हुने यी पुरुष भन्दा पनि पर (माथि) महेश्वर हुनुहुन्छ यिनै महेश्वरको अधीनमा प्रकृति र पुरुषको प्रवृत्ति रहेको हुन्छ। अथवा त्रिगुण तत्व (सत्व, रज, तम) ती महेश्वर कै माया हुन्। माया नै प्रकृति हो तथा मायासक (माया चलाउने) महेश्वर हुन्। ती महेश्वर माया (प्रकृति) लाई विक्षुब्ध गर्ने (चलाउने) काममा सम्बन्धित हुन्। यिनैलाई कालात्मा, परमात्मा आदि स्थूल र सूक्ष्म दुवै भनिएको छ। दुःखको कारण नष्ट गर्ने भएकाले महेश्वरलाई रुद्र भनियो। तर यी सबै कुराको कारण शिव हुन्। पञ्चमहाभूत पर्यन्त शरीर र इन्द्रियहरू समेतमा

व्याप्त भएर रहने हुनाले शिवलाई रुद्र भनिएको हो। प्राणीहरूका जगत्–पिता शिव आत्ममूर्ति भएर पनि सबैका पितृभाव भएकाले पितामह भनिएको हो। जसरी रोगको निदान जानेर वैद्य रोगलाई दूर गर्दछ त्यसै प्रकार संसारका मल (विकार) मेट्ने ईश्वर हुन् तथा जगत्–पति हुनाले पनि सबै तत्वज्ञाता उनैलाई संसारवैद्य भन्दछन्। शब्दादि (शब्द, स्पर्श, रूप, रस, गन्ध) विषयको जानकारीको लागि ज्ञानेन्द्रियहरू (आँखा, कान, नाक, जिभ्रो, छाला)मा तीनै काल रहने स्थूल र सूक्ष्म भाव हुन्।

वस्तु जुन प्रकारको छ त्यसलाई त्यस्तै प्रकारले जान्ने (अन्तर साक्षी) शिव हुन् अतः शिवलाई सर्वज्ञ भनेको हो। यही परम गुणले गर्दा उनी सर्वात्मा परमात्मा हुन्। अतः गुरु कृपा सहित यी आठ नामहरू (शिव, महेश्वर, रुद्र, विष्णु, ब्रह्मा, संसार वैद्य, सर्वज्ञ, परमात्मा)को अर्थ सहित आफ्ना हृदय, कण्ठ, निधार, ब्रह्मरन्ध्र आदि ध्यानचक्रहरूमा स्मरण गरिनु पर्दछ।

महात्मा उपमन्युद्वारा बताइएका परमात्मा शिव सम्बन्धी ज्ञानका कुरा

शिव पुराणको वायुसंहिता (उत्तर भाग) मा पनि परमात्मा शिव सम्बन्धी ज्ञानका कुराहरू वर्णन गरिएका छन्। यी वर्णनहरू महात्मा उपमन्युले श्री कृष्ण-लाई बताएका पाशुपत ज्ञानको श्रेष्ठता, समस्त जगत् शिवमय, जीव पशु शिव जगत्पति आदि विषयहरू हुन् जुन वायु संहिताको पूर्व भागमा उल्लिखित ऋषि वायुद्वारा बताइएका विषयहरूसँग पनि मिल्दाजुल्दा छन्।

पाशुपत ज्ञानको श्रेष्ठता

अध्याय–२ (पाशुपत ज्ञानको श्रेष्ठता) :– श्री कृष्णद्वारा उपमन्युलाई भगवान् रुद्रले पार्वती देवीलाई सुनाएको पाशुपत ज्ञान जान्न चाहन्छु, ती देवता (शिव) लाई पशुपति किन भनिएको हो ? पशु कसलाई भनिन्छ ? कुन पाशद्वारा बाँधिन्छ ? तथा कसरी पाश (बन्धन) बाट मुक्त हुन्छ भनी सोधनी भएपछि प्रत्युत्तरमा महात्मा उपमन्युबाट कथन भयो– ब्रह्मादेखि सबै स्थावरजङ्गम (चल-अचल प्राणीहरू) देवाधिदेव शूली (महेश्वर) का पशुहरू हुन् तथा ती पशुहरूका स्वामी भएकाले देवेश शिव (महेश्वर) लाई पशुपति भनिएको हो। ती प्राणीहरूलाई उनै पशुपति मल (विकार) र माया (प्रकृति) को पाशले बाँध्दछन्। उनी नै तिनीहरूलाई तिनीहरूको भक्ति र सम्यक् उपासनाद्वारा मुक्त गर्दछन्। माया (प्रकृति) का गुणकर्म २४ तत्वहरूमा विभाजित छन् (मूल प्रकृति महान, बुद्धितत्व महत्, अहंकार, ११ इन्द्रियहरू, ५ तन्मात्राहरू, ५ महाभूतहरू)।

यिनीहरूलाई विषय (विकार) भनिन्छ । यी विकारहरूद्वारा जीव बन्धनमा पर्दछ । ब्रह्मादेखि स्थावर (जीव) पर्यन्त सबै पशुहरूलाई महेश्वरले यिनै २४ तत्वको पाशले बाँधेर संसारको कार्य चलाउँदछन् । महेशको आज्ञाले (इच्छाले) प्रकृति र पुरुष उत्पन्न हुन्छन् । तिनै महेशको शासनले प्रकृतिबाट बुद्धि उत्पन्न हुन्छ भने बुद्धिबाट अहंकार, त्यस्तै अहंकारबाट मन र अन्य दश इन्द्रियहरू तथा ५ तन्मात्राहरू (शब्द, स्पर्श, रूप, रस, गन्ध) उत्पन्न हुन्छन् र तन्मात्राहरूबाट ५ महाभूतहरू (पृथ्वी, जल, तेज, वायु, आकाश) उत्पन्न हुन्छन् । ब्रह्मादेखि घाँस पर्यन्त देह हुन् । बुद्धि निश्चय गर्दछ तथा अहंकार त्यस बुद्धिको निश्चयलाई मानिलिन्छ । चित्त (विवेक) चेतना (चैतन्य) युक्त हुन्छ । मन संकल्प (विचार र इच्छा) युक्त हुन्छ । श्रोत्र (कान) आदि ज्ञानेन्द्रियहरू शब्दादि आफ्ना विषयहरू ग्रहण गर्दछन् । त्यस्तै अन्य तत्वहरू– कर्मेन्द्रिय, तन्मात्रा तथा महाभूतहरू पनि आफ्नो बलद्वारा आ-आफ्ना कर्म (क्रियाहरू) गर्दछन् । ती परमेशकै शासनद्वारा आकाश सर्वगामी छ, वायु बहन्छ, अग्नि तताउँछ, जल सबैलाई जीवन दिन्छ, पृथ्वी सबैलाई धारण (बोक्ने) गर्दछ ।

उनै परमेश्वरको शासनद्वारा इन्द्र देवताहरूको तथा वरूण जलको स्वामित्व पाउँदछन्, यमराज मृतकहरूलाई पापकर्मको सजाय दिन्छन्, निर्ऋतिदेव विधिहीन कर्मलाई हरण गर्दछन्, कुबेर सबैलाई पुण्य अनुसार धन प्रदान गर्दछन्, ईशानदेव असाधुहरूलाई नियन्त्रण गर्दछन्, शेषदेव पृथ्वीलाई धारण गर्दछन् । शिव (महेश्वर) कै शासनमा तिनका तीन मूर्ति ब्रह्मा, विष्णु, रुद्र क्रमशः सृष्टि, रक्षा र विनाश गर्दछन् । ती महेश्वर आफ्ना देहबाट सबैलाई प्रकट गरी अन्तमा सबैलाई आफैमा ग्रास (लीन) गर्दछन् । यसरी यी विश्वात्माद्वारा तीन प्रकारले (सृष्टि स्थिति-लयद्वारा) सृजनकार्य भई विश्वको रक्षा (संचालन) हुन्छ । यी सबै कार्यहरू कालद्वारा गरिन्छन् र काल नै सृष्टि गर्दछ, काल नै पालन गर्दछ तथा काल नै हरण गर्दछ । काल नै परमात्माको तीनै अंश (सृष्टि, स्थिति, लय) धारण गर्दछ । काल नै तेजद्वारा वर्षा गराउँदछ, सबै औषधि (प्राणीहरूलाई आवश्यक पर्ने अन्न, फल, मूल आदि) पुष्ट गराउँदछ । यथार्थमा आदित्य, वसु, रुद्र, सोम, अश्विनी कुमार, मरुद्गण, खेचर, ऋषि, सिद्ध, मनुष्य, पशुपक्षी, कीट आदि तथा नदी, समुद्र, वन, पवन, सरोवर, पर्वत, मेघ आदि र वेद, शास्त्र, मन्त्र, स्तोत्र, यज्ञ त्यस्तै सबै भुवनहरू, असंख्य ब्रह्माण्ड, भूत भविष्य वर्तमान, दिशा, विदिशा, काल, कला आदि सबै कुरा ती कल्याणकारी (शिव) कै प्रभावद्वारा भएको हो । शिवको लागि कुनै नियम छैन तर उनी सबैका नियामक हुन् ।

समस्त जगत् शिवमय छ

अध्याय–३ (समस्त जगत् शिवमय छ) – महात्मा उपमन्युले कृष्णलाई महेश्वर शिवको आत्मरूप मूर्ति यो चराचर जगत् कसरी व्याप्त भै रहेको छ त्यसबारे भन्नुभयो– ती शिव आफूद्वारा रचित विश्वका यी यावत् कुराहरूमा अधिष्ठित छन् । ब्रह्मा, विष्णु, रुद्र, महेश्वर, सदाशिव, यी सबै उनै शिवका मूर्ति हुन् । यिनीहरूद्वारा नै सारा जगत्को विस्तार हुन्छ । शिवका पञ्च ब्रह्म मूर्तिहरू ईशान, पुरुष, अघोर, वामदेव र सद्योजात विश्वव्याप्त छन् । १. ईशान भनिने तिनको आदि मूर्ति साक्षिरूप क्षेत्रज्ञ (पुरुष) भई प्रकृतिको भोग गरी बसेको हुन्छ । २. तत्पुरुष नामको स्थाणु (अचल) मूर्ति गुणको आश्रय भएर अर्थात प्रकृतिका ३ गुणहरू– सत्व, रज, तम भएर भोग गर्दछन् । यी अव्यक्त (मूल प्रकृति) मा रहेका हुन्छन् । ३. अघोर मूर्ति शिवको बुद्धित्वमा पूजित छ र धर्मादि (धर्म, वैराग्य, ऐश्वर्य, ज्ञान, अधर्म, अवैराग्य अनैश्वर्य, अज्ञान आदि) अष्टाङ्गसँग संयुक्त भएर रहेको हुन्छ । ४. वामदेव भनिने महादेवको मूर्ति अहंकारमा स्थित हुने हुन् । त्यस्तै ५. शम्भुको सद्योजात नामको मूर्ति मनमा अधिष्ठित हुन्छ । अर्थात ईशान पुरुषतत्वमा, तत्पुरुष मूल प्रकृतिमा, अघोर बुद्धितत्वमा, वामदेव अहंकार तत्वमा, सद्योजात मनमा स्थित हुने देवताहरू हुन । त्यस्तै कान, बोली, शब्द, र आकाशको मूर्तिलाई ईशान, छाला, हात, स्पर्श र वायुको मूर्तिलाई तत्पुरुष, आँखा, खुट्टा, रूप, अग्निको मूर्तिलाई अघोर, रस, वायुरस, जल आदिको मूर्तिलाई वामदेव तथा घ्राण, गन्ध, पृथ्वीको मूर्तिलाई सद्योजात भनिएका छन् ।

त्यस्तै प्रकारले देवाधिदेव शिवका अष्ट मूर्तिहरू पनि छन्– शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, महादेव ईशान । बाह्य जगत् र अन्तर्मन दुवैमा व्याप्त हुने तेजोमय शुभमूर्ति रुद्र हुन् । सम्पूर्ण विश्वका जलमय रूप शर्व हुन् भने ब्रह्माण्ड पृथ्वीको रूप भव हुन् । त्यस्तै सम्पूर्ण विश्वलाई स्पर्श गर्ने वायुरूपी मूर्ति उग्र हुन् । सबैलाई अवकाश दिने भयानक आकाशमूर्ति भीम हुन् । सबैको अन्तःकरणमा आत्मा रूप भै स्थित हुने मूर्ति पशुपति हुन् जो सबै जीवका पाशहरू काट्ने हुन् । विश्वलाई आफ्नो शीतल तेजद्वारा आनन्द दिने चन्द्र मूर्ति महादेव हुन् र सम्पूर्ण जगत्लाई प्रकाश दिने सूर्य मूर्ति ईशान हुन् । यसरी परम कारण रूप भगवान् शिवले आफ्ना आठ मूर्तिहरूद्वारा सम्पूर्ण विश्वलाई व्याप्त गर्नुभएको हुन्छ ।

शिवका पुरुष र प्रकृति रूपः–

अध्याय–४ (शिवका पुरुष र प्रकृति रूप)– परमेश्वर शिवका विभिन्न ८ मूर्तिहरूद्वारा यो जगत् व्याप्त गरिराखेको कुरा सुनेपछि श्रीकृष्णले महात्मा उपमन्युलाई यो जगत् कसरी स्त्री-पुरुषको रूपमा रहेको हुन्छ सो बताई दिन अनुरोध गरेकोले महात्मा उपमन्यु भन्नु हुन्छ– शक्तिमान महादेव (शिव) र उनको शक्ति (प्रकृति) महादेवी हुन् । शक्ति पनि चेतनशक्ति र जडशक्ति दुई प्रकारका छन् । चेतन शक्ति शुद्ध भएकोले यसलाई परा अर्थात् परमशक्ति भनिन्छ भने जडशक्ति अशुद्ध भएकोले यसलाई अपरा अर्थात् अपरमशक्ति भनिन्छ । पराशक्तिलाई पराप्रकृति वा पुरुष भनिन्छ तथा अपराशक्तिलाई जड प्रकृति भनिन्छ। यस्री चेतन पुरुष र जड प्रकृतिद्वारा बनेको यो चराचर जगत् उनै देवाधिदेव शिवको निग्रह (रूप) हो । जसरी चन्द्रमा विना चाँदनी हुँदैन त्यस्तै शक्तिमान् विना शक्ति हुँदैन । त्यस्तै चाँदनी विनाको चन्द्र शोभारहित हुन्छ । अतः शक्ति र शक्तिमान् परस्पर सापेक्ष छन्–अर्थात् शिव विना शक्ति तथा शक्ति विना शिवको कुनै अर्थ हुँदैन ।

शिवको शक्तिरूपी परा र अपरा यी दुई गुणहरू मध्ये परा नामक चित्शक्ति (चेतन शक्ति) शिवको पुरुष रूप हो तथा अपरा नामक जडशक्ति (प्रकृति) शिवको माया स्त्रीरूप शिवा हो । शिवा (मूल प्रकृति) माया भएकोले यी त्रिगुणात्मक छन् । अतः यिनलाई त्रिगुणात्मिका प्रकृति भनिन्छ । यस जगत्को विस्तार यिनै त्रिगुणात्मिका प्रकृति शिवाबाट भएको हो । अतः शिवको मायाबाट त्रिगुणात्मक (सत्व, रज, तम) अव्यक्त (प्रकृति) उत्पन्न भयो अर्थात् सत्व, रज र तम यी ३ गुणहरूका आत्मा प्रकृति उत्पन्न भयो । त्रिगुणबाट व्यक्त उत्पन्न भयो अर्थात् मूल प्रकृतिबाट बुद्धि, बुद्धिबाट अहंकार, अहंकारबाट इन्द्रिय र तन्मात्रा तथा तन्मात्राबाट पञ्चमहाभूतहरू क्रमशः उत्पन्न भए । यिनीहरूबाट असंख्य अण्डका पिण्ड बने । यसरी सम्पूर्ण जगत् आत्मा (पराशक्ति पुरुष) र शक्ति (अपराशक्ति प्रकृति) ले व्याप्त भएकोले यो जगत् शक्तिमय भनिएको हो । शक्ति यथार्थमा शिवको कला (कृया) हो । शिव-कलाको अर्थ हो– सृष्टि, स्थिति र लयका कृयाहरू । यसरी शक्तिमान् र शक्तिद्वारा सञ्चालित यो जगत् शाक्तिक भनिन्छ।

जसरी पिता माता विना पुत्रादि हुँदैनन् त्यस्तै भव भवानी (शिव शिवा) विना यो चराचर जगत् उत्पन्न हुन सक्दैन । त्यसैले यो जगत्लाई स्त्री पुरुषात्मक भनिएकोहो। शिव सदाशिव (निर्गुण शिव) हुन् तथा तिनका मनोन्मानी (शिवका

मनोमाया) शिवा हुन् । त्यस्तै शिव (सगुण शिव) महेश्वर हुन् तथा शिवा माया (महेश्वरको शक्ति-प्रकृति) हुन् । परमेशान (महेश्वर) लाई पुरुष तथा प्रकृतिलाई परमेश्वरी भनिन्छ । रुद्र साक्षात् महेश्वर तथा रुद्रवल्लभा रुद्राणी हुन् । विष्णु शिव लक्ष्मी शिवा, ब्रह्मा सृष्टि गर्ने शिव तथा ब्रह्माणी (ती ब्रह्माबाट प्रकट भएका) शिवा हुन् । त्यस्तै सूर्य शिव हो सूर्यको किरण शिवा हुन् । चन्द्रमा शिव तथा रोहिणी शिवा, यक्ष शिव तथा ऋद्धि शिवा, कालाग्नि रुद्र शिव तथा काली शिवा हुन् । यसैगरी सबै पुरुषत्व शिव हुन् तथा सबै स्त्रीत्व शिवा हुन् ।अतः सबै स्त्री तथा पुरुष उनै सदाशिवकै विभूति हुन् । त्यस्तै विषयी (पुरुष) शिव तथा विषय (प्रकृति) शिवा हुन् । जस्तै श्रोतारूप (पुरुष) शिव श्राव्य (स्त्रीरूप) शिवा, द्रष्टा शिव तथा दृश्य शिवा हुन् । रस लिने शिव रस शिवा, प्रितिरूप शिव प्रिय समूह शिवा, धारण गर्ने शिव धारण गरिने शिवा, दिन शिव रात शिवा, आकाश शिव पृथ्वी शिवा, वृक्ष शिव लता शिवा, अर्थरूप शिव शब्दजाल शिवा हुन् । यसरी जुन जुन कुराका शक्ति हुन् ती शिवा हुन् तथा ती कुरा (शक्ति) का पदार्थहरू शिव हुन् । जसरी दीपको किरणबाट दीप्तिमान् हुन्छ । त्यस्तै यी दुई शक्ति र शक्तिमान्का तेजले जगत् दिप्तमान हुन्छ । शिव र शिवाको सन्निकर्षले नै यो सबै जगत् चलायमान हुन्छ ।

जीव पशु, शिव जगत्-पति

(अध्याय–५) श्री कृष्णलाई महात्मा उपमन्युले भने– हे कृष्ण ! यो चराचर जगत् उनै देवाधिदेव शिवको निग्रह(रूप) हो यो कुरा पाश (बन्धनमा) परेको जीवले थाहा पाउँदैन । यो अपर ब्रह्म (व्यक्त, जड संसार वा देखिने ब्रह्माण्ड) रूप नै परब्रह्म स्वरूप हो । पञ्चमहाभूत, इन्द्रियहरू, अन्तकरण (मन, बुद्धि, अहंकार), प्रधान (मूल प्रकृति) आदि विषयात्मक अपर (व्यक्त) ब्रह्म नै परब्रह्मात्मक न् अर्थात् अव्यक्त ब्रह्मबाट व्यक्त भएका हुन् । यो वृहत् भएकोले परम भनिएको हो । पर तथा अपर ब्रह्म दुबै शिवका रूप हुन् । कोही यसलाई विद्या अविद्यारूपी ईश्वर पनि भन्दछन् । भ्रान्ति अविद्या हो । यथार्थ बुद्धि नहुनुलाई भ्रान्ति भनिन्छ । यथा अर्थ हुनु विद्या हो । तत्वपदको अर्थ विकल्प रहित छ । विपरीत अर्थलाई वेदवादीहरू असत् भन्दछन् । अक्षर (नाश नहुने कुरा) सत् हो भने क्षर (नाश हुने) असत् हो । शिव क्षराक्षरातमक (क्षर अक्षर दुबैका आत्मा) हुन् तथा क्षरा-

क्षर (प्रकृति र पुरुष) बाट परका पति पनि हुन् । सबै प्राणीहरू क्षर हुन् । तर कूटस्थ (जीवात्मा पुरुष) अक्षर हुन् । यी दुवै ती परमेश (महेश्वर)को वशमा छन् । उस भन्दा पनि पर अर्थात् महेश्वरबाट पनि पर ती शान्त शिव (सदाशिव) हुनुहुन्छ । यी शिव परम कारण हुन् । उनी समष्टि व्यष्टि रूप हुन् तथा उनै समष्टि व्यष्टिका कारण हुन् । अर्थात् समष्टि अव्यक्त (मूल प्रकृति) हुन् तथा व्यष्टि व्यक्त (बुद्धितत्व देखि अहंकार, ११ इन्द्रियहरू, पञ्चतन्मात्रा, पञ्चमहाभूतहरू) हुन्। ती दुवै अव्यक्त र व्यक्त महेश्वरका आफ्नै रूप हुन् र यी उनैको इच्छाले भएका हुन् । तिनीहरू (व्यक्त र अव्यक्त) का अरू कारण नभएकोले शिव नै तिनीहरूका परम कारण मान्नु पर्दछ ।

यसरी कारणको अर्थ जान्ने कोही शिवलाई समष्टि व्यष्टि कारण भन्दछन् भने कोही जाति व्यक्ति स्वरूप उनै ईश्वर पनि भन्दछन् । पिण्डमा वर्तने (स्थित हुने) लाई जाति भनिन्छ । व्यक्ति आवृत्ति रूपमयी हुन् र सबै पिण्डजातिमा स्थित हुन्छ । जाति (पुरुष) र व्यक्ति (प्रकृति) दुबै उनै ईश्वरको आज्ञाको वशमा छन् । अतः शिवलाई जाति (पुरुष) र व्यक्ति (प्रकृति) का स्वरूप भनिएको हो । प्रधान (मूल प्रकृति) पुरुष (क्षेत्रज्ञ) तथा व्यक्त (प्रकृति विकृति २३ तत्वहरू सबै)कालात्मा शिव हुन् । २३ तत्वहरू व्यक्त हुन् । प्रपञ्च (जगत्) परिणामको एकै कारण छ । यो हो ईश्वर (महेश्वर)। उही ईश्वर प्रवर्तन (बनाउने) र निवर्तन (बिगार्ने) तथा उनी नै अविर्भाव (सृष्टि) तथा तिरोभाव (लय)का कारण हुन् । अतः प्रधान, पुरुष, व्यक्त सबै काल स्वरूपवान् हुन् । यी सबैका हेतु तथा धारण गर्ने अधिपति शिव हुन् ।

कोही विराट् हिरण्यगर्भात्मालाई ईश्वर भन्दछन् भने कोही यी अन्तर्यामी परमेशलाई शिव भन्दछन् । कोही यिनीलाई विश्वात्मा भन्दछन् । कोही कर्ता,क्रिया, कारण तथा कोही जाग्रत, स्वप्न, सुषुप्तिमा स्थित हुने भन्दछन् । कसैले तुरीय कसैले तुरीयातीत, कसैले निर्गुण कसैले सगुण, कसैले संसारी कसैले असंसारी, कसैले स्वतन्त्र कसैले अस्वतन्त्र, कसैले घोर कसैले सौम्य, कसैले रागी कसैले वैरागी भन्दछन । कोही क्रियारूप कोही निष्क्रय, कोही इन्द्रिययुक्त कोही इन्द्रियरहित, कोही चल कोही अचल, कोही रूपवान कोही रूपरहित, त्यस्तै कोही दृश्य कोही अदृश्य,कोही शब्दात्मक कोही शब्दरहित, कोही चिन्ता(विचार)मय कोही चिन्तारहित, कोही ज्ञानात्मक कोही विज्ञानात्मक, कोही ज्ञेय कोही अज्ञेय, कोही एक, कोही अनेक भन्दछन् । यसप्रकार ती परमात्मालाई अनेक प्रकारले कल्पना गर्दछन्। तर ती परमात्माबारे कसैले यथार्थ निर्णय गर्न सकेको छैन । यस

कारणले जस्ले सबै भावले यी परमेश्वरलाई खुशी पार्दछ उसैले यत्न पूर्वक परम कारण शिवलाई जान्दी लिन्छ । जबसम्म ती परमेश्वरको दर्शन हुँदैन तबसम्म पाशले बाँधिएर संसार चक्रमा घुमिरहने हुन्छ । जब ब्रह्मयोनि परमपुरुषको दर्शन हुन्छ तब पुण्य पाप सबै समाप्त भई शिव तादात्म्य प्राप्त गर्दछ ।

शिवलाई कुनै पाशले छुँदैन

(अध्याय-६) श्रीकृष्णलाई महात्मा उपमन्युले भने- यी शिवलाई कुनै बन्धनले छुँदैन । यिनी प्रकृति, माया, बुद्धि तथा अहंकारबाट भएको होइन । यसलाई न मानसिक बन्धन, न चित्तको बन्धन, न इन्द्रियात्मक, न तन्मात्राको न आकाशात्मक बन्धन हुन्छ । यिनी काल, कला, अविद्या, नियति, राग, द्वेष आदि कुनैबाट प्रभावित नहुने अमित तेजस्वी हुन् । कुशल र अकुशल कर्म तथा त्यस्को फल सुख दुःख, आयु, भोग, भोगको संस्कार, वासना, रूप, जन्मजरामृत्यु जस्ता त्रिकालका चक्रमा यिनी पर्दैनन् । यी शिवका कारण, कर्ता, आदि अन्त, कर्म करण, अर्थात् कार्य केही हुँदैनन् । त्यस्तै यिनका मित्र शत्रु, नियन्ता प्रेरक, गुरु आदि, जस्ता पनि कोही छैनन् । उनको जन्म मरण, कांक्षा आकांक्षा, विधि निषेध, मुक्ति बन्धन, केही हुँदैनन् । यी शिवका अकल्याणी वस्तु कुनै हुँदैन, केवल कल्याण निवास गर्दछ । आफ्नै शक्तिले अधिष्ठित यिनी स्वयं भावद्वारा स्थाणु भई बस्तछन् ।

यी परमात्मा शिवका वाचक ॐ एकाक्षर हुन् अकार, उकार, मकार र नाद गरी यो चारमात्राको एक अक्षर हो । अ रजोगुणयुक्त सृष्टिदेव, उ सत्वगुणयुक्त (प्रकृति-योनि) पालकदेव, म तमोगुणयुक्त (पुरुष-बीज) संहारदेव र नाद परमपुरुष ईश निर्गुण, निष्क्रिय शिव हुन् । यी शिवभन्दा पर अपर, सूक्ष्म स्थूल, केही छैनन् । उनी वृक्ष समान स्तब्ध रही यो सारा जगत् पूर्ण गरी बसेका छन् ।

मायारूपी विद्या

(अध्याय-७) श्रीकृष्णलाई उपमन्युले भने- विद्या ती परमात्मा (शिव) का स्वाभाविकी (प्राकृतिक) शक्ति हुन् जस्बाट ती एक नै अनेक रूपले प्रकाशित हुन्छन् । तिनका इच्छा, ज्ञान, क्रिया आदि अनन्त शक्ति छन् र यी सबै

मायाद्वारा प्रादुर्भूत हुन्छन् जस्तै सदाशिव, ईश्वरादि अर्थात् महेश्वर, पुरुष, प्रकृति र त्यस्पछि बुद्धि तत्वदेखि विशेष (पंचमहाभूत) पर्यन्त तथा ब्रह्मादेखि जति पनि प्राणीहरू (देहहरू) हुन् सबै उनैका रूप हुन्। उही सर्वगामिनी सूक्ष्म शक्ति हुन्। उही प्रबोध आनन्द स्वरूप हुन्। उही ज्ञेय हुन्। उही शक्तिमान् शिव तथा शिवका स्वाभाविक शक्ति विद्या रूपी शिवा हुन्। उही प्रज्ञा, श्रुति, स्मृति, धृति, स्थिति, निष्ठा,ज्ञान,इच्छा,कर्म, शक्ति आदि हुन्। परब्रह्म उनी हुन्, उनैका आज्ञाद्वारा दुई विद्याहरू पराविद्या र अपराविद्या अर्थात शुद्ध र अशुद्ध विद्याहरू भएका हुन्। माया, प्रकृति, जीव, विकार, विकृति, सत्, असत् जे छन् तिनीहरू बाटै यो जगत्को विस्तार भएको हो। उनै ईश्वरले चराचर सबै ब्रह्माण्ड जगत्लाई मोहित गरी राखेका हुन् तथा उनैले लीला गरी मुक्त पनि गर्दछन्। उनका यि २७(१ शिव– निर्गुण सदाशिव, २. महेश्वर– सगुणशिव, ३. पुरुष, ४. मूल प्रकृति, ५. महत्-बुद्धितत्व, ६. अहंकार, ७. मन, ८. पाँच ज्ञानेन्द्रियहरू ९. पाँच कर्मेन्द्रियहरू, १०. पाँच तन्मात्राहरू, ११. पाँच महाभूतहरू)प्रकारका मायाहरूबाट ती परमात्मा विश्वमा व्याप्त भै बसेका छन्। अतः शक्तिमान् र शक्तिको वियोग हुँदैन।

ईश्वरगीतामा परमात्मा शिव

परमात्मा शिव सम्बन्धी ज्ञान दर्शाउन भगवान् शङ्करद्वारा बताइएका आत्माको रहस्य बारेका आत्म गुह्य सनातन विज्ञान, ब्रह्ममय जगत्, परमेष्ठिको प्रभाव, माया सम्बन्धी विभिन्न तत्वहरू, तथा अलिङ्ग स्वरूप लिङ्ग आदि विषयहरू कूर्मपुराणमा उल्लिखित ईश्वरगीतामा यसप्रकार वर्णन गरिएका छन् ।

अध्याय २ (आत्म गुह्य सनातन विज्ञान)– जुन आत्मा केवल, स्वस्थ, शान्त, सूक्ष्म, सनातन, सर्वान्तर, साक्षात् चिन्मात्र तथा तमोगुणबाट पर छ उही अन्तर्यामी उही पुरुष, उही प्राण, उही महेश्वर हुन् । उही काल, अग्नि एवं उही अव्यक्त हुन्, यस्तो श्रुतिले भन्दछ । ४–५। विश्व यसैबाट उत्पन्न तथा यसैमा विलय हुन्छ । यो मायाले युक्त भएर विभिन्न शरीर (भौतिक कुराहरू) उत्पन्न गर्दछ। ६। यो आत्मा न गतिशील छ न गति प्रेरक नै हुन् । यो न पृथ्वी, न जल, न तेज, न वायु, न आकाश हो ।७। न प्राण, मन, अव्यक्त हो ; न शब्द, स्पर्श, रूप ,रस, गन्ध, नै हो; न अहंकार न वाणी नै हो। ८ । यो आत्मा हात पाउ (कर्मेन्द्रिय) पनि होइन । यो कर्ता वा भोक्ता पनि होइन, प्रकृति अथवा पुरुष पनि होइन, न परमार्थतः चैतन्य नै हो । ९। संसारमा जसरी छाया घाम परस्पर (एक अर्कोसँग) विलक्षण छन् उसैगरी परमार्थतः प्रपञ्च (संसार) र पुरुष पनि परस्पर भिन्न छन् ।११। योगयुक्त मुनिजन परमार्थतः आफ्नो आत्मालाई विकारहीन तथा निर्द्धन्द्व आनन्द स्वरूप एवं अव्यय आत्मा भनी देख्तछन् साक्षात्कार गर्दछन् ।१३। म कर्ता, म दुःखी, म कृश एवं म स्थूल हूँ भनी विचार गर्ने जुन मति (मन) छ यसलाई अहंकारले गर्दा आत्मा भनी आरोपित गर्दछन् ।१४। वेदका विद्वानहरू साक्षी (आत्मा) लाई प्रकृतिबाट पर द्रष्टा, अक्षर शुद्ध तथा सर्वत्र समभावले स्थित भन्दछन् ।१५। ब्रह्मवादी ऋषिहरू आत्मालाई प्रधान प्रकृतिको कारण बोध गरेर सदा अव्यक्त नित्य र सत् भनी देख्दछन् ।१८। यो आत्मा कूटस्थ एवं

निरञ्जन भएर पनि ती प्रधान प्रकृतिको संगतले गर्दा तत्वतः स्वआत्मालाई अक्षर ब्रह्म भनी बुझ्दैनन् । ।१६। यो आत्मा जो नित्य सर्वव्यापी, कूटस्थ एवं दोषवर्जित छ त्यो एकै हो। यसलाई शक्तिको स्वरूप मायाले गर्दा मात्र भिन्न देखेको हो, स्वभावतः यो भिन्न छैन ।२२। त्यस कारण मुनिजन आत्मालाई परमार्थतः अद्वैत अर्थात् जसको दुई छैन एकै मात्र भनी भन्दछन् । व्यक्त स्वभावले उत्पन्न भेद आपनो आश्रयमा रहेको माया हो ।२३। जब आपनो आत्मामा सबै प्राणीहरू तथा सबै प्राणीहरूमा आपनो आत्मा देख्तछ त्यस समयमा उसले ब्रह्म (परमात्मा) प्राप्त गर्दछ ।३१। जब समस्त प्राणी एक तत्वमा स्थित भएको तथा त्यसैबाट उनीहरूको विस्तार भएको अनुभूति हुन्छ उसै समय ब्रह्म प्राप्त हुन्छ ।३४। जब परमार्थतः केवल आत्मालाई साक्षात्कार गर्दछ तथा जगत्कृत्य मायामात्र हुन् भनी ठान्दछ त्यस समय (योगी) निवृत्त (कर्ममा नलाग्ने) हुन्छ ।३५। जब जन्म बुढापा, दुःख व्याधिहरूको एक औषधि केवल ब्रह्म विज्ञान भनी जान्दछ तब उनी शिव बन्दछ ।३६। संसारमा जसरी नदी नालाहरूको सागरमा एकता हुन जान्छ उसै प्रकार आत्मा अक्षर (ब्रह्म)सँग एकत्व हुन्छ ।३७।

अध्याय ३ (ब्रह्ममय जगत्)– अव्यक्त (ब्रह्म) बाट काल (समय), प्रधान (प्रकृति) र परम पुरुषको उत्पत्ति भयो । तिनीहरूबाट सम्पूर्ण जगत्को उत्पत्ति भयो त्यसकारण जगत् ब्रह्ममय हो ।१। जसका हात पाउ सर्वत्र प्रसार हुन्छ, जसका आँखा, शिर, मुख तथा कान सबैतिर छन् र जो समस्त (विश्व)लाई आवृत्त गरी बस्तछ (त्यही ब्रह्म हो)।२। सबै इन्द्रियका गुणहरूको आभासस्वरूप फेरि सबै इन्द्रियहरूदेखि रहित, सबैका आधारस्वरूप, सदा आनन्दस्वरूप, अव्यक्त, द्वैत रहित ।३। समस्त उपमाहरूबाट रहित, प्रमाणद्वारा ज्ञात हुन नसकिने, निर्विकल्प, निराभास, सबैका आवास स्वरूप, परम अमृत ।४। अभिन्न तर भिन्न रूपले स्थित, शाश्वत, ध्रुव(अचल), अव्यय, निर्गुण, परमव्योम (महाआकाश) आदि स्वरूप त्यस ब्रह्मको ज्ञान सूरिहरू (विद्वानहरू) जान्दछन् ।५। प्रधान र पुरुष नामक दुई तत्व छन् । ती दुईको परम संयोजक अनादि उत्कृष्ट काल (समय) हो ।८। जसले महत् (तत्व)देखि विशेष (पञ्चतत्व) सम्म अखिल जगत् पैदा गर्छ त्यसलाई सबै प्राणी मोहित पार्ने प्रकृति भनिन्छ ।१०। जो प्रकृतिस्थ भएर प्रकृतिका गुणहरू भोग गर्दछ उही पुरुष हो । पुरुष अहंकारबाट विमुक्त भएकोले यसलाई पच्चीसौं तत्व भनिन्छ । ११। प्रकृतिका आदि विकारलाई महान आत्मा (महत्तत्व ?) भनिन्छ । विज्ञान शक्तिको विज्ञाता अहंकार त्यसबाट (महत्तत्व बाट) उत्पन्न हुन्छ ।१२।यसले(अहंकारले)जीवनका सबै सुखदुःखको ज्ञान गरा-

उँदछ । त्यो विज्ञानात्मक छ । मन यसको उपकारक (सहायक) हुन्छ ।१४। त्यस (अहंकार)बाट अविवेक तथा त्यो अविवेकबाट पुरुषको (प्राणीको) संसार सम्भव हुन्छ । प्रकृतिमा कालको संगत (सम्पर्क) भएकोले अविवेक हुन गएको हो ।१५। कालले नै प्राणी सृष्टि गर्दछ भने काल नै प्रजा (दुनियाँ)को संहार गर्दछ । सबै कालको वशमा हुन्छन् तर काल कसैको वशमा हुँदैन ।१६। विद्वानहरू मनलाई सबै इन्द्रियहरूमा उत्कृष्ट (उच्च)भन्दछन् । मन भन्दा पनि अहङ्कार तथा अहङ्कार भन्दा उत्कृष्ट महान(महत्तत्व) हुन्छ । १८। महानभन्दा उत्कृष्ट अव्यक्त (प्रकृति) अव्यक्त भन्दा उत्कृष्ट पुरुष हो । पुरुष भन्दा उत्कृष्ट भगवान् प्राण (महेश्वर) हुन्, यो सबै जगत् उहाँकै हो । १९। प्राण भन्दा परम व्योम, व्योम भन्दा माथि अग्नीश्वर उही अग्नीश्वर सर्वव्यापी, शान्त, ज्ञानस्वरूप आत्मा परमेश्वर "म" (अन्तर –म) हो । "म" (आत्मा) भन्दा ठूलो तत्व कुनै छैन ।२०। यस जगत्मा अव्यक्त, व्योमरूप तथा महेश्वर स्वरूप म(आत्मा)बाहेक अन्य कुनै जड तथा चेतन(स्थावरजङ्गमात्मक) नित्य तत्व छैन । २१। अनन्त आत्मा उस (काल) लाई यस कार्यमा नियोजन गर्दछ भनी वेदहरू सिकाउँदछन् ।२३।

अध्याय ७ (परमेष्ठिको प्रभाव)– माया (प्रकृति)र मायाका कर्म, गुण आदि चौबीस तत्व (प्रकृति, बुद्धि, अहङ्कार, ११ इन्द्रियहरू, ५ तन्मात्रा, ५ महाभूत) पशुपति (परमेष्ठि महेश्वर) का पाशहरू हुन् र यी जीवरूपी पशुहरूलाई बाँध्ने क्लेश हुन् । २१। मन, बुद्धि, अहङ्कार तथा आकाश, वायु, अग्नि, जल, एवं पृथ्वी यी आठ प्रकृतिहरु हुन् । यी आठवटा र अन्य १५ तत्व– कान त्वचा, (छाला), आँखा, जिब्रो,नाक(५ ज्ञानेन्द्रिय)तथा मलद्वार, यौनेन्द्रिय, दुई हात, दुई पाउ तथा बोल्ने मुख (५ कर्मेन्द्रिय) र शब्द, स्पर्श, रूप, रस, एवं गन्ध (५ तन्मात्रा) समेत गरी तेइस तत्वहरू प्रकृतिबाट उत्पन्न हुनाले यी सबै विकार हुन्। २२, २३, २४। जगत्का परम कारण स्वरूप आदि मध्य तथा अन्त रहित (सत्वआदि) गुण–लक्षण भएका अव्यक्त प्रधान (मूल प्रकृति) चौबीसौं तत्व हो। २५। सत्व, रज तथा तम यी तीन गुणहरू छन् । यसको साम्य अवस्थालाई अव्यक्त प्रकृति (प्रधान) भनिन्छ । २६। सत्वगुणलाई ज्ञान स्वरूप, तमोगुणलाई अज्ञान स्वरूप तथा रजोगुणलाई मिश्रित (ज्ञान तथा अज्ञान दुवैले युक्त) स्वरूप भनिन्छ । बुद्धिको विषमताले गुणको पनि वैषम्य हुन्छ भनी विद्वानहरू भन्दछन् ।२७। अविद्या (अनित्यलाई नित्य, अशुद्धलाई शुद्ध, दुःखलाई सुख, र अनात्मलाई आत्म सम्झनु), अस्मिता (अहंभाव), राग, द्वेष तथा अभिनिवेश (मृत्युको भय) यी कुराहरू आत्मालाई बन्धन गर्ने पाश हुँदा यिनीहरूलाई क्लेश

भनिन्छ । २९। मायालाई यी पाशहरूको कारण भनिन्छ । यो मूल प्रकृतिस्वरूप अव्यक्त शक्ति (माया) म (परमात्मा) मा रहन्छ । त्यही मूल प्रकृति प्रधान तथा पुरुष हुन् । महत्तत्व आदि २३ तत्व विकार हुन् । देवाधिदेव (परमेश्वर) सनातन हुन् ।३१। उनी नै बन्धन, बन्धन गर्ने र उनी नै पाश तथा उनी नै पशु हुन्। उनी सबै जान्दछन् तर उनलाई जान्ने कोही छैन । उनैलाई आदि पुराण पुरुष भनिन्छ ।३२।

अध्याय ८– (माया)– महद्ब्रह्म मेरो योनि, त्यहाँ म मूलमाया (मूल प्रकृति) नामक गर्भ धारण गर्दछु । त्यसबाट यो जगत् उत्पन्न भएको हो ।३। उसैबाट प्रधान (अव्यक्त प्रकृति) पुरुष (जीवात्मा) महत्तत्व (महान) अहङ्कार तन्मात्राहरू, इन्द्रियहरू, महाभूतहरू उत्पन्न भए ।४। उसबाट करोडौं सूर्य समान प्रकाशमय अण्ड उत्पन्न भयो । सात सूक्ष्मतत्वहरू तथा षडंग (६ अङ्गका) महेश्वरलाई जानेर प्रधान विनियोग जान्ने व्यक्ति परब्रह्ममा पुग्दछ ।१२। विभुका सर्वज्ञता, तृप्ति, अनादिवोध, स्वतन्त्रता, नित्य अलुप्त शक्ति तथा अनन्त शक्तिलाई महेश्वरका षडंग (६ अङ्ग) भनी जानेर (परमगति प्राप्त गर्दछ)। १३। तन्मात्रा (ज्ञानेन्द्रियद्वारा हुने अनुभूति– रूप, रस, स्पर्श, गन्ध र शब्द), मन तथा आत्मा (जीवात्मा) यी सातलाई सूक्ष्म तत्व भनिन्छ । जो हेतुरूपी प्रकृति छ उही प्रधान हुन् । उसबाट हुने बन्धनलाई नै विनियोग भनिन्छ ।१४। प्रकृतिमा लीन रहने जुन शक्ति छ उसलाई वेदमा ब्रह्मयोनि तथा कारणस्वरूप भनिएको छ । एकमात्र आदि स्वरूप परमेष्ठि सत्यरूप महेश्वर नै उसका पुरुष हुन् । १५। उनै एक पुरुष ब्रह्मा, योगी, परमात्मा ,महीयान (महान), व्योमव्यापी, वेदद्वारा जान्न योग्य, पुराणपुरुष, अद्वितीय रुद्र, मृत्यु, अव्यक्त, एक (अद्वितीय) बीज तथा विश्वदेव हुन् ।१६। उसैलाई कोही एक तथा कोही अनेक भन्दछन् । अरू उसैलाई एकात्मा भन्दछन् । वेदज्ञहरू उस महादेवलाई सूक्ष्म (अणु) भन्दा पनि सूक्ष्म तथा महान् भन्दा पनि महान् भन्दछन् ।१७। जो गुहाशय श्रेष्ठ, पुराण पुरुष, विश्वरूप, हिरण्यमय, बुद्धिमानहरूका परम गति, प्रभुलाई यसरी जान्दछन् त्यो बुद्धिमान बुद्धिलाई पार गरेर रहन्छ ।१८

अध्याय ९– माया निमित्त मात्र त्यो पनि आत्मामा आश्रित छ ।२। आदि र अन्त नभएको शक्ति स्वरूपा माया अव्यक्त (ब्रह्म)मा आश्रित छ । त्यसैकारण अव्यक्तबाट यो संसार उत्पन्न भएको हो । ३। अव्यक्तलाई कारण भनिन्छ । माया आदि अनन्त तथा ध्रुवशक्तिहरू अव्यक्तमा स्थित छन् । त्यस आकाश (दिव्य तत्व)मा स्थित केवल अव्यक्त नित्य प्रकाशित हुन्छ ।७। जुन शक्तिहरूबाट स्वभा

वतः अभिन्न तत्व भिन्न स्वरूपले लक्षित हुन्छ तिनमा एक शक्तिद्वारा आदि एवं अन्तरहित मेरो शाश्वत सायुज्य प्राप्त हुन्छ ।८। (परम) पुरुषको एक शक्तिद्वारा भूतिको उत्पत्ति तथा दोस्रोबाट त्यसको लोप हुन्छ । आदि तथा मध्य रहित (पुरुष) अविद्याले युक्त हुन्छ ।९। जसलाई नपाउँदा मन सहित वाणी फर्केर आउँछ उस आनन्दस्वरूप ब्रह्मलाई जान्ने कहिं भयभीत हुँदैन ।१२। यो भन्दा श्रेष्ठ र भिन्न अरू केही छैन । दिवी (आकाश)मा स्थित जो सबै ज्योतिहरूमा पनि ज्योति (अद्वितीय प्रकाश) छ उसैलाई आत्मा मान्ने विद्वान आत्मामयी तथा ब्रह्मस्वरूप हुन्छ ।१४। धीरहरू (आत्मस्थ) विज्ञानमा ती प्रकाशशील विमल व्योमधामको दर्शन गर्दछन् जसको तेज हिरण्यमय परम आकास तत्व (आकाश स्वरूप द्युलोक)मा अतीव प्रकाशित हुन्छ ।१६। त्यसपछि आफूले आफूलाई (आफ्नो आत्मालाई) साक्षात्कार गरी, अनुभूति (अनुभव) गरी धीरहरू यही (आत्मतत्व) स्वयं प्रकाशमान, परमेस्ठि महान् ब्रह्मानन्द भगवान् ईश्वर हुन भनी अनुभूति गर्दछन् । ।१७। सबै प्राणीहरूका अन्तरात्मा स्वरूप एकै सर्वव्यापी देवता सबै प्राणीहरूमा लुकेको छ । जो धीरहरू एक मात्र उस(ईश्वर)लाई साक्षात्कार गर्दछन् उनीहरूलाई नै शाश्वत शान्ति हुन्छ, अरूलाई हुँदैन ।१८। ती भगवान् सर्वत्र मुख, शिर, भएका सबै प्राणीहरूका हृदयमा स्थित तथा सर्वव्यापी हुन्, उनी भन्दा भिन्न केही छैन । १९।

अध्याय १० (अलिङ्ग स्वरूप लिङ्ग)– अलिङ्ग (निराकार)स्वरूप अद्वितीय अव्यक्त लिङ्ग (सूक्ष्म तत्व)लाई ब्रह्म भनी निश्चित गरिएको छ । उनी स्वयम् ज्योति परमतत्व स्वरूप तथा परम आकाशमा व्यवस्थित छन् ।१। विद्वान (ज्ञानी) हरू ती परमपद अनुभूति गर्दछन् जो निर्गुण, शुद्ध विज्ञानस्वरूप अविनाशी तथा अव्यक्त कारण स्वरूप हुन् ।२। जसलाई श्रुतिमा "तल्लिङ्ग" अर्थात् ती परमात्माको चिह्न वा हेतु स्वरूप भनिएको छ ।३। वास्तवमा यस्तो कुनै ज्ञान पनि छैन जसबाट ती परमतत्वलाई जान्न सकियोस् ।४। विद्वानहरू मात्र यस उत्कृष्ट ज्ञान जान्दछन् । यस बाहेक सबै अज्ञान स्वरूप हुन् जसको कारण जगत् मायामय छ ।५। विद्वानहरू नित्यानन्द स्वरूप निर्विकल्प सत्यस्वरूप साक्षात् परमेश्वरलाई आफ्नो आत्माको रूपमा देख्दछन् ।६। आदि मध्य तथा अन्तले रहित अद्वितीय तत्व स्वरूप परम शिव हुन् । उनी (शिव) महादेव ईश्वर हुन् । उनलाई जान्नाले मुक्ति मिल्दछ ।१२। त्यहाँ (त्यस ज्ञानको अवस्थामा) सूर्य, चन्द्र, नक्षत्रगण, ताप, (अग्नि)तथा विजुलीहरूका प्रकाश हुँदैनन्, उसैको (शिव अर्थात् परम

ज्ञानको) प्रकाशले सबै नित्य प्रकाशित हुन्छ ।१३। जुन अति ठूलो शुद्धतत्व, निर्विकल्प, ज्ञान स्वरूप तथा सँधै उदय हुने प्रकाशित हुन्छ त्यसैमा ब्रह्म ज्ञानीहरू ती नित्य अचल तत्वको दर्शन गर्दछन्, उही ईश्वर हुन् ।१४। सबै वेदहरू पुरुष (ईश्वर)लाई नित्यानन्द स्वरूप अमृत, शुद्ध तथा सत्यरूप भन्दछन् । वेदहरूद्वारा अर्थको निश्चय गर्ने (विद्वानहरू) प्रणव (ॐ) द्वारा ईश्वरको ध्यान गर्दछन् ।१५। परम आकाशको मध्यमा भूमि, जल, मन, अग्नि, प्राण, वायु, आकाश, बुद्धि तथा अन्य चेतनहरू छैनन् । त्यहाँ केवल ईश्वर शिव नै प्रकाशित हुन्छन् ।१६ ।

अध्याय ११ (योग)– स्वस्तिकासन, पद्मासन वा अर्द्धासन बाँधेर नाकको अग्रभागमा अलिकति खुलेको दृष्टिलाई स्थिर गरी निर्भयतापूर्वक शान्त चित्तले मायामय जगत्‌लाई त्यागी आफ्नो आत्मामा स्थित देव परमेश्वरको चिन्तन गरून् । ५३–५४ । शिखाको अग्रभागमा बाह्र अंगुल जतिमा धर्म स्वरूप हिरण्यमय परमकोशको चिन्तन गरून् । ५५–५६। त्यसमा साक्षात् सर्व शक्तिमय, दिव्य, अव्यय, औंकारवाच्य, अव्यक्त, रश्मिजालले पूर्ण तथा अत्यन्त विमल अक्षर ज्योतिको चिन्तन गरून् । त्यस ज्योतिमा आफ्नो आत्माको अभेद भावना गरी आकाशको मध्यमा स्थित परम कारण स्वरूप परमेश्वरको ध्यान गरून् तथा तादात्म्य भावले सर्वव्यापी बनी अन्य कुनै वस्तुको चिन्तन नगरून् ।५७–५९। अग्नि तुल्य तेजस्वी कर्ता स्वरूप अग्निशिखाको आकाश भएका परम पुरुषात्मक (परमात्मास्वरूप) आत्माको चिन्तन गरून् । त्यसको मध्यमा परम आकाश हुनेछ । सो ॐकार बोध हुने शाश्वत तत्वलाई अच्युत शिव भनिन्छ । ६०–६२। यो अव्यक्त प्रकृतिमा लीन उत्कृष्ट ज्योति, परमतत्व, आत्माको आकार, निरञ्जन महेश्वरलाई तन्मयतापूर्वक नित्य ध्यान गरून् । अथवा प्रणव (ॐ)द्वारा समस्त तत्वलाई विशोधन गरी निर्मल परमपद स्वरूप म (आफू)मा आत्माको स्थापना गरून् । ६३–६४ । पशु–पाश (अर्थात् प्राणीको जन्म मरण स्वरूप सांसारिक कर्म बन्धन) बाट मुक्त हुने यो पाशुपत योग श्रुति अनुसार सबै वेदान्तको सारस्वरूप तथा सबै आश्रममा श्रेष्ठ हुन् ।६५। परम आनन्दमय, अद्वितीय, सत्, निरञ्जन (रङ्गरहित), ज्ञानात्मक, तथा सर्वव्यापी लिङ्ग योगीहरूको हृदयमा स्थिर रहन्छ ।९४। अरू नियमपूर्वक भक्ति गर्नेहरू विधि विधान अनुसार भावना गरी जहाँसुकै पनि महेश्वरको त्यस प्रतीकलाई पूजा गर्दछन् । ९५। जलमा, अग्निमा आकाशमा, सूर्यमा अथवा रत्न इत्यादि अन्य जहाँ पनि ईश्वरको प्रतिमामा ईश्वरको भावना गरी पूजा गर्नु पर्दछ ।९६। सम्पूर्ण जगत् लिङ्गमय (ईश्वरको प्रतीक स्वरूप) हुन् र सबै संसार लिङ्ग (ईश्वरीय तत्व) मा नै प्रतिष्ठित छ। त्यसकारण जहाँसुकै पनि ईश्वरको प्रतीक स्वरूप खडा गरिएको लिङ्गमा शाश्वत ईश्वरलाई आराधना गर्नु पर्दछ । ९७।

तीन दर्शनहरू– साङ्ख्य, योग र वेदान्त

परमात्मा शिव सम्बन्धी माथि उल्लेख गरिएका सूतजी, स्कन्दकुमार, गुरु ब्रह्मा, महात्मावायु, महात्मा उपमन्यु तथा भगवान् शङ्करका विभिन्न वर्णनहरूबाट परमात्मा शिवको विषयमा उहाँहरूले विभिन्न शैलीद्वारा बोध गराएको पाउदछौं । तीमध्ये कुनै स्पष्ट भाषाका छन् भने कुनै साङ्केतिक अथवा प्रतीकात्मक भाषाका छन् । प्रतीकात्मक भावमा व्यक्त गरिएका कुराहरू प्रणव, पञ्चब्रह्म, ईश्वर, माया, शक्ति, स्त्री-पुरुष रूप, पशुपति, अग्निसोमात्मक, वागर्थात्मक आदि विषय हुन् । यथार्थमा स्पष्ट भाषामा उल्लेख गरिएका वर्णनहरू तथा प्रतीकात्मक भाषाका वर्णनहरूको कुरा उही हुन् । केवल बताउने शैली फरक हुन् । प्रतीकात्मक शैली हुनाको कारण शायद पौराणिक समयका पुरुषहरू बढी भावुक, कलात्मक वा काव्यात्मक भएकोले हुनुपर्दछ। ती विभिन्न पुरुषहरूले बताएका कुराहरू पनि एक अर्कोसँग मिल्दाजुल्दा नै छन् तर सबैले सबैकुरा बताएका छैनन् । कसैले कुनै कसैले कुनै अंश तथा कसैले उही अंश पनि बताएका छन् । कसैले उही कुरा छोटकरीमा भनेका छन् भने कसैले बढाएर भनेका छन् । ती पुरुषहरूले स्पष्ट भाषामा उल्लेख गरेका कुराहरू बुझ्न सकेमा प्रतीकात्मक भावमा बताइएका वर्णनहरू बुझ्न पनि त्यति गाह्रो हुने छैन । अतः खुलस्त भाषामा व्यक्त गरिएका शिव सम्बन्धी ज्ञानका कुरा जानकारी हुनु उचित हुनेछ । यसको लागि प्रथमतः शिवको दर्शन सम्बन्धी जानकारी हुनु आवश्यक देखिन्छ । शिवदर्शन सम्बन्धी कुराहरू थाहा पाउन अन्य दर्शनहरू खासगरी साङ्ख्य दर्शन, योग दर्शन र वेदान्त दर्शनका कुराहरूको जानकारी हुनु पनि उत्तिकै आवश्यक हुन्छ । यी दर्शनहरूको पृष्ठभूमिमा शिवको धर्मदर्शन अध्ययन गर्दा धेरै सजिलो पर्ने देखिन्छ । हुन त शिव-दर्शन र यी ३ दर्शनहरूको बीचमा मतभेद नभएको होइन तथापि यी दर्शनहरूसँगको मतभेद र समानता दुवै कुराहरूको महत्व पनि देखिन्छ । अतः यी तीनवटा दर्शनहरू– साङ्ख्य, योग र वेदान्तका सारांश यहाँ प्रस्तुत गरिन्छ ।

साङ्ख्य दर्शनः–

व्यक्त, अव्यक्त र ज्ञ– महर्षि कपिलद्वारा प्रतिपादित साङ्ख्य दर्श
अनुसार प्राणीहरू दुःखत्रय (आत्मिक, भौतिक र दैविक दुःख) बाट पीडित छ
यसबाट मुक्त हुन व्यक्त अव्यक्त र ज्ञ को ज्ञान हुनुपर्दछ। यो दर्शन प्रधान (प्रकृति
कारणवादमा आधारित छ। अर्थात् जगत् उत्पत्तिको कारण प्रकृति हो।यस दर्शन
२५ तत्वको विवेचना हुन्छ जसमा २३ तत्व व्यक्त–अर्थात् अव्यक्त प्रकृतिबाट
तत्वहरू व्यक्त हुन्छन् जस्तै प्रधान (अव्यक्त प्रकृति) बाट महत् (बुद्धितत्व
महत्तत्वबाट अहंकार, अहंकारबाट ११ इन्द्रियहरू (५ कर्मेन्द्रियहरू– हात, पा
मुख, मलद्वार, मुत्रेन्द्रिय तथा ५ ज्ञानेन्द्रियहरू– आँखा, कान, जिब्रो, नाक, छा
अनि एक उभयेन्द्रिय मन) र ५ तन्मात्राहरू– (शब्द, स्पर्श, रूप, रस, गन्ध) त
तन्मात्राहरूबाट ५ महाभूतहरू (पृथ्वी, जल, तेज, वायु आकाश) उत्पन्न हुन्छन्;
तत्व अव्यक्त प्रधान (प्रकृति) र एक तत्व ज्ञ अर्थात् चेतन-पुरुष हुन्। जो कसैब
उत्पन्न हुँदैन त्यो अविकृति, जसबाट अरू उत्पन्न हुन्छन् त्यो प्रकृति तथा जो अरूब
उत्पन्न हुन्छन् ती विकृति हुन्। पुरुष कसैबाट उत्पन्न भएको होइन अतः यो अविकृ
हो। प्रधान (अव्यक्त प्रकृति) पनि अरूबाट उत्पन्न भएको होइन अतः यो प
अविकृति हो तर यसबाट अरू उत्पन्न पनि हुन्छन् अर्थात् यसबाट २३ तत्व व
हुन्छन् अतः यो प्रकृति पनि हो। ७ तत्वहरू महत्, अहंकार र ५ तन्मात्राहरू (श
स्पर्श, रूप, रस, गन्ध) अरूलाई उत्पन्न गर्दछन् साथै आफू पनि अरूबाट उत
हुन्छन्। अतः यिनीहरू प्रकृति पनि हुन् विकृति पनि हुन्। जस्तै महत्‌बाट अहंक
अहंकारबाट इन्द्रियहरू र तन्मात्राहरू तथा तन्मात्राहरूबाट महाभूतहरू उत
हुनाले यिनीहरू प्रकृति हुन् भने महत् स्वयं प्रधानबाट, अहंकार महत्‌बाट त
तन्मात्रा अहंकारबाट उत्पन्न हुने हुनाले यिनीहरू विकृति पनि हुन्। बा
१६ तत्वहरू ५ कर्मेन्द्रियहरू ५ ज्ञानेन्द्रियहरू, १ मन र ५ महाभूतहरू अरू
उत्पन्न मात्र हुन्छन् तर यिनीहरूबाट अरू उत्पन्न हुँदैनन्। त्यसकारण यिनी
विकृति मात्र हुन्। जस्तै ११ इन्द्रियहरू अहंकारबाट तथा ५ महाभूतहरू तन्म
हरूबाट उत्पन्न हुन्छन्। अतः २५ तत्वहरूमध्ये पुरुष र प्रकृति नै मुख्य तत्व हु

कार्यकारण तथा सत्कार्यवाद– अर्को कुरा प्रत्येक कार्य आफ्नो कार
पहिले नै विद्यमान रहेको हुन्छ। कारणावस्थामा रहँदा यो अव्यक्त हुन्छ भने
अवस्थामा व्यक्त हुन जान्छ। जस्तो तिलमा तेल विद्यमान हुनु कारण वा अ
अवस्था हो भने तिल पेलेपछि तेल निस्कनु व्यक्त वा कार्य अवस्था हो। त

अव्यक्त प्रधान (प्रकृति) बाट महत् आदि २३ तत्वहरू व्यक्त हुनु यी महदादि कार्य पहिले नै आफ्नो कारण प्रधानमा अव्यक्त रूपमा सत् (विद्यमान) भएकोले हो। अतः कारण प्रकृति र कार्य जगत् दुबै सत् हुन्।

व्यक्त र अव्यक्तमा हुने त्रिगुणको स्वरूप– सत्व, रज, तम यी तीन गुणहरूको साम्य अवस्था नै प्रकृति (प्रधान) हो। प्रकृति जब साम्य अवस्थाबाट त्रिगुणात्मक हुन्छ तब अव्यक्त प्रकृतिबाट कार्य व्यक्त हुन जान्छ। सृष्टिको पूर्व सारा कार्य जगत् यसै कारणरूपी प्रकृतिमा अव्यक्त रूपमा रहन्छ। यसरी त्रिगुणको साम्य अवस्थामा रहने अथवा अव्यक्त रूपमा रहने प्रकृतिलाई नै प्रधान प्रकृति भनिन्छ। प्रकृतिको साम्य अवस्था असाम्य हुने अथवा त्रिगुणात्मक हुने वा अव्यक्त अवस्था व्यक्तमा परिणत हुने कारण पुरुष (चेतन) को ती साम्य अवस्था स्वरूप प्रकृतिमा संयोग हुन जानाले हो। पुरुषको प्रकृतिसँग संयोग हुने कारण पुरुषले प्रकृतिसँग आत्मीयता राख्नाले हो। अर्को शब्दमा चेतन पुरुषको दर्शनशक्ति र जड प्रकृतिको क्रियाशक्ति बीच एकता हुनु हो। अर्थात् पुरुषले प्रकृतिसँग आत्मीयता राखेर महत्‌देखि महाभूत पर्यन्त कार्यजातको लागि हेर्दछ। त्यही दर्शनको लागि पुरुषको प्रकृतिसँग संयोग हुन्छ। यसै संयोगबाट सृष्टिको क्रम उत्पन्न हुन्छ।

सृष्टिको क्रम– सर्वप्रथम प्रकृतिको सत्वगुणको परिणामबाट महत् तत्व (बुद्धितत्व) उत्पन्न हुन्छ। अनि महत्‌मा स्थित रजोगुणबाट अहङ्कार (म र मेरो भन्ने भाव) उत्पन्न हुन्छ। अहङ्कार ३ प्रकारका छन्– वैकृत (सात्विक), भूतादि (तामस) र तैजस (राजस)। सात्विक अहंकारबाट ११ इन्द्रियहरू (५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय र मन) तथा तामस अहंकारबाट ५ तन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) र राजस अहंकारबाट दुवै (११ इन्द्रियहरू र ५ तन्मात्राहरू) प्रवृत्त हुन्छन्। अनि तन्मात्रामा परिणाम भएबाट पञ्चमहाभूत उत्पन्न हुन्छन्।

लिङ्ग शरीर– बुद्धि, अहङ्कार, मन, ५ तन्मात्रा, ५ ज्ञानेन्द्रिय र ५ कर्मेन्द्रिय यी १८ तत्वहरू मिलेर लिङ्ग (सूक्ष्म) शरीर बन्दछ जुन पाञ्चभौतिक स्थूल शरीरमा आश्रित रहन्छ। सूक्ष्म शरीरको नाश हुँदैन। यो पहिलेको पाञ्चभौतिक स्थूल शरीर छोडेर फेरि नयाँ नयाँ स्थूल शरीरमा प्रवेश हुँदै जान्छ, कहिले मानिस, कहिले घोडा, कहिले हात्ती आदि। अर्थात् मरेपछि सूक्ष्म शरीर अष्ट प्रकृति (मन, बुद्धि, अहङ्कार र ५ तन्मात्रा– शब्द, स्पर्श, रूप, रस, गन्ध) मा लीन भै बराबर जन्ममरण ग्रहण गर्दछ। यथार्थमा यो सूक्ष्म शरीर पुरुषको भोग वा मुक्तिको लागि प्रवृत्त हुन्छ। जबसम्म लिङ्ग शरीर स्थूल शरीरमा प्रवेश गर्दै रहन्छ तबसम्म दुःखत्रय घटिरहन्छ पुरुषलाई जन्ममरणको दुःखबाट मोक्ष हुन सो सूक्ष्म शरीर स्थूल शरीरमा व्यक्त

साङख्य दर्शनः—

व्यक्त, अव्यक्त र ज्ञ— महर्षि कपिलद्वारा प्रतिपादित साङख्य दर्शन अनुसार प्राणीहरू दुःखत्रय (आत्मिक, भौतिक र दैविक दुःख) बाट पीडित छन्, यसबाट मुक्त हुन व्यक्त अव्यक्त र ज्ञ को ज्ञान हुनुपर्दछ। यो दर्शन प्रधान (प्रकृति) कारणवादमा आधारित छ। अर्थात् जगत् उत्पत्तिको कारण प्रकृति हो। यस दर्शनमा २५ तत्वको विवेचना हुन्छ जसमा २३ तत्व व्यक्त—अर्थात् अव्यक्त प्रकृतिबाट २३ तत्वहरू व्यक्त हुन्छन् जस्तै प्रधान (अव्यक्त प्रकृति) बाट महत् (बुद्धितत्व), महत्तत्वबाट अहंकार, अहंकारबाट ११ इन्द्रियहरू (५ कर्मेन्द्रियहरू— हात, पाउ, मुख, मलद्वार, मुत्रेन्द्रिय तथा ५ ज्ञानेन्द्रियहरू— आँखा, कान, जिब्रो, नाक, छाला अनि एक उभयेन्द्रिय मन) र ५ तन्मात्राहरू— (शब्द, स्पर्श, रूप, रस, गन्ध) तथा तन्मात्राहरूबाट ५ महाभूतहरू (पृथ्वी, जल, तेज, वायु आकाश) उत्पन्न हुन्छन्; एक तत्व अव्यक्त प्रधान (प्रकृति) र एक तत्व ज्ञ अर्थात् चेतन-पुरुष हुन्। जो कसैबाट उत्पन्न हुँदैन त्यो अविकृति, जसबाट अरू उत्पन्न हुन्छन् त्यो प्रकृति तथा जो अरूबाट उत्पन्न हुन्छन् ती विकृति हुन्। पुरुष कसैबाट उत्पन्न भएको होइन अतः यो अविकृति हो। प्रधान (अव्यक्त प्रकृति) पनि अरूबाट उत्पन्न भएको होइन अतः यो पनि अविकृति हो तर यसबाट अरू उत्पन्न पनि हुन्छन् अर्थात् यसबाट २३ तत्व व्यक्त हुन्छन् अतः यो प्रकृति पनि हो। ७ तत्वहरू महत्, अहंकार र ५ तन्मात्राहरू (शब्द, स्पर्श, रूप, रस, गन्ध) अरूलाई उत्पन्न गर्दछन् साथै आफू पनि अरूबाट उत्पन्न हुन्छन्। अतः यिनीहरू प्रकृति पनि हुन् विकृति पनि हुन्। जस्तै महत्बाट अहंकार अहंकारबाट इन्द्रियहरू र तन्मात्राहरू तथा तन्मात्राहरूबाट महाभूतहरू उत्पन्न हुनाले यिनीहरू प्रकृति हुन् भने महत् स्वयं प्रधानबाट, अहंकार महत्बाट तथा तन्मात्रा अहंकारबाट उत्पन्न हुने हुनाले यिनीहरू विकृति पनि हुन्। बाँकी १६ तत्वहरू ५ कर्मेन्द्रियहरू ५ ज्ञानेन्द्रियहरू, १ मन र ५ महाभूतहरू अरूबाट उत्पन्न मात्र हुन्छन् तर यिनीहरूबाट अरू उत्पन्न हुँदैनन्। त्यसकारण यिनीहरू विकृति मात्र हुन्। जस्तै ११ इन्द्रियहरू अहंकारबाट तथा ५ महाभूतहरू तन्मात्राहरूबाट उत्पन्न हुन्छन्। अतः २५ तत्वहरूमध्ये पुरुष र प्रकृति नै मुख्य तत्व हुन्।

कार्यकारण तथा सत्कार्यवाद— अर्को कुरा प्रत्येक कार्य आफ्नो कारणमा पहिले नै विद्यमान रहेको हुन्छ। कारणावस्थामा रहँदा यो अव्यक्त हुन्छ भने कार्य अवस्थामा व्यक्त हुन जान्छ। जस्तो तिलमा तेल विद्यमान हुनु कारण वा अव्यक्त अवस्था हो भने तिल पेलेपछि तेल निस्कनु व्यक्त वा कार्य अवस्था हो। त्यस

अव्यक्त प्रधान (प्रकृति) बाट महत् आदि २३ तत्वहरू व्यक्त हुनु यी महदादि कार्य पहिले नै आफ्नो कारण प्रधानमा अव्यक्त रूपमा सत् (विद्यमान) भएकोले हो । अतः कारण प्रकृति र कार्य जगत् दुबै सत् हुन् ।

व्यक्त र अव्यक्तमा हुने त्रिगुणको स्वरूप– सत्व, रज, तम यी तीन गुणहरूको साम्य अवस्था नै प्रकृति (प्रधान) हो । प्रकृति जब साम्य अवस्थाबाट त्रिगुणात्मक हुन्छ तब अव्यक्त प्रकृतिबाट कार्य व्यक्त हुन जान्छ । सृष्टिको पूर्व सारा कार्य जगत् यसै कारणरूपी प्रकृतिमा अव्यक्त रूपमा रहन्छ । यसरी त्रिगुणको साम्य अवस्थामा रहने अथवा अव्यक्त रूपमा रहने प्रकृतिलाई नै प्रधान प्रकृति भनिन्छ । प्रकृतिको साम्य अवस्था असाम्य हुने अथवा त्रिगुणात्मक हुने वा अव्यक्त अवस्था व्यक्तमा परिणत हुने कारण पुरुष (चेतन) को ती साम्य अवस्था स्वरूप प्रकृतिमा संयोग हुन जानाले हो । पुरुषको प्रकृतिसँग संयोग हुने कारण पुरुषले प्रकृतिसँग आत्मीयता राख्नाले हो । अर्को शब्दमा चेतन पुरुषको दर्शनशक्ति र जड प्रकृतिको क्रियाशक्ति बीच एकता हुनु हो । अर्थात् पुरुषले प्रकृतिसँग आत्मीयता राखेर महत्‌देखि महाभूत पर्यन्त कार्यजातको लागि हेर्दछ । त्यही दर्शनको लागि पुरुषको प्रकृतिसँग संयोग हुन्छ । यसै संयोगबाट सृष्टिको क्रम उत्पन्न हुन्छ ।

सृष्टिको क्रम– सर्वप्रथम प्रकृतिको सत्वगुणको परिणामबाट महत् तत्व (बुद्धितत्व) उत्पन्न हुन्छ । अनि महत्‌मा स्थित रजोगुणबाट अहङ्कार (म र मेरो भन्ने भाव) उत्पन्न हुन्छ । अहङ्कार ३ प्रकारका छन्– वैकृत (सात्विक), भूतादि (तामस) र तैजस (राजस) । सात्विक अहंकारबाट ११ इन्द्रियहरू (५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय र मन) तथा तामस अहंकारबाट ५ तन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध) र राजस अहंकारबाट दुवै (११ इन्द्रियहरू र ५ तन्मात्राहरू) प्रवृत्त हुन्छन् । अनि तन्मात्रामा परिणाम भएबाट पञ्चमहाभूत उत्पन्न हुन्छन् ।

लिङ्ग शरीर– बुद्धि, अहङ्कार, मन, ५ तन्मात्रा, ५ ज्ञानेन्द्रिय र ५ कर्मेन्द्रिय यी १८ तत्वहरू मिलेर लिङ्ग (सूक्ष्म) शरीर बन्दछ जुन पाञ्चभौतिक स्थूल शरीरमा आश्रित रहन्छ । सूक्ष्म शरीरको नाश हुँदैन । यो पहिलेको पाञ्चभौतिक स्थूल शरीर छोडेर फेरि नयाँ नयाँ स्थूल शरीरमा प्रवेश हुँदै जान्छ, कहिले मानिस, कहिले घोडा, कहिले हात्ती आदि । अर्थात् मरेपछि सूक्ष्म शरीर अष्ट प्रकृति (मन, बुद्धि, अहङ्कार र ५ तन्मात्रा– शब्द, स्पर्श, रूप, रस, गन्ध) मा लीन भै बराबर जन्ममरण ग्रहण गर्दछ। यथार्थमा यो सूक्ष्म शरीर पुरुषको भोग वा मुक्तिको लागि प्रवृत्त हुन्छ । जबसम्म लिङ्ग शरीर स्थूल शरीरमा प्रवेश गर्दै रहन्छ तबसम्म दुःखत्रय घटिरहन्छ पुरुषलाई जन्ममरणको दुःखबाट मोक्ष हुन सो सूक्ष्म शरीर स्थूल शरीरमा व्यक्त

हुन निवृत्त हुनुपर्दछ। यो कुरा २५ तत्वको ज्ञानले मात्र सम्भव हुन्छ। २५ तत्वको ज्ञानद्वारा पुरुष अनुभव गर्दछ कि म त केवल चेतन हुँ, प्रकृतिसित तादात्म्य राख्नाले स्वयं प्रकृति जस्तै भएर भोग गरिरहेछु। यसरी जब पुरुष द्रष्टा बन्दछ र आफूलाई प्रकृतिबाट अलग्ग पाउँछ प्रकृति पनि पुरुषबाट निवृत्त हुन्छ।

यथार्थमा व्यवहारले मात्र पुरुष जन्ममरणको संसरण, बद्ध वा मुक्त प्रतीत हुने हो। पुरुष वास्तवमा शुद्ध रूप हो। प्रकृति नै विभिन्न रूपले संसरण, बद्ध वा मुक्त हुने हो किनभने प्रकृति नै विभिन्न योनिको आश्रय लिएर बुद्धि, अहंकार तन्मात्रा, इन्द्रिय, पञ्चमहाभूत स्वरूपले बद्ध हुन्छ, मुक्त हुन्छ वा संसार आवागमन गर्दछ। अतः पुरुष बुद्धि आदि प्रकृतिका कुराहरूबाट अलग भन्ने ज्ञान भएपछि पुरुषको वास्तविक रूप शुद्ध, मुक्त स्वरूप मात्र हो भन्ने स्वतः बुझिन्छ। जसरी गाईको बच्चाको पोषणको लागि गाईको थुनबाट दूध (जड पदार्थ) स्वयं प्रवृत्त भएर आउँछ। तर बच्चा ठूलो भएर वास्ता नगरेपछि सो दूध स्वयं निवृत्त भएर जान्छ। त्यस्तै पहिले प्रकृति पुरुषमा प्रवृत्त भए पनि जब पुरुषले आफ्नो शुद्ध स्वरूप थाहा पाउँछ तब प्रकृति पनि आफै पुरुषबाट निवृत्त हुन्छ। यथार्थमा उत्पन्न गर्ने (कर्ता), उत्पन्न (भोग्य कुरा) र उत्पन्नलाई भोगगर्ने (भोक्ता) सबै स्वयं प्रकृति हुन्। स्वयं प्रकृतिसँग संयोग भएकोले अर्थात् शरीर र अहंसँग तादात्म्य हुनाले नै पुरुषले भोग गरेको प्रतीत भएको हो। प्रकृतिसँग तादात्म्य (आत्मीयता) नराखेमा पुरुष मुक्त, कैवल्य अर्थात् केवल हुँ को स्थितिमा रहनेछ। यसरी तत्वज्ञान उदय भएपछि पुरुष भोक्ता नभै द्रष्टा बन्दछ र प्रकृतिलाई उपेक्षा गर्दछ। अनि पुरुषद्वारा उपेक्षित प्रकृति पनि पुरुषार्थ अर्थात् पुरुषको लागि गरिएको आफ्नो कार्य समाप्त गरी शान्तपूर्वक निष्क्रिय हुनेछ।

यसप्रकार पुरुषले अनुभव गर्दछ कि नास्मि– म होइन अर्थात् यो शरीर जसलाई म आफू ठान्दछु त्यो म होइन, न मे–मेरो होइन अर्थात् यो भोग्य शरीर मेरो होइन, त्यस्तै न अहम्– म अहम् पनि होइन अर्थात् जुन म म भनेर हिंड्छु त्यो म (अहम्) पनि म होइन। यो शरीर त प्रकृतिका विकृति अथवा पञ्चमहाभूत-हरूको स्थूल शरीर जसमा बुद्धि, अहंकार, मन तथा ५ तन्मात्राहरू (शब्द, स्पर्श, रूप, रस, गन्ध) का समूहरुपी सूक्ष्म शरीर लीन भएको मात्र हो। म न कर्ता हुँ, न भोक्ता हुँ, म त केवल ज्ञ (चेतन) हुँ। यसरी उपरोक्त विवरण अनुसार साङ्ख्य दर्शनको सिद्धान्त पुरुष र प्रकृतिको संयोगले जगत् सृष्टि भएको भन्ने बताउँछ। खास गरी उत्पन्न गर्ने, उत्पन्न र उत्पन्नलाई भोग गर्ने सबै प्रकृति स्वयं हुन् भनिएकोले यो दर्शनले प्रकृति नै जगत्को कारण तथा प्रकृति नै जगत्को आत्मा हुन् भन्ने

दर्शाउन खोजेको देखिन्छ। तथापि पुरुष (चेतन) शुद्धरूप तथा द्रष्टा हुन् भन्ने देखाइएकोले प्राणीको आत्मा पुरुष हुन् भन्ने पनि झल्किन्छ। फेरि अर्कोतिर नास्मि, न मे, न अहम् भनिएकोले म र मेरो भन्ने कुरा नै छैन भन्ने पनि अर्थ लगाइन्छ। तर अर्कोतिर चेतन पुरुष नै शरीरसञ्चालित हुन प्रवृत्त गर्ने र जस्तो सबै जड वस्तु कसैको भोगको वा उपयोगको लागि हुन्छ त्यस्तै प्रकृतिको समूह स्वरूप महत्‌देखि पञ्च महाभूतसम्मले बनेको शरीर उपयोग गर्ने वा भोग गर्ने पनि कोही हुनु पर्दछ। सो भोग गर्ने र सो भोगबाट मुक्त हुने पुरुष नै हुन् भन्नाले पुरुषलाई यहाँ प्राणीको आत्माको रूपमा संकेत गरेको पनि देखिन्छ। वास्तवमा साङ्ख्य दर्शनले ईश्वर र आत्माको परिकलपना तथा यसको विशेष चर्चा गरेको देखिंदैन। केवल प्रकृतिको नै महत्व देखाएको मात्र पर्दछ।

योग दर्शनः–

योग दर्शनका प्रणेता महर्षि पतञ्जलि हुन्। योग दर्शनको तात्विक मान्यता प्रायः साङ्ख्य दर्शनसँग मिल्दोजुल्दो छ। योग दर्शनमा २६ तत्व मानिएका छन् जसमा साङ्ख्यको २५ तत्व अर्थात् पुरुष,प्रकृति, महत्तत्त्व, अहंतत्व,पञ्चतन्मात्रा (शब्द, स्पर्श, रूप, रस, गन्ध), मन, १० इन्द्रियहरू र पञ्चमहाभूत स्वीकारिएका छन् र एक तत्व बढी उल्लेख गरिएको छ त्यो हो ईश्वर अथवा पुरुष विशेष ईश्वर। साङ्ख्यशास्त्र अनुसार२५औं तत्व पुरुषमा क्लेश, कर्म, कर्मफल र संस्कारको सम्बन्ध हुन्छ जसबाट पुरुष भोग गर्ने हुन्छ। योग दर्शन अनुसार २६औं तत्व पु षविशेष ईश्वर हुन् जो क्लेश, कर्म, कर्मविपाक र संस्कारबाट रहित हुन्छ। ती ईश्वरको भोग हुँदैन। साङ्ख्यको मत अनुसार २५ तत्वको ज्ञान भएमा पुरुष र प्रकृति अलग भई मोक्ष हुन्छ। तर योग दर्शनमा योगाभ्यासद्वारा मात्र प्रकृति – पुरुषलाई अलग अलग देख्न सकिने हुन्छ।

चित्तवृत्ति– चित्तका वृत्तिहरूको निरोध (रोकिनु) योगको लक्षण हो। चित्त-वृत्तिको निरोध अवस्थामा द्रष्टा (पुरुष) आफ्नो स्वरूपमा स्थित हुन्छ। निरोध नहुँदाको अवस्थामा भने ऊ वृत्तिकै सदृश हुन्छ। चित्तवृत्ति-निरोध अभ्यास(साधना) र वैराग्यबाट हुन्छ । वैराग्य प्राप्त भए पछि चित्त संसारका पदार्थतर्फ जाँदैन जसबाट चित्तवृत्तिको अभाव हुन्छ। यसबाट द्रष्टा आफ्नो स्वरूपमा स्थित हुन्छ। यसको अतिरिक्त ईश्वरप्रणिधानद्वारा पनि चित्तवृत्ति निरोध हुन सक्तछ। क्लेश,

कर्म, विपाक (फल) र आशय (इच्छा) सँग सम्बन्धित नहुने जो पुरुष विशेष हुन् उही ईश्वर हुन् । तिनमा सर्वज्ञताको वीज (ज्ञान) अधिकतम हुन्छ । ती ईश्वर कालद्वारा अवच्छिन्न नहुने भएबाट तिनी पूर्वजहरूका पनि गुरु हुन् । अर्थात् जगत्का सारा कुरा काल(समय)द्वारा नाश हुन्छन् तर ईश्वर अविनाशी भएकाले ती नै सबैका आत्मा हुन् । तिनको वाचक नाम प्रणव (ॐ) हो । त्यस ॐको जप तथा त्यसको अर्थलाई चिन्तन गर्नुपर्दछ । (ॐको अर्थ अ उ म विन्दु नाद– अर्थात् सृष्टि स्थिति लय तिरोभाव र अनुग्रह हुन् । जगत्मा प्रत्येक कुरा उत्पन्न हुन्छ, उत्पन्न भएर जीवित रहन्छ, त्यसपछि नाश भएर जान्छ र अन्त्यमा विलाएर जान्छ। यो व्यवस्था परमात्माको अनुग्रह हो ।)यस साधनाबाट पनि चित्तवृत्तिको अभाव भई अन्तरात्मा को स्वरूप ज्ञान हुन्छ । अर्थात् अन्तर पुरुष नै आत्मा (ईश्वर) हुन् भन्ने ज्ञान हुन्छ ।

साधनाको लागि प्रथमतः चित्त स्वच्छ हुनुपर्दछ । सुख दुःख, पुण्य र अपुण्य (पाप) विषयहरूलाई क्रमैसँग मैत्री, करूणा, मुदिता, (प्रसन्नता) र उपेक्षा (वेवास्ता) को भाव राखेमा चित्त स्वच्छ हुन्छ । स्वच्छ चित्तले वीतराग (वैराग) विषयमा अथवा स्वप्न र निद्राको ज्ञान अवलम्बन गरेमा अथवा आपनो मत (रूचि) अनुसार ध्यान गरेमा पनि चित्त स्थिर हुन्छ । चित्त स्थिर हुने अवस्था पुगेपछि परमाणुदेखि परम महत्तत्व (सूक्ष्मदेखि अति स्थूल पदार्थ) सम्म वशीकृत हुन्छ र साधकले त्यस बखत ग्रहिता (बुद्धिरूप पुरुष), ग्रहण (सूक्ष्म अन्तकरण र इन्द्रिय-हरू) तथा ग्राह्य (स्थूल पञ्चभूत) का विषयहरूमध्ये कुनैलाई ध्येय बनाई चित्त लगाए पनि स्वचित्त त्यस ध्येय वस्तुमा स्थित भै तदाकार हुन्छ । यसलाई समापत्ति (सम्प्रज्ञात समाधि)भनिन्छ जुन स्थूल विषयमा भए सवितर्क र निर्वितर्क तथा सूक्ष्म विषयमा भए सविचार वा निर्विचार समाधि हुन्छ । पुरुष प्रकृति भन्दा सूक्ष्म छ तर पुरुष प्रकृति जस्तो जड पदार्थ होइन अतः पुरुष विषयको समाधि स्थूल वा सूक्ष्म प्रकृति पर्यन्तमा आउँदैन । तथापि निर्विचार समाधि पुरुषमा पनि गर्न सकिन्छ । यी माथिका सबै सबीज समाधि हुन् किनभने यिनीहरूमा बीजरूपले कुनै न कुनै ध्येय पदार्थको विषयमा चित्तवृत्तिको अस्तित्व रहेको हुन्छ । चित्तवृत्तिहरूको पूर्ण निरोध नभइकन समाधिवाट पुरुषलाई कैवल्य अवस्था प्राप्त हुँदैन । तर निर्विचार समाधि अति निर्मल हुनाले चित्त स्थिति परिपक्व भई योगीको प्रज्ञा ऋतम्भरा (बस्तुको सत्य स्वरूप ग्रहण गर्ने) हुन्छ । यसबाट योगी शीघ्र मुक्तावस्थाको नजीक पुग्दछ । यस ऋतम्भरा प्रज्ञाले उत्पन्न संस्कारको स्थितिको पनि निरोध भएपछि सबै कुराको स्वतः निरोध हुन जान्छ । यस अवस्थालाई (असम्प्रज्ञात योगको स्थितिलाई) निर्बीज समाधि अर्थात् कैवल्य अवस्था भनिन्छ ।

तप स्वाध्याय र ईश्वर प्रणिधान यी तीनै क्रियायोग हुन्। यो क्रियायोग समाधि भावनाको लागि तथा क्लेशहरू क्षीण गर्नको लागि गरिन्छ। अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश यी ५ वटा क्लेशहरू हुन्। अनित्य शरीरलाई नित्य जस्तो सम्झनु, भित्र फोहर थुप्रिएको शरीरलाई शुद्ध सम्झनु, दुःखरूपी शरीरको भोगलाई सुख सम्झनु र चेतन पुरुषको विचार नगरी जड शरीरलाई आत्मा (आफू) सम्झनु सबै अविद्या हो। दृक् शक्ति र दर्शन शक्तिको एकात्मता हुनु नै अस्मिता हो। दृक् शक्ति (द्रष्टा) पुरुष भएकाले चेतन हो तर दर्शन शक्ति (बुद्धि) भएकोले जड हो। यी दुई चेतन र जडको एकात्मता हुनै सक्तैन। तर अविद्याको कारण एकात्मता भएको भान हुन्छ। यसैलाई द्रष्टा (पुरुष) र दृश्य (प्रकृति) को संयोग भनिन्छ। कुनै कुरामा सुखको अनुशयी (प्रतीति) हुनु राग हो भने दुःखको प्रतीति हुनु द्वेष हो। अभिनिवेश मरण भय सम्बन्धी गहिरो क्लेश हो जुन विद्वान्हरूमा समेत विद्यमान छ। यी क्लेशहरूले गर्दा प्राणी संसारमा दुःख कष्ट जन्म मरण प्राप्त गर्दछन्। यी क्लेशहरूलाई क्रिया योग (तप, स्वाध्याय र ईश्वर प्रणिधान)द्वारा सूक्ष्म गर्न सकिन्छ भने ती सूक्ष्म अवस्था प्राप्त क्लेश पनि चित्तलाई आफ्नो कारणमा विलीन गर्ने साधना अर्थात् द्रष्टा र दृश्यको संयोगको अभाव हुन जाने निर्बीज समाधिद्वारा पूर्णतः नाश हुन्छ। खासगरी क्लेशका स्थूल वृत्तिहरू ध्यानद्वारा नाश गर्नु योग्य छ। ध्यानद्वारा क्लेशका वृत्तिहरू सूक्ष्म हुन्छन् जसबाट निर्बीज समाधि सजिलो हुनेछ। त्यसपछि निर्बीज समाधिद्वारा क्लेशको अभाव आफैं भएर जान्छ। क्लेशमूलक कर्म संस्कार वर्तमान र पुनर्जन्म दुवैमा भोग्नु पर्दछ। क्लेशको मूल (जरा) विद्यमान हुन्जेल त्यसको विपाक (परिणाम) रही रहन्छ र जन्म, आयु र भोग कार्य भइरहन्छ।

हेय, हेतु, हान र हानोपाय– दुःख हेय (नाशयोग्य) हो। दुःख आउनुको हेतु हुन्छ। त्यो हो द्रष्टा र दृश्यको संयोग अतः यो हेतु अर्थात् चेतन पुरुष र जड प्रकृतिको संयोग नै हेय (नाशयोग्य) हो। द्रष्टा र दृश्यको सम्बन्ध अभाव हुनु (हट्नु) हान हो र अविद्या आदि क्लेश हटाउनु हानोपाय हो। भूत र इन्द्रिय स्वरूप (पञ्चमहाभूत, पञ्चतन्मात्रा, पञ्चकर्मेन्द्रिय, पञ्चज्ञानेन्द्रिय) तथा मन, बुद्धि अहंकार यी २३ तत्व (प्रकृतिका कार्यहरू) सबै दृश्य हुन्। पुरुष केवल चेतन र सर्वथा शुद्ध (निर्विकार) भए पनि बुद्धि (प्रकृति) को सम्बन्धले गर्दा बुद्धि–वृत्ति अनुरूप हेर्ने गर्दछ। यसैले यसलाई द्रष्टा भनिएको हो। जब चेतनले दृश्य अर्थात् प्रकृतिसँग सम्बन्ध राख्दैन तब यो द्रष्टा नभई केवल चेतन रहन्छ। दृश्यको स्वरूप तिनै द्रष्टा अर्थात् पुरुषको प्रयोजन सिद्ध गर्नको लागि नै हो। पुरुष या त दृश्य

देखेर भोग गर्दछ या त यसबाट आफ्नै स्वरूप देखेर मुक्त हुन्छ । पुरुष कृतार्थ भएमा (मुक्त भएमा) त्यसको लागि प्रकृति नाश हुन्छ । स्व–स्वामि (पुरुष) र शक्ति (प्रकृति) यी दुईका आपसी स्वरूपको उपलब्धि हुने कारण नै संयोग हो र त्यस संयोगको पनि हेतु हो अविद्या आदि क्लेशहरू । अतः दुःखको हेतु स्वरूप द्रष्टादृश्य संयोग र यसको पनि हेतु अविद्या आदिको अभाव हुन यही हान हो । अविप्लव (निश्चल) विवेकख्याति हानोपाय हो । प्रकृति र पुरुष अलग हुन् भनी यथार्थ ज्ञान हुनुलाई विवेकख्याति भनिन्छ । यस्तो अविप्लव ज्ञान नै सबै दुःख अभाव हुने मुक्तिको उपाय हो ।

अष्टाङ्ग योगः– योगका अङ्गहरूको अनुष्ठान गरेमा अशुद्धि क्षय भै ज्ञानको बत्ती विवेकख्याति प्राप्त हुन्छ अर्थात् आत्मा (आफू) भन्ने कुरा शरीर, इन्द्रिय, मन, बुद्धि, अहङ्कारबाट भिन्न छ भन्ने ज्ञान हुन्छ । योगका आठ अङ्गहरू हुन्छन्- यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा ध्यान र समाधि । अहिंसा, सत्य, अस्तेय (चोरी नगर्नु) ब्रह्मचर्य र अपरिग्रह (आवश्यकताभन्दा बढी धन नथुपार्नु) यी ५ वटा यम हुन् । शौच (शरीर, वस्त्र, आहार शुद्ध राख्नु), सन्तोष, तप (धर्मपालन गर्दा शारीरिक वा मानसिक कष्ट सहनु), स्वाध्याय (आफैले ज्ञानको अध्ययन गर्नु) र ईश्वर प्रणिधान (ईश्वर भक्ति) यी ५ वटा नियम हुन् । स्थिर सुख (जसरी सजिलो पर्छ त्यसरी निश्चल भई बस्नु) आसन हो । अनन्त (परमात्मा) मा मन लगाएर आसन सिद्ध हुन्छ । आसन सिद्ध भएपछि श्वास प्रश्वासको गति विच्छेद हुनु प्राणायाम हो । श्वासलाई नाकबाट जतिसक्यो बाहिर निकालेर रोक्नु बाह्यवृत्ति (रेचक), जतिसक्यो भित्र तानेर रोक्नु आभ्यन्तर (पूरक) तथा भित्र बाहिर आउने जाने श्वासको स्वाभाविक गतिलाई भित्र बाहिर जान नदिई स्तम्भित गर्नु (रोक्नु) लाई स्तम्भवृत्ति (कुम्भक) भनिन्छन् । बाहिर तथा भित्रको श्वासको विषय नै त्यागेपछि हुने चाहिं चौथो प्रकारको प्राणायाम हो । प्राणायामका अभ्यास-बाट प्रकाशको आवरण (ज्ञानलाई ढाकेको) अर्थात् कर्म, संस्कार, अविद्या आदि क्लेश क्षीण हुन्छन् र प्राणलाई जहाँ चाह्यो त्यहाँ धारण गर्न पनि मनको योग्यता (क्षमता) हुन्छ । प्राणायामद्वारा चित्त आफ्नो ध्येयमा लाग्दा इन्द्रियहरूको विषयमा असम्बन्ध हुँदै जानु तथा चित्त स्वरूपमा स्थित हुनुलाई प्रत्याहार भनिन्छ । चित्त कुनै एक स्थानमा बाँधिनु धारणा हो । त्यस धारणामा चित्तवृत्ति एकतार चल्नु अर्थात् ध्येय वस्तुमा चित्त एकाग्र हुनु ध्यान हो । जब ध्यान गर्दा ध्येयमात्र प्रतीति हुन्छ र स्वरूप (आफ्नो रूप) शून्य झैं हुन्छ त्यही ध्यान समाधि हो । कुनै एक ध्येय विषयमा धारणा, ध्यान र समाधि यी तीनैवटै एकत्र हुनु संयम हो । त्यस

संयमलाई सफल गर्न सके प्रज्ञा प्रकाशित हुन्छ ।

धर्म लक्षण तथा अवस्थाका परिणामहरू– कारणमा विद्यमान भएकै कुरा परिणाममा उत्पन्न हुन्छ । वर्तमान धर्मको लोप हुनु, यसको अतीत लक्षणको परिणाम हो तथा वर्तमान लक्षणयुक्त धर्ममा नयाँ पनबाट पुरानो पन आउनु यो अवस्था-परिणाम हो । त्रिगुणमय वस्तुको प्रतिक्षण अवस्थापरिणाम भैरहेको हुन्छ । धर्ममा रहने (विद्यमान हुने) लाई धर्मी भनिन्छ । जुन कारणरूप पदार्थबाट जुन कुरा निस्क्यो, जे कुरा बनेको छ र जुन कुरा बन्न सक्तछ ती सबै त्यस पदार्थको धर्म (स्वभाव वा प्रकृति) हो । माटो धर्मी हो भने घडा धर्म हो । यो आफ्नो धर्म (काम) सकिएपछि फुटेर पुनः माटो हुन्छ अर्थात् धर्ममा विलीन हुन्छ । एक पदार्थको एक क्रमबाट एक परिणाम हुन्छ भने अर्को क्रमबाट अर्कै परिणाम हुन्छ, जस्तो कपासबाट धागो र धागोबाट कपडाको परिणाम एक क्रम हो भने कपासबाट बत्तिको धागोको परिणाम हुने क्रम तथा कपासबाटै धागो र धागोबाट डोरीको परिणाम हुने क्रम अर्कै हुन्छन् । यसरी क्रममा परिवर्तन भएर एउटै धर्मी अनेक धर्ममा परिवर्तन हुन्छ ।

समाधिको अतिरिक्त जन्मसिद्धि, औषधि, मन्त्र तथा तपद्वारा पनि सिद्धिहरू प्राप्त गर्न सकिन्छ । जातिअन्तर परिणाम प्रकृति पूर्णभएबाट हुन्छ । अर्थात् जन्मसिद्धि, औषधि, मन्त्र, तप, समाधि आदिद्वारा शरीर इन्द्रिय र चित्तमा परिवर्तनको लागि आवश्यक हुने कुरा प्रकृतिको स्वभावद्वारा आफै पूर्ति हुन्छ । जन्मसिद्धि, औषधि, मन्त्र, तप र समाधिद्वारा सिद्ध चित्तहरू मध्ये ध्यानजनित (समाधिद्वारा विलक्षण) चित्त अनाशय (कर्म संस्कारले रहित) हुन्छ । अर्थात् कैवल्यको हेतु हुन सक्छ । कर्मबाट मानिसलाई त्यसको फल भोग अनुकुल हुने वासनाहरूको नै अभिव्यक्ति हुन्छ (इच्छा उत्पन्न हुन्छ) । वासना अनुसार जन्म हुन्छ र कर्म अनुसार वासना हुन्छ । वासनाको हेतु अविद्या आदि क्लेशद्वारा गरिएका कर्म हुन् । यसको फल पुनर्जन्म, आयु र भोग हुन् तथा आश्रय चित्त हो । विशेषदर्शी (चित्त र आत्माको भेद जान्ने) को लागि आत्मभाव जान्ने भावना पनि निवृत्त भएर जान्छ । किनभने चित्त रहुन्जेल संस्कार नाश हुँदैन अतः चित्त आफ्नो कारणमा विलीन हुन सक्नु पर्दछ । चेतनशक्ति (पुरुष) क्रियारहित र असंग छ तापनि दृश्य पदार्थको प्रतिविम्बद्वारा तदाकार भइदिन्छ त्यस समय उसलाई वृत्तिहरू सहित बुद्धिको (चित्तको) ज्ञान हुने भएकोले मात्र ज्ञाता र भोक्ता भनेको हो । वास्तवमा ऊ चेतन मात्र हो । द्रष्टा र दृश्यले रङ्गिएको चित्तले दृश्यको रूप, द्रष्टाको रूप र द्रष्टा दृश्यको मिश्रित रूप सबै अर्थ

धारण गर्दछ । चेतन शक्ति (द्रष्टा) आफ्नो स्वरूपमा प्रतिष्ठित हुनु कैवल्य हो । प्रकृतिको पनि ती पुरुषको लागि गर्नुपर्ने कुनै बाँकी रहँदैन जसबाट कारण र कार्यमा विभाजित गुण आफ्नो परिणाममा प्राप्त भई कारणमा विलीन हुन्छ।जसरी प्रकृति पुरुषबाट अलग्गिनु त्यस्तै पुरुषको प्रकृतिसितको अनादिसिद्ध अविद्याकृत संयोगको अभाव भै आफ्नै स्वरूपमा स्थित हुनु कैवल्य (केवल हुनु) हो ।

माथिको विवरण अनुसार योग दर्शनमा साङ्ख्यको प्रकृति र पुरुषको साथै २६ औं तत्व ईश्वर विशेष पुरुषलाई पनि समावेश गरेको पाइन्छ । २५ औं तत्व पुरुष र २६ औं तत्व पुरुष विशेष ईश्वरमा फरक के भने पुरुष भोग गर्दछ, ईश्वर भोग गर्दैन । हुन त सांख्यले पनि अन्तमा उत्पन्न गर्ने, उत्पन्न तथा उत्पन्नलाई भोग गर्ने प्रकृति नै हुन्, पुरुष केवल चेतन हुन् र प्रकृतिसँग तादात्म्य या संयोग भएकोले नै भोक्ता जस्तो भएको हो भनेर सिद्ध गरेको छ । त्यस्तै योग दर्शन पनि चेतनशक्ति (पुरुष) क्रियारहित र असंग छ तापनि दृश्यपदार्थ प्रकृतिसंग तदाकार भैदिनाले ज्ञाता र भोक्ता बनेको हो वास्तवमा ऊ चेतन मात्र हो भनेर सिद्ध गरेको छ । तर योग दर्शनले थप कुरा पुरुष विशेष ईश्वर विषयमा पनि छोएको छ । ती ईश्वर क्लेश, कर्म, कर्मविपाक र आशयसँग सम्बन्धित हुँदैनन् । अतः ती भोक्ता बन्दैनन् । ती अन्तर पुरुष त अन्तर आत्माको स्वरूप हुन् । ती अविनाशी द्रष्टा हुन् । यसबाट साङ्ख्य दर्शनमा उल्लेख नभएको २६ औं तत्व पुरुष विशेष ईश्वरलाई योग दर्शनले अन्तर आत्माको स्वरूप अविनाशी द्रष्टा हुन् भन्ने संकेत गर्न खोजेको छ । तर ती ईश्वर कर्ता हुन् भन्ने कुरा झलिकंदैन । अतः साङ्ख्य दर्शन जस्तै योग दर्शन पनि जगत् कर्ताको विशेष चर्चा नगरी साङ्ख्यले जस्तै चेतनशक्ति(पुरुष)आफ्नो स्वरूपमा प्रतिष्ठित हुँदा द्रष्टा बन्ने कुरा अघि सारी पुरुष (द्रष्टा) प्रकृति (दृश्य) बाट अलग्गिनु कैवल्य हो भनी सिद्ध गर्दछ ।

यसबाट साङ्ख्यको पुरुष(२५ औं तत्व) एक भन्ने बुझिन्छ अर्थात् उही पुरुष प्रकृतिसँग तादात्म्य राख्दा भोक्ता बन्दछ तर जब प्रकृतिबाट अलग्ग हुन्छ त्यसबेला ऊ कैवल्य (केवल हुँ) बन्दछ । योग दर्शनमा २ प्रकारका पुरुष देखिन्छन् । एक २५ औं तत्व भोक्ता पुरुष, दोस्रो २६ औं तत्व द्रष्टा पुरुष । द्रष्टा पुरुष ईश्वर नै २५ औं तत्व भोक्ता पुरुषका पनि आत्मा हुन् । वास्तवमा सांख्य र योगमा उल्लेखित २५ औं तत्व पुरुष जीव वा जीवात्मा हो भने योगमा उल्लेखित २६ औं तत्व पुरुष विशेष ईश्वर अन्तरपुरुष वा अन्तरआत्मा हो । अर्थात् जीवात्माको पनि आत्मा हो । तर योग दर्शनमा यी अन्तर आत्मा ईश्वरलाई कर्ताको रूपमा भन्दा द्रष्टाको रूपमा लिइएको देखिन्छ ।

वेदान्त दर्शन

वेदान्त दर्शनमा ब्रह्म नै प्रमुख विषय भएकोले महर्षि वेदव्यासले वेदान्त दर्शनलाई ब्रह्मसूत्र भनी नाम दिएका छन्। वेदान्त दर्शन अनुसार ब्रह्म नै जगत्‌को उत्पत्ति आदिको कारण हो। ब्रह्मको सङ्कल्पद्वारा यो जगत् रचना भयो। ब्रह्म नै सत्, अव्यक्त र अजा हो। ब्रह्म अन्तर्यामी हो र यो समस्त जगत्‌मा व्याप्त भै जगत्‌को समन्वय गर्दछ। प्रकृति ब्रह्मको अधीनस्थ (आफू भित्रको) शक्ति मात्र हो जुन परा (चेतन जीव समुदाय) र अपरा (परिवर्तनशील जड वर्ग) दुई प्रकारले स्थित छ। यी दुइ प्रकृतिको सहायताद्वारा ब्रह्मको सृष्टिकार्य सञ्चालन हुन्छ। त्यस्तै ब्रह्मकै संकल्पद्वारा प्रलयकाल उत्पत्ति हुन्छ र प्रलयकालमा पनि यो जगत् अप्रकट रूपमा विद्यमान रहन्छ। अतः शक्ति र शक्तिमान् झैं प्रकृति र ब्रह्म अभिन्न मान्न सकिन्छ तर प्रकृतिका नियन्ता पनि ब्रह्म भएकोले ब्रह्म प्रकृति भन्दा विलक्षण भै भिन्न मान्नु पर्दछ।

परमात्मा (ब्रह्म) र जीवात्मा (जीव)– परमात्मा (ब्रह्म) आनन्दमय हुन्छ, तर जीवात्मा (पुरुष) सुख दुःखको भोक्ता भएकोले आनन्दमय हुँदैन। हृदयभित्र जीवात्मा आनन्दमय आत्मामा संयुक्त मात्र हुन सक्तछ, यो आत्मा झैं अन्तर्यामी होइन। आत्मा शरीरमा साक्षी रूपले स्थित हुने द्रष्टा हो। यो जीव (जीवात्मा) जस्तो भोक्ता होइन। परमात्मा ब्रह्म अक्षर तथा भूमा (विराट) हो। अतः यो आकाशपर्यन्त सम्पूर्ण जगत्‌लाई धारण गर्दछ र सबैलाई प्रशासन गर्दछ, जीवात्मा सक्तैन। ब्रह्म सत् छ र यो बाहेक अरू सबै उत्पत्तिशील हुनुका साथै विलयशील पनि हुन्छन्। ब्रह्मबाट आकाश, आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल र जलबाट पृथ्वी उत्पत्ति हुन्छन् तर यी पञ्चमहाभूत उत्पत्तिका कर्ता ब्रह्म नै हो। त्यस्तै प्रलयकालमा पृथ्वी जलमा, जल अग्निमा, अग्नि वायुमा, वायु आकाशमा र आकाश परमात्मा (ब्रह्म) मा विलीन हुन्छन्। यी पनि ब्रह्म कै कार्य हुन्। पञ्चमहाभूत सरह परब्रह्मबाटै अन्य जीवहरू तथा बुद्धि, मन, इन्द्रिय र तन्मात्रा तथा प्राण आदि पनि उत्पन्न भएका हुन्। जीव परमात्मा (ब्रह्म) मा आश्रित पराप्रकृतिको समूह भएकोले परमात्माको अंश हो तथा यो जीवात्मा पनि परमात्मा जस्तै नित्य छ, मर्दैन र यो चेतन भएकोले ज्ञाता पनि हो। प्राण भित्र रहने यो अणु अर्थात् अति सूक्ष्म छ र शरीरभरी फैलिएर अङ्गमा हुने सबै सुख दुःख जान्दछ। तर यो शरीरसँग लिप्त हुने भएकोले यसलाई परमेश्वरले कर्म-फलको भोगी बनाएको छ। जीवको कर्मफलको व्यवस्था पनि परमात्मा ब्रह्मबाटै

हुन्छ । जीव नित्य भए पनि शरीरको सम्बन्धले शरीरान्तर भै रहन्छ । शरीर जड हो, अतः यो मर्दछ, साथै यो स्थूल पनि छ । प्राण पनि इन्द्रियहरू जस्तै जड तथा यो मन र इन्द्रियहरूलाई धारण गर्ने भएकोले जीवात्माको उपकरण हो । जीवको कर्तापन शरीर र इन्द्रियको सम्बन्धले औपचारिक हो । वास्तवमा जीवको कर्तापनमा परमात्मा नै कारण हो ।

एकै शरीर भित्रका आत्माका दुई रूप, एक जीव (जीवात्मा) अर्को अन्तरात्मा मध्ये जीवात्मा शरीरसँग मोहित हुनाले कर्मको फल भोग्ने भोक्ता तथा अन्तरात्मा केवल जीवका गतिविधिहरू हेरिरहने द्रष्टा हुन् । यथार्थमा अन्तरात्मा जीवात्माको पनि आत्मा हो यसैले यसलाई परमात्मा भनिएको हो । जस्तो पृथ्वीको अन्तरात्मा जल, जलको तेज, तेजको वायु, वायुको आकाश भएकोले यी सबैका अन्तरात्मा आकाश हुन् । त्यस्तै सबै जड (शरीर) को अन्तरात्मा जीवात्मा (चेतन वा पुरुष) हो । र जीवात्माको पनि अन्तरात्मा परमात्मा ब्रह्म हुन् । सर्वव्यापी यो आत्मा समस्त प्राणीको हृदयमा स्थित भएर पनि ती वस्तु स्थानको दोषबाट लिप्त हुँदैनन् । उनी निर्गुण निराकार हुनुको साथै सगुण साकार पनि छन् तथा एक भएर पनि अनेक रूप देखिन्छन् । खास गरी परब्रह्म कारण अवस्थामा रहँदा उनका दुबै अपरा (जड सम्बन्धी) तथा परा (जीव सम्बन्धी) प्रकृतिरूप शक्तिहरू सृष्टिको पूर्व परब्रह्ममा अभिन्न तर अप्रकटरूपमा रहन्छन् । जब उनी कार्य रूपमा स्थित हुन्छन् उनका यी दुबै शक्तिहरू पनि भिन्न-भिन्न नाम रूपमा परिणत हुन्छन् । अतः ब्रह्म निर्गुण हुनु उनको कारणावस्था तथा आफ्ना शक्ति प्रकृतिहरूले युक्त तथा सगुण हुनु उनको कार्यावस्था मानिन्छ । ती परब्रह्मको निर्गुण सगुण स्वरूप दुवै प्रकृति, मन, बुद्धि र इन्द्रिय आदिबाट अतीत भएकाले इन्द्रियद्वारा ती ज्ञात हुने होइनन् । केवल ध्यान आदि आराधनाद्वारा मात्र प्रत्यक्ष हुने हुन् ।

<u>देहान्तर प्राप्ति</u>– यस जगत्मा जन्म ग्रहण गर्ने जीव आफ्नो आयु सकिएपछि आफूले धारण गरेको शरीर छोडी अर्को शरीर धारण गर्दछ । यसरी एक शरीरबाट अर्को शरीरमा प्रवेश गर्दा जीव (जीवात्मा) प्राणमा स्थित भएर जान्छ । मरणको समयमा जीवात्माको जस्तो सङ्कल्प (इच्छा) हुन्छ त्यस्तै अनुसार उसको एक प्रकारको सूक्ष्म शरीरको बीज निर्माण हुन्छ र सो बीजरूप सूक्ष्म तत्वहरू सहित मुख्य प्राण उदानवायुमा स्थित भई निस्केर वायुमण्डलमा मिसिन्छ । त्यहाँबाट यो मेघमा मिसिन्छ र त्यसपछि वर्षाद्वारा जल भई झर्दछ । जलबाट अन्न र अन्नबाट वीर्य बन्दछ । सो वीर्य गर्भमा परेपछि गर्भबाट अर्को शरीरको जन्म

हुन्छ । जीवद्वारा गरिएको पुण्यकर्मको फल भोग गर्न उसलाई स्वर्गलोक पठाइन्छ र सो पुण्यकर्म क्षय (समाप्ति) पछि रजोगुण सम्बन्धी शेष कर्मसंस्कार भोग गर्न पुनः ऊ यस मृत्यु लोकमा फर्कन्छ । त्यस्तै तमोगुणी जीव पापकर्मको फल भोग गर्न यमलोकमा जान्छ र त्यहाँको भोग सकिएपछि कर्मानुसार पुनः मृत्युलोकमा आउने तथा पुनः आफ्नो कर्मानुसार स्वर्ग या नर्कको गति प्राप्त गर्दछ । स्वर्गबाट फर्कने जीव पहिले आकाशमा प्राप्त हुन्छ अनि आकाशबाट क्रमशः वायु, धुवाँ, मेघ जस्तै सूक्ष्म आकार भै फर्कन्छ । यसरी फर्कंदा त्यो जीवात्मा पृथ्वीमा धान, जौ, तिल आदि जसमा अन्य जीव आफ्नो कर्मफल भोग्न पहिले नै त्यसमा स्थित भएको हुन्छ उसैको साथ पुरुषको पेटभित्र पस्दछ र उसको वीर्यमा प्रविष्ट हुन्छ । जीवात्मा प्रविष्ट भएको उक्त वीर्यबाट जीव आफ्नो कर्मफल अनुरूप शरीर प्राप्त गर्दछ र यहींबाट उसको भोग आरम्भ हुन्छ । स्वर्ग तथा आकाशबाट आई वीर्यमा प्रवेश हुँदासम्म उसको कुनै जन्म या शरीर धारण हुँदैन । जीवात्मा ईश्वरको अंश भएकोले यो पनि ईश्वरकै गुणसम्पन्न हो तर यो जीवात्मा पर्दाभित्र तिरोहित (लुकेको) हुन्छ र ती गुणको अनभिज्ञ रहन्छ । यही कारण जीवात्माको शरीरसँग तादात्म्य (एकता) हुनु हो जसबाट जीव जन्मान्तर कर्मसंस्कारको वशमा पर्दछ ।

आत्मविद्या– जगत्को कारण ब्रह्मलाई कहीं सत्, कहीं आत्मा, कहीं आनन्दमय, प्रजापति, अव्यक्त आदि नामले वर्णन गरे तापनि ती सबै वर्णनको उद्देश्य र फल एकै भएकोले ती सबमा एकता नै छ । ब्रह्मज्ञानीलाई यहाँ ब्रह्म सायुज्य (मुक्ति) प्राप्त हुन्छ उसलाई परलोकमा गई भोग गर्नुपर्ने कर्मफल शेष रहँदैन । उसको पाप-पुण्यकर्म यहीं समाप्त हुन्छ । अतः ब्रह्मज्ञान नै यस संसारबाट मुक्त हुने उपाय हो । ब्रह्मविद्याको उद्देश्य परब्रह्म परमात्माको साक्षात्कार गराउनु र जीवात्मालाई दुःखबाट मुक्त गर्नु हो । ब्रह्मविद्या यज्ञ, वलि (पशुवध) आदि कर्मको अङ्ग होइन । यो स्वयम् सिद्ध हुने परम पुरुषार्थ हो र यो पुरुषार्थ कर्मत्यागको आचरण हो । ब्रह्म विद्याको अभ्यास गर्ने साधकले निष्काम भावले यम, नियम, संयम आदिको अनुष्ठान गर्नु पर्दछ । प्रतीकमा पनि ब्रह्मभावको उपासना गर्न सकिन्छ । इच्छाले कर्ममा प्रवृत्त गराउँदछ । अतः इच्छाहीन हुन सकेमा निष्कर्म हुन सकिन्छ अनि निष्कर्म भएमा मुक्ति प्राप्त हुन्छ । मुक्त अवस्थामा जीवात्मा परमात्मा ब्रह्ममा लीन हुन्छ ।

उपर्युक्त विवरण अनुसार वेदान्तदर्शनले ब्रह्मलाई जगत्को कारण मानेकोले प्रकृतिलाई जगत्को कारण मान्ने साङ्ख्य दर्शनसँग यसको मौलिक भेद भएको स्पष्ट

बुझिन्छ। किनभने प्रकृति र पुरुषको संयोगले जगत् सृष्टि भयो भन्ने साङख्यले मानेको छ भने ब्रह्मको सङ्कल्पले जगत् सृष्टि भयो भन्ने वेदान्तको सिद्धान्त रहेको छ। दोस्रो कुरा, प्रकृतिको विषयमा पनि साङख्यले प्रधानलाई प्रकृति मानेको छ भने वेदान्त दर्शनले प्रधान र पुरुष दुवैलाई प्रकृति मानेर पुरुष पराप्रकृति तथा प्रधान अपराप्रकृति भनी विभाजन गरेको पाइन्छ। तेस्रो कुरा, साङख्यले पुरुष र प्रकृति दुवै कसैबाट उत्पन्न नभएका अविकृति भनेर देखाएको छ भने वेदान्तले यी दुवै मूल प्रकृति हुन् र यो मूल प्रकृति ब्रह्म अधीनस्थ शक्ति भनेर प्रधान र पुरुषलाई गौण मानी ब्रह्मकै महत्व दर्शाएको छ। त्यस्तै प्रकारले वेदान्त दर्शन र योग दर्शनको पनि भेद देखिन्छ। खास गरी योग दर्शनले पुरुष विशेष ईश्वरको उल्लेख गरे तापनि ती ईश्वर अन्तरात्मा हुन् जो द्रष्टा मात्र देखिन्छ कर्ताको रूपमा देखिन्न। अर्थात् ती ईश्वरबाट जगत् रचना भएको बुझिन्न प्रकृतिबाटै रचना भएको बुझिन्छ। तर वेदान्त दर्शनले ब्रह्मलाई नै उत्पत्तिकर्ता ईश्वरको रूपमा मानेको र जीवात्मालाई पनि ईश्वरको अङ्ग भनी यसलाई परमेश्वरले कर्मफलको भोगी बनाएको कुरा मानेको छ।

यसरी साङख्यदर्शन, योगदर्शन र वेदान्तदर्शनहरूमा आपसमा सैद्धान्तिक फरक रहे तापनि यी तीनवटैका आधारभूत कुराहरू भने समान छन्। ती हुन् २५ तत्व अर्थात् पुरुष प्रकृति र महत् आदि २३ तत्व। यी २५ तत्वले गर्दा यी तीनवटा दर्शनहरू एक अर्कासँग सम्बन्धित पनि छन्। वास्तवमा साङख्य दर्शनको अभावमा योग दर्शन पूरा हुँदैन। अनि योग दर्शनको अभावमा वेदान्त दर्शन हुँदैन। किनभने साङख्य दर्शनका मुख्य तत्वहरू पुरुष र प्रकृतिको अभावमा योग दर्शन बुझ्न सकिँदैन भने योग दर्शनको ईश्वर-तत्व नबुझी वेदान्त दर्शनको ब्रह्म तत्व बुझ्न पनि सजिलो पर्दैन। अतः यी तीनवटै दर्शनहरूका अन्तर सम्वन्धहरू बुझ्नु आवश्यक छ। यी तीन वटा दर्शनहरूका अन्तर सम्बन्ध बुझ्न सकेमा शिवको धर्मदर्शन आत्मवाद बुझ्न पनि सजिलो पर्नेछ। किनभने शिवको धर्मदर्शन यी तीनवटा दर्शनमा आधारित देखिन्छ। वास्तवमा शिवको दर्शन र वेदान्त दर्शनका बीच मौलिक भेद देखिंदैन। तत्वतः कुरा उही हो। केवल शब्दमा फरक देखिन्छ। वेदान्त दर्शनमा ब्रह्म शब्दलाई महत्व दिइएको हुन्छ भने शिवको दर्शनमा आत्मा शब्दलाई महत्व दिइएको हुन्छ। खास गरी वेदान्त दर्शनका अनुयायीहरूलाई ब्रह्मवादी भनिन्छ कारण उनीहरू ब्रह्मकारणवादमा विश्वास राख्ने भएकाले उनीहरू जगत्‌को कारण ब्रह्म भनी मान्दछन्। त्यस्तै शैवहरूलाई साधारणतः आत्मवादी भनिन्छन् किनभने उनीहरू आत्मालाई सबै जगत्‌को कारण मान्दछन्। वास्तवमा ब्रह्म र आत्मा

उही कुरा हुन् । ब्रह्म तत्वको नाम हो र आत्मा ती ब्रह्मलाई परिचित गराउने विषय हो । जस्तै जगत्को आत्मा ब्रह्म भन्नाले ब्रह्मको अर्थ जगत्को आत्मा भन्ने कुरा बुझाउँछ । अर्को कुरा वेदान्त दर्शनमा ब्रह्मबाट जगत् उत्पन्न भएको भन्ने स्वभावको कुरा बुझिन्छ भने शिव दर्शनमा ईश्वरले जगत् रचना गरेको भन्ने कर्ताको भाव बुझिन्छ। वास्तवमा यी ३ वटा दर्शनहरूको साधारण ज्ञानको पृष्ठ-भूमि सहित परमात्मा शिवका सम्बन्धमा विभिन्न पुरुषहरूद्वारा बताइएका कुरा-हरूको अध्ययन गरिएमा यो विषय धेरै हदसम्म सजिलो पर्ने देखिन्छ। यस सम्बन्धमा अरूहरूको वर्णनमा भन्दा केवल ईश्वर गीतामा भगवान् शङ्करद्वारा वर्णन गरिएका परमात्मा शिव सम्बन्धी कुराहरूलाई मात्र यसै परिप्रेक्ष्यमा अध्ययन गरेमा पनि स्पष्ट लाभ हुने देखिन्छ। अतः ईश्वर गीतामा उल्लिखित भगवान् शङ्करको प्रवचनका केही अंशहरू अध्ययनको लागि यहाँ पुनः प्रस्तुत गरिन्छ ।

ईश्वरगीतामा उल्लिखित भगवान् शङ्करका विचारहरू

ईश्वरगीताको अध्याय–२ मा भगवान् शङ्कर भन्नु हुन्छ–जुन आत्मा केवल, स्वस्थ, शान्त, सूक्ष्म, सनातन, सर्वान्तर, साक्षात् चिन्मात्र तथा तमोगुणबाट पर छ उही नै अन्तर्यामी, पुरुष, प्राण र उही महेश्वर हो। उही काल, अग्नि एवं अव्यक्त हो। विश्व यसैबाट उत्पन्न तथा यसैमा विलीन हुन्छ। यो (आत्मा) मायाले युक्त भएर विविध शरीर (भौतिक कुराहरू) उत्पन्न गर्दछ।

यसमा सम्झनु पर्ने मुख्य कुराहरू हुन्–आत्मा, महेश्वर, पुरुष, अव्यक्त (प्रकृति) र विश्व (जगत्) अर्थात् यस जगत्मा कुनै कुरा छ भने केवल आत्मा छ अरू केही छैन किनभने आत्मा बाहेक अरू सबै कुरा परिवर्तनशील तथा उत्पन्न भएर फेरि नाश हुन्छन्। अतः केवल आत्माको अस्तित्व छ यस बाहेक अरू कुनै कुराको अस्तित्व छैन। यो आत्मा पनि एक मात्र हो, एक भन्दा बढी होइन, यसैले यसलाई अद्वैत भनियो। यो सदा स्वस्थ छ, कहिल्यै विकृत हुँदैन, अर्थात् यो काम, क्रोध, लोभ, मोह आदि विकारको वशमा हुँदैन, यस्तै यो आत्मा क्षीण हुने कुरा पनि होइन। यो सधैं शान्त छ, जगत्को कुनै कुराले यसलाई चलमल्याउन सक्तैन वा आकर्षित गर्न सक्तैन। त्यस्तै यो परिवर्तन हुने कुरा पनि होइन। सधैं साक्षीको रूपमा स्थिर हुन्छ। यो अति सूक्ष्म भएकोले इन्द्रियद्वारा जान्न सकिने कुरा पनि होइन। र यो सनातन छ, आदि समयदेखि अहिलेसम्म यसको अस्तित्व रहेको छ। सबैको अन्तर हृदयमा स्थित यो सर्वान्तर साक्षात् चिन्मात्र अथवा केवल चैतन्य हो। यो आत्मा तमोगुण (आदि) बाट पर छ अर्थात् सत्व, रज, तम आदि प्रकृतिका ३ गुणहरूबाट पनि पर छ। यो आत्मा नै सबैका अन्तर हृदयमा बसेर सबै कुरा जानिरहने अन्तर्यामी साक्षी हो। उही पुरुष (जीवात्मा) हो उही सबैका प्राण महेश्वर हो। उही काल (समय) हो। उही अग्नि (चेतन) हो

तथा अव्यक्त (जड प्रकृति) पनि हो जसबाट विश्व उत्पन्न हुन्छ र यसैमा पछि गएर विश्व विलीन भएर जान्छ। यही आत्मा (पुरुष) माया (प्रकृति) ले युक्त भएपछि यसले विविध शरीर (विभिन्न भौतिक कुराहरू) उत्पन्न गर्दछ अर्थात् चेतन पुरुष र जड प्रकृतिको संयोगले विश्वको रचना हुन्छ। सारांश यही हो कि आत्मा नै सबैको मूल आत्मा हो, आत्मा नै सबैका मालिक महेश्वर हो। अनि उही पुरुष (जीवात्मा) हो भने उही प्रकृति पनि हो जसबाट जगत् उत्पन्न भएर पछि यसैमा लीन हुन्छ।

शङ्कर भन्नु हुन्छ– आत्मालाई प्रधान प्रकृतिको कारण बोध गरेर सदा अव्यक्त नित्य र सत् पनि देख्तछन्।

अर्थात् आत्मा सबैको परम आत्मा हो किनभने यो नै प्रधान प्रकृति (अव्यक्त प्रकृति) को पनि कारण हो। यस आत्माको आफ्नो कारण भने नभएको र यसलाई इन्द्रियद्वारा पनि चाल पाउन नसकिने हुँदा यसको अस्तित्व पनि व्यक्त गर्न नसकिने भएकोले नै यसलाई सदा अव्यक्त भनिएको हो र यही मात्र नित्य कुरा भएको र यसबाट उत्पन्न जगत् अनित्य भएकोले यसलाई नै सत् भनियो।

अध्याय ३ मा भगवान् शङ्कर भन्नु हुन्छ–अव्यक्त (आत्मतत्त्व ब्रह्म) बाट काल (समय), प्रधान (प्रकृति) र पुरुषको उत्पत्ति भयो। तिनीहरूबाट सम्पूर्ण जगत्को उत्पत्ति भयो त्यसकारण जगत् ब्रह्ममय हो। प्रधान र पुरुष नामक दुई तत्त्व छन्। ती दुईको परम संयोजक अनादि उत्कृष्ट काल (समय) हो जसले महत् (तत्त्व) देखि विशेष (पञ्चतत्त्व) सम्म अखिल जगत् पैदा गर्छ उसलाई सबै प्राणी मोहित पार्ने प्रकृति (माया) भनिन्छ। जो प्रकृतिस्थ भएर प्राकृतिक गुणहरू भोग गर्दछ उही पुरुष हो। पुरुष अहङ्कारबाट पृथक भएकोले यसलाई पच्चीसौं तत्त्व भनिन्छ। प्रकृतिका आदि विकारलाई महान् आत्मा (महत्तत्त्व) भनिन्छ। विज्ञान शक्तिको विज्ञाता अहङ्कार त्यसबाट (महत्तत्वबाट) उत्पन्न हुन्छ। यसले (अहङ्कारले) जीवका सबै सुखदःखको ज्ञान गराउँदछ। यो विज्ञानात्मक छ, मन यसको उपकारक (सहायक) हुन्छ। यस (अहङ्कार) बाट अविवेक तथा यो अविवेकबाट पुरुष (प्राणी)को सन्सार सम्भव हुन्छ। विद्वान्हरू मनलाई सबै इन्द्रियहरूमा उत्कृष्ट भन्दछन्। मनभन्दा पनि अहङ्कार तथा अहङ्कार भन्दा उत्कृष्ट महान् (महत्तत्व) हुन्छ। महानभन्दा उत्कृष्ट अव्यक्त (प्रकृति), अव्यक्त भन्दा उत्कृष्ट पुरुष हो। पुरुषभन्दा उत्कृष्ट भगवान् प्राण (महेश्वर) हुन् यो सबै जगत् उनकै हो।

माथि अध्याय २ मा भगवान् शङ्करले आत्मालाई प्रधान प्रकृतिका कारण

अर्थात् आत्माबाट प्रधान प्रकृतिको उत्पत्ति भएको कुरा मान्नुको साथै आत्मालाई सदा अव्यक्त, नित्य र सत् पनि भन्नुभयो भने अध्याय ३ मा ती अव्यक्त आत्माबाट काल, प्रधान (प्रकृति) र पुरुष उत्पत्ति भए, तिनीहरूबाट सम्पूर्ण जगत्को उत्पत्ति भएकोले जगत् ब्रह्ममय हो भन्नु भएको छ। यसबाट अव्यक्त आत्मा र अव्यक्त ब्रह्म उही कुरा हुन् भन्ने कुरा स्पष्ट भएको छ। अर्थात् मूल आत्मा अव्यक्त ब्रह्मबाट नै ती तीन कुराहरू काल (समय), प्रकृति र पुरुष उत्पन्न भए तथा यिनै कुराहरूबाट अरू सम्पूर्ण जगत् विस्तार भएकाले जगत् ब्रह्ममय भनिएको हो। खासगरी ब्रह्म-वादीहरूले ब्रह्मलाई बढी जोड दिन्छन् भने शैवहरू आत्मालाई जोड दिन्छन्। ब्रह्म भन्नाले जगत्को मूल तत्त्वलाई जनाउँछ अर्थात् ब्रह्म नामक परमतत्त्वबाट पुरुष, प्रकृति तथा जगत्का कुराहरू उत्पन्न हुन्छन् भन्ने अवधारणा लिइन्छ तर आत्मा भन्नाले तत्त्व होइन तत्वको विषयलाई बुझाउँछ। अझ भनुँ, ती परमतत्त्वको परिचय गराउँछ। जगत्को कारण के हो भन्नु र जगत्को आत्मा के हो भन्नु उही अर्थ हुन आउँछ। कुनै पनि कुरा (कार्य) को कारण हुन्छ। त्यस्तै जगत्रूपी कार्यको पनि कारण हुन्छ। अर्को शब्दमा जगत्को पनि आत्मा हुन्छ। जगत्को त्यो कारण अथवा भनुँ आत्मा हो ब्रह्म।अर्थात् ब्रह्म जगत्को आत्मतत्त्व हो। सारांशमा ब्रह्म परमतत्त्वको नाम हो भने आत्मा त्यो तत्त्वसँग परिचय गराउने कुरा हो। जस्तै परमात्मा ब्रह्म भन्नाले ब्रह्म सबैको परम आत्मा भन्ने परिचय हुन्छ। यी दुईको शाब्दिक फरक यही मात्र सकिन्छ।

साथै भगवान् शङ्करले अध्याय २ मा आत्मालाई प्रधान प्रकृतिको कारण भन्नु भयो भने अध्याय ३ मा अव्यक्त (आत्मा) बाट काल, प्रधान (प्रकृति) र पुरुष उत्पन्न भए भन्नु भएकोले अव्यक्त (आत्मा) प्रधान प्रकृतिको मात्र कारण होइन पुरुषको पनि कारण देखिन्छ। खास गरी मूल आत्मा अव्यक्त ब्रह्मबाट प्रकृति र पुरुष (चेतन) उत्पन्न भएपछि प्रकृतिबाट महत् (बुद्धितत्त्व) देखि विशेषतत्त्व (पञ्चमहाभूत)सम्म अर्थात् बुद्धि, अहङ्कार मन, ५ ज्ञानेन्द्रियहरू, ५ कर्मेन्द्रियहरू, ५ तन्मात्राहरू तथा ५ महाभूतहरू पनि उत्पन्न भई सारा जगत् र भयो। प्राणीलाई मोहित पार्ने यिनै प्रकृति हुन् किनभने प्राणयुक्त पुरुष प्रकृतिस्थ भएर प्रकृतिका सत्त्व रज, तम आदि गुणहरू भोग गर्दछन्। तर पुरुष प्रकृतिबाट भिन्न भएकोले यसलाई पच्चीसौं तत्त्व मानिएको छ।

साङ्ख्य दर्शन अनुसार पच्चीस तत्त्वको अर्थ हो, १. अव्यक्त प्रकृति, २३. व्यक्त (अर्थात् प्रकृतिबाट उत्पन्न तत्त्वहरू जस्तै–बुद्धि, अहङ्कार, ११ इन्द्रियहरू, ५ तन्मात्रा र ५ महाभूत) तथा १. चेतन (पुरुष)। पुरुष कसैबाट उत्पन्न भएको पनि होइन

साथै प्रकृति जस्तै अरूलाई उत्पन्न गर्ने पनि होइन। अनि पुरुष प्रकृति जस्तै जड होइन चेतन हो। अतः यसलाई २५ औं तत्त्व मानेको हो। तर शिव-दर्शनले वेदान्त दर्शन अपनाएको हुँदा साङ्ख्य दर्शनको २५ तत्त्वको साथै अर्को प्रमुख तत्त्व ईश्वरलाई २६ औं तत्त्व मानेको छ। वेदान्त दर्शनले साङ्ख्यले माने जस्तै प्रकृतिलाई जगत्को कारण नमानी ब्रह्मलाई जगत्को कारण मान्दछ। प्रकृति त ब्रह्मको अधीनस्थ शक्ति मात्र हो जुन परा (चेतन जीव समुदाय) र अपरा (परिवर्तनशील जड पदार्थ) दुई प्रकारले स्थित छ। यी दुई प्रकारका प्रकृतिको सहायताले परम आत्मा ब्रह्मबाट सृष्टि कार्यको सञ्चालन हुन्छ। अतः ब्रह्म शक्तिमान् तथा अव्यक्त शक्ति मूल प्रकृति (पुरुष र प्रधान) ती ब्रह्मको शक्ति मानिन्छ। अर्थात् सोझै प्रकृतिबाट जगत उत्पन्न भएको नभै आफ्नो शक्ति प्रकृति (पुरुष र प्रकृति) द्वारा ब्रह्म जगत् उत्पन्न गर्दछ भन्ने विश्वास लिइन्छ। यस्तै प्रकारको विश्वास शैव दर्शनको पनि हो। शैव दर्शनले पनि सांख्यले प्रकृति र पुरुष कसैबाट उत्पन्न भएको होइन भने झैं नभनी यी दुई तत्त्वहरू महेश्वरबाट उत्पन्न भएका वा महेश्वरको आफ्नो शक्ति साधन हुन् भन्ने मान्यता दिएकोले महेश्वर २६औं तत्त्व मानिन्छ। त्यसैकारण शङ्कर भन्नु हुन्छ– "विद्वान्हरू मनलाई सबै इन्द्रियहरूमा उत्कृष्ट भन्दछन् तर मनभन्दा अहङ्कार, अहङ्कारभन्दा बुद्धितत्त्व तथा बुद्धितत्त्व भन्दा उत्कृष्ट अव्यक्त प्रकृति र अव्यक्त प्रकृति भन्दा उत्कृष्ट पुरूष, पुरूष भन्दा उत्कृष्ट भगवान् प्राण महेश्वर हुन्, यो सबै जगत् उहाँकै हो"। अझ यी महेश्वर पनि निर्गुण शिवका सगुणरुप भएकोले शिवलाई २७ औं वा प्रथम तत्त्व मानेर महेश्वरदेखि भूतसम्मका सबै जगत् शिवमय मानिएको छ।

भगवान् शङ्कर भन्नु हुन्छ–प्रकृतिका आदि विकारलाई महान् आत्मा (महत्तत्त्व) भनिन्छ। विज्ञान शक्तिको विज्ञाता अहङ्कार यो महत्तत्त्वबाट उत्पन्न हुन्छ। अहङ्कार नै सुख दुःखको ज्ञान गर्दछ। अहङ्कारबाटै मन, ५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय, र ५ तन्मात्रा (शब्द स्पर्श, रूप, रस र गन्ध) तथा ५ तन्मात्राबाट ५ महाभूत (पृथ्वी, जल, तेज, वायु, र आकाश) उत्पन्न हुन्छन् जसबाट पुरुषको संसार सम्भव हुन्छ।

अर्थात् प्रकृतिबाट शुरूमा उत्पन्न भएको बुद्धितत्त्व भएकोले बुद्धितत्त्व नै आदि विकार वा विकृति मान्नु पर्दछ। त्यसपछि बुद्धितत्त्वबाट अहङ्कार तत्त्व उत्पन्न भयो। यो अहङ्कार नै म, तिमी, उ, यो, त्यो भन्ने भेद ज्ञानको साथै सुख दुःख ज्ञान गर्ने हो। अनि अहङ्कारबाट इन्द्रियहरू र तन्मात्राहरू तथा तन्मात्राहरूबाट पञ्च-तत्त्वहरू उत्पन्न भै पुरुषको संसार सम्भव भयो। अतः महेश्वरबाट उत्पन्न दुई

प्रमुख तत्त्व पुरुष (परा प्रकृति) र प्रधान (अपरा प्रकृति) मध्ये प्रकृति (अपरा) बाट व्यक्त भएका २३ तत्त्वद्वारा नै पुरुषको संसार विस्तार हुन्छ। किनभने प्रकृतिको साम्य अवस्थामा पुरुष पनि साक्षी सरह अचल हुन्छ। जब प्रकृति त्रिगुणात्मक हुन्छ अर्थात् सत्व, रज र तम तीन गुणले युक्त हुन्छ त्यसपछि यसबाट उत्पन्न २३ तत्त्वहरूद्वारा पुरुषलाई बाँध्ने हुन्छ।

यो कुरा पुष्ट हुने गरी भगवान् शङ्कर अध्याय ७ मा भन्नु हुन्छ—माया (प्रकृति)का गुण (सत्व, रज, तम) तथा २४ तत्त्व (प्रकृति, बुद्धि, अहङ्कार, ११ इन्द्रियहरू, ५ तन्मात्राहरू, ५ महाभूतहरू) पशुपति (परमेष्ठि परमेश्वर) द्वारा जीवरूपी पशुहरूलाई बाँध्ने पाशहरू हुन्। मन, बुद्धि अहङ्कार तथा आकाश, वायु, अग्नि, जल, एवं पृथ्वी यी आठ तत्त्वलाई अष्टप्रकृति भन्दछन्। यी आठ-वटा र अन्य १५ तत्त्वहरू– कान, छाला, आँखा, जिब्रो, नाक, (५ ज्ञानेन्द्रियहरू) तथा मलद्वार, यौन, दुइ हात, दुइ पाउ तथा बोल्ने मुख (५ कर्मेन्द्रिय) र शब्द, स्पर्श, रूप, रश, गन्ध (५ तन्मात्रा) समेत गरी तेईस तत्त्वहरू प्रकृतिबाट उत्पन्न हुनाले यी सबै विकार (विकृति) हुन्।सत्व, रज तथा तम यी तीन गुणहरू हुन्। यसको साम्य अवस्थालाई अव्यक्त प्रकृति (प्रधान) भनिन्छ। अविद्या (अनित्यलाई नित्य, अशुद्धलाई शुद्ध, दुःखलाई सुख र अनात्मालाई आत्मा सम्झनु),अस्मिता (अहंभाव), राग, द्वेष, तथा अभिनिवेश (मृत्युभय) यी कुराहरू आत्मालाई बन्धन गर्ने पाश हुँदा यिनीहरूलाई क्लेश भनिन्छ। मायालाई यी पाशहरूको कारण भनिन्छ। यो मूल प्रकृति स्वरूप अव्यक्त शक्ति (मूल माया) म (मात्मा) मा रहन्छ। त्यही मूल प्रकृति प्रधान तथा पुरुष हुन्। देवाधिदेव (परमेश्वर) सनातन हुन। उनी नै बन्धन, बन्धन गर्ने र उनी न पाश तथा उनी नै पशु हुन्।

माथिका कुराहरूमा बुझ्नुपर्ने माया, पाश, विकार (विकृति), क्लेश, सनातन आदि हुन्—माया शब्दको अर्थ हो मोह गर्ने (प्रकृति पुरुषलाई मोह गर्दछ जसबाट जगत् बन्दछ। अतः साङ्ख्य दर्शनले जसलाई प्रकृति भन्दछ त्यसलाई शैव दर्शनमा अर्को शब्दमा माया भनिन्छ। तर साङ्ख्य सिद्धान्त अनुसार प्रकृति र पुरुष कसैबाट उत्पन्न भएको होइन भने शैव दर्शन अनुसार यी दुवै मूल माया (मूल प्रकृति) हुन् तथा यो मूल माया ईश्वर अधीनस्थ शक्ति अर्थात् शक्तिमान् महेश्वरको आफ्नै शक्ति हो। अतः प्रकृति, माया, तथा शक्ति भन्नु तीनवटै उही कुरा हुन् तथा यी पर्यायवाची शब्दहरू जस्तै हुन्। प्रकृतिबाट उत्पन्न बुद्धिदेखि पञ्चमहाभूत सम्मका सब २३ तत्त्वहरूलाई विकृति (विकार) भनिन्छ। तर प्रकृति (प्रधान प्रकृति) पनि एक प्रकारले विकार हो। विकार भएकैले यसलाई माया भनिएको

हो । यो माया अर्थात् प्रकृति र प्रकृतिका विकृतिहरू सबै जीवरूपी आत्मालाई बाँध्ने पाश हुन् । जीवात्मा उसै बखत पाशले बाँधिन्छ जब ऊ अविद्या (अनित्यलाई नित्य, अशुद्धलाई शुद्ध, अनात्मालाई आत्मा तथा दुखःलाई सुख सम्झनु), अस्मिता, राग, द्वेष तथा अभिनिवेश (मृत्युभय) जस्ता क्लेशहरूद्वारा युक्त हुन्छ । यी क्लेशहरूका कारण पनि माया र मायाबाट उत्पन्न २३ तत्त्वहरू—बुद्धि, अहङ्कार, ११ इन्द्रियहरू, ५ तन्मात्राहरू, ५महाभूतहरू हुन् । जस्तै राग द्वेषको कारण अहङ्कार, अविद्याको कारण बुद्धि, अभिनिवेशको कारण मन हुन् ।

मूल माया (मूल प्रकृति) नै अव्यक्त शक्ति हो । साङ्ख्य दर्शन अनुसार प्रकृतिका २४ तत्वहरू मध्ये १ अव्यक्त प्रकृति हुन् भने बाँकी २३ (बुद्धि, अहंकार, ११ इन्द्रियहरू, ५ तन्त्रमाहरू र ५ महाभूतहरू) व्यक्त वा प्रकृतिबाट उत्पन्न विकृतिहरू हुन् । प्रकृति विकृति—जसबाट उत्पन्न हुन्छ त्यो प्रकृति तथा जो उत्पन्न हुन्छ त्यो विकृति भन्ने साङख्य सिद्धान्त अनुसार यी २३ तत्त्वहरू मध्ये बुद्धि, अहङ्कार र ५ तन्मात्राहरू अरूबाट उत्पन्न भएकाले यिनीहरू विकृति हुन् । तर यिनीहरू अरूलाई उत्पन्न गर्ने पनि भएकाले यिनीहरू प्रकृति पनि हुन् । अर्थात् उनीहरूलाई प्रकृति विकृति दुबै भन्दछन् । प्रकृतिबाट उत्पन्न भएकोले बुद्धि विकृति भयो भने बुद्धिबाट अहङ्कार उत्पन्न भएकोले बुद्धि प्रकृति भयो । त्यस्तै अहङ्कार बुद्धितत्त्वबाट उत्पन्न भएकोले यो विकृति हो भने अहङ्कारबाट इन्द्रियहरू र तन्मात्राहरू उत्पन्न हुने हुनाले अहङ्कारतत्त्व प्रकृति पनि गनियो । त्यसैगरी तन्मात्रा पनि अहङ्कारबाट उत्पन्न भएकोले यो विकृति हो भने यसबाट महाभूत उत्पन्न हुने भएकोले यो प्रकृति पनि हो । इन्द्रियहरू अहङ्कारतत्त्वबाट तथा महाभूतहरू तन्मात्राबाट उत्पन्न भएका हुन् तर यिनीहरूबाट अरू कुनै उत्पन्न नहुने भएकाले यी इन्द्रियहरू र महाभूतहरू विकृति मात्र हुन्, प्रकृति होइनन् । अतः यो प्रकृति विकृति भनिएका बुद्धितत्त्वदेखि महाभूतसम्मका २३ तत्त्वहरूको मूलकारण २४ औं तत्त्वलाई अव्यक्त प्रकृति मान्नु पर्दछ जसलाई शैव दर्शन अनुसार माया पनि भनिन्छ । तर २४ औं तत्त्व अव्यक्त प्रकृति र २५ औं तत्त्व पुरुष दुवै पनि मूल प्रकृति भित्रको अपराप्रकृति र पराप्रकृतिको भेदमा स्थित भएकोले यो मूल प्रकृतिलाई मूल माया पनि भनिन्छ । यही मूल माया स्वरूप मूल प्रकृतिलाई फेरि अव्यक्त शक्ति पनि भनिन्छ जुन परमात्मा (देवाधिदेव महेश्वर) आफैमा स्थित हुन्छ । यो अव्यक्त शक्ति वा मूल प्रकृति नै प्रधान तथा पुरुष दुवै हुन् अर्थात् परमात्मामा स्थित अव्यक्त शक्ति स्वरूप मूल प्रकृतिमा दुई प्रकृतिहरू पराप्रकृति पुरुष र अपराप्रकृति प्रधान भए । अतः अपराप्रकृति प्रधान नै सामान्य अर्थको प्रकृति हो जसबाट महत्तत्व

(बुद्धि) आदि २३ तत्त्वहरू प्रकृतिका विकृतिका रूपमा उदभूत हुन्छन् । यसरी देवाधिदेव (महेश्वर) नै अव्यक्त शक्ति (मूलप्रकृति) रूपमा पुरुष र प्रकृतिमा विभाजित भए ।

यी देवाधिदेव (महेश्वर) सनातन हुन् । जुन कुराले त्यो अव्यक्त शक्ति मूल प्रकृतिलाई धारण गर्दछ उही शक्तिमान्लाई देवाधिदेव (महेश्वर) भनिन्छ । अर्थात् अव्यक्त शक्ति (मूल माया) को आधारलाई नै सबैका परम आत्मा महेश्वर मानिन्छ। उही नै सनातन कुरा हुन् किनभने उनैको अस्तित्व हुन्छ, अरूको हुँदैन । अर्को शब्दमा, जुन कुरा सृष्टिको प्रारम्भदेखि आजसम्म यथावत् छ तथा त्यसमा कुनै परिवर्तन छैन त्यही अविनाशी सनातन हो । ती अव्यक्त शक्ति मूल प्रकृतिका पनि आधार जो हुन् उनै सबै जगत्का परम आत्मा हुन् । यिनै परम आत्मालाई देवाधिदेव महेश्वर भनिएको हो । अतः उनै देवाधिदेव सनातन हुन् ।

उही सनातन आत्मतत्त्व देवाधिदेवबाट आफू अधीनस्थ शक्ति मायाको विस्तार भएकोले अर्थात् उनैबाट मूल प्रकृति, पुरुष, प्रधान (जडप्रकृति) तथा विकृतिहरू विस्तार भएकोले उनी नै बन्धन, बन्धन गर्ने र उनी नै पाश तथा उनी नै पशु हुन् भनिएको हो । पशुको अर्थ जीव हो । र जीव पुरुष हुन् । पुरुष प्रकृतिस्थ हुँदा प्रकृतिका विकृतिहरूले गर्दा उनी क्लेशहरूद्वारा बाँधिन्छन् । जो बाँधिन्छ उही पशु हो। तर बाँधिने पुरुषको आत्मा (कारण) पनि उही परमतत्त्व हुन् । त्यस्तै पाशको अर्थ जीवलाई बाँध्ने क्लेशहरू हुन् जुन प्रकृतिका विकृतिहरूबाट सम्भव हुन्छ । तर क्लेश (विकार) का आत्मा (कारण) पनि उनै परम आत्मा हुन् । त्यस्तै जगत् नै बन्धन हो । तर जगत्का आत्मा पनि उनै परमात्मा हुन् त्यस्तै बन्धन गर्ने विकृतिहरू हुन् । तिनका आत्मा पनि प्रकृति हुन् र प्रकृतिका आत्मा परम आत्मा भएकोले परमात्मा नै बन्धन गर्ने हुन् । अतः पशु (जीव), पाश (क्लेश), बन्धन (जगत्) र बन्धन गर्ने (विकृति) यी सबका आत्मा अन्तमा गएर परमात्मा नै हुन् । यिनै परमात्मालाई देवाधिदेव (महेश्वर) भनिएको हो । मुख्य कुरा उही परम तत्त्व नै परम आत्मा हो । उनै प्रकृति र पुरुष पनि हुन् अतः उनै पाश तथा पशु हुन् । उही सनातन आत्मतत्त्व पराप्रकृति (पुरुष) बन्दछ उही अपराप्रकृति (प्रधान वा जड प्रकृति) बन्दछ । उही प्रकृति विकृति बन्दछ भने उही विकृति मात्र पनि बन्दछ । वास्तवमा परमात्मा र जगत् तत्त्वतः एउटै कुरा हुन् ।

जगत् सृष्टिको प्रक्रियाबारे फेरि साङ्केतिक रूपमा सम्झाउँदै अध्याय ८–९ मा भगवान् शङ्कर अझ स्पष्ट पार्नु हुन्छ –महद्ब्रह्म मेरो योनि, त्यहाँ म मूल माया (मूल प्रकृति) नामक गर्भधारण गर्दछु । त्यसबाट यो जगत् उत्पन्न भएको हो ।

उसबाट प्रधान (अव्यक्त प्रकृति), पुरुष (जीवात्मा), महत्तत्व (महान) आदि भूत (अहङ्कार), इन्द्रियहरू, तन्मात्राहरू, महाभूतहरू, उत्पन्न भए। ५ तन्मात्रा (ज्ञानेन्द्रियद्वारा हुने अनुभूति-गन्ध, रस, रूप, स्पर्श र शब्द), मन तथा आत्मा (जीवात्मा) यी सातलाई सूक्ष्म तत्त्व भनिन्छ। जो हेतुरूपी प्रकृति हुन् उनै प्रधान हुन्। प्रकृतिमा लीन रहने जुन शक्ति छ त्यही ब्रह्म योनि हो र महेश्वर नै उसका पुरुष हुन्। उनै परम पुरुष ब्रह्मा, परमात्मा, अव्यक्त, अद्वितीय बीज तथा विश्वदेव हुन्। उनलाई एक वा अनेक भन्दछन् भने उनैलाई एकात्मा पनि भन्दछन्। उनै सूक्ष्मभन्दा सूक्ष्म, महानभन्दा महान हुन्। माया निमित्त मात्र हो त्यो पनि आत्मामा आश्रित छ। आदि र अन्त नभएको शक्तिस्वरूपा माया अव्यक्तमा आश्रित छ। त्यसकारण अव्यक्तबाट संसार उत्पन्न भएको हो। अव्यक्तलाई कारण भनिन्छ। माया आदि अनन्त ध्रुवशक्तिहरू अव्यक्तमा स्थित छन्।

माथिका वर्णनहरूमा परमात्मा र जगत्को विस्तारबारे भगवान् शङ्करले सोझो भाषामा नै व्यक्त गर्नु भएको देखिन्छ अर्थात् पुरुष र प्रकृतिको संयोगद्वारा जगत्को उत्पत्ति हुन्छ भन्ने सिद्धान्त नै अपनाउनु भएको देखिन्छ। तर यहाँ भने उहाँले यो विश्व रचनाको सिद्धान्तलाई सोझो भाषामा व्यक्त नगरी साङ्केतिक भाषामा सम्झाउने चेष्टा गर्नु भएको बुझिन्छ। जस्तै महद्ब्रह्म मेरो योनि भन्नाले यो परम आकाश नै महद् ब्रह्म हो र यसलाई उहाँले योनिको रूपमा लिनु भयो। संसारमा चर अचर प्राणी ४ प्रकारबाट उत्पन्न भएको पाइन्छः— जरायुजः (योनिबाट उत्पन्न हुने), अण्डजः (अण्डाबाट उत्पन्न हुने), स्वेदजः (पसिनाबाट उत्पन्न हुने), र उद्भिजः (बीउबाट उत्पन्न हुने)। यहाँ भगवान् शङ्कर पनि योनिबाट उत्पन्न हुने प्रक्रियासँग मिलाई विश्वको उत्पत्तिबारे व्याख्या गर्नुहुन्छ। यसरी व्याख्या गर्दा सर्वप्रथम उहाँ "म" अर्थात् आत्मालाई ईश्वर (परमात्मा) मान्नु हुँदै भन्नु हुन्छ—यो महद्ब्रह्म नै मेरो योनि हो अर्थात् परम आकाश ब्रह्म नै परमात्माको योनि हो जसबाट जगत् उत्पन्न हुन्छ। यहाँ परमात्मा स्वयं स्त्रीको रूपमा व्याख्या भएको पाइन्छ। त्यस्तै यहाँ "म" मूलमाया (मूल प्रकृति) नामक गर्भधारण गर्दछु भन्नाले जसरी स्त्री गर्भधारण गर्दछिन् त्यसरी नै परमात्मा पनि मूल प्रकृति नामक गर्भधारण गर्दछन्। अतः यहाँ परमात्मालाई स्त्रीको रूपमा, महद् ब्रह्म (परम आकाश) लाई ती स्त्री रूपी परमात्माको योनिको अर्थमा तथा मूल प्रकृतिलाई परमात्माको गर्भको रूपमा लिइएको छ। त्यस गर्भबाट यो जगत् उत्पन्न भयो अर्थात् परमात्माको गर्भरूपी मूल प्रकृतिमा वास गरिएको जगत् परमात्माको योनिरूपी महद् (परम आकाश) ब्रह्मबाट उत्पन्न भयो। उसैबाट (मूल प्रकृतिबाट) पुरुष (पराप्रकृति)

प्रधान (अपराप्रकृति) अनि महत्तत्वदेखि पञ्चमहाभूतसम्मका २३ तत्त्वहरू उत्पन्न भए। मूल प्रकृतिलाई ईश्वर अधीनस्थ अव्यक्त शक्ति पनि भनिन्छ अतः अव्यक्त शक्तिरूप मूल प्रकृतिलाई ईश्वर अधीनस्थ आफ्नै गर्भ पनि मान्न सकिन्छ।

यस्तै उहाँ भन्नु हुन्छ–प्रकृतिमा लीन रहने (गराउने) जुन शक्ति छ त्यही ब्रह्मयोनि हुन् र महेश्वर नै उसका पुरुष हुन्। अर्थात् प्रकृतिसँग जुन मोह पार्ने शक्ति छ त्यही ब्रह्म (परमात्माको) योनि हो। त्यो मोह पार्ने शक्तिको नाम हो, माया। अतः माया (प्रकृतिको मोह पार्ने शक्ति) लाई नै यहाँ ब्रह्मयोनिको रूपमा कल्पना गरिएको देखिन्छ। तर उहाँ भन्नु हुन्छ–महेश्वर नै उसका (ब्रह्म)योनिका पुरुष हुन्। अर्थात् प्रकृतिमा लीन गराउने शक्ति ब्रह्मयोनि हो भने त्यस ब्रह्मयोनिमा लीन हुने पुरुष महेश्वर हुन्। माथिको वर्णनमा ती परमात्मा स्त्रीको रूपमा मूल प्रकृतिरूपी गर्भधारण गर्ने र महद्ब्रह्मलाई आफ्नो योनि बनाउने भनियो। तर यहाँ महेश्वर पुरुषको रूपमा त्यस योनिमा लीन हुने भनियो। यसबाट ती परमात्मा कहिले स्त्री रूप, कहिले पुरुष रूपमा व्यवहार भएको देखिन्छ। हुन त परमात्मा जगत्का सबै पुरुष रूप तथा सबै स्त्री रूपहरू हुन् भन्ने कुरा मानिएको छ तथापि शैवदर्शन अनुसार शिवलाई तीन प्रकारले जान्न सकिन्छ– १. निर्गुण निराकार शिव (सदाशिव), २. सगुण निराकार शिव (महेश्वर) र ३. सगुण साकार शिव (रुद्र–अर्थात् जगत्मा अवतीर्ण हुने शिव)। सो मध्ये निर्गुण निराकार शिव (सदाशिव) परम आत्माको रूपमा लिइएको छ भने सगुण निराकार शिव (महेश्वर) यहाँ आत्माको रूपमा लिइएको देखिन्छ। अर्थात् जगत्को आत्मास्वरूप महेश्वर नै ती शक्तिमान ईश्वर हुन् जसको अधीनस्थ अव्यक्त शक्ति मूल प्रकृति (पुरुष र प्रधान) मान्न सकिन्छ। अर्थात् पुरुष पनि उही, प्रधान प्रकृति पनि उही। अतः यहाँ सबै जगत्का आत्मा (महेश्वर) का दुई रूप देखिन्छन्–१. पुरुष तथा २. प्रकृति। माथि उनै आत्मा (परमात्मा) योनियुक्त तथा गर्भधारण गर्ने स्त्रीको रूपमा वर्णित भयो भने यहाँ पुनः ती ब्रह्मयोनिस्वरूपा प्रकृतिका पुरुष महेश्वर हुन् भनिएको छ। यसबाट परमात्मा स्त्री र पुरुष दुवै रूपमा रहेको दर्शाउँछ। सम्झनु पर्ने कुरा के भने स्त्री र पुरुष (लोग्ने) को संभोगद्वारा बालक पैदा हुन्छ भने पुरुष (चेतन) र प्रकृति (जड) को संभोगद्वारा होइन संयोगद्वारा जगत्को सृष्टि हुन्छ, अर्थात् मूल प्रकृति भिन्न स्थित पराप्रकृति पुरुष (चेतनशक्ति) र अपराप्रकृति (जडशक्ति) यी दुईको संयोगद्वारा जगत्को विस्तार हुन्छ। यही पुरुष प्रकृति अर्थात् चेतन र जड शक्तिको संयोगलाई यहाँ महेश्वरलाई पुरुष (लोग्ने) को रूपमा तथा प्रकृतिमा लीन गराउने शक्ति (ब्रह्मयोनि) लाई स्त्रीको

रूपमा कल्पना गरेर पुरुष (लोग्ने) र स्त्रीको संभोगको प्रक्रियामा तुलना गरी शङ्करले परमात्मा, प्रकृति र जगत्‌को सम्बन्ध देखाउनुभएको मान्नु पर्दछ।

अतः महेश्वर नै उसका (ती लीन गराउने शक्ति ब्रह्मयोनि) का पुरुष हुन्। यसको सही अर्थ महेश्वर नै ती परमपुरुष हुन् जो प्रकृतिमा लीन भै जगत् रचना गर्ने हुन्। अर्थात् ती महेश्वरबाट आफ्नै अव्यक्त शक्ति मूलप्रकृति प्रयोग भै सृष्टिकार्य हुन्छ। वास्तवमा परमात्माद्वारा मूल प्रकृति साम्य अवस्थाबाट सत्व, रज, तम जस्ता त्रिगुणात्मक बन्दछ जसबाट पुरुष, प्रकृति, बुद्धि, अहङ्कार, इन्द्रियहरू, तन्मात्राहरू, महाभूतहरू उत्पन्न भई जगत्‌को विस्तार हुन्छ। त्यसैले उहाँ फेरि भन्नु हुन्छ– उही परम पुरुष ब्रह्म परमात्मा, अव्यक्त, एक बीज विश्वदेव हुन्। अर्थात् महेश्वर नै परम पुरुष हुन्, उनै सृष्टिकारक हुन् किनभने जगत् सृष्टिको लागि प्रकृतिसँग संयोग हुने उनै हुन्। उनै परमात्मा हुन् किनभने उनी सबै जगत्‌का मूल कारण तथा मूल आत्मा हुन्। उनी अव्यक्त हुन् किनभने उनैबाट जगत् व्यक्त भयो तर उनलाई व्यक्त गर्ने अरू कोही छैनन् अर्थात् उनी परम-सूक्ष्म मूल तत्त्व हुन् जसलाई इन्द्रियद्वारा ज्ञात गर्न सकिँदैन। उही एक बीज हो अर्थात् मूल बीज हो जसबाट सारा जगत् उत्पन्न भयो। अतः उही विश्वदेव हुन् अर्थात् जगत्‌का अधिपति ईश्वर हुन्। उही मात्र एकतत्त्व हो जसबाट अनेक कुराहरू उत्पन्न भए। अतः उसैलाई एक वा अनेक भनेका हुन्। त्यस्तै उही एक तत्त्व नै सबैका आत्मा भएकोले उसैलाई एकात्मा वा परमात्मा भनियो। उही एक सूक्ष्मतत्त्वबाट विराट ब्रह्माण्ड बनेकोले उही सूक्ष्मभन्दा सूक्ष्म तथा स्थूलभन्दा स्थूल हो।

उहाँ फेरि अध्याय ६ मा भन्नु हुन्छ– माया निमित्त मात्र हो, त्यो पनि आत्मामा आश्रित छ। अर्थात् जगत्‌को सही कारण माया होइन, माया निमित्त मात्र हो। सही कारण त आत्मा (ईश्वर) हो जसबाट आफ्नो शक्ति माया साधनको रूपमा प्रयोग भै जगत्‌को विस्तार हुन्छ। यो कुराले साङ्ख्य दर्शनको प्रकृतिकारणवादलाई खण्डन गर्दछ। जसरी लेखक कलमद्वारा लेख्दछ, यहाँ कलम निमित्त मात्र हो लेखको आत्मा होइन। लेखको आत्मा त लेखक नै हुन्। त्यस्तै जगत्‌को आत्मा महेश्वर हुन् तथा माया (प्रकृति) ती ईश्वरको जगत् रचना गर्ने साधन मात्र हुन्। अतः माया जगत्‌को आत्मा नभई यो पनि स्वयं त्यही आत्मामा आश्रित कुरा हो, अर्थात् माया ईश्वर अधीनस्थ कुरा हो। यो मायाको आदि अन्त्य छैन तथा यो सधैं शक्तिको रूपमा अव्यक्तमा आश्रित छ। अव्यक्तको अर्थ, जुन कुरा कसैबाट व्यक्त हुँदैन अर्थात् उत्पन्न हुँदैन तर जसबाट अरू कुरा

भने व्यक्त हुन सक्तछ वा उत्पन्न हुन सक्तछ त्यही अव्यक्त हो। यस अर्थमा आत्मा अव्यक्त हो। किनभने यो नै परम तत्व हो, जुन अरूबाट व्यक्त भएको होइन तर यसबाट अरू कुरा व्यक्त हुँदै संसारको विस्तार हुन्छ। अतः यो माया अव्यक्त आत्मामा आश्रित छ। अव्यक्त आत्मा ब्रह्म हो। अतः अव्यक्त ब्रह्मबाट जगत् उत्पन्न भएको मानिन्छ। अव्यक्त ब्रह्म नै सबै जगत्को आत्मा भएकोले यो अव्यक्तलाई जगत्को कारण पनि भनिन्छ। त्यस्तै यही अव्यक्तमा माया आदि अनेक शक्ति स्थित भएका छन्। यसैले अव्यक्तलाई परमतत्व भनिएको हो। यहाँ सम्झनु पर्ने कुरा एउटा यो पनि हो कि सांख्यले प्रधान प्रकृतिलाई नै अव्यक्त मानेर जगत्को कारण मानेको छ तर वेदान्त र शिव–दर्शनले ब्रह्म वा आत्मालाई अव्यक्त मानेर प्रधान प्रकृतिलाई ती अव्यक्तको शक्ति मात्र मानेको छ।

अध्याय १० मा भगवान् शङ्कर परम तत्वबारे भन्नु हुन्छ– अलिङ्ग (निराकार) स्वरूप अद्वितीय अव्यक्त लिङ्ग (सूक्ष्म तत्व) लाई नै ब्रह्म भनी निश्चित गरिएको छ। उही स्वयं ज्योति तथा परमतत्व स्वरूप परम आकाशमा व्यवस्थित छन्। ती परम पद, निर्गुण शक्ति विज्ञान स्वरूप, अविनाशी तथा अव्यक्त कारण स्वरूप हुन्। आदि मध्य तथा अन्तले रहित ती अद्वितीय तत्व स्वरूप परम शिव हुन्। उनी महादेव ईश्वर हुन्।

अर्थात् त्यो तत्व जो सब जगत्का आत्मा हुन् त्यसलाई नै ब्रह्म भनेर सम्बोधन गरिएको हो। परम आत्मा ब्रह्मको कुनै आकार छैन तथा ती समानको दोस्रो कुनै कुरा पनि छैन। ती परम तत्व परम आकाशमा व्यवस्थित छन्। अर्थात् परम आकाश नै ब्रह्मको विशेष तत्व हो। किनभने आकाश तत्वबाट वायु, वायुतत्वबाट तेज,तेजतत्वबाट जल, जलतत्वबाट पृथ्वीतत्वको उत्पत्ति भएको मानिन्छ। अतः परम आकाश नै महाभूतहरूको आत्मा हो भने ब्रह्म नै परम आकाशको पनि आत्मतत्व हो। अतः ती परम तत्व, परम पद, शुद्ध विज्ञान, निर्गुण शक्ति, अविनाशी अव्यक्त ब्रह्म नै जगत्का कारण हुन् तथा सबैका परम आत्मा हुन्। यस प्रकार ती परम तत्व ब्रह्मको प्रारम्भ, मध्य तथा अन्त पनि छैन अर्थात् यो नै सनातन तथा शाश्वत कुरा हो। यस प्रकारको यो अद्वितीय आत्मतत्व ब्रह्म परम शिव हो। शिवको अर्थ ज्ञान हो। ब्रह्मलाई शिव भन्नुको तात्पर्य हो ब्रह्मको मात्र अस्तित्व छ जगत्को छैन अतः ब्रह्म नै जान्नुयोग्य कुरा हो। अरू जानिदैमा ज्ञानी बनिदैन। अर्थात् ब्रह्म स्वयं ज्ञान हो। अतः ब्रह्म शिव हो। अर्को शब्दमा, आत्मा, ब्रह्म तथा शिव भन्नु उही कुरा हुन्। यही आत्मतत्व शिवलाई फेरि महादेव ईश्वर अर्थात् महेश्वर पनि भन्दछन् किनभने उही परम आत्मतत्व ब्रह्म निर्गुण

निराकार हुन् भने उनैका निराकार तर सगुण तत्व महेश्वर हुन्। जसबाट प्रकृतिका सत्व, रज, तम अर्थात् सृष्टि, स्थिति, लय जस्ता त्रिगुण सञ्चालन भै जगत्-कार्य सम्पन्न हुन्छ।

यथार्थमा प्रकृतिलाई परमात्माको शक्तिको रूपमा लिइन्छ। शक्ति नै ईश्वर हुन् अतः ईश्वरको पनि ईश्वर अर्थात् प्रकृतिका पनि नियन्ता महेश्वर हुन् भनिएको हो। प्रकृति त्रिगुणात्मक हुन् अर्थात् सत्व, रज र तमले युक्त छन्। सत्व गुणलाई सृष्टि– शक्ति, रजोगुणलाई पालन– शक्ति तथा तमोगुणलाई लय–शक्ति भनिन्छ। अतः प्रकृतिलाई त्रिशक्तिमय वा त्रिशक्त्यात्मक पनि भनिन्छ।प्रकृतिका यी ३ शक्तिहरूमध्ये प्रत्येक शक्तिलाई ईश्वरको रूपमा मानिन्छ। जस्तै सृष्टि–शक्तिलाई ब्रह्मा पालन- शक्तिलाई विष्णु तथा लय-शक्तिलाई रुद्र नामकरण गरिएका छन् अतः ब्रह्मा, विष्णु, रुद्र यी तीन आपना विषयका विशेष शक्तिका प्रतीक भएकाले यिनीहरूलाई पनि ईश्वर भन्दछन् तर यिनीहरूका पनि नियन्तालाई महेश्वर भनियो। ती महेश्वर शिव हुन् अर्थात् निर्गुण शिवका सगुण स्वरूप महेश्वर हुन्।

अध्याय ११ (योग) मा भगवान् शङ्कर भन्नु हुन्छ– ॐकार बोध हुने शाश्वत तत्वलाई अच्युत शिव भनिन्छ। यो अव्यक्त प्रकृतिमा लीन परम तत्व, आत्माको आकार, निरन्जन महेश्वरलाई ध्यान गरून्। सम्पूर्ण जगत् लिङ्गमय (ईश्वरको प्रतीक स्वरूप) हुन्। र सबै संसार लिङ्ग (ईश्वरको प्रतीक वा ईश्वरीयतत्व) मा नै प्रतिष्ठित छन्।

यहाँ भगवान् शङ्करले अझ खुलस्त हुने गरी शिवलाई ॐकारको प्रतीकद्वारा बोध गराउन प्रयास गर्नु भएको छ। ॐकारको अर्थ हो अ, उ, म, बिन्दु, नाद अर्थात् सृष्टि, स्थिति, लय, तिरोभाव, अनुग्रह। यसको तात्पर्य हो प्रत्येक कुरा उत्पन्न हुन्छ, उत्पन्न भएर आपनो समयसम्म रहिरहन्छ, फेरि नाशिंदै जान्छ र अन्तमा नाश हुँदै अदृश्य भएर जान्छ। यसैलाई जगत् भनिन्छ। यसप्रकार जगत् चलिरहनु परमेश्वरको अनुग्रह हो। यही ॐकारको कुरा शाश्वत कुरा हो किनभने यही कुरा अनादि समयदेखि अहिले सम्म चलिरहेछ र यसरी नै अनन्त कालसम्म चलिरहनेछ। यस प्रकारको व्यवस्था कहिल्यै च्युत हुँदैन। अतः यही अच्युत शाश्वत कुरा तथा त्यस कुराको ज्ञानलाई शिव भनिन्छ। सृष्टि पनि शिव, स्थिति पनि शिव, लय पनि शिव, तिरोभाव पनि शिव, अनुग्रह पनि शिव हुन्। यस प्रकारको जुन बोध हो त्यो पनि शिव। जस्तो साङ्ख्यको अर्थ सम्यक ख्यानम् (विवेक ख्याति) अर्थात् अन्तर्ज्ञान वा प्रज्ञा हो, जस्तो योगको अर्थ अन्तर्योग वा

अन्तर्ज्ञान हो, जस्तो वेदको अर्थ ज्ञान हो, जस्तो बुद्धको अर्थ बोध वा ज्ञान हो, त्यस्तै शिवको अर्थ पनि ज्ञान अर्थात् आत्मज्ञान वा ब्रह्मज्ञान मानिन्छ। शिव शब्द वसकान्त धातुबाट बनेको भनिन्छ जसको अर्थ ज्ञान भनेर मानिन्छ। (नेवारी भाषामा पनि शिवको अर्थ ज्ञान वा ज्ञानी भन्ने झल्किन्छ। किनभने शियेको अर्थ जान्नु हो। पुरानो नेवारीमा शिव वा सिव तथा आधुनिक नेवारीमा भिउको अर्थ जान्दछ र सिवह्म वा सिउह्मको अर्थ जान्ने वा ज्ञानी हो।तर नेवारीमा श र स को भेद नभएकोले शिको सट्टा सि लेख्ने चलन छ।) अतः शिवको अर्थ तत्वको रूपमा ब्रह्म हो भने परिचयको रूपमा आत्मा अनि भावको रूपमा ज्ञान मानिन्छ।

खासगरी माथिको वर्णनमा भगवान् शङ्करले शिवलाई महेश्वर अर्थात् जगत्को नियन्ता भनी व्याख्या गर्नु भयो भने यो सूत्रमा शिवलाई अच्युत भनी बोध गराउनु भयो। अर्थात् जगत्, जगत्को नियन्ता र जगत्को व्यवस्था यी तीनैवटा त्यही प्रकारले चलिरहने कुरा हुन्। यी तीनवटामा कहिल्यै कुनै च्युत हुँदैन। यस प्रकारका अच्युत नै शिव हुन्। यसप्रकारका ती अच्युत शिव नै परम तत्व हुन्। ती परमतत्व शिव जब आफ्नै शक्तितत्व अव्यक्त प्रकृतिमा लीन रहन्छन् जसबाट जगत्को उत्पत्ति हुन्छ त्यसबेला उनी जगत्को नियन्ता बन्दछन्। जगत्को नियन्ता भएकोले शिवलाई महेश्वर भनिन्छ। त्यस्तै परम तत्व भएकोले जगत्का आत्मा हुन्। आत्मा भएकोले ती निरन्जन निराकार हुन्। शिवका निर्गुण र सगुण दुई अवस्था पनि छन् र प्रकृतिमा लीन नहुने अवस्थालाई निर्गुण अवस्था भनिन्छ भने प्रकृतिमा लीन भएको अवस्थालाई सगुण अवस्था भनिन्छ। निर्गुण अवस्थाबाट सगुण अवस्थामा उत्रने शिवलाई नै महेश्वर भनिएको हो। वास्तवमा महेश्वर नै जगत्का नियन्ता हुन्। अतः यस्ता अव्यक्त प्रकृतिमा लीन हुने परमतत्व, आत्माको आकार, निरन्जन महेश्वरलाई ध्यान गर्नु राम्रो हुनेछ। यसबाट अनुभूति हुनेछ कि सम्पूर्ण जगत् लिङ्गमय हो अर्थात् सबै संसार परम तत्वले युक्त छ। सबै परमात्माकै प्रतीक हुन्, चिह्न हुन्। परमतत्वबाट अलग कुनै कुरा छैन। सबै जड तथा चेतन वस्तु उनै परमात्मा परमतत्वबाटै विस्तार भएका हुनाले जड वस्तु पनि उही आत्मा तथा चेतन वस्तु पनि उही आत्मा हुन्। त्यस्तै जगत्को आधार ईश्वर पनि आत्मा, जगत् पनि आत्मा हुन् अतः जहाँ पनि आत्मा ईश्वर, जे पनि आत्मा ईश्वर, सर्वत्र सबै ईश्वर परमात्मा भनिएको हो।

यसप्रकार परमात्मा शिवलाई तत्वतः जगत्को कारण ब्रह्मको रूपमा र ब्रह्मको कार्य जगत्को रूपमा अध्ययन गर्न सकिन्छ जुन सारांशमा यसरी व्यक्त गर्न सकिन्छ–

ब्रह्म नै शिव हो:– कुनै पनि कुराको कारण हुन्छ । यस सिद्धान्त अनुसार जगत् हुनाको पनि कुनै कारण हुनु पर्दछ । अतः जुन कुराबाट जगत् हुन आयो त्यही जगत्को कारण हो अर्थात् सृष्टिको पूर्व जुन कुरा थियो त्यही जगत्को कारण हो । वेद वेदान्तको मत अनुसार जुन कुरा जगत्को कारण हो त्यसैलाई ब्रह्म भनिन्छ । अझ भनुं, यो जगत् जसबाट उत्पन्न हुन्छ र उत्पन्न भएर फेरि जसमा जीवित भैरहन्छ तथा पछि नाश हुँदै जसमा विलीन भएर जान्छ त्यसैलाई ब्रह्म भनिन्छ । वेदमा शिवलाई पनि सर्वव्यापी र सबका आत्मारूप मानेको छ । सोही अनुरुप शिव मत अनुसार सृष्टिको पहिले सत् र असत् दुवै थिएन, केवल शिव थियो । जुन कुरा सदा रहन्छ त्यो अपरिणामी हो, त्यही सत् हो । अतः सत् नित्य तथा कहिल्यै नाश नहुने कुरा हो । त्यस्तै जुन कुरा परिणामी छ, अनित्य छ, परिवर्तन भैरहन्छ, रूप बदलिरहन्छ त्यही असत् हो । चेतन अपरिणामी भएकोले यो नित्य तथा सदा एक रूप हुन्छ । अतः चेतनलाई सत् भनिन्छ । तर जड कुरा परिणामी भएकाले अनित्य तथा बदलिरहन्छ अतः जडलाई असत् भनिन्छ । यस जगत्मा यिनै दुई कुरा हुन्छन्– चेतन (सत्) र जड् (असत्) । जुन समयमा यी दुवै कुरा थिएन त्यसबेला केवल शिव थियो । अतः शिव जगत्को कारण मानिन्छन् । अर्थात् यो जगत् शिवबाट उत्पन्न हुन्छ, उत्पन्न भएर शिवमा नै जीवित भैरहन्छ तथा पछि नाश हुँदै शिवमा नै विलीन भएर जान्छ । यसरी जगत्को कारण ब्रह्म अथवा शिव मानिएकोले ब्रह्म नै शिव मानिएको हो ।

शिव तत्व– यथार्थमा जुन कुरा जुन तत्वबाट उत्पन्न हुन्छ त्यही त्यसको आत्मा हो ।अतः जुन तत्वबाट यो जगत् उत्पन्न भयो त्यही तत्व जगत्को आत्मा हो । जगत्को आत्मा भएकोले त्यो तत्व सबैको परम आत्मा मानियो । जगत्को आत्मा भन्नु र जगत्को कारण भन्नु उही कुरा हो । जगत्को कारण ब्रह्म भनिएकोले जगत्को आत्मा पनि उही परमतत्व ब्रह्म भन्नु पर्दछ । ब्रह्म र शिव उही तत्व मानिएकोले शिवलाई परब्रह्म परमात्मा मानिएको हो । ती परमात्मा (शिव) को शक्तिलाई प्रकृति भनिन्छ । शक्ति भन्ने कुरा शक्तिमान्को आफ्नै अंश भएकोले प्रकृति पनि परमात्माकै अंश हुन् । परमात्माको अंश स्वरुप यस प्रकृतिलाई माया पनि भनिन्छ । यो प्रकृति कहिलेदेखि प्रारम्भ भयो तथा कहिले यसको अन्त हुन्छ त्यो कुरा कसैले भन्न नसकिने भएकोले प्रकृतिलाई आदि र अन्त नभएको अर्थात् अनादि र अनन्त भनी बताइएको छ । परम आत्मा ब्रह्मको यो शक्ति प्रकृतिलाई कोही ब्रह्मबाट अभिन्न मान्दछ भने कोही भिन्न तथा यसलाई कोही सत् मान्दछ भने कोही असत् पनि मान्दछन् । प्रकृतिको विकृति यो जगत् परिवर्तनशील

भएकोले कोही यसलाई असत् मान्दछन् भने जगत् प्रत्यक्ष देखिने कुरा भएकोले यो सत् हो भनेर मान्ने पनि छन् ।

खासगरी परब्रह्मस्वरूप परमात्मा शिवका दुई तत्वहरू छन्, एक प्रकृति रहित ब्रह्म अर्को प्रकृति सहितको ब्रह्म। प्रकृति रहित ब्रह्मलाई निर्गुण ब्रह्म भनिन्छ भने प्रकृति सहितको ब्रह्मलाई सगुण ब्रह्म भनिन्छ । सगुण तथा निर्गुण ब्रह्मलाई सदाशिव भनिन्छ । प्रकृति सहितको ब्रह्म अर्थात् सगुण ब्रह्म नै प्रकृतिको खास अवस्था हो । यो सगुण ब्रह्म पनि दुई प्रकारको छ, निराकार सगुण ब्रह्म र साकार सगुण ब्रह्म । निराकार सगुण ब्रह्मलाई सगुण शिव वा महेश्वर भन्दछन् । यो सर्वव्यापी निराकार महेश्वर नै यथार्थमा सृष्टिकर्ता हुन् । यिनै निराकार महेश्वर स्वयंबाट साकार सगुण (त्रिगुण) ब्रह्म उत्पन्न हुन्छ अर्थात् सृष्टि, स्थिति र लय जस्तो सत्व, रज, तम, अथवा त्रिगुणात्मक प्रकृतिको व्यवस्था हुन्छ । सृष्टिको कार्यलाई ब्रह्मा, पालनलाई विष्णु तथा लयलाई रुद्र संज्ञा दिइएको छ । यी तीनै तत्व साकार सगुण ब्रह्म मानिन्छन् । यसैलाई त्रिगुणात्मिका प्रकृति भनिन्छ। यसरी परब्रह्म, निर्गुण ब्रह्म, सगुण ब्रह्म, निराकार सगुण ब्रह्म तथा साकार सगुण ब्रह्म गरी ५ प्रकारले विभक्त भएका परात्पर परब्रह्म परमात्मालाई नै शैवहरू शिव मान्दछन् । अतः १ शिव–परब्रह्म, २. सदाशिव–निर्गुण ब्रह्म, ३. महेश्वर–सर्वव्यापी, निराकार, सगुण ब्रह्म तथा ४. ब्रह्मा, विष्णु, रुद्र यी तीन साकार सगुण ब्रह्म हुन् अर्थात् सदाशिव, महेश्वर, ब्रह्मा, विष्णु र रुद्र यी पाँचै शिवका स्वरूप भनिन्छन् । साथै लोकमा प्रादुर्भाव हुने शिव पनि साकार शिव नै मानिन्छन् ।

अर्थात् परब्रह्म शिवको समष्टिरूपमा गणना हुन्छ भने ती समष्टिरूप परब्रह्म शिवलाई निर्गुण ब्रह्म सदाशिव र अर्को सगुण ब्रह्म महेश्वरमा विभाजन गरियो। त्यस्तै सगुण ब्रह्म महेश्वरलाई पनि १. निराकार सगुण महेश्वर र २ साकार सगुण महेश्वरमा विभाजन गरियो। सगुण साकार महेश्वर नै प्रकृति हो। अर्थात् सगुण निराकार महेश्वरका शक्ति (प्रकृति)लाई सगुण साकारको रूपमा मानियो। अर्को शब्दमा भनुं भने त्यो शक्ति सृष्टिकर्ता ब्रह्मा, स्थितिकर्ता विष्णु र लयकर्ता रुद्रको रूपमा मानियो । भगवान् शङ्कर ईश्वर–गीताको चौथो अध्यायमा भन्नुहुन्छ– "म (महेश्वर) मा अधिष्ठित तथा मेरो स्वरूपमा एक शक्ति ब्रह्माको रुप लिएर विविध जगत्को सृष्टि गर्दछ भने अर्को विपुल शक्ति अनन्त विष्णुको रूप लिएर जगत्लाई संस्थापन गर्दछ त्यस्त काल नामक तेस्रो शक्ति, ठूलो तामसी शक्ति रुद्ररूप लिएर सकल जगत्लाई संहार गर्दछ ।" सृष्टिकार्य हुनु सगुण हो र यसलाई सत्वगुण मानियो साथै सृष्टिको प्रत्येक कुराको आकार पनि हुन्छ। त्यस्तै

सृष्टि भएका प्रत्येक कुराको पालन भैरहेको हुन्छ अथवा आयु रहेको हुन्छ जसलाई रजोगुणमा लिइन्छ र पालन अवस्थामा पनि प्रत्येक कुराको आकार हुन्छ। त्यस्तै प्रत्येक सृष्टिको लय पनि भैरहेको हुन्छ जसलाई तमोगुणमा लिइन्छ र प्रत्येक लय हुने कुराको पनि आकार नै हुन्छ। यथार्थमा ब्रह्मा, विष्णु र रुद्रको जुन चित्र हामी देख्तछौं त्यसैलाई आकार भनेको भनेर मान्नु ठीक देखिँदैन। किनभने त्यस प्रकारको चित्रको आकार त स्वयं महेश्वरको पनि नभएको होइन तर महेश्वरलाई भने निराकार नै भनिएको छ। अतः यहाँ आकारको अर्थ ब्रह्मा, विष्णु तथा रुद्रका चित्रहरू नभई स्वयं सृष्टि सम्बन्धी शक्तिका कुराहरूको नै रूप वा आकार सम्झनु राम्रो हुनेछ। त्यस्तै यी चित्रहरू खास गरी त्यस प्राचीन कालका ब्रह्मवादीहरूका वरिष्ठ गुरू ब्रह्मा, त्यस्तै कश्यप ऋषिकी पत्नी अदितिको गर्भबाट जन्मेका १२ आदित्यहरू मध्येका एक जना छोरा विष्णु तथा कश्यप ऋषिकै अर्की पत्नी सुरभिका छोरा रुद्र, यी तीन पुरुषहरूका सम्बन्धमा कलाकारहरूले तयार पारेका चित्रहरू भनेर मान्नु उपयुक्त हुनेछ। अतः जुन सृष्टि (जगत्) कार्य हो त्यसको कारण ब्रह्म भएकोले नै त्यस सृष्टि शक्तिलाई ब्रह्मा भन्ने संज्ञा वा पद (शब्द) दिइएको त्यस्तै स्थितिको कार्य शक्तिलाई विष्णु भन्ने पद (शब्द) दिएको पनि विष्णुको अर्थ व्यापक भएकोले हुनुपर्छ। किनभने सृष्टिकार्य व्यापक र अनन्त छ। अनि लय हुने कार्यलाई रुद्र भन्ने पद (शब्द) प्रयोग गरिएको पनि रुद्रको अर्थ संहार भएकोले हो भनेर मान्नु पर्दछ। अतः जगत् रचनासँग सम्बन्धित महेश्वर, ब्रह्मा, विष्णु, रुद्र यी चारै जगत्–कार्य–शक्ति विशेषका उपाधि हुन् यसरी जुन तत्वबाट वा जसबाट सृष्टिको सञ्चालन हुन्छ त्यसैलाई जगत्को कर्ता मानियो, उसैलाई महेश्वर भन्ने उपाधि दिइयो। ती परम तत्वको शक्तिलाई नै प्रकृति वा माया भनियो। त्यस्तै ती शक्तिबाट सृष्टि, स्थिति र लयका कार्यहरू जुन हुन्छन् ती कार्यहरूलाई नै क्रमशः ब्रह्मा विष्णु र रुद्रको उपाधि मान्नु राम्रो हुनेछ। अतः जगत्को आकार हुन्छ तर जसबाट जगत् रचना हुन्छ ती परम अव्यक्त हुन्। अतः उनको आकार हुँदैन उनी निराकार नै हुन्। त्यस्तै ती अव्यक्त तथा निराकारका शक्ति प्रकृति पनि अव्यक्त र निराकार नै हुन्। तर जब परमतत्व सक्रिय हुन्छ त्यसको शक्ति आफ्नो साम्य अवस्थाबाट त्रिगुणात्मक अवस्थामा परिवर्तन हुन्छन् तब प्रकृतिबाट कृति अर्थात् जगत् कार्यहरू शुरू हुन्छन् जसबाट सगुण साकारको क्रम शुरू हुन्छ। यही हो निर्गुण निराकार तथा सगुण साकारको वास्तविकता।

परमतत्व शिव नै जगत्कर्ता (महेश्वर) हुन् भने ती शिव नै जगत्का

द्रष्टा (आत्मा) हुन् तथा उनीनै भोक्ता पुरुष (जीवात्मा) हुन् भने उनीनै भोग गरिने कृति पनि हुन्। अर्थात् ती शिव नै नियन्ता, उनी नै भोक्ता, उनी नै भोग हुन्, त्यस्तै उनी नै बन्धन गर्ने, उनी नै बन्धन र ती नै पाश तथा ती नै पशु हुन्। यही हो परमात्मा शिव सम्बन्धी दर्शनको सार कुरा।

२. देवता रुद्र

(क) शङ्कर रुद्र

ि

प्रा
प्रा
क
हु
तप
पर
देव
तप
सिन
यिन
होस
हुँदा
वान
शि
गर्भ
रुद्र
भए
१.
६.
११.

देवत

शङ्कर रुद्र

शिव रुद्र नामले प्रादुर्भाव हुनु

शिव पुराणको शतरुद्रसंहितामा परमात्मा शिव रुद्र नामले यस लोकमा प्रादुर्भाव हुनु भएको वर्णन उल्लेख गरिएको छ जसको सारांश यसप्रकार छ– प्राचीन कालमा सुरहरू दैत्यहरूद्वारा हारेपछि तिनीहरू अमरावतीबाट भाग्दै कश्यप ऋषि (मरीचि ब्रह्माका छोरा) को शरणमा गए । मुनि कश्यपले सुरहरूलाई रक्षा गर्न काशीमा गई विश्वेश्वर भगवान्को शिवलिङ्ग स्थापना गरी ठूलो तपस्या गरे । यसरी धैर्यपूर्वक गरेको उनको तपस्यामा धेरै समय बितेपछि उनले परमात्मा शिवको दर्शन पाए । ती महेशलाई प्रणाम गर्दै कश्यप ऋषिले बिन्ती गरे–हे देवाधिदेव महेश्वर सबैका परमात्मा! तपाईंलाई ध्यानयोगले मात्र प्राप्त गर्न सकिन्छ। तपाइं अद्वैत तथा अव्यय हुनुहुन्छ । तपाईं बललाई अवरोध गर्ने, दीनवन्धु, दयासिन्धु र भक्तको रक्षा गर्ने हुनुहुन्छ । हे प्रभु ! यी सबै सुरहरू तपाईंका भक्त हुन् । यिनीहरू दैत्यहरूद्वारा पराजित भई अति दुःखी भैरहेछन् । यिनीहरूको रक्षा गर्नुहोस् । तिनको यस्तो प्रार्थनाले भगवान् शिवबाट "यसै हुनेछ" भन्ने आज्ञा भएको हुँदा कश्यप ऋषि खुशी हुँदै छिट्टै आपनो स्थानमा गई देवताहरूलाई आफूले भगवान् शिवको दर्शन पाएको सबै वृतान्त सुनाए । त्यसपछि सबैको कल्याण गर्ने उही शिव आपनो वचन सत्य सावित गर्नको लागि कश्यप मुनिकी पत्नी सुरभिको गर्भबाट एकादश स्वरूपवान् रुद्र (एघार स्वरूप भएका वा एघार नामधारी रुद्र) देवता भई जन्मनुभयो । उस समयमा सर्वत्र ठूलो महोत्सव भयो । प्रसन्न भएका सुरगण र कश्यप मुनिले पनि उत्सव मनाए । ती रुद्रका एघार नाम हुन्– १. अजैकपाद, २. अहिर्बुध्न्य, ३. कपाली, ४. पिनाकी, ५. पिङ्गल ६. विरूपाक्ष, ७. विलोहित, ८. शम्भु, ९. शास्ता, १०. हर (भव), ११. त्रिअम्बक (भीम) । सुरभिका छोरा सम्झिएका ती एकादश रुद्र (एघार

नामधारी रुद्र) देवकार्य सम्पन्न गर्नको लागि उत्पन्न भएका शिवकै रूप हुन्। कश्यप ऋषिको सन्तान ती रुद्र वीर पराक्रमी भएकोले संग्राममा दैत्यहरूलाई हराई देवताहरूको मद्दत गर्ने भए। यसरी ती रुद्रको कृपाले देवगण निर्भय भई दैत्यहरूमाथि विजय गरी स्वस्थ मनले (आनन्दपूर्वक) रहन पाए।

कूर्मपुराण– पूर्व विभागको ७ औं अध्यायमा उल्लेख भए अनुसार प्रजापति ब्रह्मा (प्रजाहरूको व्यवस्था गर्ने तथा ब्रह्माको उपाधि पाएका प्रमुख ब्रह्म ज्ञाता) ले पहिले आफू समानका मानसहरू (मनद्वारा छोरा जस्तै ठानिएका चेलाहरू)- सनक, सनातन, सनन्दन, ऋभु र सनत्कुमार बनाउनु भयो (वामन पुराणको ३४ औं अध्याय अनुसार सनत्कुमार, सनातन, सनक र सनन्दन यी चार जना महात्मा धर्मकी स्त्री अहिंसाबाट जन्मेका छोराहरू हुन्)। तर ईश्वरमा आसक्त मन भएका तथा उत्कृष्ट वैराग्ययुक्त यी ५ योगीहरूले सृष्टिको कार्यमा चित्त नलगाएकाले सृष्टि कार्यमा मोहित हुनु भएका ती ब्रह्माले सृष्टि गर्ने इच्छाले उत्कृष्ट तप गर्नु भयो। तर तप गरेर उहाँलाई केही प्राप्त भएन। त्यसबाट उहाँलाई दुःख र दुःखको कारण क्रोध उत्पन्न भयो तथा आफ्नो आँखाबाट आँशुका थोपा झर्न थाले। १० औं अध्याय अनुसार यसरी दुःखबाट क्रोध र क्रोधबाट आँशु झरेपछि क्रोधाविष्ट प्रजापतिले आफैले आफूलाई निन्दा गरी प्राण त्याग गरे।

त्यसपछि (केही कालपछि) प्रभुको मुखबाट (शिवले कश्यप ऋषिलाई दिएको बचनबाट ?) सहस्र सूर्य समानका प्राणमय (प्राणीको रूप लिएका) रुद्र प्रादुर्भाव (पैदा) हुनु भयो। ती देवाधिदेव शिव (रुद्र) स्वयं सुस्वरमा (मिठो स्वरमा) अति रोदन गर्न लाग्नु भयो (अर्थात् केही कालपछि देवता रुद्र पैदा भए जो अति आकर्षक स्वरले रुनु भयो)। रुन लागेकोलाई ब्रह्मा (कश्यप अथवा ब्रह्मवादीहरूका तत्कालीन प्रमुख गुरु)ले भन्नुभयो– नरोउ, रोदन गरेको कारण तिमी लोकमा रुद्र भनी प्रख्यात हुनेछौ। त्यसपछि ती लोक पितामह (गुरुब्रह्मा) ले अरू थप सात नामहरू– भव, शर्व, पशुपति, भीम, उग्र, महादेव तथा ईशान पनि प्रदान गर्नु भयो। १. भव– समस्त जगत्‌लाई जीवित राख्ने जल स्वरूप भएका परमात्मा शिवलाई भव भनिन्छ। यही भवको रूप हो। २. शर्व– शिव महेशको विश्वम्भर स्वरूप जुन यो सम्पूर्ण चर-अचर संसारलाई धारण गर्दछ उसैलाई शिवको शर्व रूप भनिन्छ। ३. पशुपति– पशु रूप जीवको पाश (बन्धन) फुकाउने समस्त आत्माका अधिष्ठाता तथा सम्पूर्ण क्षेत्रमा निवास गर्ने (अन्तरिक्ष क्षेत्रज्ञ) लाई पशुपति रूप भनेर जानिन्छ। ४. भीम– सबैलाई अवकाश दिने सर्वव्यापी आकाश स्वरूपलाई भीम (विशाल) भनिन्छ। यही भीम (पवन?)को रूप हो।

५. उग्र– स्वयं जगत्को भित्र बाहिर सर्वत्र स्थित भै विश्वलाई पालन र सञ्चालन गनलाई सज्जनहरू उग्र भन्दछन्। यही शिवको उग्र (अग्नि) रूप हो। ६. महादेव– जो विश्वलाई चन्द्र समान अमृतमय किरणद्वारा तृप्त गर्दछ शिवको त्यस रूपलाई महादेव (चन्द्रमा) भनिन्छ। ७. ईशान– जो सूर्यसमान भएर सारा जगत्मा प्रकाश प्रदान गर्दछ उसलाई ईशान (सूर्य) भनिएको हो। महेश्वरको यो रूप आकाशमा फैलेको हुन्छ।

शिवका यी अष्ट नामको व्याख्याबाट शङ्कर भगवान् जन्मनु हुँदा रोएकोले उहाँलाई गुरु ब्रह्मनले रुद्र भने तर रोएको त्यस बालकको अरू लक्षण विचार गर्दा यी व्यक्ति साधारण होइनन्, यिनी ता भूमि, जल, अग्नि, पवन, अन्तरिक्ष, सूर्य र चन्द्रमा जत्तिकै असाधारण हुने छन् र यिनी ईश्वरीय शक्तिले पूर्ण भै जन्मेका हुन् भनी गुरुले जानेपछि यी रुद्र (रोएको) लाई उनले पुनः भव, शर्व, पशुपति, भीम, उग्र, महादेव र ईशान नामहरू पनि प्रदान गरे भन्ने बुझिन्छ।

यसरी गुरु ब्रह्मनद्वारा नामकरण गरिएका रुद्रलाई पछि उहाँको स्वभाव र उहाँले गर्नु भएका विभिन्न कार्यहरूद्वारा उहाँलाई अन्य विभिन्न एकादश (एघार) नामहरू (अजैकपाद, अहिर्बुध्न्य, कपाली, पिङ्गल, पिनाकी, विरूपाक्ष, विलोहित, शास्ता, शम्भु, हर, त्रयम्बक) द्वारा पनि सम्बोधन गरिएको हुनुपर्दछ। शिवका सहस्र नामहरू पनि शिवका विभिन्न कार्यहरू, गुणहरू, स्वभावहरू आदिका साथै शिव सम्बन्धी स्थानहरू आदिबाट समेत सम्बोधित भएको पाइन्छ।

शिवद्वारा पूर्वजन्मको वर्णन

लिङ्गपुराणको प्रथम खण्ड १३ औं अध्यायमा उल्लिखित अलौकिक वर्णन अनुसार भने गोविन्द (नारायण) बाट ज्ञान प्राप्त गरी प्रजा सृष्टि गर्ने विचारले उग्र तपस्या गरेर त्यस तपस्याबाट केही फल ननिस्केको हुँदा ब्रह्मा बडो दुःखित भए। सोही दुःखले गर्दा झरेको तिनको आँशुबाट सर्परूपी क्रोध उत्पन्न भयो। त्यो देखेर तिनले आफैलाई निन्दा गर्दै भने–धिक्कार छ मेरो तपलाई जसबाट यस्तो फल (क्रोध) उत्पन्न भयो। यस क्रोध र अमर्श (तिरस्कार) ले गर्दा तिनलाई तीव्र मूर्छा भई आखिर प्राण नै छोडे। त्यसपछि अप्रतिम (अद्वितीय) वीर्य भएको तिनको देहबाट (मरीचि ब्रह्माको छोरा कश्यपबाट ?) करूणापूर्वक रोदन गर्दै एकादशरुद्र निस्के। रोएकोले नै रुद्रत्व उत्पन्न हुन गयो। जो रुद्र हुन् सो नै (ब्रह्माको) प्राण तथा जो

प्राण हो सो तिनको आत्मा (स्वरूप) हो। प्राणधारीको प्राण जान्नयोग्य हुन्छ जुन समस्त प्राणीहरूमा अवस्थित छ। त्यस रुद्रको अति उग्र तथा महत्वपूर्ण साधु आचार छ। नीललोहित भगवान् त्रिशूलीले (शिवले) ब्रह्मालाई उनको प्राण (आत्मक) दिनु भयो। सो पाएर भगवान् ब्रह्माले (कश्यपऋषिले ?) देवाधिदेवलाई प्रणाम गर्दै गायत्रीद्वारा ती सर्वलोकमय विश्व ईश्वरलाई दर्शन गरी स्तुति गरे। त्यसपछि अत्यन्त विस्मित भएका ब्रह्माले भगवान्‌लाई भने– हे विभो ! हजूरको सद्यादि रूपहरू कसरी भएका हुन् कृपया बताउनु होस्।

ब्रह्माको वचन सुनी भगवान् भव (रुद्र) ले ब्रह्मालाई ब्रह्मरूप प्रबोध गराउँदै भन्नुभयो – श्वेत कल्पमा श्वेत मालाधारी, श्वेत अम्बरको वस्त्रधारी तथा श्वेत शरीर भएको म श्वेतलोहित नामको थिएँ। त्यस समय गायत्री ब्रह्मसंज्ञा नामकी थिइन्। आफ्नो तपको प्रभावले सद्योजातत्व (सृष्टिको तत्काल जन्मेका पुरुषको भाव) प्राप्त भएको थियो। सद्योजात यो ब्रह्म जुन अति गुह्य छ यस गुह्यलाई जानेर द्विजातिगण मेरो समीपमा गमन गर्नेछन् र फेरि संसारमा यिनीहरूको पुनरावृत्ति हुने छैन। यसपछि पुनः लोहित नामको भएँ। मेरो कृति र वर्णनले त्यस कल्पलाई पनि लोहित कल्प भनियो। गायत्रीको नाम गौ थियो। त्यस समय लोहितत्व, (रक्तवर्ण) को विपर्यय (हेरफेर) भई म देवको वामत्व भएकोले वामदेवत्वमा प्राप्त भएँ। त्यहाँ पनि महासत्व नियतआत्मा तपाईंले त्यस भिन्न वर्णमा स्थित मलाई आफ्नो योगबलद्वारा ज्ञात गर्नु भएको थियो र यस भूतलमा म वामदेव भनी प्रख्यात भएँ। जो द्विजाति वामदेवत्वलाई ज्ञात गर्दछ उ रुद्रलोकमा जानेछ (मुक्ति प्राप्त गर्नेछ) तथा यस लोकमा उसको पुनरागमन हुने छैन।

त्यसपछि युगको क्रमले म पीतवर्ण भएको थिएँ। मेरो कृति र नामले पीतकल्प भनियो। तथा गायत्रीलाई पीतलोहिता भनियो। हे महासत्व ! उस समयमा पनि योगयुक्त चित्तद्वारा तपाईंले मलाई तत्पुरुष भनी जान्नुभयो। ब्रह्मसंगत भएका तपयुक्त मानिसले म रुद्र र रुद्रायणी गायत्रीलाई जानेमा रुद्रलोकमा गमन गर्नेछ। उसको यहाँ (संसारमा) पुनर्जन्म हुने छैन। फेरि जुन समयमा म भयानक कृष्ण वर्णको थिएँ त्यसबेला मेरो कृत्य र वर्णले कृष्णकल्प हुन गयो र म लोकलाई प्रकाश गर्ने काल नै थिएँ। त्यसबेला तपाईंले मलाई घोर तथा पराक्रमी भनी जान्नु भयो। मबाट प्रसव ग्रहण गर्ने गायत्री कृष्णाङ्गी कृष्णलोहिता थिइन्। त्यसैले घोरत्व प्राप्त मलाई भूतलमा जो जान्दछन् तिनीहरूलाई अव्यय म अघोर शान्त हुनेछु।

त्यसपछि हे ब्रह्मन् ! जब मैले विश्वरूपत्व प्राप्त गरें त्यसबेला पनि परम समाधिद्वारा तपाईंले मलाई जान्नु भयो। ती गायत्रीलाई विश्वरूपा भनियो। भूतलमा

जसले मलाई विश्वरूप भनी जान्दछन् उनीहरूलाई म सधैं शिव र सौम्य हुनेछु। चारलोक समानका मद्वारा ख्यातिप्राप्त छोराहरू पनि चारै छन् जुन सबै चारै- वर्णका प्रजाहरू हुन्। तिनीहरू धर्म अर्थ काम मोक्ष यी चार कुराहरूमा लाग्दछन्। प्राणीहरूको समूह पनि चार छन्। आश्रम पनि चार छन् र समस्त चराचर जगत् चार युगका अवस्थामा हुन्छन्। त्यसैले चार प्रकारबाट रहने चारपाद (भू, भव, स्वः, मह ?) अर्को चारलोक जनलोक, तपलोक, सत्यलोक र विष्णु (व्यापक) लोक हुन्। सत्यलोकमा पुगेपछि मानिसको संसारमा पुनरावृत्ति नहुने हुन्छ। तर यो भन्दापनि विष्णुलोकमा पुगेपछि पुनर्जन्म हुने नै छैन। फेरि अरू स्थानहरू रुद्रलोक, स्कन्द लोक, सोमलोक, सबै प्रकारका सिद्धि समन्वित हुन्छन्। रुद्रलोक त्यस्तो स्थान हो जहाँ ममतारहित, अहङ्कारशून्य, काम क्रोधले वर्जित तथा ध्यानपरायण द्विजले मात्र दर्शन गर्न सक्दछ।

जो तपद्वारा भावित आत्मा मलाई देख्दछ ऊ शिवत्व र ईशत्वमा सर्वत्र स्थित हुन्छ तथा रजोगण र तमोगुणबाट मुक्त हुँदै मानिसको शरीरलाई त्याग गरी मेरो समीप आउँछ र पुनः यस संसारमा आउने छैन। यसप्रकार रुद्रले ब्रह्मालाई बताएपछि ब्रह्माले प्रणाम गर्दै भने–हे भगवान्! तपाईंको लोक वन्दित- तनु (रूप अथवा शरीर) कुन समयमा, कुन युगमा, कुन तप तथा कुन ध्यानयोगद्वारा देख्न सकिन्छ? भगवान् शर्व (रुद्र) ले भन्नुभयो– ऋग, यजु तथा सामवेदद्वारा सम्भव हुनेछ। तर मलाई तप, वृत्त (यज्ञयागादि आचरणहरू), दान धर्मको फल, तीर्थफल तथा योग आदिद्वारा देख्न सकिन्न। वेद अध्ययन, वित्त (धन), वेदशास्त्र आदिद्वारा पनि मानिसले मलाई देख्न सक्तैनन्। केवल ध्यानद्वारा मात्र म देख्न सकिने हुन्छु।

हे पितामह! सप्तम वराहकल्पमा तपाईंको नाति वैवस्वत मनु हुनेछ। यो कल्पको चतुर्युगावस्थाको युगान्त कालमा लोकमा अनुग्रह गर्न तथा ब्राह्मणको हित गर्न युगको प्रवृत्तिबाट हुने प्रथम युगमा म उत्पन्न हुनेछु। त्यस समयमा योगात्मा, महात्मा र वेदपारगामी ब्राह्मणहरू महेश्वर योग प्राप्त गरी विमल ऊर्ध्वरेता भै रुद्रलोक प्राप्त गर्नेछन् र संसारमा फर्कदैनन्। यी पाशुपत योगका सिद्धहरू भस्मले धूलित हुन्छन् र शिवलिङ्गमा अर्चन गरी सधैं अन्तर्ब्रह्ममा रहन्छन्। ध्याननिष्ठ जितेन्द्रियहरू मलाई योगले भक्ति गर्दछन्। संसारको बन्धन छेदन गर्नको लागि तथा स्वरूपज्ञान सिद्धि गर्नको लागि ज्ञानमार्ग प्रकाश गर्ने पाशुपत योग महान् छ। हुनत योगका अनेक मार्गहरू छन् त्यस्तै ज्ञानमार्गहरू पनि धेरै छन्। तर ॐ नमः शिवाय–

पञ्चाक्षरी ज्ञान बिना कोही पनि निवृत्तिमा प्राप्त गर्न सक्तैनन् । यो पञ्चाक्षरी ज्ञान सहित जो सम्यक् भावले पाशुपत व्रत गर्दछ उसको दुर्गति कहिल्यै हुँदैन ।

शङ्कर रुद्र स्थाणु हुनु

कूर्मपुराण– पूर्व विभागको ७ औं अध्याय अनुसार ब्रह्माले शिव जन्मनु हुँदा रोदन गरेको कारण रुद्र भनेको र त्यसपछि अरू थप सात नामहरू– भव, शर्व, ईशान, पशुपति, भीम, उग्र तथा महादेव पनि प्रदान गरेका थिए । यसप्रकारका देवाधिदेव महेश्वर (रुद्र) ले प्रजाधर्म (गृहस्थ भई सामाजिक व्यवस्थामा रहनु) तथा काम (भौतिक इच्छा) त्यागेर वैराग्यको आश्रय ग्रहण गर्नु भयो र आत्मामा मन एकाग्र गरी श्रेष्ठ, अमृत स्वरूप, शास्वत, अक्षर ब्रह्मको आस्वादन गर्दै ऐश्वर्य-भावमा रहनु भयो। अर्थात् ती रुद्र ठूला भएपछि आत्मज्ञानमा लाग्नुभयो। यसपछि उहाँलाई ती ब्रह्माले विभिन्न प्रकारका प्रजाहरू बनाउनू भने । तर धर्मवाहन (वृषभ चढ्ने)शङ्कर (रुद्र)ले मनमा विचार गरी आफू जस्तै जटाधारी आतङ्करहित तथा त्रिनेत्र (ज्ञानचक्षु भएका) रुद्रहरू बनाउनु भयो । १० औं अध्याय अनुसार ती अनेक निर्मल तथा जरामरणबाट मुक्त रुद्रहरू (शिवका अनुयायीहरू)देखेर गुरुले हर (रुद्र) लाई भने– यस्तो मृत्युरहित प्रजा (निष्काम अनुयायीहरू) नबनाउनू, जन्म एवं मृत्युयुक्त अन्य प्रजाहरू बनाउनू । त्यसपछि कामशासन (इच्छालाई नियन्त्रण गर्ने) जटाधारी भगवान्ले भन्नुभयो– जरा-मरणले युक्त प्रजा बनाउँदिन । मसँग त्यस प्रकारको सृजना छैन । तपाईं नै यस्ता अशुभ (भौतिक इच्छामा लाग्ने) प्रजाहरू उत्पन्न गर्नु होला । त्यसै समयदेखि नै त्रिशूली महादेव (रुद्र) ले अशुभ (कामनायुक्त) प्रजाहरू बनाउनु भएन । आफ्ना ती रुद्रहरूकै साथ निवृतात्मा (भौतिक कर्मरहित) हुनुभयो । यसैबाट उहाँ-त्रिशूली स्थाणु (विभिन्न प्रजा नबनाउने सिद्धान्तमा निश्चल कर्मरहित निवृतात्मा) हुनुभयो ।

ब्रह्माले स्थाणु भएका ती त्रिनेत्र देवलाई मानस पुत्रहरू (रुद्रले बनाउनु भएका आफू जस्तै रुद्रहरू) सँग नै देखे । त्यसपछि ज्ञानचक्षुद्वारा हेर्दा उनी ईश्वर भावका रहेछन् भन्ने जानेर गुरु ब्रह्माले ती रुद्रको स्तुति गरे । अनि महादेवले ब्रह्मालाई दिव्य योग, ब्रह्म भावना, एवं वैराग्यको ज्ञान प्रदान गर्दै भन्नुभयो– हे

ब्रह्मन्! मलाई तपाईंको पुत्र (मन परेको शिष्य) बनाउने तपाईंको इच्छालाई मैंले पूरा गरी दिएँ। तपाईं (आफ्नो इच्छा अनुसार) विविध प्रकारको संसार बनाउनु होस् (अर्थात् तपाईंको इच्छा अनुसार मैले तपाईंलाई गुरु मानेर प्रजाहरू बनाएँ तर ती म जस्तै वैराग्यका अनुयायी छन्। गृहस्थमा बसी भौतिक संसारमा लाग्ने विभिन्न व्यवसायका मानिसहरू बनाउने भने मेरो इच्छा छैन तपाईंको इच्छा भए त्यस्ता विविध प्रजाहरू तपाईं आफैं बनाउनु होला)।

कूर्म पुराणको पूर्व विभागको ७ औं अध्याय अनुसार त्यसपछि रुद्र (शिव) लाई छोडी ती ब्रह्माले मरीचि, भृगु, अङ्गिरा, पुलस्त्य, पुलह, क्रतु, दक्ष, अत्रि, वशिष्ठ, धर्म, एवं संकल्प आदि गृस्हथहरूलाई आफ्ना साधकहरू (अनुयायीहरू) बनाए। कूर्मपुराण, पूर्व विभागको १० औं अध्याय अनुसार मरीचि, भृगु, अङ्गिरा पुलस्त्य, पुलह, क्रतु, दक्ष, अत्रि, वशिष्ठ यी ९ जना सबै ब्रह्मा समानकै ब्रह्मवादी साधकहरू हुन् तथा यिनीहरूलाई नव (नौ जना) ब्रह्मा भनिन्छन्।

लिङ्गपुराणको प्रथम खण्ड– रुद्र सृष्टि सम्बन्धी वर्णन अनुसार पनि ब्रह्माले, नीललोहित रुद्रलाई देखेका थिए जो जरा र मरणबाट बिलकुल मुक्त थिए। ती रुद्रलाई ब्रह्माले प्रार्थना गरे– हे महादेव! तपाईं त्रिनेत्र धारण गर्नेलाई नमस्कार छ। तपाईं सर्वज्ञ हुनुहुन्छ र सर्वत्र गमन गर्नु हुन्छ। तपाई सदा बुद्ध (बोधले युक्त) र निर्मल हुनुहुन्छ। तपाईं निर्द्वन्द, वीतराग, विश्वआत्मा, भव आत्मज हुनुहुन्छ। यसरी शिवस्वरूप रुद्रलाई ब्रह्माले स्तुति गर्दै भने– हे महादेव शङ्कर! तपाई प्रजा बनाउन् हुन्न, बनाए पनि मृत्युहीन प्रजाहरू (रुद्रजस्ता योगीहरू) बनाउनु हुन्छ। अतः जसको मृत्यु हुन्छ त्यस्ताको अर्थात् सांसारिक मानिसहरूको सृजना गर्नु होस्। भगवान्ले भन्नुभयो– मेरो त्यस प्रकारको स्थिति छैन। यस्ता मृत्युयुक्त प्रजाहरू सृजना गर्ने इच्छालाई आफैं चलाउनु होस्। शङ्कर त्यसपछि रुद्रहरू (आफ्ना अनुयायी योगीहरू) सँग निवृत्त आत्मा भइरहनु भयो। यही कार्य महात्मा रुद्रको स्थाणुत्व हो। उहाँ योगविद्या अपनाई वैराग्यमा लाग्नु भयो र विरक्त पुरुष बनेर विमुक्तिको लागि बढनुभयो। यसरी माथि उल्लिखित वर्णन अनुसार शिव जन्मनु हुँदा रुनु भएकोले उहाँलाई गुरु ब्रह्माद्वारा रुद्र भनिएको तथा त्यसपछि उहाँलाई भव, शर्व आदि नामकरण पनि गरिएको र पछि उहाँ वयस्क हुँदा उहाँलाई गुरु ब्रह्माले गृहस्थमा राखी प्रजाधर्मको अनुयायी बनाउन खोज्दा ती रुद्र शङ्कर बनेर प्रजाधर्म तथा कामलाई त्यागी वैराग्यमा लाग्नु भयो।

शङ्कर रुद्र कपाली हुनु

वामन पुराणको अध्याय २ मा उल्लेख भए अनुसार एकपल्ट शङ्कर (रुद्र) र गुरु ब्रह्मा दुवै जना कुरै कुरामा अहंकारले युक्त भई वादविवाद गर्न लागे । शङ्करले ब्रह्मालाई भन्नुभयो– तपाईं को हो, कसद्वारा सृष्टि भएको हो ? ब्रह्माले पनि अहंकार गरी प्रत्युत्तरमा बोल्नु भयो– तिमी नै भन न, तिमी को हौ ? तिम्रा आमा वावु को हुन ? ब्रह्माको यस व्यवहारबाट शंकर रुद्र दुखित भई निहुरिनु भयो । रिसलेअँध्यारो मुख भएका शङ्करलाई ब्रह्माले भने– तिमी तमोमूर्ति (तमोगुणले युक्त), त्रिलोचन, दिगम्बर, साँढे चढ्ने, लोकको नाश गर्ने, तिमीलाई म चिन्दछु । यस्तो भनेको सुनेर शङ्कर रिसाई ठूलठूला आँखाले ब्रह्माको मुख हेर्नु भयो र उहाँको मुखको वर्ण सेतो, रातो, सुनौलो तथा पहेंलो हुँदै गयो । यसरी उहाँको सूर्य समान सद्यः मुख देखेर ब्रह्माले भने–पानीमा बुद्बुद् (फिंज) आउँदैमा त्यसमा के पराक्रम हुन्छ र ? यो सुनी ती माहात्मा रुद्रले क्रोधद्वारा ब्रह्माको कपाल समात्दा आफ्न हातको नङले छिन्न भएको ब्रह्माको कपाल (रौं) आफ्नैं हातमा टाँसिएर आयो । त्यसपछि क्रोधावृत्त ब्रह्माले भने– हे दुर्बुद्धि ! तँ पापिष्ट रहेछस्, भै गो जा, तँलाई मार्दिन । यसरी आफ्नो हातमा ब्रह्माको कपाल टाँसेर आएको र ब्रह्माले आफूलाई पापी भनेको सुनी शङ्कर रुद्रले ठूलो गल्ती गरेछु भन्ने सम्झी प्रायश्चित गर्न वदरिकाश्रमसा नरनारायण ऋषि कहाँ जानु भयो तर त्यहाँ उहाँलाई देख्न् भएन र चिन्तायुक्त भई यमुना र सरस्वती नदीहरूमा स्नान गर्न जांदा त्यहाँको पानी पनि सुकेको पाई त्यहाँबाट पुष्करारण्य, मगधारण्य र सैन्धवारण्यमा गई स्नान गर्नु भयो । यसपछि नैमिषारण्य तथा धर्मारण्यमा गई स्नान गर्नु भयो तर त्यस भयङ्कर पाप अझै गएन अर्थात् धर्मको घात हुने गरी ब्रह्माको कपाल छिनेको दोष मेटिएन । यसरी अनेक नदी, तीर्थ आश्रम तथा पवित्र देवालयहरूमा यात्रा गर्दा तथा योगी हुँदा (योग साधनामा लाग्दा) पनि उहाँ सो पाप (दोष)बाट मुक्त नहुनु भएकोले खिन्न भई कुरूजाङ्गलमा जानु भयो र नारायणलाई भेटी त्यस पाप बन्धनबाट मुक्त गर्न अनुरोध गर्दै भन्नु भयो– विना विचार गरी कार्य गर्ने म दग्ध तथा नष्ट भएको छु । मलाई पवित्र गरिदिनु होला । त्यसपछि नारायणले उहाँलाई वाराणसी नगरको दशाश्वमेध भन्ने ठाउँमा भगवान् लोल रविको दर्शन गरेमा आफ्नो पापको मोचन हुनेछ भनी वताए । अनि शंकर रुद्र वाराणसीमा गई दशाश्वमेधमा भगवान् लोलको दर्शन गरी त्यहाँ तीर्थमा स्नान गर्नु भयो । यसरी शङ्करले त्यस तीर्थको दिव्य दहमा नुहाएर सो कपाल स्थापित गर्नु भयो

अर्थात् कपालबाट लागको पापको दाग मोचन गर्नु भयो र सो दह कपालमोचन तीर्थ नामबाट प्रख्यात भयो । शङ्कर (रुद्र) को हातमा ब्रह्माको कपाल टाँसिएर आएकोले उहाँलाई कपाली भनियो ।

ब्रह्मालाई भावीको कुरामा शोक नगर्नू भन्ने उपदेश

वामन पुराणको सरोमहात्म्य, २८ औं अध्यायमा उल्लेख भएअनुसार ब्रह्माजी पैदा भएदेखि नै सृजन कार्यमा लागेका थिए । एकपल्ट सृष्टिको विचार गरिरहँदा एक सुन्दरी कन्या उत्पन्न (उपस्थित) भइन् । तिनीलाई देखर ब्रह्माले मैथुन (यौन संभोग) को कामना गर्नु भयो । त्यस पापले ब्रह्माको शिर गिन्यो (निहुन्यो) । त्यही निहुरेको शिरले उहाँ विख्यात सान्निहित्य सर नामक तीर्थमा जानु भयो । त्यस तीर्थमा सरस्वती नदीको उत्तरतिर चतुर्मुख (चार प्रकारका मुख) गरी उहाँ भगवान् रुद्रको आराधना (संज्ञना) गर्न लानु भयो । (शङ्कर कपाली भै प्रायश्चित गर्न विभिन्न तीर्थहरूको भ्रमणमा जानु हुँदा सरस्वती नदी पनि जानु भएको थियो । संभवतः यही समयमा ब्रह्मा पनि आफ्नो पाप कर्म मेटाउन त्यहाँ आई शङ्कर रुद्रलाई भेटेको हुनुपर्दछ)। यसरी उहाँ शिवपूजापरायण भएपछि भगवान् नीललोहित (शिव) स्वयं त्यहाँ आउनु भयो र ब्रह्माले उहाँलाई प्रणाम गर्दै आफ्नो दोष बताउँदै स्तुति गर्नुभयो– हे महादेव ! चराचरका गुरू ! हे मृगको छाला धारण गर्ने ! हे शोकरहित ! हे त्रिलोकपालक शङ्कर ! हे सर्वभूतप्रिय योगेश्वर । हे स्थाणु, सिद्ध ! तपाईंलाई नमस्कार ! यसरी स्तुति गरिएपछि महादेव शङ्करले ब्रह्मालाई भन्नुभयो– भावीको अर्थ बुझेर अर्थात् जुन कुरा हुनुपर्ने हो सो भइहाल्छ भन्ने बुझेर यसबारे कहिल्यै तपाईंले शोक गर्नु ठीक छैन । पहिले मैले तपाईंको जुन शिर(कपाल)छिन्न गरेको थिएं, त्यो अब चतुर्मुख हुन आयो । अब त्यो कहिल्यै नष्ट हुँदैन(मेटिंदैन) । यस सन्निहित तीर्थमा भक्तिपूर्वक मेरा लिङ्गहरू(परमेश्वरको भावनाको लागि स्थापना गर्न मैले अपनाएका प्रतिमाहरू) प्रतिष्ठापन गरेमा सबै पाप विमुक्त हुनेछन् । यसपछि महादेव (रुद्र) अरू पनि भन्नु पर्ने कुराहरू बताई त्यहाँबाट अर्न्तहित हुनुभयो । पापबाट विशुद्ध भएका ब्रह्माले पनि सर (तलाउ) को बीचमा देवाधिदेवका लिङ्गहरू

(शिवलिङ्गहरू) बनाउनु भयो । र आफ्नो आश्रममा शङ्करको पूजा गरी आफू वर्णसांकर्यबाट उत्पन्न हुने राजसभावबाट विमुक्त हुनुभयो । अर्थात् कन्यामाथि यौन कामना जागेको पापबाट मुक्त भई रजोगुणको स्वभाव मेटियो ।

विष्णुसँग एकता

शिव पुराणको रुद्र-संहिता, सृष्टि खण्ड अनुसार एकपल्ट शङ्कर रुद्रले विष्णुलाई भन्नुभयो– हे विष्णु ! मेरो शासन (धर्म व्यवस्था) मान । यस लोकमा दुःख आइपर्दा सो दुःखलाई नाश गर्नू । तिमी म रुद्रको ध्यान गर्नू, म तिम्रो ध्यान गर्छु । तिमीहरू ब्रह्मा र विष्णुको बीचमा भेद छैन भने म रुद्र मात्र तिमीहरूसँग किन भिन्न हुने ? हामी एकै हौं । जो तिम्रो आश्रित भक्त हुन् उही मेरा पनि भक्त हुन् । ब्रह्मा, विष्णु र हरको एकत्वमा शङ्का गर्नु हुँदैन । ती रुद्रको यसप्रकारको कुरा सुनी भगवान् विष्णुले पनि जो तपाईंको भक्त हुनेछ, ऊ मेरो पनि प्रिय हुनेछ; जो यसरी बुझ्दछ उसलाई मुक्ति दुर्लभ हुने छैन भनी भन्नुभयो ।

विष्णुलाई चक्र प्रदान

वामन पुराणको ५६ औं अध्याय अनुसार प्राचीन कालमा श्रीदाम नाम गरेको असुर राजाले सबैलाई दुःख दिई सताएकोले ती श्रीदामलाई वध गर्ने अभिलाषाले भगवान् विष्णु हिमालयमा रहनु भएका योगमूर्ति शम्भुकहाँ गई शिवसहस्रनाम (शिव पुराण अनुसार) द्वारा आराधना गर्नुभयो । त्यसपछि विष्णुदेखि प्रसन्न हुनु भएका श्रीमान्ले विष्णुलाई परम श्रेष्ठ, प्रत्यक्ष तेजयुक्त, दिव्य सुदर्शन चक्र प्रदान गर्नु भयो । यसरी शङ्करले सबै प्राणीलाई भय दिने काल चक्र समानको त्यस सुदर्शन चक्र विष्णुलाई दिँदै भन्नुभयो– यो सुदर्शन नामक चक्र सज्जनको रक्षाको लागि देवताहरू प्रतिष्ठापित गरी तयार गरिएको हो । यो श्रेष्ठ आयुध समस्त आयुधहरूलाई नाश गर्दछ । तपाईं यस आयुधलाई लिएर निशंक भावले देवता-

हरूका शत्रुलाई वध गर्नु होला । देवताका राजाद्वारा पूजित यस अमोघ (नचुक्ने) आयुधलाई ई मैले तपस्याको बलद्वारा आफ्नै नेत्रमा धारण गरेको थिएं ।

शम्भुको कुरा सुनेर विष्णुले भव (शङ्कर रुद्र) लाई भन्नुभयो– यो अस्त्र मोघ वा अमोघ थाहा पाउने जिज्ञासाको लागि चलाएर हेर्दछु । तपाईं समाउनु होस् । विष्णुको कुरा सुनी शङ्करले भन्नुभयो– यस्तो विचार हो भने मनमा केही शंका नराखी प्रक्षेप गरी हेरे हुन्छ । महेशको वचन सुनी विष्णुले सुदर्शन चक्रको तेज (शक्ति) जान्ने इच्छाले शङ्करतर्फ सो चक्र वेगले चलाउनु भयो । विष्णुको हातबाट छोडेको चक्रले शङ्करलाई लागेर तीन ठाउँमा काट्यो । त्यसपछि हरि लाज मानेर ती रुद्रको चरणमा प्रणाम गर्न लाग्नु भयो । तब भव (रुद्र) ले विष्णुलाई प्रीतिपूर्वक भन्नुभयो– चक्रको नेमिद्वारा प्राकृतिक विकार (यो शरीर) मात्रै काटिएको हो । यसबाट मेरो स्वभाव (आत्मा) काटिएको छैन । त्यो (आत्मा) त अच्छेद्य तथा अदाह्य छ। चक्रद्वारा काटिएका यी तीनवटै भागहरू निःसन्देह पुण्यरूप हुनेछन् । काटिएकामध्ये एउटा हिरण्याक्ष, अर्को सुवर्णाक्ष र तेस्रो विरूपाक्ष नामका अक्ष (आँखा) हरू हुने छन् । तपाईं उठ्नुहोस् र देवताका शत्रुलाई मार्न जानुहोस् । त्यसपछि भगवान् विष्णुले गिरिशिखरमा गई श्रीदामलाई त्यस चक्रले हानेर मार्नु भयो र विरूपाक्ष शङ्करलाई आराधना गरी चक्र सहित आफ्नो निवासमा जानु भयो ।

शङ्कर रुद्रको सतीदेवीसँग विवाह हुनु

कूर्म पुराणको अध्याय ८ मा उल्लेख भए अनुसार ब्रह्माका पुत्र विराट नामक स्वायंभुव मनुका प्रियव्रत र उत्तानपाद २ छोराहरू तथा प्रसूति र आकूति दुई छोरीहरू भए । ती मनुले प्रसूति प्रजापति दक्षलाई र आकूति प्रजापति रुचिलाई दिएका थिए । दक्षले आफ्नी स्त्री प्रसूतिबाट २४ जना कन्या पैदा भएकोमा तिनीहरूमध्ये मुनि धर्मलाई १३ जना छोरीहरू (श्रद्धा, लक्ष्मी, धृति, तुष्टि, पुष्टि, मेधा, क्रिया, बुद्धि, लज्जा, वपु, शान्ति, सिद्धि तथा कीर्ति) र बाँकी ११ जना क्रमशः भृगुलाई ख्याति, भवलाई सती, मरीचिलाई संभूति, अंगिरालाई स्मृति, पुलस्त्यलाई प्रीति, पुलहलाई क्षमा, क्रतुलाई सन्तति, अत्रिलाई अनसूया, वशिष्ठ-

लाई ऊर्जा, वन्हिलाई स्वाहा तथा पितर नामक मुनिलाई स्वधा दिए। यस अनुसार भवले सती ग्रहण गरेका र शिवको अष्ट नाम मध्ये भव पनि एक हुनाले उक्त भव नै ती शङ्कर रुद्र हुन् भन्ने ज्ञात हुन्छ। त्यस्तै शिव पुराण (रुद्र संहिताको सती खण्ड) अनुसार दक्ष–यज्ञमा शिवलाई भागलिन नलगाएकोमा दधीचि मुनिले विरोध गर्दा तथा त्यसपछि यज्ञस्थलमा सतीदेवीले आफ्ना पिता दक्षसँग स्वामी शङ्करलाई यज्ञमा नडाकेको बारे प्रश्न गर्दा गुरु ब्रह्माको आज्ञाले सतीदेवी शङ्करलाई दिएको कुरा दक्षले बताएका हुन्। त्यस्तै कूर्मपुराण (अध्याय ११ श्लोक १०), स्कन्दपुराण (महेश्वर खण्डको प्रथम अध्याय– दक्ष वृतान्तको २० औं श्लोक) आदिमा पनि गुरुब्रह्माको आज्ञाद्वारा दक्षले आफ्नी छोरी सतीदेवी शङ्करलाई दिएको कुरा उल्लेख गरिएको छ। कालिका पुराणमा पनि ब्रह्माद्वारा शङ्कर रुद्रलाई काम वासनामा ल्याउने परियोजना अनुसार सतीदेवीको शङ्करसँग विवाह भएको वर्णन उल्लेख गरिएको छ जसको सारांश यसप्रकार छ :–

प्रजापति ब्रह्माको सन्ध्या नामकी लड्कीमाथि अभिलाषा उत्पन्न भएको देखेर लोकेश (महादेव शङ्कर)ले भन्नु भयो–हे ब्रह्मन्! तपाई कामभाव (यौन इच्छा)को वशीभूत हुनुभयो, वेद अनुसरण गर्नेलाई यो सुहाउने कुरा होइन। गिरीश भगवान्को ती वचन सुनी ब्रह्मालाई लाजले पसिना आयो र इन्द्रिय सम्बन्धी विकारलाई निगृहीत गरी सन्ध्यामाथि उत्पन्न इच्छालाई परित्याग गरे। त्यसपछि ब्रह्मा शम्भुको वचनले पीडित भैं बराबर सोच्न लागे–सुन्दरी (सन्ध्या) माथि मेरो कामना देखेर मलाई भगवान् शम्भुले खराब भन्नु भयो अब कुन चाहिं नारीले यी शम्भुलाई पनि मोहित पारिदेला र शम्भुको पत्नीग्रहण होला। तर शम्भु त नितान्त योगी हुनाले यिनी वीरांगनाको नाम पनि सहन गर्दैनन्। अतः तिनलाई मोह गर्न कामदेव पनि समर्थ हुनेछैन। यस काममा ती जगत्मयी महामाया बाहेक अरू छैन। किनभने यिनले आफ्नो सुन्दरतम स्वरूपबाट भगवान् शङ्करलाई मोहित गर्नेछिन्। अनि ब्रह्माले दक्षलाई भने–हे दक्ष! ती विश्वरूपिणीको प्रार्थना गर। जसबाट तिनी तिम्री पुत्री बनी भगवान् हर (रुद्र) की पत्नी बन्नेछिन्। त्यसपछि दक्ष प्रजापतिले जगत्द्वारा परिपूर्ण महामायाको अर्चना गर्न प्रारम्भ गरे। ब्रह्माले पनि यस कार्यको लागि जगन्माताको नानास्तुति गरे। यसबाट देवी खुशी भई हे प्रजापति! म तपाईको पत्नीको गर्भबाट पुत्री बनेर जन्मनेछु र भगवान् शंङ्करलाई सम्मोहित पारी तिनकी पत्नी बन्नेछु भनी आश्वासन दिई अन्तर्ध्यान भईन्। त्यसपछि प्रजापति दक्षकी स्त्री विरणी जसलाई असिक्नी पनि

भनिन्थ्यो तिनैको गर्भमा सद्योजाता महामाया भइन् । तिनी जन्मनासाथ प्रजापति दक्ष अत्यन्त प्रसन्न भई तिनको नाम सती राखे । सतीदेवी बालकाल व्यतीत गरी यौवनावस्थामा पदार्पण गरिन् र सबैको मन हरण गर्ने सुन्दरी भएकी थिइन् । तिनी सँधै भगवान् शम्भु प्राप्त गर्ने इच्छा राख्थिन् । यसरी सतीदेवी शङ्करलाई प्राप्त गर्ने कार्यमा लागेको समयमा एकदिन ब्रह्मा र विष्ण् आ-आफ्नो स्त्री सावित्री तथा लक्ष्मीका साथ शम्भुकहाँ आए । पत्नी सहित आएका उनीहरूलाई देखी शङ्करलाई पनि स्त्री विवाह गर्ने इच्छा उत्पन्न भयो । शङ्करले सत्कार पूर्वक किन पाल्नु भयो भनी सोधेपछि ब्रह्माले भने–कुनै असुर मद्वारा वध हुन योग्य छन् भने कुनै हरिद्वारा तथा कुनै तपाई हरद्वारा वध हुन योग्य छन् । कुनै तपाईंको वीर्यद्वारा समुत्पन्न व्यक्तिबाट वध हुन योग्य छन् । तपाईं भने योगले युक्त भै राग द्वेषले विरक्त हुनुहुन्छ र केवल प्राणीमाथि दया गर्ने कार्यमा निरत भएकोले तपाई असुर वध गर्न योग्य पनि हुनुहुन्न । तर तपाईं विसंगी भै दयाले संयुक्त हुँदा तपाईंमा अहिंसा र शान्ति त हुन्छ तर सुखभोगको विधिमा तपाईंको यत्न कोसित हुन्छ ? यसकारण विश्वको तथा देवताहरूको भलाईको लागि एक पत्नी परिग्रहण गर्नुहोस् ।

ब्रह्माको कुरा सुनी शङ्करले भन्नुभयो–तपाईं जगत्‌को भलाईको लागि भन्नु हुन्छ भने म तपाईंको कुरा स्वीकार गरूँला । तर जो स्त्री योगिनी र कामरूपिणी दुवै छिन् तिनी मात्र मेरी भार्या हुन सक्नेछिन् । अतःसदा मेरो कर्मको अनुगत रहने स्त्री को छ ? सो बताउनु होस् । त्यसपछि ब्रह्माले भने– दक्ष प्रजापतिकी छोरी सती तपाईंले भनेकै जस्तो स्वभावकी छिन् र तिनी तपाईंलाई पतिको रूपमा प्राप्त गर्न तपस्या गरिरहेकी छिन् । त्यसपछि शङ्करले त्यसो भए हुन्छ भन्ने वचन दिनु भयो । यता आश्विन महीनामा सतीको शङ्कर प्राप्त गर्ने पूजा उपवास आदि चलेको थियो। नवमीको दिनमा शङ्कर आई सतीलाई दर्शन दिनु भयो । सती लाजले उभी-रहिन् । शङ्करले प्रसन्न भई सतीलाई हेर्नुभयो र सतीदेवी देखि मोहित भै भन्नु भयो– तिमी मेरी भार्या हुनू । हर (रुद्र) को यस वचनले सती अति हर्षित भै मधुर स्वरले बोलिन– हजूर मेरो पिताको सामुन्ने मलाई ग्रहण गर्नुहोस् । त्यसपछि शङ्कर हुन्छ भनी त्यहाँबाट ब्रह्माकहाँ सो कार्य गराउन जानु भयो । ब्रह्माले भने– दक्षले आफ्नी पुत्री स्वयं तपाईलाई दिनेछ । यति भनी ब्रह्मा दक्ष कहाँ गए । उता दक्ष पनि सतीकै मुखबाट सबै वृतान्त सुनेर कसरी शम्भुलाई सतीदेवी दिन सकिने छ भनी सोची रहेका थिए । यस्तैमा ब्रह्मा आई दक्षलाई भने–मैले जे चाहेको थिएँ तथा मरीचि आदि मुनिवरहरूले जे इच्छा गरेका थिए त्यो कार्य सिद्ध हुने

भयो। शम्भुले सतीदेवी विवाह गर्न मन पराए। अतः हे दक्ष ! सतीको व्रत र शम्भुको इच्छा अनुसार आफ्नी पुत्री सती शम्भुलाई दिनू। यसैमा तिम्रो कृतकृत्यता (सफलता) छ। दक्षले पनि हुन्छ भनी स्वीकृति दिए। त्यसपछि ब्रह्माले हिमालयमा गई शङ्करलाई लिन गए। भगवान् शम्भु पनि मोहित भई दक्षकहाँ जानु भयो जहाँ दक्ष स्वयंले शिवलाई अभ्युत्थान गरी उचित आसनमा राखेर शुभ-मुहूर्तमा हर्षसाथ पुत्री सती ती शम्भुलाई प्रदान गरे।

तर यसरी विभिन्न पुराणहरूमा प्रजापति दक्षले आफ्नी छोरी सतीदेवी गुरु ब्रह्माको आज्ञाद्वारा शङ्करलाई विवाह गरिदिएको कुरा उल्लेख भए तापनि स्वस्थानी व्रतकथामा भने शङ्करले सतीदेवीलाई छलद्वारा प्राप्त गरेको विशेष वर्णन पाइन्छ जसको सारांश यस प्रकार छ– दक्ष प्रजापतिले सतीदेवी बाहेक अरू छोरीहरू देवताहरूलाई विवाह गरी दिएको थाहा पाई शङ्करलाई लोक व्यवहारमा बस्न सतीदेवी विवाह गर्ने इच्छा उत्पन्न भयो। त्यसपछि उहाँ आफै सतीदेवी कन्या माग्न जाने विचार गरी दक्ष प्रजापतिको घरमा जानु भयो। त्यसपछि दक्ष प्रजापतिले मेरो घरमा के कामले आइस् भनी हेला भावले सोद्धा शङ्कर भन्नु हुन्छ–हे दक्ष प्रजापति ! अरू कामले होइन, सतीदेवीको विवाह भएको छैन अतः ती कन्या मलाई कृपा गर भनी माग्न आएको हुँ। सो कुरा सुनी प्रजापति दक्षले रिसाई हे पापिष्ट ! मेरी छोरी सतीदेवी तँ योग्य कसरी होली ? तँ कस्तो भने खरानी घसी, सर्पको गहना लगाई, बाघको छाला ओढी, डमरू र त्रिशूल हातमा लिई गोरू चढी हिड्ने, मशानमा बस्ने, विष भाङ्ग धतुरो खाने, दिगम्बर, देख्तैमा घिन लाग्दो यस्तो तैंले मेरो मुख्याञ्जी आई यस्तो कुरा गरिस्, जा मेरो घरमा नबस् भनी शङ्करको पाखुरा समाती बाहिर पठाए। दक्ष प्रजापतिले यसरी निन्दा गरी आफूलाई क्षुद्र वचन गरेको सुनी शङ्कर बहुत मन दुखाई बाहिर आउनु भयो र नदिने भए दिन्न भने होइजान्थ्यो नि, त्यस्तो निन्दा गर्नु पर्दैनथ्यो भनी विचार गर्दै हरि (विष्णु) भए ठाउँमा गएर आफ्नो सारा वृतान्त सुनाई सतीदेवी कसरी मेरी होलिन् त्यस्तो गर्नु पर्‍यो भनी भन्नु भयो।

विष्णुले पनि यो काम म पार लाउँला। म अहिले दक्ष प्रजापति छेउ जान्छु भनी शङ्करलाई त्यहीं पर्खाई आफू दक्ष प्रजापतिको घर जानु भयो। विष्णुलाई दक्ष प्रजापतिले आदर गरी किन पाल्नु भयो भनि सोधे। विष्णुले केही माग्न आएँ, दिने भए माग्छु भन्दा दक्ष प्रजापतिले-तपाईंले मागेपछि जे पनि दिउँला भने। त्यसपछि विष्णुले सतीदेवी कन्या मलाई कृपा गर भनी भने। यो सुनी दक्ष प्रजापतिले-

हे विष्णु ! मेरो छोरा नभएकोले सम्पत्तिको रक्षा गर्न राखेकी छोरी दिन् त योग्य थिएन, तर मागेको दिन्छु भनिसकेको हुँदा दिन् पर्‍यो । हुन्छ, सुदिन ठहर्‍याई कन्यादान लिनुहोस् । अनि विष्णु त्यहाँबाट विदा भई शङ्कर छेउ आई भन्नु हुन्छ—म गएको काम होला जस्तो भयो । तर मलाई भनी मागी आएँ । तपाईंले वृद्ध संन्यासीको रूप लिई कन्यादान दिने ठाउँमा आई भिक्षा माग्नुहोला । मैले, हे संन्यासी ! मेरो बेला बित्न लाग्यो, कन्यादान भैसकेपछि भिक्षा दिउँला, यहाँ आई बस भनी म बसेको ठाउँमा बसाली राखुँला । दक्ष प्रजापतिले कन्यादान दिंदा उसको आँखा छली तपाईंको हातमा पारी दिउँला । तहाँ उप्रान्त कन्यादानको लग्नको दिनमा विष्णु दक्ष प्रजापतिको घर जानुभयो । दक्ष प्रजापति पनि सम्पूर्ण सामग्री तैयार गरी यज्ञ गराई विधि गरिसकी कन्यादान दिन तयार भए । सोही समयमा शङ्करले संन्यासीको भेष गरी दक्षको घर खडा भै भिक्षा मागे । त्यसपछि विष्णुले हे भिक्षुक ! मेरो बेला बित्न लाग्यो, कन्यादान भैसक्ने बित्तिकै भिक्षा दिउँला, अहिले म भएको ठाउँमा बस भनी बसाले । त्यसपछि दक्षकी स्त्री विरणीले सुनका कमण्डलुले धारा दिई, दक्ष प्रजापतिले सतीदेवीको हात समाती विष्णुको हातमा सुम्पन लागेको थियो । यसैबेला विष्णुले दक्ष प्रजापतिका आँखा छली सतीदेवीको हात संन्यासी रूपी शङ्करको हातमा पारि दिनुभयो । त्यो देखी दक्ष प्रजापतिले बडो विषाद गरी विष्णुलाई—तिमी कपटी रहेछौ, तिम्रो विश्वासमा पर्दा मेरी पुत्री सतीदेवी यो अवस्थामा परी भने । विष्णुले केही उत्तर नदी अब म जान्छु भनी त्यहाँबाट जानु भयो । त्यसपछि दक्ष प्रजापतिले सतीदेवीलाई हे पुत्री, पापिष्ट विष्णुले छल्दा यस्तो भयो, वृद्ध संन्यासी स्वामी पाइस्, तैपनि सन्देह नगर, हामी छौं, तँलाई हामी पालौंला, अहिले त्यसैसँग जा भनी भने ।

बहिनीहरूले देवताहरू स्वामी पाएको सम्झी सतीदेवी धिक्कार रहेछु, भनी बडो विषाद गरी रुन लागिन् । फेरि मेरो कर्ममा यस्तै लेखेको रहेछ, मेरा स्वामी यिनै हुन् भनी धैर्य भईन् । त्यसपछि संन्यासी भेषधारी शङ्करले सतीदेवी छेउ तिम्रो बाबा महातारी छेउ बिदा भई घर जाऔं भनी भन्नुभयो र सतीदेवीले हवस् भनी दक्षप्रजापति र विरणीसित बिदा मागी सन्यासी रूप शङ्करसाथ लागिन् । बाटोमा शङ्करले सतीदेवीसँग नाना कुरा गर्दै जानु भयो र आफ्नो निवासस्थान कैलाश पर्वतमा पुग्नु भयो । शङ्करले सतीदेवीको चरित्र हेर्न त्यहाँ एउटा खरको घरमा लगी हाम्रो घर यही हो, भित्र जाऊ, भोक लाग्यो होला केही खानू, मलाई थकाई लाग्यो एकछिन सुत्छु भनी बाहिर सुत्नु भयो । सतीदेवीले त्यो खरको घर

देखेर आफ्नो पिताको घर सम्झिन् । फेरि मेरो कर्ममा यस्तै रहेछ भनी चित्त बुझाई भित्र पसी कुचोले सफा गरिन्। स्वामी जागा भएपछि खुवाउने केही छ कि भनी हेर्दा केही नदेखी आकुल भै स्वामी सुतेको ठाउँमा आई बसिरहिन् । धेरै समयपछि शङ्कर जागा हुनुभयो र सतीदेवीलाई रिसाए जस्तो गरी भन्नुभयो–मलाई एक्लै बाहिर सुताई आफू भित्र सुत्यौ, त्यसो गरेता पनि तिमीलाई खान पर्दैनथ्यो ? के खायौ ? तब सतीदेवीले हँसिलो मुख गरी बोलिन्– हजूरलाई साह्रै निद्रा परेकोले जगाइन । मैले त भण्डारमा जे भएको मिठाइ खाइसकें, हजूर के खानुहुन्छ नि ? सतीदेवीको यस्तो कुरा सुनी यहाँ के थियो र खाइहोली भनी सतीदेवीको चरित्र, (शील स्वभाव) परीक्षणबाट खुशी हुनु भएका शङ्करलाई करूणा भयो र सतीदेवीलाई-हे प्रिय ! हाम्रो घर यो होइन, त्यो खरको भित्ता च्याती भित्र गई हेर भन्नु भयो । सतीदेवीले पनि भएको घर विगारी के हेर्ने, फेरि बनाउन परे कस्ले बनाई देला भनी भनिन् । तब शङ्कर उठी खरको भित्ता च्याती सतीदेवीलाई कैलाशको दर्शन दिनाको साथै आपनो विश्वम्भर मूर्तिको पनि दर्शन दिनु भयो । त्यस पछि सतीदेवीले मनमा आनन्द गरी आँखादेखि हर्षको आँसु बहाई म धन्य रहेछु भगवान् शङ्कर महादेव स्वामी पाएछु भनी शङ्करलाई परिक्रमा गरी ढोगिन् ।

यसरी शङ्कर-सती विवाहको सम्बन्धमा एक अर्कोसँग फरक देखिने दुई प्रकारका वर्णनहरू पाइन्छन् । एक, पुराणहरूमा उल्लेख भए अनुसार गुरु ब्रह्माको प्रेरणा अनुसार दक्ष प्रजापतिको स्वेच्छाले सतीदेवी शङ्करलाई विवाह गरिदिनु; अर्को,स्वस्थानी व्रतकथा अनुसार दक्षको इच्छा विपरीत स्वयं शिवले नै छल गरी सतीलाई विवाह गर्नु । तर शङ्कर र सतीको विवाह जुनसुकै घटनाबाट भएको भएता पनि सतीका पिता प्रजापति दक्षलाई भने शङ्करको व्यक्तित्व प्रिय नरहेको कुरा स्पष्ट छ । जुन कुरा प्रयागराजमा भएको विद्वत् सभा र दक्षयज्ञ जस्ता पछिका अन्य घटनाहरूको वर्णनबाट स्पष्ट हुन्छ । सो भन्दा अघि यहाँ शङ्कर रुद्र जिमूतकेतु हुनाको वर्णनको सारांश दिइन्छ ।

शङ्कर जिमूतकेतु हुनाको कारण

शङ्कर र सती कैलाशमा आई बसे पनि त्यहाँ शङ्करको दक्ष प्रजापतिको जस्तो घरबार थिएन । कारण उहाँ रागद्वेषरहित ज्ञानी पुरूष भएकाले सांसारिक

वैभवमा उहाँको चित्त अनाकर्षित थियो। अतः उहाँ साधारण घरमा रहनुहुन्थ्यो जुन वर्षाको समयमा पानी र हावाले बिग्रन सक्तथ्यो। फेरि उहाँ कैलाशको अतिरिक्त बराबर हिमालय, काशी आदि ठाउँहरूमा पनि समय बिताउन् हुन्थ्यो। ती ठाउँ-हरूमा पनि कतै राम्रो गतिलो घर थिएन। दक्ष प्रजापति जस्तो वैभवशालीकी छोरी सतीदेवीलाई आफ्नो गतिलो घरको अभाव हुन् दुःखकै कुरा थियो। यस विषयमा शिव पुराण रुद्रसंहिता, सती खण्डको शङ्कर र सतीको विहार सम्बन्धी वर्णनमा चर्चा गरिएको छ जुन छोटकरीमा यस प्रकार छ–

एक समय वर्षा ऋतुमा शङ्कर कैलाशको शिखरमा बसी रहन् हुँदा सतीदेवीले हे नाथ ! वर्षाकाल आइपुग्यो। यस्तो समयमा काग र मयूर पनि आफ्नो गुंड बना-उँछन् भने हजूर मात्र बिना घर कसरी बस्ने? मलाई डर लागिरहेछ। यसैले घरको प्रवन्ध गर्नुहोस्, कैलाशमा, हिमालयमा, काशीमा अथवा पृथ्वीको कुनै भागमा जहां उचित हुन्छ त्यहाँ घरको प्रवन्ध हुनुपर्‍यो। सतीदेवीको कुरा सुनेर शङ्कर हाँस्दै भन्नु हुन्छ–हे प्रिये ! तिम्रो प्रसन्नताको लागि जुन स्थान म निश्चित गरूँला त्यहाँ मेघ पुग्दैन, वर्षाकालमा पनि हिमालयको शिखरको तल नै बादल घुमिरहन्छ र कैलाशको माथि कहिल्यै बादल आउँदैन, तलै रहन्छ। सुमेरूको शिखरमा पनि बादल चढ्दैन। यी पर्वतहरूमा कुनमा तिमी रहन चाहन्छ्यौ भन। यसप्रकार यी विभिन्न पर्वतहरूका नाना तरहका वृक्ष, पशु, सरोवर आदिका रमणीय दृश्यहरूको वर्णन गर्दै शङ्करले यी ठाउँहरू मध्ये जुन ठाउँमा भन्छ्यौ, त्यहीं निवास गरौं भनी सतीलाई बताए।

शङ्करको कुरा सुनी सतीले हिमालयमा गई निवास गर्न चाहन्छ् भनिन्। त्यसपछि शङ्करले सतीलाई लिएर हिमालयको शिखरमा जानु भयो र प्रसन्नता पूर्वक धेरै समयसम्म त्यहीं रहन् भयो। त्यहाँ रहन् हुँदा बराबर उहाँहरू त्यहाँबाट अन्य स्थानहरूमा जाने र कहिले मेरूपर्वत पनि भ्रमण गर्ने गर्नुहुन्थ्यो भने कहिले पृथ्वीको अन्य भागमा पनि जानुहुन्थ्यो। यसरी शङ्कर र सतीका दिनहरू आनन्दमा बिते।

वामन पुराण (अध्याय–१) अनुसार ग्रीष्मकालमा शङ्करले वन तथा रूखमुनि वास बिताएपछि वर्षाकाल आउँदा सतीले घर बनाउने आग्रह गर्दा पनि शङ्कर यसरी वर्षाकालमा मेघमण्डल भन्दा माथि उच्च शिखरमा जहाँ वर्षा हुँदैन त्यहाँ सतीदेवीका साथ रहनु भएकोले उहाँको नाम जिमूतकेतु (बादलमाथि रहने) भनी प्रख्यात भयो। त्यसपछि शरद ऋतु भएपछि उहाँ सतीलाई लिई मन्दराचल पर्वतमा आई बस्नु भयो।

सतीलाई मोक्षको लागि भक्तिशास्त्र बताउनु

शिव पुराण (रुद्र संहिता सती खण्ड) अनुसार एक बखत सतीदेवीले प्रसन्न रहनु भएका आफ्ना स्वामी शङ्करलाई भक्तिपूर्वक भनिन्–हे नाथ ! म त्यो परम तत्त्व जान्न चाहन्छु, जसबाट यो जीव भव-बन्धनबाट मुक्त हुन्छ अर्थात् जसलाई पाएर विषयी मनुष्य पनि परम पद प्राप्त गर्दछ र पुनः संसारी हुँदैन।

सतीदेवीको कुरा सुनी शङ्कर भन्नु हुन्छ–तिमी विज्ञानलाई नै परमतत्त्व सम्झ। विज्ञानमा बुद्धि पूर्वक ब्रह्मको नै स्मरण गरिन्छ, कुनै अरूको होइन। यो तत्त्व-ज्ञानको ज्ञाता विरलै हुन्छ। यो अत्यन्त दुर्लभ छ। किनभने ब्रह्म परभन्दा पर छ। म उसको दास (भक्त) हुँ। भुक्ति–मुक्तिको फल दिने उस विज्ञानकी माता स्वरूप मेरो भक्ति हो। भक्ति पनि मेरो प्रसाद (देन) बाट सुलभ हुन्छ। भक्ति र ज्ञानमा केही भेद छैन। भक्ति गर्ने मानिस सदा सुखी हुन्छ। भक्तिसँग विरोध गर्नेलाई विज्ञान प्राप्त हुन सक्तैन। म आफ्ना भक्तको सदा अधीन रहन्छु। तिनीहरूका भक्तिके प्रभावले म निम्न जातका मानिसहरूका घरमा पनि जान्छु। भक्ति सगुण र निर्गुण दुई प्रकारका छन्। ज्ञानी तथा मुनिहरूले बताए अनुसार भक्तिका ९ अङ्गहरू हुन्छन्–श्रवण, कीर्तन, स्मरण, सेवन, दास्य (सेवा), अर्चन, वन्दना, सख्य (विश्वास) तथा आत्मसमर्पण। यसका उप-अङ्गहरू पनि धेरै छन्। स्थिर आसनमै एकचित्त भै सुन्नु–श्रवण हो र ज्ञानलाई हृदयाकाशमा स्मरण गरी भज्नु कीर्तन हो। त्यस्तै सदा हृदयमा सर्वव्यापक परमात्मालाई सम्झनु स्मरण हो, धर्म विपरीत नहुने वस्तुहरूको प्रयोग (खानु, पिउनु, लाउनु इत्यादि) सेवन हो, सेवापरायण भएर आफ्ना इन्द्रियहरूलाई प्रभुसेवामा लगाउनु अथवा परोपकार गर्नुलाई दास्य (सेवा) भनिन्छ। सदैव प्रभु-अनुकूलता हुने गरी पूजा गर्नुलाई अर्चन भनिन्छ। मन, वचन, कर्मद्वारा मन्त्रोच्चारण तथा ध्यान गरी आठौं अङ्गले पृथ्वीको स्पर्श गर्नु वन्दना हो। शुभ या अशुभ जे पनि ईश्वरीय इच्छाले हुन्छ, जे भए पनि मेरो लागि मङ्गलै हो। यस प्रकारको विश्वासलाई सख्य भनिन्छ। यो देह प्रीतिपूर्वक परमात्मालाई अर्पण गर्नु तथा स्वयं आफू शून्यताको भाव मान्नु, यसलाई आत्म-समर्पण भनिन्छ। यो नवाङ्ग भक्ति भुक्तिमुक्तिप्रदायक तथा ज्ञानोत्पादक छ। भक्तिले ज्ञान र वैराग्य उत्पन्न गर्दछ। मुक्ति (मोक्ष) सदा यसको दास रहेको छ र भक्ति समान अन्य कुनै मार्ग त्रैलोक्यमा सुख दिने छैन। शङ्करबाट यसप्रकार भक्तिको महात्म्य सुनेर सती अत्यन्त प्रसन्न भइन्।

विषपान पछि भगवान् नीललोहितद्वारा दिनु भएको प्रवचन

पद्मपुराण (प्रथम खण्ड), सृष्टिखण्डको तेस्रो अध्यायमा उल्लेख भएको समुद्रमन्थनको वर्णन अनुसार ब्रह्मर्षि अत्रि मुनिका पुत्र दुर्वासा ऋषिले आफुले विद्याधरीबाट प्राप्त गरेको माला इन्द्रलाई दिंदा इन्द्रबाट त्यसको उपेक्षा गरेको सम्झी इन्द्रको विनाश होस् भनी श्राप दिएबाट सो मौकाको फाइदा उठाई दैत्यहरूले आक्रमण गरी देवगणलाई जिते। त्यसपछि आफ्नो शरणमा आएका देवताहरूको रक्षा गर्न भगवान् विष्णुले देवगण र दैत्यगण समेत साथमा लिई समुद्रमा सबै औषधिहरूको मन्थन गरेर अमृत निकाल्ने कार्य गर्दा पहिले उक्त मन्थनबाट भयानक कालकूट विष उत्पन्न भएको र सबैको कल्याणको लागि सो विष महादेव (रुद्र) ले पिउनु भएकोले त्यसबाट ती भगवान्को कण्ठ नीलो भई उहाँ नीलकण्ठ हुनु भयो। त्यसपछि ती भगवान् रुद्र गुफामा आई बस्ता देवताहरू तथा ऋषिहरूले यस्तो उग्र विषलाई कसरी सहन गर्नु भयो भनी सोद्धा भगवान्ले तिनीहरूलाई ज्ञानको प्रवचन दिनु भएको थियो जुन लिङ्ग पुराण (द्वितीय खण्डको ५६ औं अध्याय–ध्यानयज्ञ महात्म्य) मा उल्लेख भएको छ। यसको सारांश यसप्रकार छ –

भगवान् नीललोहितले हाँस्दै भन्नु भयो–जो यस विषलाई संहार गर्न समर्थ छ उसलाई यो सुदारूण (कठोर तर सहन सकिने) विषले के गर्छ र? जुन कालकूट नामको विष छ त्यो असली रूपमा विष होइन, महाविष त यो संसार हो। यसकारण सबै प्रयत्नद्वारा यस सांसारिक विषलाई संहरण गर्नु पर्दछ। यी जो इच्छा, राग, द्वेष आदि हुन् तिनैले गर्दा यो संसारको सृष्टि हुन्छ। यिनैको कारण सबै प्रकारका धर्म तथा अधर्म हुन्छन्। यो संसार दुई प्रकारको छ– एक ऐहिक अर्थात् यस लोकमा हुने र दोस्रो पारलौकिक जुन अनुश्रवण गरिन्छ। यी दुवै दोषयुक्त हुन् भन्ने जानेर जो सबै कुरा त्यागदछन् उनलाई विरक्त भनिन्छ। शास्त्र श्रवणबाट पनि बुद्धि मात्र उत्पन्न हुन्छ। श्रुतिमा प्रतिपादित कर्ममा लागेका श्रेष्ठ ब्राह्मण तथा ऋषिहरूले बताएको जुन कर्म-फलको सार हो त्यसैलाई शास्त्र भनिन्छ। तिनमा श्रुति तिनीहरूलाई कर्मतिर प्रवृत्त गर्दछ। जो समर्थ (विरक्त) छ ऊ निवृत्तलक्षणको हुन्छ र यसैलाई धर्म भनिन्छ। सबैको स्वभाव काम (इच्छा) नै देखिन्छ, अरू होइन। अतः समस्त देहधारीहरूको यो संसार अज्ञानमूलक छ।

सबै जीव अविद्याले गर्दा ज्ञानहीन हुन्छन्। सत्पुरुषको मुक्ति प्रजा (सन्तान), कर्म वा धनले हुने होइन। केवल त्यागद्वारा मात्र यो जन्म–मरण रूपी भव बन्धन-

बाट छुटकारा मिल्छ। त्यागको अभावमा जीव यसै जन्म मरणको चक्रमा भ्रमण गरि- रहेको हुन्छ। यसप्रकार जीवहरू अज्ञानको दोषले अनेक प्रकारका कर्महरूको वशमा परी शरीर धारण गरी उत्पन्न भै रहन्छन् र त्यस जीवनको सेवन गर्दछन्। यस संसार- मा अनेक प्रकारका दुःख छन्। गर्भमा रहँदादेखि मरण अवस्थासम्म दुःख र कष्ट हुन्छन्। विचार गरेमा स्त्रीसंसर्गबाट सयौं दुःख आउँछन्। दुःखीहरू एकै दुःखबाट अनेक दुःखहरूमा प्रशासित हुन्छन्। जीवनमा काम (इच्छा, कामना) हरू मेटि- दैनन्। धन कमाउनमा पनि दुःख, धन रक्षा गर्नमा पनि दुःख तथा धन खर्च गर्नमा पनि दुःख हुन्छ। ब्रह्मा लगायत सबै प्राणीमा अतिशयबाट दुःखै दुःखहरू हुन्छन्। भाग्य र अन्य अशुद्धहरू तथा धनलाई त्याग गर्नु पर्दछ। दुःखको क्रम विचार गरेमा पार्थिव, आत्म, तैजस, वायव्य, व्योम, मानस, आभिमानिक, बौद्धिक र प्राकृत हुन्। ब्रह्मवादी योगीहरूलाई पनि दुःख नै हुन्छ। यसमा सन्देह छैन। सबै लोकमा, सबै प्रकारको समुदायमा, भूत, वर्तमान र भविष्यमा पनि सदा दुःखै दुःख हुन्छ। जुन अतीव दुःख हो सो अज्ञानले हुन्छ। ज्ञानवान्‌लाई दुःखले भावित गर्न सक्तैन। क्षुधाव्याधिको परिहार गर्न (हटाउन) को लागि चल्नु नै दुःखको अन्त होइन। जुन प्रकारले देहधारीहरूको अन्य रोगको लागि गरिने औषधि पनि सुखको लागि हुँदैन। स्वर्ग (वैभवले सम्पन्न समुदाय) मा पनि विशुद्ध ज्ञानको क्षय आदिले राग, द्वेष, भय आदि नाना प्रकारका रोगले ग्रस्त हुन्छ र पुण्य क्षीण भएर स्वर्गनिवासी फेरि मानव लोकमा खस्दछ। दुःख भोग आदिको सम्पदा लिएर आएका स्वर्ग निवासीहरू खस्ता उनीहरूलाई ठूलो दुःख कष्ट हुन्छ। नरकमा त दुःख मात्र हुन्छ। कीट, पक्षी, पशुहरूको असुख (दुःख) देखिएकै छ। अतः यस सांसारिक सुखलाई त्याग्नु पर्दछ। ध्यानपरायण यति संसारबाट भयभीत भै निद्रा अर्थात् मोह प्राप्त गर्दैन।

देवता र दैत्य आदिलाई पनि परस्परमा एकले दोस्रोलाई जित्ने इच्छाले दुःख हुन्छ। परमार्थतः वर्ण र आश्रम पनि श्रमको लागि नै हुन्छ अतः दुःख हुन्छ। आश्रमबाट, देवताहरूबाट, यज्ञबाट, सांख्यबाट, व्रतबाट, उग्रतपबाट र अन्य नाना प्रकारका दान–कर्महरूबाट पनि त्यस प्रकारको आत्मोत्थान हुँदैन जुन प्रकारबाट ज्ञानीहरू स्वयं आत्मालाई प्राप्त गर्दछन्। यसकारण हर प्रयासबाट पाशुपत व्रत धारण गर्नु पर्दछ। पञ्चार्थज्ञानले (ॐ को अ, उ, म, विन्दु, नाद अथवा ॐ नमः सद्योजाताय, ॐ नमो वामदेवाय, ॐ नमस्तत्पुरुषाय, ॐ नम अघोराय र ॐ नम ईशानायको ज्ञानले) सम्पन्न व्यक्ति शिवतत्वमा समाहित हुन्छ र मोक्ष प्राप्तिको लागि यस्ता बुध (बोधी पुरुष) ले योगविधिद्वारा कर्मको छेदन गर्दछ। पञ्चार्थयोग

सम्पन्न (ॐनमः शिवाय पञ्चाक्षरीमन्त्रको अर्थले सम्पन्न) बुद्धिमान्ले दुःखलाई अन्त गर्दछ। यो पञ्चार्थयोग पराविद्या (अध्यात्म विद्या) द्वारा मात्र जान्न सकिन्छ अपराविद्याले जान्दैन। हे द्विजोत्तमहरू! ऋग्वेद, यजुर्वेद पनि अपराविद्या हुन्, सामवेद तथा समस्त अर्थहरूको साधक अथर्ववेद र शिक्षा, कल्प, व्याकरण, निरुक्त (व्याख्या), छन्द, ज्योतिष आदि शास्त्रहरू पनि अपराविद्या हुन्। पराविद्या भनेको अक्षर हो अर्थात् अक्षर (क्षय नहुने) मा स्थित छ। त्यो परा अदृश्य, अग्राह्य, अवर्णक छ। त्यो मनिस जस्तो आँखा, कान, हात, पाउ आदि भएको होइन, त्यो त अजन्मा, अप्राणी, अशब्द हो। त्यो अस्पर्श, अरूप, तथा रस गन्ध आदि नभएको अव्यय, अप्रतिष्ठ, नित्य, सर्वव्यापी विभु हो। त्यो महान गुह्य, अज तथा चिन्मय छ। त्यो अमनस्क, अस्निग्ध, अलोहित (निरञ्जन), अप्रमेय (नाप्न जोख्न नसकिने), अस्थूल, अदीर्घ, अह्लस्व, अपार, अच्युत र आनन्द हो। त्यो परा अनपावृत्त (कतैबाट नढाकिएको), अद्वैत, अनन्त, असंवृत्त, आत्मैक छ। त्यो पराविद्या अन्य कुनै प्रकारले वर्णन गर्न सकिंदैन।

म (आत्मा) नै यो समस्त जगत्को स्वरूप हो र ममा नै यो सारा जगत् विद्यमान रहन्छ। मबाट उत्पन्न हुन्छ, ममा नै स्थित रहन्छ र ममा नै लीन भएर जान्छ। म भन्दा बाहेक अर्को छ भन्ने कुरा मन र वाणीले समेत विचार गर्नु पर्दैन। अतः समाहित भएर सत् र असत् दुवैमा समभावले सबैलाई आत्मामा देख्नुपर्दछ। सबैलाई आत्मामा (आफूमा) देखनू र मनलाई बाहिर नगर्नू (नलगाउनू)। हृदयको मध्यमा ज्ञानको नाल अवस्थित छ जसबाट वैराग्य उदय हुन्छ। यस हृदयको छिद्रमा प्राण आदि वायु रहन्छ। प्राण आदिको संयोग भै जीव धेरै प्रकारले देखतछ। प्राण जब नेत्रस्थ हुन्छ जाग्रत् अवस्था, जब कण्ठस्थ हुन्छ स्वप्नावस्था, जब हृदयस्थ हुन्छ सुषुप्त अवस्था र जब शिर (ब्रह्म) मा हुन्छ तुरीय अवस्था मानिन्छ। जाग्रत्मा ब्रह्मा, स्वप्नमा विष्णु, सुषुप्तिमा रुद्र र तुरीयमा महेश्वर स्थित हुन्छन्। प्रसन्न गुरुको सम्पर्कबाट विज्ञान उत्पन्न हुन्छ। यो विज्ञान राग, द्वेष, काम, क्रोध, तृष्णा आदिबाट रहित हुन्छ। यसले मुक्ति दिन्छ। अज्ञानमलक भएकोले पुरुष मलिन (मलयुक्त) भनिन्छ। त्यस अज्ञानलाई क्षय गरेमा मुक्ति हुन्छ। ज्ञान विना पुण्य र पापको परिचय हुँदैन।

अतः हे ब्रह्मविद्हरू! मुक्ति पाउन ज्ञानकै अभ्यास गर्नु पर्दछ अनि बुद्धि निर्मल भएर आउँछ। केवल ज्ञानले संतृप्त भै भौतिक सङ्गत त्याग गर्ने योगीहरूको अरू गर्नुपर्ने कर्तव्य बाँकी रहँदैन। यदि कर्तव्य बाँकी छ भने उ तत्त्वविद् हुन सक्दैन।

त्यसकारण जो ब्रह्मविद् हो उ परमार्थतः जीवनमुक्त भएको हुन्छ। वर्णाश्रमको अभ्यासमा अभिमान गर्ने पनि क्रोधको त्यागपूर्वक कर्मको अभ्यास त्यागेमा ज्ञानको मार्गमा जानेछ। यो संसार तनु (जीव तथा निर्जीव वस्तुहरूको शरीर) को संग्रह हो र यो संसारको हेतु नै अज्ञान हो। त्यस्तै मोक्षको हेतु ज्ञान हो र जो मुक्त हुन्छ ऊ आफ्नो आत्मामा स्थित हुन्छ। अज्ञानमा नै क्रोध आदि विकारहरू रहन्छन्। अतः बोध भएकाले शरीरमा रहेको त्यो क्लेशरूपी अविद्यालाई त्याग्नुपर्दछ। विद्याद्वारा अविद्या त्यागेमा क्रोध आदि धर्माधर्म पनि नाश हुन्छन्। ती नाश भएपछि जीव फेरि शरीरले संयुक्त भएर आउँदैन। त्यस्तै पुरुष तीनवटै प्रकारका (आत्मिक, भौतिक र दैविक) दुःखहरूबाट छुटकारा पाई संसारबाट मुक्त हुन्छ। यसरी ज्ञान विना ध्याताले ध्यान गर्न सक्दैन। परमार्थतः ज्ञान गुरुको सम्पर्कबाट हुन्छ। यसको वाचा (बोली) ले मात्र हुँदैन। ज्ञानी पुरुषका सबै पापहरू जीर्ण हुन्छन्। ऊ क्रीडा गरेर पनि नाना प्रकारका पापहरूमा लिप्त हुँदैन। जस्तो ज्ञान त्यस्तै ध्यान हो, यसैले ध्यानको अभ्यास गरून्। प्रारम्भमा ध्यान सविषय भएतापनि ध्यान निर्विषय भनिएको छ। ती परमशुद्ध सुवर्णाकार (ध्यानमा अनुभव हुने शिवाकार) विना धूँवाको अङ्गार तुल्य हुन्छ। पहेंलो, रातो तथा सेतो करोडौं विद्युत्प्रभा समान हुन्छ। प्रयत्न पूर्वक चित्तलाई ब्रह्मरन्ध्रस्थ गरी (ब्रह्ममा लगाई) कुनै पनि रङ्ग स्मरण नगरी निरञ्जन ब्रह्मलाई अनभूति गर्ने होस्। यस्तो व्यक्ति परिसंग्रहबाट मुक्त, तथा सबै प्रयत्नले अहिंसक, सत्यवादी, अस्तेयी (चोरी रहित), ब्रह्मचारी दृढ, सन्तुष्ट, शौचसम्पन्न तथा सदा स्वाध्यायमा रत हुनुपर्दछ। अतः मेरा अनुयायीले गुरुको सम्पर्कबाट प्राप्त निश्चल ध्यान अभ्यास गरून्।

मानिसहरूका देवता पशुपति आठ प्रकारले स्थित छन्। उनको तनुमा जुन प्रकारको तत्त्व छ त्यसलाई पार्थिव (पृथ्वी तत्त्व) भनिन्छ। अर्को द्रवस्वरूप उनको आप(जल)रूप हो, अनि अर्को वर्णाख्य वह्नि (अग्नि) भनिन्छ। जो संचरण गर्दछ त्यो वायु हो, जुन आकाशमा स्थित हुन्छ। आकाशमा भीम (विशाल), त्यसको सूर्यमण्डलमा ईशान तथा चन्द्रको बिम्बमा महादेव स्थित छ भनी मानेको छ। आकाशको विज्ञान पनि व्योम शब्दजन्य बाट सम्भव हुन्छ। त्यस्तै स्पर्शबाट वायुको ज्ञान सम्भव हुन्छ। रूप अग्नि (तेज) बाट तथा रस जलबाट तथा गन्धबाट पार्थिवको ज्ञान हुन्छ। जानु (घुँडा)पर्यन्त पृथ्वी तत्त्व, नाभिसम्म वारिमण्डल (जलतत्त्व) अनि कण्ठसम्म अग्नि तत्त्व, त्यहाँबाट ललाटको अन्तसम्म वायुतत्त्व, त्यहाँबाट पनि शिखाग्र (शिरको टुप्पाको अगाडिको भाग) सम्म व्योम (आकाश तत्त्व) र त्यहाँबाट पनि माथि हंसाख्य वा परम ब्रह्मतत्त्व छन्।

परमार्थतः जीव, प्रकृति, सत्त्व, रज, तम, महान्, अहङ्कार, पञ्चतन्मात्रा, इन्द्रियहरू भूत (पञ्चमहाभूत), व्योम आदि यी कुनै छैनन् । यो विश्व व्याप्त भएर स्थित हुनेलाई स्थाणु (परमात्मा) भनिन्छ । सूर्य उदाउँछ, वायु बहन्छ. चन्द्रमा चम्कन्छ, अग्नि जलाउँ ,जल बग्दछ, भूमि धारण गर्दछ (भार बोक्छ) र आकाश अवकाश दिन्छ । यी सबै उनद्वारा अधिष्ठित छन् । अतः संसाररूपी विषबाट संतप्त जीवहरूलाई ज्ञान-ध्यानरूपी अमृतद्वारा नै प्रतिकार गर्न (हटाउन) सकिन्छ, अरूबाट हुँदैन । त्यस ज्ञानको लागि सर्वरूपमय शर्व (भगवान्) हुन् भनी जानेर भगवान् भवलाई सम्झना गरून् । ज्ञान धर्मद्वारा उत्पन्न हुन्छ । साक्षात् ज्ञानले नै वैराग्य सम्भव हुन्छ । अनि वैराग्यबाट फेरि परम ज्ञान उत्पन्न हुन्छ जसबाट परमार्थ प्रकाश हुन्छ । जो ज्ञान र वैराग्यले युक्त छ उसैलाई योग सिद्ध हुन्छ । योग सिद्धिबाट सत्त्वमा निष्ठ भै विमुक्ति हुन्छ ।

पद्मपुराण अनुसार भगवान् शङ्कर नीलकण्ठ हुनु भएपछि त्यहाँ अमृतको कलश सहित भगवान् धनवन्तरी उपस्थित भए । दैत्यहरूले धनवन्तरीको हातमा रहेको कलश तानेर लिए । यस्तैमा भगवान् विष्णुले दैत्यहरूलाई मोहित पार्दै सो अमृत कलश आफ्नो हातमा पारे । अनि सबै अमृत देवताहरूलाई पिलाइ दिए जसबाट इन्द्र आदि देवगण अमर शरीरका भई पुनः दैत्यहरूमाथि विजय गर्न सफल भए ।

प्रजापति दक्षद्वारा शङ्कर रुद्रको विरोध

शिव-पुराण तथा स्कन्द-पुराण अनुसार प्राचीन समयमा प्रयागराजमा एक ठूलो यज्ञ सभाको आयोजना भएको थियो । त्यस समयमा शङ्कर आफ्नो गण(अनुयायीहरू) सहित आइपुग्नुभयो । सबै सिद्धहरू, देवताहरू, ऋषिहरूले उहाँलाई आफ्नो प्रभु मानेर प्रणाम गरे। उसै समयमा प्रजापतिहरूका पनि प्रभु अत्यन्त फूर्तिला दक्ष त्यहाँ आइ पुगे । आउने बित्तिकै सबैले ती दक्षको स्तुति गरी प्रणाम गरे । तर स्वतन्त्र शिवले दक्षलाई प्रणाम गर्नुभएन । आफूलाई शङ्करले प्रणाम नगरेकोले दक्ष रिसाई अत्यन्त अहङ्कारपूर्वक बोल्न थाले–सबै मलाई देखेर प्रणाम गर्दछन्, तर पिशाचहरूद्वारा घेरिएर बस्ने बडो अभिमानी यो कसरी बसिरहेको ? निर्लज्ज, क्रियाहीन (वैदिक कर्म अनुसारको क्रिया नगर्ने?) ,भूतहरूले (भोटान्त प्रदेशका

निवासीहरू वा पिछडिएका निम्न जाति ?)ले सेवित, नीतिलाई हंस्सी उडाउनेले मलाई प्रणाम गरेन । यो पाखण्डी, दूर्जन, पाप-स्वभावी, द्विज-निन्दक (सनातनी ब्राह्मणलाई निन्दा गर्ने), सदा पत्नीमा आसक्त रहने यसलाई म श्राप दिन्छु। यो वध हुनु योग्य छ । म यसलाई यज्ञबाट बाहिर गर्दछु । वर्णले पनि बाहिरको विवर्णरूप (वर्ण–व्यवस्था अनुसार नचल्ने) यसले आजदेखि यज्ञमा भागलिन पाउँदैन । कारण यो श्मशानमा रहने तथा कुलजन्महीन (जन्मेको कुलबाट हीन भएर गएको?) हो ।

दक्षको कुरा सुनेर सभामा उपस्थित भृगु आदि ऋषिले पनि शङ्करको निन्दा गरे । दक्षको यस्तो वाक्य सुनी शङ्करका भक्त नन्दिकेश्वरले बोले–अरे महामूर्ख, दुष्टमति भएको दक्ष ! तिमीले मेरा स्वामी (नेता) लाई कसरी यज्ञबाट बाहिर गऱ्यो ? जसको स्मरण गर्दा यज्ञ सफल हुन्छ तीर्थ पवित्र हुन्छ त्यस्तो भगवान्‌लाई कसरी श्राप दियौ ?तिमीले ब्रह्म चपलताले शङ्करलाई व्यर्थ गालि गऱ्यौ। यी महाप्रभुको सित्तै हंसी उडायौं, व्यङ्ग गऱ्यौ । नन्दिकेश्वरको कुराले दक्ष प्रजापति झन रिसाएर बोले–तिमीहरू सबै रुद्रगण तथा रुद्रका अनुयायीहरू वेदबाट बाहिर (वेद अध्ययनबाट निष्काशन) हुनेछौ तथा मनिषीहरूद्वारा पनि तिमीहरूको त्याग गरिनेछ । तिमीहरू पाखण्डी, अशिष्ट, मदिरा पिउने, जटा, भस्म र अस्थि (हाड)धारण गर्ने हुनेछौ । यसरी दक्षले शङ्कर रुद्रका गणहरूलाई समेत गाली दिइएपछि नन्दिकेश्वर क्रुद्ध भै बोले–हे दुर्बुद्धि दक्ष ! तिमीले शङ्कर शिवका गण हामीलाई व्यर्थै गालि दियौ र भृगु आदिद्वारा उपहास गराई ब्राह्मणत्वको अहङ्कारमा आई महाप्रभु शिवलाई निरादर गऱ्यौ । तिमीजस्तो रुद्र विमुख दुष्ट ब्राह्मणहरूलाई म पनि श्राप दिन्छु–तिमीहरू वेदवादमा लागेर पनि वेदतत्त्वको ज्ञान पाउन सक्ने छैनौ र कामनाले अनुष्ठान गर्नेछौ । स्वर्गको इच्छा गर्ने, लोभ मद क्रोधले युक्त, निर्लज्ज तथा भिक्षा माग्ने हुनेछौ । वेद मार्गको दुहाई दिएर कुयज्ञ गराउनेछौ र कुदान लिने तथा दरिद्र हुनेछौ । असत्य प्रतिग्रहण गर्ने भएकाले नरकगामी हुनेछौ र कोही ब्रह्मराक्षस बन्नेछौ । रुद्रसँग द्रोह गर्ने तिमीहरू दुष्ट बुद्धिका हुनेछौ तथा तत्वबाट विमुख हुनेछौ र ग्राम्य सुखको (सांसारिक वा भौतिक सुखको) कामना गर्नेछौ । त्यस्तै कर्मतन्त्रमा मात्र लागेर वेदमाथि विवाद गर्नेछौ र आफ्नै गतिको (तालको) ज्ञान विस्तृत भएर पशु रूप हुनेछौ ।

नन्दिकेश्वरले क्रोधपूर्वक दक्षप्रजापति र ब्राह्मणहरूलाई समेत श्राप दिएकोले त्यहाँ ठूलो खलबली भयो । तर शङ्करले नन्दिकेश्वरको कुरा सुनी हाँस्तै उनलाई सम्झाउनु भयो । हे नन्दिकेश्वर ! तिमीले क्रोध गर्नु उचित छैन । भ्रमवश मलाई

उनीहरूले गाली गरेको देखेर तिमीले पनि ब्रह्मकुललाई गाली गर्‍यौ। वेद मन्त्राक्षरयुक्त छ तथा सूक्तमा पनि देहधारीहरूको आत्मा प्रतिष्ठित छ। यसैले आत्मज्ञानी भई तिमी क्रोधवश श्राप नदेऊ। तिमी तत्त्व-ज्ञानबाट बुझ्न सक्छौ कि म कहिल्यै श्रापित हुन सक्तिन (कारण म आत्मा हुँ) अतःतिमी शान्त होऊ। यज्ञ, यज्ञकर्म, यज्ञअङ्ग, यज्ञका आत्मा, यज्ञमा रत, यज्ञबाट बाहिर सबैमा म (आत्मा) व्याप्त छु। तत्त्वबाट विचार गरी हेर त तिमीहरू सबै म नै हौ र यस्तो विचार गर्नाले ज्ञान हुन्छ कि ब्राह्मणहरूलाई श्राप व्यर्थ दिइयो। अतः यो प्रपञ्चलाई तत्त्वज्ञानले जानेर शान्त होउ ! क्रोधलाई त्यागेर स्वस्थ होऊ। शङ्करले यसरी ज्ञान-उपदेश दिएपछि नन्दिकेश्वरलाई बोध भयो र क्रोध त्यागेर शान्त भयो। अनि शङ्कर आफ्ना गणहरू सहित त्यहाँबाट जानुभयो। दक्ष प्रजापति पनि शङ्कर रुद्र प्रति द्रोह धारण गरी आफ्ना अनुयायी द्विजहरूका साथै त्यहाँबाट आफ्नो स्थान तिर लागे।

त्यसपछि दक्ष प्रजापतिले एक पल्ट कनखल तीर्थ भनिने गङ्गाद्वारमा ठूलो यज्ञको प्रारम्भ गरे। त्यस यज्ञमा दक्षले सबै ऋषिमुनिहरू, महात्माहरू, सिद्धहरूका, साथै सुरहरू, राजाहरू, लोकपालहरू, गन्धर्वहरू, यक्षहरू आदि सबैलाई निमन्त्रणा गरेका थिए। तर दक्षले शङ्करलाई भने कपाली अयोग्य भनी आमन्त्रण गरेनन् र त्यस्ता कपालीकी पत्नी भनेर छोरी सतीलाई पनि बोलाएनन्। यज्ञको कार्य प्रारम्भ हुन लाग्दा मुनि दधीचिले उठेर भने– महादेव रुद्र किन उपस्थित हुनु भएन ? उहाँको अभावमा यो यज्ञको शोभा नै छैन। अतः उहाँ र साथै सती-देवी पनि ल्याइनु पर्दछ। उहाँ आउनु भए मात्र यो यज्ञ पवित्र हुनेछ नत्र यो अपूर्ण रहनेछ। त्यसपछि सभामा खलबली हुने देखेर सर्वश्रेष्ठ ब्रह्मज्ञ ब्रह्माजी पनि त्यहाँबाट अन्तै बिलाउनु भयो। मुनि दधीचिको कुरा सुनी दक्ष प्रजापतिले भने– भगवान् विष्णु सबै देवताहरूमा मुख्य हुन्। सनातन धर्म उहाँमै स्थित छ। अतः मैले उहाँलाई यस यज्ञमा बोलाएकै छु। अरू वेद वेदार्थका तत्त्वज्ञाता जति छन् उहाँहरू पनि आउनु भएका छन् भने रुद्रसँग हामीलाई के मतलब ? विप्र ब्रह्माको आज्ञाअनुसार मैले आफ्नी कन्या उनलाई दिएको थिएँ तर उनी त अकुलीन, मातापिताहीन तथा भूत पिचाशका (निम्न जातिका मानिसहरूका) अधिपति र दुर्गम (कुन विचारको हो चिन्न नसकिने) हुन्। आत्मसम्भावनाले युक्त (आत्माको सम्भावना देख्ने अथवा आफै आत्मा हुँ भनेर ठूलो हुनुपर्ने), मूर्ख, स्तब्ध, मौनी तथा कर्ममा अयोग्य भएको कारणले मैले उसलाई नबोलाएको हुँ। तसर्थ तपाईंहरू सबै मिलेर नै मेरो यज्ञलाई सफल गराउनुहोस् र उसको बारेमा फेरि केही नभन्नु होला।

दक्षको कुरा सुनेर दधीचिले फेरि भने– धर्मपरायण ब्रह्मवादी विद्वान जसको स्तुति गर्दछन् ती सूर्यरुपी कालात्मा शङ्करकै शरीर स्वरूप हुन्। यी नीलकण्ठ, रुद्र महोदय, जटाधारी हर नै आदित्य भगवान् हुन्। अतः शिव(शङ्कर रुद्र) विनाको यो यज्ञ अयज्ञ ठहर्दछ। यति भनी दधीचि मुनि त्यहाँबाट उठेर आफ्नो आश्रममा गए। त्यस्तै केही अरू मुनिहरू पनि गए। तब दक्षले भने–रुद्रका भक्तहरू उठेर गए यो असलै भयो। जसको चरित्र नष्ट छ, मदले भरिएको छ, मिथ्यावादमा रत छ, वेदबाट बाहिर जाने तथा दुराचारी वृत्त छ यस्तालाई कहिले पनि यज्ञमा नबोलाउनू। त्यसपछि अन्य ऋषिमुनिहरू तथा सुरहरूले सो यज्ञको कार्य गर्न थाले।

यसरी दक्ष प्रजापतिले यज्ञ गर्न लागेको कुरा सतीदेवीले आफ्नी साथी विजयाद्वारा थाहा पाइन्। सतीदेवीलाई आश्चर्य भयो र आफ्ना पितामाताले मलाई किन बोलाएनन् भनी सोच्न लागिन्। त्यसपछि रिसाउँदै शङ्कर कहाँ गएर भनिन्– हे नाथ ! मेरा पिताजी कहाँ ठूलो यज्ञ हुँदैछ भन्ने सुन्दछु त्यस यज्ञ महोत्सवमा हामी पनि जाऔं। सतीको कुरा सुनी शङ्कर भन्नुहुन्छ– तिम्रो पिता मसँग द्वेष गर्नुहुन्छ। नबोलाइकन कसैकहाँ जो जान्छ ऊ त्यसबाट तिरस्कृत हुन्छ र यसबाट उसलाई मरणादितक प्राप्त हुन सक्छ। तर सतीदेवी "मेरो दुष्टकर्मा पिताले हजूरलाई निमन्त्रणा किन गरेन म त्यसको भाव जान्न चाहन्छु अतः मलाई त्यहाँ जाने अनुमति दिनुहोस्" भनी ढिपी गरी गणहरूका साथ दक्ष–यज्ञमा गइन्। आखिर यज्ञ-स्थलमा पुग्दा दक्षले तिनलाई वास्ता गरेनन्। तब सतीदेवीलाई अति क्रोध भयो र हे पिता! तपाईंले शङ्करलाई किन निरादर गर्नुभएको ? तपाईं बुद्धि भ्रष्ट हुनुभयो भनी भनिन् र त्यस्तै गरी त्यहाँ उपस्थित ब्रह्मा, विष्णु आदिलाई पनि शङ्करलाई नडाकेको यज्ञमा कसरी भाग लिएको भनी सोधिन्। त्यसपछि दक्षले- भने हे छोरी! सबैलाई थाहा छ तेरो पति शङ्कर अमङ्गलमय, अकुलिन, वेदबाट बाहिरको र भूत पिशाचका अधिपति हुन्। मैले बुद्धिपूर्वक सोचेको छु कि देवता र ऋषिहरूको सभामा उसको केही प्रयोजन छैन। विधि (ब्रह्मा)ले भनेको हुँदा मैले तिमी उसलाई दिएँ। तर उनी दुरात्मा रहेछ। यसैले तँ नरिसा, यहां आइहालिस् त यज्ञमा भाग लिएर बस। यस प्रकारको पिताको वचनले असह्य भई सतीले भनिन्– म आफ्नो स्वामीलाई निन्दा गरेको सुनेर जीवित रहन सक्तिन। तपाईंहरू शङ्करका निन्दकहरूलाई ठूलो पश्चाताप हुनेछ। जसको विश्वमा कोही अप्रिय छैन जसलाई जो पनि प्यार गर्छ उनै लोक बन्धु शङ्करलाई तपाईंहरू सिवाय अरू कसले शत्रुता गर्ला ? हे पिता ! तपाई कुबुद्धिद्वारा शङ्करसँग अभिमान

नगर्नुहोस् । तपाईं जस्तोबाट उत्पन्न यो देह राखि छाड्नु पनि ठीक छैन ।यति भनी सतीदेवीले आफ्नो शरीर छोड्ने इच्छाले शङ्करलाई स्मरण गर्दै प्राण त्याग गरिन्। (स्वस्थानी व्रत–कथामा भने सतीदेवी यज्ञ–कुण्डमा फालहाली देहत्याग गरेको र यज्ञ–कुण्डको अग्निमा परेको सो शरीर पछि शङ्कर आई यज्ञकुण्डबाट बाहिर झिकी बोकेर लैजाँदा बाटामा टुक्रा टुक्रा भई खस्तै गएको तथा यसरी खसेका प्रत्येक अङ्गपतनमा शिवलिङ्ग र पीठ तथा योगिनी उत्पन्न भएको कुरा उल्लेख छ।

सतीदेवीले देह त्याग गरेपछि शङ्करका गणहरू यो घटनादेखि बडो क्रुद्ध भएर दक्षतर्फ जाइ लागे।तर दक्षका मुख्य समर्थक भृगु ऋषिद्वारा तिनीहरूमाथि हमला भएकोले उनीहरू यहाँबाट हटेर शङ्कर भए ठाउँ गई सबै वृतान्त सुनाउन गए । तव शङ्करलाई अति असह्य भयो । अनि दक्षको घमण्ड तोडेर उसलाई दण्ड दिन वीरभद्र र महाकालीलाई बोलाई अहंकारी दक्षको यज्ञ नष्ट गरी आऊ भनि आज्ञा भयो । त्यसपछि वीरभद्र र महाकाली असंख्य गणकासाथ यज्ञस्थलमा आएपछि त्यहाँ उत्पात मच्चियो । दक्ष व्याकुल भई मेरो रक्षा गर्नु होस् भनी विष्णुको चरणमा परे। विष्णुले दक्षलाई भन्नु भयो– हे दक्ष ! तिमीले शङ्करको तत्व(धर्म सम्बन्धी कुरा) नजानेर उनको निरादर गर्‍यौ । भगवान् शङ्कर सबै प्रकारले मान्य छन्, उनको तिरस्कार गरेकोले नै यो घोर आपत्ति तिमीलाई आइपरेको हो । विष्णुको कुरा सुनी दक्ष अत्यन्त चिन्तित भएर भन्न थाले– हे प्रभु ! मैले तपाईंकै भरोसाले यो महान् यज्ञ प्रारम्भ गरेको थिएँ । तपाईं यज्ञको पालन कर्ता हुनुहुन्छ । तसर्थ तपाईंद्वारा यो यज्ञको रक्षा हुनुपर्दछ । दक्षको कुरा सुनी विष्णु भन्नु हुन्छ– हे दक्ष ! धर्मको पालना गर्नु मेरो कर्तव्य हो, अतः म तिम्रो यज्ञलाई रक्षा गरूँला । तर तिमी आफ्नो कुबुद्धि छोडिदेउ । तिमी कर्म–प्रकर्मलाई देख्दा रहेनछौ । सबै कर्ममा सफलता हुँदैन । कर्मको फल दिनमा ईश्वर बाहेक अरू कोही समर्थ हुँदैन । शान्त चित्तले भक्तिपूर्वक ईश्वरमा मन लगाउनेलाई नै शिव (ईश्वर) कर्मफल प्रदान गर्नु हुन्छ । जो मानिस ईश्वरलाई मान्दैन र केवल ज्ञानको (जानेका) कुराको आधारमा नै बढ्ने इच्छा गर्दछ ऊ जन्म जन्मान्तर कर्मको फन्दामा बाँधिन्छ ।

देवराज इन्द्रलाई विष्णुको कुरा मन परेन र स्वयं लोकपालकहरूलाई एकत्र गरी वीरभद्रसँग लड्न तयार भए । तथा शङ्करका गणहरूलाई तितरबितर पार्न थाले । त्यस्तै भृगुले पनि आफ्ना मन्त्रबलद्वारा वीरभद्रका फौजहरूलाई परास्त गर्न थाल्यो । तर वीरभद्रले आफ्ना त्रिशूलद्वारा सबै सत्रुगणलाई मार्दै भगाउन थाल्यो । अनि लोकपालहरू पराजित भई यत्रतत्र भाग्न थाले ।

सब ऋषिहरूले त्यसपछि हे विष्णु ! दक्षको यस यज्ञलाई रक्षा गर्नुहोस् भनी पुकार्न थाले। सो देखी विष्णु यज्ञको रक्षा गर्न वीरभद्रसित युद्ध गर्न यज्ञशालाबाट बाहिर आउनुभयो । वीरभद्रले पनि रिसाउँदै भन्यो– हे विष्णु ! के तिमी पनि दक्षको यज्ञमा कुत्सित दान ग्रहण गर्न आएका हौ । शङ्कर नभएको यस यज्ञमा तिमी यहाँ कसरी आयौ ? सती देवीले जे गरिन् तिमीले के देखेनौ ? तिमी दक्षको यज्ञलाई कसरी रक्षा गर्दो रहेछ हेरूँ । वीरभद्रको कुरा सुनी विष्णुले भन्नुभयो – हे वीरभद्र ! तिमी मलाई शङ्करको विरोधी नसम्झ । यस दक्षले यज्ञको लागि धेरै पटक प्रार्थना गरेको थियो र यो अवश्य पनि कर्मनिष्ठ छ । परन्तु मूर्खता गरी बसेको छ । दक्ष मेरा भक्त हुन् यसैले म उसको यज्ञमा आएको हुँ। अतः म तिमीहरूलाई निवारण गरूँला, तिमी मलाई निवारण गर, फेरि जे हुनु छ त्यो त हुने नै छ । त्यसपछि विष्णु र वीरभद्रका बीच घनघोर युद्ध भयो आखिर विष्णुको चक्र स्तम्भित भयो र पराजित भै विष्णु त्यहाँबाट आफ्नो स्थान जानुभयो । विष्णु जानु भएपछि वीरभद्रले यज्ञमा आएका सबैमाथि विजय प्राप्त गर्‍यो । उसले लुक्न गएको दक्षलाई पनि पक्डेर ल्यायो र उसको शिर चुँडाली यज्ञमा होमिदियो । त्यसपछि यज्ञका सारा सामानहरू ध्वस्त पारी यज्ञलाई नै नष्ट गरिदियो ।

स्कन्दपुराण अनुसार त्यसपछि ब्रह्माजी कैलाशमा गई दक्ष अपराधको क्षमा याचना गर्दै शङ्करको स्तुति गर्नुभयो – परमशान्त, भगवान् रुद्रदेवमा मेरो प्रणाम। हे नीलकण्ठ ! विश्वस्वरूप तथा यस जगत्लाई आनन्द दिने ! तपाई ॐकार हुनुहुन्छ, यज्ञस्वरूप हुनुहुन्छ तथा यज्ञमा हुने कर्मरूप हुनुहुन्छ । हे महादेव ! तपाई सबै प्राणीलाई शरण दिनु हुन्छ । म दक्षको शोकमा पीडित भएकोलाई रक्षा गर्नुहोस् । शङ्करले भन्नुभयो– हे पितामह ! दक्षको यज्ञ मैले भङ्ग गरेको छैन, दक्ष आफ्नै कर्मद्वारा हत हुन गएको हो । अरूलाई क्लेश दिने कार्य कहिल्यै गर्नु हुँदैन । जुन अरूको लागि हुन्छ त्यही आफ्नो लागि पनि हुनेछ । यति भनेर भगवान् रुद्र, ब्रह्माजी र अन्य सबै कनखल तीर्थमा भएको यज्ञशालामा जानु भयो र त्यहाँ वीरभद्रले गरेका कार्यहरू देख्नु भयो । त्यसपछि दक्षले शङ्करको निगाहद्वारा जीवन प्राप्त गरे । दक्षले आफ्नो अगाडि भगवान् रुद्र देखेपछि लाजले निहुरी ती शङ्करको स्तुति गरे–हे देवताहरूमा परमश्रेष्ठ तथा वरदाता ! हे आत्मारूप हजूरको सेवामा म प्रणाम गर्दछु । दक्षको स्तुति सुनेर भगवान् शङ्करले भन्नुभयो– हे द्विजहरूमा श्रेष्ठ, ! मेरो भजन (जय गान) गर्नेहरू चार प्रकारका छन्–एक आर्तहरू अर्थात् परमपीडाले उत्पीडित भई मेरा भजन गर्नेहरू, दोस्रो

जिज्ञासु अर्थात् ज्ञानको इच्छा हुनेहरू, तेस्रो अर्थको (सुख ऐश्वर्यको) चाहना राख्ने र चौथो ज्ञान सम्पन्नहरू। यी सबैमा ज्ञानीजन मेरो सदा परम प्रिय हुन्छ। विना ज्ञान मलाई प्राप्त गर्न खोज्ने मनुष्यको चेष्टा मुर्ख्याइँमा जानेछ। कर्मकै वशमा रहने मनुष्य मूर्ख हुन्छ। त्यस्ताले वेदद्वारा, दानद्वारा, यज्ञ कर्मद्वारा र तपस्याद्वारा मलाई प्राप्त गर्न सक्तैन। यसै कारण ज्ञानमा परायण भई तिमी जे ज्ञान समाहित कर्म (क्रिया) हो त्यही गर। सुख र दुःख समान सम्झेर निरन्तर सुखी बन। यति उपदेश दिएर सम्भु आफ्नो स्थानमा फर्कनुभयो। ब्रह्मा पनि भृगु आदि सबैलाई बोध गराई जानुभयो।

वामनपुराणको ४ औं अध्याय अनुसार दक्षयज्ञको युद्धमा हरिले वीरभद्रलाई समाती उनको मुखबाट आफ्नो चक्र निकाल्नु भएपछि वीरभद्रले शङ्कर भए ठाउँ गई आफ्नो पराजय सुनाउनु भयो। त्यसपछि शङ्कर क्रुद्ध भई यज्ञमण्डपमा प्रवेश गर्नुभयो। सो देखेर हरि त्यहाँबाट हटी लुकेर बस्नु भयो। त्यसपछि शङ्करले अनेक देवताहरूलाई समाप्त गर्नुभयो। यस्तैमा आफूसँग युद्ध गर्न आएका पूषालाई शङ्करले समातेर फनफनती घुमाउनुभयो। पूषाले हीँहीँ गर्दै दाँत देखाउँदै भने– हे कपाली ! लौ आइज। त्यसपछि पूषालाई सम्भु रुद्रले मुक्काले हानी उसको दाँत झारि दिनुभयो। सो देखी भगले भयंकर आँखाले शङ्करलाई हेर्न लाग्यो। सो भगलाई पनि उहाँले हातले प्रहार गरी उसको दुवै आँखा फोडिदिनुभयो। त्यसपछि सबै देवताहरू (दक्षका सहायकहरू) डराई यत्रतत्र भागे। अनि शङ्करले यज्ञको अग्निलाई भस्म गर्नुभयो।

त्यस्तै पद्मपुराण अनुसार आफ्ना पिता दक्षसँग रिसाएकी सतीले गङ्गाको पश्चिमपट्टिको किनारामा जहाँ शौनक नामको तीर्थ छ त्यहाँ देह त्याग गरिन्। त्यसबाट शङ्कर र गणहरू सबैले यज्ञस्थलमा पुगी सबै देवगणलाई जिती यज्ञ नष्ट गरिदिए। दक्ष भयभीत भएर महादेवको प्रार्थना गर्न थाले– हे महादेव ! आफ्ना गणलाई फिर्ता पठाई मलाई त्राण दिनुहोस्। म तपाईंको शरणमा आएको छु। अनि प्रसन्न भएका शङ्करले दक्षलाई तिम्रो यज्ञ ध्वस्त भएपनि म तिमीलाई यज्ञको फल दिनेछु भन्नुभयो। उहाँको वचन सुनी दक्ष प्रजापति प्रणाम गर्दै आफ्नो घर गए।

लिङ्गपत्तन र सांख्ययोगको उपदेश

स्वस्थानी व्रतकथा अनुसार सतीदेवीको देहान्तमा विह्वल हुनु भएका शङ्करले पछि चित्त दृढ गरी अब उत्तरापंथतिर हिमालयमा गई, काम क्रोध, लोभ, मोह छोडी सम्पूर्ण इन्द्रियलाई बाँधेर परब्रह्ममा ध्यान लगाई तपस्या गर्न जान्छु भनी सोच्नु भयो। तर पहिले उहाँ दक्षिणतिरको बाटो लाग्नुभयो। त्यहाँका स्त्रीहरू उहाँलाई देखेर पछि लागेकाले तिनीहरूका पुरुषहरू उहाँसँग हाम्रा स्त्रीहरू किन हरण गरी ल्याएको भनी रिसाए। उहाँले मैले त ल्याएको होइन किन आए छन् कुन्नि भन्नुभयो। तब तिनीहरूले भने–तिम्रो लिङ्ग (मूत्रेन्द्रिय) देखेर यिनीहरू पछि लागी आएका हुन्, तिम्रो लिङ्ग पत्तन (नाश) होस्। तिनीहरूका श्रापले शङ्करको पुरुषलिंग पत्तन भयो। यसरी निरपराधमा तिनीहरूले श्राप दिई कष्ट दिएपछि शङ्करद्वारा त्यहाँ ज्योतिर्लिङ्ग (परमात्माको प्रतिमा) उत्पन्न गराई सबैलाई भयभित गराउनु भयो। तब सबै डराई भगवान् विष्णुको छेउ गई बिन्ती गर्दा श्री विष्णुले तत्काल आई ज्योतिर्लिङ्गलाई अँगालो हाली साम्य पार्नु भयो।

वामनपुराणको छैठौं अध्याय अनुसार सतीको देहान्तपछि शङ्कर दारु वनमा प्रवेश गर्नु भयो। त्यस्तै वामन पुराणको सरोमहात्म्यको २२ औं अध्यायको अन्त्यमा शङ्कर नग्न भई दारु वनमा आउनु भएकोले त्यहाँका द्विज तथा मुनिहरूले मार मार यसलाई भन्दै काठ र ढुंगाले उहाँको लिंग (मूत्रेन्द्रिय) मा आघात गरी गिराई दिएका तथा त्यसपछि भगवान् त्यहाँबाट बिलाउनु भएको र त्यहाँ भयसूचक उत्पात हुन थालेको वर्णन छ।

स्कन्दपुराण अनुसार शङ्कर रुद्र भिक्षाको लागि दारुवनमा प्रचरण गर्नु भएको थियो। उसबेला उहाँ दिगम्बर (विना वस्त्रको) हुनु हुन्थ्यो। ऋषि पत्नीहरूले भिक्षा ल्याई उहाँलाई दिए। ती मध्ये कसैले विस्मय भई सोधे– तपाई को हुनुहुन्छ? भगवान् शङ्करले भन्नु भयो– म कैलाशपति ईश्वर हुँ। म आफ्नो पत्नी सतीदेवीबाट विरहित दिगम्बर भई यसरी विचरण गर्दैछु। त्यसपछि शम्भु त्यहाँबाट जान थाले। अनि ती सबै स्त्रीहरू पनि उहाँकै पछि पछि लाग्न थाले। सो देखेर त्यहाँका विप्र र ऋषिहरूले रिसाउँदै शङ्करलाई भने– तपाईं महात्मा र विरक्त (वैरागी) भएर पनि हाम्रा पत्नीहरू अपहरण गर्नु हुन्छ। यसरी आफूमा आक्षेप हुँदा पनि भगवान् शङ्कर मौन धारण गर्दै हुनुहुन्थ्यो। त्यसपछि रिसाएका तिनीहरूले उहाँलाई षण्ड (नपुंसक) होओस् भनेर सराप दिए जसबाट उहाँको लिंग (मूत्रेन्द्रिय) भूमिमा गिऱ्यो।

कूर्मपूराण (उत्तरविभाग,अध्याय ३७) अनुसार आफ्ना स्त्रीहरू रुद्रको पछि लागे काले तिनीहरूका पुरुषहरूलाई क्रोध भयो र उहाँलाई कठोर वचनले गाली गर्नुका साथै अनेक प्रकारका श्राप दिदै आघात पार्वै भन्दछन्– हे अधम पुरुष ! जा, यहाँ-बाट तुरून्त । त्यसपछि जटाधारी शङ्कर महात्मा वशिष्ठको आश्रममा जानुभयो । भिक्षा माग्दै आएका देवतालाई देखी वशिष्ठकी पत्नी अरून्धतीले नमस्कार गर्दै हातपात गर्ने द्विजहरूद्वारा आहत उहाँको शिथिल शरीरको दुखेको ठाउँमा औषधि लगाई दिइन् । त्यसपछि वशिष्ठ र अरून्धतीले उहाँलाई सम्मानपूर्वक तपाईं को हुनुहुन्छ ? भनी सोधे । उहाँले म एकजना सिद्ध हुँ भनी बताउनुभयो र भन्नुभयो- जो यो ब्रह्ममय मण्डल सदा शुद्ध प्रकाशित हुन्छ, यही मेरा देवता हुन्, सदैव यसैको धारणा गर्दछु । यति भनेर पतिव्रता अरून्धतीलाई कृतज्ञता ज्ञापन गर्दै श्रीमान् त्यहाँबाट जानु भयो । तर बाटामा प्रवृत्त कर्ममा लागेका केही उग्र द्विजहरूले उहाँलाई दण्डा, लठ्ठी र मुक्काले हिर्काउन थाले । यसरी चुटिएर नग्न एवं विकृत जस्तो भई हिंडेका गिरीशलाई देखेर तिनीहरूले हे दुर्मति आफ्नो लिंगलाई उखेल भनी भने । त्यसपछि महायोगी शङ्करले यदि मेरो लिंगप्रति तपाईंहरूको द्वेष उत्पन्न हुन्छ भने यसै गरूँला भन्नुभयो । त्यति खेर शङ्कर, विष्णु र लिंग समेत त्यहाँ बाट बिलाए तथा त्यहाँ भयसूचक उत्पात हुन लाग्यो । त्यसपछि सबै मुनिहरू र द्विजहरू डराई गुरु ब्रह्मा कहाँ गई भने– कुनै सुन्दर पुरुष दारुवनमा नग्न रूपमा आएको थियो । हामीले उसलाई अनेक गाली दियौं, पिट्यौं र उसको लिंग पतन गराइ दियौं । तिनीहरूको कुरा सुनी ब्रह्माले भने– उहाँ त महादेव शङ्कर हुनुहुन्छ, उहाँको जस्तो उत्कृष्ट स्थान कहिल्यै कोही प्राप्त गर्न सक्तैन । तिमीहरू अब सो घटना भएको ठाउँमा गई ईश्वरको उत्तम लिङ्ग (प्रतिमा) बनाई सादर ब्रह्म-चर्यपूर्वक पूजा गर्नू । तब ती देवेशको दर्शन हुनेछ र अज्ञान र अधर्मको नाश हुनेछ। त्यसपछि तिनीहरू त्यस स्थलमा गई भगवान्‌को आराधना गर्न थाले । तिनीहरूको आराधनादेखि प्रसन्न भएका शङ्कर रुद्र हिमालयको शुभ शृङ्ग पर्वत स्थित देव-दारुवनमा पाल्नुभयो । अनि उनीहरूले उहाँलाई प्रणाम गर्दै स्तुति गरे । हे त्रिशुल-धारी, हे दिगम्बर, हे चर्माम्बरधारी, हे प्रणतजनका देहस्वरूप एवं स्वयं अप्रणत, हे योगीहरूका गुरु, हे दान्त (इन्द्रिय दमन गर्ने), शान्त, तापस, हे महादेव, हे प्रमथनाथ, हे कनकलिङ्ग, हे ज्ञानलिङ्ग, हे त्रिलोचन! हामीले मोहवश जे गर्‍यौं त्यसमा क्षमा होस् । हामी तपाईंको शरणमा छौं । हे प्रभु ! हामी कर्मयोग, ज्ञान योग अथवा योगद्वारा कुन प्रकार सदा हजूरको पूजा गरौं । कुनचाहीं देवमार्गद्वारा भगवान्‌लाई पूजा गर्नु पर्दछ ? महादेवले भन्नुभयो– म तपाईंहरूलाई यो उच्च

एवं गम्भीर रहस्य बताउँदछु जुन मैले पहिले ब्रह्माजीलाई पनि बताइसकेको थिएँ। मानिसहरूको लागि साधनस्वरूप सांख्ययोगलाई दुई प्रकारबाट जान्नु पर्दछ। योग सहित सांख्य मानिसलाई विमुक्ति प्रदान गर्दछ। केवल योगद्वारा परमपुरुषको दर्शन हुँदैन त्यस्तै ज्ञान पनि केवल सम्यक् फल प्रदान गर्दछ। विमुक्तिको लागि तपाईंहरू केवल योगको अवलम्बन एवं विमल सांख्यको परित्याग गरी परिश्रम गरिरहनु भएको थियो। यस कारण हे विप्रहरू! धर्म गर्ने मनुष्यहरूको लागि मोहको संभावना (अज्ञान) सूचित गर्न म यस स्थानमा आएको हुँ। कैवल्य (मोक्ष) को साधन स्वरूप विमल ज्ञानलाई जान्न र साक्षात्कार गरी हेर्नु पर्दछ। आत्मा एक तथा सर्वव्यापी छ। यो आनन्दस्वरूप, नित्य, निर्मल तथा अद्वितीय छ। यही सांख्य दर्शन हो। यही श्रेष्ठ ज्ञान हो। यही निर्मल कैवल्य हो र यही शुद्ध ब्रह्म स्वरूप भनिएको छ। यसमा निष्ठा राख्ने महात्मा योगीहरू यो परम तत्वको आधारमा रही "म" (आत्मा) लाई विश्वका ईश्वर भनी देख्तछन्। यही परम ज्ञान केवल सत् र निरञ्जन (दोषरहित) ज्ञान हो जसबाट म भगवान् तथा यो मेरो मूर्ति स्वरूप (ज्योतिर्लिङ्ग)शिव भनी जानिन्छ। हे श्रेष्ठ द्विजहरू! सिद्धिको लागि धेरै साधनहरू बताइएका छन् तिनीहरूमा मेरो विषयको (मैले बताएको) ज्ञान ठूलो छ। शरीरमा भस्म लगाई प्रशान्त एवं संयमित मन (चित्त) ले ब्रह्मचर्यपूर्वक नाङ्गो भई (विना वस्त्र पहिरी) पाशुपतव्रतको पालन गर्नु पर्दछ। अथवा कोपिन वस्त्र (लँगौटी) या एक वस्त्र धारण गरी मुनि (मनन-शील)वा वेदाभ्यासमा रत विद्वान्ले पशुपति शिवको ध्यान गरून्। मैले पहिले विमुक्तिको लागि अति गुह्य, सूक्ष्म एवं वेदको सार स्वरूप श्रेष्ठ पाशुपत व्रतको निर्माण गरेको थिएँ। ममा आश्रित तथा रोग, भय, क्रोध रहित मेरा अनेक भक्त यस योगद्वारा पवित्र भई मेरा भावमा आएका छन्। यस संसारमा आकर्षित गर्ने अरू पनि शास्त्रहरू छन्। मलाई वेदवाद विरोधी भन्दछन् र वाम, पाशुपत, सोम, लाकुल, भैरव आदि वेदबाहिरको हुनाले यी असेवनीय भन्दछन्। तर हे विप्रहरू! म वेदमूर्ति हुँ, सनातन वेदलाई छोडर अन्य शास्त्रका ज्ञाताहरू मेरो स्वरूप (मेरो आत्मरूप) लाई जान्न सक्तैनन्। अतः यस मार्गलाई स्थापना गरेर महेश्वरको पूजा गर्नू। ममाथि तपाईंहरूको भक्ति (विश्वास) होस्, तपाईंहरूको ध्यान (अन्तर संज्ञना)मात्रले म उपस्थित हुनेछु। यति भनी भगवान् सोम (शङ्कर) त्यहाँबाट जानु भयो। त्यसपछि ती मुनिहरू पनि दारुवनमा रही शङ्कर रुद्रलाई पूजागर्दा भए र ब्रह्मचर्यमा रही शान्त, तथा ज्ञानयोग परायण भए।

हिमालयमा शङ्करको तपस्या तथा काममाथि विजय

सम्भवत, दारुवनमा द्विजहरूलाई साङ्ख्य योगको उपदेश दिएर तिनीहरूलाई ज्ञानयोग परायण गरिसकेपछि शंकर रुद्र त्यसपछि उत्तरतर्फ लागी हिमालयमा जानु भयो र त्यहाँ काम,क्रोध, लोभ, मोह, छोडी सम्पूर्ण इन्द्रियलाई बाँधेर परब्रह्ममा ध्यान लगाई तपस्या कार्यमा लाग्नु भयो । त्यस समयमा त्यहाँको पर्वतप्रदेशका राजाकी छोरी पार्वती शङ्करलाई विवाह गर्ने ईच्छाले उहाँको सेवामा आउन चाहन्थिन् । तर उहाँ भने पार्वती स्त्री भएकीले तिनको उपस्थिति मन पराउँनु हुँदैनथ्यो । शिव पुराण अनुसार एक दिन पार्वतीले उहाँलाई दर्शन गर्न आई उहाँसँग विनम्र प्रश्न गरिन्– के हजूर प्रकृतिबाट पर हुनुहुन्छ ? शंकरले उत्तर दिनुभयो– म आफ्नो तपस्याद्वारा नै प्रकृतिलाई नष्ट गर्दछु । म शंकर नामधारी नित्य नै प्रकृतिले रहित भएर स्थिर रहन्छु । सदव्रति पुरुषले प्रकृतिको संग्रह कहिल्यै नगरी, विकार युक्त नभै तथा लोक आचारलाई छोडी बस्नु पर्छ । पार्वतीले फेरि मधुर वचन गरी सोधिन्– हे योगीश्वर ! हजूरले अहिले जे जे भन्नुभयो (अर्थात् बोल्ने कार्य गर्नुभयो) के ती प्रकृति होइनन् र ? फेरी हजूर कसरी प्रकृतिबाट पर हुन सक्नु हुन्छ ? संसारमा समस्त रचना आदि प्रकृतिबाटै भएको छ । हजूरको श्रवण, भोजन र दर्शन आदि जे पनि हुन्छ यी सबै यही प्रकृतिका नै कार्यकलाप हुन्। यदि हजुरलाई आफ्नै ज्ञान छैन भने तपस्या के को लागि गर्नु हुन्छ ? प्रकृतिको अनुग्रहले हजर यो सगुण रूपधारी हुनुभयो । प्रकृतिको अभावमा पुरुष केही गर्न सक्तैन । पुरुष सधैं प्रकृतिको वशमा परी अनेक प्रकारका कर्म गर्छन् अतः हजूर कसरी विकार रहित हुनुहुन्छ र प्रकृतिबाट कसरी लिप्त नभई बस्नु हुन्छ ? यदि हजूर प्रकृतिबाट पर हुनुहुन्छ र हजूरको प्रकृतिबाट दूर रहने कथन सत्य नै हो भने पनि हजूरलाई मेरो समिपमा रहनाले कुनै भय हुनु नपर्ने हो । पार्वतीको यस्तो सैद्धान्तिक कुरा सुनी शङ्कर भन्नु हुन्छ– तिमी यसरी सांख्य दर्शनको सिद्धान्त अनुसार बोलिरहेछौ, अतः तिमीलाई मेरो सेवामा आउन निषेध छैन । तर म मायाले लिप्त नरहने ब्रह्म हुँ र मलाई वेदान्त दर्शनद्वारा मात्र जान्न सकिन्छ ।

यसरी शङ्कर रुद्रको स्वीकृति पाएर पार्वती उहाँको सेवामा बराबर आउने भइन् । अर्कोतिर शङ्करलाई कामवासनामा ल्याउने इन्द्रको योजना अनुसार पनि त्यहाँको वातावरण वसन्तमय बनाइदिएको थियो । यसबाट पार्वती आफ्नो रूप लावण्य र हावभावले सुसज्जित भई बराबर उहाँलाई भेट्न आउने गर्दा सो निर्जन स्थल बडो कामुक वातावरणले युक्त हुँदै गएको थियो । त्यस्तै समयमा सधैं झैं

पार्वती शृङ्गारयुक्त भई हातमा फूलहरू लिएर उहाँलाई चढाउन त्यहाँ आइपुगिन्। त्यतिबेलः उहाँ पनि एक छिनलाई आफ्नो समाधि छोडेर जागा हुनु भएको थियो। पूर्ण शृंगार र हावभाव सहित पार्वतीले सदाझैं शङ्करको सन्मुख आई प्रणाम गरी फूलले अर्चना गरिन्। पार्वतीलाई देखेर अकस्मात उहांको मनमा पार्वती कस्ती राम्री भन्ने विचार उत्पन्न भयो र विशेष रुचिले पार्वतीलाई हेर्नुभयो। पार्वती पनि लाज मानेर आफ्नो अङ्ग खुम्च्याई निहुरिन्। यस्तैमा सौन्दर्यले भरिएको पार्वतीको अङ्ग स्पर्श गर्ने कामना समेत के उहाँमा उठ्न खोजेको थियो उत्तीखेरै महायोगी शङ्कर झल्यास्स होशमा आउनु भयो र चेतनाले युक्त भै सोच्नु भयो– अहो ! यो कस्तो विचित्र घटना ! मलाई यस्तो मोह कसरी आयो? समर्थवान् भएर भगवान् कहलिएको मलाई पनि कामले विकृत कसरी गर्न खोजेको ? मैले पनि यस्तो छुन नहुने अङ्गको स्पर्श गर्ने इच्छा गर्छु भने फेरि साधारण मानिसले के गर्दैन ? म घोर तपस्यामा रहेकोमा मेरा तपस्या नै झण्डै विघ्न हुने गरी कसरी यो काम (विकार) उत्पन्न हुन खोजेको ? मैले अनुराग विभोर भै अन्य स्त्रीको रूप लावण्यको प्रशंसा गर्नु धर्म विरुद्ध हुन गयो। यसरी तुरुन्तै पूर्ण परिपक्व वैराग्यमा निमग्न भएर शङ्करले आफ्नो मनबाट पार्वतीको आकर्षणको सुखलाई एकदम हटाई दिनु भयो। अर्थात् आफूमा उत्पन्न काम भावनालाई उहाँको तेस्रो आँखा खुलेर (अन्तर चेतना जागेर) तुरून्त भस्म पार्नुभयो र जितेन्द्रिय बन्नुभयो।

कामको दुष्परिणामबारे उपदेशको साथै पुत्रोत्पादनको लागि शङ्कर-पार्वती विवाह

शङ्करले आफूमा उत्पन्न कामभावनालाई भस्म पारेपछि पार्वती नारदको उपदेश अनुसार ॐ नमः शिवाय पञ्चाक्षरी मन्त्रको साधनाद्वारा आफूलाई विकारहीन गरी शङ्कर प्राप्त गर्ने तपस्यामा लागिन्। सो देखेर इन्द्र, ब्रह्मा र विष्णु लगायत सबै देवताहरू महादेव शङ्करकहाँ गई पार्वतीलाई विवाह गर्न प्रार्थना गर्न गए। त्यस समयमा रुद्र योगासनमा हुनुहुन्थ्यो। प्रमुख भक्त नन्दिकेश्वरले विष्णु आदि आई दर्शन गर्न आएको कुरा खबर गरेपछि उहाँले विस्तारै ध्यानबाट आफ्नो आँखा खोल्नु भयो र भन्नुभयो– तपाईंहरू यहाँ के कारणले पाल्नु भएको ? अनि इन्द्र र विष्णुले भन्नुभयो– तपाईंबाट उत्पन्न छोराले असुर राजा तारकको संहार हुन सक्नेछ।

अतः हे महादेव ! तपाईंबाट यिनीहरूको उद्धारको लागि पार्वती विवाह गरिदिनु पर्‍यो। उता पर्वतराज पनि आफ्नी पुत्री तपाईंको सेवामा पत्नी रूपमा दिन इच्छुक भएको तथा पार्वती स्वयं तपाईं पाउन कठोर तपस्यामा रहेकी छिन्। शङ्कर भन्नु हुन्छ- मैले पार्वतीलाई स्वीकार गरें भने सकाम हुनेछु र पारमार्थिक मार्गको सामर्थ्य समाप्त हुनेछ। किनभने पाणिग्रहण भएपछि उही पार्वतीले मैले निष्क्रिय गरिसकेको काम शक्तिलाई पुनः जीवित गराई दिनेछ। कामलाई समाप्त गरेर मैले ठूलो देवकार्य गरेको हुँ। म सरह सबैले निष्काम (काम रहित) भएर रहुन्। सबै तपाईंहरू पनि यत्नपूर्वक परमशक्ति दिने तपस्यामा लाग्नु होस्। तपाईंहरू पनि काम रहित भई समाधिस्थ हुनुहोस् र परम आनन्दको साथ विकाररहित हुनुहोस्। काम नै नरकको द्वार हो। यही कामको कारणले नै क्रोध उत्पन्न हुन्छ। क्रोधबाट मोह उत्पन्न हुन्छ र मोहबाट भ्रम तथा भ्रमबाट बुद्धि नाश भई तप नाश हुन्छ। अतः तपाईंहरू सबैले काम तथा क्रोधको त्याग गर्नु पर्दछ। मेरो यो मन्तव्यको वाक्यलाई सबैले बेवास्ता नगर्नु होला। यति भनी भगवान मौन भई पुनः ध्यान मग्न हुनुभयो र आत्मतत्वको चिन्तन गर्न लाग्नु भयो। यसरी परम तत्व स्वरूपको ध्यान गर्दै उहाँ परमानन्दमा निमग्न हुनुभयो। त्यसपछि सबैले उहाँको स्तुति गर्दै पुनः विन्ती गर्न थाले। यसरी फेरि भक्तिपूर्वक सुर गणले निवेदन गरेपछि भक्तपराधीन शङ्कर रुद्रले चिन्तन गर्दै भन्नुभयो– विवाह गर्ने कुरा उचित छैन कारण यो कडा बन्धन हो। अन्य कुसङ्गतको बन्धनबाट मुक्ति मिल्न सक्छ तर स्त्रीसँगको बन्धनबाट कहिल्यै उद्धार हुन सकिन्न। यो महाबन्धनमा लाग्ने मानिसहरूको विषयवासना बराबर बढ्दै जान्छ। यदि चेतनाले युक्त भई सुखको इच्छा गर्दछ भने उसले सविधि विषयवासनालाई त्यागनु पर्दछ। यो विषयवासना विष तुल्य भई प्राणीलाई मार्ने हुन्छ। विषयी मानिसका साथ वार्तालाप गर्नु मात्र पनि मान्छे पतन भएर जान्छ। यसरी वासनाको खराब प्रभाव एवं कुपरिणामबारे सबै कुरा मलाई विशेष रूपले थाहा छ तथापि तपाईंहरूको प्रार्थनालाई पनि मैले सफल पार्नुछ। कारण म भक्तहरूको अधीनमा छु र उनीहरूको प्रार्थना अनुसार मैले गर्नुपर्दछ। यद्यपि मलाई विषय वासनामा लिप्त रहेर विहार गर्ने कत्ति पनि अभिरुचि छैन। तर तारकासुरबाट तपाईंहरूलाई जुन पीडा भइरहेको छ त्यस पीडा हरण गर्न मलाई पुत्र उत्पादनको लागि जुन तपाईंहरूबाट प्रार्थना भयो त्यसलाई राम्ररी विचार गर्दा पुत्रोत्पादनको लागि मात्र, विषय वासनाले होइन, पार्वतीसँग विवाह गर्न सहमत हुनेछु। अहिले तपाईंहरू निश्चिन्त भएर आफ्नो स्थानमा जानुहोस्।

भगवान् शंकरले केवल पुत्रोत्पादनको लागि पार्वतीसँग विवाह गर्ने भावना

प्रकट गर्नु भएपछि उहाँलाई पार्वतीको तपश्चर्याको सफलताबारे परीक्षा गर्ने विचार आयो र एक शान्त ब्रह्मचारी ब्राह्मणको भेष गरी पार्वतीले तपस्या गरेको ठाउँतिर जानु भयो। त्यहाँ पुगेर उहाँले पार्वतीलाई शिव त साँढे चढ्ने, विकृत आत्मा भएका, जटा धारण गरी बस्ने र परम विरक्त भई एक्लै नै रहन्छन् तसर्थ तपाईंलाई यस्तो वैरागीमा आफ्नो मन लगाउन उचित हुँदैन भनी भन्नुभयो। यसरी ब्रह्मचारी ब्राह्मणको मुखबाट शिवमाथि निन्दापूर्ण वचन सुनेर पार्वतीले हे ब्राह्मण ! तिमीले शिवको निन्दा गर्‍यौ तर तिमीलाई शिवको सच्चा स्वरूप थाहा छैन, शिव त सबैका स्वामी हुनुहुन्छ, उहाँ विकार रहित हुनाले सत्पुरुषहरूका परमप्रिय हुनुहुन्छ, यस्ता भगवान्‌लाई निन्दा गर्ने महापापी हुन्छ र निन्दा सुन्ने पनि पापको भागी हुन्छ भनी पार्वती के उठ्न तयार भएकी थिइन् त्यस्तैमा शङ्करले ब्रह्मचारी ब्राह्मणको भेष छोडेर आफ्नो सक्कली रूप दर्शन दिनुभयो र भन्नुभयो– मैले तिम्रो राम्ररी परीक्षा गरें, म तिमीदेखि धेरै प्रसन्न छु। यसरी भगवान्‌को स्वरूप दर्शन पाई पार्वती प्रसन्न भइन् र प्रेमपूर्वक प्रार्थना गर्न लागिन्– हे देवेश ! ममाथि हजूर परम प्रसन्न हुनुहुन्छ भने कृपापूर्वक मलाई अङ्गीकार गर्नुहोस्। म यही वरदान चाहन्छु। भगवान् रुद्रले तथास्तु भनी पार्वतीको तपस्या सफल गरिदिनु भयो।

महादेव रुद्रले कामभोगको लागि होइन केवल पुत्रोत्पादनको लागि पार्वतीसंग विवाह गर्न सहमत हुनु भएको कुरा सुनाउन वशिष्ठ मुनि लगायत अन्य ऋषिहरू पर्वत राजाकहाँ गए। राजा पर्वत प्रसन्न भई विधिविधानसहित वैशाख शुक्ल अक्षय त्रितीयाको दिन आफ्नी कन्या पार्वती शङ्कर रुद्रलाई दान गरे। वामनपुराण अनुसार राजा पर्वतले कन्या दान दिने बेलामा शङ्करलाई हे भगवान् मेरी छोरी स्वीकार्नुहोस् भनी शङ्कर र पार्वती दुवैको हात मिलाई दिए। अनि शङ्करले भन्नुभयो– हे पर्वतराज मेरा पिता माता, दाजुभाई कोही छैनन्। म निराश्रय (कुनै आश्रय नभएको) गिरिश्रृङ्ग निवासी हुँ। म तपाईंकी छोरीलाई स्वीकार गर्दछु। पार्वतीसँग विवाह भएपछि शङ्कर रुद्र आफ्ना गण सहित मन्दराचलमा फर्कनु भयो।

पार्वतीलाई प्रणव, श्रद्धा, आचार आदिबारे उपदेश

विवाहपछि पार्वतीले एक दिन महादेव शङ्करलाई प्रणवको ज्ञान बताइ दिन अनुरोध गर्दा उहाँले पार्वतीको सो जिज्ञासा पूरा गरिदिनु भएको वर्णन शिवपुराण

कैलाश संहितामा उल्लेख भएको छ। सारांश यस प्रकार छ–

भगवान् रुद्रले भन्नुभयो– प्रणव नामको मन्त्र समस्त विद्याकै बीज हो। यो वटवृक्ष (वरको रूख) को बीज समान अति सूक्ष्म तथा वृक्ष झैं बहुतै स्थूल हुन्छ र विशेष गरी यो वेद आदिका सार तथा मेरो स्वरूप (आत्मा) नै हो। तीनवटै गुण (सत्व, रज, तम) का देवताहरू (ब्रह्मा–सृष्टि, विष्णु–स्थिति र रुद्र-लय) बाट पनि परका सर्वज्ञ तथा सबै सृजना गर्ने प्रभु (परमेश्वर) सर्वव्यापी शिव यो ॐ एकाक्षर मन्त्रमा रहनु हुन्छ। यी जति पनि वस्तु छन् सबै गुण र प्रकृतिको संयोगले भएका हुन्। यसकारण सबै अर्थको साधक त्यो एक अक्षर (ॐ) नै ब्रह्म हो। त्यसै (ॐकार) बाट शिव (महेश्वर) सर्वप्रथम यी समस्त संसार रचना गर्नु हुन्छ। भगवान् शिव प्रणव स्वरूप हुन् र प्रणव शिव स्वरूप हुन्। वाच्य र वाचकमा केही पनि भेद हुँदैन। त्यसकारण विद्वान्हरू वाच्य र वाचकको एकता मानेर एकाक्षर देवता स्वरूप म (आत्मा) लाई ब्रह्म भनी विश्वास गर्दछन्। त्यसैले प्रणव सबै कुराको कारण भनी जान्नु पर्दछ जुन विकार रहित मोक्षस्वरूप निर्गुण परमेश्वर हुन्। ब्रह्मादेखि स्थावरसम्म सबै प्राणीहरूका प्राण प्रणव हुन्। आदि वर्ण अकार त्यसपछि उकार, त्यसपछि मकार, त्यसपछि विन्दु र नाद यसको क्रम हो। अकार, उकार र मकार तीनवटै क्रमशः तीनमात्रा र त्यसबाट पनि पछि विन्दु आधामात्रा भनिन्छ। हे पार्वती ! त्यो आधामात्रा विन्दु नै नादस्वरूप हुन्। अकार महान् बीज हो। यो रजोगुण हो र सृष्टिकर्ता ब्रह्मा हुन्। उकार प्रकृति योनि हो। यो सत्वगुण हो र स्थिति कर्ता पालक हरि (विष्णु) हुन्। मकार बीजयुक्त पुरुष हुन्। यो तमोगुण हो र सृष्टि संहार लयकर्ता हर (रुद्र) हुन्। विन्दु महेश्वर देव हुन् जो तिरोभाव (अकर्ता) को उदाहरण स्वरूप हुन्। नाद सबैलाई अनुग्रह गर्ने सदाशिव (परमेश्वर) हुन्। राम्ररी विचार गर्दा ज्ञात हुन्छ कि नादमाथि परात्पर (परभन्दा परको) शिव हुनुहुन्छ जो सर्वज्ञ, सबैका स्वामी, निर्मल (मल नभएको), अव्यय (अविनाशी), साक्षात् परब्रह्म हुन्। सबै वर्ण (अक्षर) मा अकार व्यापक छ यसरी उत्तरोत्तर व्यापक हुँदै गएको (अक्षर) वर्णलाई नै सर्वज्ञ भावना गर्नुपर्दछ। पाँच वर्णमा रहेका पञ्चब्रह्महरू क्रमशः मेरै मूर्तिहरू हुन्। अकारमा सद्य स्वरूप शिवको सद्योजात, उकारमा वामदेव, मकारमा अघोर, विन्दुमा पुरुष तथा नादमा ईशान हुन्छन्। षट् पदार्थ (६ कुरा) को एकताको अनुसन्धानबाट प्रणवको प्रपञ्चात्मकता मानिन्छ। ती ६ कुराहरू मन्त्र, यन्त्र, देवता, विश्व, गुरु तथा शिष्य हुन्। पहिले बताएको प्रणव मन्त्र पाँच वर्णको समष्टि स्वरूप हो। उही मन्त्र यन्त्रको रूप प्राप्त गर्दछ। यन्त्र देवतारूप हो। देवता विश्व रूप हो र विश्वरूप गुरु हो तथा शिष्य गुरुकै

एक शरीर सम्झिन्छ। सबै कुरा ॐकार स्वरूप ब्रह्म हुन्। वाच्य वाचक सम्बन्धको यही अर्थ हुन्छ। यी ॐ प्रणव मन्त्र जप्ने शुद्ध स्थानहरू अधर, मणि, उरू, आज्ञाचक्र, शक्तिचक्र र शान्त्यतीत (हृदय) हुन्। जसलाई दृढ वैराग्य हुन्छ उही यसको (प्रणवको ध्यान गर्ने) योग्य अधिकारी हुन्छ। मेरो (आत्माको) र जीवात्मा सँगको एकता नै प्रणवको एकता हो।

यसै गरी शङ्कर रुद्रले पार्वतीलाई शिवका आठ नामबारे पनि बोध गराउनु भयो। भगवान्ले भन्नुभयो– शिव, महेश्वर, रुद्र, विष्णु, पितामह, संसारवैद्य, सर्वज्ञ र परमात्मा यी मुख्य आठनाम परमात्मा शिवका नामहरू हुन्। यसमा प्रथम पाँचनाम शिव, महेश्वर, रुद्र, विष्णु र पितामह चाहिं शिवले पाँच उपाधि ग्रहण गरे बापत शिवादिको संज्ञा ग्रहण गरेका हुन्। उपाधिको निवृत्त हुँदा यी संज्ञा पनि निवृत्त हुन्छन्। पद नित्य र पदले सम्झिने मूर्ति अनित्य हुन्। पदहरूकै विनिमय हुन्छन्। पदान्तरको प्राप्तिमा फेरि उपाधिले त्यस पदको प्राप्ति हुन्छ। अतः तीन नामहरू पनि यस जगत्को उपादान कारणस्वरूप प्रकृति आदिको योगले तीन प्रकारको उपाधि भएकोले यी तीन नाम पनि शिव रूपनै हुन्। जसरी जलको स्वभाव निर्मलता हो तर त्यही जल एक ठाउँ र अर्को ठाउँमा बगेर जाँदा विभिन्न मलले युक्त भई विभिन्न स्वादको हुन्छ त्यसरी नै उपाधि रहित हुँदा एक मात्र निर्मल शिव हुन् जो उपाधिले युक्त भएपछि अनेक रूप धारण गर्दछन्। ती नामहरूका अर्थ हुन् – अत्यन्त परिशुद्ध भएकोले शिव भनियो अथवा समस्त कल्याणकारी गुणहरूमा एकै आधार भएको कारणले ती ईश्वरलाई शिव तत्वज्ञाता महात्माहरू शिव भनी भन्दछन्। महेश्वर शब्दको अर्थ हो– तेईस तत्व (बुद्धि, अहंकार, ११इन्द्रिय, ५तन्मात्रा, ५महाभूत) बाट पर प्रकृति तथा त्यसबाट पनि पर पच्चीसौं पुरुष हुन्छ। सो पुरुष प्रकृतिमा भोगको लागि लीन रहन्छ। त्यस प्रकृतिमा लीन हुने पुरुषबाट पनि पर जो छ उही महेश्वर हुन्। प्रकृति र पुरुष दुवै उसै महेश्वर को अधीनमा छन्। अथवा त्रिगुणतत्व (सत्व, रज, तम) को कहिल्यै नाश नहुने यो माया हो। माया जुन हो त्यसलाई महेश्वर जान्न् पर्दछ। नारायण अनन्त (विष्णु) लाई महेश्वर समन्वय गर्दछ। रुद्र, यो नाम दुःख अथवा दुःखका कारणलाई दूर गर्ने प्रभु भएकोले हुन गएको हो। यसको परम कारण शिव हुन्। शिवको तत्वादि लगायत शरीर घटादि सबमा व्याप्त भएर स्थित हुने हुनाले शिवलाई विष्णु भन्दछन्। यो समस्त जगत्को पितृस्वरूप ब्रह्मादिक मूर्ति आत्मा हुनाले उनी सबैका पितामह भनिन्छन्। जसरी निदानका ज्ञाता वैद्य रोगको निवारण गर्न समर्थ हुन्छ र त्यसको उपाय तथा औषधिको

ज्ञान राख्तछ त्यसैं प्रकारले मुक्तिमुक्ति (भोग र मोक्ष) को अधिकार राखी संसारको निवारण गर्ने भएकाले शिवतत्वका ज्ञाताहरू उनलाई संसार बैद्य नामले बोलाउँछन् । उनी सर्वज्ञ तथा समस्त गुणले युक्त भई सबैको आत्मामा रहेन हुन् र उनी आत्मा (जीवात्मा) भन्दा पनि परम भएकाले शिवलाई परमात्मा पनि भनिएको हो ।

श्रद्धाको महत्व– लिङ्ग पुराण (प्रथम खण्ड, ८ औं अध्याय) मा उल्लेख भए अनुसार शङ्करद्वारा पार्वतीलाई बताइएको श्रद्धाको महत्व यस प्रकार देखिन्छ । वाराणसीमा पुगेर रुद्राणी (पार्वती) ले रुद्र (शङ्कर) सँग सोधेकी थिइन्– तप विद्या वा योग केद्वारा महादेव (शिव) वश्य, पूज्य र द्रश्य हुनुहुन्छ ? अर्थात् कुन साधनले पूजा गरे शिवलाई दर्शन गर्न वा जान्न सकिनेछ र कुन साधनले उहाँ भक्तको वशमा हुनुहुनेछ ? त्यसपछि शङ्कर रुद्रले भन्नुभयो– हे गिरीपुत्री ! शिव श्रद्धाद्वारा वश्य र द्रश्य हुन् र द्विजहरूद्वारा लिङ्ग (शिवलिङ्ग) मा श्रद्धाभावले पूज्य हुन् । श्रद्धा परम तथा सूक्ष्म धर्म हो । श्रद्धा नै ज्ञान, हुत (यज्ञ) तथा तप हो । श्रद्धा स्वर्ग तथा मोक्ष पनि हो । त्यस्तै सदा म श्रद्धाद्वारा देखिने (दर्शनीय) हुँ अर्थात् श्रद्धाको भावले मात्र उहाँलाई देख्न (चिन्न) सकिन्छ ।

पञ्चाक्षरी मन्त्र – पञ्चाक्षरी मन्त्र जप्ने विधि र अन्य आचारहरू बारेमा भगवान् शङ्करले पार्वतीलाई सुनाउनु भएको अरू उपदेश शिव पुराणको वायु संहितामा पनि उल्लेख छ जुन सारांशमा यस प्रकार छ– हे पार्वती ! पवित्र स्थान, पवित्र तिथिमा मेरो ज्ञान (मैले बताएको ज्ञान) बताउनू । शिव होस्, मङ्गल होस् भनी पञ्चाक्षरी मन्त्र (नमः शिवाय) जप गरून् । जप गर्दा मनमनै जप गर्नु उत्तम हुन्छ । मन्द, मध्यम र प्राणायामको साथै वाचक, उपांशु, मानसी, सगर्भ वा अगर्भ यी ५ विधिहरूमा शक्ति अनुसार कुनै पनि विधिले जप गरून् । औंला वा रुद्राक्षको मालामा जप गर्नु सजिलो हुन्छ । सदाचारमा रही शुद्धपूर्वक जप गरे वा ध्यान गरे असल हुन्छ ।

आचार– आचार परम गति, परम विद्या, परम धन तथा परम धर्म हुन् । सधैं आस्तिक मतिमा लाग्नु पर्दछ । सुकृत, दुष्कृतबाट (असल वा खराब गरेबाट) जब सुख दुःख यहाँ हुन्छ यही परलोकमा पनि प्राप्त हुन्छ भन्ने बुद्धिलाई आस्तिकता भन्दछ । मेरो परम भक्ति गर्ने (अनुयायी) लाई यो (मन्त्र, जप, ध्यान) सिद्ध हुनेछ । जुनसुकै लग्न, नक्षत्र, तिथि, वार, योग आदि अथवा सुत्दा, बिउझँदा, कुनै समयमा पनि मेरो भक्त (अनुयायी) लाई मन्त्र जप्न निषेध छैन । मेरो भक्तको कोही शत्रु

हुँदैन। असाधित साधन पनि सिद्ध हुन्छ यदि मुखमा मन्त्र र गुरुमा श्रद्धा हुन्छ भने। त्यसैले अन्य मन्त्राक्षरलाई छोडी हृदयमा पञ्चाक्षरी विद्याको आश्रय लिनु पर्दछ।

अधिकार तथा कर्तव्य– हे पार्वती ! भक्तहरूको अधिकार तथा कर्तव्य के भने, वर्णाश्रम धर्ममा लागेका द्विज भनाउँदा विद्वानहरूले स्नान गर्ने, अग्नि कार्य गर्ने, लिङ्ग (ईश्वरको प्रतिमा) मा पूजा गर्ने, ईश्वर भावले दान गर्ने, सधैं सर्वत्र दया गर्ने हुनुपर्दछ। त्यस्तो व्यक्ति सत्य बोल्ने, सन्तोषी तथा आस्तिक हुनुपर्दछ र सबैमा अहिंसा र श्रद्धा गर्नुको साथै योग (ध्यान), अध्ययन, अध्यापन, व्याख्यानको साथै तप, क्षमा आदि गर्ने तथा ब्रह्मचर्य र शुद्ध हुनुपर्दछ । कुनै निषिद्ध वस्तु सेवन नगरून्। भस्म र रुद्राक्ष धारण गरून्। पर्वमा विशेष गरी कृष्ण चतुर्दशीमा (शिव) पूजा गरून्। मद्य, मद्यको गन्ध भएका वस्तु र नैवेद्य (ईश्वरलाई भनी पन्छाएको वस्तु) आदि त्याग्नु पर्दछ। क्षमा, शान्ति, चोरी नगर्नू आदि गुणहरूका साथै मैले बोध गराएको वैराग्य ज्ञानमा लाग्ने हुनुपर्दछ । वानप्रस्थ आश्रमीको धर्म तथा कर्तव्य पनि यही समान हुन्। जो व्यक्ति स्त्री आदि विषयबाट अनासक्त छ ती विवेकी पुरुषलाई मेरो ज्ञानको प्रसादले आत्मविज्ञान प्राप्त हुन्छ। मलाई जस्तै तिनलाई पनि कर्म अकर्म, समाधि परायण वा विधि-निषेध केही पनि हुँदैन। जस्तो परिपूर्ण भएको मेरो लागि कुनै साध्य हुँदैन त्यस्तै कृतकृत्य भएको तिनलाई पनि हुँदैन। मेरो मनुष्यस्वरूप रुद्र नै हुन्। मेरो आज्ञा (मैले बताएको ज्ञान) धारण गर्ने भावले तथा ममा अत्यन्तभाव लगाउनाले मात्र पनि सबै पाप क्षय हुन्छ। मलाई भाव गर्ने पुरुषहरूलाई प्रशस्त फल सूचक विश्वासहरू प्राप्त हुन्छन् र उनीहरूलाई त्यस्को अर्थको ज्ञान पहिले नै भै सकेको हुन्छ। उनीहरूलाई बराबर कम्प, स्वेद (पसिना), आँसु आदि आउने, कण्ठमा स्वर सुक्ने तथा अकस्मात आनन्दको उपलब्धि हुने हुन्छ। मेरो समीपले (मेरो ज्ञानको प्रभावले) मनुष्य केवल मानिस होइन देवरूप हुन जान्छ। हात पाउ आदि सहित रुद्र रूप धारण गर्नेहरूलाई साधारण सम्झेर कहिल्यै निन्दा नगर्नू। वास्तवमा ब्रह्मा, विष्णु, रुद्रको पनि पद तौलेमा कमै हुन्छ। गुणातीत पदको कामना गर्नेहरूले अशुद्ध बुद्धिको परित्याग गर्नु पर्दछ र श्रय (मङ्गल) प्राप्तिको लागि एक साधन मलाई (मेरो भावलाई) चित्तमा लगाउनु हो।

शङ्करको किरात भेष

पार्वतीसँग विवाह गरेको केही दिन पछि शङ्करले धेरै समय पार्वतीसँग मात्र बिताउनु ठीक पर्दैन भन्ने विचारले आफू एक्लै अन्यत्र घुम्न जाँदा पार्वतीले मलाई छोडी कता जानु भएको, हजूरलाई म मन परीन कि भनी सोध्न थालिन्। अनि उहाँ यी पार्वतीले मलाई त्यसै छोड्ने भइनन् भन्ने विचार गरी श्लेष-मान्तक वनमा किरातको भेषमा समय बिताइरहनु भयो। सो चाल पाएर पार्वतीले म पनि उहाँलाई छकाउँछु भनी किरातिनीको रूप गरी श्लेषमान्तक वनमा आई बस्दा शङ्करले चालपाई त्यहाँबाट अन्त लागेर श्लेषमान्तक वनको उत्तरतिर गई बस्नु भयो। त्यसपछि फेरि आफ्ना पतिलाई नदेख्दा पार्वती शिवलिङ्ग बनाई किरातरूपी शङ्करलाई ध्यानगरी बसिन् र नित्य यसरी वागमतीमा स्नान गरी शिवलिङ्गमा पूजा गरी तपस्या गरेकोले वागमतीको सो घाट गौरीघाट र उक्त शिवलिङ्ग किरातेश्वर महादेवको नामले प्रचलित भएको मानिन्छ। यसरी पार्वती धर्म भावनाका लागी शिवलिङ्गमा ध्यानगरी तपस्या गरेकोले शङ्कर खुशी भई पार्वती छेउ आई दर्शन दिनुभयो र त्यहाँबाट पार्वतीका साथ पर्वत राजाको घर जानु भयो। त्यसपछि केही दिन हिमालयमा बसी पार्वतीका साथ कैलाश फर्कनु भयो।

पञ्चकृत्य तथा शिवरात्री सम्बन्धी उपदेश

पञ्चकृत्य– एकपल्ट ब्रह्मा विष्णु तथा अन्य भक्तहरूलाई सर्ग आदि पञ्च-कृत्यका लक्षणहरूबारे शङ्करले बताउनु भयो– सृष्टि, स्थिति, संहार (लय), तिरोभाव तथा अनुग्रह यी पाँच वटा नै जगत्–कृत्य (ईश्वरद्वारा जगत्मा हुने कार्य) हुन्। सृष्टिको आत्मालाई सर्ग, यसको प्रतिष्ठा (वृद्धि) लाई स्थिति, यसको नष्ट भएर जाने (लय) लाई संहार, यसको समाप्तिलाई तिरोभाव तथा यस संसारबाट मोक्ष हुनुलाई अनुग्रह भनिन्छ, यही पञ्चकृत्य हुन्। यी सर्ग आदि चार कृत्य संसार सृष्टि कर्ममा प्रविष्ट हुन्छन् तथा पाँचौं कृत्य मुक्तिको कारण त्यो म (आत्मा) मा नै स्थित हुन्छ। यसैले यो पञ्चभूतमा म एक नित्य देखिन्छ। पृथ्वीबाट सृष्टि, जलमा स्थिति, तेज (अग्नि) मा संहार, वायुमा तिरोभाव र आकाशमा अनुग्रह हुन्छ। सबैको उत्पत्ति पृथ्वीबाट हुन्छ, जलले वृद्धि हुन्छ,

तेजद्वारा सबैको नाश हुन्छ र वायुमा लीन हुन्छ तथा आकाशद्वारा सबै माथि अनुग्रह हुन्छ भनी जान्नु पर्दछ। यही पञ्चकृत्य (पाँच कार्य) हरू धारण गर्ने मेरा (शिवका) पाँचमुख (सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) हुन्। अतः शिवलिङ्गको चार दिशामा गरी चार मुख र माथि मध्यमा पाँचौं मुख रहेको छ। सृष्टि र स्थिति यी दुई कृत्यहरू क्रमशः ब्रह्मा र विष्णुले पाउनु भाग्य हो। यसै गरी अरू दुई कृत्यहरू लय र तिरोभाव क्रमशः रूद्र र महेशलाई दिइएको छ। तर अनुग्रह कृत्य प्राप्त गर्ने कसैको सामर्थ्य छैन। मेरो ज्ञानबाट तिमीहरू विमुख भएका थियौ। मेरो ज्ञान सिद्ध गर्न ॐकार मन्त्र जप्नु पर्दछ किनभने यो मन्त्र जप्नाले अभिमान नष्ट हुन्छ। यो ॐकार मेरै मुखबाट उत्पन्न भएको तथा मेरो (आत्माको) बोध गराउने हुन्। यो वाचक हो म वाच्य हुँ। यो मन्त्र मेरै आत्मा हो र यसलाई सम्झनु मलाई नै नित्य सम्झेको हुन्छ। उत्तरको मुखबाट अकार पश्चिमको मुखबाट उकार, दक्षिणको मुखबाट मकार र पूर्वको मुखबाट बिन्दू तथा मध्यमुखबाट नाद देवता, यसरी पाँच प्रकारबाट निस्केर एक भएको ॐकार रूप एकाक्षर बन्यो। आत्माको नाम र रूपले दुई भेद गरिन्छ, एक सबै कुरा जान्ने (अन्तरात्मा) अर्को भौतिक शरीर (बाह्य)। ॐ मन्त्रले व्याप्त भएर शिव शक्तिको पनि बोध गराउँछ। यही पञ्चाक्षरी मन्त्रको ज्ञानमा विश्वको बोध हुन्छ। अर्थात् अ-सृष्टि, उ-स्थिति, म-लय, बिन्दु– तिरोभाव र नाद-अनुग्रहको ज्ञान हुन्छ।

शिवरात्री– त्यस्तै एक समय (शिव महिना, कृष्ण चतुर्दशी सोमबार?) ब्रह्मा र विष्णु दुवैले भगवान् शङ्करलाई पूजा गरी सम्मान गर्नुभयो। शङ्करले खुशी भई भन्नु भयो– आज म यस महादिवसमा तपाइँहरूले गरेको पूजा र उत्सवद्वारा प्रसन्न भएको छु। यो दिवस महापवित्र हुनेछ र यो तिथी मेरो परम प्रिय शिवको रात्री हुनेछ। यस कालमा मेरो प्रतिमा (शिवलिङ्ग) मा जसले पूजा गर्छ ऊ सर्ग (सृष्टि), स्थिति, लय, तिरोभाव, अनुग्रह आदि जगत्कृत्य बुझेर सबै काम गर्न समर्थ हुनेछ। जसले जितेन्द्रिय भई यो शिवरात्रीको रात्री निराहार बसी यथाशक्ति प्रपञ्च त्यागी पूजा गर्दछ उसलाई ठूलो फल प्राप्त हुन्छ। यो समय-शिवरात्री मेरो धर्म वृद्धिको समय हो। यस समयमा सबैको मङ्गल हुन्छ। स्तम्भ रूपले अविर्भाव भएको शिवलिङ्गमा जो मलाई पार्वतीसहित देख्दछ उनी मलाई अत्यन्त प्रिय हुनेछ। सृष्टि र संहारको जगत्मा म लिङ्ग (परमात्माको स्वरूप) देह सहित प्रकट भएको हुँ। अतः लिङ्गवत् (परमात्मा समान) भएकोले यो स्थान पनि लिङ्गस्थान (परमात्मा प्रादुर्भाव भएको स्थान) मानिनेछ।

शिवरात्री व्रत सम्बन्धमा शिवपुराणको कोटिरुद्र संहितामा उल्लेख गरिएको अर्को वर्णनको सारांश यस प्रकार छ— शिवरात्री (कृष्ण चतुर्दशी)को व्रत भुक्ति मुक्तिको इच्छा गर्नेले अवश्य गर्नु पर्दछ । यो व्रत मानिसको उत्तम धर्मको साधन हो । हे हरि ! यो व्रत सकाम तथा निष्काम (इच्छा गर्नेहरू तथा इच्छा नगर्नेहरू) दुवैका, चारवर्ण चार आश्रमका मानिहरू तथा स्त्रीवर्ग र बालकवृन्दहरूको लागि समेत धर्मको श्रेष्ठ साधन मानिन्छ। यो यस्तो शिवको श्रेष्ठ व्रत हो जो समस्त प्राणीहरूको हित गर्दछ । माघ (फाल्गुण) महिनामा कृष्ण पक्षको त्रयोदशी तिथि अर्को (चतुर्दशी) तिथिसँग जोडिई रात्री व्याप्त हुनेछ भने यो अत्यन्त श्रेष्ठ दिन हो । हे केशव ! यो शिव चतुर्दशीका दिन विहान आनन्द पूर्वक स्नान आदि नित्य कर्म गरी शिवालयमा गई सम्यक् रीतिले भगवान् शिवको अर्चना गर्दै हे देवाधिदेव महादेव ! हजूरको प्रभावले कामक्रोध आदि महाशत्रु मलाई कष्ट नगरून् भनी पूजा कार्य गर्नु पर्दछ र राती पनि ॐ नमः शिवाय पञ्चाक्षरी मन्त्रको जप गरी निर्गुण तथा सगुण स्वरूप शिवका चार मूर्तिहरू (सद्योजात, वामदेव, तत्पुरुष, अघोर) मा अर्चन गर्नु पर्दछ र रातभरी भक्तिपूर्वक जागरण बसी भोलीपल्ट बिहान फेरि शिवपूजा गरी प्रमाण गर्नु पर्दछ ।

वर्ण-जाति लक्षण, कर्मबन्धन र स्वर्ग तथा नर्कको गति

वर्ण तथा जातिको लक्षणको सम्बन्धमा शङ्कर भगवान्को विचार ब्रह्म पुराणको द्वितीय खण्डमा उल्लेखित सारांश यस प्रकार छ—हे पार्वती ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी निसर्ग (स्वभाव)द्वारा हुने हुन् । जो ब्राह्मण क्षत्रिय धर्मको सेवा गर्दछ उनी ब्रह्मणत्वबाट परिभ्रष्ट भई क्षत्रियकै योनिमा समुत्पन्न हुन्छ । लोभ र मोहको विशेष आशय गर्ने विप्र पनि अल्प बुद्धि भई वैश्यकै कर्म गर्दछ र वैश्यत्व प्राप्त गर्दछ, त्यस्तै शूद्र कर्म गर्दछ भने ऊ शुद्रता नै प्राप्त गर्दछ । यसरी नै क्षत्रिय र वैश्यमपनि शूद्रता प्राप्त गर्दछ । जो शूद्र आफ्नै धर्मद्वारा ज्ञान र विज्ञान जान्ने परम पवित्र हुन्छ तथा धर्ममा विशेष रति राख्ने हुन्छ उही धर्मको फल प्राप्त गर्दछ । परम शुभ आचरणहरू गरेबाट शद्र पनि ब्रह्मणत्व प्राप्त गर्दछ तथा वैश्य र क्षत्रिय पनि जस्तो कार्य गर्दछ त्यस्तै वर्ण प्राप्त गर्दछ। जो शूद्र देव र ब्राह्मणलाई सत्कार गर्दछ वा अरू पनि सबैलाई अतिथि मान्दछ तथा ऋतुकालमा मात्र स्त्री गमन गर्दछ र नियमित भोजन गर्दछ ऊ श्रेष्ठ बन्दछ । जो शूद्र अरूलाई खवाएर

बाँकी अन्न मात्र खाने गर्दछ तथा जो माँस भोजन गर्दैन उ वैश्यत्व प्राप्त गर्दछ। जो वैश्य अहंभावले बोल्दैन, निर्द्वन्द (राग द्वेषमा नलाग्ने) छ, यज्ञ गर्दछ, स्वाध्यायमा लागि शुद्ध बन्दछ, दुई छाक मात्र भोजन गर्दछ, अरू कामनाहरूबाट रहित छ, आतिथ्यको शेष अन्नले भोजन गर्दछ, उ द्विज (ब्राह्मण) हुनैछ। फेरि क्षत्रिय पनि जो आपनो प्रजाको धर्म पूर्वक परिपालन गर्दछ, सत्य कार्य गर्दछ, स्वाध्यायमा लाग्दछ, शुद्ध बन्दछ र धर्मको साधन गर्दछ भने ऊ द्विज बन्दछ। हे पार्वती! ब्रह्माजी स्वयंले पनि भन्नु भएको छ कि जो पवित्र कर्महरूद्वारा विशुद्ध आत्मा भई आफ्ना इन्द्रियहरूलाई जित्ने व्यक्ति छ ऊ शूद्र भए पनि उसलाई द्विज (ब्राह्मण) कै सरह व्यवहार गर्नु पर्दछ। स्वभाव र कर्म (कार्य) द्वारा जब शूद्र अधिष्ठित हुन्छ उनी द्विजाति (ब्राह्मण जाति) भन्दा पनि विशुद्ध हुन्छ। वर्ण योनि अर्थात जन्मले हुने होइन। यो महत्त्वपूर्ण द्विजत्वका एक मात्र कारण वृत्त अर्थात् चरित्र नै हो। यदि कोही शूद्र (जन्मले शूद्र) पनि चरित्रमा स्थिर हुन्छ भने निश्चय नै ऊ ब्रह्मणत्वमा जान्छ। मेरो मत अनुसार ब्रह्म स्वभाव भएकोलाई (जुनसुकै कुलमा जन्मेको भए पनि) सर्वत्र ब्राह्मण समान ठान्नु पर्दछ। जहाँ (जुन व्यक्तिमा) निर्गुण र निर्मल ब्रह्म स्थित हुन्छ उही द्विज हो।

ब्रह्म पूराण (द्वितीय खण्ड) मा उल्लेख भएको कर्मबन्धन र स्वर्ग तथा नर्कको गति सम्बन्धी वर्णन छोटकरीमा यस कार छः–

शङ्करले भन्नु भयो–हे पार्वती, ! जो सत्यधर्ममा चाख राख्तछ, परम शान्त छ र सबै संशय छिन्न गर्ने (धर्ममा शङ्का नगर्ने) छ ऊ कहिल्यै पनि कर्मबाट बद्ध हुँदैन। प्रलय र उत्पतिको तत्वज्ञाता, सब कुरा जान्ने सर्वदर्शी, तथा असांसारिक पुरुष कम बन्धनबाट मुक्त हुन्छ। जो प्राणी कर्म, मन र वचनले कसैको हिंसा गर्दैन (दुःख दिदैन) र जो चित्तमा कुनै कुराको मज्जा लिदैन उ कर्मबाट बद्ध हुँदैन। जो शीलवान् छ र दयाले युक्त छ, जो शत्रु र मित्र दुवैलाई समान भावले हेर्दछ, जो दमनशील (विकारलाई दमन गर्ने स्वभावको) छ, ऊ कर्मको बन्धनबाट मुक्त हुन्छ। जो समस्त भूतहरू (प्राणीहरू) मा दया राख्तछ, जसले जन्तुहरूमा हिंसा त्यागी समानताको आचरण गर्दछ त्यस्तो मानिस स्वर्गको गतिमा जाने हुन्छ। जो अर्काको धनमा ममता (मोह भाव) राख्दैन, सबै पराइ स्त्रीबाट अलग हुन्छ र धर्मद्वारा उपलब्ध अर्थ (न्यायोचित कमाई) भोग गर्दछ त्यो मानिस स्वर्ग गतिमा जाने हुन्छ। जो मानिस सदा पराई स्त्रीलाई आमा, दिदी, वा छोरी मानेर व्यवहार गर्दछ र आफ्नै सुवासिनी (पत्नी) मा मात्र रति राख्ने भै ऋतुकालमा मात्र पत्नीमा

गमन गर्ने गर्दछ तथा ग्राम्य सुख (सांसारिक सुख) को उपभोगबाट टाढा रहन्छ उनी नै स्वर्गगामी हुन्छ । जो चोरी कर्मबाट निवृत्त छ जो दैववश प्राप्त धनमा नै सन्तोष मान्दछ र भाग्यले पाएकोबाट जीवित रहन्छ उही मानिस स्वर्गलोकको निवासी हुन्छ । जो व्यक्ति आफ्ना सच्चरित्रको बलले पराई स्त्रीमा आँखा लगाउँदैन र आफ्नो इन्द्रियहरूमा विजय प्राप्त गरी शील (असल चरित्र) मा तत्पर रहन्छ ऊ नै स्वर्गमा गमन गर्दछ । अतः बुध पुरुष (ज्ञानी मानिस) ले सदा दोषरहित मार्ग सेवन गर्नु पर्दछ । असत्य भाषण वाणिको दोष हो । आफ्नो स्वार्थसिद्धीको लागि वा अर्काको स्वार्थको लागि कहिल्यै अधर्मको आश्रय ग्रहण नगर्ने तथा झूठ नबोल्ने व्यक्ति, आफ्नो वृत्ति (जीवीका) को लागि झूट नबोल्ने व्यक्ति, भूलद्वारा पनि कठोर बचन नबोल्ने व्यक्ति, अर्काको चुक्ली नगर्ने व्यक्ति, यस्ता सत्पुरुषहरू नै स्वर्ग (स्वर्गीय गतिमा) जाने हुन्छन् । बहुतै बुझेर तथा तौलेर मात्र समुचित वचन प्रयोग गर्नु पर्दछ। यसकारण महापुरुषहरू मौन रहने वा मितभाषण गर्ने गर्दछन् । जो व्यक्ति प्रलाप गर्न छोड्छ र नित्य सौम्य संलाप गर्दछ, जो रिस उठ्दा पनि शान्ति प्राप्त गर्ने गर्दछ तथा कसैको दिल विदीर्ण हुने वचन प्रयोग गर्दैन त्यही स्वर्गगामी हुन्छ । यही नै वाणिद्वारा गरिने धर्म हुन् । मानस धर्म (मनद्वारा गरिने धर्म) ले युक्त मानिस सदा स्वर्ग गति जाने गर्दछ अर्थात् एकान्त स्थानमा राखिएको कसैको धन देखेर जो मानिस त्यसमा आफ्नो मन चलाउँदैन, त्यस्तै पराई स्त्रीलाई एकान्त स्थानमा देखेर त्यसको मनमा कामवासनाको हिंसा उठ्दैन, तथा जो शत्रु र मित्र दुवैलाई समान भावले हेर्दछ वा शत्रुलाई पनि दुर्भाव नराखी व्यवहार गर्दछ उही मानिस स्वर्गगामी हुन योग्य हुनेछ र जो कर्मको फलको सञ्चयमा आकांक्षा राख्तैन उही स्वर्गको मार्गमा जाने हुन्छ । मानिस शस्त्रद्वारा अरू भूतगण (प्राणीहरूलाई) हनन् गर्दछन् यसता दया रहित तथा सबै प्राणीलाई सदा उदवेग गर्ने, घस्रने कीरा र उड्ने कीरा (कीटपतङ्ग) समेतलाई रक्षा नगर्ने यस प्रकारका घृणीत कार्य गर्ने तथा लोकमा हिंसा गर्ने मानिस नरकमा जाने हुन्छ । यस्ता व्यक्ति चिरकालसम्म नारकीय यातना भोगेर त्यसबाट उत्तीर्ण भएमा ऊ फेरि मनुष्य योनि प्राप्त गर्दछ तर उसको आयु हीन अथवा अल्प हुनेछ । हे पार्वती ! त्यसकारण कसैलाई आघात हुने कार्य गर्नु हुँदैन । सबै प्राणीमाथि स्नेहले युक्त हुनुपर्दछ जस्तो आफ्नो आत्मा र शरीर हुन् त्यस्तै अरूको पनि सम्झनु पर्दछ । यसरी जो मानिस यो उदाहरणमा रहन्छ ऊ देवत्व प्राप्त गर्दछ र आनन्दले युक्त भै मनुष्य लोकमा दीर्घायु भइरहन्छ ।

भोज्य अन्न र वस्त्र दीन दुःखीलाई दान गर्ने तथा ब्राह्मण पुरुषलाई सत्कार

गर्ने महान मति भएको मानिस, धर्मशाला तलाउ आदि आश्रयका ठाउँहरू निर्माण गरि दिने व्यक्ति, नित्य शुभकर्म गर्ने मानिस स्वर्गको गति प्राप्त गर्दछ। स्वर्गमा (स्वर्गीय भोगमा) निवास गर्नेले पनि धरै समयसम्म अप्सरा र बागबगैंचा आदि विलासमा सुखभोग गर्दछ भने ऊ फेरि स्वर्गबाट च्युत भएर मनुष्यलोकमा नै फर्कन्छ। यहाँ ऊ धनधान्यले युक्त कुलमा नै रहने हुन्छ। यस्ता मानिसहरूमा जो दानशील छ ऊ महान् भाग्यको हुन्छ। जो बुद्धिहीन भई कृपण (कपटी) हुन्छ ऊ सबथोक भएर पनि दुःखी, अन्धो, भिक्षुक आदि कसैलाई दान दिने गर्दैन। यसतो लोभी नास्तिक नरक–गतिमा जान्छ। यस्तो व्यक्ति परिवर्तन भएपछि मनुष्यता प्राप्त गर्दछ भने पनि अल्पबुद्धि हुँदा फलहीन (दुःखी) कुलमा रहने हुन्छ। दम्भ युक्त (ढोंगी) र मानी (मान खोज्ने अभिमानी) मानिस पूज्य पुरुषलाई अभ्यर्चना पनि गर्दैन तथा गुरु र वृद्ध मान्छेलाई पनि अपमान गर्ने गर्दछन्। यसता मानिसहरू सबै नरकको गतिमा पर्दछन् यिनीहरू पछि उद्धार भए पनि नीच कुलमा नै जन्मने हुन्छन् र चेतनाहीन भै रहन्छन्। जो मानिस सबै जीवलाई दुःख बाधा दिने गर्दछ, वदला लिने बुद्धि गर्दछ ऊ नरक गतिमा जानेछ। यस्तो मानिसलाई बाधाले युक्त कुलमा जन्मनु पर्ने हुन्छ। जो सबै प्राणीहरूमा दयाको दृष्टिले हेर्दछ, सबैकासाथ मैत्रीय भाव राख्तछ, तथा जो नियत इन्द्रिय भएको छ यस्तो शील स्वभाव तथा आचरण भएको मानिस स्वर्ग गतिमा गई देवता समान रहन्छ। पुण्य फल समाप्त भई यदि स्वर्गीक भोगको क्षीण भएमा पनि मनुष्य योनिमा नै रही सुख प्राप्त गर्दछ।

जो मानिस वेद–विद्वान् ब्राह्मणहरूसँग, सिद्धहरूसँग र धर्मज्ञाताहरूसँग सदा कुशल तथा अकुशल कर्महरूका विषयमा सोधनी गर्दछन् र खराव तथा असल कर्महरूको ज्ञान प्राप्त गरी अशुभ कर्महरू त्यागी शुभ कर्महरू गर्ने गर्दछ उही मानिस यस लोकमा सदा सुख पुर्वक स्वर्ग प्राप्त गर्दछ। जो मानिस पराई स्त्रीमा दोषयुक्त नजरले हेर्दछ त्यस दुष्टलाई अन्धो जीवन प्राप्त हुने तथा रोगहरू प्राप्त हुनेछ। दुष्ट आचरण गरी वियोनिमा मैथुन गर्नमा चाख राख्ने, पशुलाई बन्धनमा राख्ने तथा गुरु–पत्नीकहाँ यौन कामनाले जाने गर्ने मानिस क्लीवत्व (नपुंसकता) प्राप्त गर्दछ। परम श्रेय मार्गको अभिलाषा राख्ने जो सदा द्विजहरूसँग त्यस विषयका जिज्ञासा गर्ने गर्दछ ऊ धर्मको अन्वेषण गर्ने गुणले युक्त हृदय भएको हुँदा स्वर्ग भोग गर्दछ। यस्तो व्यक्ति मनुष्यता प्राप्त गरी प्राज्ञ भएर उत्पन्न हुन्छ।

कुमार र गणेशको जन्म

वामन पुराणको २८ औं अध्याय र ३१ औं अध्याय अनुसार पार्वतीसंग विवाह भएपछि शङ्कर मन्दराचल पर्वतमा आई बस्नु भयो र त्यहाँ गार्हस्थ रूपी यज्ञ सहित पार्वतीसँग धर्मानुसार विहार गरी समय बिताइरहनु हुँदा देवताहरूको वास्ता नभईदिएकोले देवताहरूले अग्नि ऋषिलाई भगवान् शङ्करकहाँ सम्झाउन पठाए। अग्नि ऋषि शङ्कर रुद्रलाई देवताहरूको कुरा सम्झाई तेजले युक्त भई त्यहाँबाट फर्के।

त्यसपछि मालिनीले पार्वतीलाई सुगन्धित बुकुवा घसी दिईन्। पार्वतीले त्यस बुकुवामा के गुण रहेछ विचार गर्न थालिन् र बुकुवाबाट निस्केको मयलबाट गजानन (हात्ती जस्तो मूर्ति) बनाई भुइँमा राखिन्। त्यसपछि बुकुवा घसेर विधिपूर्वक स्नान गरी उठेर गइन्। शङ्कर पनि त्यही ठाउँमा आई स्नान गर्नु भयो। त्यही ठाउँ तल पार्वतीले बनाएको मल पुरुषमा शङ्करका भस्म र जलले युक्त भएको मल सम्पर्क हुँदा त्यो बिउँझेर उठ्यो। अर्थात् त्यहाँ गणेशको जन्म भयो। सो देखी आफ्नो पुत्र जानी शङ्कर प्रसन्न हुनुभयो। त्यसपछि शङ्करले स्नान कार्य गरी देवताहरूलाई र पितृहरूलाई पूजा गरी सहस्त्रनामको जप गर्नुभयो। पार्वती पनि पुत्र प्राप्त गरी खुसी भई शम्भुसँग आनन्दले रहिन्।

लिङ्गपुराण (द्वितीय खण्ड) अनुसार बृहस्पतिले देवताहरूको उपकारको लागि शङ्करलाई सूविघ्न कर्मको कारण भई दिनु होला भने पछि महेश्वर शिवले गणेश्वरको वपु (देह) धारण गर्नुभयो। त्यसपछि अम्बिका पार्वतीले गजाननलाई प्रसूती गरिन् (जन्माइन्)। अनि आफ्नो पुत्रको जातकर्म आदि आवश्यक संस्कार भगवान् भवले गरी गणेशलाई समस्त कृत्यहरू बताई दिनु भयो।

वामनपुराण अनुसार यता अग्नि ऋषि शङ्करको तेज (शक्ति)ले युक्त भई फर्केर गएपछि बाटोमा गइरहेकी कुटिला (गङ्गा) नामकी देवी(स्त्री)लाई देखी यो (मसंग भएको) महेश्वर– तेज तिमी धारण गर यसबाट तिमीलाई एक धन्य पुत्र हुनेछ भनी भन्यो र कुटिलाले सो कुरा मानी अग्निबाट सो तेज आफ्नो गर्भमा धारण गरिन्। अन्तमा कुटिलाले गिरिशीखरमा गई शरवणमा सो गर्भ त्याग गरिन् र बालकलाई छोडी त्यहाँबाट गईन्। जन्मेको बालक रुन लागेकोले त्यहाँ घुमिरहेका ६ जना कृत्तिकाहरूले त्यस बालकलाई देखी दुध पिलाई पोषण गरे। यसरी ती ६ जना कृत्तिकाहरूद्वारा पालित बालक षटकुमार नामका भए।

पार्वती गौरी बन्नु

मत्स्य पुराण (अध्याय १५४-१५६) को वर्णन अनुसार वीरक पार्वतीको पुत्र बनेर उनको बाल कृडा बित्दै गएपछि एक दिन शैय्यामा विराजमान शङ्करले ठट्टा गरी पार्वतीलाई भन्नुभयो–हे पार्वती ! काली वर्ण भएकी तिमी मेरो स्वेत शरीरमा टाँसिन आउँदा चन्दन-वृक्षमा काली नागिनी बेरिएको जस्तै देखिन्छयौ। सो सुनी पार्वतीले रिसाउँदै, तपाई मलाई काली भन्नु हुन्छ भने तपाई पनि महाकाल नामले प्रशिद्ध हुनु हुन्छ, भस्म लगाई प्रेमेहीन भएको, सर्प लगाई टेढो भएको, श्मशानमा बसी निर्भिक भएको, नग्न रही निर्लज्ज भएको र कपाली भै निर्मम भएको हुँदा तपाईको दया त धेरै अघिदेखि नष्ट भईसकेको छ भन्दै त्यहाँबाट बाहिर गईन् र आभूषण छोडी तपस्यामा लागिन् । पार्वती अति क्रूद्ध भई तपस्यामा लागेको देखी गुरुजन ब्रह्मा आई –हे पार्वती ! तिमीलाई के चाहियो भनी सोध्नुभयो । पार्वतीले पनि गुरुजनसँग भनिन्–अति कठोर तपस्याद्वारा प्राप्त मेरा पति शङ्कर मलाई श्यामवर्ण (काली) भनी अपमान गर्नु हुन्छ । अतः मलाई गोरी तुल्याई दिनुहोस् । ब्रह्माले तथास्तु भनी पार्वतीलाई गोरी बनाई दिनुभयो। अर्थात् पार्वतीले ब्रह्मालाई आफ्नो दुःख वर्णन गरेपछि ब्रह्माले पार्वतीलाई काम र वासना त्यागी मनलाई विकार रहित बनाउने उपदेश दिनु भयो जसबाट पार्वतीको मन अचानक बदलेर निर्मल (गोरी) भयो ।

पार्वतीसँगको मोह छुटाउन विभिन्न स्थलहरूको भ्रमण

वामनपुराणको ३४ औं अध्याय अनुसार पार्वतीसँगको मोहमा बसेर आफू आलस्य (निस्तेज) भएको शङ्करलाई होश भयो र त्यसपछि महाव्रत अवलम्बन गर्ने उद्देश्यले उहाँ पार्वतीलाई मनाई पार्वतीको रक्षार्थ नन्दिकेशलाई नियुक्त गरी आफूयतिको रूपमा पृथ्वीको यताउती घुम्न जानुभयो । यसरी भ्रमण गर्दा एक समय विस्तृत हिमालय पछाडीको रमणीय तथा समशीला (सम्म परेको ढुङ्गा) मुनि श्वासावरोध (प्राणायाम) गर्नु भयो । त्यसबाट त्यहाँ केदार (खेती योग्य जमिन्) नामको पुण्य तीर्थ बन्यो । हर (शङ्कर)ले केदारलाई पुण्य वृद्धि गर्ने, पाप नाश गर्ने र मोक्ष साध्य गर्ने होस् भनी शुभ कामना व्यक्त गर्नु भयो र भन्नु-भयो–मधुमांस त्यागी ब्रह्मचर्यमा बसी तिम्रो तीर्थमा जल पिई जो संयमी मानिस-

हरू ६ महीना यहाँ रहन्छन् तिनीहरूको हृदय पङ्कजमा मेरो लिङ्ग (स्वरूप) प्रकट हुनेछ। तिनीहरू पापमा रत हुने छैनन् तथा उनीहरूले गरेको पितृको श्राद्ध स्नान, दान, तपस्या होम, जप आदि अक्षय हुनेछन् र मर्दा पुनर्जन्म हुनेछैनन्। यसरी केदार तीर्थलाई वरदान दिई शङ्कर यमुना नदीमा गई स्नान गर्नु भयो। यमुनाबाट त्यसपछि उहाँ सरस्वती नदीको तीरमा गई त्यहाँका जलमा डुबी गायत्री जप गर्न लाग्नु भयो। यसरी धेरै समयसम्म पानी भित्रै डुबेर गायत्री जपी महाव्रत गर्दा देवताहरू आई पुकार्न थालेपछि उहाँ जलबाट बाहिर आउनु भयो। त्यसपछि शङ्कर कुरूक्षेत्रको चारैतिर घुम्न लाग्नु भयो। त्यहाँ ओधवतीको तीरमा उशना ऋषि (शुक्र) लाई देख्नुभयो र उनलाई सञ्जीवनी विद्या प्रदान गरी सप्त-सारस्वत भन्ने स्थानमा जानुभयो जहाँ मङ्कण नामका ऋषि शरीर शोषणको तपस्या गर्दा गर्दा आफ्नो हातको घाउबाट शाकरस निस्केकोले अति खुशी भई नाचेको हुँदा शङ्करले तिनलाई तपाईं जरूर प्रमत्त हुनु भयो भनी भन्नुभयो। त्यसपछि मङ्कण ऋषिलाई आफू प्रमत्त भएको होश भयो र आफ्नो नृत्य छोडी शम्भूलाई नमस्कार गरे। शङ्करले उनलाई दुर्गम, अव्यय ब्रह्मलोक जाने सल्लाह दिनुभयो र आफ्नो पवित्र निवास मन्दर पर्वतमा फर्कनुभयो। कूर्मपुराणको १५ औं अध्याय अनुसार पनि शङ्करले पार्वतीलाई हेरचाह गर्न विष्णु आदि देवता-हरूलाई अह्राई आफू भिक्षाटन गर्दै १२ वर्षसम्म बाहिर भ्रमण गरी फर्कनु भएको कुरा उल्लेख छ।

वेदबाह्यहरूको लागि शास्त्र निर्माण हुनु

कूर्म पुराणको १५ औं अध्याय अनुसार महात्मा गौत्तम ऋषिको श्राप-द्वारा वेदबाट बाह्य गरिएका अर्थात वेद अध्ययन गर्न नपाउने भएका ऋषिहरू र ब्राह्मणहरू भगवान् शङ्कर तथा भगवान् विष्णुका शरणमा गएपछि भगवान् विष्णुले शङ्करलाई भन्नु भयो–यी वेदबाह्यहरूलाई रक्षा गर्न तिनीहरूलाई शास्त्रहरू अध्यापन गरौं। त्यसपछि शङ्कर र विष्णुले कापालिक, नाकुल, वाम, भैरव, पूर्व-पश्चिम, पञ्चरात्र, पाशुपत आदि आकर्षित गर्ने शास्त्रहरू सिकाई तिनीहरूलाई भन्नु भयो–मनुष्यलोकमा जन्म ग्रहण गरेर यी शास्त्रहरूमा भनिएका कर्महरू गर्नाले पाप समूह क्षय भई ईश्वरको आराधनाका बलमा तपाईंहरू सुगति प्राप्त गर्नुहुनेछ। यसप्रकार ती ऋषिहरू प्रेरित भई भगवान् शङ्कर तथा भगवान् विश्णुको आज्ञा स्वीकार गर्दछन्।

अन्धकको आत्मपरिवर्तन

यसरी वेदबह्य ऋषिमुनिहरू तथा ब्राह्मणहरूको कल्याणको लागि विभिन्न शास्त्रहरू निर्माण गरी भगवान् शङ्करले– विष्णु, भैरव तथा नन्दिकेश्वरलाई पार्वतीको हेरचाह गर्ने जिम्मा दिई आफू तिनीहरूसँग लोक कल्याणको लागि भिक्षा माग्दै मन्दराचलबाट १२ वर्ष जति बाहिर फिर्नुभयो । यसै बीच हिरण्याक्षका छोरा अन्धक पार्वतीलाई हेर्ने इच्छाले मन्दराचलमा आइपुग्यो । भैरवले उसलाई रोक्न खोज्दा अन्धकले बलजपती गरेकोले झगडा शुरू भयो र भगवान् विष्णु आई अघि सर्दा अन्धक त्यहाँबाट भागेर गयो । त्यसपछि भगवान् शङ्कर पनि १२ वर्षसम्मको आफ्नो लोक कल्याणको भ्रमण समाप्त गरी मन्दराचलमा फर्कनुभयो । पार्वतीले शङ्करलाई अन्धक आएको कुरा सुनाइन् । यस उप्रान्त फेरि असुर राज अन्धक पार्वतीलाई हरेर लैजाने दाउले मन्दराचल पहाडमा आइपुग्यो । भगवान् विष्णुले शङ्करलाई भन्नुभयो– यो दैत्यको मालिक अन्धक जो लोककण्टक छ त्यसलाई मार्नुहोस् । विष्णुको कुरा सुनी शङ्करले उसलाई समाती त्रिशूलको अगाडि संस्थापित गर्नुभयो (अर्थात् सृष्टि, स्थिति र लय सम्बन्धी ज्ञानको उपदेश दिनुभयो)। यसरी त्रिशूलको अगाडि परी ती अन्धकको सबै पाप नष्ट भई समस्त विज्ञान (धर्मसम्बन्धी ज्ञान) उत्पन्न भएबाट परमेश्वरको (शङ्करको) स्तुति गर्न लाग्यो– अग्निस्वरूप मुख भएका अद्वितीय तपाईको रूपलाई प्रणाम गर्दछु । तपाईं सबैको आत्मा स्वरूप, मायाबाट पर, तथा साक्षी हुनुहुन्छ । कोही तपाईंलाई शिव भन्दछन् । तपाईं ॐकार शब्दबाट वाच्य तथा वेदवाक्यमा प्रसिद्ध ईश्वर हुनुहुन्छ र समस्त विशेष पदार्थबाट शून्य हुनुहुन्छ। ललाटमा नेत्र भएका तथा मनुष्यका हृदयमा रहने भएका तपाईंलाई नमस्कार छ।

त्यसपछि भगवान् शङ्करले अन्धकलाई स्पर्श गर्दै भन्नुभयो– तिमी मेरो गाणपत्य प्राप्त गरी बस । नन्दिकेश्वरको अनुचर भई तिमी रोग रहित (विकार रहित), सन्देह सून्य, सबै प्रकारको दुःखबाट रहित तथा देवताहरूद्वारा समेत पूजित होउ । भगवान् विष्णुले महादेव शङ्करलाई भन्नुभयो – हे महादेव ! तपाईंले उचित प्रभाव देखाउनु भयो । महान् पुरुष अज्ञानबाट उत्पन्न दोषलाई देख्दैनन् बरू गुणलाई नै ग्रहण गर्दछन् ।

ईश्वर गीता

कूर्म पुराणको उपरिविभागमा उल्लेख भए अनुसार एक पल्ट भगवान् शङ्करले नरनारायण ऋषिको अनुरोधमा बद्रिकाश्रममा सबै ऋषिमुनिहरूको समक्ष ज्ञानको प्रवचन दिनु भएको थियो। यसलाई ईश्वर गीता भनिन्छ। शङ्कर बद्रिका श्रममा कहिल्ये पाल्नु भई सो प्रवचन गर्नु भएको हो स्पष्ट छैन। तथापि कूर्म पुराणको १५ औं अध्यायमा शङ्करले पार्वतीको हेरचाहको लागि विष्णु र नन्दिकेश आदिलाई जिम्मा दिई आफू जगत्को भलाईको लागि भिक्षाटन गर्दै भक्तहरूको हितार्थ १२ वर्षसम्मको आफ्नो भ्रमण क्रीडा समाप्त गरी उहाँ मन्दराचलमा फर्कनु भएको कुरा उल्लेख गरिएको छ। त्यस्तै वामन पुराणको ३४ र ३६ औं अध्याय अनुसार शङ्करले त्यसरी पार्वती नन्दीकेशलाई जिम्मा लगाई पृथ्वीको यताउती भ्रमण गर्न जानु हुँदा उहाँ केदार, यमुना, सरस्वती, कुरूक्षेत्र, सप्तसारस्वत आदि स्थानमा गई मन्दराचल फर्कनु भएको तथा अन्धकसँग युद्ध भएको कुरा उल्लेख छ। त्यस्तै स्वस्थानी व्रतकथा अनुसार पनि शङ्कर पार्वतीसँग सल्लाह गरी मानसरोवरमा जानु भएको थियो पछि विष्णु आई जालन्धर (अन्धक ?) ले पार्वतीलाई छल्न आएको कुरा बताएपछि त्यहाँबाट फर्कनु भई जालन्धरसँग युद्ध भएको वर्णन छ। अतः वामनपुराणमा उल्लेख गरिएको केदार, आदि स्थानको भ्रमणको समयमा नै सम्भवतः शङ्कर बद्रिकाश्रममा पनि जानु भई ज्ञानको प्रवचन गर्नु भएको हुनु पर्दछ। ईश्वरगीताका केही अंशहरू यस प्रकार छन्:-

अध्याय २ जुन आत्मा केवल (अद्वितीय), स्वस्थ, शान्त, सूक्ष्म, सनातन, सर्वान्तर, साक्षात् चिन्मात्र तथा तमोगुणबाट पर छ उही अन्तर्यामी, उही पुरुष, उही प्राण, उही महेश्वर हुन्। उही काल (समय), अग्नि, एवं उही अव्यक्त हुन् यस्तो श्रुतिले भन्दछ। ४-५ विश्व यसैबाट उत्पन्न तथा यसैमा विलय हुन्छ, यो मायै मायाले युक्त भएर विविध शरीर (भौतिक रूपहरू) उत्पन्न गर्दछ। ।६। यो आत्मा न गतिशील छ न गति प्रेरक प्रभु नै। यो न पृथ्वी, जल, तेज, वायु, आकाश नै हो। ।७। न प्राण, मन, अव्यक्त हो, न शब्द, स्पर्श, रूप, रस, गन्ध नै हो, न अहंकार, न वाणी नै हो।८। हे श्रेष्ठ ब्राह्मणहरू ! यो (आत्मा) हात पाउ जस्ता (कर्मेन्द्रिय) पनि होइन। यो कर्ता वा भोक्ता पनि होइन। प्रकृति अथवा पुरुष पनि होइन। न परमार्थतः चैतन्य नै हो।६। योग युक्त मुनिजन परमार्थतः आफ्नो आत्मालाई विकारहीन तथा निरद्वन्द आनन्द स्वरूप एवं अव्यय

आत्मा भनी साक्षात्कार गर्दछन् । ।१३। म कर्ता, म सुखी, म दुःखी, म स्थूल, म कृश हुँ भनी विचार गर्ने जुन मति (मन) छ यसलाई अहंकारले गर्दा आत्मा भनी मान्दछन् ॥ १४। वेदका विद्वानहरू साक्षी (आत्मा) लाई प्रकृतिबाट पर, द्रष्टा, अक्षर, शुद्ध तथा सर्वत्र समभावले स्थित भन्दछन् ।१५। सबै देहधारीहरूको संसार अज्ञान मूलक छ। अज्ञानबाट अन्यथा ज्ञान हुन गई प्रकृति संगत हुन जान्छ। ।१६। सबै स्वयंज्योती, सर्वव्यापी, परमपुरुष (भिन्न भएर पनि) अहंकार र अविवेकले गर्दा म कर्ता हुँ भनी मान्दछन ।१७। ब्रह्मवादी ऋषिहरू प्रधान प्रकृतिको कारण बोध गरेर आत्मालाई सदा अव्यक्त नित्य र सत् भनी देख्दछन् ।१८। यो आत्मा कूटस्थ (निर्लिप्त) एवं निरञ्जन भएर पनि ती प्रधान प्रकृतिको संगतले गर्दा तत्वतः स्वआत्मालाई अक्षर ब्रह्म भनी बुझ्दैनन् ।१९। अनात्मनि आत्म विज्ञानं अर्थात् जो आफू होइन उसलाई आफू ठान्नाले दुःख हुन्छ कारण यसबाट भ्रान्तिले बाँधिएर रागद्वेष आदिको सबै दोष उत्पन्न हुन्छन् । २०। यस्ता (रागद्वेषको) कर्ममा दोष हुन्छ, पुण्य र पाप हुन्छन् र यसबाटै सबै प्रकारका देहहरू (प्राणीहरू) उत्पन्न हुन्छन् ।२१। यो आत्मा जो नित्य, सर्वव्यापी, कूटस्थ एवं दोष वर्जित छ त्यो एकै हो यसलाई शक्तिको स्वरूप मायाले गर्दा मात्र भिन्न देखिएको हो, स्वभावतः यो भिन्न छैन ।२२। त्यसकारण मुनिजन आत्मालाई परमार्थतः अद्वैत अर्थात जसको दुई छैन एकै मात्र भनी भन्दछन् । व्यक्त स्वभावले उत्पन्न भेद आफ्नो आश्रयमा रहेको माया हो ।२३। धूवाँको सम्पर्कले जस्तो आकाश मैलो हुँदैन त्यस्तै अन्तः करणको भावबाट आत्मा लिप्त हुँदैन ।२४। भ्रान्ति दृष्टि भएका मानिसहरू स्वभावतः कूटस्थ, निर्गुण, व्यापी, चैतन्य स्वरूप आत्मालाई अर्थस्वरूप (भौतिक स्वरूप) देख्दछन् ।२७। शुद्ध स्फटिक रक्तवर्ण देखिने जस्तै परम पुरुष पनि मायोपहित प्रतीत हुन्छ ।२८। जब मनमा सदा सर्वव्यापी चैतन्य (परम चेतना) प्रकाशित हुन्छ ,त्यस समय योगी विना व्यवधानले आफूलाई (आत्माभाव) प्राप्त गर्दछ। ।३०। जब आफ्नो आत्मामा सबै प्राणीहरू तथा सबै प्राणीहरूमा आफ्नो आत्मा देख्दछ त्यस समयमा उसले ब्रह्म (परमात्मा) प्राप्त गर्दछ ।३१। जब समाधिस्थ हुँदा सबै प्राणीहरू देखिदैनन् त्यस समयमा केवल एक स्वरूप हुन्छ ।३२। जब चित्तमा रहेका सबै कामनाहरू समाप्त हुन्छन् । त्यस समायमा पण्डित अमृतस्वरूप भई कल्याण प्राप्त गर्दछन् ।३३। जब समस्त प्राणी एक तत्वमा स्थित भएको तथा त्यसैबाट उनीहरूको विस्तार भएको अनुभूति हुन्छ उसै समयमा ब्रह्मको प्राप्ति हुन्छ ।३४। जब परमार्थतः केवल आत्मालाई साक्षात्कार गर्दछ तथा जगत्कृत्य मायामात्र हुन् भनी ठान्दछ त्यस समय (योगी) निवृत्त (कर्ममा

नलाग्ने) हुन्छ ।३५। जब जन्म, बुढापा, दुःख व्याधिहरूको एक औषधि केवल ब्रह्म विज्ञान भनी जान्दछ तब उनी शिव बन्दछ ।३६। संसारमा जसरी नदी-नाला-हरूको सागरमा एकता हुन जान्छ उसै प्रकार आत्मा अक्षर (ब्रह्म) संग एकत्व हुन्छ।२७। त्यसकारण विज्ञान (ब्रह्म ज्ञान) कै अस्तित्व छ, संसारको तथा उसका सिद्धिहरूको अस्तित्व छैन (तर) विज्ञान अज्ञानले आवृत्त भइ दिंदा त्यसले संसार मोहित गर्दछ ।३८। त्यही ज्ञान हो जुन निर्मल सूक्ष्म, निर्विकल्प, तथा अव्यय (व्यय नहुने) छ । मेरो मतमा अज्ञानबाट भिन्न सबै विज्ञान हुन् ।३९। यो परम सांख्य भनिएको उत्तम ज्ञान सम्पूर्ण वेदको सार नै हो । यसमा एकचित्त हुनु योग हो ।४०। योगबाट ज्ञानको उत्पत्ति र ज्ञानबाट योगको प्रवृत्ति हुन्छ। योग तथा ज्ञानले युक्तलाई केही प्राप्त गर्नु पर्ने बाँकी हुँदैन ।४१।

अध्याय ३– अव्यक्तबाट काल, प्रधान (प्रकृति) र परम पुरुषको उत्पत्ति भयो। तिनीहरूबाट यो सम्पूर्ण जगत्‌को उत्पत्ति भयो त्यसकारण जगत् ब्रह्ममय हो।१। जसका हात पाउ सर्वत्र प्रसार हुन्छ, जसका आँखा, शिर, मुख तथा कान सबैतिर छन् र जो समस्त (विश्व) लाई आवृत गरी बस्तछ, (त्यही ब्रह्म हो) ।२। सबै इन्द्रियका गुणहरूको आभासस्वरूप, फेरि सबै इन्द्रियहरूदेखि रहित, सबैको आधारस्वरूप, सदा आदन्द स्वरूप, अव्यक्त, द्वैतरहित, ।३। समस्त उपमाहरूबाट रहित, प्रमाणद्वारा ज्ञात हुन नसकिने, निर्विकल्प, निराभास, सबैका आवास स्वरूप, परम अमृत ।४। अभिन्न तर भिन्न रूपले स्थित, शास्वत, ध्रुव (अचल) अव्यय, निर्गूण परमेश्वर, व्योम (महाआकाश) आदि स्वरूप त्यस ब्रह्मको ज्ञान सूरीहरू (विद्वानहरू) जान्दछन् । ।५। सबै प्राणीहरूको आत्मा जो बाहिर र भित्र व्याप्त रहने परम तत्व त्यो सर्वव्यापी शान्त, ज्ञान स्वरूप परमेश्वर म (आत्मा) नै हुँ ।६। अव्यक्त मूर्ति (आत्मा) द्वारा यो सम्पूर्ण चराचर जगत् विस्तार गरियो । सबै प्राणी "म" मा नै स्थित छन् । जो यसलाई जान्दछ उ कृतज्ञ हुन्छ ।७। प्रधान र पुरुष नामक दुई तत्व छन् । ती दुईको परम संयोजक अनादि उत्कृष्ट काल (समय) हो ।८। यी तीनवटा अनाद्यन्त अव्यक्तमा स्थित छन्। पण्डितहरू मेरो (मेरो आत्माको) तदात्मक तथा तद्भिन्न रूपलाई जान्द-छन् ।९। जसले महत् (तत्व) देखि विशेष तत्वसम्म अखिल जगत् पैदा गर्छ त्यस-लाई सबै प्राणी मोहित पार्ने प्रकृति भनिन्छ ।१०। जो प्रकृतिस्थ भएर प्रकृतिका गुणहरू भोग गर्दछ उही पुरुष हो । पुरुष अहंकारबाट विमुक्त भएकोले यसलाई पच्चीसौं तत्व भनिन्छ ।११। प्रकृतिका आदि विकारलाई महान् आत्मा (महत्तत्त्व ?) भनिन्छ। विज्ञान शक्तिको विज्ञाता अहंकार त्यसबाट उत्पन्न हुन्छ ।१२।

आत्मा भनी साक्षात्कार गर्दछन् । ।१३। म कर्ता, म सुखी, म दुःखी, म स्थूल, म कृश हुँ भनी विचार गर्ने जुन मति (मन) छ यसलाई अहंकारले गर्दा आत्मा भनी मान्दछन् ॥ १४। वेदका विद्वानहरू साक्षी (आत्मा) लाई प्रकृतिबाट पर, द्रष्टा, अक्षर, शुद्ध तथा सर्वत्र समभावले स्थित भन्दछन् ।१५। सबै देहधारीहरूको संसार अज्ञान मूलक छ । अज्ञानबाट अन्यथा ज्ञान हुन गई प्रकृति संगत हुन जान्छ । ।१६। सबै स्वयंज्योती, सर्वव्यापी, परमपुरुष (भिन्न भएर पनि) अहंकार र अविवेकले गर्दा म कर्ता हुँ भनी मान्दछन ।१७। ब्रह्मवादी ऋषिहरू प्रधान प्रकृतिको कारण बोध गरेर आत्मालाई सदा अव्यक्त नित्य र सत् भनी देख्दछन् ।१८। यो आत्मा कूटस्थ (निर्लिप्त) एवं निरञ्जन भएर पनि ती प्रधान प्रकृतिको संगतले गर्दा तत्वतः स्वआत्मालाई अक्षर ब्रह्म भनी बुझ्दैनन् ।१९। अनात्मनि आत्म विज्ञानं अर्थात् जो आफू होइन उसलाई आफू ठान्नाले दुःख हुन्छ कारण यसबाट भ्रान्तिले बाँधिएर रागद्वेष आदिको सबै दोष उत्पन्न हुन्छन् । २०। यस्ता (रागद्वेषको) कर्ममा दोष हुन्छ, पुण्य र पाप हुन्छन् र यसबाटै सबै प्रकारका देहहरू (प्राणीहरू) उत्पन्न हुन्छन् ।२१। यो आत्मा जो नित्य, सर्वव्यापी, कूटस्थ एवं दोष वर्जित छ त्यो एकै हो यसलाई शक्तिको स्वरूप मायाले गर्दा मात्र भिन्न देखिएको हो, स्वभावतः यो भिन्न छैन ।२२। त्यसकारण मुनिजन आत्मालाई परमार्थतः अद्वैत अर्थात जसको दुई छैन एकै मात्र भनी भन्दछन् । व्यक्त स्वभावले उत्पन्न भेद आफ्नो आश्रयमा रहेको माया हो ।२३। धूवाँको सम्पर्कले जस्तो आकाश मैलो हुँदैन त्यस्तै अन्तः करणको भावबाट आत्मा लिप्त हुँदैन ।२४। भ्रान्ति दृष्टि भएका मानिसहरू स्वभावतः कूटस्थ, निर्गुण, व्यापी, चैतन्य स्वरूप आत्मालाई अर्थस्वरूप (भौतिक स्वरूप) देख्दछन् ।२७। शुद्ध स्फटिक रक्तवर्ण देखिने जस्तै परम पुरुष पनि मायो-पहित प्रतीत हुन्छ ।२८। जब मनमा सदा सर्वव्यापी चैतन्य (परम चेतना) प्रकाशित हुन्छ ,त्यस समय योगी विना व्यवधानले आफूलाई (आत्माभाव) प्राप्त गर्दछ। ।३०। जब आफ्नो आत्मामा सबै प्राणीहरू तथा सबै प्राणीहरूमा आफ्नो आत्मा देख्दछ त्यस समयमा उसले ब्रह्म (परमात्मा) प्राप्त गर्दछ ।३१। जब समाधिस्थ हुँदा सबै प्राणीहरू देख्दैनन् त्यस समयमा केवल एक स्वरूप हुन्छ ।३२। जब चित्तमा रहेका सबै कामनाहरू समाप्त हुन्छन् । त्यस समायमा पण्डित अमृत-स्वरूप भई कल्याण प्राप्त गर्दछन् ।३३। जब समस्त प्राणी एक तत्वमा स्थित भएको तथा त्यसैबाट उनीहरूको विस्तार भएको अनुभूति हुन्छ उसै समयमा ब्रह्मको प्राप्ति हुन्छ ।३४। जब परमार्थतः केवल आत्मालाई साक्षात्कार गर्दछ तथा जगत्कृत्य मायामात्र हुन् भनी ठान्दछ त्यस समय (योगी) निवृत्त (कर्ममा

नलाग्ने) हुन्छ ।३५। जब जन्म, बुढापा, दुःख व्याधिहरूको एक औषधि केवल ब्रह्म विज्ञान भनी जान्दछ तव उनी शिव बन्दछ ।३६। संसारमा जसरी नदी-नाला-हरूको सागरमा एकता हुन जान्छ उसै प्रकार आत्मा अक्षर (ब्रह्म) संग एकत्व हुन्छ ।२७। त्यसकारण विज्ञान (ब्रह्म ज्ञान) कै अस्तित्व छ, संसारको तथा उसका सिद्धिहरूको अस्तित्व छैन (तर) विज्ञान अज्ञानले आवृत्त भइ दिदा त्यसले संसार मोहित गर्दछ ।३८। त्यही ज्ञान हो जुन निर्मल सूक्ष्म, निर्विकल्प, तथा अव्यय (व्यय नहुने) छ । मेरो मतमा अज्ञानबाट भिन्न सबै विज्ञान हुन् ।३९। यो परम सांख्य भनिएको उत्तम ज्ञान सम्पूर्ण वेदको सार नै हो । यसमा एकचित्त हुनु योग हो ।४०। योगबाट ज्ञानको उत्पत्ति र ज्ञानबाट योगको प्रवृत्ति हुन्छ । योग तथा ज्ञानले युक्तलाई केही प्राप्त गर्नु पर्ने बाँकी हुँदैन ।४१।

अध्याय ३– अव्यक्तबाट काल, प्रधान (प्रकृति) र परम पुरुषको उत्पत्ति भयो । तिनीहरूबाट यो सम्पूर्ण जगत्‌को उत्पत्ति भयो त्यसकारण जगत् ब्रह्ममय हो ।१। जसका हात पाउ सर्वत्र प्रसार हुन्छ, जसका आँखा, शिर, मुख तथा कान सबैतिर छन् र जो समस्त (विश्व) लाई आवृत गरी बस्तछ, (त्यही ब्रह्म हो) ।२। सबै इन्द्रियका गुणहरूको आभासस्वरूप, फेरि सबै इन्द्रियहरूदेखि रहित, सबैको आधारस्वरूप, सदा आदन्द स्वरूप, अव्यक्त, द्वैतरहित, ।३। समस्त उपमाहरूबाट रहित, प्रमाणद्वारा ज्ञात हुन नसकिने, निर्विकल्प, निराभास, सबैका आवास स्वरूप, परम अमृत ।४। अभिन्न तर भिन्न रूपले स्थित, शास्वत, ध्रुव (अचल) अव्यय, निर्गूण परमेश्वर, व्योम (महाआकाश) आदि स्वरूप त्यस ब्रह्मको ज्ञान सूरीहरू (विद्वानहरू) जान्दछन् । ।५। सबै प्राणीहरूको आत्मा जो बाहिर र भित्र व्याप्त रहने परम तत्व त्यो सर्वव्यापी शान्त, ज्ञान स्वरूप परमेश्वर म (आत्मा) नै हुँ ।६। अव्यक्त मूर्ति (आत्मा) द्वारा यो सम्पूर्ण चराचर जगत् विस्तार गरियो । सबै प्राणी "म" मा नै स्थित छन् । जो यसलाई जान्दछ उ कृतज्ञ हुन्छ ।७। प्रधान र पुरुष नामक दुई तत्व छन् । ती दुईको परम संयोजक अनादि उत्कृष्ट काल (समय) हो ।८। यी तीनवटा अनाद्यन्त अव्यक्तमा स्थित छन् । पण्डितहरू मेरो (मेरो आत्माको) तदात्मक तथा तद्‌भिन्न रूपलाई जान्द-छन् ।९। जसले महत् (तत्व) देखि विशेष तत्वसम्म अखिल जगत् पैदा गर्छ त्यस-लाई सबै प्राणी मोहित पार्ने प्रकृति भनिन्छ ।१०। जो प्रकृतिस्थ भएर प्रकृतिका गुणहरू भोग गर्दछ उही पुरुष हो । पुरुष अहंकारबाट विमुक्त भएकोले यसलाई पच्चीसौं तत्व भनिन्छ ।११। प्रकृतिका आदि विकारलाई महान् आत्मा (महत्तत्त्व ?) भनिन्छ । विज्ञान शक्तिको विज्ञाता अहंकार त्यसबाट उत्पन्न हुन्छ ।१२।

तत्व चिन्तकहरू एकमात्र त्यही महान्-आत्मालाई नै अहंकार भन्दछन् र त्यसैलाई नै जीव तथा अन्तरात्मा भनी मान्दछन् ।१३। यसैले (अहंकार) जीवनका सबै सुख दुःखको ज्ञान गराउँदछ । त्यो विज्ञानात्मक छ । मन यसको उपकारक (सहायक) हुन्छ ।१४। त्यस (अहंकार) बाट अविवेक तथा त्यो अविवेकबाट पुरुषको (प्राणीको) संसार सम्भव हुन्छ । प्रकृतिमा काल (समय)को संगत (सम्पर्क) भएकोले अविवेक हुन गएको हो ।१५। कालले नै प्राणी सृष्टि गर्दछ भने काल नै प्रजा (दुनियाको) संहार गर्दछ । सबै कालको वशमा हुन्छन् तर काल कसैको वशमा हुँदैन ।१६। त्यो सनातन (काल) भित्र प्रविष्ट भई सम्पूर्ण विश्वलाई नियन्त्रण गर्दछ । यही काललाई नै भगवान् प्राण सर्वज्ञ तथा पुरुषोत्तम भनिन्छ ।१७। विद्वान्हरू मनलाई सबै इन्द्रियहरूमा उत्कृष्ट (उच्च) भन्दछन् । मन भन्दा पनि अहंकार तथा अहंकार भन्दा उत्कृष्ट महान् (बुद्धितत्व) हुन्छ ।१८। महान् भन्दा उत्कृष्ट अव्यक्त (प्रकृति), अव्यक्त भन्दा उत्कृष्ट पुरुष हो । पुरुष भन्दा उत्कृष्ट भगवान् प्राण हुन् । यो सबै जगत् उहाँकै हो ।१९। प्राण भन्दा परम् व्योम, व्योम्भन्दा माथि अग्निश्वर छन् । उही (अग्निश्वर) सर्वव्यापी, शान्त, ज्ञानस्वरूप आत्मा परमेश्वर "म" (अन्तर–म) हुँ । "म" (आत्मा) भन्दा ठूलो तत्व कुनै छैन । मेरो (अन्तर–म) को ज्ञानले मुक्ति पाइन्छ ।२०। यो जगत्मा अव्यक्त, व्योमरूप तथा महेश्वर स्वरूप म बाहेक अन्य कुनै जड तथा चेतन (स्थावरजङ्गमात्मक) नीत्य तत्व छैन ।२१।

अध्याय ७ –हे ऋषिहरू ! परमेष्ठिको प्रभाव जानेर मानिस मुक्त हुन्छ तथा फेरि संसारमा झर्दैन ।१। जो परात्पर, शाश्वत, निष्कल, ध्रूव (सदाअचल), नित्यानन्द, निर्विकल्प ब्रह्म हो त्यही मेरो परमधाम हो ।२। . . . . बाँध्ने पाशहरूमा म माया, संहार गर्नेमा काल , गतिहरूमा मुक्ति तथा पर (उत्कृष्ट) हरूमा परमेश्वर हुँ ।१६। यस लोकमा अरू पनि जे जे अधिक तेजवान् तथा बलवान् सत्व छन् ती सबै मेरो तेजले युक्त भनी जानी लिनू ।१७। संसारमा वर्तमान रहेका सबै जीवात्मालाई पशु भनिन्छ । ज्ञानीहरू ती (जीवरूपी) पशुहरूका पति स्वरूप सम्झेर मलाई पशुपति भनी जान्दछन् ।१८। म आफ्नो लीलावश यी पशुहरूलाई मायारूपी पाशले बाँध्दछु । मलाई नै पशुहरूलाई मुक्त गर्ने भनी वेदवादीहरू भन्दछन् १९। म अव्यय, भूताधिपति परमात्मा बाहेक अरू कोही पनि मायारूपी पाशमा बाँधिएकाहरूलाई मुक्त गर्ने विद्यमान छैन ।२०। माया (प्रकृति), गुण कर्म (सत्वरज, तम) आदि चौविसतत्व (प्रकृति, बुद्धि, अहङ्कार, ११ इन्द्रिय, ५ तन्मात्रा, ५

महाभूत) पशुपतिको पाश हुन् र यी जीवरूपी पशुहरूलाई बाँध्ने क्लेश हुन् ।२१। मन, बुद्धि, अहङ्कार तथा आकाश, वायु, अग्नि, जल एवं पृथ्वी (पञ्चतत्त्व) यी आठ प्रकृतिहरू छन् । यी आठवटा र अन्य १५ वटा तत्त्वहरू ।२२। जस्तै कान, त्वचा (छाला), आँखा, जिब्रो, नाक गरी ५ ज्ञानेन्द्रिय तथा मलद्वार, मूत्रेन्द्रिय, दुईहात, दुईपाउ तथा बोल्ने मुख ५ कर्मेन्द्रिय र शब्द, स्पर्श रूप, रस, गन्ध ५ तन्मात्रा समेत गरी तेइस तत्त्वहरू प्रकृतिबाट उत्पन्न हुनाले यी सबै विकार हुन् । २३।२४। जगत्का परम कारण स्वरूप आदि मध्य तथा अन्तरहित (सत्वआदि) गुणलक्षण भएका अव्यक्त प्रधान (मूल प्रकृति) चौबिसौं तत्त्व हो ।२५। सत्व, रज तथा तम यी तीन गुणहरू छन् । यसको साम्य अवस्थालाई अव्यक्त प्रकृति (प्रधान) भनिन्छ ।२८। सत्व गुणलाई ज्ञान स्वरूप, तमोगुणलाई अज्ञान स्वरूप तथा रजोगुणलाई मिश्रित (ज्ञान तथा अज्ञान दुवैले युक्त) स्वरूप भनिन्छ । बुद्धिको विषमताले गुणको पनि वैषम्य हुन्छ भनी विद्वान्हरू भन्दछन् । २७। धर्म र अधर्म भनिएका दुई बाँध्ने पाशहरूलाई बन्ध संज्ञा दिइन्छ (अर्थात् आफू कर्ता सम्झी गरिएका धर्म तथा अधर्म पनि दुई पाशहरू हुन् । यस्ता कार्यहरूबाट पनि मानिस बाँधिन्छ, मुक्त हुँदैन । तर 'म' (आत्मा) लाई अर्पण गरेका कर्महरूले अर्थात् सबै कुरा ईश्वरका इच्छा हुन्, म गर्ने होइन भनी कर्ताभाव त्यागी गरेका कार्यहरूले मानिस संसारमा बाँधिन्न, मुक्त हुन्छ ।२८। अविद्या (अनित्यलाई नित्य, अशुद्धलाई शुद्ध, दुःखलाई सुख र अनात्मलाई आत्म सम्झनु) अस्मिता (अहंभाव), राग, द्वेष तथा अभिनिवेश (मृत्युभय) यी कुराहरू आत्मा-लाई बन्धन गर्ने पाश हुँदा यिनीहरूलाई क्लेश भनिन्छ।२९। मायालाई यी पाशहरूको कारण भनिन्छ । यो मूल प्रकृतिस्वरूप अव्यक्त शक्ति (माया) म (परमात्मा) मा रहन्छ।३०। त्यही मूलप्रकृति प्रधान तथा पुरुष हुन् । महत्तत्त्व आदि २३ तत्त्व विकार हुन् । देवाधिदेव (परमेश्वर) सनातन हुन् ।३१। उनी नै बन्धन, बन्धन गर्ने र उनी नै पाश तथा उनी नै पशु हुन् । उनी सबै जान्दछन् तर उनलाई जान्ने कोही छैनन् । उनैलाई आदि पुराण पुरुष भनिन्छ ।३२।

अध्याय ८—ब्रह्ममय, शान्त, शाश्वत, निर्मल, अव्यय, एकाकी, भगवान् भनिएको म (आत्मा) नै केवल परमेश्वर हुँ ।२। महद्ब्रह्म मेरो योनि, त्यहाँ म मूलमाया (मूल प्रकृति) नामक गर्भ धारण गर्दछु, त्यसबाट यो जगत् उत्पन्न भएको हो ।३। उसैबाट प्रधान (अव्यक्त प्रकृति), पुरुष (जीवात्मा), महत्तत्त्व (महान) आदि भूत, तन्मत्राहरू महाभूतहरू, इन्द्रियहरू उत्पन्न भए ।४। उसबाट करौंडौं सूर्य समान प्रकाशमय अण्ड उत्पन्न भयो । त्यसमा मेरो शक्तिले उपबृंहित

महाब्रह्मा उत्पन्न भए ।५। जो अन्य अनेक जीवहरू छन् ती सबै मेरै स्वरूप हुन्। तिनीहरू सबै मायाले मोहित भै म पितालाई देख्दैनन् ।६। सबै योनिहरूमा जुन मूतिहरू उत्पन्न हुन्छन् । तिनको योनि परामाया हो तथा मलाई पितृ स्वरूप जान्नु ।७। जो मलाई बीजधारी पिता स्वरूप प्रभु भनी जान्दछ उनी समस्त लोकमा धीर (आत्मस्थ) हुन्छ तथा मोहमा पर्दैन ।८। म सबै विद्याका ईशान (नियामक) प्राणीहरूका परमेश्वर ॐकार मूर्ति भवगान् तथा प्रजापति ब्रह्मा हुँ ।९। सबै प्राणीमा समान रूपले रहने तथा नष्ट हुने भित्र पनि नष्ट नहुने परमेश्वरलाई जो देख्तछ उही साक्षात्कार गर्ने अर्थात् अनुभूतिले देख्ने हुन्छ ।१०। सर्वत्र समान रूपले स्थित ईश्वरलाई समान भावले देख्नेले आफूले आफ्नो पतन गर्दैन तथा यसरी उनी परमगति प्राप्त गर्दछ ।११। सात सूक्ष्म तत्त्वहरू तथा महेश्वरका षडङ्ग (६अङ्ग) लाई जानेर प्रधान विनियोग जान्ने व्यक्ति परब्रह्ममा पुग्दछ ।१२। वा विभुका सर्वज्ञता, तृप्ति, अनादिबोध, स्वतन्त्रता, नित्य अलुप्त शक्ति तथा अनन्त शक्तिलाई महेश्वरका षडङ्ग (६अङ्ग) भनी जानेर (परम गति प्राप्त गर्दछ) ।१३। तन्मात्रा (ज्ञानेन्द्रियद्वारा हुने अनुभूति–रूप, रस, स्पर्श गन्ध र शब्द), मन तथा आत्मा (जीवात्मा) यी सातलाई सूक्ष्म तत्त्व भनिन्छ । जो हेतुरूपी प्रकृति छ उही प्रधान हुन् । उसबाट हुने बन्धनलाई नै विनियोग भनिन्छ ।१४। प्रकृतिमा लीन रहने जुन शक्ति छ उसलाई वेदमा ब्रह्मयोनि तथा कारणस्वरूप भनिएको छ । एकमात्र आदिस्वरूप परमेष्ठि सत्यरूप महेश्वर नै उसका पुरुष हुन् । १५। उनै एक पुरुष ब्रह्मा, योगी, परमात्मा, महीयान (महान्) व्योमव्यापी, वेदद्वारा जान्न योग्य, पुराणपुरुष, अद्वितीय, रुद्र, मृत्यु, अव्यक्त, एक (अद्वितीय) बीज तथा विश्वदेव हुन् ।।१६। उसैलाई कोही एक तथा कोही अनेक भन्दछन् । अरू उसैलाई एकात्मा भन्दछन् । वेदज्ञहरू उस महादेवलाई सूक्ष्म (अणु) भन्दा पनि सूक्ष्म तथा महान भन्दा पनि महान भन्दछन्।१७। जो गुहाशय, श्रेष्ठ, पुराण पुरुष, विश्वरूप, हिरण्यमय, बुद्धिमानहरूका परम गति प्रभुलाई यसरी जान्दछन्, त्यो बुद्धिमान बुद्धिलाई पार गरेर रहन्छ ।

अध्याय ९–हे द्विजहरू ! म विश्व होइन तर मेरो अभावमा विश्व पनि विद्यमान हुँदैन । यहाँ माया निमित्त मात्र हो त्यो पनि आत्मामा आश्रित छ ।२। आदि र अन्त नभएको शक्ति स्वरूप माया अव्यक्तमा आश्रित छ । त्यसैकारण, अव्यक्तबाट यो संसार उत्पन्न भएको हो ।३। अव्यक्तलाई कारण भनिन्छ । म (आत्मा) नै आनन्द तथा अविनाशी ज्योति स्वरूप परब्रह्म हुँ । म बाहेक अरू केही छन् ।४। त्यसकारण ब्रह्मवादीहरूले मेरो विश्वरूपत्वलाई निश्चय गरेका छन् । एकता तथा

पृथक्ताका विषयमा यो उदाहरण हो ।५। हे द्विजहरू ! सनातन, परमात्मा-स्वरूप परम ब्रह्म म कारणरहित हुँ । त्यसैले, यो आत्मामा कुनै दोष हुँदैन भनिएको हो ।६।

अध्याय १०–अलिंग स्वरूप अद्वितीय अव्यक्त लिंगलाई नै ब्रह्म भनी निश्चित गरिएको छ। उनी स्वयं ज्योति परम तत्त्वस्वरूप तथा परम आकाशमा व्यवस्थित छन् ।१। विद्वानहरू ती परम पद देख्तछन् जो निर्गुण, शुद्ध, विज्ञानस्वरूप, अविनाशी तथा अव्यक्त कारणस्वरूप हुन् । २। त्यसमा निष्ठा भएका शान्त सङ्कल्पवान, तत्परायण तथा त्यसको नित्य भक्तिभाव गर्नेहरू यस परम ब्रह्मलाई साक्षात्कार गर्दछन् जसलाई श्रुतिमा "तल्लिङ्ग" अर्थात त्यसको चिह्न वा हेतु स्वरूप भनिएको छ ।३। अरू कुनै प्रकारले म (आत्मा) लाई देख्न सक्तैनन् । यस्तो कुनै ज्ञान पनि छैन जसबाट उस परम तत्त्वलाई जान्न सकियोस् ।४। विज्ञानहरू मात्र यस उत्कृष्ठ ज्ञान जान्दछन् । यस बाहेक सबै अज्ञानस्वरूप हुन् जसको कारण जगत् मायामय छ ।५। जुन निर्मल, शुद्ध, निर्विकल्प तथा अव्यय ज्ञान हो । त्यही मेरो आत्मा (मको) स्वरूप हो, विद्वानहरू यस्तो भन्दछन् ।६। जो उस परमतत्त्वलाई अनेक रूपले अनुभूति गर्दछन् तिनीहरूपनि बडो निष्ठाले अव्ययतत्त्वको बोध गरी उसै परम तत्वलाई देख्तछन् ।७। जो पुनः एक वा अनेक रूपमा परम तत्वस्वरूप ईश्वरको भक्तिद्वारा साक्षात्कार गर्दछन् सो पनि तदात्मक अर्थात ब्रह्मस्वरूप भनी जान्नु पर्दछ।८। उनिहरू वस्तुतः नित्यानन्द स्वरूप निर्विकल्प सत्यस्वरूप साक्षात पर-मेश्वरलाई आफ्नो आत्माको रूपमा देख्तछन् ।८। आफ्नो अव्यक्त, उत्कृष्ठ आत्मामा अवस्थित शान्त चित्त भएकाहरू परमतत्त्वको परमानन्द स्वरूप सर्वव्यापी तदात्मकतत्त्वलाई भज्दछन् (उपासना गर्दछन्)।१०। यही परम मुक्ति हो । विद्वान हरू यसलाई मेरो उत्तम सायुज्य (मोक्ष), निर्वाण, ब्रह्मैक्यभाव, तथा कैवल्य भनी जान्दछन् ।११। त्यसकारण, आदि मध्य तथा अन्तले रहितअद्वितीय तत्त्वस्वरूप परम शिव हुन् । उनी (शिव) महादेव ईश्वर हुन् । उनलाई जान्नाले मुक्ति मिल्दछ? ।१२। त्यहाँ (त्यस ज्ञानको अवस्थामा) सूर्य, चन्द्र, नक्षत्रगण, ताप (अग्नि) तथा बिजुलीहरूका प्रकाश हुँदैन्, उसैको (शिव अर्थात् परम ज्ञानको) प्रकाशले सबै नित्य प्रकाशित हुन्छ । त्यस नित्य प्रकाशस्वरूप अचल रूपले प्रकाशित हुन्छ ।१३। जो अति ठूलो शुद्धत्व, निर्विकल्प, ज्ञानस्वरूप तथा सँधै उदय हुने, प्रकाशित हुन्छ त्यसैमा ब्रह्मज्ञानीहरू जुन नित्य अचल तत्वको दर्शन गर्दछन् उही ईश्वर हुन् ।१४। सबै वेदहरू पुरुष (ईश्वर) लाई नित्यानन्द स्वरूप, अमृत, शुद्व तथा सत्यरूप भन्दछन् । वेदहरूद्वारा अर्थको निश्चय गर्ने (विद्वानहरू) प्रणव (ॐ)द्वारा

महाब्रह्मा उत्पन्न भए ।५। जो अन्य अनेक जीवहरू छन् ती सबै मेरै स्वरूप हुन्। तिनीहरू सबै मायाले मोहित भै म पितालाई देख्दैनन् ।६। सबै योनिहरूमा जुन भूतिहरू उत्पन्न हुन्छन् । तिनको योनि परामाया हो तथा मलाई पितृ स्वरूप जान्नू ।७। जो मलाई बीजधारी पिता स्वरूप प्रभु भनी जान्दछ उनी समस्त लोकमा धीर (आत्मस्थ) हुन्छ तथा मोहमा पर्दैन ।८। म सबै विद्याका ईशान (नियामक) प्राणीहरूका परमेश्वर ॐकार मूर्ति भवगान् तथा प्रजापति ब्रह्मा हुँ ।९। सबै प्राणीमा समान रूपले रहने तथा नष्ट हुने भित्र पनि नष्ट नहुने परमेश्वरलाई जो देख्तछ उही साक्षात्कार गर्ने अर्थात् अनुभूतिले देख्ने हुन्छ ।१०। सर्वत्र समान रूपले स्थित ईश्वरलाई समान भावले देख्नेले आफूले आफ्नो पतन गर्दैन तथा यसरी उनी परमगति प्राप्त गर्दछ ।११। सात सूक्ष्म तत्त्वहरू तथा महेश्वरका षडङ्ग (६अङ्ग) लाई जानेर प्रधान विनियोग जान्ने व्यक्ति परब्रह्ममा पुग्दछ ।१२। वा विभुका सर्वज्ञता, तृप्ति, अनादिबोध, स्वतन्त्रता, नित्य अलुप्त शक्ति तथा अनन्त शक्तिलाई महेश्वरका षडङ्ग (६अङ्ग) भनी जानेर (परम गति प्राप्त गर्दछ) ।१३। तन्मात्रा (ज्ञानेन्द्रियद्वारा हुने अनुभूति–रूप, रस, स्पर्श गन्ध र शब्द), मन तथा आत्मा (जीवात्मा) यी सातलाई सूक्ष्म तत्त्व भनिन्छ । जो हेतुरूपी प्रकृति छ उही प्रधान हुन् । उसबाट हुने बन्धनलाई नै विनियोग भनिन्छ ।१४। प्रकृतिमा लीन रहने जुन शक्ति छ उसलाई वेदमा ब्रह्मयोनि तथा कारणस्वरूप भनिएको छ । एकमात्र आदिस्वरूप परमेष्ठि सत्यरूप महेश्वर नै उसका पुरुष हुन् । १५। उनै एक पुरुष ब्रह्मा, योगी, परमात्मा, महीयान (महान्) व्योमव्यापी, वेदद्वारा जान्न योग्य, पुराणपुरुष, अद्वितीय, रुद्र, मृत्यु, अव्यक्त, एक (अद्वितीय) बीज तथा विश्वदेव हुन् ।।१६। उसैलाई कोही एक तथा कोही अनेक भन्दछन् । अरू उसैलाई एकात्मा भन्दछन् । वेदज्ञहरू उस महादेवलाई सूक्ष्म (अणु) भन्दा पनि सूक्ष्म तथा महान भन्दा पनि महान भन्दछन्।१७। जो गुहाशय, श्रेष्ठ, पुराण पुरुष, विश्वरूप, हिरण्यमय, बुद्धिमानहरूका परम गति प्रभुलाई यसरी जान्दछन्, त्यो बुद्धिमान बुद्धिलाई पार गरेर रहन्छ ।

अध्याय ९–हे द्विजहरू ! म विश्व होइन तर मेरो अभावमा विश्व पनि विद्यमान हुँदैन । यहाँ माया निमित्त मात्र हो त्यो पनि आत्मामा आश्रित छ ।२। आदि र अन्त नभएको शक्ति स्वरूप माया अव्यक्तमा आश्रित छ । त्यसैकारण, अव्यक्तबाट यो संसार उत्पन्न भएको हो ।३। अव्यक्तलाई कारण भनिन्छ । म (आत्मा) नै आनन्द तथा अविनाशी ज्योति स्वरूप परब्रह्म हुँ । म बाहेक अरू केही छन् ।४। त्यसकारण ब्रह्मवादीहरूले मेरो विश्वरूपत्वलाई निश्चय गरेका छन् । एकता तथा

पृथक्ताका विषयमा यो उदाहरण हो ।५। हे द्विजहरू ! सनातन, परमात्मा-स्वरूप परम ब्रह्म म कारणरहित हुँ । त्यसैले, यो आत्मामा कुनै दोष हुँदैन भनिएको हो ।६।

अध्याय १०–अलिंग स्वरूप अद्वितीय अव्यक्त लिंगलाई नै ब्रह्म भनी निश्चित गरिएको छ। उनी स्वयं ज्योति परम तत्त्वस्वरूप तथा परम आकाशमा व्यवस्थित छन् ।१। विद्वानहरू ती परम पद देख्तछन् जो निर्गुण, शुद्ध, विज्ञानस्वरूप, अविनाशी तथा अव्यक्त कारणस्वरूप हुन् । २। त्यसमा निष्ठा भएका शान्त सङ्कल्पवान, तत्परायण तथा त्यसको नित्य भक्तिभाव गर्नेहरू यस परम ब्रह्मलाई साक्षात्कार गर्दछन् जसलाई श्रुतिमा "तल्लिङ्ग" अर्थात त्यसको चिह्न वा हेतु स्वरूप भनिएको छ ।३। अरू कुनै प्रकारले म (आत्मा) लाई देख्न सक्तैनन् । यस्तो कुनै ज्ञान पनि छैन जसबाट उस परम तत्त्वलाई जान्न सकियोस् ।४। विज्ञानहरू मात्र यस उत्कृष्ठ ज्ञान जान्दछन् । यस बाहेक सबै अज्ञानस्वरूप हुन् जसको कारण जगत् मायामय छ ।५। जुन निर्मल, शुद्ध, निर्विकल्प तथा अव्यय ज्ञान हो । त्यही मेरो आत्मा (मको) स्वरूप हो, विद्वानहरू यस्तो भन्दछन् ।६। जो उस परमतत्त्वलाई अनेक रूपले अनुभूति गर्दछन् तिनीहरूपनि बडो निष्ठाले अव्ययतत्त्वको बोध गरी उसै परम तत्वलाई देख्तछन् ।७। जो पुनः एक वा अनेक रूपमा परम तत्वस्वरूप ईश्वरको भक्तिद्वारा साक्षात्कार गर्दछन् सो पनि तदात्मक अर्थात ब्रह्मस्वरूप भनी जान्नु पर्दछ।८। उनिहरू वस्तुतः नित्यानन्द स्वरूप निर्विकल्प सत्यस्वरूप साक्षात पर-मेश्वरलाई आफ्नो आत्माको रूपमा देख्तछन् ।८। आफ्नो अव्यक्त, उत्कृष्ठ आत्मामा अवस्थित शान्त चित्त भएकाहरू परमतत्त्वको परमानन्द स्वरूप सर्वव्यापी तदात्मकतत्त्वलाई भज्दछन् (उपासना गर्दछन्)।१०। यही परम मुक्ति हो । विद्वान हरू यसलाई मेरो उत्तम सायुज्य (मोक्ष), निर्वाण, ब्रह्मैक्यभाव, तथा कैवल्य भनी जान्दछन् ।११। त्यसकारण, आदि मध्य तथा अन्तले रहितअद्वितीय तत्त्वस्वरूप परम शिव हुन् । उनी (शिव) महादेव ईश्वर हुन् । उनलाई जान्नाले मुक्ति मिल्दछ? ।१२। त्यहाँ (त्यस ज्ञानको अवस्थामा) सूर्य, चन्द्र, नक्षत्रगण, ताप (अग्नि) तथा बिजुलीहरूका प्रकाश हुँदैन्, उसैको (शिव अर्थात् परम ज्ञानको) प्रकाशले सबै नित्य प्रकाशित हुन्छ । त्यस नित्य प्रकाशस्वरूप अचल रूपले प्रकाशित हुन्छ ।१३। जो अति ठूलो शुद्धत्व, निर्विकल्प, ज्ञानस्वरूप तथा सँधै उदय हुने, प्रकाशित हुन्छ त्यसैमा ब्रह्मज्ञानीहरू जुन नित्य अचल तत्वको दर्शन गर्दछन् उही ईश्वर हुन् ।१४। सबै वेदहरू पुरुष (ईश्वर) लाई नित्यानन्द स्वरूप, अमृत, शुद्ध तथा सत्यरूप भन्दछन् । वेदहरूद्वारा अर्थको निश्चय गर्ने (विद्वानहरू) प्रणव (ॐ)द्वारा

ईश्वरको ध्यान गर्दछन् । १५। परम आकाशको मध्यमा भूमि, जल, मन, अग्नि, प्राण वायु, आकाश, बुद्धि तथा अन्य चेतनहरू छैन, त्यहाँ केवल ईश्वर शिव नै प्रकाशित हुन्छ ।१६।

अध्याय ११– त्यसपछि योगबारे भगवान्ले भन्नु भयो–योगको तेजले चाँडै सम्पूर्ण पाप पञ्चरलाई भस्म गरिदिन्छ र साक्षात् निर्वाण सिद्धि गर्ने निर्मल ज्ञान उत्पन्न हुन्छ ।२। योगबाट ज्ञान उत्पन्न तथा ज्ञानबाट योगको प्रवृत्ति हुन्छ । योग तथा ज्ञानले युक्त हुनेसँग महेश्वर प्रसन्न हुनुहुन्छ ।४। योग दुई विधिका छन् । पहिलो अभाव योग र अर्को महायोग जुन सबै योगहरूमा उत्तम मानिएको छ । ५। जसमा सबै आभासहरू (आकार) बाट रहित भई शून्य स्वरूपको चिन्तन हुन्छ तथा जसबाट आफैलाई (आत्मालाई) देख्तछ त्यसलाई अभावयोग भनिन्छ जसमा नित्यानन्द स्वरूप निरञ्जन आत्मा तथा परमेश्वर एकै हो भनी प्रतीत हुन्छ त्यसलाई महायोग भनिन्छ ।७। हे श्रेष्ठ मुनिहरू ! अन्तवृत्तिहरूको निरोध गरी इन्द्रियहरूलाई रोकी अद्वितीय म (आत्मा) मा चित्तको एकाग्रता हुने अष्ट धातु साधनाको लागि गरिने यम, नियम, आसन, प्राणायाम, प्रत्याहार,धारणा, ध्यान, समाधिबारे बताउँदछु ।११–१२।

यम–अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य तथा अपरिग्रहलाई संक्षेपमा यमहरू भनिन्छन् । यी कुराहरू मानिसको चित्तलाई शुद्ध गर्ने हुन्।१३। मन, वाणी तथा कर्मद्वारा सर्वथा सबै प्राणीहरूमा क्लेश (खराब) भावना नराख्नुलाई अहिंसा भनी ठूला ऋषिहरूले बताएका छन् ।१४। अहिंसा भन्दा श्रेष्ठ धर्म कुनै छैन ।१५। यथार्थ कथनको व्यवहारलाई सत्य भनेका छन् ।१६। बलपूर्वक अर्काको द्रव्य (वस्तु धन) अपहरण नगर्नु अस्तेय हो ।१७। सबै अवस्थामा कर्म, मन, तथा वाणीद्वारा मैथुन (संभोग वा वीर्य स्खलन) लाई त्याग्नु ब्रह्मचर्य भनिन्छ ।१८। द्रव्य (धनमाल) को इच्छा नगर्नु वा संग्रह नगर्नुलाई अपरिग्रह भनिन्छ ।१९।

नियम–तप,(उपवास, व्रतआदि), स्वाध्याय (वेदआदिद्वारा आत्मज्ञान-सम्बन्धी अध्ययन), शौच (शारीरिक तथा मानसिक शुद्धता), सन्तोष, ईश्वर पूजा (स्तुति, स्मरण तथा पूजाद्वारा शिवमा निश्चल भक्ति गर्नु) लाई संक्षेपमा नियम भनिन्छ ।२०।

आसन–स्वस्तिकासन, पद्मासन र अर्द्धासन गरी ३ प्रकारका छन् ।३। प्राणायाम–आफ्नो देहबाट उत्पन्न हुने स्वाशवायुलाई प्राण भनिन्छ । यसको निरोध (रोक्नु)लाई आयाम भनिन्छ ।३०। यो प्राणायाम उत्तम, मध्यम तथा निम्न

भेदबाट ३ प्रकारका छन् । यही फेरि सगर्भ र अगर्भको भेदले २ प्रकारका छन् ।३१। द्वादशमात्रा (अर्थात् बाह्रपल्ट ॐ जप गरूञ्जेल प्राण (श्वाश) निरोध गर्नुलाई मन्द, चौबीस मात्राको (श्वास निरोध) लाई मध्यम तथा छत्तीस मात्राको प्राण संशोधनलाई उत्तम भनिन्छ ।३२। जपयुक्त प्राणायामलाई सगर्भ तथा विना जपको प्राणायामलाई अगर्भ भन्दछन् ।३४। वायु (श्वास) बाहिर निकाल्ने प्रक्रियालाई रेचक, प्राणवायुलाई भित्र प्रवेश गराउनु पूरक तथा श्वास बाहिर निकाल्ने या श्वास भित्र ग्रहण गर्ने दुवै प्रक्रयालाई परित्याग गरी साम्य-भावले स्थित रहनुलाई कुम्भक भनिन्छ ।३७।

प्रत्याहार–विषयमा विचरण गर्ने इन्द्रियहरूको निग्रहलाई प्रत्याहार भन्दछन्।३८।

धारणा–हृदयकमल, नाभि प्रदेश, मूर्द्धा (शिर), पर्वतमस्तक (पर्व अथवा सन्धि स्थानहरू वा जोर्नीहरू) तथा यस्तै प्रकारका अन्य स्थानहरूमा चित्त बाँध्नु-लाई धारणा भनिन्छ ।३९।

ध्यान–उपरोक्त धारणाका स्थानहरूमा चित्त स्थिरता प्राप्त गरेपछि अरू कुनै बुद्धिले संसृष्ट नभएको चित्त वृत्तिको सतत प्रवाहवलाई विद्वान्हरू ध्यान भन्दछन् ।४०।

समाधि–देशालम्बन छोडेको चित्तको एकाग्रतालाई समाधि भनिन्छ । बाह्र आयाम (मन्दप्राणायामद्वारा गरिने चित्त निरोध)लाई धारणा, बाह्र धारणा (बाह्र धारणा पर्यन्त चित्त निरोध) लाई ध्यान तथा बाह्र ध्यान (बाह्र ध्यान पर्यन्त चित्त निरोध)लाई समाधि भनिन्छ ।४२।

खराब स्थान तथा खराब समयमा योगको दर्शन (साधना) हुँदैन ।४७। नाकको अग्रभागमा अलिकति खुलेको दृष्टिलाई स्थिर गरी निर्भयतापूर्वक शान्त चित्तले मायामय जगत्लाई त्यागी आफ्नो आत्मामा स्थित देव परमेश्वरको चिन्तन गरून् ।५३–५४। शिखाको अग्रभागमा बाह्र अंगुल जतिमा धर्म स्वरूप हिरणमय परमकोशको चिन्तन गरून् अथवा अक्षर ज्योतिको चिन्तन गरून् ।५५–५७। अथवा हृदयमा परमात्मास्वरूप आत्माको चिन्तन गरून् । त्यसको मध्यमा परम-आकाश हुनेछ । सो ओंकार बोध हुने शाश्वत तत्वलाई अच्युत शिव भनिन्छ । यो अव्यक्त प्रकृतिमा लीन उत्कृष्टज्योति परमतत्त्व, आत्माको आधार, निरञ्जन महेश्वरलाई तन्मयतापूर्वक नित्य ध्यान गरून् ।६३।

पशु–पाशबाट मुक्ति हुने यो पाशुपत योग श्रुति अनुसार सबै वेदान्तको सार-स्वरूप तथा सबै आश्रममा श्रेष्ठ हुन् ।६७। ब्रह्मचर्य, अहिंसा, क्षमा, शौच (शुद्धता),

तप, दम, सन्तोष, सत्य तथा आस्तिकता यी सबै व्रतका विशेष अङ्ग हुन् । ६९। अतः यी आत्मगुण भएकाले मेरो (मैले बताएको) व्रत धारण गर्न सक्तछन्।७०। राग, भय र क्रोध नभएकाहरू मलाई आफू ठान्ने (मन्मय) हरू तथा अरू धेरै मेरा आश्रितहरू यो योगद्वारा मेरो भावनामा आई पवित्र भएका छन् ।७१। जो जसरी मलाई (ईश्वरलाई) पाउन खोज्दछन् तिनीहरूलाई उसैगरी म स्वीकार गर्दछु । अतः ज्ञानयोगद्वारा अथवा भक्तियोगद्वारा मपरमेश्वरलाई आराधना गरून्। तर परम वैराग्य तथा बोधयुक्त चित्तद्वारा शुद्धपूर्वक पूजा गरून् । सबै कर्महरू त्यागी भिक्षाद्वारा प्राप्त आहार ग्रहण गर्ने निष्परिग्रह (केही पनि संग्रह नगर्ने) ले मेरो सायुज्य (मोक्ष ज्ञान) पाउँदछ ७२–७४ ।

सबै प्राणीहरूसँग द्वेष नराख्ने, मैत्री गर्ने, करुणायुक्त तथा निर्मम (मेरो भन्ने राग नभएको) जो मेरो निरहङ्कारी भक्त छ उही मलाई प्रिय हुन्छ ।७६। जसको कारण लोक उद्विग्न हुँदैन तथा जो लोकसँग उद्विग्न हुँदैन र जो हर्ष, अहर्ष (विस्मात) तथा भयबाट हुने उद्वेगबाट मुक्त हुन्छ उही मलाई प्रिय हुन्छ ।७७। कुनै अपेक्षा नराख्ने, पवित्र, दक्ष, उदास, कष्ट परवाह नगर्ने र सबै प्रकारको आरम्भ (प्रवृत्त) त्याग्ने भक्तिमान् मलाई प्रिय छ ।७८। निन्दा र स्तुतिमा समान भाव राख्ने, मौन रहने, जे छ त्यसैमा सन्तोष हुने, घरबार रहित तथा स्थिरमति भएका मेरो भक्तले मलाई पाउँदछ । सधैं सबै आफ्ना कामहरू गरी चित्तबाट सबै कर्म ममा अर्पित गरी आशा र ममता नराखी मत्परायण हुने व्यक्ति पनि मेरो प्रसादले शाश्वत परमपद पाउँदछ ।८०।८१। आश्रय रहित तर सधैं तृप्त व्यक्ति कर्मफलको आशा छोडेर कर्ममा नै लागिरहे पनि त्यस कर्मले बन्धनमा पार्दैन ।८२। त्यसै प्राप्त हुने (वस्तु) ले तृप्त हुने (व्यक्ति) र द्वन्द (सुखदुःखको द्वन्द) बाट टाढा हुने व्यक्तिद्वारा मेरो प्रसाद (प्रसन्नता) को लागि गरेको कर्मले संसार (सुखदुःखको बन्धन) नाश गर्दछ ।८५। म सधैं योगले युक्त पुरुषहरूको कर्मानुसारको माया तथा तमोगुणलाई ज्ञान दीपले भासिदिन्छु ।८७। मेरो बोध भएका जो मानिसहरू मलाई चित्त लगाई पूजा गर्दछन् तिनीहरूको योगक्षेमको पनि निर्वाह गर्दछु ।८८। अरू मानिसहरू जो इच्छा भोगको लागि अन्य देवताहरूको आराधना गर्दछन् उनीहरूलाई त्यही अनुसारको फल हुनेछ कारण देवता अनुसारकै फल मिल्दछ ।८९। तर अरू देवता-हरूका भक्तहरू पनि मेरो भावनाले युक्त भई (आफ्ना) देवताहरूलाई पूजा गर्दछन् भने तिनीहरू पनि मुक्त हुन्छन् ।९०।

सम्पूर्ण जगत् लिङ्गमय (ईश्वरको प्रतीक स्वरूप) हुन् र सबै (संसार) लिङ्ग (ईश्वरको प्रतीक) मा नै प्रतिष्ठित छ । त्यसकारण जहाँसुकै पनि ईश्वरको प्रतीक

स्वरूप खडा गरिएको लिङ्गमा शाश्वत ईश्वरलाई आराधना गर्नुपर्दछ।९७। जसलाई विज्ञान (ब्रह्मज्ञान) उत्पन्न भएको छ उसले प्रितिपूर्वक जीवन भर वैराग्य युक्त भई (एकाग्र भई) ब्रह्मको शरीरस्वरूप प्रणवको जप गर्नु पर्दछ।९९। यी नारायण पनि म ईश्वर नै हुन् यसमा शङ्का छैन। जो मनुष्य हामी दुईमा फरक देख्तैन उनीहरूलाई यो परम ज्ञान प्रदान गर्नुपर्दछ।१११।

शङ्करद्वारा सोमलाई श्राप हुनु

मत्स्य पुराण, पद्म पुराण र नेपाल महात्म्यमा वर्णन भए अनुसार पहिले सत्ययुगमा सबै विद्यामा विशारद समेत भएका सोम (अत्रि मुनिका छोरा) नामक राजाले एकदिन वृहस्पति (गुरु) लाई बोलाएर राजसूययज्ञ गर्ने इच्छा प्रकट गरे। अनि ठूलो विधिद्वारा सो राजसूययज्ञ पूरा गरे। त्यसपछि अवभृत (यज्ञ समाप्तिमा गर्ने स्नान) शुरू गरी अनेक मन्त्रहरू सहित सुनका घडाहरूद्वारा सोमले स्नान गरे। स्नानको अन्त्यमा गुरुकी राम्री पत्नी तारालाई देखेर उनलाई वासना उत्पन्न भयो। तारा पनि सोमसँग मोहित भइन्। त्यसपछि गुरुकै अगाडि सोमले तारालाई लिई अन्तपुर (दरबार) मा पसे। यसबाट त्यहाँ ठूलो हाहाकार भयो। दुःखले पिरिएका गुरुले त्यहाँ उपस्थित सुरनाथ इन्द्रलाई गुहारे। तर सोमको डरले त्यहाँ कसैले पनि बोल्न सकेन। यसरी सबै देवता, दैत्य तथा मानिसहरू सोमदेखि डराएको देखेर महादेव शङ्कर खडा भई बोल्नु भयो–धिक्कार छ देवताको यस सभालाई, धिक्कार छ देवताहरूको पराक्रमलाई पनि। सबै सुरहरूलाई र दानव राजहरूलाई समेत अवहेलना गरी तथा विष्णुलाई र मलाई पनि अनादर गरी दुष्ट बुद्धि भएको सोमले राजसूययज्ञ गरेर पनि ब्राह्मणको धर्मपत्नी विशेष गरी आफ्नै गुरुकी पत्नीलाई हर्नुत ज्यादै छोटो हुनु हो। अतः म सोमसँग युद्ध गरी गुरुको आँसु पुछ्ने छु। त्यसपछि शङ्करले धेरै दिनसम्म युद्ध गरी सोमलाई रौद्रास्त्रले बाँध्नु भयो। त्यो देखेर ब्रह्माले सोमले तारा फिर्ता दिनेछ भनेपछि भगवान् शङ्करले सोमलाई छाड्नु भयो। तर त्यस समयसम्ममा ताराबाट सोमको औरस छोरा (आफ्नो तर्फबाट भएको छोरा) जन्मिसकेको थियो। शङ्करदेखि डराई सोमले तारालाई ल्याए। अनि गुरुले तारा लिए र औरस छोरा सोमले लिए। त्यसपछि शङ्करले–त्यो दुष्ट बुद्धि भएको सोमले गुरुकी पत्नी हर्‍यो। यस महापापले युक्त भएको उसलाई यज्ञको भाग नमिलोस् र उनी राजयक्ष्मा

रोगले क्षीण होस् । तथा सबै देवताहरूले बहिस्कार गरिएको होस् भनी श्राप दिनु भयो र त्यहाँबाट कैलाशतर्फ जानु भयो । त्यसपछि राजा सोम प्रायश्चित गर्दै आफ्नो पाप मोचन गर्न विभिन्न तीर्थहरू घुम्दै अगस्त्य मुनिको आश्रममा गए । अगस्त्य मुनिले पनि उनलाई स्लेशमान्तक वनमा लगी पशुपतिको आराधना गराए। यसबाट सोम शुद्ध भई शङ्खमूलमा आएर ती मुनिलाई बताए । त्यसपछि अगस्त्य मुनिले कुम्भेश्वरको लिङ्ग तथा सोमले सोमेश्वरको लिङ्ग स्थापना गरी आफ्नो देशतर्फ फर्के ।

त्रिपुर संहार

मत्स्य पुराण (१२९ औं देखि १४० औं अध्याय) अनुसार मय नामक एक महान् असुर सुरहरूद्वारा पराजित भएपछि घोर तपस्यामा लागे जसमा विद्युत्मालि र तारकाक्षले पनि साथ दिए । तपस्यादेखि पितामह (ब्रह्मा) संतुष्ट भएकोले मय हर्षले उत्फुल्ल हुँदै ती ब्रह्मासँग बिन्ती गरे– हे देव ! देवताहरूले दैत्यहरूलाई हराई कैयौंलाई मारिदिए कैयौंलाई घायर पारे । हामी अत्यन्त भयभीत भै भागेर गयौं । हामी शारणार्थीहरूलाई कसैले शरण दिएन । अतः म आफ्नो तपस्याको प्रभावले एउटा यस्तो त्रिपुर दुर्ग (गढ) निर्माण गर्न चाहन्छु। जसले एकैपल्ट छोडेको वाणले यस त्रिपुर दुर्गलाई जलाउँछ उसैले हामीलाई युद्ध स्थलमा मार्न सकून् अरूबाट हामी अवध्य होस् । मयको यस्तो स्वप्नवत् इच्छा देखेर ब्रह्माले तथास्तु भनेर वरदान दिनुभयो । सो वरदान पाई मयले सय-सय योजनमा तीनवटा शहरहरू पुष्यनक्षत्रमा निर्माण गर्न लगायो । यी पुरहरू एक फलामद्वारा दोस्रो चाँदीद्वारा तथा तेस्रो सुनद्वारा तयार गरिएको थियो । तारकाक्ष फलामको, विद्युतमाली चाँदीको तथा मय सुवर्णको पुर रक्षा गरी बस्ने व्यवस्था गरियो । मयको आज्ञाले दैत्यहरू त्रिपुरमा आई बस्न आए र सुखपूर्वक जीवन निर्वाह गर्न लागे । यसरी त्रिपुरवासी दैत्यहरू धर्म, अर्थ र कामको साधक बनी परस्पर प्रेमपूर्वक त्यहाँ निवास गर्दथे र स्वर्गको सुख प्राप्त गर्दथे । तिनीहरू मन्दिरमा शिवको अर्चना गर्दथे तथा ब्राह्मणको आदर गर्दथे र स्वर्गको सुख प्राप्त गर्दथे । तर समय बितेपछि त्रिपुरमा दुर्गुण प्रवेश भयो। मयले पनि दितीका सन्तान ती दैत्यहरूलाई बोलाई भने– अरूको असूया (निन्दा) नगर्नू, काम, क्रोध, इर्ष्या, असूया आदि दुर्गुणहरू त्यागी सत्य, दम (विकारको

दमन), धर्म र मुनिमार्गको आश्रय लिनू । शान्तिदायक अनुष्ठानको प्रयोग गर्नू र महेश्वरको पूजा गर्नू । त्रिनेत्रधारी भगवान् रुद्र निश्चय नै हामीसँग रिसाउनु भएको छ ।

मयको भाषण सुनेर तिनीहरू शान्त भएनन्, झन् क्रोध र इर्ष्याको वशीभूत भई सत्य र धर्मको परित्याग गरी निन्द्य कर्ममा प्रवृत्त भए । तिनीहरू गुरूजनलाई नमान्ने तथा ब्राह्मणसंग पनि द्वेष गर्ने भए । देवताको अर्चना पनि छोडिदिए । कलहमा प्रवृत्त भै धर्मको उपहास गर्दै म नै ठूलो भन्ने भए । तिनीहरू आचारहीन हुँदै गएर स्त्रीसहवास गर्दा शरीर शुद्ध गर्ने काम पनि छोडिदिए र गोपनीय कार्यमा पनि निर्लज्ज हुन थाले । मदले पहिलेको सुशीलपन छोडी क्रूर बन्दै गए तथा देवता, ज्ञानी, तपस्वीलाई कष्ट दिएर तिनीहरूको निवास र वन विध्वंस गर्न थाले । यसरी तिनीहरूबाट भयभीत भएका देवगणहरू संगठित भई ब्रह्माकहाँ शरण लिन गए । ब्रह्माले भन्नु भयो– मैले मयलाई वरदान दिएको थिएँ । अब एकै वाणले प्रहार गरी त्रिपुर नष्ट गर्ने देवाधिदेव शङ्कर बाहेक अरू कोही हुनुहुन्न । उहाँ कहाँ नै जाऔं । त्यसपछि सबै देवगण भगवान् शङ्करकहाँ गई प्रार्थना गर्न गए ।

देवाधिदेवले भन्नु भयो– म सदा तपाईहरूको कल्याण नै गर्दछु । अतः म त्यस त्रिपुरलाई जलाई दिउँला । तपाईहरू मेरो लागि समस्त साधनले युक्त रथ सुसज्जित गर्नुहोस् । रथ तयार भएपछि सारथिको लागि स्वयं ब्रह्मा नै तयार हुनु भयो । अनि शङ्कर रथमा सवार भएर प्रथमगणको साथै त्रिपुरतिर बढ्नु भयो । यता मयले पनि दनु-पुत्र दानवहरूलाई बोलाई देवगण युद्ध गर्न आइरहेछन्, आवश्यक शस्त्र अस्त्र लिई अघि बढ भनी उत्साहित गरे । त्यसपछि मय चाँदी समान निर्मल भावले भगवान् शिवको पूजा गरी ध्यानयुक्त भए । शङ्करको तेस्रो आँखामा प्रकाश भएको हुँदा यसरी मय दानव शरणागत भई अभय पद प्राप्त गर्न चाहेको कुरा शङ्करलाई ध्यानद्वारा ज्ञात हुन गयो र मयलाई अभयदान दिने विचार भयो । त्यसपछि इलावृत्त भन्ने स्थानमा भगवान् रुद्रको आज्ञा सहित देवराज इन्द्र त्रिपुर जित्न अगाडि बढे । दानवहरू पनि युद्ध गर्न दुर्गबाट बाहिर आए । दुवै थरी बीच घमासान युद्ध भयो । विद्युत्मालीको प्रहारबाट नन्दीश्वर विशेष रूपले घायल हुन गए । तर नन्दीश्वरले पनि विद्युतमालीमाथि वज्रद्वारा हमला गर्दा विद्युतमाली त्यहीं ढल्यो । दानवहरू सो देखेर चीत्कार गर्न थाले । मयले अमृत बनाई मरेका विद्युत्माली र अन्य दानवहरूलाई जीवित पारे । विद्युत्माली उठेर पुनः युद्ध गर्न उत्साहित भयो । फेरि दुवैमा घमासान

युद्ध भयो। दानवहरू फेरि बाँचेर युद्ध गर्न आएको शंकुकर्णले चाल पाई तुरुन्त शङ्करकहाँ गई सूचना गर्‍यो। अनि भगवान् विष्णुले आफ्नो चक्रद्वारा दानवहरूलाई मार्दै त्रिपुरभित्र पसेर त्यहाँ राखिएको मयको अमृत सबै पिउन् भयो। त्यसबाट देवगणहरूद्वारा दानवहरू मारिन थाले। यस्तैमा मयले सबै दानवहरूलाई सम्बोधन गर्दै भने– दैत्यवीरहरू ! तिमीहरूले देवसेना सहित प्रथमगणसंग भयंकर युद्ध गरी उनीहरूलाई कमजोर पारेका थियौं तर पछि उनीहरूद्वारा पीडित भै हामीहरू भयले यहाँ भागेर आयौं। निःसन्देह कालको बल महान् छ। यो काललाई कुनै प्रकारले पनि जित्न सकिन्न। कालकै प्रभावले त्रिपुर जस्तो दुर्गमा यो अवरोध उत्पन्न भएको छ। मयको यस प्रकारको विषादपूर्ण कुरा सुनी सबै दानवहरू निस्तेज भए। मयले भने– मैले बनाएको अमृत पनि कसैले पिइदिएछ– भने अब निश्चय छ कि हामी नष्ट भयौं। यसपछि मय तारकाक्षको साथमा सेना सहित सागरतर्फ लागेको शङ्करले देखी ब्रह्मा र इन्द्रलाई अघि बढ्ने आज्ञा भयो। सागरको छेउ आइपुगेपछि फेरि देवगण र दानवगणले घमासान युद्ध गरे। यसैबीच नन्दीकेश्वरले तारकाक्षलाई यज्ञोपवीत मार्गद्वारा अर्थात् तारकाक्षको जनै लगाउने अंग बायाँ कांधदेखि दाहिने कोखसम्मको शरीर काटेर ढालिदियो। त्यसपछि मय र विद्युन्माली दुबैले देवगणमाथि आक्रमण गर्न थाले। भयभीत दानवहरूलाई सान्त्वना दिंदै मयले भने– जुन समयमा चन्द्रमा पुष्यनक्षत्रसंग समन्वित हुन्छ त्यसै समय तीनै पुर एकैमा मिल्नेछन्। जसले यो समय जानी एक सुदृढ वाणले त्रिपुरलाई हान्दछ उसले त्रिपुर ध्वस्त गर्न सक्तछ। यो कार्य भगवान् रुद्र बाहेक अरूले गर्न सक्तैनन्। अतः तिमीहरूले शङ्करको रथलाई पूरा शक्तिले विमुख गरी दिनु। दानवहरू पनि सो आज्ञा अनुसार रुद्रको रथ रोक्ने प्रयासमा लागे। सो दिन साँझ पर्‍यो। भोलिपल्ट दानवहरूले इन्द्रमाथि प्रहार गर्न लागे तर नन्दीकेश्वरले विद्युत्मालीको छातीमा प्रहार गरी हृदय नै विदीर्ण पारिदिए। विद्युत्माली मरेपछि मयले रुद्रका प्रथमगणमाथि हमला गरे। यसै समयमा पुष्ययोगको बेला आइपुग्यो र त्रिपुरका ती तीनवटै नगरहरू संयुक्त भए। त्रिनेत्रधारी भगवान् शङ्करले पनि त्रिपुरमाथि वाण छोड्दै नन्दीकेश्वरलाई भन्नु भयो– आज मेरो भक्त त्यो मय पनि नष्ट हुने भयो। यो सुनी नन्दीकेश्वरले दौडेर गई मयलाई भन्यो– त्रिपुर ध्वस्त हुने बेला भयो, तपाईं तुरुन्त यहाँबाट भागेर जानु होस्। त्यसपछि महेश्वरभक्त मय त्यहाँबाट भाग्दै गए। अनि शङ्करको वाणद्वारा त्रिपुर जलेर नष्ट भयो। यसबाट मयको मन खिन्न भयो र शक्तिहीन भएकोले अन्त चल्न सकेन। तर भक्तवत्सल शङ्करले त्यसपछि मयको लागि एक उत्तम पुर र घर निर्माण गराई दिनु भयो।

शंखचूड—बध

शिवपुराणको रूद्र संहिताको युद्ध खण्डमा शंकर—शंखचूड युद्धको वर्णन उल्लेख छ जसको सारांश यस प्रकार छ— एकपटक शंखचूडले दानवेश्वर नामक आफ्नो दूतलाई भगवान् शंकरकहाँ दानव—देवताको युद्धमा शंकरले पक्ष नलेउन भन्न पठायो । शंखचूडका दूत दानवेश्वरको कुरा सुनी शंकरले भन्नुभयो— हे महापण्डित दूत, मेरो सन्देश सावधानीसाथ सुन र आफ्नो स्वामीलाई विचार-पूर्वक बताई दिनू । देव तथा दानवका पुर्खा (कश्यपवंश) एकै हुन् । यो कुरालाई बुझेर दानवहरूले देवताहरूसंग वैमनस्य त्यागी उनीहरूको राज्य फिर्ता गरिदिनू र तिमीहरू आफ्नै राज्यमा सुखपूर्वक बस्नू, देवताहरू पनि आफ्नैमा स्थित रहुन् । यसैमा दुबै थरीको कल्याण छ । यसपछि दूतले शंखचूडद्वारा सम्झाएर ल्याएका तर्कहरू नम्रतापूर्वक पेश गर्दै निवेदन गऱ्यो— हे देव, तपाईले भन्नु भएका सबै सत्य हुन् । आफ्नो जातिसित द्रोह गर्नु एक महान् पाप हो । तर यो कुरा हामी असुरहरूको लागि मात्र लाग्ने हो कि सुरहरूलाई पनि लाग्ने हो ? देवताहरूद्वारा दानवहरू अर्थात् मधुकैटभ किन मारियो ? किन त्रिपुरासुरलाई भस्म गरियो ? किन राजा बलिको सबै हरण गरी उसलाई पाताल पठाइयो ? किन हिराण्याक्ष मारियो ? किन शुम्भ आदि महाबली दानवहरू मारिए ? समुद्र मन्थनका महाप्रयासमा देवताहरूले नै अमृत पिई किन त्यस श्रमको फल भोगेको ? यो सारा विश्व कालको एक खेलौना मात्र हो । परमात्मास्वरूप यस कालले जुनबेला जसलाई जे दिन्छ त्यो ऐश्वर्य उसलाई प्राप्त हुन्छ । अतः देवता र दानवहरूको बीच हुने युद्धमा तपाई नमुछिनुपर्ने । तपाई त देव र दानव दुवैका स्वामी हुनुहुन्छ । तपाई जस्तो महात्माले पनि हाम्रो साथमा वैरभाव गर्नु लाजको कुरा हुन आउँदछ । युद्धमा हुने लाभ र हानिको कुरा तपाई जस्ताको स्वरूपबाट विपरीत कुरा हो ।

दानवेश्वरको वचन सुनी शंकरले हाँस्दै भन्नुभयो— म सदा भक्तजनको अधीन रहन्छु । म कहिले पनि कसैलाई पक्षपात गर्दिन । ब्रह्माको प्रार्थना सुनेर विष्णु भगवान्‌ले मधुकैटभसंग युद्ध गर्नुभयो । देवताका दीन प्रार्थनाले नै भक्त प्रल्हादको रक्षाको लागि भगवान् विष्णुले सिंहको स्वरूपद्वारा हिरण्यकशिपुको वध गर्नु-भयो । मैले पनि देवगणकै अतिशय भक्ति र प्राथनाले गर्दा त्रिपुरासुरको संहार गरें । अहिले पनि सबै देवजन मेरै शरणमा आउनु भएको छ । हे दूत ! सबैले प्रार्थना गरेकोले नै म तिनीहरूको तर्फबाट संग्राममा भाग लिन तयार भएको हुँ । कारण म देवकार्य पूरा गर्नको लागि नै आएको हुँ । अतः तिमी यहाँबाट

गई शंखचूडलाई सबै बताई उसको जे इच्छा छ सो गर्नु भनी भनिदिनु । शंखचूडको दूत पनि त्यहाँबाट फर्की आफ्ना स्वामीकहाँ गएर सबै कुरा सुनाए । त्यसपछि दानवराज शंखचूडले युद्ध गर्ने निर्णय गरेकोले देव तथा दानवहरू आपसमा घोर धर्मयुद्ध गर्न थाले । यसमा पालैसंग नन्दीश्वर, स्कन्दकुमार, वीरभद्र, काली लगायत सबै शंकरका गणहरू देवताहरूसँग लागी दानवहरूसँग युद्ध गर्न प्रवृत्त भए । आखिर कालीको मुड्कीले शंखचूड मूर्छा भयो । त्यसपछि शंकर आफ्ना गणहरू भैरव र क्षेत्रपालकासाथ युद्धभूमिमा जानुभयो । भगवान् शंकर युद्धस्थलमा आउनु भएको देखि मूर्छाबाट उठेको शंखचूड नजीक आई परम श्रद्धा भक्तिको भावनाले शिर निहुराई प्रणाम गऱ्यो र धनुषवाण हातमा लिई युद्ध गर्न तयार भयो । दुष्टलाई दण्ड तथा सज्जनलाई उद्धार गर्ने विरूपाक्ष शंकरले वाणद्वारा दानवको अङ्गमा प्रहार गर्नुभयो र क्रमशः उसको धनुष, तलवार, गदा आदि सबै अस्त्रहरू ध्वस्त पारिदिनुभयो । यसबाट शंखचूड मूर्छा भएको थियो पछि होस आएर मायाजाल-द्वारा युद्ध गर्न लाग्यो । सो देखेर शंकरले महान् दिव्य महेश्वर अस्त्रको प्रयोग गरी उसको सारा माया नष्ट पारिदिनुभयो । अनि शंकरले त्रिशूलद्वारा शंखचूडको मस्तकमा प्रहार गरेपछि दानवराज भस्मीभूत भयो । भगवान् शंकरको कृपाबाट ऊ पाप विमुक्त भई आफ्नो स्वरूपमा स्थित भयो । शंखचूडको अस्थिबाट शंखको उद्भव हुन गएकोले शंखको जल शंकर शिवलाई न चढाउने गरेको भनिन्छ । यस प्रकार शंखचूडको वध पछि भगवान् शंकर आफ्नो गणसहित आफ्नो स्थानमा फर्कनुभयो ।

ब्रह्मको शक्ति बोध गराउनु

दानवहरूको हार भएपछि देवताहरूको अहंकार वृद्धि हुन गयो । सो कुरा केनोपनिषद्को तृतीय खण्डमा पनि उल्लेख गरिएको छ जुन यस प्रकार छ– ब्रह्मले (परमात्मा शिव) नै देवताहरूको लागि विजय प्राप्त गरेको थियो । तर त्यस विजयमा इन्द्रादि देवताहरूले आफ्नो महत्व बढाई अभिमान गरे । उनीहरूले सम्झे कि यो उनीहरूकै विजय हो । अनि ईश्वरले यी देवताहरूलाई जाने अर्थात् भगवान् शंकरले उनीहरूको अभिमान बढेको थाहा पाए । त्यसपछि भगवान् शंकर देवताहरूको अभिमान नष्ट गर्ने उद्देश्यले यक्षको रूपमा उनीहरूको सामुन्ने प्रादुर्भाव हुनुभयो । त्यो दिव्य यक्षलाई देखेर उनी को हुन् ? उनीहरूलाई

थाहा भएन । कूतुहल भएका देवताहरूले त्यसपछि महात्मा अग्निलाई भने– हे जातवेदा ! (जन्मेदेखि नै जे पनि थाहा पाउने) यो यक्ष को हो ? तपाईं पत्ता लगाउनुहोस् । बुद्धिशक्तिको गर्व हुने अग्नि नामक देवता पनि हुन्छ भनी ती यक्षको समीपमा गए । यसरी आफ्नो समक्ष आएका उनलाई देखेर यक्षले तपाई को हुनुहुन्छ ? भनी सोध्यो । महात्मा अग्निले म अग्नि नामक देवता हुँ र म नै जातवेदा भनी प्रसिद्ध छु तथा पृथ्वीमा यी जे छन् ती सबै नष्ट गर्न सक्तछु भनी जवाफ दिए । त्यसपछि यक्षले एक टुक्रा घाँस सामुन्ने राखेर यस घाँसलाई जलाउनु होस् त भन्यो । ती महातमा अग्निले पनि आफ्नो शक्ति लगाई त्यस घाँसलाई डढाउन खोजे तर समर्थ हुन सकेन र उनी त्यहाँबाट फर्केर गई देवताहरूलाई भने– खोई यसलाई जान्न सकिएन । यो यक्षको को रहेछ आखिर !

त्यसपछि देवताहरूले वायु नामक देवतालाई यो यक्ष को हो ? पत्ता लगाउन पठाए । ती वायुलाई पनि यक्षले तपाई को हुनुहुन्छ भनी सोध्यो । वायु देवताले पनि म वायु नामक देवता मातरिक्षा नामले प्रसिद्ध छु । म पृथ्वीका सबै कुरा उडाउन सक्तछु भने । त्यसपछि यक्षले अगाडि एक टुक्रा घाँस राखी यसलाई उडाउनुस् त भन्यो । तर वायुले भएभरको बल लगाउँदा पनि सो घाँसलाई उडाउन सकेनन् । उनले पनि फर्केर गई यसलाई त जान्न सकिएन भनी देवताहरूलाई बताए । त्यसपछि देवताहरूले इन्द्रलाई नै पठाए। आफूतिर इन्द्र आएको देखेर सो यक्ष त्यहाँबाट गई विलायो । अर्थात् देवताहरूमा इन्द्र बढी अभिमानी थिए अतः उनलाई ब्रह्मशक्तिको ज्ञान दिन बढी आवश्यक भएकोले उसंग कुरा नै नगरी यक्षरूप शंकर अन्तर्ध्यान हुनुभयो । त्यसपछि इन्द्रलाई आश्चर्य भई (सो यक्ष कहाँ गयो ? भनी) त्यसै दिशातिर जाँदा अति सुन्दरी स्त्री हेमवती उमा (पार्वती) भए ठाउँ आइपुगे । तिनलाई देखी इन्द्रले सोधे– हे देवी ! यो जाने यक्ष को रहेछ ! पार्वतीले पनि स्पष्ट उत्तर दिइन्– यी त ब्रह्म (परमेश्वर शिव) हुन् । उनै ब्रह्म परमात्माको विजयमा तिमीहरू आफ्नो महिमा मान्दछौ अर्थात् तिमीहरू आफैंले विजय गरेको सम्झन्छौ । पार्वतीको त्यस्तो कुराले नै इन्द्रलाई निश्चयपूर्वक बोध हुन गयो कि (ती यक्ष) ब्रह्म नै रहेछन् । अर्थात् ब्रह्म (ईश्वर शंकर) यक्षको भेषमा उपस्थित भई अग्नि र वायु नामक देवताहरूको साथै म इन्द्रको गर्व तोडेर ब्रह्म-शक्तिको बोध गराउन पार्वतीलाई यहाँ उपस्थित गराउनु भएको रहेछ ।

शङ्कर (रुद्र) को प्रादुर्भाव र अन्तर्ध्यान
–एक अध्ययन

यो किताबको दोस्रो भागमा देवता रुद्रबारे विविध कुराहरूको चर्चा गरियो। यसमा खासगरी ती रुद्र भगवान् यस संसारमा उत्पन्न हुनु भएको वर्णनदेखि लिएर उहाँले यस जगत्मा गर्नु भएका विभिन्न क्रियाकलापहरू, विभिन्न उपदेशहरू तथा उहाँ कसरी तमोगुणबाट रजोगुण र रजोगुणबाट सत्वगुणमा परिष्कृत हुँदै गएर पछि गुणातीत हुँदै किन देवताहरूलाई पनि छोडेर अन्तरध्यान भएर जानु भयो यसको पनि सरसरती वर्णन गरियो। पहिलो वर्णन–शिव रुद्र नामले प्रादुर्भाव हुनु तथा शिवद्वारा गरिएको पूर्व जन्मको र भविष्यको वर्णन अलौकिक हुनाले यी वर्णनहरूको विशेषता अर्कै देखिन्छ तथापि यसबारे केही कुरा लेख्नु आवश्यक देखिन्छ ।

पहिलो वर्णनमा शिवपुराण अनुसार दानवहरूको विरुद्ध देवताहरूलाई सहयोग गर्न शिव रुद्र नामले यस संसारमा प्रादुर्भाव हुनु भएको कुरा उल्लेख छ। जगत् संचालन कर्ता महेश्वर पनि उही, सृष्टि शक्ति ब्रह्मा, स्थिति शक्ति विष्णु तथा लय शक्ति रुद्र पनि उही, त्यस्तै भोग गर्ने जीवात्मा पनि उही, भोग्य प्रकृति पनि उही, भोगबाट अलग हुने द्रष्टा पुरुष पनि उही परम आत्मा परम तत्व शिव हुन्– यसरी सबै कुरा शिव हुन् भने अथवा सबै प्राणी शिव हुन् सबै वस्तु शिव हुन् भने ती शिव संसारमा छुट्टै अवतरण हुनु पर्ने किन ? भन्ने जिज्ञासा उठ्न सक्छ। जगत्मा जब तमोगुणको प्रकोप वृद्धि हुन्छ ईश्वर सो नाश गर्न अवतरित हुन्छ भन्ने सनातन विश्वास पहिलेदेखि चलेर आएको हो । यसरी परमात्मा, परमतत्व स्वयं पुरुषको रूपमा अवतरित हुने कुरा सत्य हो होइन यो आ-आफ्नो विचार हो। किनभने यो एउटा विश्वास हो । विश्वास नै सत्य होइन । विश्वास परिवर्तन हुन

सक्छ । सत्य परिवतन हुँदैन । अतः सत्य भन्न कुरा विश्वास तथा मनबाट भिन्न कुरा हुन् । तर यो मान्नु पर्दछ कि यो जगत् नै त्रिगुणात्मक प्रकृतिको उपज हो । अतः यहाँ सत्व, रज र तम यी तीन गुणहरू चलिरहेको हुन्छ । जुन समयमा सत्व गुणको प्रभाव बढेको हुन्छ त्यसै बेला सत्य युग, जुन समयमा रजोगुणको प्रभाव बढेको हुन्छ त्यसबेला त्रेता तथा जुन बखत रजोगुण र तमोगुणको प्रभुत्व बढेको हुन्छ त्यो बेला द्वापर र जुनबेला तमोगुण व्याप्त भएर आउँछ त्यो बेलालाई कलियुग भनिन्छ । अतः यी गुणहरू तलमाथि भैरहन्छन् र एकले अर्कोमाथि प्रभाव जमाउने गर्दछ । यसरी गुणको प्रभाव बदलिरहनु पनि स्वभाव नै हो अर्थात् प्रकृति हो ।

यथार्थमा सबै जड कुराको आत्मा प्रकृति हुन् भने चेतन (जीव)को आत्मा पुरुष हुन् । अनि प्रकृति र पुरुष दुवैका आत्मा परम पुरुष महेश्वर हुन् भने महेश्वरका पनि आत्मा सदाशिव परम तत्व ब्रह्म हुन् । अतः ब्रह्मलाई परम आत्मा भनियो । परम तत्वलाई सबै विश्वास गर्दछन् । केवल परम तत्वको नाम फरक हुन्छ । ती परम तत्वलाई कोही ईश्वर, कोही आत्मा, कोही ब्रह्म, कोही प्रकृति तथा कोही आदिप्रकृति र कोही परमाणु तथा कोही शून्य पनि भन्दछन् । परम तत्व के हो, परम पुरुष को हुन्, प्रकृति के हुन् तथा पुरुष को हो यसबारे फरक फरक दर्शन तथा मार्गहरू हुन सक्छन् । वास्तवमा त्यो परम तत्व जसले जगत् धारण गर्दछ त्यही धर्म हो । धारण गरिएकोले नै धर्म भनिएको मानिन्छ । धर्म एकै हो यसलाई जान्ने मार्गहरू फरक फरक हुन् । यस्ता मार्गहरू मध्ये एक प्रमुख मार्ग शिवमार्ग हो । शिवमार्गको धर्म-दर्शनमा परम तत्वलाई सदाशिव ब्रह्म तथा परम पुरुषलाई महेश्वर नाम दिइएको छ । महेश्वर भन्नाले यहाँ ती परम आत्मा परम तत्व ब्रह्म कर्ताको रूपमा आउँदछ । अर्थात् निर्गुण निराकार परमतत्वबाट उत्पन्न सगुण निराकार तत्व नै महेश्वर हुन् । महेश्वरबाटै अनि पराशक्ति (चेतन पुरुष) तथा अपराशक्ति (जड प्रकृति) उत्पन्न भयो जसबाट संसारमा नानाकिसिमका पदार्थहरू लगायत प्राणीहरू (स्थावरजङ्गम) पनि उत्पन्न भए ।

खासगरी निर्गुण निराकार शिवका सगुण निराकार स्वरूप महेश्वरका दुई शक्तिहरू पराप्रकृति (चेतन) र अपराप्रकृति(जड)द्वारा रचित यो संसारको त्रिगुणमय व्यवस्था सन्तुलनको लागि नै स्वयं सगुण निराकार तत्व महेश्वरबाट सगुण साकार देवताको रूपमा अवतार हुने हुन् । प्रकृति सत्व, रज र तम यी त्रिगुणले युक्त हुन् । यी तीन गुणहरूको मात्रा बराबर हुँदा जगत्को व्यवस्था सामान्य हुन्छ । तर यी गुणहरू चञ्चल भएकाले यिनीहरूका आपसमा प्रतिस्पर्धा भै रहेको हुन्छ ।

खासगरी तमोगुणको प्रभाव बढी हुँदा जगत्को व्यवस्था बढी दुःखमय हुने तथा प्राणीले बढी दुःख पाउने हुनाले त्यस अवस्थालाई सन्तुलनमा ल्याउन स्वयं ती सगुण निराकार तत्व महेश्वर सक्रिय हुनुपर्ने हुन्छ। तर गुणको प्रयोग पुरुषद्वारा नै हुने हुनाले तमोगुणको अतिपन हटाउन पनि स्वयं पुरुषद्वारा नै सम्भव हुन्छ। अतः सगुण निराकार महेश्वर सगुण साकार पुरुष विशेषको रूपमा उत्पन्न भै मानिसहरूलाई उनीहरूको तामसी गुण नष्ट गरी धर्मको मार्ग देखाउने गर्दछन्। यसरी युग-युगमा तथा आवश्यक बखतमा यस्ता धर्म पुरुषहरू (रुद्र आदि) उत्पन्न हुने कारण यही हो। यो परम तत्वकै स्वभाव हो तथा परमतत्वकै प्रकृति हो। यस प्रकारका कार्यलाई अवतरण भनिन्छ तथा यसरी संसारमा धर्मको मार्ग देखाउन आउने धर्म पुरुषलाई अवतार भनिन्छ।

यसको साथै अवतारबारे अर्को पनि महत्वपूर्ण धारणा छ। धर्मको सिद्धान्त अनुसार इच्छा नै पुनर्जन्मको कारण हो। अर्थात् जो इच्छाबाट मुक्त हुन्छ उसले मोक्ष प्राप्त गर्दछ। तर जसको इच्छा बाँकी रहन्छ उसले सो इच्छा भोग गर्न अर्को जन्म पनि प्रवेश गरिरहेको हुन्छ। तर यो साधारण प्राणीको जन्मको कुरा हो, अवतरित पुरुषको जन्म यस प्रकारको जन्मान्तरमा गर्निदैन। वासना (इच्छा) तीन प्रकारका हुन्छन् – सात्विक, राजस र तामस। तामस र राजस इच्छाले पाप गराउँछ भने सात्विक इच्छाले पुण्य गराउँछ। सात्विक इच्छाबाट पनि माथि अर्को एक प्रकारको अति सूक्ष्म तथा दिव्य इच्छा छ जसलाई करुणा भनिन्छ। मुक्त पुरुषहरूको इच्छा हुँदैन। इच्छा हीन भएका हुनाले नै उनीहरूलाई मुक्ति प्राप्त भएको मानिन्छ। तर कोही मुक्त पुरुष आफू मुक्त अवस्थामा पुगेर पनि संसारका प्राणीहरूले पाएको दुःख देखेर उनीहरूलाई पनि दुःखबाट उद्धार गर्ने इच्छा गर्दछ। यसैलाई भनिन्छ करुणा। अतः करुणा जगत्लाई उद्धार गर्ने इच्छा हो। आफू मात्र मुक्त हुनु त स्वार्थपन हो। यस्ता पुरुषलाई मुक्त पुरुष भनिएतापनि भगवान् भनिंदैन। जो आफूलाई मुक्त गर्नुको साथै अरूलाई पनि मुक्त हुने बाटो देखाउँदछ उही भगवान् हुन्। यस्ता पुरुषलाई मुक्त पुरुष मात्र नभनी धर्मपुरुष पनि भनिन्छ।

अतः एक पुरुष जो इच्छाले गर्दा सकर्म बन्दछ र कर्म अनुसार फलको भोग गर्दछ तथा जसको भोगको चक्र जन्मजन्मान्तर भैरहन्छ। अर्को पुरुष जो इच्छा हीन भै निष्कर्म हुन्छ र कर्म फलको भोग समाप्त गरी मुक्त पुरुष भएर जन्म मरणको संसारमा आउनु नपर्ने हुन्छ। फेरि अर्को पुरुष छ जो इच्छा हीन भै आफू मात्र मुक्त हुने होइन संसारका अरू प्राणीलाई पनि मुक्त गर्नुपर्दछ भन्ने करुणा

भावले मुक्तिको बाटो देखाउने गर्दछ यस्ता पुरुष जो धर्म पुरुषमा गनिन्छ उनी न त कर्म फल भोग गर्न संसारमा जन्मने हुन् न त मुक्त भएर संसारबाट अलग्गिने हुन्, यस्ता पुरुष केवल अरू प्राणीको उद्धारको लागि समय-समयमा जन्मने हुन्। यस्तो जन्मलाई वास्तवमा जन्म नभनी अवतरण भन्ने शब्द प्रयोग गरिन्छ। यस प्रकार धर्मपुरुष उत्पन्न हुँदा ईश्वरीय प्रकृति स्वयं साथमा लिएर आएको हुन्छ। अर्थात् यस्ता पुरुषको जीवन असाधारण हुन्छ जसलाई हामी अवतार भन्दछौं।

हुन पनि तामस, राजस र सात्विक इच्छा ३ वटै आफ्नै लागि गरिने इच्छा हुन्। सात्विक इच्छा पनि पुण्यको लागि गरिन्छ। पुण्यको उद्देश्य हो स्वर्ग जाने। अतः यो पनि स्वार्थपन हो। यी तीनवटैबाट भिन्न दिव्य इच्छा करुणा केवल अरूको लागि हुन्छ। यसमा कुनै प्रकारको सूक्ष्म स्वार्थ पनि हुँदैन। अतः यो करुणाको प्रयोग साधारण मानिसले प्रयोग गर्न सकिने कुरा होइन। जो इच्छाबाट पार भैसकेको छ, जो अन्तरज्ञानी छ उसले मात्र यस्तो भावना प्रयोग गर्न सक्तछ। सात्विक मानिसले पनि केवल दया गर्न सक्तछ, करुणा गर्न सक्तैन। किनभने दयामा अहंकार लुकेको हुन्छ। करुणामा अहंकारको छापसम्म हुँदैन, भगवत् भाव मात्र हुन्छ।

अरू प्राणी पराप्रकृति अर्थात् चेतन मात्र भएकाले अपराप्रकृति (जड) सँग लिप्त भै सत्व, रज, तम जस्ता त्रिगुणद्वारा मोहित हुँदा इच्छायुक्त भई जन्म-मरण ग्रहण गर्दछन्। त्यस्तै कोही पुरुष जो अपरा प्रकृतिसँग अनासक्त हुन्छन् तिनीहरू मुक्त भएर स्वरूप (महेश्वर) मा स्थित भएर रहन्छ। तर मुक्तहरूमध्ये करुणायुक्त भएका धर्मपुरुषहरू भने स्वरूपमा स्थित भएर पनि जगत्मा आवश्यक पर्दा जगत् उद्धार गर्ने कार्यको लागि पुनः जन्म लिने गर्दछन्। अतः चेतन पुरुषको जन्म र धर्मपुरुषको जन्ममा फरक हुन्छ। चेतन–पुरुष (प्राणी) महेश्वर (निराकार सगुण तत्व) को भोक्ता रूप हो भने धर्मपुरुष (अवतार) महेश्वरको कर्ता रूप हो। त्यस्तै मुक्त पुरुष महेश्वरको द्रष्टा रूप हो। अतः यस्ता धर्म पुरुषहरू नै समय-समयमा, युगयुगमा अवतरण गर्ने हुन्। जुन समयमा तमो गुणको प्रभाव बढेर पाप वृद्धि भएको हुन्छ र जगत्मा दुःखको मात्रा अति हुन थाल्दछ त्यस्तो समयमा ती निराकार सगुण तत्व (महेश्वर) बाट कुनै यस्ता धर्मपुरुष जो आफूमा (स्वरूपमा) लीन भएर रहेको हुन्छ उसको सूक्ष्म शरीरमा प्रवेश भएर जगत्मा अवतरण हुने व्यवस्था हुन्छ। यी पुरुषहरू हुन् शिव, विष्णु, बुद्ध आदि। यिनीहरू कैयौं पल्ट यस जगत्मा अवतरण भैसके तथा फेरि पनि अवतरण हुने गर्दछन्। शिव, विष्णु, बुद्ध आदि भूतकालमा अवतरण गर्ने धर्मपुरुषहरू मात्र

भएका होइनन् साथै भविष्यमा पनि यिनीहरू अवतरण हुने विश्वास गरिन्छ । तर सबभन्दा पहिले ती परम शक्ति कुन चाहीं धर्म पुरूषद्वारा अवतरण हुन्छ भविष्यले नै बताउने छ । मानिसहरूको विश्वास अनुसार शिवका सम्बन्धमा पहिलेका कल्प-हरूमा उत्पन्न हुने शिवहरू सद्योजात, वामदेव, तत्पुरूष, अघोर आदि मानिन्छन् भने पछि उत्पन्न भएकाहरू २८ योगाचार्य अवतारहरू मानिन्छन् जस्तै- १. श्वेतमुनी, २. सुतार, ३. दमन, ४. सुहोत्र, ५. कंक, ६. लोकाक्षि, ७. जैगीषव्य, ८. दधिवाहन, ९. ऋषभ, १०. मुनिउग्र ११. अत्रि, १२. सुपालक, १३. गौतम, १४. वेदशिरा १५. गोकर्ण, १६. गुहावासी, १७. जटामसी, १८. शिखण्डी, १९. अट्टहास, २०. वारुक, २१. लागली, २२. महाकाल, २३. शूली २४. दण्डी, २५. मुण्डी २६. सहिष्णु, २७. सोमशर्मा र २८. नकुलीश्वर । त्यस्तै सप्तम वराहकल्पमा वैवश्वत मनु अन्तर्गत अवतीर्ण हुन आउने शिव कल्पेश्वर भगवान् हुन् भनिन्छ । शिवका जस्तै भगवान् विष्णुका पनि २४ अवतारहरूको साथै दश अवतारहरू- मत्स्य, कक्ष,वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध तथा कलङ्की (भविष्यमा अवतरण हुने) उल्लेखनीय हुन् । त्यस्तै बुद्धहरूमा पनि विपश्वी, शिखी, विश्वभू, ककूच्छन्द, कोणागमन, कश्यप, गौतम, यी ७ जना अवतरण भै सकेका तथा भविष्यमा मैत्रेय बोधिसत्वको अवतरण हुनेछ भन्ने विश्वास गरिन्छ ।

खासगरी सनातनी विश्वास अनुसार परमात्माको अवतरण हुँदा अवतरित पुरुषको अलौकिक लक्षणहरू देखिन्छन् । ती पुरुषको जन्म, रूप, गुण, कर्म, स्वभाव, उद्देश्य आदिमा दिव्य प्रभाव परेको हुन्छ । उनी यस लोक र परलोकको कुरा जान्ने, रागद्वेष नगर्ने, शोक र मोह रहित तथा रोग र मृत्युबाट पनि मुक्त हुन्छन् । यस प्रकारको कार्य साधारण व्यक्तिबाट हुन सक्तैन, भगवान्बाट मात्र हुन सक्तछ । साधारण व्यक्ति प्रकृतिको अधीन हुन्छ, तर जो प्रकृतिलाई पनि आफ्नो अधीनमा राख्न सक्तछ उनी सामान्य नभई भगवत् पुरुषको रूपमा गनिन्छ । खासगरी अवतरण हुने पुरुषको शरीर अनामय (रोग रहित) हुने तथा तिनको स्वभाव गुणातीत हुने लक्षणहरू महत्वपूर्ण हुन् । साधारण मानिसको प्रमुख रोग राग र द्वेष हुन् । यही रोगले मन अस्वस्थ हुन्छ । अस्वस्थ मन सत्व, रज, तम जस्ता गुणहरूको चक्रमा घुमिरहन्छ । यसबाट विभिन्न शारीरिक रोगहरू पनि उत्पन्न हुन्छन् । तर त्यसप्रकार अवतार वा धर्मपुरुष बिरामी भएको वा रोग ग्रस्त भएको वर्णन प्रायः पाँइदैन । अतः यसता निरोगी पुरुष वास्तवमा सत्व, रज र तम यी गुणहरूबाट पनि पार भएर

रहन्छ। माथिको विवेचना अनुसार विचार गरिएमा ती रुद्र (भगवान् शङ्कर)मा पनि असाधारण तथा अलौकिक गुणहरू विद्यमान भएको हामी पाउँदछौं। उहाँ जन्मँदा मीठो स्वरले रुनु (कुर्म पुराण अनुसार), त्यसपछि ब्रह्मालाई आफ्नो पूर्व जन्मको वर्णन गर्नु (लिङ्ग पुराण अनुसार), स्थाणु (वैरागी सिद्धान्तमा अडिग) भएर रहनु, ब्रह्मा जस्तो व्यक्तित्वसँग विवाद गर्नु, त्यसपछि तमोगुणबाट रजोगुण, रजोगुणबाट सत्वगुणतर्फ विकसित हुनु, अनि अन्त्यमा सत्वगुणबाट पनि पार भै गुणातीत हुनु, त्यस्तै उहाँ कहिल्यै विरामी नहुनु, विभिन्न अलौकिक कार्यहरू गर्नु, तथा धर्म र अध्यात्मका विषयहरूमा उपदेश दिनु र अन्तमा अन्तर्ध्यान भएर जानु यी सबै कुराहरूले गर्दा नै उहाँलाई अवतरित पुरुष भनेर मानेका हुन्।

खास गरी धर्म पुरुषहरूका जन्म तथा जीवनीबारे प्रायः यस्ता अलौकिक कुराहरू सुन्न पाइन्छन्। गौतम बुद्ध जस्ता ईश्वर र आत्माबारे अव्याकृत (मौन) हुने धर्म पुरूषको सम्बन्धमा पनि यस्ता अलौकिक कुराहरू सुनिन्छन्। यस सम्बन्धमा उदाहरणको लागि छोटो वर्णन प्रस्तुत गरिन्छ– (भिक्षु महाप्रज्ञाद्वारा पाली भाषाबाट नेवारी भाषामा अनुवादित पुस्तक ललितविस्तर–बोधिचर्या नामक पुस्तकमा उल्लेख भए अनुसार)–लोकमा लाख वर्षमा कल्पको घोषणा, त्यसपछि हजार वर्षमा बुद्ध आउने घोषणा तथा त्यसपछि सय वर्षमा चक्रवर्ती राजा हुने घोषणा सुनिने बौद्ध धारणा अनुसार एक समय बुद्ध आउने समयको घोषणा सुनेर इन्द्र, ब्रह्मा लगायत सबै देवताहरूले अब को बुद्ध हुने हो भनी पत्ता लगाई तुषित लोकमा बोधि सत्वकहाँ गएर प्रार्थना गरे– हे महासत्व ! तपाईले लोक उद्धार गर्न १० पारमिता पूर्ण गर्नु भएको हो, अब बुद्ध हुने बला आयो। बोधिसत्वले केही उत्तर नदिई पहिले आफू जन्मने समय, द्विप देश, कुल, आमा तथा आयु यी पञ्चमहाविलोकनमा विचार गरे– यो समय संसार अनित्य, दुःख तथा अनात्म भनी उपदेश दिन योग्य भयो र उपदेश दिने योग्य ठाउँ जम्बु द्वीपको मध्यदेश (पूर्व कजङ्गल शहरको बाहिर स्थित शालवन, दक्षिण थून अर्थात् कर्नाल जिल्लाको थानेश्वर, उत्तर उशीरध्वज पर्वत, पश्चिम सलल वत्ती नदी अर्थात् हजारी बागको शिलानदी) देखियो, कुलबारे भने वैश्य र शूद्र कुलमा बुद्धहरूले जन्म नलिने गरेको तर अहिले लोकजनले ब्राह्मणहरूभन्दा क्षत्रियलाई मान गर्ने भएकोले कपिलवस्तु नगरका असल स्वभाव भएका क्षत्रिय राजा शुद्धोदन मेरा पिता तथा उनकी रानी मायादेवी मेरी आमा बन्न सुहाउँछन्। यति सोचेर बोधिसत्वले ती देवताहरूलाई, हे मित्रहरू ! म बुद्ध हुने बेला आइपुग्यो अब तिमीहरू फर्केर जाऊ भनी विदा दिए। अनि आफू तुषित देवताहरूसँग तुषित लोकको नन्दन वनमा गए। त्यस समय आषाढ पूर्णिमाको राती शुद्धोदनको

रानी मायादेवीले आफूलाई देवताहरू आई स्नान गराई दिव्य शयनमा सुताएको तथा बोधिसत्व सेतो हात्तीको भेषमा आई कोखाबाट आफ्नो गर्भमा प्रवेश गरेको स्वप्न देखिन्। भोलिपल्ट मायादेवीले राजा शुद्धोदनलाई स्वप्नको कुरा सुनाउँदा राजाले ब्राह्मणहरू बोलाई स्वप्नको फल सोधे। उनीहरूले पनि शास्त्र अनुसार विचार गर्दा महारानीले गर्भधारण गरेको र गर्भबाट पुत्र जन्मने तथा ती पुत्र गृहस्थाश्रममा बसेमा चक्रवर्ती राजा हुने यदि गृहस्थाश्रम त्यागेर प्रवज्या ग्रहण गरेमा महाज्ञानी सर्वज्ञ बुद्ध हुनेछ भनी सुनाए। त्यसपछि १० महीना पूर्ण हुने ताका मायादेवीलाई माइती जाने इच्छा भई राजा शुद्धोदनको अनुमतिले देवदह नगरतर्फ जान लाग्दा बाटोमा लुम्बिनी शाल वनमा शालको हाँगामा समात्ने इच्छाले दाहिने हात उठाई हाँगा समात्दा मायादेवीलाई प्रसव वेदना भयो र शालको हाँगा समातेर उठ्दाउठ्दै राजकुमार जन्मे। त्यति खेर ४ जना शुद्ध चित्तका महाब्राह्मणहरूले सुनको जालमा ती बोधिसत्वलाई थापेर मायादेवीको अगाडि राखेर भने– देवी ! तपाईलाई पुत्रलाभ भयो। त्यसपछि राजपुरुषहरूले ती राजकुमारलाई मृगको नरम छालामा थापे। अनि त्यसपछि मानिसहरूले दुकुल (बेर्ने कपडा) मा थापेर लिए। त्यतिखेर राजकुमार ती मानिसहरूका हातबाट छुटेर पृथ्वीमा उठे। पहिले पूर्वतिर हेरे, अनि देवताहरूले फूलमालाको वर्षा गर्दै भने– हे महापुरुष यहाँ तपाई समान नै कोही छैन भने तपाईं भन्दा ठूला कहाँ हुनु ! अनि राजकुमारले दश दिशा हेर्दै उत्तर दिशातिर सात पाइला टेके। त्यसबखत महा ब्रह्माले सेतो छत्रले ओढाए। सुपाम नाउँको देवताले पंखा हम्काए। यसरी देवता र ब्राह्मणहरूको बीचमा बोधिसत्व आएर हृष्टपुष्ट शरीरलाई सुहाउँदो बाच्छीले जस्तै आँखा खोलेर गम्भीर स्वभावले उठेर सात पाइला टेकेपछि दाहिने हातको चोर औंला ठड्याई भने– लोकमा म नै ठूलो हुँ। अनि पूर्वतिर फर्केर सात पाइला टेकी औंला ठड्याई भने– लोकमा म नै श्रेष्ठ हुँ। अनि फेरी दक्षिणतर्फ फर्केर सात पाइला टेकी औंला ठड्याई भने– लोकमा म समानको कोही छैन। अनि त्यसपछि पश्चिमतर्फ फर्केर सात पाइला टेकी औंला ठड्याई भने– लोकमा मनै अनुत्तर (मौन) हुँ। यसपछि ती बोधिसत्व सहित मायादेवी कपिलवस्तु–दरबार फर्के। त्यहाँ कालदेवल नामक तपस्वी आई बोधिसत्वलाई नमस्कार गरे। त्यस्तो प्रसिद्ध तपस्वीले नमस्कार गरेको देखेर शुद्धोदन आश्चर्य मानी आफूले पनि बालकलाई नमस्कार गरे। एकै छिनमा ती तपस्वीले आँखाबाट आँसु झारी भने– यी त बोधिसत्व हुन्। अब यिनी बुद्ध हुने छन्। तर यिनी बुद्ध भएर ज्ञान उपदेश दिने समय सम्ममा मेरो आयु सकिनेछ। अतः बुद्धको उपदेश सुन्ने मेरो भाग्य नभएकोले मलाई अपसोच लाग्यो।

बुद्धको जन्मसम्बन्धी उपरोक्त वर्णनमा पनि शिवको जन्मसम्बन्धी वर्णन जस्तै अलौकिक कुराहरूले युक्त भएको हामी पाउँदछौं । अन्य कुराहरूको वर्णन भन्दा शिव जन्मेर ब्रह्मालाई पूर्व जन्मको कुरा बताउनु तथा बुद्ध जन्मेर सात पाइला टेकी लोकमा म नै श्रेष्ठ भनी बताउनु बढी अलौकिक देखिन्छन् । यस्ता अलौकिक कुराहरू भगवान् कृष्ण आदि धर्मपुरुषहरूको वर्णनमा पनि नभएका होइनन् । अतः यी कुराहरू माथि बताए भैं विश्वासका कुराहरू मात्र हुन् । सत्य निरूपण गर्न त आफैंमा धर्म जागृत हुन सक्नुपर्दछ । आफैंमा धर्म जागृत नभईकन धर्मलाई चिन्न पनि गाह्रै हुन्छ । तर धर्मलाई चिन्न परम तत्वको ज्ञान हुनै पर्दछ । अतः परम तत्व नै महत्त्वपूर्ण कुरा मान्नुपर्दछ ।

हुनत शिवको जन्मसम्बन्धी वर्णनमा अवतरण भन्ने शब्द देखिंदैन, प्रादुर्भाव तथा उत्पन्न भन्ने शब्द देखिन्छ, त्यस्तै बुद्धको जन्ममा पनि अवतरण भन्ने शब्दको सट्टा जन्म शब्द नै राखिएको देखिन्छ तर यी दुवैको जन्म लोकहितार्थ पूर्वसंकेतद्वारा विशेष प्रकारले भएको देखाइएकोले अवतरणको प्रक्रियाभित्रै पर्दछ र दुवै लाई अवतार भन्न नमिल्ने देखिंदैन । खासगरी धर्म पुरुषहरूको जन्म तथा जीवनी अरू साधारण व्यक्तिको तुलनामा असाधारण देखिनु स्वाभाविक हो । तर अलौकिक हुनु स्वाभाविक वा यथार्थ मान्न सकिंदैन । किनभने लोकमा उत्पन्न भएपछि सबै कुरा लौकिक रूपमा नै विस्तार भएको हुन्छ । कुनै साधारण रूपमा कुनै असाधारण रूपमा । मुख्यतः शिव जन्मँदा यस प्रकारको अलौकिक शक्ति देखाउनु पर्ने कुनै स्थिति उत्पन्न भएको थियो थिएन त्यसको विचार गरिनु पर्ने थियो । सो अनुसार शिव पुराणमा कश्यप ऋषिको तपस्यानुसार शिव आफ्नो वचन पूरा गर्न कश्यपकै पत्नी सुरभिको गर्भबाट रुद्र नामले जन्मेको वर्णन प्रसंगवश भएतापनि लिङ्ग पुराणमा रुद्र उत्पन्न भएर आफ्नो सद्योजातादिको वर्णन गरेको त्यतिको प्रासंगिक जस्तो देखिंदैन । आवश्यक परिस्थितिमा यस प्रकारको दिव्य चमत्कारको कुरा देखाएको भए पनि यस विषयमा केही अरू चिन्तन गर्न सकिन्थ्यो वा अलौकिक शक्तिको प्रयोग हुनुमा केही तर्क हुन सक्तथ्यो । यस सम्बन्धमा कोही कोही के विश्वास गर्दछन् भने परमात्मा अवतरण हुँदा पृथ्वीमा उत्पन्न भएकै समयमा यस प्रकारको दिव्य तथा अलौकिक कुरा देखाउने गर्दछ ताकि कसैले अवतरण भयो भनेर जान्न सकुन् र त्यसपछि पुनः ती परमात्मा लौकिक भएर आफ्नो कार्य प्रारम्भ गर्दछन् । तर यस प्रकार अवतणरको उद्घोषण पहिले नै हुनुपर्दछ भन्ने पनि त कुनै आवश्यक देखिंदैन । अत यस्ता अलौकिक वर्णनहरूका सम्न्धमा कोही धार्मिक विद्वान्हरू के भन्दछन् भने विशेष गरी धर्मको सम्प्रदायमा लाग्नेहरू रागवश आफ्नो इष्ट देवतालाई अरू देवताका

तुलनामा ठूलो देखाउन यस्ता अलौकिक वर्णनहरूले युक्त गर्दछन् । यो कुरा पनि विचारणीय मान्नुपर्छ ।

मुख्यतः अलौकिक कुराहरूमाथि विश्वास गरे पनि नगरे पनि शिव जन्मँदा कूर्मपुराण अनुसार जुन विशेषप्रकारको मिठो स्वरले रोदन गर्नुभयो त्यही नै असाधारण पुरुषको जन्मको लक्षण मान्न सकिन्छ । यही स्वाभाविक तथा यथार्थ कुरा हो । यही असाधारण लौकिक स्वभाव हो । यसैबाट यो जन्मेको पुरुष साधारण होइन कुनै दिव्य पुरुष हुनु पर्दछ भन्ने संकेत गर्दछ । त्यसपछि पुनः गुरु ब्रह्मनले उनको जात (जन्म) लक्षण हेरी यिनी त भव, शर्व, पशुपति, भीम, उग्र, महादेव, ईशान जस्तै दैविक लक्षणले युक्त रहेछन् भनी यी नामहरू समेत प्रदान गर्नु पनि ती रुद्रको विशेषताको वा असाधारण पुरुष भन्ने स्वाभाविक वर्णन भै सकेकै छ भने लिङ्ग पुराणको जस्तो अरू विशेष अलौकिक वर्णनको आवश्यकता देखिदैन जुन स्वाभाविक तथा यथार्थ पनि हुँदैन ।

खासगरी ध्यानी पुरुषहरूले ध्यानको बलद्वारा आफ्नो पूर्वजन्मका कुराहरू पत्ता लगाउनु स्वाभाविक वा लौकिक मान्न सकिन्छ तापनि भर्खर जन्मेको बालकले आफ्नो पूर्व जन्मको कुरा बताउनु अलौकिक नै मान्नुपर्दछ । शायद पुराणकारले यसरी शिवद्वारा पूर्वजन्मका कुरा बताइएको कुरा उल्लेख गर्नु रुद्र (शिव)को उदय भन्दा पहिले पनि धर्म ज्ञानका मार्ग दर्शाउने अन्य शिवहरू उत्पन्न भै सकेका थिए भनी जानकारी गराउने उद्देश्य राखेको हुनुपर्दछ । यसबाट जब जब ब्रह्मवादीहरू ज्ञान मार्गबाट विचलित भई कर्मवादतिर प्रवृत्त भएर जान्छन् तब तब शिव-पुरुषहरू युगयुगमा उत्पन्न भई मानिसहरूलाई ज्ञानमार्गतिर प्रेरित गर्ने गर्दछन् र यसै अनुरूप शंकर रुद्रको उदय पनि तत्कालीन ब्रह्मवादको विकृतिले गर्दा उत्पन्न सामाजिक परिवर्तनको आवश्यकता सम्बन्धी समयको माग पूरा गर्ने भावना उत्पन्न गर्न खोजेको हुनुपर्दछ ।

अब यो कुरालाई यहीं पन्छाई अगाडि बढेमा शङ्कर रुद्रको जन्मसम्बन्धी पहिलो वर्णन (अध्याय) असाधारण र अलौकिक भए पनि यस पछिका वर्णनहरू भने प्रायः लौकिक तथा यथार्थ नै देखिन्छन् । अतः यी लौकिक वर्णनहरूतर्फ विचार गर्नु उपयुक्त हुनेछ ।

दोस्रो वर्णनमा भगवान् शङ्कर स्थाणु हुनु भएको कुरा महत्वपूर्ण छ किनभने यस वर्णनबाट ती रुद्र जन्मनु भएपछि ठूला भई ब्रह्मचर्याश्रममा जीवन बिताइरहनु भएकोमा गुरु ब्रह्मनले उहाँलाई अब उमेर पुगेकोले प्रजाधर्म (गृहस्थाश्रमको धर्म) मा ल्याउन चाहे तर गुरुब्रह्मनले धेरै प्रयत्न गर्दा पनि उहाँ प्रजाधर्म र काम त्यागेर वैराग्यको आश्रय ग्रहण गरी बस्नु भएको हुँदा गृहस्थाश्रममा बस्न

चाहनु भएन र साधुजीवन बिताउने सिद्धान्तमा नै अडिग हुनु भएको कुरा जानकारी हुन्छ ।

तत्कालीन ब्रह्मवादी समाजमा चार वर्ण चार आश्रमको व्यवस्था थियो जस अनुसार वर्णमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, तथा आश्रममा ब्रह्मचर्याश्रम, गृहस्थाश्रम वानप्रस्थाश्रम संन्यासाश्रमको नाम प्रचलित थिए । ब्रह्मचर्याश्रमको प्रमुख काम बालककालदेखि गुरुकुलमा रही विद्या हासिल गर्नु हो र यस प्रकारको आश्रममा रहँदा विवाह गर्न मनाही भएकोले त्यसलाई ब्रह्मचर्य आश्रम भनिएको हो । यसरी गुरु कुलमा रही विद्या आर्जनको काम सकिएपछि मानिसहरू विवाह गरी गृहस्थाश्रमको जीवन बिताउँदथे तर जो गृहस्थाश्रममा पहिलेदेखि अनासक्त हुन् उनीहरू भने ब्रह्मचर्याश्रम मै बसिरहन वा ज्ञान र धर्मको मार्गमा लागेर साधु, महात्मा तथा योगीको जीवन बिताउने गर्दथे । यस अनुसार ब्रह्मचर्य आश्रममा बसेका ती रुद्रको विवाह गर्ने उमेर पुगेकोले गुरुले उनलाई गृहस्थाश्रममा बस्न जोड गरेको हुनुपर्दछ । तर प्रजाधर्म अर्थात् गृहस्थाश्रममा बस्न अनिच्छुक ती रुद्रले प्रजाधर्ममा लाग्नेहरूबाट अशुभ (भौतिक इच्छाले) युक्त मानिसहरू पैदा हुने हुनाले यस प्रकारको अशुभ प्रजा बनाउँदिन भनी स्वयं योग विद्यामा लागेर भौतिक संसारदेखि अलग्ग वस्नु भयो । प्रजाधर्ममा लाग्ने गुरु ब्रह्मन्‌को आज्ञा नमानी आफ्नै सिद्धान्तमा अडिग रहने उहाँको यही कार्यलाई स्थाणु भनिएको हो । अर्थात् आफ्नो जुन विचार छ त्यस स्थानबाट विचलित नभएर रहनुलाई स्थाणु भनिएको हो । यसलाई संसारदेखि उहाँको वैराग्य उदय भएको उदाहरण मान्नुपर्दछ । यस प्रकार उहाँ गुरु ब्रह्मन्‌को मतबाट अलगिँदै गएकाले उहाँलाई वामदेव (वाममार्गी देवता) भनेर पनि सम्बोधन भएको देखिन्छ ।

तेस्रो वर्णनमा रुद्र कपाली हुनु पनि अत्यन्त महत्वपूर्णको देखिन्छ किनभने यो वर्णनमा ब्रह्मा र रुद्रको बीच वाद विवाद हुँदा रुद्रलाई अति क्रोध उत्पन्न भएको खुलस्त छ । खासगरी ती रुद्र प्रजाधर्ममा नलागी वैराग्यको आश्रय ग्रहण गरी काम (भौतिक इच्छा) त्यागेर ब्रह्मचर्यमा बसी महात्मा बन्नु भएकोले ब्रह्मालाई रुद्र मन नपर्दै गएको थियो । अतः जब एकदिन रुद्रले ब्रह्मासँग त्यस प्रकारको सृष्टिको कुरा सोध्नु भयो ती ब्रह्माबाट रुद्रमाथि उल्टो व्यवहार हुन गयो जसबाट महात्मा रुद्र दुःखित हुनु पर्‍यो । तर यो भन्दा पनि जब ब्रह्माले रुद्रलाई तमोमूर्ति, दिगम्बर, लोकको नाश गर्ने भनेर गाली गरे तब क्रोध उत्पन्न भई रुद्रको मुख रातो नीलो भयो । अनि जब ब्रह्माले पानीमा उठेको फीँजको के पराक्रम हुन्छ अर्थात् तिमी रिसाएर के नाप्छ भनेर बोले तब महात्मा रुद्रले आफूमा उत्पन्न

क्रोधलाई थम्याउन सक्नु भएन। फलतः उहाँले ती ब्रह्माको कपाल न लुछ्नुभयो।

हुनत ब्रह्माको त्यस प्रकारको व्यवहारबाट रुद्रलाई क्रोध उत्पन्न हुनु स्वाभाविकै थियो। तर रुद्र जस्तो प्रजाधर्ममा नलागी ब्रह्मचर्य तथा महात्मा भएर जीवन व्यतीत गरिरहेका पुरुषलाई पनि आखिर यस प्रकारको क्रोध कसरी उत्पन्न भयो होला भन्ने मनमा लाग्नु पनि स्वाभाविकै हो। काम, क्रोध, लोभ, मोह जस्ता विकारहरू उत्पन्न नहोस् भनेर महात्माहरू चाहन्छन् र सो अनुसार आफूलाई डोऱ्याउँछन् पनि। तर संस्कार मरिसकेको हुँदैन। अतः संस्कारले गर्दा पनि यस्ता विकारहरू समय-समयमा उत्पन्न हुने गर्दछन्। जब यसरी संस्कार-द्वारा उत्पन्न विकारलाई पनि द्रष्टा भावले हेर्दै संस्कारलाई समेत निर्मूल गर्न सक्षम हुनेछ तब सही अर्थमा विकार दमन हुनेछ। यो पनि एउटा धर्म–ज्ञानको कुरा हो। तर कुन संस्कारले गर्दा ती रुद्रमा त्यस प्रकारको क्रोध उत्पन्न भयो सोको भने जानकारी मिलेन। यस वर्णनमा रुद्रलाई सो क्रोध उत्पन्न हुनु भन्दा पनि सो क्रोध उत्पन्न भएबाट उहाँलाई रूपान्तरण हुन सहयोग गराएको वर्णन महत्त्व-पूर्णको छ। किनभने जसै क्रोधवश रुद्रले ब्रह्माको कपाल छिन्न गर्नु भयो त्यतिखेर उहाँलाई अहो कस्तो ब्रह्मघात जस्तो काम गरेछु भन्ने विवेक जाग्यो अनि आफूले गरेको क्रोधको प्रायश्चित गर्न उहाँ विभिन्न तीर्थस्थलहरू घुम्दै योगी समेत भएर वाराणसीमा पुग्नु भयो र त्यहाँ तीर्थमा स्नान गरी ब्रह्माको कपाल लुछेको पाप-बाट मुक्त हुनुभयो। यही उहाँको असाधारणता हो।

खासगरी यस वर्णनमा ब्रह्माले रुद्रलाई दिगम्बर र लोकनाशगर्ने भनी गाली गरेका शब्दहरूबाट भने ब्रह्मा र रुद्रबीच धार्मिक विचारको मतभेद बढी सकेको पनि संकेत गर्दछ। रुद्रले दिगम्बरत्वको पालना गर्नु ब्रह्मालाई मन नपरेको देखिन्छ। किनभने यसबाट ब्रह्माको दृष्टिमा लोकमा चलिरहेको लाजको व्यवस्थामा धक्का लाग्नेछ। अर्को शब्द लोक–नाश–गर्ने हो। यो शब्द अति भयानक देखिन्छ। रुद्रलाई ब्रह्माले लोकनाशगर्ने भनेर समेत आक्षेप गर्नुपर्ने अवस्था किन आयो यो विचारणीय छ। यदि रुद्रको मतले तत्कालीन ब्रह्मवादी समाजमा चलिरहेको व्यवस्थामा खलबली पार्न नखोजेको भए यस प्रकारको आक्षेप गर्नुपर्ने थिएन। यसबारे के विचार गर्न सकिन्छ भने ब्रह्मको अस्तित्व मान्ने ब्रह्मवादीहरूको वर्णाश्रम व्यवस्था प्रारम्भमा धर्मतिर उन्मुख भै राम्ररी चलेको थियो तर पछि ब्रह्मवादीहरूमा धेरै जसो ब्राह्मणहरू भौतिक इच्छाले युक्त हुँदै गएर धर्म र ज्ञानको विषयभन्दा कर्मकाण्डतिर बढी प्रवृत्त हुँदै गए जसबाट ब्रह्मवादीहरू गृहस्थाश्रममा बढी आकर्षित हुँदै गए तथा वर्ण पनि कर्म अनुसार

नभैं जन्म अनुसार हुने प्रवृत्ति बढ्दै गएबाट यो व्यवस्था विकृत हुँदै गएको थियो। अतः पुनः धर्मसम्बन्धी ज्ञानमार्गको आवश्यकता देखिन थाल्यो। यस्तै समयमा शिवको जन्म भई धर्मज्ञानको पुनः उदय हुन खोजेको संकेत गर्दछ। शिवले अपनाएको धर्ममार्ग तत्कालीन ब्रह्मवादीहरूको व्यवस्थाको विरोधमा गएको देखिन्छ। खासगरी उहाँ कर्म अनुसार वर्ण हुने कुरालाई मान्यता दिने र तल्लो जातका मानिसहरूसँग संमिश्रण गर्ने, श्मशानमा बस्ने, ब्राह्मणहरूको प्रवृत्तमार्गको निन्दा गर्ने, कर्मकाण्डको विरोध गर्ने आदि गतिविधिमा लाग्ने भएकाले यसबाट चलिरहेको ब्रह्मवादी व्यवस्था बिग्रला भनेर ब्रह्मा आदि तत्कालीन ब्रह्मवादी प्रमुखहरूले रुद्रलाई लोक नाश गर्ने भनेर आक्षेप गरेको हुनुपर्दछ। यस विषयमा अगाडिका वर्णनहरूले पनि पुष्टि गर्नेछ। विशेष गरी ब्रह्माको विचारमा यी रुद्र ब्रह्मवादीहरूको मतबाट अलग्गिएर गए भने ब्रह्मवादी व्यवस्था नाश हुनेछ भन्ने लागेको थियो। अतः ब्रह्मवादीहरूका वरिष्ठ गुरु ब्रह्मा रुद्रलाई सकेसम्म आफ्नो मतमा राख्न चाहन्थे। यस सिलसिलामा कूर्मपुराण उपरि विभागको ३१ औं अध्यायमा रुद्रले ब्रह्माको कपाल पृथ्वीमा संस्थापित गरेको वर्णनमा पनि शुरूमा ब्रह्माले तिमी मेरो शरणमा आउ अर्थात् मेरो मतमा आउ भनेको कुरा उल्लेख छ। यसबाट पनि ब्रह्मा रुद्रलाई आफ्नो चार वर्णको गृहस्थाश्रम प्रधान प्रजाधर्मको मतमा लैजान चाहन्थे र आफ्नो मतबाट रुद्र भिन्न भएर गएको मन पराउँदैनथे भन्ने बुझिन्छ।

अर्को वर्णन जसमा रुद्रद्वारा ब्रह्मालाई भावीको कुरा बुझेर शोक नगर्नू भन्ने उपदेश दिएको कुरा उल्लेख छ, सो वर्णनबाट शङ्कर रुद्र प्रारब्धवादमा विश्वास गर्नुहुन्छ भन्ने कुरा जानकारी हुन्छ। खासगरी ब्रह्मा जस्तो ब्रह्मज्ञाता तथा ब्रह्मवादीहरूका गुरुलाई पनि आफूले छोरी जस्तै गरी पालिराखेका केटी (अङ्गजा) देखेर यौन कामना उठ्नु यसलाई भावी कै अर्थमा लिनु पर्ने हुन्छ। अर्थात् ब्रह्माको प्रारब्धको भोग नै हुनुपर्दछ भन्ने देखिन्छ। हुन पनि जुन कुराको (कार्यको) कारण देखिंदैन त्यसलाई विधाताकै खेल नमानी सुख छैन। अतः यस्तो भावीको कुरामा, प्रारब्धको कुरामा, विधाताबाट हुने कुरामा कसैको केही लाग्दैन, हुनुपर्ने भइहाल्छ। त्यसलाई सहनु सिवाय अरू शोक गर्नु कुनै बुद्धिमानी हुँदैन।

यो वर्णनबाट अर्को बुझ्नु पर्ने कुरा के छ भने अघिल्लो वर्णनमा ब्रह्मा र रुद्र बीच वादविवाद भई रुद्रलाई जुन क्रोध उत्पन्न भई कपाली बन्नु परेको थियो सो अब शान्त भै बिर्सिसकेको देखिन्छ। तथा ब्रह्माको मनमा पनि यी रुद्र असाधारण

पुरुष हुन् यिनलाई सम्मान गर्नु पर्दछ भन्ने धारणा उत्पन्न भै सकेको देखिन्छ। त्यसैले हुन सक्तछ अब अङ्गजासँगको काण्डले ब्रह्मा शोक गर्दै स्वयं रुद्रको खोजी गर्दै सरस्वती नदीको उत्तरतिर आई भेटेर आफ्नो दोष बताउन आए । शङ्कर रुद्रले पनि ज्ञानको कुरा बताई भावीको कुरा भन्ने बुझेर शोक नगर्नू भनी ब्रह्मालाई सम्झाउनु भयो । यसबाट रुद्र र ब्रह्मा बीच अब सद्भावनाले ठाउँ लिइसकेको दर्शाउँछ । यसैगरी यसपछिको वर्णनमा ती शङ्कर रुद्रको विष्णुसँग पनि एकता भएको कुरा उल्लेख गरिएको छ जसबाट यी तीन पुरुषहरूको परस्परमा एकता हुन गएको जानकारी मिल्दछ ।

सातौं वर्णनमा रुद्रको सतीदेवीसँग विवाह भएको कुरा उल्लेख गरिएको छ । ब्रह्मचर्य पालन गरी महात्मा भै हिंड्नु भएका ती शङ्करले किन सतीदेवी विवाह गर्नु भएको होला भन्ने मनमा लाग्नु स्वभाविकै हो । तर विवाहका वर्णनहरू दुई प्रकारका देखिन्छन् । एक, कालिका पुराण अनुसार संन्यासी जीवनबाट रुद्रलाई प्रजाधर्ममा ल्याउने ब्रह्माको प्रयासद्वारा भएको विवाह हो भने अर्को, स्वस्थानी व्रतकथा अनुसार रुद्र स्वयं इच्छुक भई छलद्वारा सतीदेवीलाई विवाह गरेको हो । ब्रह्माको प्रयासद्वारा सतीदेवीसँग शङ्करको विवाह भएको हो भने यो विवाह सम्भव नहुने देखिंदैन । खास गरी स्वस्थानी व्रतकथाको वर्णन नेपालतिर प्रचलित भएतापनि यो वर्णन कथाको रूपमा भएकोले कथा भन्दा पुराणमा उल्लेखित वर्णन बढी विश्वासीलो हुन्छ । साथै कालिका पुराणको वर्णन मात्र होइन कूर्मपुराण, शिवपुराण, स्कन्दपुराण आदिमा पनि गुरु ब्रह्माको आज्ञाद्वारा दक्षले शङ्करलाई सतीदेवी दिएको कुरा उल्लेख भएकोले शङ्करको सतीदेवीसंग विवाह ब्रह्माकै प्रयास अनुसार हुन गएको भन्ने कुरामा विश्वास गर्नु उपयुक्त हुने देखिन्छ ।

जे भएता पनि सानैदेखि ब्रह्मचर्यमा बसी महात्मा, दिगम्बर र योगी समेत भई हिंड्नु भएका ती संन्यासी शङ्करको आखिर वैवाहिक जीवन पनि घटिहाल्यो। तर सतीदेवीसँग विवाह भएपनि शङ्कररुद्रलाई प्रजाधर्ममा लगाउने ब्रह्माको इच्छा भने पूरा भएन, अर्थात् शङ्करले गृहस्थाश्रमको अनुसरण गर्नु भएन । किनभने घरको व्यवस्था नै नगरी यत्र तत्र घुमेर जीवन व्यतीत गर्नु भएकोले उहाँलाई आखिर सतीदेवीले वर्षाऋतु आइपुग्यो, घर विना वर्षाको पानीमा कसरी गुजारा गर्ने भन्दा पनि, बादल भन्दा माथिको पर्वतका टाकुराहरूमा पानी पर्दैन त्यहाँ गएर बस्ने भनी सम्झाउँदै जिमूतकेतु भएर रहनुभयो । यसबाट विवाह गर्दैमा शङ्करको वैराग्य जीवनमा कुनै परिवर्तन नआएको स्पष्ट छ । आखिर सतीदेवी-

बाट पनि शङ्करलाई संसारी बनाउने कार्य सफल भएन बरू शङ्करले नै सतीदेवी-लाई पनि वैराग्य जीवनमा ढाल्दै लैजानुभयो । यो कुरा अर्को वर्णनमा सती-देवीले शङ्करसँग भवबन्धनबाट मुक्त हुने परमतत्वको ज्ञान जान्न चाहेको कुरा उल्लेख भएकोले पुष्टि गर्दछ । यसमा शङ्करले त्यो परम तत्व विज्ञान हो, विज्ञानद्वारा ब्रह्मको ज्ञान हुन्छ, म ब्रह्मको भक्ति गर्दछु, भक्ति र ज्ञानमा केही भेद छैन भनी भक्ति र ज्ञान एक अर्कोको सहायक हुने कुरामा जोड दिनु भयो । भक्तिसम्बन्धी यो नवौं वर्णनबाट उहाँ जातपातका भेदभाव नमान्ने पुरुष हुन् भन्ने पनि बुझिन्छ । किनभने उहाँ भन्नु हुन्छ– म आफ्नो भक्त (अनुयायी) को सदा अधीन रहन्छु र भक्तिको प्रभावले तल्लो जातका मानिसहरूका घरमा पनि जान्छु ।

यस पछि अर्को महत्त्वपूर्ण वर्णन आउँछ विषपानसम्बन्धी । अमृत–मन्थन गर्दा निस्केको विष शङ्कर रुद्रले पिउनुको अर्थ यही हो भनेर निश्चित गरिएको छैन तथापि यो अमृत मन्थन दिव्य औषधिको मन्थन हो र सो दिव्य औषधि सिद्ध भयो भएन परीक्षणको लागि उहाँले पान गर्दा विषतुल्य हुन गएको र त्यसपछि फेरि मन्थन गर्दा (मात्रा मिलाउँदा) औषधि सिद्ध भई अमृत तुल्य हुन गएको कुरा नै वास्तविकता हुनुपर्दछ । विषपानपछि नीलकण्ठ हुनु भएका ती रुद्रबाट जुन प्रवचन भयो त्यो अति महत्त्वपूर्णको छ । यो प्रवचनबाट ती शङ्कर रुद्रको आफ्नो धर्मदर्शनमा परीपक्वता आइसकेको स्पष्ट छ । खासगरी आफ्नो प्रवचनमा उहाँले वस्तु विष भन्दा संसाररूपी विष भयानक छ; इच्छा राग द्वेष नै संसार हो, इच्छाले कर्मतिर प्रवृत्त गर्दछ अतः निवृत्तलक्षण नै धर्म हो, सन्तान कर्म तथा धनले मुक्ति मिल्दैन त्यागले मात्र मुक्ति मिल्दछ; संसारको हरेक गतिविधिमा दुःख छ, दुःखबाट मुक्त हुन पाशुपत व्रत अर्थात् पञ्चार्थ ज्ञान र पराविद्याले मात्र सम्भव हुन्छ; म (आत्मा) नै यो समस्त जगत्को स्वरूप हो, क्लेशरूपी अविद्यालाई त्याग्नु पर्दछ, ज्ञानको उदय हुनुपर्दछ, ज्ञान ध्यानद्वारा प्राप्त हुन्छ, ध्यानी हुन अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिगृह जस्ता यम र शौच, सन्तोष, स्वाध्याय, तप, ईश्वरप्रणिधान आदि नियममा रत हुनपर्दछ भन्ने कुराहरू व्यक्त गर्नु भएकोले यो उहाँको धर्मज्ञानको सार मान्नुपर्दछ ।

प्रजापति दक्षद्वारा शङ्करको विरोध नामक ११ औं वर्णन अनुसार शङ्कर रुद्र र दक्ष प्रजापति बीच वैचारिक मतभेदले उग्र रूप लिएको जानकारी गराउँदछ । उता ब्रह्मवादीहरूका वरिष्ठ गुरु ब्रह्मा जस्तो पुरुषले आफ्नो मतबाट शङ्कर रुद्र अलग्गिएर गए पनि यी पुरुष ठूला हुन् भन्ने बुझेर यिनीसंग द्वेष गर्नु हुन्न भन्ने नीति अपनाइसकेका थिए, तथापि ब्रह्मवादीहरूका मुख्य अधिकारी

जस्ता प्रजापति दक्ष भने रुद्र आफ्ना ज्वाइँ भएता पनि उहाँको मत मन नपराई त्यसको भयंकर बिरोध गर्दै उहाँको मतसँग द्वेषपूर्ण रहन गएको यस वर्णनबाट राम्ररी जानकारी मिल्दछ । त्यस्तै तत्कालीन ब्रह्मवादीहरूका कट्टरपन्थी ब्राह्मणहरू र शैवहरूका बीच उठेको द्वन्द्व पनि सो वर्णनबाट राम्ररी दर्शाउँछ । विशेष गरी प्रयागराजमा भएको यज्ञ समाभा रुद्रले उठेर प्रणाम गरेन भनी दक्ष प्रजापतिले गाली गरेका शब्दहरूबाट यी कुराहरूको राम्ररी पुष्ट हुन्छ । ती शब्दहरू हुन्– १. पिशाचहरूद्वारा घेरिएर बस्ने, २. श्मशानवासी, ३. भूतहरूले सेवित, ४. वर्णले पनि बाहिरको विवर्णरूप, ५. निर्लज्ज, ६. कर्महीन, ७. नीतिलाई हँसी उडाउने, ८. द्विजनिन्दक, ९. कुलजन्म-हीन इत्यादि ।

पिशाचहरूद्वारा घेरिएर बस्ने,– भगवान् शङ्करका गणहरूमा विभिन्न जन-जातिका मानिसहरू थिए, सो मध्ये प्रचलित किरात, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, भूत आदि हुन् । यक्ष जाति, किरात जातिको एक शाखा मानिन्छ जसलाई हाल याखा पनि भनिन्छ । किन्नर जाति भारतको किन्नोर प्रदेशका आदिवासी जस्तो बुझिन्छ । दैत्य, यो शब्द विशेषगरी अनार्यहरूलाई प्रयोग गरेको हुनुपर्दछ । नागजाति नागादेश (नागालैण्ड) का निवासीहरू तथा भूत जाति भोतान्त देशका अर्थात् भोट, भूटान आदि प्रदेशका सिमानाका जातिहरू हुनुपर्दछ । उस समयमा पनि यी सबै जातिका मनिसहरूको आवत–जावत तथा बसोबास भएकोले यिनी-हरूलाई तत्कालीन ब्राह्मणप्रधान वर्ण व्यवस्थामा निम्नकोटीको जातका मानि समा व्यवहार गरिएको देखिन्छ । हुन सक्तछ यिनीहरूको रहन–सहनको स्तर आर्यहरूको दाँजोमा धेरै निम्न कोटीको भएकोले यिनीहरू देख्दैमा पिशाच जस्ता डरलाग्दा देखिन्थे जसबाट छुवाछुतको संस्कारमा हुर्किएका तत्कालीन ब्रह्म-वादीहरूले यिनीहरूलाई पिशाच भन्ने शब्द प्रयोग गरेको हुनुपर्दछ । तर धेरैजसो यी विभिन्न जातिका मानिसहरूलाई नै शङ्करले आफ्ना अनुयायी बनाएकाले कट्टर पन्थीहरूलाई यस्तो काम मन नपर्दा शङ्करलाई पिशाचहरू (पिशाच जस्ता मानिसहरू) द्वारा घेरिएर बस्ने भनी घृणा गरेको हुनुपर्दछ । यस प्रसंगमा भक्तिको प्रभावले म तल्ला जातका मानिसहरू (वैश्य, शूद्र तथा अन्य पिछडिएका जनजातिहरू) को घरमा पनि जाने गर्दछु भनी शङ्करले सतीदेवीलाई यस अघिको वर्णनमा भन्नु भएको कुरा उल्लेखयोग्य छ । किनभने यो कुरा पनि यस सम्बन्धमा प्रासंगिक हुन आउँदछ । अर्थात् भगवान् शङ्कर छुवाछुत र जातपातको भेदलाई नमान्ने पुरुष हुनुहुन्थ्यो र वर्ण जन्म अनुसार होइन कर्म अनुसार हुने हो भन्ने

कुरामा जोड दिनु हुन्थ्यो, जुन सिद्धान्त १८ औं वर्णनमा पार्वतीलाई बताउनु भएको वर्ण-जाति लक्षणसम्बन्धी उहाँको धर्म-उपदेशमा पनि व्यक्त भएको छ ।

श्मशानवासी र भूतहरूद्वारा सेवित,– यसै क्रमसा दक्षले शङ्करमाथि प्रयोग गरेका श्मशानवासी तथा भूतहरूद्वारा सेवित शब्दहरू पनि विश्लेषण गर्न सकिन्छ । श्मशानमा बसेकोले नै भगवान् शङ्करमा जीवन र मृत्युको विषयमा अन्तरज्ञान उदय भएको मानिन्छ । तर श्मशान दुर्गन्धयुक्त स्थान भएकोले यसलाई छुवाछुत्को संस्कारमा रहेका ब्राह्मणहरू भने अपवित्र ठानी घृणाको दृष्टिले हेर्दथे । दक्षले शङ्करलाई श्मशानवासी भनेर घृणा गरेको कारण पनि यही मान्नु पर्दछ । त्यस्तै भूतहरूद्वारा सेवित भनेर गाली गरेको शब्दको अर्थ पनि माथि पिशाचहरूबारे बताइएझैं भोतान्त प्रदेशका जनजातिहरूद्वारा सम्मान गरिएका पुरुष भनेर अनुमान गर्न सकिन्छ । अतः शङ्कर रुद्रको मतमा लागेकाहरूमा खासगरी स्थानीय आदिवासी तथा सिमानाका पिछडिएका विभिन्न जनजातिका मानिसहरू समेत-लाई नै भूत वा पिशाच भनिएको हुनुपर्दछ ।

विवर्ण– दक्षले शङ्करलाई वर्णले बाहिरको विवर्णरूप भनेर गाली गरेको अर्थ पनि शङ्कर जन्मद्वारा वर्ण गनिने ब्राह्मण प्रधान वर्ण व्यवस्था नमान्ने भएकोले हुनुपर्दछ । हुन पनि उहाँले वर्णलाई जन्म अनुसार होइन कर्म अनुसार हुनुपर्दछ भन्नु भएको मात्र होइन उहाँ त खास गरी ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र यी चार वर्ण-बाट पनि भिन्नका यक्ष, गन्धर्व, किन्नर, नाग, भूत आदि वर्णाश्रम बाहिरका जन-जातिहरूसँग नै प्रायः रहने गर्नु हुन्थ्यो । यसरी उहाँले आफूलाई यो वर्णको वा यो जातको हुँ भनी मान्नु भएको पनि देखिंदैन । यसबाट उहाँ वर्ण तथा जात-पातको भेदमा विश्वास नगर्ने पुरुष हुनुहुन्छ भनेर मान्नुपर्दछ। तर उसबखत यसरी वर्ण व्यवस्थाको बाहिर जानेलाई विवर्ण भनेर होच्याउने गरेको हुनु पर्दछ ।

निर्लज्ज र कर्महीन–शङ्कर रुद्र आफ्ना समकालीन इन्द्र, ब्रह्मा, विष्णु, दक्ष आदिका जस्तै शरीरमा धोती आदि वस्त्र लगाउने गर्नु हुँदैनथ्यो । बाघको छाला र हात्तिको छाला नै प्रायः उहाँको वस्त्र रहेको बुझिन्छ । साथै उहाँ भस्म लेपन पनि गर्नु हुन्थ्यो । अझ उहाँले दिगम्बर मत समेत ग्रहण गर्नु भएकोले उहाँ समयसमयमा नग्न पनि रहनु हुन्थ्यो । उहाँबाट यसरी शरीरमा वस्त्र हीन भएर रहनु अशोभनीय तथा समाजमा चलेको लाजको व्यवस्थाको विरुद्ध जानु हो भन्ने विचार उठेकोले नै हुन सक्तछ ब्रह्मवादीहरूका आधिकारिक पुरुष, दक्ष प्रजापतिले उहाँलाई निर्लज्ज भनी गाली गरेको । त्यस्तै कर्महीनको अर्थ हो निष्कर्म वा

कर्मवाद र कर्मकाण्डमा विश्वास नराख्ने पुरुष। शङ्कर रुद्र निवृत्त मार्गमा लागेर ब्रह्मवादीहरूको प्रवृत्त मार्गको आलोचना गर्नु हुन्थ्यो। यो कुरा लिङ्ग पत्तनको समयमा ब्रह्मवादीहरूलाई उहाँबाट भएको प्रवचनबाट पनि पुष्टि हुन्छ। उहाँको सिद्धान्त अनुसार इच्छाले कर्मतिर प्रवृत्त गराउँछ, कर्मले भोग गराउँछ र भोग छउन्जेल मुक्ति प्राप्त हुँदैन। तर निष्कर्म भएमा भोग गर्नु पर्दैन, भोग नभएपछि भवबन्धनबाट मुक्ति मिल्दछ। तर ती ब्रह्मवादीहरू मुक्तिमा भन्दा यस लोकमा सुख मरेपछि स्वर्ग भन्ने सिद्धान्त लिने भएकाले यस लोकमा सुख र परलोकमा स्वर्ग प्राप्तिको लागि कर्म गर्नुपर्दछ भनेर जोड दिन्थे। यसरी ब्रह्मवादीहरू प्रायः कर्मवाद र कर्माण्डमा लागेकाले शिवको निष्कर्मवादको विरोध गर्दथे। यथार्थमा शिवको (रुद्रको) निष्कर्मवादको अर्थ कर्मको त्याग हो, क्रियाहीन हुनु होइन। कर्म, कार्य र क्रिया यी ३ वटै शब्दहरू पर्यायवाची हुन् अर्थात् यो सबैको साझा अर्थ हो गर्नु। वास्तवमा इच्छाद्वारा प्रेरित क्रुयालाई कर्म भनिन्छ भने इच्छा रहित स्वाभाविक क्रियालाई कार्य भनिन्छ। अर्थात् इन्द्रिय सुखको लागि गरिने क्रियालाई कर्म तथा स्वाभाविक आवश्यकता पूर्ति गरिने क्रुयालाई कार्य भनिन्छ। शिवले इच्छाद्वारा प्रेरित कर्मलाई त्याग्न् भनेको हो स्वाभाविक आवश्यकता पूर्ति गरिने कार्य नगर भनेको होइन। उहांको निवृत्त मार्गको उद्देश्य यही थियो।

नीतिको हँस्सी उडाउने, द्विजनिन्दक, कुलजन्महीन– यी शब्दहरू पनि दक्षले शङ्कर रुद्रलाई गाली गरेका अरू महत्वपूर्ण शब्दहरू हुन्। नीतिको हंस्सी उडाउने भन्दा सबै नीतिको हँस्सी उडाउने भन्ने अर्थ होइन। शंकर रुद्रले तत्कालीन ब्रह्मवादीहरूका अव्यवहारिक नीतिहरूको नै हँस्सी उडाउनु भएको मान्नु पर्दछ। समय सुहाउँदो नीति अपनाउन सकिएन भने स्वयं धर्मको व्यवस्थामा समेत आँच आउन सक्तछ। ब्रह्मवादीहरू परम्परावादी भएर गएकाले उनीहरू परम्परागत नीतिलाई नै धर्म सम्झन्थे। तर धर्म र नीति फरक कुरा हुन्। धर्म सनातन हो भने नीति परिवर्तनशील हुन्छ। धर्मको लागि नीति हुनुपर्ने, नीतिको लागि धर्म होइन। खासगरी तत्कालीन ब्रह्मवादीहरूले चलाएका जन्म अनुसारको वर्ण मान्नु पर्ने, ब्राह्मण जातलाई सबैले मान्नु पर्ने, छाला जस्तो मृत वस्तुहरूको प्रयोग गर्नु नहुने, श्मशानको संसर्ग गर्न नहुने, तल्लो जातका (वर्णका) मानिसहरूको संसर्गमा बस्नु नहुने, वस्त्र हीन हुन नहुने, कर्मकाण्ड त्याग्न नहुने, छुवाछुत गर्नु नहुने, कर्ममा लाग्नु पर्ने, संस्कार छोड्न नहुने आदि जस्ता नीतिहरूको नै शंकर रुद्रले हँस्सी उडाएको हुनुपर्दछ।

त्यस्तै समाजमा चलिरहेको ब्राह्मणहरूको प्रवृत्त मार्गको व्यवस्थाको पनि

आलोचना गर्न हुँदा नै शिवलाई द्विजनिन्दक भनी आक्षेप गरिएको हुनुपर्दछ। यस सम्बन्धमा यसै वर्णनमा दक्ष प्रजापतिका गालीका शब्दहरू सहन नसकेर शिवका अनुयायी नन्दीकेश्वरले पनि दक्ष प्रजापति र तिनका अनुयायी ब्राह्मणहरूलाई तिमीहरू वेदको सार नबुझ्ने भनी गाली गरेको तथा रुद्रगणलाई दक्षले वेद बाह्य गरेको कुरा पनि प्रासंगिक हुन आउँछन्। यी दुई थरीका वादप्रतिवादका शब्दहरूबाट पनि शैव र ब्राह्मणहरूका बीच चलेको द्वन्द्वको चित्रण झल्किन्छ तथा यसबाट पनि शंकर रुद्र र उहाँका अनुयायी शैवहरू द्विजनिन्दक हुनाको कारण झल्किन्छ। विशेष गरी शिवका अनुयायी शैवहरू र दक्ष प्रजापतिका अनुयायी ब्राह्मणहरू दुवै वेदलाई मान्दथे तापनि शैवहरू वेदको सारस्वरूप वेदान्तलाई महत्व दिई ज्ञान मार्गमा लागेका थिए भने ब्राह्मणहरू वेदमा उल्लेखित उपासना तथा कर्मकाण्डको पक्षमा ढल्केर कर्मवादमा लागेका थिए। यसैले यी दुई थरीको आपसमा मतभेद हुन गएको मान्नुपर्दछ।

यसै गरी दक्षले रुद्रलाई कुलजन्महीन भनेर गाली गरेको शब्दबाट पनि भगवान् रुद्रसँग दक्षको मतभेद रहेको देखिन्छ। हुन त शंकर रुद्र कसैको कुलमा जन्मनुभएको होइन, उहाँ त स्वयं प्रकट हुनु भएको हो, यसैले उहाँलाई कुलजन्महीन भनिएको भनी विश्वास गर्नेहरू पनि छन्। तर त्यसरी स्वयं प्रकट हुने अलौकिक पुरुषलाई त देवता नै भनेर सम्मान गर्नुपर्ने थियो, कुलजन्महीन भनी गाली गर्नु पर्ने थिएन। यस सम्बन्धमा खास गरी कश्यप ऋषिकी पत्नी सुरभिको गर्भबाट रुद्र जन्मेको वर्णन शिव पुराण आदिमा उल्लेख भएकोले उहाँलाई कुल र जन्म नभएको भन्न मिल्ने देखिदैन। अतः उहाँलाई कुलजन्महीन भनेर होच्याएर प्रयोग गरेको शब्दको अर्थ जून कुलमा जन्मेको हो त्यस्तो कुलको परम्पराबाट हीन भएर गएको भन्ने बुझिन्छ। यस अर्थबाट पनि शंकर रुद्र ब्राह्मणहरूको परम्पराबाट अलग्गिएर जानु भएको देखिन्छ जुन कुरा प्रजापति दक्ष जस्तो कट्टर ब्रह्मवादीलाई सह्य हुन सकेन।

वर्णनभित्र अर्को महत्वपूर्ण कुरा हो ती रुद्रको साक्षी स्वभाव। आफूलाई दक्ष प्रजापतिले गाली गरेका शब्दहरू तथा दक्ष र नन्दिकेश्वरको बीच भनाभन भई रुद्रगणहरूलाई दक्षले वेदबाट बाहिर निकालेको यी सबै कुरालाई उहाँले द्रष्टाभावले हेरिरहनु भयो। दक्षले त्यसरी आफूमाथि मनपरी शब्दहरू फलाक्दा पनि उहाँले कुनै प्रतिक्रिया दर्शाउनु भएन, न नन्दिकेश्वरकै पक्ष लिएर केही बोल्नु भयो। दुवैका क्रोधलाई उहाँले साक्षी भावले हेर्नु भयो र अन्तमा नन्दिकेश्वरलाई नै तिमीले व्यर्थै ब्रह्मकुललाई गाली गर्‍यौ, दक्ष आदिले भ्रमवश मलाई गाली गरेका

हुन्, तिमी आत्म ज्ञानी हुनू भनी उपदेश दिनुभयो । हुन पनि सबै ब्राह्मणहरू दक्ष जस्तै कट्टरपन्थी थिएनन् । स्वयं ब्रह्मा नै शिवलाई आदर गर्ने भैसकेका थिए । अतः दक्ष, भृगु जस्ता केही कट्टर ब्राह्मणहरूले शिवगणलाई गाली गरे भन्दैमा नन्दिकेश्वरले सबै ब्राह्मणजातिलाई नै गाली गर्नु उचित थिएन । विशेषतः त्यस्तो द्वन्द्वको समयमा पनि ती रुद्रको विवेक जागरण हुन सक्नु उहाँ त्यस वखत सम्ममा क्लेशलाई पूर्णतः भग्न गर्न सक्ने भगवान् भैसक्नु भएको उदाहरण मान्नु पर्दछ । अर्थात् उहाँ तमोगुणबाट रजोगुण, रजोगुणबाट सत्वगुण मात्र होइन सत्वगुणबाट पनि माथि गुणातीततिर बढिसकेको मान्नु पर्दछ ।

यसैगरी प्रजापति दक्षले एकपल्ट कनखल तीर्थ भनिने गङ्गाद्वारमा ठूलो यज्ञ गर्दा रुद्रलाई नबोलाएकोमा दधीचिमुनिले घोर विरोध गरेको वर्णन पनि आउँछ । ती मुनिको विरोधको खलबलीले गुरुब्रह्मा पनि डराई त्यहाँबाट अन्यत्र लागिसकेका थिए । दधीचिमुनि जस्ता ठूला व्यक्तित्वले पनि शङ्कर रुद्रको पक्ष लिई दक्षको विरोध गरेबाट भगवान रुद्रको प्रभाव निकै बढिसकेको जानकारी हुन्छ । यहाँ पनि दक्षले उहाँलाई कपाली, भूतपिशाचका अधिपति, दुर्गम, आत्म-सम्भावनाले युक्त, मूर्ख, स्तब्धी, मौनी, कर्ममा अयोग्य, मिथ्यावादमा लाग्ने आदि शब्दहरू प्रयोग गरेपछि दधीचिमुनि धर्मपरायण ब्रह्मवादी विद्वान्हरू शङ्कर रुद्रकै स्तुति गर्दछन् भन्दै यस्तो यज्ञमा बस्न् छैन भन्ने विचारले त्यहाँबाट उठेर गए। त्यस्तै शिवका समर्थक अरू मुनिहरू पनि उठेर गए । यसबाट बुझिन्छ सबै ब्रह्म-वादीहरू, सबै ब्राह्मणहरू रुद्रका विरोधी थिएनन् । जो ब्राह्मणहरू धर्मपरायण थिए, विद्वान् थिए उनीहरू त उहाँकै समर्थक थिए । केवल त्यस्ता ब्राह्मणहरू जो धर्मलाई सहीरूपमा बुझ्दैनथे, जो अहंकारी थिए, कट्टर पन्थी थिए तिनीहरू नै उहाँको विरोधमा रहेका थिए । अतः उस बखतमा पनि उदारवादी ब्राह्मणहरू नभएका होइनन् तथा सारा ब्रह्मकुल नै दक्षको अनुयायी भई शङ्कर रुद्रको मतको विरोधमा गएका थिएनन् भन्ने कुरा यस वर्णनबाट बुझिन्छ ।

तर यसरी शङ्कर रुद्रका समर्थकहरू यज्ञस्थलबाट उठेर गए तापनि प्रजापतिको उपाधिले प्रमत्त दक्षले अन्य ऋषिमुनिहरूद्वारा यज्ञ प्रारम्भ गरे । आखिर यज्ञ गरेको कुरा सतीदेवीले चाल पाई यज्ञस्थलमा आई शङ्करलाई नबोलाएको कुरालाई लिएर तिपा दक्षसंग विरोध जनाउँदा दक्षका वचनहरू सहन नसकी आफ्नो प्राण नै त्यागि दिइन् । यस घटनाले गर्दा आफ्ना रुद्रगण पठाई भगवान्ले दक्षको यज्ञ ध्वस्त पारी दिनु भयो । यो देखेर स्वयं ब्रह्माजी दक्षलाई क्षमा गराउन कैलाशमा गई ती रुद्रलाई प्रार्थना गर्न गए । अनि ब्रह्माको साथमा रूद्र आउनु भएपछि दक्षले

पनि उहाँको स्तुति गरे । आखिर करुणाले युक्त भएर उहाँले दक्षलाई प्राण दान दिदै कर्म भन्दा ज्ञान ठूलो छ भन्ने उपदेश दिन् भयो । यसरी जसको दुर्व्यवहारबाट सतीदेवीको देहान्त समेत हुन गयो त्यस्ता दक्षलाई उसको गर्व चूर्ण गर्नुको , साथै अन्त्यमा उसलाई ज्ञानको कुरा पनि बोध गराउन सक्न् यो उहाँको परम स्वभाव मात्र् पर्दछ ।

माथिको वर्णनमा दक्ष जस्तो शिव तथा शिवगणका द्रोहीलाई अन्त्यमा भगवान्‌ले क्षमा दिई ज्ञानको उपदेश दिएको कुरा उल्लेख गरियो । तर शिवलाई विरोध गर्ने ब्राह्मणहरू अझै बाँकीरहेको कुरा लिङ्गपत्तन र सांख्ययोगको उपदेश सम्बन्धी १२ औं वर्णनबाट ज्ञान हुन्छ । सतीदेवीको देहान्त पछि शंकर रुद्र पुनः संसारदेखि विरक्त भई दिगम्बररूपमा हिड्न लाग्नुभयो र यसरी उहाँ दिगम्वर भएर हिड्नु हुँदा स्त्रीहरू पछि लागेको देखेर त्यहाँ (दारुवन) ब्राह्मणहरूले रिसाई उहाँलाई गाली गरेको, ढुङ्गाले हानेको, पिटेको तथा उहाँको यौनलिंगमा समेत लठ्ठीले हानी आघात गरेको कुरा सो वर्णनमा उल्लेख गरिएको छ । यसबाट ती ब्राह्मणहरू अझै शिवको द्वेष गर्दथे भन्ने बुझिन्छ । तर जब ती उग्र ब्राह्मणहरूले शङ्कर रुद्रलाई आघात गरी गुरु ब्रह्मा छेउ गएर सबै कुरा सुनाउन गए तब गुरु ब्रह्माले तिनीहरूलाई ती व्यक्ति त उन्त्कृष्ट स्थान प्राप्त भएका पुरुष हुनुहुन्छ, उहाँ महादेव शिव हुनुहुन्छ, तिमीहरूले भूल गर्‍यौ, तिमीहरू गएर उहाँकहाँ क्षमा माग्नू र उहाँको पूजा गर्नू भनेर सम्झाएपछि तिनीहरूमा चेतना आयो र भगवान् रुद्रकहाँ गई क्षमा माग्न आए । यसै समयमा उहाँले तिनीहरूलाई साङख्ययोग (ज्ञान योग) को उपदेश दिनु भएको हो । सो उपदेश अनुसार केवल योग (कर्म) बाट परम पुरुषको दर्शन हुँदैन, त्यस्तै ज्ञान (वाह्य ज्ञान) बाट पनि । तर साङख्ययोग (अन्तर ज्ञान) बाट आत्म साक्षात्कार भई मोक्ष प्राप्ति हुन्छ । त्यस समयमा उहाँले भन्नु भएको थियो– कोही मलाई वेदबाट विरोधी भन्दछन्, तर म वेदमूर्ति हुँ, वेदको सही ज्ञाताले मात्र मलाई जान्नेछन् ।

ती ब्रह्मवादीहरूलाई साङख्ययोगको उपदेश दिन् भएपछि भगवान् शङ्कर हिमालयमा गई काम क्रोध लोभ मोह त्यागी तपस्यामा लाग्न् भएको कुरा अर्को वर्णनबाट ज्ञात हुन्छ । यसरी हिमालयमा बसी तपस्या कार्यमा लाग्दा राजा पर्वतकी छोरी पार्वती आई प्रकृतिबाटै सबै जगत्‌का कुराहरू भएका हुन् भन्ने साङख्य दर्शनमा आधारित कुराहरूमा भगवान् शङ्करसँग तर्क गर्दा भगवान्‌ले म प्रकृतिमा लिप्त नहुने ब्रह्म हुँ, मलाई वेदान्त दर्शनले मात्र जान्न सकिन्छ भनेर वेदान्त दर्शनको महत्व दर्शाउन् भएको कुरा उल्लेखनीय छ । वेदान्त वास्तवमा

महान् ज्ञान हो । किनभने वेदान्त दर्शनको ज्ञानले सांख्य दर्शनको समेत ज्ञान गराउँछ । यसरी वेदान्त सांख्य भन्दा व्यापक भएकोले यो दर्शन परमदर्शनको रूपमा मानिएको छ । वेदान्त दर्शनको महत्व दर्शाउन् भएबाट ती शङ्कर रुद्रको धर्मदर्शन पनि वेदान्त दर्शनसंग मिल्दो रहेछ भन्ने कुरा बुझिने मात्र होइन उहाँ स्वयं पनि प्रकृतिबाट अलग्गिएर ब्रह्मस्वरूपमा रहने पुरुष हुन् भन्ने पनि प्रष्ट हुन्छ । उदाहरणको लागि पछि उहाँ तपस्यामा लाग्दा झण्डै पार्वतीको हाव भावद्वारा उहाँलाई काम वासनामा आकर्षित गर्न खोजिएको थियो तर ती रुद्रको त्यसबखत तेस्रो आँखा खुलेकोले अर्थात् उत्पन्न कामलाई द्रष्टाभावले हेर्न सकेकोले प्रकृतिजन्य सो कामबाट उहाँ अलग्गिएर बस्न् सक्नु भयो र काम जस्तो विकारलाई निर्मूल पारी विजय प्राप्त गर्नुभयो । यथार्थमा यो उहाँको तपस्याको ठूलो परीक्षा थियो जसमा सफलता प्राप्त भई उहाँ काम–विजयी बन्नुभयो ।

यसपछिको अर्को (१४ औं) वर्णनमा भगवान् शङ्करले २ वटा महत्वपूर्ण विचारहरू प्रदान गर्नु भयो– १. स्त्री सङ्गतबाट हुने कामको दुष्परिणाम र २. सन्तान उत्पत्तिको लागि मात्र विवाह गर्ने । वास्तवमा उहाँ जीवनको प्रारम्भ देखि नै वैराग्य, ब्रह्मचर्य र संन्यासमा संलग्न थियो । पछि सतीदेवीसंग विवाह भयो तर सो विवाहबाट पनि उहाँ पूर्ण गृहस्थी हुन् भएन र घरबार विहीन जीवन नै बिताउन् भयो । आखिर सतीदेवीको देहान्तबाट ठूलो दुःखको अनुभव गर्नु पर्‍यो जसबाट नयाँ चेतना प्राप्त भई काम क्रोध लोभ मोह त्यागी हिमालयमा गई ध्यान र तपस्यामा लाग्नु भयो । त्यहाँ पनि देवताहरूद्वारा उहाँलाई पार्वती विवाह गर्न प्रस्ताव आउन थाले । उहाँले तिनीहरूलाई सम्झाउनु भएको थियो– स्त्री सङ्गतले काम वासना उत्पन्न हुन्छ । कामबाट क्रोध, क्रोधबाट मोह, मोहबाट भ्रम र भ्रमबाट बुद्धिनाश हुँदै अन्त्यमा तप नाश हुन्छ । यसरी सम्झाउँदा पनि नमानी ती देवताहरूबाट बारबार त्यही विवाह गर्ने कुरा अनुरोध गरिएकोले उहाँ ध्यान मग्न हुनु भयो र आत्मतत्वको चिन्तन गरी उहाँले फेरी भन्नुभयो– स्त्री सङ्गतको बन्धनबाट कहिल्यै उद्धार हुँदैन, यसबाट विषय वासना बढेर जान्छ तर तपाईं-हरूको प्रार्थना पूरागर्नु पनि मेरो कर्तव्य हो । अतः विषय वासनाको लागि होइन पुत्रोत्पादनको लागि मात्र पार्वतीसँग विवाह गर्न म सहमत हुनेछु ।

यसरी उहाँले विवाह सम्बन्धी नयाँ विचार प्रतिपादन गर्नु भएबाट उहाँमा विवाह सम्बन्धी एक विशिष्ट विचार उत्पन्न भएको ज्ञात हुन्छ । कामको लागि होइन सन्तानको लागि विवाह गर्ने भन्ने यो अवधारणा मानिसहरूको लागि उच्चस्तरको अवधारणा मान्नु पर्दछ । वास्तवमा विवाह धर्मको मार्गमा बाधा

होइन । विवाहबाट उत्पन्न हुने यौन कामना जुन हो त्यही मात्र बाधक हो । अतः जसले सन्तानको लागि मात्र यौन प्रयोग गर्दछ ऊ धर्मको मार्गबाट बाहिर गएको हुँदैन । तर जो काम वासना पूर्ति गर्न विवाह गर्दछ अथवा विवाह गरेर काम वासनाको लागि मात्र स्त्रीलाई प्रयोग गर्दछ ऊ नै धर्मको मार्गबाट बाहिर गएको ठहर्दछ । साधारण मानिसलाई यसरी विवाह गरी काम वासनाबाट अलग्गिएर रहन सजिलो हुँदैन । यस कारणले उहाँले स्त्री–सङ्गत अति डरलाग्दो भएको कुरा पहिले नै बताउनु भएको थियो । तर जो आफूमा उत्पन्न काम जस्तो विकारलाई द्रष्टा भावले हेर्ने प्रयास गर्दछ ऊ आफूमा उत्पन्न काम वासनाबाट पनि अलग्गिन सक्तछ । जो द्रष्टा भावले हेर्न सक्तैन ऊ नै स्वयं कामवासनामा लटपटिएर कामसँग एकत्व भई प्रकृतिस्थ हुन जान्छ । अतः द्रष्टाको क्षमता भएका पुरुषलाई स्त्रीको उपस्थितिले पनि बाधा उत्पन्न गर्न सक्तैन । अर्थात् विकारमाथि समता भावले हेर्ने प्रयास भएमा भगवान् शङ्करको त्यो विशिष्ट विचारलाई ग्रहण गर्न सक्ने क्षमता पनि उत्पन्न नहुने होइन भन्ने कुरा उहाँकै सफल तपस्याबाट पनि स्पष्ट हुन्छ । अतः शङ्कर रुद्रका यी दुइटै कुराहरू (१. कामको दुष्परिणाम र २. सन्तान उत्पादनको लागि मात्र विवाह गर्ने) महत्वपूर्ण हुन् । खासगरी धर्मको मार्गमा लाग्नेहरूको लागि यो अति मननीय कुराहरू हुन् । यी दुई विचारहरू प्रदान गरेपछि उहाँले पार्वतीलाई विवाह गर्नु भयो ।

माथिका यी दुई विचारहरू प्रदान गरेर शङ्कर रुद्रबाट पार्वती विवाह भएपछि उहाँले पार्वतीलाई प्रणव, श्रद्धा, आचार आदिबारे दिनु भएको उपदेश अर्को वर्णन (१५ औं) मा उल्लेख गरिएको छ यिनीहरूमा खासगरी प्रणवको उपदेश विशेष महत्त्वको छ । किनभने प्रणव भनेको ॐ हो र ॐ को अर्थ अ.उ. म. विन्दु र नाद हुन् अर्थात सृष्टि स्थिति लय तिरोभाव र अनुग्रह हुन् । अतः यही ॐ प्रकृतिभन्दा परम तत्त्व शिव भनेर मानिन्छ । आखिर संसार केहो ? सृष्टि, स्थिति र लय यी तीन कुराहरू नै संसार हुन् । किनभने संसारमा भैरहेका कुराहरू यिनै हुन् । यस प्रकारको संसार हुनाको कारण त्रिगुणात्मक प्रकृति हो र यो प्रकृति पनि जुन परम तत्त्वबाट अनुग्रहित भैरहेछ ती शिव हुन् । अतः प्रणव शिव स्वरूप हुन् । छोटकरीमा कुरा यति नै हो तर यसलाई व्याख्या गरेमा अनगिन्ति पानाहरू पनि हुन सक्तछन् । अतः यो विषय सूक्ष्म भन्दा सूक्ष्म स्थूल-भन्दा स्थूल मानिएको छ । यसैले यसको विशेष महत्ता भएको हो । यो विषय जगत् सम्बन्धी पञ्चकृत्यसँग पनि मिल्दो छ जुन अर्को वर्णन (१७ औं) मा उल्लेख गरिएको छ ।

अर्को वर्णन (१८ औं) मा ती शङ्कर रुद्रद्वारा पार्वतीलाई वर्ण अर्थात् ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र जन्मले होइन कर्मले हुने भनी व्यक्त गर्नु भएको विचार अहिलेको हाम्रो समाजलाई पनि आवश्यक हुने महत्त्वपूर्ण कुरा मान्नु पर्दछ। किनभने वर्ण र जातको भेदले हाम्रो समाज आजसम्म विकृत अवस्थामा रहेको छ उहाँ छुवाछुत नमान्ने विचारका भएकाले निम्न (तल्लो) जातका मानिसहरूको घरमा पनि जाने गर्नु भएको कुरा सतीदेवीलाई भक्तिसम्बन्धी उपदेश दिनु हुँदा बताउनु भएको वर्णन माथि गैसकेको छ। त्यस्तै उहाँ श्मशान जस्तो ठाउँमा पनि रहने गर्नु भएको कुराबाट पनि उहाँ छुवाछुत मान्नु हुन्न भन्ने कुरा स्पष्ट छ। यसको साथै यो वर्णनबाट उहाँ वर्ण जात अथवा जन्म अनुसार होइन कर्म अनुसार हुने तथा सबै वर्ण सबै जात समान हुन् भनेर मान्ने पुरुष हुन् भन्ने कुरा स्पष्ट हुन्छ। अतः जातपात तथा छुवाछुतको परम्परागत रोगलाई निर्मूल पार्न भगवान् शङ्करको धर्मको उपदेश तथा उहाँको व्यवहारको प्रचारले धेरै मद्दत मिल्नेछ र उहाँ जस्ता भेदभाव रहित धर्मपुरुषको उपदेशको पालन हुनु ज्यादै आवश्यक छ। तर दुःखको कुरा भनुं वा के भनुं यस्ता भेदभाव रहित परमपुरुष भगवान् शङ्कर शिवमा श्रद्धा गर्ने हामीहरू भने वर्णभेद जातभेद, कर्मभेद, छुवाछुत जस्ता कुकृतिलाई संस्कृति बनाएर ठूलासाना भन्ने भेदलाई मान्यता दिएर बसेका छौं। यो ठूलो विडम्वना हो। यस्तो हुनु शिवज्ञानको विपरित जानु हो तथा शङ्कर रुद्र माथि सही आस्था नहुनु हो।

भगवान् शङ्करबाट पार्वतीलाई भएको कर्मबन्धन र स्वर्ग तथा नरकको गतिवारेका उपदेशहरू पनि मननीय छन्। त्यसपछि कुमार र गणेशको जन्म वारेका वर्णनहरूबाट केही समय उहाँ गृहस्थमा रहनु भएको कुरा बोध गराउँछ भने पार्वतीको मोहवाट पन्छिन १२ वर्ष सम्म विभिन्न स्थलहरूको भ्रमणमा जानु भएको वर्णन (२१ औं) अनुसार केदार तीर्थको उत्पत्ति, उशना ऋषि (शुक्र) लाई संजीवनी विद्याको प्रदान, मङ्कण ऋषिलाई ब्रह्मलोक जाने सल्लाह, त्यस्तै (२२ औं) वर्णन अनुसार वेदवाह्यहरूको लागि कापालिक, नाकुल, वाम, भैरव, पूर्वपश्चिम, पञ्चरात्र, पाशुपत आदि शास्त्रहरूको निर्माण सम्बन्धी केही जानकारीहरू हुन्छन्। अर्को वर्णन (२४ औं) हो ईश्वरगीता सम्बन्धी। ईश्वरगीता अति महत्वपूर्ण मानिएको छ किनभने यो वदरीकाश्रममा सबै ठूला ठूला ऋषि, मुनिहरूको अगाडि भगवान् शङ्करद्वारा भएको आत्मवाद सम्बन्धी गहिरो प्रवचन हो। उहाँको धर्मदर्शन मुख्यतः यसै ईश्वरगीतामा प्रकाशित भएको छ। अध्याय ११ सम्म विस्तृत भएको यस महत्वपूर्ण गीतामा खासगरी अध्याय २ मा नै

उहाँले आत्मावारे आफ्नो दर्शनको सारांश यसरी व्यक्त गर्नु भएको छ– योग युक्त मुनिजन परमार्थतः आफ्नो आत्मालाई विकारहीन, निरद्वन्द, आनन्दस्वरूप एवं अव्यय भनी साक्षात्कार गर्दछन्। मानिसहरू म यो गर्दछु त्यो गर्दछु, म सुखी, म दुःखी, म स्थूल, म कृश आदि विचार गर्ने मतिलाई अहंकारले गर्दा आत्मा भनी मान्दछन्। तर वेदका विद्वान्हरू साक्षी (आत्मा) लाई प्रकृतिबाट पर, द्रष्टा, अक्षर, शुद्ध तथा सर्वत्र समभावले स्थित भन्दछन्। आत्मा प्रधान प्रकृति (पराप्रकृति चेतन र अपरा प्रकृति जड) को पनि कारण भएकोले यो अव्यक्त, नित्य र सत मानिन्छ। तर मानिसहरू यो आत्मा कूटस्थ र निरञ्जन भएर पनि प्रधान प्रकृतिको संगतले गर्दा तत्वतः अक्षर ब्रह्म हुन् भनी बुझ्दैनन्। अनात्मनि आत्म विज्ञानं अर्थात् जो आफू होइन उसलाई आफू ठान्नाले दुःख हुन्छ। किनभने यसबाट भ्रान्तिले बाँधिएर रागद्वेष आदि उत्पन्न हुन्छन्। (अतः आत्मा के हो बुझ्नु पर्दछ) आत्मा अद्वैत अर्थात् एकै हो। शक्ति स्वरूप माया (प्रकृति) ले गर्दा भिन्न देखिएको हो। जव आफूमा सबै प्राणीहरू तथा सबै प्राणीहरूमा आफू देख्दछ तव आत्माको पहचान हुन्छ। जब समस्त प्राणी एकतत्वमा स्थित भएको तथा यसबाट उनीहरूको विस्तार भएको अनुभूति हुन्छ उसै समयमा आत्मस्वरूप ब्रह्मको प्राप्त हुन्छ। जव परमार्थतः केवल आत्माको साक्षात्कार हुन्छ तब जगत्कृत्य माया मात्र भनी बोध हुन्छ। अनि ऊ (योगी) निवृत्त (कर्ममा नलाग्ने) हुन्छ। यसपछि जव ऊ जन्म, बुढापा, दुःख व्याधिहरूको एक मात्र औषधि केवल ब्रह्मविज्ञान भनी जान्दछ तब ऊ शिव बन्दछ। यसरी सबै नदी-नालाहरूको सागरमा एकता भए झैं आत्मा पनि अक्षर ब्रह्मसँग एकता हुन्छ। यो परम सांख्य (उत्तम ज्ञान) सम्पूर्ण वेदको सार हो। यसमा एकचित्त हुनु योग हो। यस प्रकारका सांख्य योगीलाई केही प्राप्त गर्नु पर्ने बाँकी हुँदैन।

ईश्वरगीताको अध्याय ३ मा उहाँले अव्यक्त (आत्मा) बाट काल, प्रधान (प्रकृति) र परम पुरुषको उत्पत्ति भएको तथा प्रकृतिबाट महत् (बुद्धितत्व) देखि विशेषसम्म अर्थात् अहंकार, इन्द्रियहरू, तन्मात्राहरू तथा तन्मात्राहरूबाट पञ्चमहाभूतहरू उत्पन्न भएको चर्चा गर्नु भएको छ भने अध्याय ७ मा प्रकृति र प्रकृतिबाट उत्पन्न २३ तत्वहरू (बुद्धि, अहंकार, ५ ज्ञानेन्द्रियहरू, ५ कर्मेन्द्रियहरू, मन, ५ तन्मात्राहरू– शब्द, स्पर्श, रूप, रस, गन्ध अनि ५ महाभूतहरू) सबै जीवलाई बाँध्ने पाशहरू हुन् अतः प्रकृति पाशहरूका कारण भएकोले यसलाई माया भनिन्छ तथा यो माया अव्यक्त शक्ति परमात्मामा नै स्थित हुन्छ भनेर बताउनु भएको छ। त्यस्तै उही शिव बन्धन, बन्धन गर्ने र उनी नै पाश तथा उनी नै पशु

भनी बोध गराउनु भएको छ। त्यस्तै अध्याय ८ मा महेश्वरका षडंग – सर्वज्ञता, तृप्ती, अनादिबोध, स्वतन्त्रता, नित्यअलुप्त शक्ति, तथा अनन्त शक्तिको साथै सात सूक्ष्म तत्वहरू– शब्द, स्पर्श, रूप, रस, गन्ध ५ तन्मात्राहरू र मन तथा जीवात्मा वारे उल्लेख गरी उहाँले महेश्वरनै ब्रह्मयोनिका पुरुष हुन् र उही सूक्ष्मभन्दा सूक्ष्म तथा महान्भन्दा महान् भनी बताउनु भयो भने अध्याय ९ मा माया (प्रकृति) निमित्त मात्र हो, यो अव्यक्त आत्मामा आश्रित छ अतः आत्मा नै जगत्को कारण हो जुन आनन्द, अविनाशी तथा ज्योतिस्वरूप परब्रह्म हो भनी दर्शाउनु भयो। त्यस्तै अध्याय १० मा ती ब्रह्म अलिङ्ग (निराकार) स्वरूप र अव्यक्त हुन्, यो परमतत्व शिव हो र शिवको ज्ञान नै वास्तविक ज्ञान हो, यही परम मुक्ति हो भन्ने कुरा पनि व्यक्त गर्नु भयो।

अन्त्यमा ११ औं अध्याय अर्थात् ईश्वर गीताको अन्त्यमा उहाँले अष्टाङ्ग योग सम्बन्धी चर्चा गर्नु भयो। योगको अर्थ यहाँ ज्ञानलाई उतार्ने उपाय भनिएको हो। अर्थात् उहाँले आत्मा सम्बन्धी जुन परमज्ञानको कुरा बताउनु भयो त्यसलाई साधकले आफूमा उतार्ने अथवा साक्षात्कार गर्ने उपाय के हो त्यसैको जानकारी योगबाट हुन्छ। यो योग अर्थात् ज्ञान उतार्ने उपायमा ८ वटा कुराहरू भएकाले यसलाई अष्टाङ्ग योग भनिएको हो जुन यम (अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह), नियम (शौच, सन्तोष, स्वाध्याय, तप, ईश्वरप्रणिधान), आसन, प्राणायाम (स्वासको गतिलाई रोकेर साक्षी भावले हेर्ने), प्रत्याहार (इन्द्रियलाई वशमा राख्ने), धारणा (ध्येय कुरालाई निश्चलगरी एकै स्थानमा राख्ने), ध्यान (धारणालाई निरन्तरता दिने), र समाधि (निर्विकार ध्यानको निरन्तरता) नामले प्रचलित छन्। भगवान् शङ्करले आत्मज्ञानका कुरामात्र बताउनु भएको होइन सो ज्ञानलाई उतार्ने अनुसरण गर्नु पर्ने बाह्य र अन्तर विधिहरू समेत सबैको लागि जानकारी दिनु भएको छ। यसमा यम र नियम २ वटा बाह्य योग हुन् भने आसन, प्रणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि यी ६ वटा अन्तरयोग सम्बन्धी कुराहरू हुन्। बाह्य उपायहरूमा सफलता नआइकन अन्तर उपायमा प्रवीणता आउँदैन। अतः प्रथमतः वाह्य उपायको नै अनुसरण गर्नुपर्ने हुन्छ। वाह्य उपायका आधारभूत कुराहरू यी यम, नियम अर्थात् अहिंसा सत्य अस्तेय ब्रह्मचर्य र अपरिग्रह तथा शौच सन्तोष स्वाध्याय तप र ईश्वरप्रणिधान यी १० वटा कुराहरूको पूर्णपालनविना संयममा लाग्न सकिन्न।

यम नियममा पनि पहिले यमकै पालना हुनुपर्छ किनभने यम अर्थात् अहिंसा, सत्य, अस्तेय ब्रह्मचर्य, अपरिग्रहको पालनाले मानिसको चरित्र शुद्ध गर्दछ।

यसरी यमको पालनद्वारा चरित्र शुद्ध भएर शौच सन्तोष स्वाध्याय तप र ईश्वर-प्रणिधान जस्ता नियमहरू पालन हुनु पर्दछ । त्यस्त शौच अर्थात् बाह्य शरीर र भित्री मन शुद्ध गरी आफ्नो अवस्था जस्तोसुकै भए तापनि संतोष मानेर रहने तथा आफैंले म को हुँ संसार के हो त्यसवारे अध्ययन गर्ने, चिन्तन मनन गर्ने र यो अभ्यासलाई प्रत्येक दिन नटुटाई तप गरी सदा ईश्वरमा आस्था राख्ने हुनु पर्दछ । नियममा ईश्वर प्रणिधान एक महत्वपूर्ण कुरा मानिन्छ किनभने ईश्वर-प्रणिधानको अर्थ कुनै देवताको मूर्तिमा अक्षताले पूजा गर्नु मात्र नभई यसको वृहत् अर्थमा ईश्वर सम्बन्धी ज्ञानलाई जानेर ईश्वरलाई श्रद्धा गर्नु भनेको हो । अर्थात् ईश्वर त्यो परम तत्व हो जसबाट यो जगत् उत्पन्न भयो जसद्वारा यो जगत्को पालन भइरहेछ र जसमा गएर जगत्का सबै कुराहरू लय भएर जान्छन् । अतः ईश्वर सबैका आत्मा हुन् तथा सबै प्राणी आत्मवत हुन् भन्ने कुरा बुझेर ती परमात्मालाई श्रद्धा गर्नु हो । वास्तवमा यस नियमका अरू कुराहरू जस्तै अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य अपरिग्रह तथा शौच संतोष स्वाध्याय तप आदि ९ वटा कुराहरूबाट मानिस पाप कार्य नगर्ने भएर धर्मको मार्गमा लाग्ने हुन्छ तापनि ऊ अरूको वास्ता नगरी आफूमात्र धार्मिक वनेर गइरहेको हुन्छ । तर ईश्वरप्रणिधानबाट भने सबै प्राणी आत्मवत् सम्झने भावना जागृत भएर मानिसले आफ्नो तर्फबाट अरूको लागि पनि केहि दिने अर्थात् अरूमाथि करुणा देखाउने, दया गर्ने भावनाहरू समेत वृद्धि हुन्छ । यसबाट मुक्ति धर्मको साथै करुणा वा सेवा धर्मको पनि अभिवृद्धि हुन्छ । अतः ईश्वरप्रणिधानको विशेष महत्व भएको हो ।

यसपछि अन्तरयोग सम्बन्धी आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि यी ६ वटा कुराहरूमा पनि आसन प्राणायाम र प्रत्याहार यी ३ वटा कुराहरू संयम सम्बन्धी बाह्य कुराहरू मानिन्छन् तथा धारणा, ध्यान, समाधि यी ३ कुराहरू मात्र संयम सम्बन्धी अन्तर कुराहरू मानिएका छन् । हुन पनि आसन स्थिर नभइकन प्राणायाम सफल हुँदैन, प्राणायाम सफल नभैकन प्रत्याहार (इन्द्रिय नियन्त्रण) सफल हुँदैन । जव यी ३ कुराहरूको सफलता हुन्छ तव धारणा, अनि ध्यान, अनि समाधितिर पनि अगाडि बढ्न सकिने हुन्छ । योगको लक्ष्य हो मुक्ति तथा उद्देश्य आत्मसाक्षात्कार गर्नु । विना संयम अर्थात् धारणा, ध्यान तथा समाधि आत्म साक्षात्कार हुँदैन । अतः जो शिवमा विश्वास गर्दछ तथा शङ्कर रुद्रमा आस्था राख्दछ उसको धार्मिक कार्य पहिले यमबाट शुरु हुन् पर्दछ अर्थात् अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यी ५ कुराहरूको पालन हुनु आवश्यक छ त्यसपछि नियम अर्थात् शौच सन्तोष स्वाध्याय तप र ईश्वर-प्रणिधानमा लाग्नु

पर्दछ । यी दुई कुराहरू यम र नियमको दृढताको साथ पालन भएमा त्यसपछि संयम अर्थात् आसन, प्रणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधिमा क्रमशः अघिबढ्नु उचित हुनेछ । किनभने अष्टाङ्गयोगमा दिइएका ८ विधिहरू एकपछि अर्को क्रमशः सफल भएर जाने कुराहरू हुन् । यस नियमको पालन विना सोझै संयमका विषय ग्रहण गर्न खोजेर योगको सही अर्थ निस्कँदैन तथा त्यसबाट कुनै सफलता मिल्न सक्तैन । मुख्य कुरा आधार नै बलियो हुनु पर्दछ र यो आधार हो यम नियम पालन हुनु । आधार बलियो भएमा कार्य सफल हुन्छ । कार्य सफल भएमा उद्देश्य हासिल हुन्छ । अतः भगवान् शङ्करको आत्मवादको ज्ञान र त्यसलाई आफूमा उतार्ने प्रविधि अष्टाङ्ग योगलाई अनुसरण गर्ने तरिकालाई समेत यस प्रकार बुझ्नु आवश्यक देखिन्छ ।

यसपछि ती शङ्कर रुद्रको विभिन्न सुर तथा असुरहरूसँग भएका युद्धहरू सम्बन्धी वर्णन आउँछ । तीमध्ये अन्धक, सोम, त्रिपुरासुर, शङखचूड आदि सँग भएका भिन्ना भिन्नै युद्धहरू उल्लेखनीय छन् । वर्णन अनुसार हिरण्याक्षका छोरा अन्धक भगवान् शङ्करको १२ वर्षसम्मको जगत् भ्रमणको अन्त्यतिर पार्वतीलाई हर्ने उद्देश्यले आउँदा उनीसँग शङ्करको युद्ध भएको र शङ्करले अन्धकलाई आफ्नो त्रिशूलको अगाडि संस्थापित गरी ज्ञानको उपदेश द्वारा उनमा विज्ञान पैदा गराई दिएकोले ती अन्धकको आत्मपरिवर्तन भई शिवको गाणपत्य प्राप्त गर्न सक्यो । यसरी भगवान् शङ्करले शत्रुलाई हिंसाद्वारा वध गर्नु भन्दा आफ्नो ज्ञानको प्रभावद्वारा शत्रुको विकृत स्वभावलाई मात्र वध गर्नु धर्मको दृष्टिकोणले धेरै महत्वपूर्ण कुरा मान्न पर्दछ । त्यसपछि अर्को वर्णनमा राजा सोमले अन्यायपूर्वक गुरुपत्नी हरेकोमा कसैले सोमको विरूद्ध गुरु (वृहस्पति) लाई सहयोग गर्न अघिनसरेको र सम्झाउँदा पनि सोम नमानेकोले शङ्कर स्वयं अघिसरी सोमसँग युद्ध गरी गुरुकी पत्नी तारालाई गुरुको हात पारिदिएको कुरा उल्लेख छ । वर्णन अनुसार सोमलाई श्राप पनि मिल्यो । श्रापले गर्दा सोमलाई यज्ञमा भाग पनि मिलेन साथै राजयक्ष्मा जस्तो रोग समेत लाग्यो । यस वर्णनबाट भगवान् शङ्कर अन्यायको स्थिति आउँदा तथा ज्ञानको उपदेशबाट काम नहुने भएमा युद्धद्वारा भएपनि अन्यायीलाई परास्त गर्नु हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यस्तै त्रिपुर संहार सम्बन्धी अर्को वर्णनमा विद्युत्माली र तारकाक्षको वध हुनु तर मयको वध नहुनु पनि मय धर्ममा लागेको व्यक्ति हुनाले हो । यसबाट शङ्कर रुद्र धर्मोन्मुख व्यक्तिलाई युद्धमा आएपनि बचाउनु हुन्छ भन्ने कुरा पनि स्पष्ट हुन्छ । यसपछि शंखचूड वध सम्बन्धी वर्णन धेरै महत्वपूर्ण छ कारण यसमा

देवता र दानवहरूको युद्धको बीचमा शङ्कर रुद्र मुछिन नहुने कुरा शंखचूडका दूतले व्यक्त गरेको अति तार्किक देखिन्छ । हुन पनि सुर असुर यी दुई जातिमा सुरहरूमात्र असल असुरहरू सबै खराब भन्न मिल्दैन। वास्तवमा दुवै आस्तिक नै थिए । दुवैले शिवलाई मान्दथे । देवताहरूले नै मधुकैटभ जस्ता दानवहरू-लाई छलद्वारा मारे, दानव राजा वलिलाई पनि छलैद्वारा पाताल पठाइयो, हिरण्याक्ष र हिरण्यकश्यपु तथा शुम्भ आदिलाई पनि मारे, त्रिपुरासुरलाई भस्म गरे, समुद्रमन्थनको अमृत पनि देवताहरूले पिए । यी सबै देख्ता देख्तै पनि देवदानवको युद्धमा भगवान् शङ्कर शंखचूडको विरुद्ध उत्रनु नहुने देखिन्छ । तर भगवान्‌ले सो दूतलाई दानवहरूले देवताहरूसँग वैरभाव त्यागी उनीहरूको राज्य फिर्ता गरिदिएमा दुवैको कल्याण हुन्छ भनेको कुरा तिनीहरूले नमानेकाले म देवताहरूको प्रार्थना अनुसार तिनीहरूको तर्फबाट युद्ध गर्न तयार भएको हुँ भनी भन्नुभयो । यसबाट सुर र असुर दुवै शङ्करको लागि प्रिय भएपनि असुरहरू बढी अहंकारले युक्त भई कल्याणको कुरा समेत नमान्ने भएकाले आखिर उहाँले सुरहरूको पक्षमा युद्धमा सरीक भै असुरहरूको राजा शंखचूडलाई वध गर्नु परेको हो भन्ने कुरा स्पष्ट हुन्छ ।

अन्त्यमा, ब्रह्मको शक्ति बोध गराएको सम्बन्धमा उल्लेख भएको छोटो तथा अन्तिम वर्णन पनि विशेष महत्वको मान्नु पर्दछ । किनभने परमात्मा शिव दानवहरूद्वारा देवताहरूमाथि भैरहेको अन्याय दूर गर्न नै यस लोकमा रुद्र नामले जन्मनु भएको कुरा शुरूको वर्णनमा उल्लेख भएको छ। सो अनुसार भगवान् शङ्कर रुद्र लोकमा जन्मेपछि उहाँबाट लोकमा विभिन्न कृयाकलापहरू हुनुको साथै धर्मका उपदेशहरू बताई, दानवहरू तथा दानवी कार्यहरू नाश गरी धर्मको रक्षाको साथै सुरहरूको रक्षा गर्नु भयो । तर उहाँको धर्मकार्यद्वारा यसरी देवताहरू सुरक्षित भएपछि देवताहरूले उहाँको गुणलाई बिर्सेर देवताहरूले आफ्नै पराक्रमद्वारा दानवहरूलाई हराएको भन्ने सम्झे। यसरी देवताहरू अहंकारमा आएपछि यी कृतघ्नहरूलाई होशमा ल्याउन भगवान्‌ले यक्षको भेष धारण गरी अर्को चाल चल्नुभयो । त्यो चाल हो घाँसद्वारा ब्रह्मको शक्ति बोध गराउनु । हुन पनि यी देवताहरूले एक टुक्रा घाँस पनि उठाउन सकेनन्, एक टुक्रा घाँस पनि जलाउन सकेनन् । किनभने तिनीहरूको शक्ति नै उहाँले निस्कृय पारी दिनुभयो। आखिर उनीहरूको मुखै नहेरी भगवान् त्यहाँबाट जानुभयो । देवताहरूले चिन्न सकेनन् उहाँलाई । बल्ल पछि पार्वतीद्वारा थाहा पाए, उहाँ त शङ्कर रुद्र पो रहेछन्, उहाँले तिनीहरूलाई ब्रह्मशक्ति बोध गराउनु भएको रहेछ । अनि

देवताहरूलाई आफ्नो अहंकारको होश भयो तथा शङ्कररले गर्दा नै दानवहरू माथि विजय भएको कुरा ज्ञान भयो, चेतना भयो । तर त्यतिन्जेल शङ्कर रुद्र देवताहरूको पहुँचबाट धेरै टाढा गइसक्नु भएको थियो, नजाने कता कता । शायद त्यसपछि कसैले उहाँलाई देख्न सकेनन्, केवल भक्तको ध्यान, समाधि, तपस्या सुदृढ हुँदा मात्र प्रत्यक्ष हुने भइदिनु भयो । वास्तवमा जे भैरहेछ त्यो ब्रह्मको शक्तिले भैरहेछ । किनभने ब्रह्म परमतत्व हो । अतः यो परमतत्व नै सबै कुरा हुन्।

परमतत्वले साथ दिएमा सफलता हुन्छ नत्र हुँदैन । तर प्रयास आफूबाट भने हुनै पर्दछ र सफलता उसैलाई छोडिदिनु पर्दछ। यसमा मैले गरें, मैले सफलता हासिल गरें भनेर गर्व गर्नु हुँदैन । यदि गर्दछ भने उसले परमात्मा तथा उसको शक्तिलाई बिर्सेको हुन्छ । देवताहरूले परमात्मालाई बिर्सेको हुनाले नै उनीहरूमा अहंकारको भाव उठेको हो । दानवहरूमा अहंकार भएकोले शङ्कर रुद्रले देवताहरूलाई साथ दिएका थिए । तर देवताहरूको पनि अहंकार रहेछ । फरक के भने दानवहरूको अहंकार तामस र राजस हुन् भने देवताहरूको अहंकार राजस र सात्विक हुन् । तामस र राजस अहंकार भएकाले दानव अथवा असुरहरू खराब थिए भने उनीहरूको तुलनामा देवता अर्थात् सुरहरू सात्विक अहंकारले गर्दा असल स्वभावका थिए तर उनीहरूमा पनि गर्वको भावना हुने भएकोले उनीहरू बराबर परमतत्व परम आत्मालाई समेत बिर्सने भएका हुन् ।

२. देवता रुद्र

(ख) वेदस्तुत रुद्र

ऋ
अ

(ऋ
अगि

मेध
जस
औष
भए
यज्ञ
ला
हरू

हे अ
आ
रुद्र
वि
मह

वेदस्तुत रुद्र

ऋग्वेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी अन्य उल्लेखहरू:–

प्रथम मण्डल, प्रथम अष्टक, प्रथम अध्याय, छैठौं अनुवाक सूक्त, २७ (ऋषि– शुनःशेप आजीगर्ति । देवता– अग्नि, विश्वदेवा)– हे स्तुतिहरूका ज्ञाता अग्नि । हामीलाई मनुष्यहरूका पूज्य रुद्रको लागि सुन्दर स्तोत्रको प्रेरणा देउ । १० ।

आठौं अनुवाक, सूक्त ४३ (ऋषि– कण्वो घोर । देवता रुद्र, मित्रावरुणो)– मेधावी तथा अभीष्ट वर्षक रुद्रकोलागि कुन शुभकारी स्तुतिको पाठ गरूँ ।१। जसबाट पृथ्वी हाम्रा पशु, मनुष्य, गाई, सन्तान आदिको निमित्त औषधि उमारून् । २। जसबाट मित्र, वरुण र रुद्र देवताहरू तथा समान वृत्ति भएका अन्य सबै देवताहरू हामीसँग सन्तुष्ट होउन् । ३। हामी स्तुतिहरूलाईबढाउने, यज्ञका स्वामी तथा सुखस्वरूप औषधिहरूद्वारा युक्त रुद्रसँग आरोग्य र सुखको लागि प्रार्थना गर्दछौं । ४ । सूर्य सरह दमकने, सुन जस्तै चम्कने ती रुद्र देवताहरूमा श्रेष्ठ र ऐश्वर्यहरूका स्वामी हुन् । ५।

नवौं अनुवाक सूक्त ४५, (ऋषि– प्रस्कण्वः काण्व । देवता– अग्नि) – हे अग्नि ! वसुहरू अर्थात् अष्टवसु– ध्रुव (तारा), अध्वर (यज्ञ), सोम (चन्द्र), आप (जल), अनिल (वायु), अनल (अग्नि), प्रत्यूष (उषा) र प्रभास (प्रभात); रुद्रहरू (एकादश रुद्र– अजैकपाद, अहिर्बुध्न्य, कपाली, पिंगल, विरूपाक्ष, भीम, विलोहित, शम्भु, त्रिअम्बक, शास्ता र भव; अष्टशिव– रुद्र, भव, शर्व, पशुपति, महादेव, भीम, उग्र, ईशान; पञ्चमहादेव– सद्योजात, वामदेव, तत्पुरुष, अघोर

र ईशान); र आदित्यहरू (बाह्र आदित्यहरू– इन्द्र, धाता, भग, त्वष्टा, मित्र, वरुण, अर्यमा, विवस्वान, सविता, पूषा, अंशुमान र विष्णु) लाई यस यज्ञमा पूजा गर। यज्ञयुक्त तथा घिउ र अन्नवर्धक मनु-पुत्र देवताहरूलाई पूजा गर। १।

एघारौं अनुवाक सूक्त ५८, (ऋषि– नोधा गौतम। देवता–अग्नि) – अमर अग्नि रुद्रहरू र वसुहरूका सम्मुख स्थान पाउने हुन् र यिनी यज्ञस्थानहरूमा उपस्थित रहन्छन्। प्रकाशयुक्त अग्नि यजमानहरूका स्तुतिहरू सुनेर मनुष्यहरूलाई बार बार धन प्रदान गर्दछन्। ३।

सोह्रौं अनुवाक, सूक्त ११४ (ऋषि– कुत्स अङ्गिरस। देवता-रुद्र) – महान् वीरहरूका स्वामी तथा जटिल रुद्रको निमित्त हामी स्तुतिहरू गर्दछौं। हाम्रा दोपायाहरू तथा चौपायाहरू सुखी होउन्। यस गाउँका वासी सबै प्राणी निरोग रही पुष्ट होउन्। १। हे रुद्र! दया गर, सुख देउ। तिमी वीरहरूका स्वामीलाई हामी नमस्कार गर्छौं। जुन भाँतिलाई यज्ञद्वारा मनुले पाएका थिए त्यसलाई हामी तिमीसँग प्राप्त गरौं। २। हे रुद्र! हामी तिम्रा उपासक देवार्चनद्वारा तिमी वीरहरूका स्वामीको दया दृष्टि पाऔं। तिमी हाम्रा सन्ततिलाई सुख देउ। हर्षित वीरहरूद्वारा युक्त हामी तिमीलाई हवि चढाउँछौं। ३। दिप्ति, यज्ञसिद्ध गर्ने, तेर्सो गति भएका मेधावी रुद्रलाई आपनो रक्षाको निमित्त हामी आह्वान गर्दछौं। उनी देवताहरूका क्रोधको निवारण गरून्। हामी ती देवको अनुग्रह चाहन्छौं। ४। हामी आकाशको घोररूप भएका, लाल वर्ण भएका, जटाधारी तथा महान् तेजस्वी रुद्रको नमस्कारपूर्वक आह्वान गर्दछौं। उनी वरणीय औषधिहरूलाई हातमा धारण गरी हामीलाई सुखी गरून् तथा आपनो रक्षा साधनहरूद्वारा निर्भय बनाउन्। ५। मरुद्‌गण (उनन्चास मरुद्‌गण) का पिता (पुर्षा) रुद्रको निमित्त यो मधूर स्तोत्र हामी उच्चारण गर्दछौं। हे अविनाशी रुद्र! हामीलाई सेवनीय पदार्थ प्रदान गर। हामीमाथि र हाम्रा सन्तानमाथि दया गर। ६। हे रुद्र! हाम्रा वृद्ध र बालक वृद्धि प्राप्त गरून्। युवावस्था प्राप्त हाम्रा छोराहरू नमार (नमरून्)। हाम्रो शरीरलाई संताप नदेउ। ७। हाम्रा पुत्र आदि सन्तान, नोकरहरू, गाईहरू तथा घोडाहरू नमरून्। हाम्रा वीरहरू नाश हुने गरी तिमी नरिसाउनू। हामी सदैव हवि दिंदै तिम्रो आह्वान गर्दछौं। ८। हे मरुतहरूका पिता रुद्र! पशु पाल्नेहरू आपना पशु जसरी आपना स्वामीलाई चढाउँछन् त्यसरी नै म तिम्रो लागि स्तोत्र भेटी चढाउँछु। तिमी हामीलाई सुख देउ। तिम्रो बुद्धि हाम्रो कल्याण गर्ने होस्। हामी तिमीसँग रक्षाको लागि प्रार्थना गर्दछौं। ९। हे वीरहरूका स्वामी रुद्र! (पापी) पशुहरू र मानिस-

हरूलाई मार्ने तिम्रो अस्त्र हामीबाट दूर रहोस्। हामीमाथि तिम्रो कृपा रहोस्। हामीमाथि दया गर र हाम्रो पक्ष लिएर हामीलाई सहारा देउ। १०। रक्षाको कामना गरी "रुद्रलाई नमस्कार छ" भन्ने वचन हामीले उच्चारण गरेका छौं। यी रुद्र मरुद्गण सहित हाम्रो आह्वानलाई सुनून्। मित्र, वरुण, अदिति, समुद्र, पृथ्वी र आकाशले हाम्रो यो प्रार्थनाको अनुमोदन गरून्। ११।

द्वितीय अष्टक, प्रथम अध्याय, १६ औं अनुवाक, सूक्त १२२ (ऋषि-कक्षीवान। देवता- विश्वदेवा) – हे द्रुतगामी मरुद्गण हामी रुद्रको लागि अन्नरूप हवि दान गर्दछौं। म ती आकाशका वीरहरू सहित तिनको स्तुति गर्दछु। उनी आकाश र पृथ्वीका वीरहरू समान अस्त्र धारण गरी शत्रुहरूलाई निरस्त्र गर्दछन्।

द्वितीय मण्डल, तेस्रो अनुवाक, सूक्त ३१ (ऋषि-गृत्समद, भार्गव, शौनक। देवता-विश्वदेवा)- अन्नको इच्छाले वनमा घुम्ने पक्षीहरू समान हाम्रो रथ (शरीर) एक दोस्रो स्थानमा प्राप्त हुन्छ। हे मित्रावरुण! (मित्र र वरुण देवता)! आदित्य, रुद्र र वसुहरू सहित तिमी त्यस समय हाम्रो रथ (शरीर) को रक्षा गर्दछौ।१। हे समान स्नेह गर्ने देवताहरू! अन्नको लागि गएको हाम्रो रथलाई रक्षा गर। यस रथका पाउहरू उच्च भूमिमा पनि चढ्दछन्।२।

चौथो अनुवाक, सूक्त ३३ (ऋषि-गृत्समद मार्गव शौनक। देवता रुद्र)- हे मरुद्गणका पिता रुद्र। तिम्रो सुख-दान हामीलाई प्राप्तहोस्। हामी सूर्यको दर्शनबाट कहिल्यै वञ्चित नहोऔं। हाम्रा वीर छोराहरू शत्रुहरूलाई सँधैं जितून्। हामी अनेक छोरा नाति भएका होउन्।१। हे रुद्र! हामी तिमीद्वारा प्रदत्त सुख दिने औषधिले सय वर्षको आयु भोग्न पाऔं। तिमी हाम्रा शत्रुहरू-लाई नष्ट गर। हाम्रा पापलाई बिल्कूल मेटी देउ। शरीरमा व्याप्त हुने सबै रोग-हरूलाई हामीबाट दूर गर।२। हे रुद्र! तिमी ऐश्वर्यवानहरूमा श्रेष्ठ हौ। तिम्रो हातमा वज्र रहन्छ। तिमी अत्यन्त वृद्धि प्राप्त हौ। तिमी हामीलाई पापबाट पार लगाउ। पाप हामीबाट सदा दूर रहोस्।३। तिमी अभिष्ट (इच्छित कुराहरू) वर्षा गर्ने हौ। हामी नियम विरुद्ध नमस्कार तथा भ्रमयुक्त स्तुति नगरौं र तिम्रो असहयोगको आह्वान गरी तिमीलाई कुपित नगरौं। तिमी श्रेष्ठ भिषक् (वैद्य) हौ अतः औषधिद्वारा हाम्रो सन्तानलाई बलवान् बनाउ।४। म हवियुक्त आह्वान-द्वारा बोलाइने रुद्रको क्रोध स्तुतिद्वारा निवारण गर्दछु। कोमल उदर तथा पीतवर्ण र सुन्दर नाक भएका शोभायमान रुद्र हाम्रो हिंसा (खराव) नगरून्।५। मरु-द्गणका जनक मानिने रुद्र अभिष्ट वर्षाउने (इच्छाएको कुरा पुऱ्याउने) हुन्। उत्तम अन्न देउ भनी तिमीसँग प्रार्थना गर्दछु। घामद्वारा व्याकुल मानिसले छायाको

सहारा ग्रहण गरे झैं म पनि पाप रहित भएर रुद्रले दिएको सुख ग्रहण गर्नेछु । म तिम्रो सेवा गर्नेछु ।६। हे रुद्र ! तिम्रो सुख दान गर्ने बाहु कहाँ छ ? त्यसद्वारा औषधि दिएर सबैलाई सुखी बनाउ । तिमी अभिष्ट वर्षाउन समर्थ छौ । मेरो पापलाई हटाई मलाई क्षमा दान देउ ।७। अभिष्ट (इच्छित कुरा) वर्षाउने, पीत वर्ण र श्वेत आभायुक्त रुद्रप्रति हामी महत्वपूर्ण वाणीद्वारा स्तुति गर्दछौं । हे स्तोता! तेजवान् रुद्रलाई नमस्कारद्वारा पूजा गर । हामी तिनका गुणहरूको गान गर्दछौं। ।८। वृहत् रूप भएका, दृढ शरीर भएका, विकराल, पीतवर्ण युक्त उज्ज्वल तेजद्वारा रुद्र प्रकाशित छन् । तिनी सबै भुवनहरूका स्वामी र भरण-पोषण गर्ने हुन् । तिनी सदा बलद्वारा युक्त रहन्छन् ।९। वसुधारी पूजनीय रूद्र ! तिमी अनेक रूपमा व्याप्त हुँदै रक्षा गर्दछौं । तिमी समान वलियो अरू कोही छैन ।१० ।

हे स्तोताहरू ! रथमा चढेका, विकराल रूप भएका, शत्रु संहारक ती प्रसिद्ध युवा रुद्रलाई स्तवन गर । हे रुद्र ! तिमी स्तुति गरेमा सुख दिने हौ । तिम्रो सेनाले हाम्रो शत्रुलाई संहार गरून् । ११। जुन प्रकारले पिताले आशिर्वाद दिंदा पुत्र नमस्कार गर्दछ त्यसै प्रकार हे रुद्र ! तिमी आउँदा हामी तिमीलाई नमस्कार गर्दछौं। तिमी अनेक धनहरू दिने र सज्जनहरूका पालक हौ । स्तुति गरिंदा तिम्रो दान चल्दछ ।१२। हे मरुद्गण तिम्रा स्वच्छ औषधि अत्यन्त सुखकारी छ । जुन औषधिलाई हाम्रा पूर्वज मनुले खोज गरेका थिए त्यो भयलाई नष्ट गर्ने थियो । त्यही औषधिको हामी अहिले इच्छा गर्दछौं ।१३। रुद्रको अस्त्र हामीमाथि नपरून् र तेजस्वी रुद्रको भीषण क्रोध-बुद्धि हामीतिर नपरोस् । हे वृष्टि गर्न समर्थ रुद्र ! आफ्नो यजमानप्रति धनुषको प्रत्यञ्चा रोक । हाम्रा छोरा नातिलाई सुख प्रदान गर ।१४। हे अभिष्ट वर्षा गर्न सामर्थ्य भएका रुद्र ! तिमी पहेंलो वर्ण भएकाले हाम्रो आह्वानलाई सुन्दछौ । हामी छोरा नाति सहित यस यज्ञमा तिम्रो स्तुति उच्चारण गर्दछौं ।१५।

तृतीयमण्डल, तृतीय अष्टक, प्रथम अध्याय, प्रथम अनुवाक, सूक्त ८(ऋषि विश्वामित्र। देवता- विश्वदेवा, युपन्नश्चन):- आदित्य, रुद्र र वसु राम्ररी संगत भै सूर्य मण्डल, पृथ्वी र अन्तरिक्ष तिनै स्थानमा व्याप्त होस् र यज्ञको पालन गरोस् । तिनीहरूले नै यज्ञ ध्वजारूप अग्निलाई बढाउन् ।८।

द्वितीय अध्याय, तृतीय अनुवाक, सूक्त ३२(ऋषि-विश्वामित्र। देवता-इन्द्र)- हे इन्द्र ! दुधादिद्वारा युक्त संस्कारित नवीन सोम (सोमलतालाई पिंधेर बनाएको रस) पिउ। तिम्रो प्रसन्नताको लागि हामी यसलाई चढाउदछौं । तिमी मरुद्गण

र रुद्रहरूका साथ तृप्त हुन्जेल सोम पान गर ।२। हे इन्द्र ! जो मरुदगण शत्रुलाई सुकाउने तिम्रो तेजलाई वृद्धि गर्दछन् ती मरुद्गण नैं तिम्रो बल बताउने पनि हुन् । यी मरुत नैं स्तुतिद्वारा तिम्रो युद्ध सामर्थ्यलाई बढाउँदछन् । तिमी वज्र धारण गरी सुशोभित शिरस्त्राण (पगडी) युक्त भई मध्य सवनमा (मध्याह्नमा हुने यज्ञ समयमा) रुद्रहरू सहित सोमपान गर ।३।

चतुर्थ मण्डल, पहिलो अनुवाक, सूक्त ३ (ऋषि वामदेव । देवता– अग्नि, इन्द्र)– हे पुरुषहरू ! देवताहरूलाई आह्वान गर्ने, यज्ञका स्वामी, आकाश पृथ्वीलाई अन्नले पूर्ण गर्ने, सुवर्ण समान आभा भएका तथा शत्रुलाई रुवाउन समर्थ रुद्र र अग्निदेवलाई मृत्युको पूर्व नै रक्षा प्राप्त गर्नको लागि पूजा गर ।१। हे अग्नि ! तिमी जब यज्ञमा बढ्दछौ त्यो कुरा (तिमीलाई नैं हामीले मुख्य मानेपछि हामीद्वारा गरिएका कर्मका कुरा) किन बताउँछौं ? महान् बली, शुभकारी, सर्वत्र गतिमान्, सत्यमा अग्रणी वायुलाई पनि त्यो हाम्रो कुरा किन बताउँछौं ? पृथ्वीका पापीहरूलाई संहार गर्ने रुद्रसँग त्यो कुरा (हामीद्वारा गरिएका कर्मका कुरा) किन भन्छौं ।६। हे अग्निदेव ! ती श्रेष्ठ एवं पालक पूषालाई, यज्ञका पात्र एवं हवियुक्त रुद्रलाई, धेरै स्तुतिहरूका पात्र विष्णुलाई तथा महान संवत्सर समक्ष त्यो कुरा (हाम्रा कर्मका कुरा) किन बताउँछौं ।७। हे अग्नि सत्यको कारण रूप मरुद्गणसँग त्यो कुरा (हाम्रा कुरा) किन भन्छौं ? सोधनी भए पनि सूर्यसँग, अदितिसँग तथा द्रुतगामी वायुसँग त्यो कुरा किन भन्छौं ? हे सबैलाई जान्ने मेधावी ! तिमी महान् कर्महरूलाई सिद्ध गर ।७८।

पाचौं मण्डल, प्रथम अनुवाक, सूक्त ३ (ऋषि वसुश्रुत आत्रेय । देवता अग्नि)हे अग्नि ! मरुद्गण तिम्रो आश्रय हेतु अन्तरिक्ष सोधन गर्दछन् । हे रुद्र ! विष्णु (व्यापक) भन्ने पद तिम्रो निमित्त अवस्थित भएको हो । त्यस रूपद्वारा तिमी प्रजाहरूको बलको पालन गर ।३।

चतुर्थ अष्टक, प्रथम अध्याय, तेस्रो अनुवाक, सूक्त ४१ (ऋषि–भौमोऽत्रि । देवता– विश्वदेवा)– हे अश्विद्वय (हे अश्विनी कुमारहरू)! तिमीहरू शत्रु दमन गर्नमा समर्थ छौ । हामी तिम्रा रथलाई वेगवान् गराउन बोलाउँदछौं । हे ऋत्विजहरू ! तिमीहरू तेजस्वी तथा प्राणलाई अपहरण गर्नमा समर्थ रुद्रको लागि हव्य र स्तुति प्रस्तुत गर ।३। ती दानशील मरुद्गणको स्तुति हामी कसरी गरौं ? कुन स्तोत्रद्वारा तिनीहरूको पूजा गरौं के वर्तमान स्तोत्रद्वारा मरुद्गणको स्तुति गर्नु सम्भव छ ? अहिर्बुध्न्यदेव (एकादश रुद्रको एक नाम) हाम्रो अमंगल नगरून् बरु ती देवले हाम्रा शत्रुहरूलाई संहार गरून् ।१६।

सूक्त ४२ (ऋषि–अत्रि । देवता–विश्वदेवा, रुद्र)– हे विज्ञ ! रुद्रको स्तुति गर । तिनका वाण शत्रुहरूलाई नाश गर्न समर्थ छन् । उनी सबै औषधिका स्वामी हुन् । ती जनकल्याण गर्ने शक्तिमान् तथा देहधारीहरूलाई प्राण दिने हुन् । ती रुद्र देवको यजन तथा सेवा गर ।११। हाम्रो स्तुति रुद्र पुत्रहरू (मरुद् गण)को समक्ष ठीक प्रकारले पुगून् । धनको कामना हामीलाई निरन्तर प्रेरणा दिइरहोस् । विचित्र वर्ण भएका घोडामा चढेर जो मरुतहरू (रुद्रका पुत्रहरू) चल्दछन् ती मरुद्गणको स्तुति गर ।१५।

चौथो अनुवाक, सूक्त ४६ (ऋषि–प्रतिक्षत्र आत्रेय । देवता– विश्वदेवा)– हे अग्नि, इन्द्र, वरुण र मित्र आदि देवताहरू ! तिमीहरू सबै हामीलाई शक्ति देउ । मरुद्गण, दुवै अश्विनी कुमारहरू, रुद्र पूषा, भग, र सरस्वती सबै हाम्रो स्तुतिद्वारा प्रसन्न होउन् ।

सूक्त ५१ (ऋषि–स्वस्त्यात्रेय । देवता–विश्वदेवा)– सबै देवताहरू यो यज्ञमा हाम्रो कल्याण गरून् तथा हाम्रा रक्षक बनून् । मनुष्यहरूमा प्रमुख तथा गृहदाता अग्निदेव हाम्रो कल्याण गरून् र रक्षक बनून् । तेजस्वी ऋभुगण हाम्रो मङ्गल गरून । रुद्र हामीलाई पापबाट बचाई मङ्गलकारी बनून् ।१३।

सूक्त ५२ (ऋषि–श्यावाश्व आत्रेय । देवता–मरुत)– जो प्रेरणावान् मरुदगणले हामीसँग बन्धुवत् वार्तालाप गरे तिनीहरू पृथ्वीलाई माता तथा पराक्रमी एवं शत्रुलाई रुवाउने रुद्रलाई आफ्नो पिता बनाएका थिए । ।१६। यस्ता सात गुणन सात (४९) शक्तिशाली मरुद्गणले एक–एक भएर हामीलाई सैकडौं ऐश्वर्य प्रदान गरून् । यिनीहरूद्वारा दिइएको प्रसिद्ध ऐश्वर्य हामी यमुना तटमा प्राप्त गरौं, उनीहरूको दानलाई हामी प्राप्त गर्ने होऔं ।१७।

छैठौं मण्डल, चौथो अनुवाक, सूक्त ४९ (ऋषि–ऋज्रिश्वा भारद्वाज । देवता विश्वदेवा)– हे स्तोता ! आफ्ना श्रेष्ठ स्तोत्रहरूद्वारा रुद्रलाई प्रसन्न गर । तिनलाई दिनमा र रातमा प्रवृद्ध गर ।१०। हाम्रा स्तोत्रहरूद्वारा स्तुत अहिर्बुध्न्य (एकादश रुद्रको एक नाम), पर्वत र सविता देवले जल र अन्न हामीलाई प्रदान गरून् । विश्वदेवा र भगदेवताले पनि अन्न र धन देउन् ।१४।

पाचौं अनुवाक, सूक्त ५० (ऋषि–ऋजिश्वाभारद्वाज) । देवता–विश्वदेवा)– हे देवगण ! हामीलाई पुत्रादिले युक्त धन देउ । आदित्य, वसु, रुद्र, मरुद्गण हाम्रो कामना पूर्ण गरी हामीलाई सुखी गरून् । ११। रुद्र, सरस्वती, विष्णु, वायु, ऋभु, र विधाताले मङ्गल गरून् । पर्जन्य (मेघ देवता) र वायु देवताले हाम्रो अन्नको

वृद्धि गरून् ।१२। अज, एकपाद, र अहिर्बुध्न्य, (एकादश रुद्रका तीन) पृथ्वी र समुद्रले हाम्रो स्तुति सुनून । यज्ञ कर्मलाई सम्पन्न गर्ने तथा स्तुत्य विश्वदेवले हाम्रो रक्षा गरून् ।

सूक्त ७४ (ऋषि–भारद्वाज वार्हस्पत्य । देवता सोमारुद्रो)– हे सोम र रुद्र ! हामीलाई महान् वल देउ । सबै यज्ञले तिमीहरूलाई व्याप्त गरून् । तिमीहरू सात रत्नहरू धारण गर्ने हौ । हाम्रो लागि मङ्गलकारी होउ र हाम्रा मानिसहरू र पशु-हरूलाई सुखी गर ।१। हे सोम र रुद्र ! हाम्रो घरमा घुस्ने रोगलाई दूर गर । दरिद्रता हामीबाट भागोस् । हामी अन्न प्राप्तिद्वारा सुख पाऔं ।२। हे सोम र रुद्र । हाम्रो शरीर रक्षाको लागि औषधि धारण गर । हाम्रा पापहरूलाई दूर गरी देउ ।३। हे सोम र रुद्र ! तिम्रा साथमा श्रेष्ठ धनू र तीक्ष्ण बाण छन् । तिमीहरू सुन्दर स्तुतिको इच्छा गर्दै हामीलाई सुख देउ । हामीलाई वरुण–पाशद्वारा पनि मुक्त गर ।४।

सातौं मण्डल, प्रथम अनुवाक, सूक्त १० (ऋषि वशिष्ठ । देवता–अग्नि) हे अग्नि ! वसुगणसँग मिलेर इन्द्रलाई बोलाउ । रुद्रहरूसँग मिलेर रुद्रको आहुत गर । आदित्यहरूसँग सुसंगत भई अदितिको आह्वान गर । अङ्गिराहरूसँग सुसंगत भएर वरणीय वृहस्पतिको आह्वान गर ।४।

द्वितीय अनुवाक, सूक्त ३४ (ऋषि–वशिष्ठ । देवता–विश्वेदेवा, अहिर्बुध्न्य)– हे अहिर्बुध्न्य (रुद्र) ! हामीलाई हिंसक माथि नसुम्पिनू । यज्ञ-कर्ताको यज्ञ व्यर्थ नहोस् ।१७।

सूक्त ३५ (ऋषि वशिष्ठ । देवता–विश्वेदेवा)– वसुहरू सहित प्रधान रुद्रदेव र नारीहरू सहित त्वष्टादेव हामीलाई शान्ति दिने होस् ।६। अज, एकपाद, अहि-र्बुध्न्य (रुद्रका नामहरू), समुद्र, अपान्नपात् र पृश्नि हामीलाई शान्ति प्रदान गरून् । १३। यो नवीन स्तोत्र हामीले रच्यौं । आदित्यगण, रुद्रगण र वसुगणले यसलाई सुनून् । आकाश पृथ्वी तथा समस्त यज्ञीय देवताले हाम्रो आह्वानमा ध्यान देउन् ।

सूक्त ३६ (ऋषि वशिष्ठ । देवता–विश्वेदेवा)– यजमान अन्नवान् रुद्रसँग मित्रताको कामना गर्दछ । स्तुतिहरूद्वारा प्रसन्न रुद्र अन्नदान प्रदान गर्दछन् । म उहाँ रुद्रलाई प्रणाम गर्दछु ।

सूक्त ४० (ऋषि वशिष्ठ । देवता–विश्वेदेवा)– अन्य सबै देवताहरू विष्णुका

अंशरूप हुन्। रुद्रले आफ्नो कृपा हामीलाई देउन्। हे अश्विद्वय ! तिमीहरू हाम्रो हव्य सम्पन्न घरमा आगमन गर ।

सूक्त ४१ (ऋषि वशिष्ठ। देवता–लिङ्गोक्त, भग, उषा)– हामी आफ्नो प्रातः सवन (बिहानीको यज्ञ समय) मा इन्द्र, मित्र र वरुणको आह्वान गर्दछौं। अश्विद्वय, भग, पूषा, ब्रह्मणस्पति, सोम र रुद्रको स्तुति गर्दछौं ।

सूक्त ४६ (ऋषि–वशिष्ठ। देवता–रूद्र)– हे स्तोता ! धनुर्धारी, अजेय, सर्वविजेता रुद्रको स्तुति गर। तिनले हाम्रो प्रार्थना सुनून्।१। पार्थिव र दिव्य ऐश्वर्य-द्वारा ती रुद्रको अनुभूति हुन्छ। हे रुद्र ! तिम्रो स्तुति गर्ने हाम्रा पुरुषहरूलाई रक्षा गर्दै आगमन गर। तिमी हामीलाई रोगव्याधिद्वारा ग्रस्त नगराउ।२। हे रुद्र! जुन अन्तरिक्ष–विद्युत पृथ्वीमा घुम्दछ त्यसले हामीलाई नष्ट नगरोस्। तिमी हजारौं औषधि रूप हौ। हाम्रा छोरा नातिलाई नष्ट हुन नदेउ।३। हे रुद्र ! हाम्रो हिंसा हुन नदेउ। हामी तिम्रो क्रोधको पाशमा नपरून्। तिमी हामीलाई यज्ञभागी (यज्ञ गर्न सक्ने) बनाउ र सदा हाम्रो पालन गर।४।

चौथो अनुवाक, सूक्त ५९ (ऋषि–वशिष्ठ। देवता–मरुत, रुद्र)– हामी सुगंधित (सुरभित) पुष्टिवर्धक त्र्यम्बक (रुद्र) को पूजा गर्दछौं। हे रुद्र ! हामीलाई मृत्युको पाशबाट छुटाउ र अमृतबाट टाढा नराख ।

आठौं मण्डल–चौथो अनुवाक सूक्त ३५, (ऋषि श्यावाश्व। देवता–अश्विनो)– हे अश्विनी कुमारहरू ! विष्णु, इन्द्र, वरुण, आदित्यहरू, रुद्रहरू, वसुहरू, अग्नि, उषा र सूर्य सहित सोम (सोमलताको रस) पिउ।१।

सूक्त ५४ (ऋषि–मातरिश्व, काण्व। देवता–इन्द्र, विश्वेदेवा)– सबै देवताहरू हाम्रो अभिमुख होउन्। उनीहरू हामीमाथि समान रूपले प्रसन्न हुँदै आउन्। वसुगण, रुद्रगण र मरुद्गणले हाम्रो रक्षाको लागि स्तुतिहरू सुनून्।३।

नवौं अनुवाक, सूक्त ८३, (ऋषि–कुसीदी काण्व–देवता विश्वदेवा)– हे देवताहरू ! तिमीहरू सुन्दर धन (चेतना) का ईसान (मालिक रुद्र) हौ। तिम्रा ती धन हामीलाई आवोस् ।

सूक्त १०१ (ऋषि–जमदग्निमार्ग। देवता–मित्रावरुण)– जुन नव देवी (उषा) आदित्यहरूकी बहिनी, रुद्रहरू (मरुतहरू) की जननी, वसुहरूकी पुत्री र अश्विनी (दूध दिने गाई जस्ती) हुन् ती अदितीरूपीणीले निशपाप गाई जस्तोलाई हिंसा नगरून्। यो कुरा मैले मेधावी मनुष्यहरूसँग भनेको थिएँ।१५।

दशौं मण्डल, चौथो अनुवाक सूक्त ४८, (ऋषि–इन्द्र । देवता–इन्द्र)–जो आदित्यहरू, वसुहरू र रुद्रहरूद्वारा मेरो कल्याणको लागि तथा मलाई अजेय र अहिंसित राख्नको लागि अन्नहरू कल्पित गरिएका छन् इन्द्र ती देवताहरूको स्थानलाई तोड्दैनन् ।११।

पाचौं अनुवाक, सूक्त ६१ (ऋषि–नाभानेदिष्टोमानव । देवता– विश्वेदेवा)– नाभानेदिष्टका माता, पिता, दाजु भाई आदिले नाभानेदिष्टलाई यज्ञ भाग दिएनन् र उनीहरू इन्द्रको स्तुति गर्न थाले तव नाभानेदिष्ट पनि रुद्रको स्तुति गर्नको लागि अङ्गिराहरूको यज्ञमा गए । यज्ञको छैठौं दिन अङ्गिरागणले भूलले उसलाई राखी सातजना होताहरू बनाए र यज्ञलाई सम्पूर्ण गरे ।१। स्तुति गर्नेहरूलाई धनदान दिनको लागि वेदीमा प्रतिष्ठित हुँदै रुद्रले शत्रुहरूलाई नष्ट गर्न अस्त्रादि प्रदान गरे । जल वृष्टिद्वारा मेघ जसरी आफ्नो सामर्थ्य देखाउँछ त्यसरी नै रुद्र देवता यज्ञमा आएर उपदेश गर्दै आफ्नो सामर्थ्य सर्वैतिर प्रकाशित गर्दछन् ।२। जब प्रजापतिको शक्तिको सँयोग पृथ्वीसंग भयो तब उसको प्रभावलाई ग्रहण गरी देवताहरूले वास्तोस्पति (वस्तुकलाको देवता वा रुद्र) को निर्माण गरे ।७। नमुचि मारिएको समय इन्द्र जसरी संग्राम भूमिमा पुगेका थिए त्यसरीनै वास्तोष्पति म कहाँवाट गए । अङ्गिराहरूले जुन गाईहरू मलाई दक्षिणामा प्रदान गरेका थिए । ती गाईहरूलाई तिनीहरूले दूर गराए । ग्रहण समर्थ हुँदाहुँदै पनि उनले ती गाईहरू ग्रहण गरेनन् ।८। रुद्रद्वारा रक्षित यस यज्ञमा प्रजालाई नष्ट गर्ने र अग्निलाई जलाउने दैत्य आउन सक्तैन । यस यज्ञाग्नि तिर रात्रिमा पनि असुर (देव कार्य विरोधी) आउन समर्थ हुँदैन । यज्ञको रक्षा गर्ने अग्निले काठहरूलाई ग्रहण गरी अन्नरूप धन बाँडे । उही अग्नि प्रकट भई असुरहरूसँग संग्राम गर्न लागे ।९।

सूक्त ६४ (ऋषि–गय ल्पात । देवता–विश्वेदेवा)– अग्नि मेधावी हुन्, उनी कुन स्त्रोत्रहरूद्वारा सम्पन्न हुन्छन् ? वृहस्पति सुन्दर स्तुतिहरूद्वारा प्रवृद्ध हुन्छन् । अज, एकपात् र अहिर्बुध्न्य, देवताहरूले (रुद्रका नामहरू) हाम्रो श्रेष्ठ आह्वानलाई श्रवण गरून् ।४। हामी आफ्नो रक्षा कामना गरी एक्काइस नदीहरू, वनस्पतिहरू, पर्वतहरू, सोम पालक गन्धर्वहरू, वाण चलाउनेहरू, नक्षत्रहरू र रुद्रहरूका पनि मुख्य रुद्र तथा अग्नि देवताको यज्ञमा आहुत गर्दछौं ।८।

सूक्त ६५ (ऋषि–वसुकर्णोवसुक । देवता–विश्वदेवा)– अग्नि, इन्द्र, मित्र, वरुण, वायु, अर्यमा, पूषा, आदित्यगण, विष्णु, मरुद्गण, सरस्वती, रुद्र, सोम, स्वर्गलोक, अदिति र ब्रह्मणस्पति आफ्नो बलद्वारा अन्तरिक्षलाई परिपूर्ण गर्दछन् । सज्जनहरूका रक्षक इन्द्राग्नि संग्राममा मिलेर शत्रुहरूलाई पराभव गर्दछन् ।

यिनीहरू महान् आकाशलाई आफ्नो तेजले परिपूर्ण गर्दछन् । घिउ मिश्रित मधुर सोमरस ती दुवैको बललाई वृद्धि गर्दछ ।२।

सूक्त ६६ (ऋषि–वसुकर्णो वसुक । देवता–विश्वदेवा)– आदित्यहरूका साथै अदिती हाम्रो मङ्गल गरून् । वसुहरू सहित इन्द्र हाम्रो घरलाई ऐश्वर्यद्वारा सम्पूर्ण गरून् । मरुदगणको सहित रुद्रले हाम्रो कल्याण गरून् र सपत्निक त्यष्टादेव–हाम्रो लागि सुखको वृद्धि गरून् ।३। हामी अग्नि, इन्द्र, विष्णु, मरुद्गण, आदित्य-गण, रुद्रगण, वसुगण, विस्तीर्णस्वर्ग, द्यावापृथ्वी, अदिती र श्रेष्ठ दान दिने सूर्यको आह्वान गर्दछौं । यी सबै देवताहरू श्रेष्ठ रक्षासाधनले सम्पन्न छन् । अत यिनीहरूले हाम्रो पनि रक्षा गरून् ।४। गर्जनशील मेघ तथा अज, एकपात, अहिर्बुध्न्य देवताहरू (एकादश रुद्रहरू), समुद्र, नदी, आकाश, धुलो र भूमिले मेरो आह्वानलाई श्रवण गरून् । ।३१। हे देवताहरू ! हामी मनुष्य तिम्रो निमित्त हव्य दिने हौं । तिमीहरू हाम्रो सनातन यज्ञलाई सुसम्पन्न गर । हे आदित्यगण, वसुगण र रुद्रगण ! तिमीहरू श्रेष्ठ दानमा समर्थ हौ अतः हाम्रो उत्कृष्ट आह्वानलाई श्रवण गर ।१२।

छैठौं अनुवाक, सूक्त ९२ (ऋषि शार्याती मानव । देवता विश्वेदेवा)– जब रुद्रगण र मरुद्गण धर्ममा लाग्दछन् तब विश्वलाई आफूतिर लैजाने गर्दछन् । यी मेघलाई आश्रय दिने तथा श्येन (वाजदेव) समान हुन् । वरुण, मित्र र अर्यमा मरुद्गण सहित यी सबै कुराहरू देख्ने हुन् ।६। हे स्तोताहरू ! इन्द्ररूप रुद्रलाई प्रणाम गरी तिनको स्तुति गर । उनी जल वृष्टि गर्दै कल्याणका हुन्छन् । ती जब शत्रुहरूलाई संहार गर्दछन् तब तिनको यज्ञको अधिक विस्तार हुन्छ ।९। नराशंस नामक यज्ञानुष्ठानमा चार अग्निहरू स्थापना भए, । यम, अदिति, धनदाता त्वष्टा, जलवर्षक आकाश–पृथ्वी, रुद्रपत्नी, ऋभुगण, मरुद्गण र विष्णुले यज्ञमा स्तुतिहरू प्राप्त गरे ।११।

सूक्त ९३ (ऋषि–कान्व, पार्थ्य । देवता –विश्वेदेवा)–मानिसहरू जुन रुद्र पुत्रहरूको स्तुति गर्दा सुखी हुन्छन् ती मरुद्गण र अर्यमा, मित्र, वरुण, भग, पूषा अमृतका स्वामी हुन् । तिनीहरू स्तुतिका योग्य र प्राणीहरूका पोषक हुन् ।४। जब अहिर्बुध्न्य (रुद्र) जलको साथ प्रतिष्ठित हुन्छन् तब सूर्य र चन्द्रमा पनि एकत्र बसेर दिन र रातमा जलरूप धनलाई वृष्टि गर्दछन् । ५ रुद्रगण, ऋभुगण, अग्नि-कुमारहरू, वायु, पूषा, भग, र इन्द्रादी सबै देवताहरू हामीलाई सुख प्रदान गर्ने होउन । हामी उनीहरूको लागि श्रेष्ठ स्तुति गर्दछौं ।७।

दशौं अनुवाक, सूक्त १२५ (ऋषि–वागाम्भृणी। देवता –वागाम्भृणी)– म वागदेवी रुद्रगण र वसुगणको साथ घुम्दछु। आदित्यगण तथा अन्य देवताहरूका साथ निवास गर्दछु। म मित्रावरुणलाई धारण गर्ने र इन्द्र, अग्नि, अश्विनीकुमारहरूको आश्रय गर्ने हुँ।१। स्तुतिहरूद्वारा विमुख पुरुषहरूको संहार गर्ने इच्छाले रुद्र जब धनुष ग्रहण गर्दछन्। तब म तिनको धनुषलाई दृढ गर्दछु। म नै आकाश पृथ्वीमा व्याप्त भएर मनुष्यको लागि संग्राम गर्दछु।६।

सूक्त १२६ (ऋषि–कुल्मलवर्हिष, शैलूषि, अहोमुखा वामदेव। देवता–विश्वेदेवा)– मित्रावरुण, अर्यमा जस्ता आदित्यहरूले हामीलाई शत्रुको पाशबाट रक्षा गरून्। हामी शत्रुको पाशद्वारा छुटेर मङ्गलको लागि रुद्र, मरुद्गण र इन्द्राग्निको आह्वान गर्दछौं।५।

सूक्त १२८ (ऋषि विहव्य। देवता–विश्वेदेवा)– हाम्रा शत्रु इन्द्रको प्रभावद्वारा पलायमान गरून्। हामी उही इन्द्राग्निको अनुकूलता प्राप्त गरी जितौं। आदित्यगण, वसुगण र रुद्रगण मलाई समान पुरुषहरूमा श्रेष्ठ बनाउन्।

यजुर्वेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्रसम्बन्धी अन्य उल्लेखहरू:–

अध्याय ३ (ऋषि–आंगिरस, भारद्वाज, गौतम, वामदेव, याज्ञवल्क, विश्वामित्र, अगस्त्य, वशिष्ठ, नारायण आदि। देवता–अग्नि, सूर्य, विश्वदेवा, वृहस्पति, इन्द्र, सविता, मरुत, सोम, रुद्र) – हे रुद्र ! यो पुरोडास (सत्यनारायणको पूजामा चढाउने अपुंग जस्तै एक प्रकारको प्रसाद जुन यज्ञ गर्दा रेवति, मधुमति आदि विभिन्न जलांशहरूमा चामलको पीठो मुछेर दिव्य अग्निद्वारा तातेको घिउमा पकाई हव्यको रूपमा तयार गरिन्छ) तिम्रो भाग हो। अतः तिमी भगिनी अम्बिका सहित यसलाई सेवन गर। यो आखु (मुसा ?) तिम्रो भाग (तिमीलाई चढाएको) पशु हो।५७। पापीहरूलाई संतप्त गर्ने तथा तीन नेत्र भएका देवता रुद्रलाई यज्ञ भाग दिन्छौं। ती हामीलाई श्रेष्ठ निवासले युक्त गरून् हामीलाई श्रेष्ठ बनाउन् र श्रेष्ठ कर्ममा लगाउन्।५८। हे रुद्र ! तिमी औषधि हौ (अर्थात रोग नष्ट गर्दछौ) अतः हाम्रो गाई, घोडा र परिवारका मानिसहरूका लागि रोगहन्ता औषधि प्रदान गर तथा हाम्रो पाठा-

पाठी आदि पशुहरूलाई पनि आराम हुने औषधि देऊ। ६९। जुन सुगन्धी (दिव्य गन्धयुक्त रुद्र) लाई, पुष्टि वर्द्धन गर्नेलाई र त्रिनेत्रलाई हामी पूजा गर्दछौं ती रुद्रले हामीलाई सांसारिक बन्धनबाट र मृत्युबाट मुक्त गरून्. अमृतबाट मुक्त नगरून् । पाकेको फल रूखबाट मुक्त भै जमीनमा खसेझैं रूद्रको कृपाले हामी जन्म-मरण पाशबाट मुक्त होऔं । ६० ।

हे रुद्र ! तिम्रो यो (हविशेषाख्य नामक) भोजन हो। यसको साथै तिमी शत्रुहरूलाई शमन गरेपछि प्रत्यंचा उतारेको धनुषलाई वस्त्रमा ढाकी मुजवान पर्वतको पारी जाऊ। हे कृतिवासा (छालाको वस्त्र लगाउने देवता) ! हामीलाई दुःखित नगरी हाम्रो कल्याणतिर लाग। ६१। हे रुद्र ! जस्तो जमदग्नि र कश्यप ऋषिहरूका त्रि-आयुष (बाल, युवा र वृद्धावस्था)हुन्छन् जुन त्रि-आयुष देवताहरूमा हुन्छन् ती तीनवटै अवस्थाहरू हामीलाई प्राप्त होस् । ६२ ।

अध्याय ४ (ऋषि– प्रजापति, अत्रेय आंगिरस, वत्स, गौतम । देवता– ईश्वर, अग्नि, सविता, वरुण आदि) – हे सोम ऋयणी ! तिमी इन्द्रको लागि सोम प्राप्ति हेतु जाउ। सोम ग्रहण गरी रुद्र हामीतिर पठाउ र सोम सहित तिमी फेरि आउ। २०। हे सोम ऋयणी ! तिमी वसुदेवताका शक्ति अदिति (कश्यप ऋषिकी पत्नी तथा १२ आदित्यहरूकी आमा) रूपीणि हौ। आदित्यहरू (इन्द्र, धाता, भग, त्वस्टा, मित्र, वरुण, अर्यमा, विवश्वान, सविता, पूषा, अंशुमान र विष्णु) का समान, रुद्रहरू (एकादश रुद्रहरू– अजैकवाद, अहिर्बुध्न्य, कपाली, पिंगल, विरूपाक्ष, भीम, विलोहित, शम्भु, त्रिअम्बक, शास्ता र भव; अष्टशिव– रुद्र, भव, शर्व, पशुपति, महादेव, भीम, उग्र, ईशान; पंचमहादेव–सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) का समान तथा चन्द्रमाका समान हौ। वृहस्पतिले तिमीलाई सुखी गरून् । रुद्र र वसुगण (ध्रुव, अध्वर, सोम, अनिल, अनल, प्रत्यूष र प्रभास)ले पनि तिम्रो रक्षा कामना गरून् ।२१ ।

अध्याय १० (ऋषि– वरुण, देवगत, वामदेव, शुनशेप । देवता– वरुण, प्रजापति, परमात्मा, मित्रावरुण, ईन्द्र, सूर्य आदि) – हे रुद्र ! प्रलयङ्कारी जुन तिम्रो श्रेष्ठ नाम छ सो कल्याणकारी होस् । यो आहुति तिम्रो लागि हो। हे हवि ! तिमी यस (रुद्र) नाममा स्वाहुत होउ । २० ।

अध्याय ११ (ऋषि– प्रजापति, शुनशेप, गृत्समद, भरद्वाज, कण्व, विश्वामित्र, आत्रेय, जमदग्नि आदि) देवता– सविता, अग्नि, वायु, मित्र, रुद्र, सिनीवाली,

अदिति, वसु, रुद्रादित्य, विश्वेदेवा आदि) – जुन रुद्रहरूले पाषाणचूर्णयुक्त पार्थीव पिण्डद्वारा महान् ज्योति भएका अग्निलाई प्रदीप्त गरे ती रुद्रहरूका तेज देवताहरूमा निरन्तर प्रकाशित हुन्छ । ५४ । बुद्धिमान् वसुगण र रुद्रगणद्वारा सुसिद्ध माटोलाई अमावस्याकी अभिमानी देवता सीनीवालीले हातद्वारा नरम गरी त्यसलाई कर्मको योग्य बनाउन् । ५५ ।

अध्याय १६ (ऋषि– कुत्स, परमेष्ठि, वृहस्पति, प्रजापति । देवता– रुद्रा, एकरुद्र, बहुरुद्रा) – हे रुद्र ! तिम्रो क्रोध (पापको निमित्त दण्ड दिने स्वभाव) लाई नमस्कार, तिम्रा वाणहरूलाई (दुष्टलाई दण्ड दिने हतियार) लाई नमस्कार। तिम्रा वाहुहरूलाई नमस्कार । १ । हे रुद्र ! तिम्रो जुन कल्याणकारी, सौम्य तथा पुण्यफलदायी रूप छ त्यस पुण्यफलदायी मङ्गलमयी रूपद्वारा हे पर्वतवासी ! हामीप्रति हेर । २ । तिमी पर्वतवासी हातमा जुन वाण धारण गर्दछौ त्यस वाणलाई जगत् कल्याण गर्ने गराउ र हाम्रा पुरुषहरूलाई हिंसित नपार (दुःखबाट बचाउ) । ३ । मङ्गलमय (स्तुतिरूप) वाणिद्वारा तिमी गिरीशलाई प्राप्त गर्ने हेतुले प्रार्थना गर्दछौं । जसरी संसार हाम्रो लागि आरोग्यप्रद र सुमना (आनन्द गर्ने) हुन्छ त्यस्तै गर । ४ । हे उपदेशकारी, देवताहरूमा प्रथम पूज्य तथा रोग दूर गर्ने वैद्य ! हामीले गर्नु पर्ने कार्यहरू बताउ र हाम्रा सबै प्रकारका भयहरू तथा हामी-लाई दुःख दिने सबै शत्रुहरूलाई हामीबाट दूर भगाउ । ५ ।

यी रुद्र जो अरुण (उदयकालको सूर्यको रातो वर्ण अथवा श्वेत कल्पमा उदय हुने श्वेत लोहित वर्णको सद्योजात नामका शिव), ताम्र (अस्तकालको सूर्यको रातो वर्ण अथवा लोहित कल्पमा उदय हुने वामदेव नामका शिव) तथा पिङ्गल (मध्याह्नको फुस्रे पहेंलो अथवा पीत कल्पमा उत्पन्न हुने तत्पुरुष नामक शिव) वर्णको छ (अर्थात् सूर्य जस्तो छ) सबै प्राणीहरूको असल गर्दछन् र यी रुद्रका सहस्रौं अंशरूप किरणहरू सर्वत्र स्थित छन् । हामी यिनको पूजा गर्दछौं । ६ । यी नीलग्रीवा सूर्यरूपद्वारा उदय अस्त हुनेलाई वेदोक्त कर्महीन गोप, गोपिनी (गोठाला गोठालीहरू) दर्शन गर्दछन् । ती रुद्रले हाम्रो कल्याण गरून् । ७ । नील-कण्ठलाई, सहस्र आँखा भएकालाई तथा पानी पार्ने मेघ-रूप रुद्रलाई नमस्कार छ । अनि यिनका जो अनुचरहरू छन् तिनीहरूलाई पनि नमस्कार । ८ । हे भगवान् ! धनुषको प्रत्यञ्चा उतार र आफ्नो हातमा लिएका वाणहरू पर राख(अर्थात् हाम्रा पाप कर्मका लागि तिम्रो वाणद्वारा दण्ड दिन नखोज)। ९ । कपर्दी (जट्टाधारी रुद्र) प्रत्यञ्चा रहित होस् र तिनको वाण राख्ने ठोक्रो खाली होस्, तिनका वाण नदेखियोस्, षड्ग राख्ने स्थान पनि खाली होस्, (अर्थात् भगवान् रुद्रले हाम्रा

पापकर्मको लागि हामीलाई दण्ड नदिई क्षमा गरून्) । १० ।

तिम्रो हातमा जुन धनुषवाण (दुष्टलाई दण्ड दिने भक्तलाई रक्षा गर्ने अस्त्र) छन् हे रुद्र ! ती हाम्रा लागि उपद्रव हुने नगर । ११ । हाम्रो चारैतिर-बाट तिम्रा धनुषहरूलाई लेजाउ अनि तिम्रो ठोक्रो पनि हामीबाट पर थन्क्याउ । १२ । हे सहस्रनेत्र भएका रुद्र ! धनुष प्रत्यञ्चा रहित गरी वाणहरूका फल पनि झिकी देउ (अर्थात् हाम्रो पापको लागि दिइने दण्ड क्षमा होस्) र हाम्रो लागि कल्याणकारी तथा शुभ मनले युक्त होउ । १३ । तिमी धनुषधारीलाई, (हाम्रो प्रार्थनामा अरूमाथि) हतियार छोड्नेलाई तथा दुःख नदिनेलाई नमस्कार । तिम्रा दुवै वाहुहरू र शत्रुहन्ता धनुष सबैलाई नमस्कार छ । १४ । हे रुद्र! हाम्रा ठूलाबडाहरूलाई नमार (मृत्युबाट रक्षा गर) त्यस्तै सानाहरूलाई पनि । हाम्रा बाबु आमालाई र हाम्रो देहलाई पनि हिंसित नपार (कष्ट नपरोस्) । १५ ।

हे रुद्र ! हाम्रो सन्तान, हाम्रो आयु र हाम्रा गाईहरू तथा घोडाहरूमाथि दुःख आई नपरोस् । हाम्रा वीरहरूलाई नमार (मृत्युबाट बचाउ) कारण हामी हविरन्नले युक्त भई तिम्रो यज्ञ हेतु आह्वान गर्दै रहन्छौं । १६ । हिरण्यमय वाहु-हरू भएकालाई नमस्कार, सेना नायक तथा दिशाहरूका स्वामीलाई नमस्कार, वृक्ष धारक (रूखको बोक्राको वस्त्र लगाउने) लाई नमस्कार, हरिया केशहरू भएकालाई तथा पशुहरूका पालकलाई नमस्कार । पहलो घाँस समान पीत वर्ण भएका तथा तेजस्वी रुद्रलाई नमस्कार । पथिकहरूका पतिलाई नमस्कार । हरियो केश हुने (केश नफुल्ने अथवा वृद्ध नहुने) रुद्रलाई नमस्कार, उपवीद (जनै) लगाउनेलाई तथा पुष्टहरूका (गुणी जनहरूका) स्वामीलाई नमस्कार । १७ । वृषभ (साँढे)मा सवार हुनेलाई नमस्कार, व्याधि (भौतिक तथा दैविक दुःख) तथा अन्नका स्वामी रुद्रलाई नमस्कार । संसारको हतियार स्वरूपलाई नमस्कार, जगत्का पतिलाई नमस्कार । पापीलाई दुःख दिने रुद्रलाई नमस्कार । देशहरूका रक्षकलाई नमस्कार । सारथीरूपलाई तथा असललाई नमार्नेलाई नमस्कार । जनताका पतिलाई नमस्कार । १८ ।

लोहित (रक्त वर्ण रुद्र अथवा लोहित कल्पमा उत्पन्न हुने वामदेव नामक शिव) लाई नमस्कार । स्थपति (विश्वकर्मा वा कर्मीहरूका पतिस्वरूप) लाई नमस्कार, वृक्षहरूका पति (वोट विरूवालाई रक्षा गर्ने) लाई नमस्कार, भूमण्डल विस्तृत गर्नेलाई नमस्कार, जल वर्षा गर्नेलाई तथा औषधिहरूका स्वामी-लाई नमस्कार, मन्त्ररूपलाई र व्यापार (काम गर्ने कुशलता) रूपलाई नमस्कार,

कक्षहरू (पृथ्वी आदि ग्रहहरूको माथिका आकाश स्थित कक्षहरू) का पतिलाई नमस्कार, घोर शब्द गर्दै शत्रुलाई रुवाउनेलाई नमस्कार तथा सैनिक टुकडीका पतिरूप रुद्रलाई नमस्कार ।१९ । (भक्तको लागि) सर्वतिर फैलेर दौडनेलाई नमस्कार तथा सत्वगुणीहरूका स्वामीलाई नमस्कार । सहने (मान र अपमानको उपेक्षा गर्ने) लाई नमस्कार आफू व्याधि रहित भै व्याधिहरूका पति भएका-लाई नमस्कार । दुष्टमाथि खड्ग चलाउनेलाई नमस्कार । चोरहरूका पतिलाई नमस्कार (चोरले पनि आफूलाई नसमातोस् भनी ईश्वरकै पुकारा गरिहेको हुन्छ जुन कुरालाई उसको अन्तर आत्मास्थित ईश्वर रुद्रले साक्षीरूपले हेरि-रहेको हुन्छ)। रातमा घुमिरहने देवतालाई नमस्कार । परिचर (वरिपरी घुमिरहने देवता) लाई नमस्कार । वनहरूका स्वामीरूपलाई नमस्कार । २० ।

ठग्नेलाई तथा ठगलाई पनि ठग्नेलाई नमस्कार, चोरहरूका पतिलाई नमस्कार (सत्वको साथै रज र तमोगुण पनि महेश्वरकै प्रकृति हुन् अतः यस्ता तीन वटै गुण उत्पन्न गर्नेलाई नमस्कार वा ठग, महाठग तथा चोरहरूको नाइकेका हृदयमा पनि साक्षीरूप भै बस्ने रुद्रलाई नमस्कार), खड्ग सहित ठोक्रो भिर्नेलाई नमस्कार, तस्करहरू (रातमा चोर्नेहरू) का पति (नियन्ता) लाई नमस्कार । गुप्तचरहरूलाई र हिंसकहरूलाई नमस्कार, चोरहरूका पति (नाईके) लाई नमस्कार, हतियार भिर्नेहरूलाई र रात्रीमा घुम्नेहरूलाई नमस्कार, वदमासी गर्नेहरूका पतिलाई नमस्कार (अर्थात् ईश्वर यी विभिन्न प्रकारका व्यक्तिहरूका अन्तर मनमा पनि स्थित छन् अतः तिनीहरू-लाई देखिरहने साक्षीरूप रुद्रलाई नमस्कार) । २१ । पगडी लगाउनेलाई तथा पर्वतमा हिंडिरहनेलाई नमस्कार, छलकपट गर्नेहरूका पति (तिनीहरूलाई शासन गर्ने) लाई नमस्कार, वाण समाउनेलाई र धनु धारण गर्नेलाई नमस्कार, प्रत्यञ्चा चढाउने (धनू तन्काउने) लाई नमस्कार तथा धनू तन्क्याएर छोड्नेलाई नमस्कार, वाण मिलाउने र सोझ्याउनेलाई नमस्कार । २२ । वाण उठाउनेलाई र वाण विक्षेप गर्नेलाई नमस्कार (अर्थात् दुष्टलाई दण्ड दिने र भक्तलाई रक्षा गर्नेलाई नमस्कार), स्वप्नमा स्थितलाई नमस्कार, जागरणमा स्थितलाई नमस्कार, निद्रामा स्थितलाई नमस्कार, आसनमा बस्नेको अन्तर स्थितलाई पनि नमस्कार, त्यसै बस्नेको अन्तरस्थितलाई नमस्कार, दौडी रहनेको हृदयभित्र स्थितलाई पनि नमस्कार । २३ ।

सभाहरूलाई तथा सभापतिहरूलाई नमस्कार (सभा र सभापति दुवै निष्पक्षको प्रतीक हुनाले रुद्ररूप हुन् अतः तिनीहरूलाई नमस्कार), घोडाहरू

र घोडाका मालिकहरूलाई नमस्कार (घोडाको वेग र घोडचढीको फूर्तिलो हँकाई दुवै रुद्ररूप मानिन्छन् अतः दुवैलाई नमस्कार अथवा दुवैका हृदयमा स्थित साक्षी रुद्रलाई नमस्कार), व्याधिरूप सेनाहरूलाई नमस्कार, हमला गर्नेहरूलाई नमस्कार, फौज समूहहरूलाई नमस्कार, प्रहार गर्नेहरूलाई नमस्कार (अर्थात् सेनाका यी विभिन्न गतिविधिहरू हेरिरहने साक्षीरूप रुद्रलाई नमस्कार) । २४ । गणहरू (रुद्र गणहरू) लाई र गणपतिहरू (रुद्र गणमा गाणपत्य पाउनेहरू) लाई नमस्कार, व्रात (समूह) हरूलाई र व्रातपतिहरू (समूहपति रुद्रहरू) लाई नमस्कार । लुब्धहरूलाई र लोभिनेहरूका पतिहरूलाई नमस्कार (अर्थात् लोभिनेहरूका हृदयमा पनि बस्ने साक्षीरूप रुद्रलाई नमस्कार), विरूपहरू (एकादश रुद्रहरू जस्तै–अजैकपाद, अहिर्बुध्न्य, कपाली,विरूपाक्ष, पिङ्गल, भीम, विलोहित, शम्भु, त्रिअम्बक र भव) तथा विश्वरूपहरू (अष्टशिव–रुद्र भव, शर्व, पशुपति, महादेव, भीम, उग्र र ईशान; पञ्चमहादेव– सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) लाई नमस्कार । २५ ।

सेना (सैनिक) हरूलाई नमस्कार सेनापतिहरूलाई पनि नमस्कार, रथ हुनेहरूलाई नमस्कार, रथ नभएकाहरूलाई पनि नमस्कार, रथमा बस्ने क्षत्रियहरूलाई नमस्कार, रथ हाँक्ने सारथीहरूलाई पनि नमस्कार, ठूलाहरूलाई र सानाहरूलाई पनि नमस्कार (अर्थात् युद्धको समयमा देखिने यी विभिन्न व्यक्तिहरूमा साक्षी रूपले रहने रुद्रलाई नमस्कार) । २६ । शिलपज्ञहरूलाई नमस्कार, रथ निर्माण कर्ताहरूलाई पनि नमस्कार, कुह्मालेहरूलाई नमस्कार, नकर्मीहरूलाई पनि नमस्कार, निषाद् (भिल्ल) हरूलाई पनि नमस्कार, बाँधेर लैजानेहरूलाई पनि नमस्कार(अर्थात् यी विभिन्न कार्यमा लाग्नेहरू सबैका अन्तर्मनमा पनि भगवान् रुद्र छन् अतः यिनीहरूलाई पनि नमस्कार) । २७ । कुकुरहरूलाई नमस्कार, कुकुरहरूका पतिलाई नमस्कार (कुकुर भैरवको वाहन भएकोले कुकुर पति भैरव समानको मानिन्छ । अतः दुवैलाई नमस्कार वा कुकुर र कुकुर मालिक दुवैको हृदयमा रुद्र साक्षी रूपमा स्थित छन् अतः यी दुवैलाई नमस्कार) । भव (संसाररूपी देवता) लाई र रुद्र (दुःख नाशक देवता) लाई नमस्कार, शर्व (पाप नाशक देवता) लाई र पशुपति (सांसारिक पाशले बाँधिएका प्राणीहरूलाई उद्धार गर्ने देवता) लाई नमस्कार, नीलग्रीव(विष पिएर घाँटी नीलो भएका रुद्र) लाई तथा शितिकण्ठ (सेतो घाँटी भएका रुद्र) लाई नमस्कार । २८ । कपर्दी (जट्टाधारी) लाई नमस्कार, केशमुण्डितलाई पनि नमस्कार, सहस्राक्ष (हजार आंखा भएका) लाई तथा शतधनुर्धारी (सयौं धनूधारण गर्ने) लाई पनि नमस्कार,

पर्वत-शयनीलाई र सबैको हृदयमा वास गर्ने विष्णु (व्यापक) रुद्रलाई नमस्कार, मेघ रूपद्वारा तृप्त गर्ने देवतालाई तथा वाण धारण गर्नेलाई नमस्कार । २९ । सानो शरीरमा स्थितलाई र वामन रूपमा स्थितलाई नमस्कार, वृहत् (ठूलो) रूपमा स्थितलाई तथा प्रौढ रूपमा स्थितलाई नमस्कार, वृद्ध रूपमा तथा तरुण रूपमा स्थितलाई पनि नमस्कार, अग्रगण्य देवलाई र प्रथम देवलाई नमस्कार। ३०।

विश्व व्यापकलाई तथा सर्वत्र प्राप्तलाई नमस्कार, शीघ्रगामीलाई तथा जलरूपलाई नमस्कार, आत्मारूप तथा जल तरंङ्ग आदिमा हुनेलाई नमस्कार, नदीहरू र टापूहरूमा पनि वर्तमान परमात्मालाई नमस्कार ।३१। ज्येष्ठहरूमा र कनिष्ठहरूमा स्थितलाई नमस्कार, पूर्वजहरूमा र पछि जन्मनेहरूमा स्थित हुनेलाई नमस्कार, पूर्वज र पछि जन्मनेहरूका मध्यमा (वर्तमानमा जन्मनेहरूमा) स्थितलाई तथा अण्डमा स्थितलाई नमस्कार, पशु आदिका अन्तरमा विद्यमानलाई तथा वृक्षादि मूलमा (जरामा) वर्तमान हुने देव अहिर्बुध्न्य (एकादश रुद्रको एक नाम) लाई नमस्कार ।३२। मनुष्य लोकका प्राणीमा स्थितलाई तथा मङ्गल कार्यमा कल्याण रुपले वर्तमान हुनेलाई नमस्कार, पापीहरूलाई दण्ड दिने यमरूपलाई नमस्कार, परलोकवासी प्राणीको सुखमा विद्यमान हुने देवतालाई नमस्कार, श्लोक (स्तुतिगान) रूपलाई र जन्म मरणको बन्धनबाट छुटाउनेलाई नमस्कार, धान आदि अन्नहरूमा विद्यमानलाई तथा खली (फलेको अन्न एकत्र गर्ने स्थान) मा स्थितलाई नमस्कार । ३३। वन वृक्षादिमा विद्यमानलाई तथा घाँसको चरन आदिमा स्थितलाई नमस्कार, ध्वनिरूपलाई र प्रतिध्वनिरूपलाई नमस्कार, शीघ्रगामी सेनारूपलाई तथा शीघ्र गमनशील रथ स्वरूपलाई नमस्कार, वीर पुरुषमा स्थित हुनेलाई तथा शत्रु हृदयलाई विदीर्ण गर्नेलाई नमस्कार ।३४। शिरस्त्राण गर्ने (पकडी लगाउने) लाई तथा कवचादि धारण गर्नेलाई नमस्कार, सबैले सुनेका प्रसिद्ध-रथको भित्र तथा हात्तीको हवदामा विद्यमानलाई नमस्कार, सबैले सुनेका प्रसिद्ध-लाई तथा प्रसिद्ध सेना स्वामीलाई नमस्कार, दुन्दुभि (युद्धको बाजा) रूपलाई तथा दण्डदिने देवतालाई नमस्कार ।३५।

वीरहरूका रक्षकलाई तथा विचारणीय विद्वान्‌लाई नमस्कार, षड्ग धारकलाई तथा ठोक्रो धारीलाई नमस्कार, तीक्ष्ण वाण र आयुध धारकलाई नमस्कार, त्रिशूलधारीलाई र कुशल धनुष चालकलाई नमस्कार, ।३६। गाउँका क्षुद्र मार्ग-स्थितलाई तथा राजमार्गस्थितलाई नमस्कार, दुर्गम मार्गस्थितलाई र पर्वतको निम्नमार्गस्थितलाई नमस्कार, कुलो नहर आदिमा स्थितलाई र सरोवरको जलमा स्थितलाई नमस्कार, नदी र पोखरीमा स्थितलाई नमस्कार ।३७। कूप स्थितलाई

र गर्त (खाल्टो) स्थितलाई नमस्कार, प्रकाश र अन्धकारमा स्थितलाई तथा घाममा स्थितलाई नमस्कार, मेघमा स्थितलाई तथा विद्युतमा स्थितलाई नमस्कार। वृष्टि गर्नेलाई र वृष्टि रोक्नेलाई नमस्कार।३८। वायु प्रवाह गर्नेलाई र हुरी प्रवाह गर्नेलाई नमस्कार, वास्तुकलामा स्थितलाई र वास्तुकलाको पालनकर्तालाई नमस्कार, चन्द्रमारूप (सौम्य) लाई र दुःख नाशक रुद्रलाई नमस्कार, सायंकालीन सूर्यको ताम्रवर्ण तथा प्रातकालीन सूर्यको अरुणरूपलाई नमस्कार।३९। कल्याण-मयी वेद वाणीरूपलाई तथा पशुपति (प्राणी पालक) लाई नमस्कार, उग्ररूपलाई र भीम (विशाल) रूपलाई नमस्कार, शत्रुलाई नजीकबाट र टाढाबाट मार्नेलाई नमस्कार, शत्रुहन्तालाई तथा शत्रु हननशीललाई नमस्कार, वृक्षहरूमा स्थित हुनेलाई र हरियो केश भएकालाई नमस्कार, सांसारिक सागरबाट तार्नेलाई नमस्कार।४०।

इहलोक सुखदायक गर्नेलाई र पारलौकिक सुखदातालाई नमस्कार, शङ्कर (कल्याण गर्ने) लाई तथा शान्ति दिने देवतालाई नमस्कार, शिव (ज्ञानरूपी देवता) लाई तथा पाप दूर गर्नेलाई नमस्कार।४१। समुद्रको पार विद्यमानलाई तथा यस किनारामा विद्यमानलाई नमस्कार, जहाज आदि रूपले समुद्र मध्यमा विद्यमानलाई तथा नौकारूपले विद्यमानलाई नमस्कार, तीर्थ रूपलाई तथा जलको किनारामा विद्यमानलाई नमस्कार, कुशादिमा विद्यमान तथा फींजरूपमा विद्यमान देवतालाई नमस्कार।४२। रेतादिमा विद्यमान तथा नदीको प्रवाहमा विद्यमानलाई नमस्कार, नदी भित्रका कङ्कर आदिमा विद्यमानलाई र स्थिर जलमा विद्यमानलाई नमस्कार, कपर्दी (जटाधारी) लाई तथा शरीरमा अन्तर्गामीरूपले स्थितलाई नमस्कार, घाँसपात नहुने भूखण्डमा विद्यमान हुनेलाई तथा सानो जल प्रवाहमा विद्यमानलाई नमस्कार।४३। गौकक्षमा विद्यमानलाई र गोठमा विद्यमानलाई नमस्कार, शैयामा विद्यमानलाई र घरमा विद्यमानलाई नमस्कार, हृदयमा स्थितलाई र दुर्गम–रथस्थितलाई नमस्कार, पर्वत कन्दरा तथा गहन जलमा विद्यमानलाई नमस्कार।४४। सुकेको वस्तुमा तथा हरियालीमा स्थितलाई नमस्कार, पृथ्वीमा स्थितलाई र पुष्पहरूका सुगन्धमा स्थितलाई नमस्कार, लोप भएका स्थानमा स्थित तथा घाँस आदि भित्र स्थितलाई नमस्कार, उर्वरा भूमिस्थितलाई र कालरूप अग्निमा स्थितलाई नमस्कार।४५।

पातमा विद्यमानलाई तथा झरेका पातमा विद्यमानलाई नमस्कार, सो पातमा उत्पन्न किरामा विद्यमानलाई तथा शत्रु संहारकलाई नमस्कार, अकर्म गर्नेलाई दुःख दिने देवलाई तथा त्रिविधता (आध्यात्मिक, आधिभौतिक र आधि-

दैविक दुःखहरू) को उत्पति कर्तालाई नमस्कार, वाणादि उत्पन्न गर्नेहरूमा स्थित तथा धनुष आदि निर्माण गर्नेहरूमा स्थित रुद्रलाई नमस्कार छ । देवताहरूका हृदयहरूमा स्थितलाई र पाप धर्म छुट्याउनेहरूमा स्थितलाई नमस्कार, विविध पापहरू गर्नेहरूका अन्तर्मनमा स्थितलाई र सृष्टि आरम्भमा उत्पन्न रुद्रका अनेक रूपहरूलाई नमस्कार छ ।४६। पापीहरूको दुर्गति गर्ने हे दरिद्र भेषमा रहने नील-लोहित (नीलो रातो वर्णको)! यी हाम्रा प्रजाहरू र पशुहरूलाई पीडित नगर, रोगी नबनाउ तथा सबैको कल्याण गर ।४७। जसरी हाम्रा दोपाया र चौपाया-हरूलाई कल्याण हुन्छ तथा तिनीहरूमाथि उपद्रव रहित हुन्छ त्यसै प्रकारले हामी आफ्नो श्रेष्ठ मतिलाई जटाधारी रुद्र हेतु समर्पित गर्दछौं ।४८। हे रुद्र ! जुन तिम्रो कल्याणकारी औषधिरूप शक्ति छ तिमी त्यस कल्याणकारी औषधिद्वारा हाम्रो जीवनलाई सुखमय गर ।४९। रुद्रका आयुध सबै परित्याग होस् । क्रोधी स्वभावको कुमति पनि परित्याग होस् । स्थिर फल दिने हे रुद्र ! यजमानको भय दूर गर्न आफ्नो धनुषको प्रत्यंचा हीन गर र हाम्रो सन्तानलाई सुख प्रदान गर ।५०।

हे अत्यन्त कल्याणकारी तथा शान्त ! हाम्रो असल गर्ने होउ । अग्ला रूखमा हतियार राखेर चर्मधारण तथा धनुष धारण गर्दै जाउ ।५१। हे विलोहित ! तिमी उपद्रव दूर गर्ने होउ, तिमी भगवान्‌लाई नमस्कार छ । तिम्रा जो हजारौं हतियार छन् ती सबै हामीबाट अन्यत्र उपद्रव गर्ने दुष्टहरूमा परून् ।५२। तिम्रा हातहरूमा हजारौं प्रकारका षड्ग आदि हतियार छन् ती हतियारहरूका मुख (धार) लाई हे भगवन् हामीबाट पछाडी फर्काउ ।५३। जो असंख्य रुद्रहरू पृथ्वीमा वास गर्दछन् तिनीहरूका धनुषहरू हामीबाट हजारौं योजन दूर रहुन् ।५४। त्यस्तै यस अन्त-रिक्षको आश्रयमा जो रुद्रहरू छन् तिनीहरूका धनुषहरू पनि हामीबाट हजारौं योजन दूर रहुन् ।५५।

नीलकण्ठ भएका, उज्ज्वल कण्ठ भएका जति पनि रुद्रहरू स्वर्गमा आश्रित भएका छन् ती सबैका धनुषहरूलाई हामी (मन्त्रबलबाट) टाढा राख्न लगाउँछौं ।५६। नीलग्रीव तथा स्वेतकण्ठ भएका शर्व नामक रुद्रको अधो (तल्लो) भागमा राखिएका ती सबै धनुषहरूलाई हजारौं योजन टाढा राख्न लगाउँछौं ।५७। यी जो पहेंलो वर्णका, नीलग्रीवा तथा विलोहित (विशेष रातो वर्ण भएका) रुद्रहरू वृक्षादिमा स्थित छन् तिनीहरूका धनुषहरू हजारौं योजन टाढा राखियोस ।५८ जो यी प्राणीहरूका पति हुन् तथा विशेष टुपीरूपी जटाजूट भएका हुन् तिनीहरूका धनूहरू हाम्रो (मन्त्रबलद्वारा) हजारौं योजन टाढा रहुन् ।५९। मार्गहरू र बटुवा-हरूलाई रक्षा गर्ने, अन्न धारक तथा सदा आयुध भिर्ने रुद्रहरूका सबै धनुषहरू हामीबाट हजारौं योजन दूर राखियोस् ।६०।

जो रुद्र हातमा ढाल र तलवार धारण गर्दै (पापीलाई दण्ड दिन र पुन्यात्मा लाई रक्षा गर्न) तीर्थहरूमा विचरण गर्दछन् तिनीहरूका धनूहरू र वाणहरू (हामीबाट) हजारौं योजन टाढा रहोस् । ६१। जो अन्न सेवनमा तथा पात्र स्थित जल दूधादि पिउनमा (पापी) मनुष्यहरूलाई विविध प्रकारका कष्ट दिन्छन तिनका धनूहरू हजारौं योजन टाढा रहोस् ।६२। जो यी दिशाहरूमा तथा उपदिशाहरूमा आश्रित छन् तिनीहरूका लागि धनुषहरू हजारौं योजन टाढा रहोस् ।६३। जो स्वर्गमा विद्यमान छन् र जस्का वाणहरू वर्षारूपी हुन् ती रुद्रहरूलाई नमस्कार, तिनीहरूलाई पूर्व, दक्षिण, पश्चिम, उत्तर तथा उध्र्व (माथि) सबै तिर हेरेर हात जोडी नमस्कार गर्दछौं, ती हाम्रा रक्षक होउन् ,ती हामीलाई सुख दिने होउन्। जस्लाई हामी द्वेष गर्दछौं तथा जो हामीलाई द्वेष गर्दछन् तिनीहरूलाई रुद्रको दारा (दाँत) मा राख्दछौं ।६४। ती रुद्रहरूलाई नमस्कार, जो अन्तरिक्षमा वास गर्दछन् ,जस्का वाणहरू वायु रूप हुन्, जो पूर्व पश्चिम उत्तर दक्षिण उध्र्व दिशामा वास गर्दछन् तिनीहरूलाई नमस्कार । तिनीहरूले हाम्रो रक्षा गरी कल्याण गरून् । हाम्रा द्वेषीहरूलाई रुद्रको शत्रु नाश गर्ने दाँतमा राख्तछौं ।६५। जो रुद्रहरू पृथ्वीमा विद्यमान छन् जो अन्न वृष्टि गर्दछन् तिनीहरूलाई पूर्व दक्षिण पश्चिम उत्तर र उध्र्व हेरी नमस्कार गर्दछौं । जो हाम्रो रक्षा गरी कल्याण गर्दछन् तिनीहरूलाई नमस्कार गर्दछौं र हामीले द्वेष गरेकाहरू तथा हामीलाई द्वेष गर्नेहरूलाई रुद्रको दारा (दाँत) मा राख्तछौं ।६६।

अध्याय २० (ऋषि–प्रजापति, विश्वामित्र, अङ्गिरस, वामदेव, गर्ग, वशिष्ठ गृत्समद आदि । देवता–विश्वेदेवा, अग्नि, वायु, सूर्य, वरुण, इन्द्र, सोम, त्वष्टा अश्विनौ)– तीन देवता (ब्रह्मा, विष्णु, महेश), एघार देवता (एकादश रुद्रहरू– अज, एकपाद, अहिर्बुध्न्य, विरूपाक्ष, कपाली, पिङ्गल, भीम, विलोहित, शम्भु त्रयम्वक र भव) र तेतीस देवता (१२ आदित्य–इन्द्र, धाता, भग, त्वष्टा, मित्र वरुण, यम (अर्यमा), विवस्वान, सविता, पूषा, अंशुमान र विष्णु, ११ रुद्रहरू ८ वसुहरू, १ प्रजापति र १ वषट्कार) ले श्रेष्ठ धन भएका वृहस्पतिरूप पुरोहित भएका सविताको आज्ञामा वर्तमान देवताहरू सहित मेरो रक्षा गरून् । प्रथम वसु देवता र दोस्रो रुद्र देवताका साथ मिलेर रक्षा गरून् । ११ र १२. . . . .।

अध्याय २१ (ऋषि–शुनशेप, वामदेव, विश्वामित्र, वशिष्ठ, आत्रेय आदि । देवता-वरुण, आदित्य, अग्नि, विश्वेदेवा, इन्द्र आदि) – पन्ध्र स्तोम र वृहत पृष्ठद्वारा स्तुति गरिएका ग्रीष्म सहित रुद्र देवताले इन्द्रमा यशद्वारा बल, हवि र आयुलाई स्थापित गरे ।२४।

अध्याय २४ (ऋषि–प्रजापति । देवता–अश्विनौ, सोम, मरुत, विश्वेदेवा, अग्नि, इन्द्र, वायु, वरुण आदि) –शुद्ध वर्णको, सर्व शुद्ध वर्णको तथा मणि वर्णको पशु अश्विनीकुमार सम्बन्धी हुन् । सेतो रङ्गको, सेतो आँखा भएको वा अरुण (रातो) रङ्गको पशु रुद्र सम्बन्धी हुन्। कर्ण (सेतो) वर्ण यम सम्बन्धी र अवलिप्त (टाउकोमा टीका जस्तो भएको) पशु रुद्र सम्बन्धी तथा आकाश रङ्गको पर्जन्य (मेघ देवता) सम्बन्धी हुन्।३। वसुहरूको लागि ऋष्य नामक वन पशुहरू, रुद्रकोलागि रुरु नामक मृगहरू (कृष्णसागर मृग), आदित्यको लागि न्यंकु नामक मृगहरू, विश्वदेवको लागि पृषत्–मृगहरू, साध्यदेवको लागि कुलुंग मृगहरू नियुक्ति गरून् ।२७।ईशान देवता (शिव)को लागि परस्वत मृग, मित्रदेवताको लागि गौरमृग, वरुणको लागि महिष (अर्ना–राँगो), वृहस्पतिको लागि गवय (एक प्रकारको जङ्गली गाई), त्वष्टाको लागि ऊँट नियुक्ति गरून् ।२८। प्रजापतिको लागि नरहात्ती, वाणी देवताको लागि वक्रतुण्ड (दन्त भाँचिएको हात्ती), चक्षु देवको लागि मशक (लाम्खुट्टे), स्रोत (कान देवता) को लागि भँवरा नियुक्त गरून् ।२९। प्रजापति र वायु देवताको लागि गोमृग (नीलगाई), वरुणको लागि वनभेंडो, यमको लागि कृष्ण मेष (कालो बोका), मानिसहरूका राजाको लागि बाँदर, शार्दूल (वन पशुहरूका राजा सिंह)को लागि लाल मृग तथा ऋषभ (शिवका नवौं अवतार)को लागि गवय (गाई जस्तो जनावर), श्येनको लागि वतक (परेवा), निलङ्गको लागि कृमी, समुद्रको लागि शिशुकुमार (एक प्रकारको जलचर) र हिमवान् देवताको लागि हात्ती नियुक्त गरून् ।३०।

अध्याय २५ (ऋषि–प्रजापति गौतम । देवता– सरस्वती, इन्द्र, अग्नि, मरुत, ईश्वर, पूषा, हिरण्यगर्भ, विश्वेदेवा आदि)– घोडाका रौंहरूद्वारा मशक (लामखुट्टे सम्बन्धी देवता) लाई, काँधद्वारा इन्द्रलाई, गमन (खुट्टा) द्वारा वृहस्पतिलाई, खुरद्वार कूर्महरूलाई, ठूलो गुल्मद्वारा आक्रमण देवलाई, नाडीहरूद्वारा कपिन्जललाई, जाँघ-द्वारा वेगलाई, वाहुद्वारा मार्गलाई, जानु (घुँडा) द्वारा अरण्य (वन देवता) लाई जानुदेशद्वारा (घुँडाको स्थान) द्वारा अग्निलाई, अधोभागद्वारा (घुँडाको तल्लो-भाग) पूषालाई, अण्डद्वारा अश्विद्वयलाई, अंशग्रन्थी (काँधको जोर्नी) द्वारा रुद्रलाई नमस्कार गर्दछु ।३। जो प्राणीहरूका स्वामी हुन् जस्को प्रेरणावाट प्राणीहरू चैतन्य भएर सबन्तो प्राप्त गर्दछन् ती ईशान देवताको आह्वान गर्दछौं । वेदज्ञानका रक्षक, हाम्रा पुत्र आदिका पालक तथा अच्युत पूषा देवताले सबैको कल्याण वृद्धि गरून् ।१८।

अध्याय २८ (ऋषि–वामदेव, गौतम आदि । देवता–इन्द्र, रुद्र, अश्विनौ,

बृहस्पति, अग्नि आदि)– समान कर्म भएका वसुगण, रुद्रगण र आदित्यहरूका साथ कुशमाथि विराजमान भई इन्द्र घिउ पान गरून् । हे होता ! तिमी पनि यस प्रकार यज्ञ गर ।४। श्रेष्ठ प्रीति भएका हितैषी उषा र नक्त (रात्री) देवता यज्ञको अवसरमा इन्द्रलाई आहुत गरून् र दिव्य वसु, रुद्र आदिलाई प्रवृत्त गरी यजमानलाई धन लाभ गराउन र घरमा स्थापित गर्नको लागि ध्यू पान गरून् । हे होता ! तिमी पनि यसै अभिप्रायले यज्ञ गर ।१४।

अध्याय २९ (ऋषि–वासदेव, भार्गव, जमदग्नि, भारद्वाज । देवता–अग्नि, अश्विनौ, सरस्वतो, त्वष्टा, सूर्य आदि)–द्यावा (आकाश) पृथ्वीको मध्यमा स्थित यज्ञमा हवनकाल बताउने श्रेष्ठ ज्योति भएका उषा र नक्त देवीहरूलाई सत्यको स्थानरूप यज्ञमा सादर गर्दछौं । ६। तिमीहरू दुवै श्रेष्ठ रथद्वारा सुवर्ण वर्ण भएका देवलोकहरू हेर्दै सबैलाई कर्ममा लगाउँछौ ! तिमीहरू दिशाहरूमा प्रकाश भर्दै आफ्नो ज्योतिद्वारा यज्ञ गर ।७। भारती (सरस्वती) हाम्रो यज्ञको कामना गरून् । वसुहरू र रुद्रहरू सहित समान प्रीति भई आहुत भएकी सरस्वती र इडा यज्ञको रक्षा गर्दै देवताहरूमा स्थापित गरून् ।८।

अध्याय ३३ (गौतम, कुत्स, विश्वामित्र, भारद्वाज, मेघातिथि, वशिष्ठ, अगस्त्य, जमदग्नि आदि । देवता–अग्नि, विश्वेदेवा, इन्द्र, वायु, सूर्य, वरुण, अश्विनौ आदि)– अग्नि, इन्द्र, वरुण, मित्र, मरुद्गण, विष्णु आदि समस्त देवताहरू ! हामीलाई बल प्रदान गर । अश्विद्वय, रुद्र, पूषा, भगवती, देवपत्नीहरूका कृपाले हामी बलवान् बनौं ।४८। जो स्तोता स्तुति गर्दै स्तोत्रहरू पाठ गर्दछन् उनीहरू अर्जित धनका हविहरू धारण गर्ने हुन्छन् । यस प्रकार हाम्रो लागि धन वृष्टि गर्ने रुद्र, पर्वत र वृत्र हनन गर्ने देवता जस्मा इन्द्र ठूला हुन् हाम्रो रक्षा गर्ने होउन्५०। यज्ञको रक्षा गर्ने देवताहरू हाम्रो सन्मुख होउन् जस्बाट हामी भयभीत उपासक तिम्रो प्रेमपूर्ण मन प्राप्त गरौं । अत्यन्त हननकर्ता वृत्र समान घोर पापबाट हामीलाई मुक्त गर तथा निन्दाबाट छुटाउ ।५१। यस यज्ञमा आज सबै मरुद्गण आए । रुद्र, आदित्य, विश्वदेवा पनि आएर हवि ग्रहण गरून् ।५२।

अध्याय ३४ (ऋषि–शिवसंकल्प, अगस्त्य, गृत्समद, गौतम, कुत्स, वशिष्ठ, सुहोत्र, मेघातिथि, भारद्वाज, यक्ष, दक्ष, कूर्म, कण्व आदि । देवता–अग्नि, इन्द्र, सोम, सविता, पूषा, उषा, भग, विष्णु, मरुत आदि)–हामी प्रातकालमा अग्निलाई आह्वान गर्दछौं, प्रातकालमा नै इन्द्र, मित्रावरुण, अश्विद्वय, भग, पूषा, ब्रह्मणस्पति सोम र रुद्रलाई आह्वान गर्दछौं ।३४।

अध्याय ३८ (ऋषि–अथर्वण, दीर्घत्तमा । देवता–सविता, सरस्वती, पूषा, अश्विनौ, वायु, इन्द्र, द्यावापृथ्वी, रुद्र, अग्नि, ईश्वर ।)–हे धर्म ! अपराजित रक्षा-

कारी तथा सन्ताप नाशक वायु देवताको प्रसन्नतार्थ स्वाहुत होस् ।७। वसुयुक्त रुद्र तथा रुद्र युक्त इन्द्रका निमित्त स्वाहुत होस्, आदित्यवान इन्द्रको निमित्त तथा शत्रु नाशक इन्द्रको निमित्त स्वाहुत होस् । हे धर्म ! ऋभु, विभु र वाजयुक्त सविताको लागि स्वाहुत होस् । विश्वदेवात्मक वृहस्पतिको लागि स्वाहुत होस् । ।८। स्तुत रुद्रको निमित्त स्वाहुत होस् । ज्योतिद्वारा ज्योति सुसङ्गत होस् । दिन र प्रजाद्वारा युक्त तेज आफ्नो तेजद्वारा युक्तहोस् । रात्रि र प्रजाद्वारा युक्त तेज विशिष्ट तेजद्वारा संगत होस् । यो आहुति स्वाहुत होस् । हे धर्म देवता ! इन्द्रात्मक अग्निमा तिमी माधुर्यपूर्ण भाषण गर्दछौ । तिमीलाई नमस्कार, हामीलाई कुनै प्रकारले पनि हिंसित नगर्नू (दुःखित नपार्नू) ।१६।

अध्याय ३९ (ऋषि–दीर्घतमा । देवता-सविता, मरुत, अग्नि, इन्द्र आदि)– हृदयद्वारा अग्निलाई, हृदयाग्रद्वारा असनिदेवलाई तथा सम्पूर्ण हृदयद्वारा पशुपतिलाई प्रसन्न पार्दछु । यकृत (कलेजो) द्वारा भव (शिव) लाई, मतस्न नामक हृदय अस्थि विशेषद्वारा शर्व (शिव) लाई, कोण आधारद्वारा ईशान (शिव) लाई, पार्श्व-अस्थि (पिठ्यू) द्वारा महादेवलाई, स्थूलआंत (ठूलो आन्द्रा वा बंगारा) द्वारा उग्र (शिव) लाई र शरीरका कोशीद्वारा वशिष्ठलाई प्रसन्न गर्दछु ।८। लोहित (रक्त) द्वारा उग्र देवतालाई, सौव्रत्य (सुवृत्तिको कर्म) द्वारा मित्र देवलाई, दौर्व्रत्य (दूरवृत्तिको कर्म) द्वारा रुद्रलाई, क्रीडा समर्थ रस (शरीर भित्र क्रुडा गर्ने तत्व) द्वारा इन्द्रलाई, जल प्रकाशक रक्तद्वारा मरुद्गणलाई, प्रसन्नताप्रद कर्मद्वारा साध्यदेवहरूलाई, कण्ठद्वारा भवदेवतालाई, अन्तः पार्श्व (भित्री पिठ्यूं) द्वारा रुद्रलाई, यकृत रक्त (कलेजोको रगत) द्वारा महादेवलाई, स्थूलआंत (ठूलो आंन्द्रा) द्वारा शर्व देवतालाई, तथा पूर्ण हृदयद्वारा पशुपतिलाई, प्रसन्न गर्दछु ।९। लोमहरू (रौंहरू) को लागि स्वाहुत होस् । व्यष्टि (प्रत्येक) रौंको लागि स्वाहुत होस् । त्वचाको लागि (छालाको लागि), प्रत्येक त्वचाको लागि स्वाहुत होस् । लोहित (रगत) को लागि स्वाहा, प्रत्येक रगतको लागि स्वाहा । मेद (बोसो), मांस, स्नायु, अस्थि, मज्जा, वीर्यको लागि स्वाहा । गुदाको लागि स्वाहुत होस् ।१०।

यजुर्वेदका अध्याय ३,१६ र ३९ का कण्डिकाहरू (श्लोकहरू) रुद्री–पाठ (अथ रुद्राष्टाध्यायी) मा पनि मन्त्र तथा पाठको रूपमा उल्लेख गरिएका हुन्छन् । हुनत रुद्रीपुस्तकमा रुद्रका साथै अन्य देवताहरूका पनि पाठहरू हुन्छन् । खासगरी रुद्रका विषयमा भने रुद्रीको पाँचौं अध्यायमा यजुर्वेदको ११ अध्याय, छैठौं अध्यायमा यजुर्वेदको ३ अध्याय तथा सातौं अध्यायमा यजुर्वेदको ३९ अध्यायहरू समावेश भएका छन् जुन रुद्र देवतालाई स्तुति गर्ने मन्त्ररूप पाठ मानिएको छ ।

सामवेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी अन्य उल्लेखहरू:-

पूर्वर्राचिक, प्रथम प्रपाठक, द्वितीयोर्ध, पञ्चम दशतिको अन्त्यमा (ऋषि- अग्नि तापस, वामदेव, काश्यप, असितदेवल सोमाहुति, भार्गव, प्रस्कण्व। देवता- विश्वेदेवा, अग्नि) - हे अग्नि ! तिमी महान् धनदायी तथा सिंचन समर्थ हौ। यस यज्ञमा जुन स्तोत्रहरूको उच्चारण गरिन्छ तिनीहरूका सबै धर्महरूलाई जानेर सबैलाई आफ्नो वशमा गर्दछौ। तिमी आफ्नो तेजद्वारा राक्षसको बललाई नष्ट गर र त्यसको पराक्रमलाई तोडिदेउ। तिमी यस कर्मको लागि वसुहरू (आठ वसु देवताहरू- ध्रुव (तारा), अध्वर (यज्ञ), सोम (चन्द्र), आप (जल), अनिल (वायु), अनल (अग्नि), प्रत्यूष (उषा) र प्रभास (तेज); रुद्रहरू (एकादश रुद्रहरू-अजैकपाद, अहिर्बुध्न्य, कपाली, पिङ्गल, विरूपाक्ष, भीम, विलोहित शम्भु, त्रिअम्बक, शास्ता र भव; अष्टशिव- रुद्र, भव, शर्व, पशुपति, महादेव, भीम, उग्र, ईशान; पञ्चमहादेव- सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान); आदित्यहरू (बाह्र आदित्यहरू- इन्द्र, धाता, भग, त्वष्टा, मित्र, वरुण, अर्यमा, विवस्वान, सविता, पूषा, अंशुमान र विष्णु) र प्रजापतिद्वारा उत्पन्न भएका जल सिंचन समर्थ (पानीको वर्षा गराउन सक्ने) देवता (इन्द्र) को उपासना गर।

दोस्रो प्रपाठक, द्वितीयोर्ध, चतुर्थ दशति (ऋषि- इन्द्रमातरो देवजामय गोधा, दध्यङथर्वण प्रस्कण्व, गौतम, मधुछन्दा, वामदेव, वत्स,शुनशेप,वातायानउल। देवता- इन्द्र) - आफ्नो कर्मको इच्छा गर्दै तथा रुद्रलाई प्राप्त गर्दै (रुद्रको भक्ति गर्दै) माताहरू उत्पन्न इन्द्रको परिचर्या (सेवा) गर्दछन् र श्रेष्ठ धन ती इन्द्रबाट प्राप्त गर्दछन्। हे देवताहरू ! हामी तिम्रो लागि कुनै विपरित कार्य गर्दैनौं बरू तिमीहरूद्वारा बताइएको मार्गमा चल्दछौं।

उत्तरार्चिक, नवौं प्रपाठक, तृतीयोर्धको अन्त्यमा (ऋषि- अप्रतिरथऐन्द्र, वायुभारद्वाज, शामोभारद्वाज, जयएन्द्र, गौतमोराहुगण। देवता- इन्द्र, बृहस्पति, मरुत, विश्वेदेवा) - हे देवताहरू ! तपाईहरूको कृपा भई हामी मङ्गलमय वचन सुनौं,कहिल्यै बहिरो नहोऔं। हाम्रा आँखा शुभ दर्शनको लागि समर्थ होस्। हाम्रा अङ्ग पनि पुष्ट होस् र हामी पूर्ण आयु प्राप्त गर्न सकौं। महान् स्तोत्र भएका (उच्च भावनामा स्तुति गरिएका) त्यस अविनाशी इन्द्रले मङ्गल गरून्, पूषाले शुभ गरून्, मरुद्गणले रक्षा गरून् र महादेव हाम्रो लागि सदा कल्याणकारी होउन्।

अथर्व वेदमा रुद्रलाई गरिएका स्तुतिहरू तथा रुद्र सम्बन्धी अन्य उल्लेखहरू:-

प्रथमकाण्ड, चतुर्थ अनुवाक, सूक्त १९ (ऋषि- ब्रह्मा । देवता- इन्द्र प्रभृति) हाम्रा समान जातिका वा भिन्न जातिकाले हामीमाथि चढाई गर्न र दास बनाउन खोजेमा यी सबै शत्रुहरूलाई रुवाई संहार गर्ने रुद्रदेवले आफ्ना हिंसक वाणहरूद्वारा वेध गरून् । ३ ।

पाँचौं अनुवाक, सूक्त २७ (ऋषि- अथर्वा । देवता- इन्द्राणी) - शत्रुहरूको हिंसा गर्न समर्थ शिवको धनुष समान तीक्ष्ण शस्त्रास्त्र धारण गरी मारकाट मचाउँदै हाम्रा सेना चारैतिरबाट बढून् जसबाट शत्रु सेना एकत्र भएमा पनि तिनीहरू कर्तव्याकर्तव्य सोच्न नपाओस् र तिनीहरूका राजा, देश, कोष (सम्पत्ति) आदि सदाको लागि हारून् । २ ।

दोस्रो काण्ड, तेस्रो अनुवाक, सूक्त १२ (ऋषि- भारद्वाज । देवता- द्यावापृथ्वी, अन्तरिक्ष) - इन्द्र र सोमको उद्गाताद्वारा प्रयुक्त स्तोत्रले हाम्रा पुर्खाहरूमा यज्ञ आदि कामनाहरू र स्मृति विहित कुवा, तलाउ आदिका कामनाहरू पूर्ति भई त्यसबाट प्रकट पुण्यद्वारा अङ्गिरा ऋषि, द्वादश आदित्य (इन्द्र, धाता, भग, त्वस्टा, मित्र, वरुण, अर्यमा, विवश्वान, सविता, पूषा, अंशुमान र विष्णु), अष्टवसु (ध्रुव, अध्वर, सोम, आप, अनिल, अनल, प्रत्यूष र प्रभास) र रुद्रहरू (एकादश रुद्रहरू- अजैकपाद, अहिर्बुध्न्य, कपाली, पिङ्गल, विरूपाक्ष, भीम, विलोहित, शम्भु, त्र्यंवक, पिनाकी र भव; अष्टशिव- रुद्र, भव, शर्व, पशुपति, महादेव, भीम, उग्र र ईशान; पञ्चमहादेव- सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान) सहित हाम्रा रक्षक बनून् । म यस अमुक नामको शत्रुलाई आफ्नो अभिचार कर्म (टुना झार्ने कार्य) द्वारा कृत्यारूप (टुनाद्वारा विगार गर्ने) लाई देवताको कोप गराई नष्ट गर्दछु । ४ ।

सूक्त १४ (ऋषि- चातन । देवता- अग्नि, भूतपति, इन्द्र) - भूतनाथ रुद्र र इन्द्रले यी आक्रोश गर्ने पिशाचहरूलाई मेरो आवास स्थानबाट धपाउन् । राक्षसीहरू ! तिमीहरू आमा बाबुका देहद्वारा प्राप्त हुने अपस्मार (छारेरोग) र ग्रहणहरू (दुब्लाएर जाने रोग) आदि उत्पन्न गर्दछौ । यसकारण तिमीहरू मेरो घरबाट दूर हुँदै नाश होउ । ५ ।

छैठौं अनुवाक सूक्त ३४, (ऋषि- अथर्वा । देवता- पशुपति प्रभृति) - जो पशुपति देवता दोपाया र चौपाया प्राणीहरूका स्वामी हुन् ती पूर्ण रूपले ज्ञात

भई यज्ञमा प्राप्त होउन् । तिनको कृपाले यज्ञ गर्नेलाई धन र बल प्राप्त होस् । १ । हे देवताहरू ! संसारको सार उपदेश दान गर्दै यस यज्ञ गर्नेलाई सन्मार्ग देखाउ । जुन सोमरूप सुसंस्कृत देवताहरूका प्रिय अन्न हुन् ती हामीलाई प्राप्त होस् । २ । जो प्रकाशमान जीव यो बांधिएको जीवलाई मन र आँखाले देख्तछ उसलाई ती विश्वकर्ता सबभन्दा पहिले मुक्त गरून् । ३ । जो गाउँका विविध रूप भएका पशुहरूमा भिन्नता भएर पनि एकै हुन् भनी देख्तछ उसलाई पनि प्रजाहरूका साथमा रहने प्राणदेश (ईश्वर) पहिले मुक्त गरून् । ४ । विशेष जानकारी राख्ने ज्ञानीहरू चारैतिर भ्रमण गर्ने प्राणलाई सबै अङ्गबाट एकत्रित गरी स्वस्थ जीवन व्यतीत गर्दछन् र फेरि दिव्य मार्गबाट सीधा स्वर्ग गएर र प्रकाशमान स्थानमा प्राप्त हुन्छन् । ५ ।

तेस्रो काण्ड, चतुर्थ अनुवाक, सूक्त १६ (ऋषि– अथर्वा । देवता– अग्नि, इन्द्र, मन्त्रोक्ता) – हामी बिहान सबेरै फल प्राप्तिको लागि इन्द्र, मित्र, वरुण, अश्विद्वय, उषा, भग, ब्रह्मणस्पति सोम र रुद्रको आह्वान गर्दछौं । १ ।

चौथो काण्ड, छैठौं अनुवाक, सूक्त २८ (ऋषि– मृगार । देवता– भव र शर्व) –हे संसार उत्पत्ति गर्ने ! हे संसार संहार गर्ने ! म तिम्रो महिमा जान्दछु । तिमीं मनुष्य र पशु आदि सृष्टि गर्ने ईश्वर हौ। सम्पूर्ण विश्व तिम्रै आज्ञामा रहन्छ । १ । हे शिवका दुई रूपहरू (भव र शर्व) ! तिमीहरू हामीलाई सबै अनर्थको जड पापबाट मुक्त गर। यी भव र शर्व देवताहरूको नजीक या टाढा जे छन् ती सबैमा यिनीहरूकै अधिकार हुन्छन् र चौपायाका स्वामी यिनीहरूले हामीलाई पापबाट मुक्त गरून् । २ । हजार आँखा भएका, शत्रु संहारक भव र शर्व गौचर भूमिमा रहन्छन् । म शिवका ती दुई रूपहरूलाई आह्वान गर्दछु । ३ । हे भव र शर्व! तिमीहरू दुवैले सृष्टिको प्रारम्भमा अनेक प्राणीहरू रचना गरेका थियौ । यी मनुष्यहरूमा तिनीहरूका पापहरू अनुसार शत्रु र अभिदीप्ति तिमीहरू नै बनाउँछौ । तिमीहरू दोपाया र चौपायाका स्वामी हौ । तिमीहरू हामीलाई पापबाट मुक्त गर । ४ । जुन भव-शर्वको हिंसामय शस्त्रहरूबाट कोही बचन सक्तैन, जो दोपाया प्राणीका स्वामी हुन् ती हामीलाई अनर्थको जड पापबाट छुटाउन् । ५ । जो शत्रु कृत्या (टुनामुना) कर्मद्वारा अनिष्ट गर्दछ र जो हाम्रो सन्तानलाई नष्ट गर्दछ यी दुवै प्रकारका शत्रुहरूमाथि भव र शर्वले वज्र प्रहार गरून् र ती दोपाया चौपायाका स्वामीले हामीलाई पापबाट बचाउन् । ६ । हे भव र शर्व देवता ! तिमीहरू हाम्रा शत्रुलाई शस्त्रसँग आलिङ्गन गराउ, हिंसक राक्षसहरूलाई पनि यस्तै गर । हाम्रो पक्षमा कुरा बताउ । म तिमीहरूको स्तुति गर्दै तिमी-

हरूलाई बोलाउँदछु । मलाई पापबाट मुक्त गर । ७ ।

सूक्त ३० (ऋषि– अथर्वा । देवता– वाक्) – म एघार रुद्र र आठ वसुहरूको रूपमा विचरण गर्दछु । धाता आदि बाह्र आदित्यहरू र विश्वदेवहरूका रूपले पनि विचरण गर्दछु । म ब्रह्मवादिनी परब्रह्मात्मिका हुँ । म मित्रावरुणको भरण गर्ने तथा इन्द्राग्नि र अश्विद्वयलाई धारण गर्दछु । १ ।

पाँचौं काण्ड, प्रथम अनुवाक, सूक्त ३ (ऋषि– वृहदिदवो अथर्वा । देवता– अग्नि प्रभृति) – धाता, विधाता, शत्रुसंहारक सूर्य, आदित्य, रुद्र र अश्विनीकुमार-हरू यजमानलाई पापबाट रक्षा गरून् । ९ । हाम्रा शत्रु नष्ट होउन् । इन्द्राग्नि-द्वारा हामी यिनीहरूलाई बाँध्छौं । आदित्य र रुद्रले हामीलाई सावधान गर्ने राजा प्रदान गरेका छन् । १० ।

दोस्रो अनुवाक, सूक्त ६ (ऋषि– अथर्वा । देवता– आदित्य) – हे सोम र रुद्र ! तिमीहरू तीक्ष्ण अस्त्रयुक्त हौ । यस युद्धमा हामीलाई सुखी गर । ५ । यो अभिचार कर्म (टुना झार्ने कार्य) द्वारा नै राजाले शत्रु नाश गरी सिद्धि प्राप्त गरेका थिए । यो हवि स्वाहुत होस् । हे सोम र रुद्र ! तिमीहरू तीक्ष्ण आयुध भएका हौ । यस युद्धमा हामीलाई सुख देउ । ६ । यो अभिचार कर्मद्वारा नै प्रतिलोम रूपले (उल्ट्याउने क्रमले) शत्रु दमन गर्दै यो राजाले सिद्धि प्राप्त गरेका थिए । यो हवि स्वाहुत होस् । अत्यन्त सुख तथा तीक्ष्ण शस्त्रयुक्त सोम र रुद्र हामीलाई यो युद्धमा सहायता गरून। ७। हे सोम-रुद्र देवताहरू ! अकथनीय पापबाट हामीलाई बचाउ । यहाँ प्राप्त भई यसमा अमृतत्व स्थापना गर । ८ ।

तेस्रो अनुवाक, सूक्त २१ (ऋषि– विश्वामित्र । देवता– वानस्पत्यो दुन्दुभि) हे मरुतहरू ! तिमीहरू उग्रकर्ता हौ । राजा सोम, वरुण, महादेव, मृत्युदेवता र इन्द्रका साथ मिलेर हाम्रा शत्रुहरूलाई मारिदेउ । ११ । समान चित्त भएका, सूर्यका पताका धारण गर्ने देव सेनाहरूले हाम्रा शत्रुहरूमाथि विजय प्राप्त गरून् । यो आहुती ग्रहण गर्न योग्य छ । १२ ।

पाँचौं अनुवाक, सूक्त २४ (ऋषि– अथर्वा । देवता– सविता प्रभृति) – पशु (प्राणी) हरूका स्वामी मरुद्गणका पिता (रुद्र) हुन्, ती मेरा वेदोक्त प्रतिष्ठा, चिति (चैतन्य), संकल्प, वेदोपासन, आशीर्वाद, कर्महरूमा रक्षक होउन् ।

छैठौं काण्ड, चौथा अनुवाक, सूक्त ३२ (ऋषि– अथर्वा । देवता– अग्नि, रुद्र, मित्रावरुण) – हे ऋत्विजहरू ! यातुधानहरू (रोगका किटाणुहरू) को नाश गर्ने हव्यको घिउ सहित यस अग्निमा राम्ररी आहुति देउ । हे अग्नि ! यो

उपद्रवहरूलाई भस्म गरी हाम्रा घरहरूलाई सन्तापबाट बचाउनुहोस् । १ । हे यातुधानहरू ! तिम्रा मसलहरूका हाडहरूलाई रुद्र देवताले काटि दिउन् । वीर्यमयी औषधि पनि तिमीहरूलाई तमको प्राप्ति गराउन् । २ ।

पाँचौं अनुवाक, सूक्त ४४ (ऋषि– विश्वामित्र । देवता– मन्त्रोक्ता) – जसरी ग्रह नक्षत्रहरूले युक्त द्युलोक (स्वर्ग) आपनो स्थानमा अडेको छ, सबै प्राणीहरूका आधार पृथ्वी पनि अडेको छ, जस्तो यो जङ्गम प्राणी समूह पृथ्वीमा आश्रित छ, जस्तो यो रूख खडा भई सुतेको अनुभव गर्दै आफ्नो स्थितिमा रहन्छ त्यस्तै तिम्रा रूधिर(रगत)अडिरहून्, नबहून् ।१। हे रोगी! शमन गर्ने जुन सैकडौं, हजारौं औषधिहरू प्राप्त छन् ती सबमा श्रेष्ठ यो कर्म रक्तस्राप दूर गर्दछ । २ ! हे श्रृंगोदक ! (सिङमा राखिएको पानी) ! तँ रुद्रको मूत्र (गहुँत जस्तो) हौ र अमृतको नाभि (घर) हौ । अतः तँ रोगलाई नाश गर । हे गोश्रृंग (गाईको सिङ) ! तँलाई विषाण (छिन्न गर्ने) पनि भनिन्छ अर्थात् तँ रोग शमनको सूचक हौ । वायु सम्बन्धी रोगलाई निर्मूल गर्ने हौ ।

छैठौं अनुवाक सूक्त ५७, (ऋषि– शन्तातिः । देवता– रुद्र, भेषजम्) – यो रोग (सर्पको विष सम्बन्धी) लाई दूर गर्ने औषधि म गर्दछु । यो रुद्रको औषधि अन्तकालमा सबै रोगलाई रुवाउँछ । यसको प्रयोग शिवले गरेका थिए । १ । हे परिचारकहरू ! तिमीहरू गोमूत्रको फींजजलद्वारा यो घाउलाई धोउ । यो औषधि (गोमूत्र) रोग दूर गर्नमा श्रेष्ठ छ । हे रुद्र ! यो औषधिद्वारा हामीलाई सुख देउ । २ । हे देव ! हामीलाई सुख मिलोस्, हाम्रा पशु र मानिसहरू रोग ग्रस्त नहोउन् र पाप नाश होस् । सम्पूर्ण विश्व र अनेक श्रेष्ठ कर्म हाम्रो लागि औषधि समान होउन् । ३ ।

सूक्त ५९ (ऋषि– अथर्वा । देवता– अरुन्धति आदि) – हे सहदेवी नामक औषधि ! तिमी पहिले बयलहरूलाई, गाईहरूलाई र पाँच वर्ष मुनिका गाई, घोडा आदिलाई सुखी गर । १ । हे सहदेवी ! हे अरुन्धति ! तिमी हाम्रो गोठलाई दूधले पूर्ण गर । हाम्रा छोरा, नाती, नोकर आदिलाई रोग रहित गरी हामीलाई सुखी बनाउ । २ । हे सहदेवी ! म इच्छित फलको प्रार्थना तिमीसँग गर्दछु तिमी सौभाग्य युक्त जीवन दिने अनेक रूपिणी हौ । यो औषधि (सहदेवी)

हाम्रा पशुहरूमाथि रुद्रले फ्याँकेको शस्त्रलाई (रुद्र रिसाई उत्पन्न गरिदिएको रोगलाई) पृथक् लैजाने होस् । ३ ।

सातौं अनुवाक, सूक्त ६८ (ऋषि– अथर्वा । देवता– सविताआदि, मन्त्रोक्ता) सर्व प्रेरक सवितालाई कपाल मुण्डन गर्ने छुरा हात लागोस् । हे वायु ! तिमी पनि यस बालकको शिर नरम गर्न तातो पानी सहित आउ । एघार रुद्रहरू, बाह्र आदित्यहरू र आठ वसुहरू समान ज्ञान सहित जलद्वारा यसको शिर भिजाउ । हे मनुष्यहरू ! वरुण र सोमसँग सम्बन्धित छुराद्वारा यसका भिजेका रौंहरू खौरिदेउ । १ ।

आठौं अनुवाक, सूक्त ७४ (ऋषि– अथर्वा । देवता– ब्रह्मणस्पति आदि) हे एक मन भएका मानिसहरू ! तिमीहरूको मनको इन्द्रिय जुन कर्मले ज्ञानोत्पादिनी हुन्छ म त्यो कर्म गर्दछु । तिमीहरूको हृदयलाई पनि समान ज्ञानोत्पादक वनाउँदछु । भग देवताको लागि गरिएको तपद्वारा म तिमीहरूलाई समान ज्ञानी बनाई दिन्छु । २ । अदितिका पुत्रहरू मित्रावरुण जसरी अष्ट वसुहरूका साथ समान ज्ञानी भए र रुद्र आफ्नो प्रचण्ड रूपलाई त्यागेर मरुदगणका साथ समान ज्ञानका भए, त्यसरी नै हे अग्नि ! तिमी क्रोध त्यागेर यी मानिसहरूलाई परस्पर समान मन भएका बनाउ । ३ ।

नवौं अनुवाक, सूक्त ९० (ऋषि– अथर्वा । देवता– रुद्र) हे रोगी ! रुद्रले जुन शूल रोगरूप वाणलाई तिमी माथि फ्याँकेका थिए (कर्मको भोग गराएका थिए) त्यस वाणलाई हामी उखाड्छौं । १ । हे सूलरोगी पुरुष ! तिम्रो हातपाउमा जुन सय नाडीहरू छन् तिनीहरूको लागि शूल नाशिनी औषधिहरू स्थापित गर्दछु । २ । हे रोग-रूप वाण हानेर रुवाउने रुद्र ! (हे रोगको भोग गराउने रुद्र) तिमीलाई नमस्कार, धनुषमाथि चढेको तिम्रो वाणलाई तथा तिमीद्वारा छोडिएको वाणलाई नमस्कार र धनूबाट छुटेर लक्ष्यमा गिर्ने तिम्रो वाणलाई पनि हामी नमस्कार गर्दछौं । ३ ।

दशौं अनुवाक, सूक्त ९३ (ऋषि– शन्ताति । देवता– यम आदि) – पाप अनुसार दण्ड दिने यम, मार्ने मृत्यदेव, र पिङ्गल वर्ण भएका शर्व (शिव) तथा नील शिखण्ड देवता पापीहरूलाई नष्ट गर्न विचरण गर्दछन् । तिनीहरूले हाम्रा छोरा नाति आदिलाई पीडित नगरून् । १ । घृतादियुक्त संकलपद्वारा गरिने यज्ञले म भगवान् (शर्व) लाई र अस्त्रका स्वामी भव (शिव) लाई तथा पूर्व मन्त्रोक्त नमनयोग्यहरूलाई नमस्कार गर्दछु । उनीहरू प्रसन्न भई कृत्याहरूको पापलाई मारन गर्न उनीहरू (कृत्याहरू) लाई यहाँबाट टाढा पुऱ्याउन् । २ ।

सातौं काण्ड, चौथो अनुवाक, सूक्त ४२ (ऋषि– प्रस्कण्व । देवता– सोम, रुद्र) – हे सोम ! हे रुद्र ! हाम्रो घरमा व्याप्त अमीवा (किटाणु) रोग र विषुचिका (हैजारोग) लाई नष्ट गर । रोगका कारणभूत पिशाच (फोहर ठाउँमा बस्ने) हरूलाई हामीबाट टाढा पठाउ र हाम्रो पापलाई पनि हामीबाट अलग गर । १ । हे सोम ! हे रुद्र ! हाम्रो शरीरमा व्याप्त पापलाई हामीबाट अलग गर, रोगहरू भगाउनको लागि औषधिहरू शरीरमा लाग्ने गराउ । २ ।

सातौं अनुवाक, सूक्त ७४ (ऋषि– अथर्वाङ्गिरा । देवता– मन्त्रोक्ता) – हामी सुन्दछौं कि गण्डमालाहरूकी आमा काली रङ्गकी पिशाची हुन् । यी कष्टसाध्य रोग गण्डमालाहरूलाई अथर्वाको रुद्रात्मक शरद्वारा वेध गर्दछु । १ ।

सूक्त ७५ (ऋषि– उपरिवभ्रव । देवता– अध्न्वा) – हे गाई ! तिमी सुन्दर घाँस भएको भूखण्डमा चर्दै छोरा नाति आदिले सम्पन्न हुँदै निर्मल जल पिउँदै चोरहरूद्वारा अहरित तथा बाघ आदिद्वारा अहिंसित भई रहू । ज्वराभिमानी देवता रुद्रको वाण तिमीमा नपरोस् । (तिम्रो कर्मबाट तिमीलाई रुद्रले ज्वरद्वारा आक्रमण नगरून्) । १ ।

आठौं अनुवाक, सूक्त ८७ (ऋषि– अथर्वा । देवता– रुद्र) – जो रुद्रदेव द्रष्टव्य रूपले अग्निमा, वरुण रूपले जलमा र सोम रूपले लताहरूमा प्रविष्ट हुन्छन् ती रुद्र सबै प्राणीहरूलाई सृष्टि गर्दछन् । ती रुद्रात्मक अग्नि आदि गुण भएका रुद्रलाई हामी नमस्कार गर्दछौं । १ ।

आठौं काण्ड, प्रथम अनुवाक, सूक्त २ (ऋषि– ब्रह्मा । देवता– आयु) – हे मृत्यु देवता ! यस पुरुषलाई मार्न नखोज । यो तिम्रै हो । अतः यसको प्राण नलेउ । यसले पृथ्वीमा सबै प्रकारका गति गरून् । हे भव, शर्व (शिव) ! यसलाई सुख देउ । यसको रोग आदि पापलाई दूर गरी आयुष्मान वनाउ । ७ । हे मृत्यु! यसलाई आफ्नो कृपापात्र वनाउ । यिनीमाथि कृपा गर । यी मरणहीन र सबै अंगहरूले सम्पन्न रहून् । यो मानिसले वृद्धावस्था प्राप्त गर्दै सय वर्षको आयु प्राप्त गरोस् । ८ । हे पुरुष ! देवताहरूको अस्त्र (दण्ड) तिमी माथि नपरोस् । उनीहरूले तिम्रो हिंसा नगरून् । म तिमीलाई मृत्युबाट बचाउँछु । तिम्रो जीवनको निमित्त देवयजन अग्निको स्थापना गर्दछु । ९ ।

तेस्रो अनुवाक, सूक्त ५ (ऋषि– शुक्र । देवता– मन्त्रोक्ता) – कृत्या (टुनामुना आदि द्वारा विगार गर्ने खराब कृत्य) को प्रतिकारको इच्छा गर्ने यस यजमानको लागि रुद्र, अग्नि, इन्द्र, सूर्य, विष्णु, प्रजापति, वैश्वानर, हिरण्यगर्भ, विराट र अन्य समस्त ऋषिगणले कृत्यालाई नष्ट गर्ने मणिरूप कवच धारण

गराउन् । १० ।

चौथो अनुवाक, सूक्त ८ (ऋषि– भृगुअंगिरा । देवता– इन्द्र, वनस्पति आदि) – हे मृत्युदूतहरू ! यी शत्रुहरूलाई लैजाउ । हे यमदूतहरू ! यिनका हजारौं वीरहरूलाई बाँधिदेउ । रुद्रको आयुधले यिनीहरूलाई नष्ट गरून् । ११ । जालदण्डलाई ग्रहण गरी साध्य देवता शत्रुहरूमा जाई लाग्दैछन् । एक जालदण्ड-लाई रुद्रहरूले, एकलाई वसुहरूले र अर्को एकलाई आदित्यहरूले उठाए । १२। विश्वदेवहरूले तिनीहरूलाई माथिबाटै बलपूर्वक मारून् र बीचबाट रुद्रले संहार गर्दै भूमिमा गिराउन् । १३ । हे शत्रुहरू ! यी मृत्यु-पाशहरूलाई तिमीहरू छिनाल्न सक्तैनौ । यो कूट (कुटो जस्तो आकारको आयुध) ले यी शत्रु सेनालाई हर प्रकारले संहार गरून् । १६। यो हवि अग्निद्वारा तातेको छ, यो सोमरस शत्रु नाशक शक्तिले युक्त छ । हे भव, शर्व देवताहरू ! शत्रु सेनालाई संहार गर । १७ । यी शत्रु भोक, अलक्ष्मी र भय प्राप्त गर्दै मृत्युका मुखमा परून् । हे इन्द्र ! हे शर्व ! यी शत्रुसेनालाई संहार गर । १८ । हे शत्रुहरू ! हाम्रो मन्त्रबलद्वारा तिमीहरूको हार होस् र तिमीहरू त्रस्त भएर भाग्नु परोस् । मन्त्रका स्वामी वृहस्पतिले यी शत्रुहरू कसैलाई पनि बाँकी नराखून् । १९ ।

नवौं काण्ड, चौथो अनुवाक, सूक्त ७ (ऋषि– ब्रह्मा । देवता– गौ) – यी गाईको सिङ परमेष्ठी प्रजापति हुन् । शिर, इन्द्र, ललाट अग्नि तथा कृकाट (कण्ठी) यम हुन् । १ । मस्तिष्क सोम, माथिल्लो चिउँडो आकाशदेव र तलको चिउँडो पृथ्वी हुन् । २ । मरुद्गण दाँत, विद्युत देवता जिब्रो, कृत्तिका काँध र रेवती घाँटीरूप हुन् । ३ । स्वर्गलोक, विश्ववायु र कृष्णद्रविधरणी निवेष्य (जुरो) हुन् । ४ । वृहस्पति ककुद (करङ), वृहती हाडहरू, वाजदेवता क्रोड (काख) तथा अन्तरिक्ष पाजस्य हुन् । ५ । देवताहरूकी पत्नी मसलहरू हुन् र उपमद तिनीहरूका कोख हो । ६ । मित्र- वरुण काँध हुन्, महादेव वाहु तथा त्वष्टा र अर्यमा दुई भुजाहरू हुन् । ७ । इन्द्राणी कमर, वायु पुच्छर र पवमान (सोम) रौं हुन् । ८ । जाँघहरू बल तथा ब्राह्मण र क्षत्री नितम्व (पुठ्ठा) हुन् । ९ । धाता र विधाता उरू(तीघ्रा)र घुँडा हुन् । गन्धर्व तिघ्राहरू हुन्, अदिति शफा (खुरहरू) र अप्सराहरू कुण्ठिका हुन् । १० ।

दशौं काण्ड, चौथो अनुवाक, सूक्त ७ (ऋषि अथर्वा । देवता स्कम्भ, अध्यात्म)– जस्मा सूर्य, रुद्र, वसु, भूत, भव्य र सबै लोक निहित छन्, त्यो स्कम्भ (परब्रह्म) के हो बताउ ।२२। तेत्तीस देवताले जस्को विधि रक्षा गर्दछन् त्यस निधिको ज्ञाता को हुन् ।२३। जस्ले ब्रह्मलाई जान्ने देवताहरूले गरेका महान् ब्रह्म स्तुति जान्दछ

उसैले ब्रह्मलाई जान्न सक्तछ ।२४।

एघारौं काण्ड, प्रथम अनुवाक, सूक्त २ (ऋषि–अथर्वा। देवता– भव आदि मन्त्रोक्ता)– हे भव, तथा शर्व देवताहरू! तिमी हामीलाई सुख देउ । रक्षाको लागि मेरो नजीक आउ । हे भूतेश्वरहरू (प्राणीहरूका मालिकहरू)! तिमीहरू गाई आदि पशुहरूका पालक हौ । म तिमीहरूलाई नमस्कार गर्दछु । यसबाट प्रसन्न भै तिमीहरू मतिर आपनो वाण नछोड (दुःखहरू उपस्थित नगराउ) र हाम्रा दोपाया चौपाया-हरूलाई पनि संहार नगर । हे भव शर्व ! हाम्रो देहलाई मांसभक्षी गीद्ध, कुकुर आदिलाई नख्वाउ, तिम्रा जुन मक्षिका (झिंगा आदि) र पक्षी हुन्, उनीहरू खाद्यान्नको रूपमा हामीलाई प्राप्त नगरून् (हामी मर्दा यस प्रकारको गतिमा नपरोस्) ।२। हे भव ! तिम्रो प्राणवायु र क्रन्द शब्दलाई हाम्रो नमस्कार छ । तिम्रो मायामय शरीरलाई नमस्कार छ । हे संसारका साक्षिदेव ! तिमी अमरण धर्मा भएकालाई हाम्रो नमस्कार छ । ।३। हे रुद्र ! पूर्व, उत्तर दक्षिण सबै दिशाह-हरूमा हामी तिमीलाई नमस्कार गर्दछौं । तिमी आकाशको मध्यमा सबैका नियन्ता रूपले प्रतिष्ठित होउ । हाम्रो नमस्कार छ ।४। हे भवदेव ! तिम्रो मुख, आँखा, छाला र नीलो पहेंलो वर्णलाई नमस्कार छ । तिम्रो समभाव भएको दृष्टिलाई नमस्कार छ । हे देव ! मेरो नमस्कार ग्रहण गर ।५। तिम्रो पेट, जिब्रो, दाँत, नाक तथा अन्य अङ्गहरूको लागि हामी नमस्कार गर्दछौं ।६। नीलो केश र हजार आँखा भएका तथा घोडा समान वेग भएका शत्रुका आधि सेनालाई शीघ्रै नाश गरिदिने रुद्रद्वारा हामीलाई कहिल्यै आहत नहोस् ।७। जुन भवको महीमा प्रत्यक्ष छ, उनले हामीलाई सबै उत्पातहरूबाट अलग राखून् । अग्नि जसरी जललाई छोड्दछ त्यस्तै रुद्र हामीलाई छोडि देऊन् (अर्थात् रुद्रले हामीलाई दण्ड दिनको लागि नसमातून्) । भवदेवलाई नमस्कार छ । उनी मलाई पीडित नगरून् ।८। शर्वदेवलाई चार पल्ट नमस्कार, भवदेवलाई आठपल्ट नमस्कार छ । हे पशुपति ! तिमीलाई दशवार नमस्कार । विभिन्न जातिका गाई आदि जीवहरू र पुरुषहरूलाई रक्षा गर ।९। हे रुद्र ! तिमी प्रचण्ड स्वभावका हौ । यी चारै दिशाहरू तिम्रै हुन् । यो स्वर्ग, पृथ्वी र अन्तरिक्ष सबै दिशाहरू तिम्रा शरीर रूप नै हुन् । तिमी सबैमा कृपा गर्ने र पूजनीय हौ ।१०। हे पशुपति ! जुन वसुधामा निवासको लागि कर्म गरिन्छ त्यो वसुधा रहने विश्व भूवन तिम्रै कोश (पञ्च कोशहरू मध्ये एक) हो । यसैमा सबै भूत (प्राणी) निवास गर्दछन् । तिमी हामीलाई सुख देउ । तिमीलाई नमस्कार छ । मांस भक्षक स्याल, कुकुर आदि हामीबाट टाढा होस् । अमङ्गल कारिणी पिशाचिनीहरू पनि अन्यत्र जाउन् ।११। हे रुद्र ! तिमी प्रलयंकारी

संहारात्मक धनुष धारण गर्दछौं । तिम्रो त्यो हरियो सुवर्ण निर्मित धनुष हजारौंलाई एकै पल्ट समाप्त गरिदिन्छ । तिम्रो धनुषलाई प्रणाम । रुद्रको वाण सबैतिर अबाध गतिले जान्छ, त्यो वाण जुन दिशामा हुन्छ त्यसै दिशामा त्यस वाणलाई हामी प्रणाम गर्दछौं ।१२। हे रुद्र ! जो तिम्रो सामुन्नेबाट भागेर जान्छ त्यस अपराधीलाई तिमी उचित दण्ड दिनमा समर्थ छौ । जस्तो आहत मानिस लुकिरहेको पद चिह्नद्वारा त्यसकहाँ पुगी उसलाई समातेर मार्दछ त्यस्तै तिमी पनि गर्दछौं ।१३। भव र रुद्र समान मति भएका मित्र रूप हुन् । ती प्रचण्ड तथा पराक्रमी, कसैसँग न दब्ने, आफ्ना वीरता प्रकट गर्दै घुम्दछन्, तिनीहरूलाई नमस्कार छ । तिनीहरू जुन दिशामा विराजमान भएका हुन् उसै दिशामा हाम्रो प्रणाम प्राप्त होस् ।१४। हे रुद्र ! हाम्रो सामुन्ने आएका तिमीलाई नमस्कार छ । हामीबाट फर्केर गएको तिमीलाई नमस्कार छ । तिमी बसेको वा खडा भएको भए पनि हाम्रो नमस्कार छ ।१५। हे रुद्र, ! तिमीलाई साँझ, बिहान, राती र दिनमा पनि हामी नमस्कार गर्दछौं । भव र शर्व दुवै देवताहरूलाई हाम्रो नमस्कार छ ।१६। अत्यन्त सूक्ष्मदर्शी, हजार आँखा भएका, मेधावी, असंख्य वाण छोड्ने (कर्मको भोग गराउने) र संसारलाई व्याप्त गर्ने रुद्रको छेउ हामी नजाउँ (जान सक्दैनौ)।१७। कैलो, कालो र सेतो रूप भएका रुद्र जसले केशी नामक दैत्यको रथलाई गिराइ दिएका थिए, जोसँग संसार डराउँछ ती रुद्रलाई हामी आफ्ना रक्षक रूपले अन्य स्तोताहरू भन्दा पहिले जान्दछौं । तिनलाई हाम्रो नमस्कार छ । १८। हे रुद्र ! हामी मरण-धर्मामाथि आफ्नो (दण्ड भोगाउने) वाण नचलाउ । हामीमा क्रोध नगर । सबै शाखामा छरिएर जाने आफ्नो दिव्यास्त्रहरूलाई हामीबाट अलग्ग अन्तै छोड । तिम्रो लागि हामी नमस्कार गर्दछौं ।१९। हे रुद्र ! हामीप्रति हिंसात्मक (दण्ड दिने) भाव नराख । हामीलाई आफ्नो कृपाको योग्य मान । हामीमाथि क्रोध नगर । तिम्रो शस्त्र हामीबाट अलग रहोस् र हामी तिम्रो क्रोधित भावबाट पृथक् रहौं (हामीलाई रक्षा गर) ।२०।

हे रुद्र ! हाम्रा गाई, छोरा, नोकरको हिंसा–कामना नगर (यिनीहरूलाई दुःख नहोस्)। हाम्रा भेंडा बाख्रालाई हिंसा गर्ने (दुःख दिने) कामना नगर । तिमी आफ्ना शस्त्रास्त्रहरूलाई देव–विरोधीहरूमाथि छोडेर तिनीहरूको सन्तानलाई नै नष्ट गर । २१। रुद्रदेवको आयुध रूपी जुन पीडामय कास (खोकी आदि श्वासमा बाधा हुने रोग) र ज्वर आदि व्याधि हुन् ती अपराधीहरूलाई प्राप्त हुन्छ । ती आयुध कर्ममा लक्ष्य गर्दै जो त्यसको योग्य छ उसैको नाश गर्दछ (अर्थात् जस्ले खराब काम गरेको छ त्यसैलाई रुद्रको वाण लाग्दछ) यस्ता यी रुद्र देवताको

लागि हाम्रो नमस्कार छ ।२२ जो रुद्र अन्तरिक्षमा स्थित हुँदै अयाज्ञीहरूको (सारकर्ममा नलाग्नेहरूको) संहार गर्दै रहन्छन् हामी ती रुद्रलाई हात जोडेर प्रणाम गर्दछौं ।२३।हे पशुपति ! वनमा सिंह, हरिण, बाज, हाँस तथा अन्य वनचर र पक्षीहरू तिम्रो निमित्त विधाताले बनाएको छ, उनीहरूलाई नै आफ्नो इच्छा अनुसार शिकार गर । यी गाउँका पशुहरूको हिंसा नगर (मृत्यु नहोस्) । तिम्रा पूजनीय रूप जलमा स्थित भएकोले तिमीलाई अभिव्यक्त गर्न दिव्य जल प्रवाहमान रहन्छ ।२४। हे रुद्र ! शिशुमार, अजिगर, पुरीकय, जष, मत्स्य आदि जलचर पनि तिम्रै निमित्त हो । उनीहरूमाथि पनि तिमी आफ्नो तेजिलो अस्त्र फ्याँकदछौं । हे भव ! तिमीबाट टाढा केही छैन, तिमी क्षणभरमा सम्पूर्ण पृथ्वीलाई देख्दछौ र पूर्वदेखि उत्तरमा पुग्दछौ ।२५। हे रुद्र ! तिमी हामीलाई ज्वर आदि रोगरूप अस्त्रमा नमिलाउ तथा स्थावर जङ्गमको विषमा (सांसारिक दुःखमा) पनि नमिलाउ । आकाशको विद्युत्‌रूप अग्निमा पनि नमिलाउ । यस विद्युत्‌रूप अस्त्र जङ्गली पशु आदि र हामीबाट टाढा पठाउ ।२६। भव देवता देवलोक र पृथ्वीका अधिपति हुन्, आकाश र पृथ्वीको मध्यमा स्थित अन्तरिक्षलाई उनी आफ्नो तेजद्वारा युक्त गर्दछन् । हे भवदेव! तिमी जुन दिशामा छौ त्यहीं तिमीलाई नमस्कार छ।२७। हे भव ! हे राजन्! तिमी पाँच प्रकारका पशुहरूका स्वामी हौ । जो तिम्रो निमित्त यज्ञ गर्दछन् त्यसलाई सुख देउ । जो पुरुष देवताहरूलाई आफ्ना रक्षक मान्दछन् उसका चौपाया दोपायाहरूलाई सुख प्रदान गर ।२८।हे रुद्र ! हाम्रा (परिवारका) ठूला मध्यम अथवा सानाहरूको संहार नगर (मृत्यु नहोस्) । हाम्रा मातापितालाई पनि नमार (रक्षा गर) । हामीलाई वहन गर्ने पुरुष (अवि-भावक) हरूको हत्या नगर (नहोस्) । र हाम्रो शरीरको पनि हिंसा नहोस् ।२९। रुद्रको प्रेरणायुक्त कर्म भएका प्रमथ गणहरूलाई नमस्कार गर्दछु, कठोर स्वरले बोल्ने रुद्रगणहरूलाई नमस्कार गर्दछु । शिकारीरूप (किरात भेषधारी) भवका शिकारी कुकुरहरूलाई नमस्कार गर्दछु ।३०। हे रुद्र ! तिम्रा प्रभूत घोष (ठूलो स्वर) भएका केशिनी, चन्डेश्वर आदि सेनाहरूलाई नमस्कार छ । सहभोजन गर्ने तिम्रा अन्य सेनाहरूलाई पनि नमस्कार छ । तिम्रो कृपाले हाम्रो कुशल होस् र हामी भय रहित होऔं ।३१।

सूक्त ३ (३) (ऋषि–अथर्वा । देवता–मन्त्रोक्ता)– प्रजापति (विधाता) ले सूर्यात्मक ओदन (अत्यन्त तेजिलो हवन गर्ने चामल) द्वारा अष्टवसु (ध्रुव, अध्वर, सोम, अनल, अनिल, आप, प्रत्यूष, प्रभास); एकादश रुद्र (अजैकपाद, अहिर्बुध्न्य पिङ्गल, विरूपाक्ष, कपाली, पिनाकी, भीम, शास्ता, त्रि-अम्बक, शम्भु र भव);

द्वादश आदित्य (इन्द्र, धाता, पूषा, त्वष्टा, वरुण अंशुमान, मित्र, अर्यमा, भग, सविता, विवश्वान र विष्णु), प्रजापति ब्रह्मा र वषट्कार (मन्त्रदेवता) गरी यी तेतीस देवताहरूलाई सृष्टि गर्दै यिनीहरूका लोकहरू पनि वनाए ।५२। ती लोकहरूको ज्ञान गराउन नै यस यज्ञको सृजन गरियो ।५३।

सूक्त ६ (ऋषि–शन्ताति । देवता–अग्नि आदि)– आकाशका प्राणी पक्षी तथा पृथ्वीका देहधारी मानिस, पशु आदिको पनि हामी स्तुति गर्दछौं ताकि उनीहरूले हामीलाई पापबाट छुटाउन् ।८। भव र शर्वतिर हेर्दै हामी यो भन्छौ कि रुद्र र पशुपतिदेवलाई हामी स्तुति गर्दछौं । इनका जुन वाणहरू (सुखदुःख भोगाउने कृयाकलाप) वारे हामी जान्दछौं ती वाण हाम्रो लागि सुख दिनेहोस् ।९। हामी आकाश, नक्षत्र, पृथ्वी, पुण्यक्षेत्र, पर्वत, समुद्र, नदी, सरोवर आदिको पनि स्तुति गर्दछौं । तिनीहरू सबै हामीलाई पापबाट छुटाउन् ।१०। द्वादश आदित्य, एकादश रुद्र, अष्टवसु आदि द्युलोकका देवता तथा अथर्व (अथर्व वेद) का द्रष्टा महर्षि अथर्वा अंगिरस आदि मनीषी हाम्रो स्तुतिद्वारा सन्तुष्ट भै हामीलाई पापबाट छुटाउन् ।१३। वसन्त आदि ऋतुहरूका ऋतुपति देवताहरूको तथा ऋतुहरूमा उत्पन्न पदार्थहरूको चन्द्र संवत्सरको र सौर (सूर्य) संवत्सरको तथा चैत्र आदि महीनाहरूको हामी स्तुति गर्दछौ, यी सबै हामीलाई पापबाट छुटाउन् ।१७। भूत (प्राणी) हरूको, भूतपति (प्राणीहरूलाई रक्षा गर्ने देवता) को र भूतहरूका (प्राणीहरूका) नियामक देवताको स्तुति गर्दछौं । सबै एकतृत भएर यहाँ आउन् र हामीलाई पापबाट छुटाउन् ।२१।

बाह्रौं काण्ड, दोस्रो अनुवाक, सूक्त २ (ऋषि–भृगु । देवता–अग्नि, मन्त्रोक्ता, मृत्यु)– हे अग्नि ! आदित्यहरू, रुद्रहरू, वसुहरू, ब्रह्मणस्पति र वसु नीतिले दीर्घायुको लागि तिमीलाई प्रदीप्त गरेका थिए ।६।

चौथो अनुवाक, सूक्त ४ (ऋषि–कश्यप । देवता–वशा)– हे नारद ! यो वशा (महादेवको नाममा छोडिएको वहर) अविज्ञात रूपमा (रोग, कष्ट के हो थाहा नपाउने भई) ३ वर्षसम्म चर्न सकोस्, फेरी यसलाई खोजेर ब्राह्मणहरूले वशा मानून ।१६। यी देवताहरूका धरौटी रूप वशालाई जो अवशा भन्दछ (अवशा भनी गोरु बनाउन खोज्दछ) ऊ भव र शर्वको दण्ड दिने वाणहरूको लक्ष्य हुनेछ ।१७। जो यसको स्तन र जुरोलाई जानेर वा नजानेर वशालाई दान गर्दैन उसलाई यसको फल मिल्ने हुन्छ ।१८। जो मानिस गाईका स्वामीसँग वहरलाई वशा नवनाउ भन्दछ त्यो मूर्ख रुद्रको आयुधको लक्ष्य हुने छ (पापको भागी हुनेछ) ।५२।

पाँचौं अनुवाक, सूक्त ५ (३) (ऋषि कश्यप । देवता ब्रह्मगवी)– विद्वान् पुरुषले ब्राह्मणहरूलाई गाईको रूपमा जानून् ।१७। गाई अग्नि समान माथि उठ्छ र वज्र समान दौडन्छ ।१८। तथा खुरहरूको शब्द गर्दै महादेवको आयुध (अस्त्र) को रूप लिन्छ ।१९।

तेह्रौं काण्ड, चौथो अनुवाक सूक्त ४ (१) (ऋषि–ब्रह्मा । देवता–अध्यात्मम्) सूर्य आकाशको पिठ्यूँमा प्रकाश दिँदै आगमन गर्दछ ।१। उसले नै आफ्ना रश्मिहरू-द्वारा आकाशलाई ढाक्यो र ऊ रश्मिहरूद्वारा युक्त हुँदै आइरहेछ ।२। उही धाता, विधर्ता, वायु र उच्छित (धेरै माथि फैलिएको) आकाश हुन् ।३। उही अर्यमा, उही वरुण, उही इन्द्र र उही महादेव हुन् ।४।

सूक्त ४ (३) (ऋषि–ब्रह्मा । देवता–अध्यात्मम्)– ब्रह्म, तप, कीर्ति, यश, जल, आकाश, ब्रह्मचर्य, अन्न र अन्नपाचनको शक्ति ।२२। भूत, भविष्य, श्रद्धा, रुचि, स्वर्ग र स्वधा ।२३। यी सबै एकवृक्ष (केवल एक परमात्मा) को ज्ञातालाई प्राप्त हुन्छ ।२४। उही (ईश्वर) मृत्यु, अमृत, अम्बर उही राक्षस हो ।२५। उही रुद्र, वसुहरूमा वसुवनि र नमस्कारयुक्त वाणीमा उही वषट्कार (मन्त्र देवता) हुन् ।२६। सबै यातना दिनेहरू पनि उनैको अनुशासनमा चल्दछन् ।२७। चन्द्रमा सहित यी सबै नक्षत्र पनि उनैका वशीभूत हुन्छन् ।२८।

पन्ध्रौं काण्ड, (प्रथम अनुवाक) सूक्त १ (ऋषि–अथर्वा । देवता–अध्यात्म, व्रात्य)– चल्दा चल्दै व्रात्य (समूहपति–महादेव) ले प्रजापतिलाई प्रेरणा दिए ।१। प्रजापतिले आफूमा सुवर्ण (ब्रह्म) देखे तब उनले सबैलाई उत्पन्न गरे ।२। उही प्रजापति ज्येष्ठ, महत्, ललाम (सुन्दर), ब्रह्मा, तप र सत्य भए । उनैद्वारा यी (व्रात्य) उत्पन्न भए ।३। ती (व्रात्य) को वृद्धि भयो । ती महान् भए, महादेव भए ।४। देवताहरूका स्वामी भए अनि ईशान भए ।५। उनी सबै समूहका स्वामी एक व्रात्य भए । उनले जुन धनुष उठाए त्यसैलाई इन्द्रधनुष भनियो ।६।

सूक्त २ (ऋषि -अथर्वा । देवता–अध्यात्मम्, व्रात्य)- उनी (व्रात्य) उठेर पूर्व दिशा तिर गए ।१। वृहत् साम, रथन्तर साम, सूर्य र सबै देवता उनका पछि लागे ।१। जो यस्ता विद्वान् व्रात्यको निन्दा गर्दछ उसले वृहत् साम, रथन्तर साम, सूर्य र सबै देवताहरूको हिंसा गर्दछ । (उसलाई सत्कार गर्ने) वृहत्साम, रथन्तर, सूर्य आदि देवताहरूको प्रिय पूर्व दिशामा आफ्नो प्रिय धाम बनाउँदछ ।४। (उसलाई निन्दा गर्नेको) श्रद्धा पुंश्चली (वेश्या), विज्ञान वस्त्र, दिन पगडी, रात्रि केश, मित्र मागध (गाउँले), हरित (दिशाहरू) प्रवत्त (छरिएको) तथा उसको मणि कलमली

हुन्छ ।५। भूत भविष्य परिष्कन्द (अनिश्चित) र मन विपथ हुन्छ ।६। मातरिश्वा र पवमान (वायु) विपथवाह, रेष्मा क्रीडा र वायु सारथी हुन्छ ।७। (तर व्रात्य लाई मान गरेमा) उसको कीर्ति र यश पुरसर (अगाडि बढ्ने) हुन्छ। यस प्रकार जान्नेलाई कीर्ती र यश मिल्दछ ।

उनी उठेर दक्षिण दिशातिर लागे ।९। यज्ञायज्ञिय, साम, यज्ञ, यजमान, पशु र वामदेव उनको पछि पछि गए । १०। यस्ता व्रात्यको निन्दक यज्ञायज्ञिय, साम, यज्ञ, यजमान, पशु र वामदेवको पनि अपराधी (निन्दा गर्ने) हुन्छ ।११। (उसको प्रशंसा गर्दछ भने) यज्ञायज्ञिय, साम, यज्ञ यजमान, पशु र वामदेवको प्रिय दक्षिण दिशामा उसको पनि प्रिय धाम हुन्छ ।१२। (निन्दा गर्नेको) विज्ञान वस्त्र, दिन पगडी, रात्रि केश, उषा पुंश्चली, मन्त्र मागध र हरित (दिशा) प्रवत्त तथा उसको मणि कल्मली हुन्छन् ।१३। औंसी, पूर्णिमा उसको परिष्कन्द (अनिश्चित) हुन्छन् ।१४। उनी उठेर पश्चिम दिशामा गमन गरे ।१५। जल, वरुण, वैरूप, वैराज देवताहरू उसको पछि लागे ।१६। यस्ता व्रात्यको निन्दक जल, वरुण वैरूप वैराजलाई पनि निन्दागर्ने अपराधी हुन्छ ।१७। (तर प्रशंसा गरे) जल, वरुण वैरूप, वैराजका प्रिय भई उसको दक्षिणमा प्रिय धाम हुन्छ ।१८। (निन्दा गरेमा) पृथ्वी पुंश्चली, विज्ञान वस्त्र, दिन पगडी, रात्रि केश, हास्य मागध, हरित् प्रवत्त, मणि कल्मली हुन्छ ।१९। उसका रात र दिन परिष्कन्द हुन्छन् ।२०। उनी उठेर उत्तरतर्फ हिंडे ।२१। सप्तऋषि, सोम, श्यैत र नौधस देवताहरू उनका अनुगत भए ।२२। यस्तो व्रात्यलाई निन्दा गर्ने सप्तऋषि, सोम, श्यैत, नौधसको पनि निन्दागर्ने अपराधी हुन्छ ।२३। (तर व्रात्यलाई मान गर्दछ भने) सप्तऋषि, सोम, श्यैत र नौधसका प्रिय दिशा उत्तरमा उसको धाम हुन्छ ।२४। (निन्दा गरे) विद्युत् पुंश्चली, विज्ञान वस्त्र, दिन पगडी, रात्रि केश, स्तनयित्नु (बिजुली चम्काई) मागध, हरित प्रवत्त र मणि कल्मली हुन्छन् ।२५। श्रुत विद्युत् परिष्कन्द र मन विपथ हुन्छन् ।२६। वात (वायु) सारथी, रेश्मा क्रीडा, मातरिश्वा र पवमान विपथ वाह हुन्छन् ।२७। (मान गरे) कीर्ति र यश पुरसर हुन्छन्। यस्तो जान्नेलाई कीर्ति र यश प्राप्त हुन्छ ।

सूक्त ३ (ऋषि–अथर्वा। देवता–अध्यात्मम्, व्रात्य)– उनी (व्रात्य) वर्षभरी खडा रहे, अनि देवताहरूले सोधे– हे व्रात्य ! यो तपस्या किन गरिरहेको ? उनले उत्तर दिए– मेरो निमित्त आसन (बस्ने ठाउँ) बनाऊ ।२। अनि देवताहरूले उनको लागि आसन्दी बनाए ।३। ग्रीष्म र वसन्त उनका दुई पाउ भए र शरद् र वर्षा नामक पनि दुई पाउ भए ।४।

वृहत् र रथन्तर दुई अनृच्च (पाठ नगरिएको) तथा यज्ञायज्ञिय र वामदेव तिरश्च्य (तिरोहित) भए । ५ । ऋचा र प्राँचा तन्तु भए र यजु तिर्यक (पक्षी) भए । ६ । वेद आस्तरण (डस्ना) र ब्रह्म उपवर्हण (सिरक) भए । ७ । साम आसाद र उदगीथ उपश्रय भए ।८। त्यस आसनमा व्रात्य चढे ।९। देवता परिष्कन्द (यता-उता) भए, सत्य संकल्प प्रहाय र सबै भूत उपसद भए । १० । यस कुरालाई जान्नेका सबै भूत उपसद हुन्छन् । ११ ।

सूक्त ४ (ऋषि– अथर्वा । अध्यात्मम्, व्रात्य)– वसन्त ऋतुका दुई महीनाहरूलाई देवताहरूले पूर्व दिशाबाट रक्षा गर्ने बनाए र वृहदसाम तथा रथन्तरसामलाई उनका (व्रात्यका) अनुष्ठाता (पूजा प्रार्थना गर्ने) बनाए । १–२ । यस्तो जान्नेलाई पूर्वतिरबाट वसन्त ऋतुका दुई महीना रक्षा गर्दछन् तथा वृहत् र रथन्तर साम उसका अनुकूल हुन्छन् (उसप्रति शुभगर्ने हुन्छन्) ।३ । देवताहरूले ग्रीष्म ऋतुका दुई महीनालाई दक्षिण दिशातिरबाट रक्षक बनाएर यज्ञायज्ञिय तथा वामदेवलाई उनका अनुष्ठाता बनाए । ४–५ । यस्तो जान्नेलाई दक्षिण दिशातिरबाट ग्रीष्म ऋतुका दुई महीना रक्षा गर्दछन् र यज्ञायज्ञिय वामदेव उसका अनुकूल हुन्छन् । ६ । पश्चिम दिशातिर बाट वर्षा ऋतुका दुई महीनालाई देवताहरूले रक्षक नियुक्त गरे र वैरूप-वैराज देवताहरूलाई उनका अनुष्ठाता बनाए । ७–८ । यस्तो जान्नेलाई पश्चिमबाट वर्षा ऋतुका दुई महीनाले रक्षा गर्दछन् र वैरूप-वैराज उसका अनुकूल रहन्छन् ।९।

उत्तर दिशातिरबाट रक्षा गर्न देवताहरूले शरद ऋतुका दुई महीनालाई नियुक्त गरे र नौधस तथा श्यैत देवताहरूलाई उनका (व्रात्यका) अनुष्ठाता बनाए । १०–११ । यस्तो जान्ने पुरुष उत्तर दिशाबाट शरद ऋतुका दुई महीनाद्वारा रक्षित हुन्छ र नौधस तथा श्यैत उसका अनुकूल हुन्छन् । १२ ।

देवताहरूले हेमन्त ऋतुका दुई महीनालाई ध्रुव दिशातिरबाट रक्षक नियुक्त गरे र पृथ्वी तथा अग्निलाई उनका (व्रात्यका) अनुष्ठाता बनाए ।१४। यस्तो जान्ने पुरुष ध्रुव दिशातिरबाट हेमन्तका दुई महीनाद्वारा रक्षित हुन्छ र पृथ्वी, अग्नि उसका अनुकूल रहन्छन् । १५ ।

देवताहरूले शिशिर ऋतुका दुई महीनालाई ऊर्ध्व (माथि) दिशातिरबाट रक्षक नियुक्त गरे र आकाश तथा सूर्यलाई उनका (व्रात्यका) अनुष्ठाता बनाए । १६–१७ । यस्तो जान्नेलाई शिशिर ऋतुका दुई महीना रक्षा गर्दछन् तथा सूर्य र आकाश दुबै उसका अनुकूल रहन्छन् । १८ ।

सूक्त ५ (ऋषि– अथर्वा। देवता– रुद्र) – उनको (व्रात्यको) लागि पूर्व दिशाको कुनाबाट वाणको सन्धान गर्ने भवदेवतालाई देवताहरूले अनुष्ठाता बनाए। १। पूर्व दिशाको कुनाबाट भव उनको अनुकूल रहन्छन् र भव, शर्व, ईशान पनि अनुकूल रहन्छन्। २। यस्तो जान्ने तथा यस समानका पुरुष र पशुलाई उनी (भवदेवता) हिंसित गर्दैनन् (रक्षा गर्दछन्)। ३।

उनको (व्रात्यको) लागि दक्षिण दिशाको कुनाबाट वाण प्रक्षेप गर्ने शर्वलाई देवताहरूले अनुष्ठाता बनाए। ४। त्यस प्रकार जान्ने पुरुषलाई शर्व देवता दक्षिण कुनामा अनुकूल रहन्छन् र उनी समानका पुरुषहरू तथा पशुहरूलाई दुःख दिंदैनन्। ५।

उनको (व्रात्यको) लागि पश्चिम दिशाको कुनाबाट वाण प्रक्षेप गर्ने पशुपति- लाई देवताहरूले अनुष्ठाता नियुक्त गरे। ६। यस प्रकार जान्नेलाई पशुपति पश्चिम दिशाको कुनामा अनुकूल रहन्छन् र ऊ तथा ऊ समानका पुरुषहरू तथा पशुहरूले दुःख पाउँदैनन्। ७।

उनको (व्रात्यको) लागि उत्तर दिशाको कुनाबाट वाण प्रक्षेप गर्ने उग्रदेवता- लाई देवताहरूले अनुष्ठाता बनाए। ८। यस प्रकार जान्ने पुरुषलाई उग्रदेव उत्तर दिशाको कुनामा अनुकूल रहन्छन् र ऊ तथा ऊ समानका पुरुषहरू तथा पशुहरू हिंसित हुँदैनन्। ९।

ध्रुव दिशाको अन्तर्देशबाट वाण प्रक्षेप गर्ने रुद्रलाई देवताहरूले उनको (व्रात्यको) अनुष्ठाता नियुक्त गरे। १०। यस प्रकार जान्ने पुरुषलाई रुद्र तेव ध्रुव अन्तर्देशमा अनुकूल रहन्छन् र ऊ तथा ऊ समानका पुरुषहरू तथा पशुहरूलाई दुःख हुँदैन। ११।

देवताहरूले ऊर्ध्वदिशाको कुनाबाट वाण प्रक्षेप गर्ने महादेवलाई उनको अनुष्ठाता बनाए। १२। ती महादेव यस प्रकार जान्ने पुरुषको लागि ऊर्ध्व कुनामा अनुष्टुम (अनुकूल) रहन्छन् र ऊ तथा ऊ समानका अन्य पुरुषहरू र पशुहरूको हिंसा हुँदैन। १३।

सबै दिशाका कुनामा वाण प्रक्षेप गर्ने ईशानलाई देवताहरूले उनको अनुष्ठाता बनाए। ४१। यस प्रकार जान्नेलाई सबै दिशाका कुनाहरूमा ईशान देवता अनुकूल रहन्छन् र ऊ तथा ऊ समानका वयस्क पुरुषहरू तथा पशुहरूलाई दुःख दिदैनन्। भव, शर्व पनि यिनीहरूलाई नष्ट गर्दैनन्। १५।

सूक्त ६ (ऋषि– अथर्वा । देवता– अध्यात्मम्. व्रात्य) – ती व्रात्य ध्रुव-दिशातिर गए । १ । पृथ्वी, अग्नि, औषधि, वनस्पति र वनस्पतिहरूमा जो औषधि छन् ती सबै उनकै पछि लागे । २ । यस प्रकार जान्ने व्यक्तिलाई पृथ्वी, अग्नि, औषधिमूलक वनस्पति र वनस्पत्यात्मक औषधिको प्रिय धाम प्राप्त हुन्छ । ३ ।

उनी (व्रात्य) ऊर्ध्व दिशातिर गए । ४ । सूर्य, चन्द्र, नक्षत्र, ऋतु, सत्य उनकै पछि लागे । ५ । त्यस प्रकार जान्ने व्यक्तिलाई सूर्य, चन्द्र नक्षत्र, ऋतु, सत्यको प्रिय धाम प्राप्त हुन्छ । ६ ।

उनले (व्रात्यले) उत्तर दिशातिर प्रस्थान गरे । ७ । साम, यजु, ऋचाहरू र ब्रह्म उनका पछि लागे । ८ । यस प्रकार जान्ने व्यक्तिलाई साम, यजु, ऋचा र ब्रह्मको प्रिय धाम प्राप्त हुन्छ । ९ ।

उनी (व्रात्य) वृहती दिशामा गए । १० । पुराण इतिहास, मनुष्यहरूको प्रशंसात्मक गाथाहरू उनका अनुगत भए ।११। यो कुरा जान्नेले पुराण, इतिहास र गाथाहरूका प्रिय धाम प्राप्त गर्छ । १२ ।

उनी (व्रात्य) परम दिशामा गए ।१३। आह्वनीय, गार्हपत्य र दक्षिणात्य अग्निले उनको अनुगमन गरे र, यज्ञ, यजमान, पशु पनि पछि लागे । १४ । यो कुरा जान्ने व्यक्ति आह्वनीय, गार्हपत्य, दक्षिणाग्नि, यज्ञ, यजमान र पशुहरूका पनि प्रिय हुन्छ ।

उनी (व्रात्य) अनादिष्ट दिशातिर प्रस्थान गरे । १६ । ऋतुहरू, पदार्थ, लोक, मास, पक्ष, दिन र रात उनका अनुगत भए । १७ । यो जान्ने व्यक्ति ऋतु, पदार्थ, लोक, मास, पक्ष, दिन र रातका प्रिय हुन्छ । १८ ।

उनी (व्रात्य) अनावृत्त दिशातर्फ बढे तर वहाँ रहनु ठीक ठानेनन् । १९ । इडा, इन्द्राणी, दिति, अदिति उनको पछि लागेर गए ।२०। यो जान्ने पुरुष इडा, इन्द्रायणी, दिति, अदितिको प्रिय हुन्छ । २१ ।

उनले (व्रात्य) सबै दिशाहरूतिर गमन गरे र विराट आदि सबै देवता उनका अनुगामी भए । २२ । यस प्रकार जान्ने पुरुष विराट आदि सबै देवताहरूका प्रिय धाम हुन्छ ।

उनी (व्रात्य) सबै अन्तर्देशहरूतिर गए । २४ । प्रजापति, परमेष्ठि, पिता र पितामह पनि उनको पछि लागे । २५ । यस प्रकार जान्ने व्यक्ति प्रजापति, परमेष्ठि, पिता र पितामहका प्रिय धाम हुन्छ । २६ ।

सूक्त ७ (ऋषि–अथर्वा । देवता–अध्यात्मम्, व्रात्य)– उनी (व्रात्य) पृथ्वीको अन्त पर सद्र महीमा भएर गएर समुद्र बने । १ । प्रजापति, परमेष्ठि, पितामह, जल र श्रद्धा यी सबै वर्षा रूप भएर उनकै अनुकूल वर्तन (व्यवहार गर्न) लागे । २ । यस प्रकार जान्ने व्यक्तिलाई जल र श्रद्धा यी सबै वर्षारूप भएर उनका अनुकूल रहन्छन् । यसप्रकार जान्नेलाई जल, श्रद्धा वर्षा प्राप्त हुन्छ । ३ । लोक, यज्ञ, अन्न, अन्नादि श्रद्धा आफ्नो सत्तामा प्रादुर्भाव भएर उनको चारैतिर अवस्थित भए । ४ । यस प्रकार जान्नेलाई लोक, यज्ञ, अन्न, अन्नादि र श्रद्धा प्राप्त हुन्छ । ५ ।

दोस्रो अनुवाक सूक्त ८ (ऋषि–अथर्वा। देवता–अध्यात्मम्, व्रात्य)– उनी (व्रात्य) रञ्जन (रमाइलो) गर्दै राजा बने । १ । उनी प्रजाहरूका अन्न र अन्नादिको अनुकूल वर्तन लागे । २ । यस प्रकार जान्नेलाई प्रजाहरूका अन्न, अन्नादिका प्रिय धाम मिल्छ । ३ ।

सूक्त ९ (ऋषि–अथर्वा । देवता–अध्यात्मम्, व्रात्य)– उनले (व्रात्यले) प्रजाहरूको अनुकूल व्यवहार गरे । १ । सभा, समिति, सेना र सुरा उनका अनुकूल भए । २ । यस प्रकार जान्नेलाई सभा, समिति, सेना र सुराको प्रिय धाम मिल्दछ । ३ ।

सूक्त १० – (ऋषि – अथर्वा । देवता–अध्यात्मम्, व्रात्य) यस्तो विज्ञ व्रात्य कुनै राजाकहाँ अतिथि भई आएमा पनि उनको सम्मान गर्नुपर्छ । यसो गर्दा राष्ट्र र क्षात्रशक्ति (राजशक्ति) लाई उनी नष्ट गर्दैनन् । २ फेरि ब्रह्मबल र क्षात्रशक्ति भन्न लागे कि हामी, केमा प्रविष्ट होउँ ? ३ । ब्रह्मबल वृहस्पतिमा र क्षात्रशक्ति इन्द्रमा प्रविष्ट होऊन । ४ । अनि ब्रह्मबल वृहस्पतिमा र क्षात्रबल इन्द्रमा प्रविष्ट भए । ५ । पृथ्वी नै वृहस्पति हो आकाश नै इन्द्र हो । ६ । आदित्य (सूर्य) क्षात्रबल हो र अग्नि ब्रह्मबल हो । ७ । जो पृथ्वीलाई वृहस्पति र अग्निलाई ब्रह्म भनि जान्दछ ऊ ब्रह्मबल र ब्रह्मचर्य प्राप्त गर्दछ । ८–९ । जो आदित्यलाई क्षात्र र द्यौ (आकाश) लाई इन्द्र भनी जान्दछ उसलाई इन्द्रियहरू प्राप्त हुन्छ । १०–११ ।

सूक्त ११– (ऋषि – अथर्वा । देवता – अध्यात्मम्, व्रात्य) यस्तो विज्ञ व्रात्य जसको घरमा अतिथि हुन्छ । १ । उनलाई स्वयं आसन दिएर भन्नू– हे व्रात्य ! तिमी कहाँ (यहाँ कुन ठाउँमा) निवास गर्न चाहन्छौ ? यो (पिउनको लागि) जल हो । हाम्रा घरका व्यक्तिले तिमीलाई

संतुष्ट गरोस् । तिमीलाई जे प्रिय छ, जस्तो तिम्रो वश हो, जस्तो तिम्रो निकाम (कामना) हुन्छ त्यस्तै होस् । २ । हे व्रात्य तिमी (मेरो घरमा) कहाँ बस्छौ भन्दा (उसको लागि) देवयान मार्ग नै खुल्दछ । ३ । हे व्रात्य ! यो (तिमीलाई पिउनको लागि) जल हो भनी पानी दिनेलाई सदा जल खुला रहन्छ । ४ । हाम्रो व्यक्तिले तिमीलाई तृप्त गरून् भन्ने व्यक्ति आफ्नै प्राणलाई सिंचन गर्दछ । ५ । जे तिमीलाई प्रिय छ त्यही हुन्छ भन्नेले पनि आफ्नो प्रिय कार्यको उद्घाटन गर्दछ । ६ । यस्तो जान्ने व्यक्ति प्रिय पुरुष प्राप्त गर्दै प्रिय भन्दा प्रिय हुन जान्छ ।७। तिम्रो जस्तो वश हो त्यस्तै होस् भन्ने व्यक्तिले आफ्नो लागि पनि वशलाई खोल्न सक्नेछ । ८ । यस प्रकार जान्नेलाई वश प्राप्त हुन्छ, उसले वश गर्नेलाई पनि वशमा गरिलिन्छ । ९ । तिम्रो निकाम (इच्छा) जे छ त्यस्तै होस् भन्नेको आफ्ना कामनाहरू पनि पूर्ति हुन्छ । १० । यस प्रकार जान्नेलाई अभिष्ट (इच्छाएको कुरा) प्राप्त हुन्छ । ११ ।

सूक्त १२ (ऋषि – अथर्वा । देवता– आध्यात्मम्, व्रात्य) अग्निहोत्रको अधिश्रित हुँदा र अग्निहरूको उद्धृत हुँदा यदि विज्ञ व्रात्य (समूहपति) घरमा आउँछ भने उसलाई स्वयं अभ्युत्थान (मान) दिंदै भनून् कि हे व्रात्य ! मलाई होम गर्ने आज्ञा देउ।१२। उनको आज्ञा भएपछि आहुति दिनू अन्यथा नदिनू । ३ । यस्तो विद्वान व्रात्यको आज्ञामा जो आहुति दिन्छ उ पितृयान मार्ग र देवयान मार्गलाई जानिलिन्छ । ४–५ । उसको आहुति देवताहरूलाई नै पुग्दछ । ६ । यस्तो विद्वान व्रात्यको आज्ञामा आहुति दिन्छ भने लोकद्वारा सबैतिर उसको आयतन अवशिष्ट रहन्छ । ७ । यस्तो विद्वान व्रात्यको आज्ञा नभएमा पनि यदि आहुति दिन्छ भने । ८ । ऊ पितृयानमार्ग या देवयान मार्ग कुनैलाई पनि जान्न पाउँदैन । ९ । जो यस्तो विद्वान व्रात्यको आज्ञाविना आहुति दिन्छ त्यो आहुति व्यर्थ हुन्छ र ऊ देवताहरूद्वारा नष्ट गरिने हुन्छ । १० ।

सूक्त १३ (ऋषि –अथर्वा । देवता – अध्यात्मम्, व्रात्य) जसको घरमा यस्तो विद्वान व्रात्य राती अतिथि हुन्छ । १ । उसले यसको फलद्वारा पृथ्वीका सबै पुण्य लोकहरूलाई जित्दछ । २ । जसको घरमा यस्तो विद्वान व्रात्य दोश्रो रातमा पनि अतिथि रहन्छ । ३ । उसले त्यस फलद्वारा अन्तरिक्षका सबै पुण्यलोकहरूलाई जित्दछ । ४ । यदि यस्तो विद्वान व्रात्य तेस्रो रात पनि अतिथि रहन्छ भने । ५ । यसको फलद्वारा उसले आकाशका समस्त पुण्यलोकहरू आफ्नो लागि खोल्दछ । ६ । जसको घरमा यस्तो व्रात्य चौथो रातमा पनि रहन्छ । ७ । उसको त्यस पुण्यले आत्म पुरुषहरूको लागि

पनि पुण्यलोकहरू खुल्दछन् । ८ । जसको घरमा यस्तो विज्ञ व्रात्य अनेक रात्रिहरूमा निवास गर्दछ त्यसको फलद्वारा उसको लागि असंख्य पुण्यलोकहरू खुल्दछन् । १० । जसको घर व्रात्य बनी नसकेको अव्रात्य (ज्ञानले पूर्ण भैं नसकेको अतिथि) आउँछ भने । ११ । के उसलाई धपाई दिने ? उसलाई पनि धपाउनु उचित छैन । १२ । म यी देवतालाई पनि वस भनेर आग्रह गर्दछु, म यी देवतासँग जल पिउनुस् भनेर प्रार्थना गर्दछु, म यी देवतालाई पनि सम्मान गर्दछु । यो कुरा मानेर सम्मान आदि कार्य गरून् । १३ । जो यस कुरालाई जान्दछ उसको आहुति यी देवतामा (व्रात्यमा) स्वाहुत हुन्छ । १४ ।

सूक्त १४ (ऋषि – अथर्वा । देवता – अध्यात्मम्, व्रात्य) जब उनी (समूहपति व्रात्य) पूर्व दिशाको लागि हिंडे तब बली भएर आयुको अनुकूल चल्दै आफ्नो मनलाई अन्नाद बनाए । १ । जो यस कुरालाई जान्दछ ऊ अन्नाद मनद्वारा अन्नलाई खान्छ । २ । जब उनी दक्षिण दिशातिर हिंडे बललाई अन्नाद बनाएर स्वयं इन्द्र बनेर जाँदा भए । ३ । यस प्रकार जान्नेले अन्नाद बलद्वारा अन्नको सेवन गर्दछ । ४ । जब उनी पश्चिमतर्फ हिंडे तव जललाई अन्नाद बनाउँदै वरुण बनेर हिंडे । ५ । यस कुराका ज्ञाता अन्नाद जलले अन्नलाई खान्छ । ६ । जब उनी उत्तर दिशातिर हिंडे तब सप्तर्षिहरूद्वारा दिइएको आहुतिलाई अन्नाद बनाएर सोम भएर हिंडे । ७ । यस कुराको ज्ञाता अन्नाद आहुतिद्वारा अन्नलाई भक्षण गर्दछ । ८ । जब उनी ध्रुव दिशातिर हिंडे तब विराट-लाई अन्नाद बनाएर स्वयं विष्णुरूपमा हिंडे । ९ । यस कुराको ज्ञाता आनन्द विराटद्वारा अन्नलाई खान्छ । १० । जब उनी पशुहरू (प्राणीहरू) तिर हिंडे तव औषधिहरूलाई अन्नाद बनाएर रुद्र बन्दै गमन गरे । ११ । यस प्रकार जान्नेले अन्नाद औषधिहरूद्वारा अन्नलाई खान्छ । १२ । जब उनी पितरहरूतर्फ प्रस्थान गरे तव स्वधालाई अन्नाद बनाउँदै यम भएर हिंडे । १३ । यस प्रकारको ज्ञाता स्वधाकार अन्नादद्वारा अन्न खान्छ । १४ । जब उनी मनुष्यहरूतर्फ हिंडे तव स्वाहा-लाई अन्नाद बनाएर अग्नि हुँदै बढे । १५ । यसलाई जान्नेले स्वाहाकार अन्नाद-द्वारा अन्न सेवन गर्दछ । १६ । जब उनी उर्ध्व दिशातिर लागे तब वषट्कारलाई अन्नाद बनाई वृहस्पति हुँदै गमन गरे । १७ । यस कुरालाई जान्नेले वषट्काररूपको अन्नादद्वारा अन्न भक्षण गर्दछ । १८ । जब देवताहरूतर्फ गए तव यज्ञलाई अन्नाद बनाई ईशान बनी हिंडे । १९ । यस प्रकार जान्नेले अन्नाद यज्ञद्वारा अन्न खान्छ । २० । जब उनी प्रजाहरूतिर गमन गरे तब प्राणलाई अन्नाद बनाएर प्रजापति रूपमा हिंडे । २१ । यस प्रकार जान्ने अन्नाद प्राणद्वारा अन्न भक्षण गर्दछ । २२ । जब उनी

सबै अन्तर्देशहरूमा गए तब ब्रह्मलाई अन्नाद बनाएर प्रजापति हुँदै हिंडे । २३ । यस प्रकार जान्ने पुरुषले अन्नाद ब्रह्मद्वारा अन्न खाने गर्दछ । २४ ।

सूक्त १५ (ऋषि–अथर्वा । देवता–अध्यात्मम्, व्रात्य)– ती व्रात्यका सात प्राण, सात अप्राण सात र व्यान छन् । १, २ । उनको प्रथम उर्ध्व प्राण अग्नि हो। ३ । दोश्रो प्रौढ प्राण आदित्य हो। ४ । तेश्रो प्राण अभ्यूढ चन्द्रमा। ५। चौथो प्राण विभुपवमान। ६। पाँचौं प्राण योनि जल। ७। छैठौं प्राण प्रिय नामक यो पशु हो । ८ । सातौं प्राणको नाम अपरिमित यी प्रजा हुन् । ९ ।

सूक्त १६ (ऋषि–अथर्वा । देवता अध्यात्मम्, व्रात्य)– यी व्रात्यका प्रथम अपान (अघोवायु) पौर्णमासी हो ।१। दोश्रो अपान अष्टका (अष्टमी) । २ । तेश्रो अपान अमावश्या । ३ । चौंथो अपान श्रद्धा । ४ । पाँचौं अपान दीक्षा । ५ । छैठौं अपान यज्ञ ।६। तथा उनको सातौं अपान दक्षिणा हुन् ।

सूक्त १७ (ऋषि–अथर्वा । देवता–अध्यात्मम्, व्रात्य)– यी व्रात्यका प्रथम व्यान (शरीरमा व्याप्त रहने वायु) भूमि हो ।१। दोश्रो व्यान अन्तरिक्ष। २। तेश्रो व्यान द्यौ (आकाश) ।३। चौथो व्यान नक्षत्र ।४। पाँचौं व्यान ऋतुहरू।५। छैठौं व्यान आतप (घाम) । ६ । सातौं व्यान सम्वत्सर हुन ।७। देवगण यसको समान अर्थ प्राप्त हुन्छन् तथा सम्वत्सर र ऋतु पनि यसको अनुमान गर्दछन् । ८ । औंशी र पूर्णीमा जून सूर्यमा प्रवेश गर्दछन्, एक आहुति नै उनको अविनाशत्व हो ।९–१०।

सूक्त १८ (ऋषि–अथर्वा। देवता–अध्यात्मम्, व्रात्य)– यी व्रात्यका दायाँ आँखा सूर्य र बायाँ आँखा चन्द्रमा हुन् ।१–२। दायाँ कान अग्नि र बायाँ कान पवमान (वायु) हुन् ।३। नाक (नाकका प्वालहरू) दिन र रात हुन्, शीर्ष कपाल दिति र अदिति हुन् तथा शिर सम्वत्सर ।४। यी व्रात्य दिनमा सबैका पूज्य हुन्छन् रातमा पनि प्रकृष्ट (उत्तम) रूपले पूजनीय हुन्छन् । यस्तो व्रात्य (शिव) लाई नमस्कार छ ।५।

अठारौं काण्ड, प्रथम अनुवाक, सूक्त १ (ऋषि–अथर्वा । देवता– यम, मन्त्रोक्ता, रुद्र, सरस्वती, पितर)– हे स्तोता ! जसको श्मशान नै घर छ, जो पिशाचादि (फोहरमा बस्ने जाति) का स्वामी हुन्, जो प्रचण्ड पराक्रमी, भय उत्पन्न गर्ने र नजीक आएर हिंसित गर्ने (दण्ड दिने) हुन्, ती रुद्र देवताको स्तुति गर। दुःख नाशक रुद्र हाम्रो स्तुतिले प्रसन्न भई हामीलाई सुख देउ । तिम्रा सेनाले हामीबाट अन्यत्र तिमीप्रति द्वेष राख्नेमाथि आक्रमण गरून् ।४०।

उन्नाइसौं काण्ड, सूक्त ९ (ऋषि–सन्तति । देवता–मन्त्रोक्ता)– चन्द्रमण्डलका ग्रह राहुद्वारा ग्रस्त सूर्य, धूमकेतुको अनिष्ट र रुद्रको तीक्ष्ण तेज (सन्ताप दिने उपद्रव) यी सबै हाम्रो कल्याण गर्ने होउन् ।१०। सबै रुद्रहरू, वसुहरू, आदित्यहरू, अग्निहरू, महर्षिहरू, अन्य देवताहरू र बृहस्पतिले हाम्रो कल्याण गरून् ।११।

दोस्रो अनुवाक, सूक्त १० (ऋषि–वशिष्ठ । देवता–मन्त्रोक्ता)– वसुहरू सहित इन्द्र, आदित्यहरू सहित वरुण, रुद्रहरू (मरुतहरू) सहित रुद्र, अग्निहरू सहित त्वष्टादेवले हाम्रा स्तुतिहरू सुनून् र हाम्रो कल्याण गरून् ।६। भयबाट त्राण दिने सविता, उषाकी अभिमानी देवता विभाती, वर्षा गराउने मेघदेवता र क्षेत्रपालक शम्भुदेवताले हाम्रो कल्याण गरून् ।१०।

सूक्त ११ (ऋषि–वशिष्ठ । देवता–मन्त्रोक्ता)– अजैकपाद नामक (एकादश रुद्र) देवता हाम्रो लागि कल्याण गर्ने होऊन्, अहिर्बुध्न्य (एकादश रुद्र) देवता, अपान्नपात देवता, समुद्र र मरुतहरूकी माता पृश्नि यी सबैले हाम्रो शुभ गरून् ।३। आदित्यहरू, रुद्रहरू र वसु देवताहरू यो नयाँ ब्रह्म–स्तोत्रलाई स्वीकार गरून्, पृश्निद्वारा उत्पन्न यज्ञादि देवता तथा द्युलोक (आकाश) र पृथ्वीका देवताहरू पनि हाम्रो यस स्तोत्रलाई श्रवण गरून् ।४।

सूक्त १७ (ऋषि–अथर्वा । देवता–मन्त्रोक्ता)– पृथ्वीमा अग्नि र पूर्वमा पशु देवता (शिव) मेरा रक्षक बनून् । पादप्रक्षेप र पादप्रक्षेपको स्थानमा जहाँ जाउँ उहीं यी अग्नि मेरो रक्षा गरून् । म आफ्नो रक्षाको लागि वसुमान अग्निको आश्रय ग्रहण गर्दछु ।१। अन्तरिक्षमा र पूर्व दिशामा वायु मेरो रक्षक होऊन्, पादप्रक्षेप र पादप्रक्षेपको स्थानमा जहाँ पनि जाउँ त्यहाँ यी वायु देवता मेरो रक्षा गरून् । म आफ्नो रक्षाको लागि नै वायु देवताको शरणमा जान्छु । उनी मेरो सबैतिरबाट रक्षा गरून् । २। सोम र रुद्र दक्षिणमा मेरा रक्षक होउन् । पादप्रक्षेप र पादप्रक्षेप स्थानमा पनि यी दुवैले मेरो रक्षा गरून् । जुन शैयामा म रहेछु त्यहाँ सबै तिरबाट सोमले मेरो रक्षा गरून् । म आफ्नो रक्षाको लागि सोम देवताको आश्रय ग्रहण गर्दछु ।३।

सूक्त १८ (ऋषि–अथर्वा । देवता मन्त्रोक्ता)–अरूलाई हिंसा गर्ने कामना राख्ने जो शत्रु म राती अनुष्ठान गर्नेलाई दक्षिण दिशाबाट आई मार्न चाहन्छ त्यो शत्रु रुद्रवन्त सोम प्राप्त भई नष्ट होस् ।३।

चौथो अनुवाक, सूक्त २७–(ऋषि–भृगुअङ्गिरा । देवता त्रिवृत्)– आकाशमा व्याप्त यी एघार देवताले यस घृतयुक्त हविलाई भक्षण गरून् । अन्तरिक्षका एघार

रुद्र पनि यस हविको सेवन गरून् र पृथ्वीका एघार देवता पनि यस हवि भक्षण गरून् ।११-१३।

बीसौं काण्ड प्रथम अनुवाक, सूक्त १-(ऋषि-विश्वामित्र, गौतम, विरुप । देवता-इन्द्र, मरुत, अग्नि)- वृषभ (साँढे) र वन्ध्या गाई जसका भाग हुन् र सोम (चन्द्रमा) जसको माथि रहन्छ यस्ता ती अग्नि (अग्निरूप रुद्र) लाई हामी स्तोत्रहरूद्वारा स्तुति गर्दछौं ।

वेद सम्बन्धी केही कुराहरू

वेद ग्रन्थलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार नाममा विभक्त गरिएको छ । सरसरति पढ्दा वेद ग्रन्थ विभिन्न देवताहरूलाई विभिन्न ऋषिहरू-द्वारा गरिएका स्तुतिहरूको संकलन जस्तै देखिन्छ । प्रायः एकसूक्तमा एक ऋषिको स्तुति हुन्छ तापनि कुनै कुनै सूक्तमा २।३ जना वा सो भन्दा बढी ऋषिहरू पनि हुन्छन् । तर एक ऋषिका धेरै सूक्तहरू हुन्छन् । कुनै कुनै ऋषिका मात्र थोरै सूक्त हुन्छन् । यी चार वेदहरूमा ऋग्वेद सबभन्दा ठूलो ग्रन्थ हो । ऋग्वेदका श्लोक (मन्त्र) हरूलाई ऋचा भनिन्छ । यस्तै ऋचाहरूको समूहलाई सूक्त तथा विभिन्न सूक्तहरूको समूहलाई मण्डल भनिन्छ । ऋग्वेदमा जम्मा १० मण्डहलरू छन् । पहिलो मण्डलमा १९१ दोस्रोमा ४३ तेस्रोमा ६२ चौथोमा ५८ पाँचौमा ८७ छैठौंमा ७५ सातौंमा १०४ आठौंमा १०३ नवौंमा ११४ तथा दशौंमा १९१ सूक्तहरू भएकाले सबै गरी १०२८ जति सूक्तहरू छन् । यिनीहरूमा पहिलो र दशौं दुवैमा १९१ सूक्तहरू भएकाले यी दुई मण्डलहरू अत्यधिक ठूला हुन् । यी दुई मण्डलमा विभिन्न ऋषिहरूका सूक्तहरू छन् । तर अन्य मण्डलहरूमा प्रायः एकै ऋषि वा तिनका वंशजहरूका सूक्तहरू छन् । यसरी ऋग्वेदमा सूक्तहरू प्रकट गर्ने ऋषिहरू ३०० जना जति छन् भनिएको छ जसमा प्रमुख हुन्—मधुछन्दा, मेघातिथि, शुनःशेप, आजीगर्ति, हिरण्यस्तूप, आङ्गिरस, कण्व, घोर, प्रस्कण्व, सव्य, नोधा, गौतम, परासर, कुत्स, कश्यप, मारीच, ऋज्रश्व, अम्बरीष कक्षिवान, परूच्छेप, दीर्घतमा, अगस्त्य, गृत्समद, भार्गव, शौनक, विश्वामित्र कौशिक, देवश्रवा, जगदग्नि, वामदेव, पुरमीढ़, आत्रेय, अश्वमेघ, ईष, गौरिवीति, सम्बरण, अत्रि, अवत्सार, श्यावश्व, सत्यश्रवा, भारद्वाज, वृहस्पति नर, वशिष्ठ, शशकर्ण, प्रगाथ, इरिम्बिष्ठ, सौभरि, नाभाग, कुरुसुति, उशना, नृमेघः, असित, काश्यप, अरिष्टनेमि, उतथ, पवित्र, कवि, शिशु, त्रित, एलूष, धानाक, कृष्ण,

अग्नि, वृहदुक्थ, भृगु, नाभानेदिष्ट, गय, वसुकर्ण, नारायण, वेन, वरुण, सोमाहुति, याज्ञवल्क, प्रजापति आदि हुन् ।

यसै गरी साम्वेदमा ऋचाका समूहलाई दशति, दशितका समहलाई अर्ध (अध्याय) तथा अर्धको समूहलाई प्रपाठक भनिन्छ । त्यस्तै यस्को पूर्व संहितामा ६ प्रपाठकहरू तथा अन्तर संहितामा ९ प्रपाठकहरू गरी जम्मा १५ प्रपाठकहरू छन् । त्यस्तै यजुर्वेदका ऋचालाई कण्डिका तथा कण्डिकाको समूहलाई अध्याय भनिन्छ । पूर्व विंशतिमा २० तथा उत्तर विंशत्तिमा २० गरी जम्मा ४० अध्यायहरू छन् । अनि अथर्ववेदमा पनि ऋचाहरूका समूहलाई सूक्त नै भन्दछ । तर सूक्तहरूको समहलाई मण्डल नभनेर काण्ड भनिन्छ । यस्मा जम्मा २० काण्डहरू छन् । छैठौं काण्डका १४२, सातौं काण्ड ११८ र बीसौंमा १४३ सूक्तहरू भएकाले यी अत्यधिक ठूला हुन् । साम, यजु र अथर्व वेदका ऋषिहरू पनि प्रायः सबै ऋग्वेदमा उल्लेख भएका ऋषिहरू नै हुन् । तर यजुर्वेद र अथर्ववेदमा केही नयाँ नामहरू पनि छन् ।

वैदिक देवताहरू बारे पनि खासगरी देवपुरुषहरूमा ३३ देवताहरू (१२ आदित्य– इन्द्र, धाता, वरुण, मित्र, भग, त्वष्टा, पूषा, अर्यमा, विवस्वान, सविता, अंशुमान, विष्णु तथा ११ रुद्र– अजैकपाद, अहिर्बुध्न्य, कपाली, पिनाकी, पिंगल, विलोहित, विरूपाक्ष, शास्ता, शम्भु, हर त्रयम्बक, र ८ वसु– ध्रुव (तारा) अध्वर (यज्ञ), सोम (चन्द्र), आप (जल), अनिल (वायु), अनल (अग्नि), प्रत्यूष (उषा) र प्रभास (प्रभात) अनि १ प्रजापति र १ वषट्कार (मन्त्रदेवता) को साथै अन्य देवताहरू जस्तै अश्विनीकुमार, सरस्वती, मरुतगण, ब्रह्मणष्पति, ऋभुगण आदि देवताहरू र विश्वेदेवको पनि स्तुति गरिएको पाइन्छ ।

देवपुरुषहरूको साथै पृथ्वी, जल, अग्नि, वायु र आकाश जस्ता पञ्चमहाभूतका महत्वपूर्ण तत्वहरूलाई पनि देवताकै रूपमा स्तुति गरिएको हुन्छ । थिनीहरूमा खासगरी अग्निको विशेषता बढी छ । हुन त वेदमा अग्निलाई ४ प्रकारले भावना गरेको पाइन्छ– १ अग्नि नामक ऋषि, २ आगो वस्तु, ३ ताप तत्व, ४ सूर्य वा तेज अतः यज्ञको आगो अग्निलाई विशेष महत्व दिएको हुन्छ । पूर्वकालमा अग्नि नामक ऋषिले पनि देवताहरूका सन्देश वाहकको रूपमा कार्य गरेका वर्णनहरू पाइन्छन् । तसर्थ यज्ञको अग्निलाई पनि सोही ऋषि अग्निको भावनाले अग्नि देवता मानेर व्यवहार गरेको बुझिन्छ । अर्थात् मानिसहरूको स्तुति देवताहरू कहाँ पुऱ्याउने हेतुले यज्ञको आगोमा अग्नि देवताको आह्वान गरिएको हुन्छ । यसबाट बुझिन्छ मानिसहरू सीधा स्वर्गस्थित देवताहरू कहाँ आफ्ना प्रार्थनाहरू

पुऱ्याउन सक्तैनन् । आफू र देवताहरूको बीचमा सम्पर्क कायम गर्ने माध्यम वा एक दूतको आवश्यक हुन्छ जुन कार्य अग्नि देवताद्वारा सम्भव तुल्याएको हुन्छ । कारण आगोको मुस्लो वा राँकोको गति रूप र अरूप हुँदै आकाशमा मिल्दै माथि तिर जान्छ र अन्तरिक्षमा मिल्दछ । यसरी अग्नि मानिसहरूको स्तुति देवताहरू कहाँ लैजाने भएकोले प्रथमतः अग्निको नै स्तुति गरिएको हुन्छ । यसैले ऋग्वेदको प्रथम सूक्तमा नै मधुछन्दा ऋषिद्वारा अग्नि देवताको स्तुति गरिएको हुन्छ । सूक्तमा ती ऋषि भन्दछन्– अग्रणी प्रकाशित, यज्ञकर्ता, देवदूत, पाप मुक्त अग्निको स्तुति गर्दछु ।

यसरी अग्नि देवताको रूपमा भन्दा पनि स्वर्गस्थित देवताहरू कहाँ साधकहरूको प्रार्थनाको सन्देश पुऱ्याउने देवताको रूपमा पूजिने भएकोले वेदमा अग्निद्वारा गरिने यज्ञको वाहुल्य पाइन्छ र यस्तो यज्ञ नै वैदिक धर्मको माध्यम मानिएको छ । अग्निको यस महत्वले गर्दा वेदको पहिलो ग्रन्थ ऋग्वेदको शुरूमा नै अग्निलाई त्यसपछि वायुलाई अनि त्यसपछि इन्द्रलाई स्तुति गरिएका ऋचाहरू क्रमशः उल्लेख हुन्छन् । खासगरी स्तुतिहरूमा इन्द्रलाई सम्बोधन गरिएका स्तुतिहरू नै अत्यधिक छन् । त्यसपछि दोस्रो अत्यधिक स्तुतिहरू अग्निलाई गरिएको देखिन्छ । वेदमा सूर्य, चन्द्र, उषा आदिलाई पनि विशेष प्रार्थना गरिएको हुन्छ। विभिन्न महत्वपूर्ण कुराहरू जस्तै पर्वत, नदी, समुद्र, वन आदि र प्राण रक्षा गर्न आवश्यक पर्ने कुराहरू जस्तै अन्न, जल, औषधि, वनस्पति आदि तथा मानिसलाई गुण गर्ने प्राणीहरू जस्तै गाई, घोडा, बयल, कुकुर आदि र यस्का साथै यजमान, पितृ, मृत्यु, आत्मा, वैकुण्ठ, ज्ञान, श्रद्धा आदि सबै कुरालाई पनि देवता नै समान व्यवहार गरी प्रार्थना गरिएको हुन्छ ।

अर्को महत्वपूर्ण विषय हो यज्ञमा सोमरसको आहुति । खासगरी इन्द्रादि देवताहरूलाई सोमरस प्रिय हुने विश्वासले ती देवताहरूलाई सोम पिउन आह्वान गर्दै आफ्ना कामनाहरू पूर्तिको लागि प्रार्थना गरिएको हुन्छ । सोमरस निर्माण गर्दा सोमलता नामक एक प्रकारको वनस्पति जस्का पातहरू शुक्ल पक्षमा बढ्दै जाने र कृष्ण पक्षमा घट्दै जाने हुन्छ । त्यस सोमलताका पातहरूलाई ढुङ्गाले पिंधेर निकालेको रस कपडामा छानी त्यसमा मह, दूध, घिउ, आदि मिसाई सोमरस तयार गरिन्छ । यसरी सोमरस बनाउने प्रक्र्या रक्सी वा जाँड जस्तो मादक पदार्थ बनाउने प्रक्र्यासंग मेल नखाने देखिएकोले सोमरस मादक पदार्थ नभई शुद्ध सर्वतकै रूपमा प्रयोग भएको पाइन्छ ।

हुन त वेदको अर्थ ज्ञान हो, अतः वेद ग्रन्थमा ज्ञानका कुराहरूको प्रधानता हुन्छ । तर वेदग्रन्थमा परमात्मा सम्बन्धी ज्ञानका साथै देवताहरूको उपासना,

कर्म काण्ड र अन्य विविध विषयहरूका उल्लेखहरू पनि प्रशस्त पाइन्छन् । अतः वदको अर्थ ज्ञान भए तापनि वेदग्रन्थको सम्पूर्ण कुरालाई ज्ञान मान्ने नमान्ने बारे मतभेद रहेको पाइन्छ । कुनै दर्शनहरू वेदग्रन्थमा उल्लेखित ज्ञानलाई मात्र नित्य मान्दछ भने कुनै, खासगरी मीमांसा दर्शन वेदको प्रत्येक शब्दलाई नित्य मान्दछ । यसरी मीमांसा दर्शनका अनुयायीहरू वेदग्रन्थका प्रत्येक शब्द र त्यस्को अर्थलाई अनादि र अटल मानेर वेदग्रन्थका सम्पूर्ण कुरालाई ज्ञान तथा नित्य कुरा मान्दछन् । वास्तवमा ज्ञानमार्गीहरू ज्ञानको अर्थ परमार्थ ज्ञानमा सीमित राख्तछन् । यस हिसावले वेदका सम्पूर्ण कुरा ज्ञान हुन् भन्नमा गाह्रो पर्नेछ । तर वेद शब्दको अर्थ फराकिलो गरेमा ज्ञानलाई ३ भागमा विभाजन गर्न सकिन्छ–१ भौतिक ज्ञान, २ दविक ज्ञान र ३ अध्यात्म ज्ञान । वाह्य कर्मकाण्ड, पूजा, उपासना, प्रार्थना आदि जुन स्थूल रूपले व्यक्त भएको हुन्छ त्यो भौतिक ज्ञान हो भने सांसारिक उन्नतिको लागि अपनाइएका नयाँ नयाँ धार्मिक मार्गहरूलाई दैविक ज्ञान तथा प्रत्येक सूक्ष्म पदार्थ र कार्यको वैज्ञानिक रहस्य प्रकट हुने भएकोले त्यसलाई शक्तिरूपमा परिणत गरी जगत्को कारणरूप सम्बन्ध देखाउने ज्ञानलाई आत्मज्ञान भनिन्छ । यसरी३ वटै विषयहरूलाई ज्ञान मानेमा वेद ग्रन्थका वेदान्त मन्त्रहरूको साथै वेद ग्रन्थका अन्य सम्पूर्ण कुराहरू पनि ज्ञान विषय भनेर मान्न सकिन्छ । तर वेदभित्रको वेदान्त आत्म-ज्ञानको विशेष विषय भएकोले यसलाई नै आध्यात्मिक ज्ञान मानिएको हो । धर्मको भाषामा आध्यात्मिक ज्ञान नै सही ज्ञान हो । अतः वेदको सार वेदान्त जुन ज्ञानै ज्ञानले युक्त छ त्यसैलाई ज्ञानीहरू बढी महत्व दिन्छन् । यसरी जो ज्ञानी छ ऊ प्रायः जीवनका सुख दुःखलाई समान भावले हेर्ने गर्दछ । ऊ सुखको कामना पनि गर्दैन किनभने उसलाई थाहा छ सुखमा दुःख गाँसिएर आएको हुन्छ तथा सुख र दुःख दुवै अनित्य हुन्, साथै यी सुख दुःख त मानिसका भोगमात्र हुन् । भोग सकिए पछि आफै लोप भएर जान्छन् । भोगको कारण कर्म हो र कर्मको कारण इच्छा हो अतः इच्छा जबसम्म हुन्छ तबसम्म भोग बाँकी रहन्छ । जबसम्म भोग बाँकी रहन्छ तबसम्म मुक्ति हुदैन । अतः यस्ता ज्ञानीहरू ईश्वरलाई अथवा देवतालाई केवल श्रद्धा गर्दछन्, केवल उसको महीमा गाउँदछन् तर भौतिक सुखको लागि प्रार्थना गर्ने तिर उन्मुख हुँदैनन् । अतः वेद ग्रन्थको सार मात्र वेदान्त भएकोले यसमा उल्लेखित वेदान्तको मार्गलाई नै मुख्य वेद भनिएको हो । वेदान्तको ज्ञान परमात्माको भावनाले युक्त ऋषिहरूद्वारा प्रकट गरिएको हो र यस ज्ञानले मानिस-लाई निष्काम बनेर कामना त्यागी काम क्रोध लोभ मोह आदि विकारमाथि विजय प्राप्त गरी भौतिक जगत्बाट मोक्ष हुने मार्ग दर्शाउँछ । तर वेदमा भने सुखका कामनाले देवताहरूसँग गरिएका प्रार्थनाहरू तथा स्तुतिहरू थुप्रै-थुप्रै छन् ।

यसबाट बुझिन्छ वेदमा ज्ञान पक्षको साथैं उपासना र कर्म पक्ष पनि उत्तिकै दृढ रूपमा रहेको हुन्छ । यस्को कारण वेदधर्म परलोकको साथैं यस लोकसँग पनि सम्बन्धित भएकोले हुनु पर्दछ । लोकमा सबै ज्ञानी हुँदैनन् । धेरैले त ज्ञानलाई बुझेकै हुँदैनन् । अतः जो ज्ञानी छैनन् उनीहरू आफ्नो जीवनसँग मोहित हुन्छन् । वास्तवमा यस्ता जीवनमोहितहरू नै संसारमा बढी छन् । अतः उनीहरू जस्ताले अनुसरण गर्न सुहाउँदो मार्गको पनि आवश्यक हुन्छ । उनीहरूको लागि यही प्रार्थनाको मार्ग अर्थात् सकाम धर्म मानिएको छ ।

हुनत वेदमा गरिएका स्तुतिहरू सबै सकाम नै छन् भन्ने होइन । स्तुतिहरू विभिन्न प्रकारका छन्, कुनै ज्ञानमा आधारित छन् भने कुनै केवल महिमा गुणगानका पनि छन् । तर धेरै जसो भने साधकले आफ्नो इच्छा पूर्ति गर्नको लागि गरेका प्रार्थना अथवा सकाम स्तुति नै देखिन्छन् । अन्न आफ्नो कामना पूर्तिको लागि भौतिक कुराहरू चढाएर पनि देवतालाई खुशी पार्ने चेस्टा गरेको पाइन्छ । यसरी भौतिक कामना त्यागेर मोक्षको मार्गमा जान क्षमता नभएका मानिसहरूको लागि पनि सदाचारमा रही देवताहरूको उपासना गरी यस लोकमा भौतिक सुखको साथैं परलोकमा स्वर्ग प्राप्त गर्ने मार्ग वेद ग्रन्थमा पहिल्याएको छ । अतः वेद ग्रन्थमा वेदान्तपछि अर्को महत्वपूर्ण विषय हो देव उपासना । देव उपासनामा पनि एक देवताको उपासना नभै विभिन्न देवताहरूको उपासना गरिएको हुन्छ । हुन त यी विभिन्न देवताहरूको उपासनामा प्रायः मानिसहरूको विभिन्न भौतिक इच्छाहरू पूर्ति गर्ने उद्देश्यले नै ती देवताहरूको स्तुति, उनीहरूको गुण पराक्रम आदिको गाथा गायन तथा प्रार्थना गरिएका हुन्छन् । जसरी आजकालका मानिसहरू सुख सम्वृद्धिको लागि देवताहरूसँग हामीलाई सुख देउ, दुःख दूर गर, स्वास्थ्य राम्रो पारिदेउ, धन सम्पत्ति देउ, घरबार देउ, शत्रुहरूको नाश गर, घरबारीको रक्षा गर, सन्तानको रक्षा गर, पाप मेटिदेउ, वृत्ति मिलोस्, गरेको काम सफल होस्, काममा बाधा उत्पन्न नहोस्, मनोकामना पुराहोस् आदि भनेर प्रार्थना गर्दछन्, पूजा गर्दछन् त्यस्तै प्रकारले उस समयमा पनि मानिसहरू यस्ता विभिन्न भौतिक सुखको लागि ऋषिहरूद्वारा विभिन्न देवताहरूको पूजा प्रार्थना गर्दथे । तर भौतिक कामनाको साथैं धर्मसम्बन्धी ज्ञान प्राप्तिको उद्देश्य पनि देव उपासनामा व्यक्त नगरिएको होइन । वेदग्रन्थमा उल्लेखित विभिन्न देवताहरूको उपासनाको अर्को महत्वपूर्ण कुरा हो विभिन्न देवताहरूमा समान आस्था राख्नु । अर्थात् एक देवता विशेष समुदायमा नरहने प्रेरणा वेदले निश्चित गरेको छ । अतः वेदले विश्वेदेवा (विश्वका सबै देवताहरू) तथा धर्म पुरुषहरूलाई सम आदर गरी परमात्मा परमेश्वरलाई धर्मको रूपमा मान्न सिकाउँछ ।

देवता सम्बन्धी केही कुराहरू

प्रथमतः परमात्मा शिव सम्बन्धी प्रारम्भको अध्यायमा परमात्मा तथा ईश्वर बारे चर्चा गरियो। त्यसपछि देवता रुद्र सम्बन्धी प्रथम खण्डको शङ्कर रुद्र बारेको चर्चा पनि सकियो। साथै वेद सम्बन्धी केही कुराहरू पनि व्यक्त गरियो। अब देवता विषयमा चर्चा हुँदैछ र त्यसपछि वेदस्तुत रुद्र सम्बन्धमा चर्चा गरिनेछ।

देवता को हुन्? – पुराणको मत अनुसार कश्यप ऋषिका १३ जना पत्नीहरू मध्ये अदितिले देवगण अर्थात् १२ आदित्यहरू– इन्द्र धाता भग त्वष्टा मित्र वरुण अर्यमा विवस्वान सविता पूषा अंशुमान र विष्णु; दितिले हिरण्यकशिपु र हिरण्याक्ष जस्ता दैत्यगण; दनुले मय र अरू दानवहरू; सुरभिले रुद्रगण अर्थात एकादश रुद्रहरू– अजैकपाद अहिर्बुध्न्य कपाली पिनाकी पिङ्गल विरूपाक्ष विलोहित शास्ता शम्भु हर त्रिअम्बक आदि एघार नाम धारी रुद्र; सुरसा र कद्रुले सर्प अथवा नागजाति; अरिष्टाले गन्धर्वहरू; ताम्राले ६ कन्याहरू; इराले भूतहरू; मुनिले अप्सराहरू; क्रोधवशाले राक्षसहरू तथा खसाले यक्षहरू जन्माए। यस अनुसार देवगण भन्दाखेरी १२ आदित्यहरू– इन्द्र धाता भग त्वष्टा मित्र वरुण अर्यमा विवस्वान सविता पूषा अंशुमान र विष्णु मात्र सीमित हुने हुन्छ। तर देवगणको कुरा छोडेर देवयोनि वा देवजातिको अर्थ अपनाएमा फेरि १० देवजातिको मान्यता पनि हामी पाउँदछौं। सो अनुसार यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, भूत, ऋषि, सिद्ध अप्सरा र विद्याधर यी १० जातिहरू देव जातिमा गनिन्छन्। हुनत वेदको सामान्य प्रयोगमा भने ३३ देवताको प्रशिद्धि छ। ती हुन्– १२ आदित्य, ११ रुद्र, ८ वसु तथा १ प्रजापति र १ वषट्कार (मन्त्रदेवता)। तर योभन्दा व्यापक रूपमा दृष्टि दिएमा देवता ३३ कोटी पनि मान्न सकिन्छ जस्मा अव्यक्त परमात्मा देखि

लिएर व्यक्त ब्रह्माण्डका यावत कुरा जसबाट केही प्राप्त हुन्छ सबैलाई देवता मान्ने धारणा छ ।

देवताको अर्थ हो दिने शक्ति । दानाद् देवः अर्थात् जो दिन्छ ती देव हुन् । त्यस्तै यो देवः सा देवता अथवा जो देव (दिने) हुन् ती देवता हुन् । अर्थात ब्रह्माण्डमा विभिन्न वस्तुहरू उत्पन्न गर्न जो आफ्ना अंश (शक्ति) प्रदान गर्दछन् ती देवता हुन् । यथार्थमा दर्शनको भाषामा जसलाई शक्ति भनिन्छ वेदमा त्यसलाई देवता भनिन्छ । भगवान्का दुई रूप मानिन्छन्– १ सच्चिदानन्द स्वरूप अर्को देवरूप । सबैका मालिक भगवान् परमात्मा सर्वोपरि परब्रह्म परमेश्वर असीम शक्ति हुन् । उनी सच्चिदानन्द स्वरूप हुन् । तर ब्रह्माण्डका जो अलग अलग सीमित शक्ति हुन् ती देवता हुन् । लोकको हिसाबले– जो देवलोकमा बस्तछन् तिनी-हरूलाई देवता भन्ने चलन छ सो अनुसार आदित्यगण वसुगण रुद्रगण मरुदगण आदि सबै देवताहरू हुन् । त्यस्तै दिशाको हिसाबले दशदिग्पालहरू देवता हुन् । जस्तै इन्द्र स्वर्गको, अग्नि दक्षिण-पूर्व अर्थात् अग्निकोणको,यमराज दक्षिण दिशाको, निर्ऋति नैऋत्यकोण (दक्षिण पश्चिम) को, वरुण पश्चिम दिशाको, वासुदेव पश्चिम उत्तर वायव्यकोणको, कुवेर उत्तर दिशाको अनि ईशान उत्तर पूर्व ईशान-कोणको लोकपालहरू हुनाले देवताहरूमा गनिन्छन् । त्यस्तै पितृलोक आदिका यम अर्यमा आदि देवता विभिन्न लोकमा अनन्त छन् । त्यस्तै जातिको हिसाबले-सुरजाति र असुर जातिको भेद गरिन्छ तथा सुरजातिलाई देवता मानिन्छ । त्यस्तै शरीरधारी देवता र तत्व देवताको पनि भेद नभएको होइन । जस्तै शरीर-धारीमा इन्द्र, रुद्र आदि हुन् भने पदार्थ वा तत्वमा अग्नि वायु जल आदि हुन् । फेरि अव्यक्त देवता ईश्वर हुन् भने व्यक्त देवताहरूमा सृष्टि स्थिति लय आदि प्रकृतिस्थ शक्ति स्वरूप देवताहरू ब्रह्मा, विष्णु, रुद्र आदि हुन् । त्यस्तै निराकार निर्गुण देवता शिव हुन् भने निराकार सगुण देवता महेश्वर तथा साकार सगुण देवता महादेव शङ्कर (रुद्र) मानिन्छन् । फेरि आकाशका महत्वपूर्ण कुराहरू जस्तै सूर्य चन्द्र तारा आदि देवता मानिन्छन् भने पृथ्वीका समुन्द्र नदी वन पर्वत आदि पनि देवता मानिन्छन् । अन्तमा गुणको हिसाबले पनि– सत्व रज तम यी ३ गुणहरूमा तम राक्षस, रज मनुष्य तथा सत्व देवगुण मानिने भएकोले जो सत्वगुणका छन् तिनीहरूलाई देवता भन्ने पनि गरिएको छ ।

वैदिक मत अनुसार यज्ञादि कर्ममा जसलाई उद्देश्यानुसार हवि दिइन्छ ती देवता हुन् । मन्त्रद्वारा जसको स्तुति गरिन्छ ती देवता हुन् । यस अनुसार यज्ञमा भाग ग्रहण गर्ने देव पितर ऋषि असुर गन्धर्व आदि सबै पनि यजमान तथा स्तोता-लाई इच्छित वस्तु दिने हुनाले देवता हुन् । प्रकृतिका विभिन्न सीमित कार्यहरू-

लाई पनि देवता मानिएको छ जस्तै तन्मात्राहरू–शब्द स्पर्श रूप रस गन्ध, पञ्च महाभूतहरू– पृथ्वी जल तेज वायु आकाश आदि तथा कालका अवस्थाहरू जस्तै सम्वत्सर ऋतु आदि । यी सबै कुराको विचार गर्दा देवता ईश्वर जस्तो इन्द्रियातीत अथवा अव्यक्त नभई इन्द्रयगोचर नै रहेछ भन्ने बुझिन्छ । सामान्य प्रयोगमा १२ आदित्यहरू, ११ रुद्रहरू, अष्टवसु– ध्रुव, अध्वर (यज्ञ), सोम, आप (जल), अनिल (वायु), अनल (अग्नि), प्रत्यूष (उषा) र प्रभास (प्रभात) तथा प्रजापति र नैऋति गरी जम्मा ३३ देवता मानिएका छन् । तर यी कर्मवशात् देवयोनि प्राप्त गर्ने देवता आजान (सृष्टिको समयदेखि उत्पन्न भएका देवताहरू जस्तै ब्रह्मा विष्णु रुद्र (आदि) बाट भिन्न छन् ।

आजान देव र कर्मदेव– सृष्टिको आदिमा उत्पन्न हुने जस्तै ब्रह्मा (सृष्टि) विष्णु (स्थिति) रुद्र (लय) आदि आजान देवता हुन् भने पृथ्वीमा उत्पन्न भई कर्मद्वारा देवत्व प्राप्त गर्नेलाई कर्मदेव भनिन्छ । यिनीहरू शरीरधारी देवता हुन् । त्यस्तै पृथ्वी जल तेज आदि अभिमानी देवता हुन् । देवता उपासकलाई अनुग्रह गर्ने, इच्छा पूर्ति गर्ने र दण्ड दिने पनि हुन् । मानिस पनि आफ्नो उत्कृष्ट कर्मद्वारा देवत्व प्राप्त गर्न सक्तछन् ।

देवताको गुण– हुनत कोश र निरुक्त आदिमा सर्वशक्तिमान ऐश्वर्य अनन्त अक्षयय नित्य अजर अमर आनन्द अलौकिक व्यक्तित्वलाई देव वा देवता मानिएको हुन्छ तर देवता अनन्त दिव्य गुणहरूका भण्डार मानिएका हुन् । स्तुति, प्रार्थना, पूजा, स्मरण तथा ध्यानद्वारा देवता खुशी हुन्छन् र आराधक कहाँ पुगेर वरदान दिनमा प्रसिद्ध छन् । अतः एकै परमात्माको एकरूप विशेषलाई देवता भनिन्छ र परमात्माकै विभिन्न शक्ति तथा गुणको प्रतिनिधित्व देवगण गर्दछन् । जस्तो एक राजा या सरकार अन्तर्गत विभिन्न विभागका अधिकारीहरू कहाँ प्रजाहरू जाने गर्दछन् त्यस्तै विभिन्न देव उपासनाको तात्पर्यमा पनि मान्नु पर्दछ । एकै विराट ईश्वरका अंग प्रत्यंग स्वरूप विभिन्न देवताको नाम पुकार्दछौं जस्तै ब्रह्मतेजको इच्छा गर्नेले वृहस्पतिको, इन्द्रियभोगको इच्छा गर्नेले इन्द्रको, सन्तान इच्छा गर्नेले प्रजापति ब्रह्माको, गृहलक्ष्मीको कामना गर्नेले मायादेवीको, तेजको लागि अग्निको, धनको लागि वसुहरूको र वरुणको, पराक्रमको लागि रुद्रको, अन्नको लागि अदितिको, स्वर्गको लागि आदित्यहरूको, राज्यको लागि विश्वदेवहरूको, लोक प्रियताको लागि साध्यगणको, दीर्घायुको लागि अश्विनी कुमारहरूको, पुष्टिको लागि वसुन्धराको, प्रतिष्ठाको लागि द्यावा पृथ्वीको, सौन्दर्यको लागि गन्धर्वको, आधिपत्यको लागि ब्रह्माको, यज्ञको लागि यज्ञ पुरुषको, विद्याको लागि शङ्करको, दाम्पत्य प्रेमको लागि गौरीको, धर्म उपार्जनको लागि विष्णुको,

वंश परम्परा रक्षाको लागि पितरहरूको, बाधाबाट बचनको लागि यक्षको, बलवान हुनको लागि मरुद्गणको, भोग (कामभोग) को लागि चन्द्रमाको, निष्काम-ताको लागि नारायणको आराधना उपासना गर्ने गरिन्छ ।

देवताहरूको वर्गीकरण–३ प्रकारका देवताहरू छन् जस्तै आधिदैविक, आधि-भौतिक र आध्यात्मिक। आँखा वस्तु एक इन्द्रिय हो र यसको विषय वस्तु रूप हो। आँखा रूपलाई सूर्यको प्रकाशद्वारा देख्तछ। सूर्य पनि वस्तु नै हो तर यहाँ आँखा इन्द्रिय आध्यात्मिक देव, विषय रूप अधिभूत (आधिभौतिक) देव तथा सूर्य आधिदैविक देव हुन् । यी तीनवटा कै उपस्थितिले मात्र हेर्नु कार्य ईश्वरीय कार्य बन्दछ। अर्थात् यी मध्ये एकको कमीले ईश्वरीय कार्य सफल हुँदैन। तर आध्यात्मिक र आधिभौतिक वस्तु भन्दा दैविक वस्तु बढी महत्वपूर्ण छ किनभने यसैले दिने कार्य गर्दछ। तर सूर्य आदिको पनि अधिदेवता हुन्छन् अर्थात् सूर्य पनि कुनै अधि-देवताकै शक्तिद्वारा सृष्टि भएको हो र यो कुनै अर्कै शक्तिद्वारा संचालन भैरहेको हुन्छ ।

वर्णदेवता– अग्नि र सोम ब्राह्मणहरूको देवता मानिन्छ भने इन्द्र, वरुण, कुवेर यम आदि नियन्त्रण र शासन गर्ने देवता क्षत्रिय वर्णका देवता मानिन्छन् । त्यस्तै अष्ट वसुहरू वैश्यदेवता मानिन्छन् भने पूषा शूद्रहरूका देवता मानिन्छन् । यस्तै अंगिरागणलाई ब्राह्मण देवता र आदित्यगणलाई क्षत्रिय देवता तथा मरुद्गणलाई वैश्य देवता मान्ने पनि छन् ।

पाञ्चाण्य देवता– शरीर, पृथ्वी जल तेज वायु आकाश यी पञ्चभूतद्वारा निर्मित हुन्। पञ्चभूतलाई पाञ्चाण्य देवताका रूपमा मानेका छन् । जस्तै आकाश-तत्वलाई विष्णु देवता (विष्णुको अर्थ हो व्यापक अर्थात् आकाश जस्तै व्यापक तत्व), वायु तत्वलाई सूर्य (वायुमा ताप हुन्छ, तापको प्रगाढ रूप हो सूर्य अतः सूर्य वायुमा उच्च शक्ति गनियो), तेज तत्वलाई देवी (तेज अग्नि हो, यो मुख्य शक्ति हो, देवीलाई शक्ति मानिन्छ), जल तत्वलाई गणेश देवता (जल शरीर-लाई रक्षा गर्ने तत्व हो, गणेशको कार्य पनि रक्षा गर्ने हो), र पृथ्वी तत्वलाई महादेव शङ्कर (पृथ्वी प्राणी उत्पन्न हुने ठाउँको साथै प्राणी जीवित रहने ठाउँ पनि हो अतः पृथ्वी प्राणीलाई कल्याण गर्दछ। जो कल्याण गर्दछ त्यो शङ्कर हो र जो शङ्कर हो उही महादेव हुन्) रूपमा मानेका छन् । यथार्थमा यी पाँचै परमात्माका नित्यरूप हुन् ।

तीन प्रकारका अन्य देवता– १. आजान देवता, २. मर्त्य देवता र ३. अधिष्ठातृ देवता गरी ३ प्रकारका देवता पनि मानिएका छन् । आजान

देवता– सृष्टिको कालदेखि प्रलयको कालसम्म अर्थात् एक कल्पसम्म देवलोकमा रहने आजान देवता भनेर मानिएका छन् । यी आजान देवता दुई प्रकारका छन् १. ईश्वरकोटीका देवता जस्तै शिव, शक्ति (देवी), गणेश, सूर्य र विष्णु यिनीहरू मध्ये एकजनालाई ईश्वर मानेमा बाँकी चारजना देवतामा गनिन्छन् । अतः यिनीहरू सम्प्रदायमा बांधिएका छन् जस्तै शैव, शाक्त, गाणपत्, सौर तथा बैष्णव । २. अर्को साधारण कोटीका देवता जस्तै इन्द्र, वरुण, मरुत, रुद्र, आदित्य, वसु आदि । मर्त्य देवता– मर्त्यलोकमा यज्ञ आदि धर्म कर्म गरी स्वर्ग-लोकमा प्राप्त हुनेलाई मर्त्य देवता भनिन्छ । यिनीहरू आफ्नो पुण्य सकिएपछि स्वर्गबाट फेरि मृत्युलोकमा फर्कन्छन् । अधिष्ठातृदेवता– सृष्टिका प्रत्येक वस्तुको एक अधिष्ठातृ (मालिक) देवता हुन् । जस्तै नक्षत्र, तिथि, महीना वर्ष, युग, चन्द्र, सूर्य, समुद्र, पृथ्वी, जल, तेज, वायु, आकाश, शरीर, इन्द्रिय, मन बुद्धि, आदि महत्वपूर्ण कुराका अधिष्ठातृ देवता आजान देवता हुन् भने कुवा रूख आदि साधारण वस्तुको अधिष्ठातृ देवता मर्त्य देवता (जीव) हुन् । अधिष्ठातृ देवताको मुख्य काम आफ्नो अधीनका वस्तुहरू रक्षा गर्नु हो । कुवाको अधिष्ठातृ देवताले कुवाको रक्षा गर्छ भने वृक्षको अधिष्ठातृ देवताले वृक्षको रक्षा गर्दछ अतः कुवा वृक्ष आदि प्रयोग गर्दा तिनीहरूका अधिष्ठातृ देवताको पूजा गर्ने चलन भएको हो ।

देवताहरूको चरित्र– सनातनी विश्वास अनुसार देवताहरूका सबै चरित्र विशिष्ट हुन्छन् । उनीहरू जहाँ पनि जुनसुकै रूपमा प्रकट हुन र अन्तर्हित हुन सक्छन् । उनीहरूको स्वप्न तथा सुषुप्ति अवस्था हुँदैन, बरू योगनिद्रा सम्म हुन्छ । तर यस अवस्थामा पनि कसैले तीव्र ध्यानद्वारा आराधना गरेमा उनी त्यहाँ पुग्दछन् । उनीहरूमा झिंगा बस्दैन, धूलो रहँदैन, सदा दिव्य उज्यालो र निर्मल हुन्छ । देवता मानिस झैं बिहान बेलुका खानपिन गर्नुपर्ने होइनन् । उनीहरू इन्द्रियद्वारा केही पनि ग्रहण गर्दैनन्, सदा संतृप्त र आनन्दित रहन्छन्। उनीहरूसँग अणिमा, महिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशिता, वशिता तथा कामावसायिता जस्ता अष्ट सिद्धिहरू हुन्छन्। साथै अनूर्मि (भोकप्यास आदि नहुनु), दूर श्रवण दूर दर्शन, मनोजविता (मनलाई इच्छा गर्नासाथ टाढा पनि पुग्न सक्ने क्षमता) कामरूपता (इच्छा अनुसारको रूप धारण गर्न सक्ने क्षमता), परकाय प्रवेश, स्वछन्द मृत्यु तथा संकल्प सिद्धि, अप्रतिहत गति, त्रिकालज्ञान, अद्वन्द्व (जाडो गर्मी, सुख दुःख, राग द्वेष आदि नहुनु), परचित्त ज्ञान, प्रतिस्तम्भ (आगो, घाम, जल, विष आदिको शक्तिलाई स्तम्भित गरिदिनु), अपराजय, आकाशगमन, अभिज्ञान, अतीन्द्रियार्थ– वृष्टत्व (अति सूक्ष्मकुरा पनि साक्षात्कार गर्न सक्ने),

पिपिलिकादि वार्ता ज्ञान (कीट पतंग समेतको भाषा बुझ्ने), लोकान्तरगमन आदि सिद्धिहरू पनि हुन्छन् ।

देवता र मनुष्यमा फरक– धार्मिक विश्वास अनुसार मानिसको शरीर पृथ्वीतत्व प्रधान हुन्छ भने देवताको शरीर तेजतत्व प्रधान हुन्छ अतः मानिसको तुलनामा देव शरीर दिव्य र शुद्ध हुन्छ । मानिसको शरीरबाट दुर्गन्ध आउँछ भने देवताको शरीरबाट सुगन्ध आउँछ । देवताको छाया पनि देखिदैन तथा आँखाको परेला झिम्किने हुँदैन । एकछिनमा धेरै टाढा जान सक्ने, जहाँ चाहियो त्यहाँ प्रकट हुन सक्ने तथा भूईंको सतहमा पाइला पनि नटेकिएको हुन्छ । देवताहरूलाई मानिसको जस्तो शारीरिक रोग हुँदैन तर उनीहरूलाई पनि चिन्ता, भय, इर्ष्या आदि मानसिक रोग हुन्छ जस्को उपचार अश्विनीकुमारबाट गर्दछन् । त्यस्तै देवताको शरीर मानिसको जस्तै भौतिक हो । परमात्माको मात्र अविनाशी र चिन्मय शरीर हुन्छ तथा नित्य, आनन्द, अलौकिक, अत्यन्त दिव्य हुन्छ । त्यसैले देवता पनि ईश्वरलाई हेर्ने इच्छा गर्दछन् । मनुष्य योनिभन्दा माथि देवयोनि पर्दछ। देवताहरू सूक्ष्म शरीर लिएर स्वर्गमा रहेको हुन्छ भन्ने विश्वास गरिन्छ । अतः यिनीहरू अदृष्ट हुन्छन् । देवताहरूलाई पनि वेदान्त श्रवण-मननद्वार भगवत साक्षात्कारको पूर्ण अधिकार हुन्छ । तर उनीहरूलाई गरिएका स्तुतिहरू सुन्दा सुन्दा उनीहरू ब्रह्मविद्या सुन्ने समय नै पाउँदैनन् । भनिन्छ देवता आफ्नो पुण्यको बलद्वारा कल्पसम्म स्थायी लोकमा स्थित हुने भएकाले मोक्षको अधिकारी हुँदैनन् । आफ्नो पुण्य क्षीण भएपछि सामान्य स्थितिमा आएर स्वर्गलोकबाट मर्त्यलोकमा झर्दछन् । फेरि मृत्युलोकमा बसेर मुक्तिको मार्गमा लाग्न सक्तछन्। किनभने स्वर्गलोक पनि भोगयोनि हो । देवताहरू स्वर्गबाट मुक्ति प्राप्त गर्न सक्तैनन् । उनीहरू भोग सकेर पुनः मृत्युलोकमा झरेपछि मात्र मुक्तिज्ञान, वैराग्य आदि प्राप्त गर्न सक्तछन् । यस हिसाबले देवयोनि भन्दा मनुष्ययोनि महत्वपूर्ण देखिन्छ । जसरी देवता तेज तत्व प्रधान हुन् तथा मनुष्य पृथ्वी तत्व प्रधान हुन् त्यस्तै देवजातिका विद्याधर अप्सरा यक्ष गन्धर्व किन्नर आदि १० जाति भने वायुतत्व प्रधान हुन् । अतः उनीहरूको शरीर पनि मानिसको शरीर भन्दा दिव्य हुन्छन् । तेजतत्व प्रधान देवताहरूका जस्तै यिनीहरूमा पनि आ-आफ्ना सामर्थ्यहरू हुन्छन् ।

रुद्रदेवता सम्बन्धी केही कुराहरू

देवता सम्बन्धी माथिका वर्णनहरूबाट देवता को हुन् वा के हुन् भन्ने बारे केही अवधारणाहरूको जानकारी हासिल हुन्छ । सो जानकारीको साथै अब परमात्मा शिव सम्बन्धी प्रारम्भको अध्यायमा उल्लेख भएका कुराहरू र देवता रुद्र सम्बन्धी प्रथम खण्डको "शङ्कर रुद्र" मा उल्लेख भएको "शिव रुद्र नामले जन्मनु" सम्बन्धी वर्णनबाट रुद्रदेवता सम्बन्धी केही कुरा जानकारी लिनु सार्न्दभिक हुनेछ ।

परमात्मा शिव सम्बन्धी अध्यायमा उल्लेख भएका वर्णन अनुसार परमात्मा शिव जो निर्गुण निराकार हुनुहुन्छ उहाँबाटै सगुण तर निराकार महेश्वरको उद्‌भव भयो र फेरि ती सगुण निराकार महेश्वरबाट आफ्नो शक्ति प्रकृतिको उद्‌भव भयो जुन प्रकृति तीन कार्यमा विभाजन भई सृष्टिशक्ति, स्थितिशक्ति र लयशक्ति– सम्पन्न भयो । प्रकृतिको सृष्टिशक्तिलाई देवता ब्रह्मा, स्थिति शक्तिलाई देवता विष्णु तथा लय शक्तिलाई देवता रुद्रको नाम दिईयो । यसबाट एक अर्थ यो बुझिन्छ कि रुद्र देवता परमात्मा शिवको त्यो शक्ति हो जसबाट संसारमा उत्पन्न प्रत्येक कुरा लय अथवा परिवर्तन हुँदै नष्ट भएर गइरहेको हुन्छ । अर्थात् रुद्र त्यो शक्ति वा देवता हुन् जसबाट संसारचक्रको परिवर्तन कार्य संचालन भैरहेको हुन्छ ।

हो, रुद्र लयका देवता हुन् । लयको अर्थ परिवर्तन हो । अतः रुद्र परिवर्तनको प्रतीक हुन् । अर्थात् रुद्रबाट संसारका प्रत्येक कुराको परिवर्तन हुन्छ भन्ने कुराको ज्ञान दिन्छ । संसार परिवर्तनशील छ, यो उनै रुद्रको गुण हो । जुन कुरा उत्पन्न हुन्छ त्यस्को परिवर्तन हुँदै जान्छ । त्यस्को स्थिरता हुँदैनन् । यही रौद्र गुण हो । यही गुणलाई देवता भनेर मानियो । महेश्वरका तीन प्राकृतिक शक्तिहरू– सृष्टि, स्थिति र लय मध्ये विजय लय कै हो, विजय परिवर्तनकै हो । अतः

परिवतनको महत्व रहेको हुन्छ, क्रान्तिको विशिष्टता रहेको हुन्छ। परिवर्तनले नै संसार चलिरहेछ। परिवर्तन नहुँदो हो त संसारको गति हुने थिएन। गति नभएको भए संसारको सम्भव पनि हुने थिएन। अतः रुद्र गतिशील देवता हुन्। वास्तवमा परम गतिमा पुग्न पनि उनैको सहारा चाहिन्छ। रुद्रको प्रभावमा नपरेको कुरा कुनै हुँदैन। अतः ती रुद्र ईश्वर हुन् तथा ती रुद्रका संचालक शिव महेश्वर हुन संसारका यावत कुरा वस्तु, विचार, व्यवस्था जेछन् सबै परिवर्तनशील छन् सबै रुद्रमुखी हुन्। अतः जो रुद्रमुखी बन्न चाहँदैनन् अर्थात् स्वाभाविक गतिमा परिवर्तन हुन चाहँदैनन् तथा जवरजस्ती गतिहीनतामा अडिग रहन खोज्दछ त्यस्को झन् नराम्रो-सँग नाश हुने हुन्छ र त्यसले कष्टको भागी हुनुपर्ने हुन्छ। यो सत्य कुरा हो। अतः रुद्रमुखी हुनु श्रेयस्कर हुन्छ।

यसपछि अर्को अर्थ अर्को अध्याय 'भगवान् शङ्कर (रुद्र)' को वर्णनबाट जानकारी लिन सकिन्छ। किनभने सो वर्णन अनुसार ती परमात्मा शिव लोकमा दानवहरूको दमन अन्त्य गर्न अर्थात् दानवीय व्यवस्था परिवर्तन गर्न कश्यप ऋषिका छोरा भई रुद्रनामले उत्पन्न हुनु भयो। उत्पन्न भएर उहाँले प्रवृत्त कर्ममा लागेका तत्कालीन ब्रह्मवादीहरूलाई निवृत्त मार्ग तथा ज्ञानतर्फ परिवर्तन गर्ने कार्यहरू गर्नुको साथै विभिन्न दानवी पुरुषहरूको हृदय परिवर्तन गरी दानवी व्यवस्था पनि समाप्त गरे। यसरी ती निर्गुण निराकार शिवका सगुण निराकार महेश्वरबाट प्राकृतिक शक्ति देवताहरू ब्रह्मा विष्णु रुद्र मात्र भएका होइनन् वरू रुद्रकै अंश लिएर स्वयं सगुण साकार मनुष्य–देवताको रूपमा पनि उत्पन्न भए। रुद्र जन्मदा पनि ती रुद्रलाई गुरु ब्रह्माले भव शर्व पशुपति भीम उग्र महादेव ईशान यी सात नाम दिएर रुद्रलाई शिवको अवतारमा गणना गरे भने ती रुद्रले पनि फेरि पूर्वजन्ममा सद्योजात वामदेव, तत्पुरुष, अघोर नामले उत्पन्न भएको कुरा बताई आफू ईशान (ईश्वर शिव) हुँ भनेर आफ्नो पञ्चमहादेवको स्वरूप बताउनु भयो। त्यस्तै ती रुद्र कश्यपपत्नी सुरभिको गर्भबाट एकादश रुद्र (एघार-नामधारी रुद्र) भएर जन्मे भनेर पनि वर्णन गरिएको छ।

शिवपुराण अनुसार– कश्यपऋषिकी पत्नी सुरभिको गर्भबाट शिव एकादश स्वरूपवान रुद्र भएर जन्मनु भयो। ती एघार स्वरूपहरू हुन्– १. कपाली, २. पिङ्गल, ३. भीम, ४. विरूपाक्ष, ५. विलोहित ६. शास्ता, ७. अजैक-पाद, ८. अहिर्बुध्न्य, ९. शम्भु, १०. चण्ड, ११. भव। तर मत्स्यपुराण अनुसार भने कश्यप–पत्नी सुरभिको गर्भबाट जन्मेका एकादश रुद्रगणको

नाम– अजैकपाद, अहिर्बुध्न्य, विरूपाक्ष, रैवत, हर, बहुरूप, त्र्यम्बक, सावित्र, जयन्त, पिनाकी, अपराजित हुन् । त्यस्तै श्रीमद्भागवतको वर्णनमा पनि दक्षकन्या स्वरूपा तथा भूतद्वारा करोडौं रुद्रगण उत्पन्न भए जसमध्ये ११ रुद्र प्रसिद्ध भए भनेर उल्लेख भएको छ । ती हुन्– रैवत, अज, भव, भीम, वाम, उग्र, वृषाकपि, अजैकपाद, अहिर्बुध्न्य, बहुरूप र महान् । त्यस्तै फेरि हरिवंशपुराणको हरिवंश पर्वमा उल्लेख भएका एकादश रुद्रका नामहरू हुन्– हर, बहुरूप, त्र्यम्बक, अपराजित, वृषाकपि, शम्भु, कपर्दी, रैवत, मृगव्याध, शर्व तथा कपाली । यसरी विभिन्न पुराणहरूमा उल्लेखित नामहरू एक आपसमा अलिअलि फरक देखिन्छन् । यी नामहरूको फरक तालिका यस प्रकार देखिन्छः–

एकादश रुद्रका नामहरू

शिवपुराण	मत्स्यपुराण	भागवतपुराण	हरिवंशपुराण
१. पिङ्गल			
२. चण्ड			
३. विलोहित			
४. शास्ता			
५. विरूपाक्ष	१. विरूपाक्ष		
६. अजैकपाद	२. अजैकपाद	१. अजैकपाद	
७. अहिर्बुध्न्य	३. अहिर्बुध्न्य	२. अहिर्बुध्न्य	
८. भीम		३. भीम	
९. भव		४. भव	
१०. कपाली			१. कपाली
११. शम्भु			२. शम्भु
	४. रैवत	५. रैवत	३. रैवत
	५. बहुरूप	६. बहुरूप	४. बहुरूप
	६. हर		५. हर
	७. त्र्यम्बक		६. त्र्यम्बक
	८. अपराजित		७. अपराजित
	९. सावित्र		
	१०. जयन्त		
	११. पिनाकी		

७. वाम

८. अज

९. उग्र

१०. महान

११. वृषाकपि ८. वृषाकपि

९. कपर्दी

१०. मृगव्याध

११. शर्व

माथिको वर्णन अनुसार एकादश रुद्रमा अष्टशिवका भव, शर्व, भीम, उग्र तथा रुद्र सम्बन्धी अन्य नामहरू जस्तै वाम, कपर्दी, वृषाकपि, सावित्र, जयन्त, मृगव्याध आदि पनि समावेश गरिएको देखिन्छ। यथार्थमा वेदमा उल्लेखित शिव वा रुद्र सम्बन्धी नामहरू पनि प्रायः यिनीहरूसँग मिल्दाजुल्दा छन्। किनभने ४ वटै वेदहरूमा गरी रुद्र, रुद्रहरू,रुद्रगण, अहिर्बुध्न्य, अजैकपाद, त्र्यम्बक, भव, शर्व, पशुपति, भीम, उग्र, महादेव, ईशान, विरूप, विलोहित, शङ्कर, शिव, नील ग्रीवा, कपर्दी, शम्भु, वामदेव, आदि नामहरू उल्लेख भएका छन्। यी सबै वर्णनहरू अनुसार भगवान् रुद्र एकातिर शिव, महेश्वर, पञ्चमहादेव (सद्योजात वामदेव तत्पुरुष अघोर ईशान) आदि हुन् भने अर्को तिर अष्ट शिव (रुद्र भव शर्व पशुपति भीम उग्र महादेव ईशान) तथा एकादश रुद्र (अजैकपाद अहिर्बुध्न्य कपाली पिनाकी पिङ्गल विरूपाक्ष विलोहित शास्ता शम्भु हर त्र्यम्बक पनि हुन् भन्ने बुझिन्छ। हुनत शिवका सहस्र नाम नै रुद्रका नाम मान्न सकिन्छ। तर उल्लेखित रुद्र तथा रुद्र सम्बन्धी देवताहरूका नामहरू पनि यिनै अष्टशिव(रुद्र, भव, शर्व पशुपति, भीम, उग्र, महादेव, ईशान),पञ्चमहादेव(सद्योजात, वामदेव, तत्पुरुष अघोर ईशान)तथा एकादश रुद्र(अजैकपाद, अहिर्बुध्न्य, त्र्यम्बक, विलोहत, शम्भु आदि) सम्बन्धी नामहरू नै भएकाले रुद्र देवता यिनै प्रमुख नामहरूबाट प्रसिद्ध हुनुहुन्छ भन्ने बुझिन्छ।

यथार्थमा रुद्र शिव भएकोले निर्गुण निराकार देवता, महेश्वर भएकोले निर्गुण साकार देवता, ब्रह्मा विष्णु रुद्र मध्येका रुद्र भएकोले सगुण साकार र आजानदेवता, कश्यप ऋषिका छोरा भएकोले मानवदेवता, रुद्रगण भएकोले गणदेवता, सबैको आराध्य देवता भएकोले अधिष्ठातृ देवता लोकमा उत्कृष्ट कर्म गरी देवत्व प्राप्त गरेकोले कर्म देवता वा लौकिक देवता, लयशक्तिरूपी देवता भएकोले सूक्ष्म देवता, लोकमा अवतीर्ण भएकोले शरीरधारी तथा सगुण साकार

देवता त्यस्तै भव शर्व भीम ईशान आदि हुनाले तत्व देवता, आजान देवतामा पनि शिव (महादेव) भएकाले वा पाश्चाण्य देवता भएकाले ईश्वरकोटिका देवता, इन्द्रादि तेत्तीस देवता मध्ये भएकाले सामान्य वा देवकोटीका देवता, पराक्रमको लागि उपासना गरिने तथा ज्ञान विद्याको लागि उपासना गरिने शङ्कर भएकाले उपाश्य देवता हुन् । यसरी रुद्र स्थूल सूक्ष्म असाधारण साधारण सबै दृष्टिबाट रुद्र सबै प्रकारका देवता मानिन्छन् । त्यसैले पनि रुद्र देवमात्र नभई महादेवमा गनिएको हो । यथार्थमा यिनी ईश्वर तथा देवता दुवै रूपमा पूज्य हुन ।

वेदस्तुत रुद्र सम्बन्धी केही कुराहरू

वेदमा विभिन्न देवताहरूको स्तुति गरिएको छ भन्ने कुरा माथि पनि बताइसकिएको छ। ती देवताहरूमा एक प्रमुख देवता रुद्र हुन्। हुनत वेदमा सबैभन्दा बढी इन्द्रकै स्तुति गरिएको छ। इन्द्रको तुलनामा रुद्रलाई गरिएका स्तुतिहरूको संख्या धेरै कम देखिन्छ। तर ज्ञान र कर्म दुबै दृष्टिकोणले रुद्र सम्वन्धी स्तुति कम महत्वको होइन, अझ विशेष महत्वको देखिन्छ। वेदमा रुद्रलाई गरिएका स्तुतिहरू मध्ये ऋग्वेदमा रुद्र, रुद्रगण, अहिर्बुध्न्य, अजैकपाद, त्रिअम्बक आदिलाई गरिएका स्तुतिहरू हुन् भने यजुर्वेदमा रुद्र, भव, शर्व, पशुपति, भीम, उग्र, महादेव, ईशान आदि अष्ट शिवहरू र अहिर्बुध्न्य, धनुर्धारी (पिनाकी), विरूप (विरूपाक्ष), विलोहित, शङ्कर, (शम्भु), शिव (हर) आदि एकादश रुद्रका केही नामहरू तथा नीलग्रीवा, लोहित, शीतिकण्ठ, कपर्दी, सहस्राक्ष, पर्वतशयनी, यमरूप, त्रिशूलधारी, नीललोहित (अघोर) आदि शिव सम्वन्धी नामहरू सम्वोधन गरी स्तुति गरिएका छन्। त्यस्तै सामवेदमा स्तुति गरिएका रुद्र देवताहरूमा रुद्र (एकादश रुद्र) र महादेव आदि उल्लेख छन् भने अथर्व वेदमा पनि रुद्र, भव, शर्व, पशुपति, उग्र, महादेव, ईशान, आदि अष्टशिव सम्बन्धी नामहरू तथा अजैकपाद, अहिर्बुध्न्य, शम्भु, आदि एकादश रुद्रहरू र भूतनाथ, नीलशिखण्ड, वामदेव (पञ्चमहादेव मध्ये एक) अनि व्रात्य (समूह पति) आदि रुद्र सम्बन्धी अन्य नामहरू समेत उल्लेख गरिएका छन्।

त्यस्तै रुद्र सम्बन्धी देवताहरूलाई स्तुति गर्ने ऋषिहरू ऋग्वेदमा शुनशेप, आजीगर्ति, काण्व, घोर, प्रस्कण्व, नौधा, गौतम, कुत्स, अङ्गिरस, कक्षिवान्, गृत्समद, भार्गव, शौनक, विश्वामित्र, वामदेव, वसुश्रुत, अत्रि, प्रतिक्षत्र, स्वस्त्य, श्यावाश्व, ऋज्रश्व, भारद्वाज, वृहस्पति, वशिष्ठ, मातरिश्व, जमदग्नि, नाभानिदिष्ट, गय, वसुकर्ण, शार्यानी, विहव्य आदि हुन् भने यजुर्वेदमा पनि ऋग्वेदमा उल्लेख भएका आङ्गिरस, भारद्वाज, गौतम, वामदेव, विश्वामित्र, वशिष्ठ, शुनशेप,

गृत्समद, कान्व, जमदग्नि, कुत्स, वृहस्पति, र भार्गवको साथै अन्य ऋषिहरू जस्तै याज्ञवल्क्य, अगस्त्य, नारायण, वत्स, वरुण, गर्ग, मेधातिथि, शिवसंकल्प, सुशात्र, दक्ष: कुर्म, अथर्वण, दिर्घतमा आदि पनि हुन् र सामवेदमा रुद्र सम्वन्धी देवता-हरूलाई स्तुति गर्ने ऋषिहरू अग्नितापस, वामदेव, काश्यप, असित, प्रास्कण्व, सोमाहुति, भार्गव, नोधा, गौतम, मधुछन्दा, वत्स, शुनःशेप, भारद्वाज आदि हुन् भने अनि अथर्ववेदमा रुद्र सम्बन्धी देवताहरूलाई स्तुति गर्ने ऋषिहरू भारद्वाज, विश्वामित्र, सन्ताति, प्रस्कण्व, अङ्गिरा, कश्यप, वशिष्ठका साथै ब्रह्मा, अथर्वा, चातन, मृगार, वृहविद, उपरिवभ्रव, शुक्र, भृगु आदि पनि हुन् ।

रुद्र सम्बन्धी स्तुतिहरूः– वेदमा देवताहरूलाई गरिएका स्तुतिहरू विभिन्न प्रकारका छन् भनेर माथि पनि बताइयो । त्यस्तै रुद्र सम्बन्धी स्तुतिहरू पनि विभिन्न प्रकारका छन् । कुनै स्तुतिहरू रुद्रका गुणगान सम्बन्धी छन् भने कुनै स्तुतिहरू साधकले कामनावश रुद्रलाई स्तुति गरिएका हुन् तथा कुनै ज्ञानसँग पनि सम्बन्धित छन् । मुख्यतः सकाम स्तुति र निष्काम स्तुति गरी दुई प्रकारका स्तुतिहरू मानि-लिनुपर्ने देखिन्छ । ऋग्वेदको प्रथम मण्डलको पहिलो सूक्तमा अग्निलाई, दोस्रोमा वायुलाई तथा तेस्रोमा इन्द्रलाई स्तुति गरिएका ऋचाहरू प्रारम्भ हुन्छन् भने रुद्र सम्बन्धी स्तुति २७ औं सूक्त देखि मात्र प्रारम्भ भएको देखिन्छ । २७ औं सूक्तको १० औं ऋचामा भएको रुद्र सम्बन्धी पहिलो स्तुति पनि रुद्रलाई नभई अग्निलाई गरिएको स्तुति हो । यसको विषय मात्र रुद्र सम्बन्धी हो । यस ऋचामा ऋषि शुनःशेप र आजीगर्ति स्तुति गर्दछन्– हे स्तुतिहरूका ज्ञाता अग्नि ? हामीलाई मनुष्यहरूका पूज्य रुद्रको लागि सुन्दर स्तोत्रको प्रेरणा देऊ । यथार्थमा यो ऋचा रुद्र सम्बन्धी पहिलो भएतापनि यो अति महत्वपूर्ण र अति सुन्दर मान्नुपर्दछ । किनभने यसमा जो रुद्रलाई स्तुति गर्न चाहन्छन् उनीहरू सीधा रुद्रलाई स्तुति नगरिकन पहिले स्तुतिहरूका ज्ञाता अग्निसँग प्रार्थना गर्दछन् कि हे अग्नि ! हामीलाई त्यस्तो प्रेरणा देऊ जसबाट हामी रुद्रको लागि सुन्दर स्तोत्रको पाठ गर्न सकौं । यसबाट बुझिन्छ रुद्रलाई स्तुति गर्न सजिलो छैन । पहिले त भावना हुनुपर्‍यो कि ती रुद्र मनुष्यहरूका पूज्य हुन् भनेर । हुन पनि जो उद्धार गर्दछन् उनै पूज्य हुन्, उसैलाई स्तुति गर्न योग्य हुन्छ । स्तुतिको साधन हो स्तोत्र । तर त्यो स्तोत्र सुन्दर हुनुपर्दछ । जुन स्तोत्र पवित्र भावले युक्त छ त्यही सुन्दर स्तोत्र हो । त्यस्तो पवित्र भावले युक्त सुन्दर स्तोत्र पाठ गर्ने क्षमता हुन प्रथमतः मनमा त्यसको प्रेरणा उत्पन्न हुनुपर्दछ । तर प्रेरणा उत्पन्न हुनलाई रुद्रमाथि अटूट श्रद्धा भई भित्री हृदय स्वच्छ हुनुपर्दछ अथवा मन विकारशून्य हुनुपर्दछ । यसरी श्रद्धा सहित भित्री

हृदय स्वच्छ भएमा नै उसको स्तोत्र वास्तविक स्तुति हुने हो । साथै ती अग्नि जो साधकहरूको स्तुति देवता कहाँ पुर्‍याउने हुन् उनलाई नै विशेष थाहा हुन्छ कि स्तुति कस्तो स्तोत्रद्वारा गरिनु पर्दछ । किनभने अग्नि सबैका स्तुतिहरू सुन्दा सुन्दा सही स्तुतिको ज्ञाता भै सकेका छन् । अतः यी दुई ऋषिहरू अग्निसँग (यज्ञका अग्निसँग) रुद्रलाई स्तुति गर्नको लागि सुन्दर स्तोत्र बनाउने प्रेरणा माग्दछन् । हुन पनि प्रेरणा नै नभै कन कसरी स्तुतिको लागि स्तोत्र रचना गर्ने ? अतः पहिले त स्तुति के हो त्यसको ज्ञान हुनुपर्‍यो । ज्ञान प्राप्त गर्न सकिन्छ ज्ञाताद्वारा , अतः स्तुतिका ज्ञाता अग्निसँग नै उनीहरू पहिले सम्पर्क राख्तछन् स्तुति गर्नका लागि । यथार्थमा यस ऋचाबाट कुन प्रकारको स्तोत्रद्वारा कसरी स्तुति गरेमा भगवान् रुद्र खुशी हुनेछन् भन्ने कुरा जान्न खोजेको स्पष्ट छ ।

यसपछि ४३ औं सूक्तमा आएर ऋषि कण्वोघोरले रुद्रलाई नै गरेको स्तुति उल्लेख हुन्छ । यसमा ऋचा १ देखि ५ सम्म यस प्रकार स्तुति हुन्छ– मेधावी तथा अभीष्ट वर्षक रुद्रको लागि कुन शुभकारी स्तुतिको पाठ गरूँ ? (१) जसबाट पृथ्वी हाम्रा पशु, मनुष्य, गाई, सन्तान आदिको निमित्त औषधि उमारून् (२) जसबाट मित्र, वरुण, रुद्र आदि देवताहरू तथा समान वृत्ति भएका अन्य सबै देवताहरू हामीसँग सन्तुष्ट होउन् (३) हामी स्तुतिहरूलाई बढाउने, यज्ञका स्वामी तथा सुखस्वरूप औषधीहरूद्वारा युक्त रुद्रसँग आरोग्य र सुखको लागि प्राथना गर्दछौं (४) सुर्यसरह प्रकाश दिने, सुन जस्तै चम्कने ती रुद्र देवताहरूमा श्रेष्ठ र ऐश्वर्यहरूका स्वामी हुन् (५) ।

यस स्तुतिलाई माथि बयान गरिएको २७ औं सूक्तको १० औं ऋचासँग जोडेर हेर्नु उपयुक्त हुनेछ जसमा ऋषि शुनःशेप र आजीगर्तिले अग्निलाई– हे स्तुतिहरूका ज्ञाता अग्नि ! हामीलाई मनुष्यहरूका पूज्य रुद्रको लागि सुन्दर स्तोत्रको प्रेरणा देऊ भनेर स्तुति गरेका थिए । यस ऋचामा रुद्रलाई मनुष्यहरूका पूज्य बताइएको छ । यस अनुसार ४३ औं सूक्तको प्रथम ऋचामा रुद्रलाई मेधावी तथा अभिष्ट वर्षक (इच्छाएको कुरा पुर्‍याउने) भनिएको सान्दर्भिक देखिन्छ । किनभने रुद्र पूज्य हुनाको कारण उनी मेधावी तथा अभीष्ट वर्षक हुनाले पनि हो । उनी स्तुति कर्तालाई इच्छा गरेको कुरा वर्षाइदिने हुन् तर उनी मेधावी अर्थात् बुद्धिमान पनि हुन् । उनी बुद्धि पुर्‍याएर मात्र स्तुतिकर्ताको इच्छा पूरा गर्दछन् । अर्थात् जो योग्य छ उसैको इच्छा पूरा गरिदिने हुन् । स्तुति गर्दैमा अयोग्यको इच्छा पूर्ति हुँदैन । फेरि स्तुति गर्नेको स्तुति पनि शुभकारी हुनुपर्‍यो । अक्षर बाँच्तैमा स्तुति हुने होइन । अतः यहाँ २७ औं सूक्तको १० औं ऋचामा

जस्तै ऋषिहरू अलमलिन्छन् कुन शुभकारी स्तुतिको पाठ गरूँ भनेर । ऋषिलाई निश्चय छैन कस्तो स्तुति ठीक होला भनेर । तर उसलाई यो थाहा छ कि जसरी पायो त्यसरी स्तुति गर्दैमा रुद्र खुशी हुने होइनन् । अतः स्तुति योग्य हुनुपर्दछ । योग्य स्तुति नै शुभकारी हुने हो अथवा फलदायी हुने हो । यसमा पनि उही अटूट श्रद्धा र भावको कुरा आउँछ तथा स्वच्छ हृदयको आवश्यकता हुन्छ ।

यसपछि दोस्रो ऋचामा स्तुतिको उद्देश्य आउँछ । हुनपनि उद्देश्य शुभ भएमा नै स्तुति फलदायी हुन सक्तछ अन्यथा प्रारम्भमै स्तुति बेकार जानेछ । यस ४३ औं सूक्तको दोस्रो ऋचामा उद्देश्य पनि खुलेकै छ– रुद्रको स्तुतिबाट पृथ्वी हाम्रा पशु, मनुष्य, गाई, सन्तान आदिको निमित्त औषधि उमारून् । मानिसको सोचाई सदा उसको जीवनको पक्षमा तथा मृत्युको विपक्षमा हुन्छ । जीवनको पक्ष तथा मृत्युको विपक्षको उपाय हो औषधि । सो औषधिको परिणाम हो सुख । उसको जीवनको सुख उसको साथमा रहने मानिसहरू, सन्तान तथा गाईवस्तुसँग समेत सम्बन्धित रहेको हुन्छ । अतः ऊ आफ्नो जीवनको सुखको लागि आफू र आफ्ना मानिसहरू, सन्तानहरू तथा आफ्ना गाई वस्तु आदि समेतको रक्षाको कामना गर्दछ । वास्तवमा बचाउने कुरालाई नै औषधि भनिन्छ । गाँस बाँस कपास सबै जीवनका औषधि हुन् । यी कुराहरू नभएमा दुःख हुन्छ । दुःख नै रोग हो अतः, दुःख नाश गर्ने औषधि हुन् गाँस, बास, कपास आदि जुन पृथ्वीबाट उत्पन्न हुन्छन् । मानिसको आधारभूत आवश्यकता यो जीवन– औषधि पृथ्वीमा नै उमारिन्छन् । यसैको लागि ऊ कार्य गर्दछ । यसैको लागि ऊ आफ्ना मानिसहरू, सन्तानहरू तथा पशुहरूसँग समेत निर्भर रहन्छ । अतः यहाँ आफ्ना सबैको सुख हुने औषधि पृथ्वीले उत्पन्न गरोस् भनी रुद्रसँग स्तुति गरिएको हो साथै तेश्रो ऋचाबाट रुद्र र रुद्र समान वृत्ति भएका अन्य सबै देवताहरूलाई पनि सम्म आदर गर्नु पर्दछ भन्ने बोध गराउँदछ । खासगरी ऋचा ४ अनुसार रुद्र भगवान् सुखस्वरूप औषधिहरूद्वारा युक्त तथा उहाँ यज्ञका स्वामी र स्तुतिलाई प्रोत्साहन दिने हुनुहुन्छ भने ऋचा ५ अनुसार उहाँ सूर्य जस्तै तेजिला, सुन जस्तै चम्किला, सबै देवताहरूमा श्रेष्ठ र सबै ऐश्वर्यहरूका स्वामी पनि हुनुहुन्छ भन्ने कुराको ज्ञात हुन्छ ।

खासगरी यो ४३ औं सूक्तमा गरिएको रुद्र सम्बन्धी स्तुतिमा आरोग्य र सुखको लागि कामना गरी प्रार्थना गरिएको छ । मानिसलाई चाहिने दुई विशेष कुराहरू यिनै हुन्, एक सुख अर्को आरोग्य । सुखको लागि सम्पत्ति चाहिन्छ भने सम्पत्ति कमाउन स्वास्थ्य, अतः यी दुई कुराहरूको लागि रुद्रसँग स्तुतिद्वारा प्रार्थना गरिएको छ । यो सामान्य कामना मान्नु पर्दछ ।

यसपछि सूक्त ११४ मा ऋषि कुत्स र अङ्गिरसको स्तुति आउँछ जसमा उनीहरू हाम्रा दोपाया चौपायाहरू सुखी होउन्, यस गाउँका सबै प्राणी निरोगी रहुन्, सन्तानलाई सुख देउ, सेवनीय पदार्थ प्रदान गर, सन्तानहरू नोकरहरू गाई घोडाहरू नमरून्, शरीरलाई अनुग्रह गर, देवताहरूको क्रोधको निवारण गर, सन्ताप नदेऊ, दयागर, नरिसाऊ, तिम्रो बुद्धि हाम्रो कल्याण गर्ने होस्, तिम्रो अस्त्र हामीबाट टाढा रहोस्, हाम्रो पक्षलिएर हामीलाई सहारा देऊ भनेर रुद्रलाई प्रार्थना गरिएको छ। यस प्रार्थनामा फेरि उनीहरू यो पनि भन्दछन्– महावीरहरूका स्वामी तेजस्वी तथा अविनाशी रुद्रलाई हामी उपासकहरू नमस्कार गर्दछौं, हामी तिमीलाई हवि चढाउँछौं, मधुरस्तोत्र उच्चारण गर्दछौं, स्तोत्र भेटी चढाउँछौं, रक्षाको कामना गरी रुद्रलाई नमस्कार छ भन्ने वचन उच्चारण गरेका छौं, रुद्रले हाम्रो आह्वानलाई सुनून् तथा मित्र वरुण समुद्र पृथ्वी र आकाशले हाम्रो प्रार्थनाको अनुमोदन गरून् ।

यो स्तुतिलाई ३ दृष्टिले विश्लेषण गर्न सकिन्छ–१) देवतासँग माग्ने संस्कार, २) देवता रिसाएमा दुःख दिन्छन् भन्ने विश्वास र ३) देवतालाई खुशी पार्न सके आफूले भने जस्तो गरिदिन्छन् भन्ने धारणा । खासगरी हाम्रा दोपाया चौपायाहरू सुखी होउन्, गाउँका सबै प्राणी निरोगी रहून्, सन्ततिलाई सुख देऊ, सेवनीय पदार्थ प्रदान गर, सन्तानहरू नोकरहरू गाई घोडाहरू नमरून् , शरीरलाई अनुग्रह गर आदि सामान्य मागहरूका स्तुति हुन् । तथापि यसबारे विचार गर्नुपर्ने कुरा के छ भने धर्मका दुई धाराहरू एक ज्ञान अर्को योग मध्ये ज्ञान मुक्तिको मार्ग हो जुन निष्कामकर्मको सिद्धान्तमा आधारित छ र निष्कर्म हुन इच्छाहीन वा निष्काम हुन सक्नु पर्दछ तर योग सुखको मार्ग हो जुन कर्ममा आधारित छ । प्रायः स्तुतिहरू सुखका लागि गरिएका हुन्छन् । तर सुखको इच्छा राख्नेले कर्मको कुरा भने बिर्सेको भान हुन्छ । सुख प्राप्ति होस् भनेर देवतासँग माग्दैमा के देवताले त्यो माग पूरा गरिदेला ? यो गहन प्रश्न उठ्न सक्दछ । मानिसले परमात्माबाट शरीरको साथै कर्मेन्द्रियहरू , बुद्धि तथा विवेक पनि प्राप्त गरेकै छ । सुखको लागि आवश्यक पर्ने कुराहरू उपलब्ध गर्न उसले आफ्ना कर्मेन्द्रियहरूलाई बुद्धि तथा विवेकपूर्वक प्रयोग गर्न सक्नुपर्दछ । तर इन्द्रिय र बुद्धिलाई प्रयोग नगरी अर्थात् विवेकपूर्वक कर्म नगरी केवल देवतासँग प्रार्थना गर्दैमा सुख प्राप्त गर्न सकिंदैन । अतः संसारमा जो सुख भोग गर्न चाहन्छ उसले कर्म गर्नु आवश्यक हुनेछ । तर जो ईश्वरमा श्रद्धा राख्दछ उसबाट सुकर्म हुन जान्छ भने जो राख्दैन उस्को सुकर्म नहुन पनि सक्दछ ।

वास्तवमा बुद्धिपूर्वक कर्म गर्दा पनि त मानिसको इच्छा पूर्ति हुँदैन किनभने उसको पूर्वजन्मको कर्मको भोगले गर्दा यस जन्ममा गरिएको उसको कर्म फलदायी नहुन पनि सक्तछ । अतः कैयौं ऋचाहरूमा यसरी कर्मतिर ध्यान नदिइकन सीधा देवतासँग केवल सुखभोगको लागि प्रार्थना हुनुबाट तत्कालीन मानिसहरू प्रायः आफूले मेहनत नगरी केवल देवतामाथि बढी आशा गरी भर पर्दा रहेछन् भन्ने पनि बुझिन्छ । किनभने यी ऋचाहरूमा आफ्नो सुखको लागि यी यी कर्महरू गरेका छौं सो सफलीभूत होस् भनिएको छैन । यस प्रकार कर्मको प्रयासतिर नलागी देवतासँग माग्ने संस्कार आजसम्म पनि विद्यमान रहेकै छ । तर यस प्रकारको मागलाई ईश्वर केवल द्रष्टा भई हेरिरहेको हुन्छ भन्ने कुरा उनीहरू चाल पाउँदैनन् । माग्दैमा उनी दिन तयार हुने होइनन् । उनी त केवल कर्म अनुसार भोग गराउने हुन् । साथै कर्म नगरी इच्छा मात्र गरिरहे पनि सोही अनुसार भोग गराउने हुन् । अतः ईश्वरलाई श्रद्धा गर्न जान्नु पर्दछ, ज्ञान मार्गी या योग मार्गी (कर्मवादी) भएर ।

यसपछि यो सूक्तमा देवताहरूको क्रोधको निवारण गर, हामीलाई सन्ताप नदेउ, नरिसाउ तिम्रो बुद्धि हाम्रो कल्याण गर्ने होस्, तिम्रो अस्त्र हामीबाट दूर रहोस्, हाम्रो पक्ष लिएर हामीलाई सहारा देउ इत्यादि स्तुतिहरू पनि उल्लेख भएका छन् । यी ऋचाहरू त पहिलेको भन्दा पनि बढी सकाम स्तुति देखिन्छन् । वास्तवमा ईश्वर मानिसलाई उसको कर्म अनुसार भोग गराउँदछ, माग्दैमा हुने होइन भन्ने कुरा विचारै गर्दैन । रुद्र त्यसै देवताहरूको क्रोधको निवारण गर्ने होइनन्, किनभने देवताहरूको क्रोधको कारण पनि हुन सक्तछ । फेरि उनी कसैलाई आफै सन्ताप दिने होइनन् । न उनी कसैसँग रिसाउँछन् न उसको बुद्धिले कसैमाथि राग राख्दछ । न उनी विनाकारण कसैलाई अस्त्रद्वारा प्रहार गर्दछन् । न उनी विचारै नगरी कसैको पक्ष लिने गर्दछन् । हाम्रो पक्ष लिएर हामीलाई सहारा देउ भन्दैमा एक्कासी कसैको पक्ष लिने पनि होइनन् । उनीबाट व्यवस्था भएको कर्मको भोग जे हो त्यसै अनुसार संसार चलेको हुन्छ । ईश्वर पूज्य छन्, श्रद्धेय छन् यसैले कि उनीबाट यस प्रकारको व्यवस्था भएको छ । उनीबाट मोलाहिजा हुने हो भने उनी किन ईश्वर (सबैका मालिक) भनेर गनिने ? तर मानिस ईश्वरलाई त्यस्तो बनाउन चाहन्छ । त्यस्तो आशा गर्दछ । अतः यस्ता मागहरू राख्तछ । यति मात्र होइन ऊ ईश्वरलाई यस्तो बनाउन अझ फुल्याउन पनि चाहन्छ । यसैले ऊ फेरि भन्दछ– महावीरहरूका स्वामी तथा अविनाशी रुद्रलाई हामी उपासकहरू नमस्कार गर्दछौं, हामी तिमीलाई हवि चढाउँछौं, मधुर स्तोत्र उचारण गर्दछौं, स्तोत्र भेटी चढाउँछौं, रक्षाको कामना गरी रुद्रलाई नमस्कार छ भन्ने बचन उच्चारण

गरेका छौं, रुद्रले हाम्रो आह्वान सुनून् तथा मित्र वरुण समुद्र पृथ्वी र आकाशले हाम्रो प्रार्थनाको अनुमोदन गरून् ।

रुद्र देवता हुन् भन्ने विश्वास छ भने उनलाई चिनेर श्रद्धा पूर्वक नमस्कार गरे पुग्छ । किनभने उनी महावीरहरूका मात्र स्वामी होइनन् उनी सबैका स्वामी हुन् भनेर वन्दना गर्नु नै श्रद्धा गर्नु हो । यसरी महावीरहरूका स्वामी तेजस्वी अविनाशी भन्ने शब्दहरू तथा विशेषणहरूको उनी कामना गर्ने होइनन् । त्यस्तै उनी हविको लोभ गर्ने वा स्तुतिको आशा गर्ने पनि होइनन् । यसरी हामी हवि चढाउँछौं, मधुर स्तोत्र उच्चारण गर्दछौं, स्तोत्र भेटी चढाउँछौं, नमस्कारको वचन उच्चारण गरेका छौं भन्ने फुल्याउने शब्दहरू सुनाउनुपर्ने जरूरत पनि छैन । साथै यस्तो गरेका छौं भन्ने साक्षी सावित गर्नुपर्ने वा अन्य देवताहरूबाट अनुमोदन अर्थात् सिफारिश गराउनु पर्ने कुरा पनि केही छैन । किनभने उनी उपासकबाट केही कुरा लिएर मात्र केही गरिदिने होइनन् उनी त मानिसको कर्म अनुसार दिने र लिने दुवै गर्दछन् । कर्म अनुसार नै सुख दिने हुन् तथा कर्म अनुसार नै दुःख दिने हुन् । अतः मानिसले केही लिनु छ भने आफैंले कर्म गरेर लिनु पर्दछ । ईश्वर वा देवतालाई भौतिक कुरा चढाएर वा खुशामद गरेर हुने होइन । कर्मको लागि परमात्माबाट उसले हात पाउ र बुद्धि विवेक समेत पाएकै छ । तर आवश्यक के छ भने कर्म गर्दा ईश्वरमा श्रद्धा हुनु पर्दछ। ईश्वरलाई बिर्सेर कर्म गरेमा कर्म फलीभूत नहुन सक्दछ । हुनपनि मानिस ती देवताले बताएका वा बताएर गएका उपदेशहरू वा ज्ञानका कुराहरू अनुसरण भने गर्दैनन्, केवल उनीसँग सुख मागि रहन्छन् । जोसित सुखको माग गरिन्छ उनका कुराहरू के मैले अनुसरण गरेको छु ? भनेर पनि सोच्नुपर्ने हो । तर ऊ यी सब कुराहरू बिर्सन्छ र खालि एकोहोरो माग गरिरहन्छ ।

ऋग्वेदको द्वितीय मण्डलको ३३ औं सूक्तमा ऋषि गृत्समद, भार्गव तथा शौनकका कुनै ऋचाहरूमा पनि यस्तै सकाम प्रार्थनाहरू पाइन्छन् भने कुनै ऋचा-हरूमा फेरि आफू पापबाट अलग्गिन पनि रुद्रको स्तुति गरिएको पाइन्छ । जस्तै यो सूक्तको ऋचा २ मा हाम्रो पापलाई बिलकूल मेटिदेउ, ऋचा ३ मा तिमी हामीलाई पापबाट पार लगाउ, पाप हामीबाट सदा दूर रहोस्, ऋचा ६ मा म पाप रहित भएर रुद्रले दिएको सुख ग्रहण गर्नेछु, ऋचा ७ मा मेरो पापलाई हटाई मलाई क्षमादान देउ आदि उल्लेख भएका छन् । यी स्तुतिहरू भने देवतालाई गरिनु पर्ने देखिन्छन् । किनभने मानिसबाट जानेर वा नजानेर पनि पाप कर्महरू भैरहेका हुन्छन् । आफूबाट पाप हुनगएको होश भएमा उसलाई पश्चात्ताप हुन्छ ।

साधारण अवस्थामा मानिस पापकर्म गर्दैन । तर जब मन भड्किन्छ, बुद्धि बिग्रन्छ, विवेकलाई प्रयोग गर्न सक्दैन तब उसमा उत्पन्न विकार तीव्र हुन जान्छ र पापकर्म हुन जान्छ । अतः मानिस नचाहेर पनि पापकर्म गरिरहेका हुन्छन् । जस्तै, गरीबीले गर्दा उसबाट चोरी कार्य हुन्छ । ऊ यसको लागि भगवान्सँग क्षमा माग्दछ । फेरि ऊ प्रार्थना गर्दछ पाप हामीबाट सदा दूर रहोस् भनेर । ऊ सचेत हुन्छ, अनि चोरी नगरों काम गरी खाउँ तथा पापरहित भएर रुद्रले दिएको सुख ग्रहण गरूँ भन्दछ । अतः यो भौतिक सुखको कामना गर्ने सकाम स्तुति होइन । वास्तवमा यस प्रकारको स्तुतिहरूको बढी महत्व हुन्छ । यस्ता स्तुतिहरूले मानिसलाई विवेकतर्फ उन्मुख गराउँछन् जसबाट देवता खुशी हुने हुन्छ । यसप्रकारका स्तुतिहरू पनि निकै देखिन्छन् ।

यस्तै प्रकारले रुद्र सम्बन्धी सबै स्तुतिहरू सकाम छैनन् । आध्यात्मिक ज्ञान सम्बन्धी पनि छन् । उदाहरणको लागि एउटा विवरण पाचौं मण्डलको सूक्त ३ बाट प्रस्तुत गरिन्छ । यसमा ऋषि वसुश्रुत आत्रेयले रुद्रलाई स्तुति गर्दा भन्दछन्– हे रुद्र ! विष्णु भन्ने पद तिम्रो निमित्त अवस्थित भएको हो । त्यस रूपद्वारा तिमी प्रजाहरूको बलको पालन गर । यहाँ विष्णुको अर्थ हो व्यापक अर्थात् रुद्र देवता व्यापक शक्ति भएका हुन् । व्यापक हुनुको अर्थ हो ती परमात्मा परमतत्व हुन् जसको जहाँ पनि अस्तित्व रहेको हुन्छ, जसबाट संसारको रक्षा भैरहेको हुन्छ । रुद्रको व्यापक रूप भएकोले नै सृष्टि स्थिति र लयरूपी यो संसार चलिरहेको हुन्छ तथा यहाँका प्रजाहरूको अर्थात् उत्पन्न प्राणीहरूको पालनको व्यवस्था भैरहेको हुन्छ । जो सृष्टि हुन्छ त्यसको पालन हुन्छ । जसको पालन हुन्छ त्यसको लय पनि हुन्छ । लय पछि फेरि अर्को उत्पन्न भइरहेको हुन्छ फेरि पालन भै रहेको हुन्छ । अतः संसार अर्थात् प्रजाहरूको पालन भैरहेको हुन्छ । यी प्रजाहरूको बलको पालन पनि स्वयं रुद्र अर्थात् महेश्वरकै शक्तिरूपी प्रकृतिबाटै भइरहेको हुन्छ ।

यसैगरी यस पाँचौं मण्डलको सूक्त ४२ ऋचा ११ मा अत्रि ऋषिले भनेका छन्– रुद्र सबै औषधिका स्वामी हुन् । ती जनकल्याण गर्ने शक्तिमान् तथा देहधारीहरूलाई प्राण दिने हुन् यस्ता ती रुद्रदेवको भजन तथा सेवा गर । यी पनि ज्ञान सम्बन्धी हुन् । यसमा रुद्रलाई सबै औषधिको स्वामी हुन् भनिएको छ । अर्थात् प्रत्येक दुःख रोग हो र सबै रोगको औषधि अर्थात् रोगरूपी दुःखबाट मुक्त हुने उपायहरू छन् । यी सबै उपायरूपी औषधिहरूको स्वामी रुद्र हुन् । रुद्रको ज्ञान भएमा देवता, ईश्वर, परमात्मा सबै कुराको ज्ञान हुन्छ । जसलाई यस प्रकारको

ज्ञान हुन्छ र भौतिक संसारमा लुब्ध हुँदैन । जो भौतिक संसारमा लुप्त हुँदैन ऊ सबै दुःखबाट सबै रोगबाट मुक्त हुन्छ । अर्को कुरा रुद्र सबै प्रकारका औषधिहरूका स्वामी भएकाले उनी जनकल्याण गर्ने अर्थात् प्राणीहरूको असल गर्ने हुन् । यथार्थमा रुद्र महेश्वर भएकाले सबै देहधारीहरू (प्राणीहरू) लाई प्राण दिने पनि हुन् । उनैको अनुग्रहले देहधारीहरूले प्राण पाएका हुन् । प्राण सहित देह-धारीहरूको जीवन व्यवस्था उनै महेश्वरबाट भएको हो । अझ भनुँ, उही प्राण हुन्, उही सबैका प्राण हुन्, उसैबाट प्राणको विस्तार भयो । अतः उही प्राण दिन्छन् उही प्राण राखी छाड्छन् र अन्तमा उही प्राण हरण गर्दछन् । प्राण नै चेतन हो, सबै चेतनहरूका परम चेतन उनी दिव्य प्राण हुन् ।

यसपछि सातौं मण्डल सूक्त ४६ को ऋचा २ मा ऋषि वशिष्ठले रुद्रलाई गरेको स्तुति पनि ज्ञान सम्बन्धी नै हुन् जुन यस प्रकार छ– पार्थिव र दिव्य ऐश्वर्यद्वारा ती रुद्रको अनुभूति हुन्छ । हे रुद्र! तिम्रो स्तुति गर्ने हाम्रा पुरुषहरूलाई रक्षा गर्दै आगमन गर । पार्थिव ऐश्वर्यको अर्थ हो भौतिक ज्ञान सम्बन्धी ऐश्वर्य तथा दिव्य ऐश्वर्यको अर्थ हो समाधिद्वारा प्राप्त गरेको प्रज्ञा सम्बन्धी ऐश्वर्य । यी दुवैबाट अर्थात् भौतिक ज्ञान र अध्यात्म ज्ञान दुवैबाट रुद्रको अनुभूति हुन्छ । रुद्र को हुन्, रुद्र के हुन् भन्ने साक्षात्कार हुन्छ । अझ भनुँ, रुद्रको परमात्मा स्वरूप, महेश्वर स्वरूप तथा ईश्वर (शक्ति वा प्रकृति) स्वरूप र देवता स्वरूप सबैको अनुभूति हुन्छ, अन्तर ज्ञान हुन्छ । यस प्रकार ती रुद्र देवता, ईश्वर र महेश्वर समेत भएकाले रुद्रको स्तुति गर्ने पुरुषहरूलाई रक्षा गर्न समर्थ छन् । अतः उनको आगमनको लागि आराधना हुनु स्वभाविक हो ।

यसै गरी यजुर्वेदमा पनि रुद्रलाई भौतिक सुखको साथै ज्ञानको प्राप्तिको लागि पनि स्तुति गरिएको पाइन्छ । तर यजुर्वेदमा रुद्र सम्बन्धी बढी ज्ञान-उन्मुख स्तुतिहरू पाइन्छन् । उदाहरणको लागि १।२ वटा स्तुतिहरू यहाँ प्रस्तुत गरिन्छ । अध्याय ३ को श्लोक (काण्ड)को संख्या ५८, ५९ र ६० मा आंगिरस, भरद्वाज, गौतम, वामदेव, याज्ञवल्क्य, विश्वामित्र, अगस्त्य, वशिष्ठ, नारायण आदि ऋषि-हरू भन्दछन्– पापीहरूलाई संतप्त गर्ने तथा तीन नेत्र भएका देवता रुद्रलाई यज्ञ भाग दिन्छौं, ती हामीलाई श्रेष्ठ निवासले युक्त गरून्, हामीलाई श्रेष्ठ बनाऊन् र श्रेष्ठ कर्ममा लगाऊन् । ५८ । हे रुद्र ! तिमी औषधि हौ, अतः हाम्रा गाई, घोडा, पाठा पाठी आदि पशुहरू र परिवारका मानिसहरूका लागि रोग हन्ता औषधि प्रदान गर । ५९ । जुन सुगन्धीलाई, पुष्टिवर्द्धन गर्नेलाई हामी पूजा गर्दछौं

ती रुद्रले हामीलाई सांसारिक बन्धनबाट र मृत्युबाट मुक्त गरून्, अमृतबाट मुक्त नगरून् । पाकेको फल रूखबाट मुक्त भैं जमीनमा खसे झैं रुद्रको कृपाले हामी जन्ममरणको पाशबाट मुक्त होऔं ।

कण्डिका ५८ मा रुद्रलाई पापीहरूलाई संतप्त गर्ने तथा तीन नेत्र भएका देवता भनिएको छ । हुन पनि जो पाप गर्दछ उस्को मन भय र पीरले सधैं संतप्त भैरहेको हुन्छ । पाप कर्मद्वारा कमाएको धन र शक्तिले ऊ भलै सुखी छु भन्ने देखाउला तर उसको मन सधैं दुःखले पोलिरहेको हुन्छ । यस प्रकारको व्यवस्था (प्रकृति) पनि उनै महेश्वर (रुद्र) बाट भएको हुन्छ जो आफ्नो तेस्रो आँखा अर्थात् अन्तर स्थित साक्षी स्वरूपी आँखाले पापीहरूले गरेका पाप कर्म र त्यस्का परिणाम स्वरूप उनीहरूले भोगिरहेका दुःख तथा पुण्यात्माहरूले गरेका पुण्य कार्यहरू र त्यस्को परिणाम स्वरूप उनीहरूले भोगि-रहेका सुख अनि ज्ञानीहरूले गरेका निष्काम कार्यहरू जस्को परिणाम स्वरूप उनीहरूले प्राप्त गरिरहेको मुक्ति मार्ग हेरिरहेको हुन्छ । यस्ता परम देवता रुद्रलाई ऋषिहरू यज्ञमा आह्वान गर्दछन् उनीहरूलाई श्रेष्ठ निवासले युक्त गरून् भनेर, उनीहरूलाई श्रेष्ठ बनाउन् भनेर तथा श्रेष्ठ कर्ममा लगाउन् भनेर ।

हुन पनि बस्ने ठाउँ नै श्रेष्ठ भएन भने अर्थात् उच्च वातावरणले युक्त स्थान भएन भने त्यहाँ मानिसलाई मानिस भएर बाँच्न गाह्रो पर्दछ । एक त असल काम गर्नेहरूलाई खराब काम गर्नेहरूबाट बाधा भइरहन्छ अर्को खराब वातावरणको प्रभावले मनलाई खराब पनि गराउन सक्दछ । अतः स्थानको बढी महत्व हुन्छ । श्रेष्ठ स्थानको प्रभावले मानिसको मनमा श्रेष्ठ विचारको पनि उदय हुन्छ । श्रेष्ठ विचार एकातिर ज्ञानमा उन्मुख हुन्छ भने अर्कोतिर श्रेष्ठ विचारले श्रेष्ठ कर्म गराउँदछ । अनि जो उत्तम कार्य गर्दछ उही श्रेष्ठ बन्दछ । यस प्रकारको उद्देश्यले रुद्रलाई पुकार्नु स्तुतिसङ्गत कुरा मात्रु पर्दछ । किनभने यो कुरा मानिसको कर्मेन्द्रियद्वारा मात्र सम्भव हुने होइन । यसमा परमेश्वरको पनि कृपा हुनु जरूरी छ । तर जसले मन र बुद्धिले भन्दा विवेकद्वारा कार्य गर्दछ उसैलाई ईश्वरको पनि कृपा मिल्ने हुन्छ । यो पनि उही ईश्वरको प्रकृति हो ।

कण्डिका ५९ मा रुद्रलाई नै औषधि स्वरूप मानेर आफ्ना परिवार र पाल्तु जनावरहरूको लागि रोगहन्ता औषधि प्रदान गर भनी ऋषिहरू प्रार्थना गर्दछन् । मानिस आफ्नो जीवनका आवश्यकताहरू पूर्ति गर्न आफ्नो बुद्धि सहित कर्मे-न्द्रियहरूको प्रयोग गर्दछन् । तर रोग हुँदा भने औषधिको लागि आफ्नो बुद्धि र कर्मेन्द्रियको सहाराले मात्र पुग्दैन । यस विषयमा विशेष ज्ञानको आवश्यकता

हुन्छ। हुन पनि जुन कुरामा आफ्नो इन्द्रिय र बुद्धिको सहाराले काम गर्दैन तब ईश्वरको सहारा नलिइकन सुखै छैन। यहाँ रुद्रलाई नै औषधि भनिएको छ। अर्थात् परमात्मा रुद्रको कृपा नै विशेष औषधि हो। तर रुद्रको कृपा पाउन भने मानिस निष्काम भावनाले उस्को शरणमा जान सक्नु पर्दछ। त्यसपछि कण्डिका ६० मा जुन कुरा उल्लेख भएको छ त्यसबाट रुद्र मुक्तिको देवता सिद्ध भएको छ अर्थात् रुद्र नै अध्यात्मज्ञानको प्रतीक रहेको छ। यो संसार जन्ममरणको पाश हो। जवसम्म इच्छा हुन्छ तवसम्म कर्म गर्नु पर्ने हुन्छ। कर्मको परिणाम हो सुखदुःख। अनि सुख र दुःख हुन् संसार। अतः कर्मद्वारा सुखदुःखको संसारमा घुमिरहनु पर्ने हुन्छ। अर्थात् जन्म र मरणको चक्रमा घुमाइरहेको हुन्छ। अतः संसार बन्धन हो। यस बन्धनबाट उम्कनु नै मुक्ति हो। मुक्तिको प्राप्तिमा परमात्मासँग लीन हुने हुन्छ। परमात्मामा लीन हुनु नै अमर हुनु हो। नत्र जबसम्म संसारमा आइन्छ तबसम्म मृत्यु भै नै रहन्छ। मृत्युबाट मुक्ति हुनु अर्को अर्थमा संसारबाट मुक्त हुनु हो। अतः ऋषिहरू यही मुक्तिको लागि रुद्रसँग प्रार्थना गर्दछन्।

यस्तै प्रकारले यजुर्वेदको अध्याय १०, कण्डिका २० मा ऋषि वरुण, वामदेव, शुनशेपहरू पनि रुद्रलाई भन्दछन्– "प्रलयङ्कारी जुन तिम्रो श्रेष्ठ नाम छ सो कल्याणकारी होस्।" रुद्र प्रलयङ्कारी देवता हुन्। उनका अनगिन्ति नाम-हरू छन् तर प्रलयङ्कारी शब्दको नाम उनको श्रेष्ठ नाम हो। यथार्थमा रुद्रको स्वभाव हो क्रान्ति। संसार दृश्य हो सृष्टि, स्थिति र लयको। यहाँ प्रत्येक कुराको उदय भै रहन्छ, स्थिति भै रहन्छ तथा लय हुँदै गइरहन्छ। वास्तवमा सृष्टिका प्रत्येक कुरा प्रतिक्षण लय भै रहेको हुन्छ, प्रतिक्षण परिवर्तन भैरहेको हुन्छ। यसै लयको स्वभावबाट संसार चलिरहेको हुन्छ। यदि लय नहुँदो हो त परिवर्तन नै हुने थिएन। परिवर्तन नहुँदो हो त सृष्टि पनि सम्भव हुने थिएन। अर्थात् संसार गतिशील हुने थिएन। संसार गतिशील नभएमा सभ्यताको विकास पनि हुने थिएन। अतः सृष्टिको भन्दा लयको महत्व भएको हो। तर लयको यस प्रकारको महत्वपूर्ण गतिमा अवरोध भएमा लयको स्वभाव प्रलयमा परिणत हुन्छ अर्थात् रुद्र प्रलयङ्कारी बन्दछ अनि यस प्रलयले नयाँ सृष्टि संभव गराउँछ। तर जुन नयाँ आउँछ त्यो कसैको लागि राम्रो कसैको लागि नराम्रो पनि हुन सक्तछ। अतः लय भएर जुन परिवर्तन हुने हो त्यो उनीहरूको लागि कल्याणकारी होस् भनेर ती ऋषिहरू रुद्रलाई स्तुति गर्दछन्। यसरी अध्याय ३ को कण्डिका ६० मा कुनै ऋषिहरूले रुद्रसँग मुक्तिको लागि माग गरे भने अध्याय १० को यो २० औं

कण्डिकामा कुनै ऋषिहरूले संसार जुन परिवर्तनशील छ कल्याणमय होस् भनेर प्रार्थना गरे अर्थात् उनीहरूले मुक्ति मागेनन् बरू यसै संसारलाई अरू कल्याणकारी बनाउन चाहे। उनीहरूले भोग नै चाहे तर सुखको भोग चाहे। यसबाट ती रुद्र देवता एकातिर मुक्तिसँग सम्बन्धित छन् भने अर्कोतिर संसारका भोगसँग पनि उत्तिकै सम्बन्धित देखाउँछ। अतः जो संसारलाई हेयको दृष्टिले हेर्दछन् उनीहरू मुक्ति पाउन रुद्रकै स्तुति गर्दछन् भने जो संसारलाई सुखको दृष्टिले आशा गर्दछन् उनीहरू पनि संसारलाई कल्याणमय बनाउन रुद्रकै स्तुति गर्दछन्।

यसगरी अध्याय १६ को कण्डिका ४ र ५ मा पनि कुत्स, वृहस्पति, प्रजापति, आदिले रुद्रलाई स्तुति गर्दछन्– "हे रुद्र! जसरी संसार हाम्रो लागि आरोग्यप्रद र सुमना हुन्छ त्यस्तै गर। हे उपदेशकारी, देवताहरूमा प्रथमपूज्य तथा रोग दूर गर्ने वैद्य! हामीले गर्नु पर्ने कार्यहरू बताउ र हाम्रा सबै भयहरू र शत्रुहरूलाई दूर भगाउ।" यसमा पनि संसारलाई कल्याणमय तथा आनन्द दिने बनाउन प्रार्थना गरिएको छ। तर यो प्रार्थना कुनै व्यक्ति विशेषको लागि नभै सबैको लागि भएकोले यो महत्वपूर्ण हुन गएको छ। अर्को कुरा यो ऋचामा हामीले गर्नुपर्ने कार्यहरू बताउ भनेर रुद्रसँग आफ्नो भाव पोख्तछन्। उनीहरूमा त्यस्तो बुद्धिको उदय हुनु पर्‍यो जस्को निर्देशनबाट उनीहरूका कार्यहरू शत्रु उत्पन्न नगर्ने, भय उत्पन्न नगर्ने हुन सकोस्। यसरी यो पनि समाजमा सुख शान्तिको लागि गरिएको स्तुति भएकोले व्यक्तिगत सकाम स्तुतिको घेराबाट मुक्त भएको मान्नु पर्दछ। अतः यसलाई पनि विशेष प्रकारको स्तुतिमा गणना गर्न सकिन्छ।

यसपछि यही अध्याय १६ को १७ देखि ४६ कण्डिका सम्म यिनै ऋषिहरू-द्वारा देवता रुद्रका विभिन्न रूपहरूलाई नमस्कार चढाई स्तुति गर्दछन्। यी रूपहरू हुन – पशुहरूका पालक, पथिकहरूका पति, अन्नका स्वामी, जगपति, पापीहरू-लाई दुःख दिने, देहरक्षक, भूमण्डल विस्तार गर्ने, जल वर्षाउने, कक्षपति, स्थपति, वृक्ष वन र औषधिका स्वामी, व्याधिहरूका चोरहरूका ठगहरूका पति तथा चोर ठग आदिका नियन्त्रण कर्ता, स्वप्न जागरण निद्रा लगायत विभिन्न अवस्थामा रहनेहरूका अन्तर स्थित; सभापति, घोडा घोडाका मालिक, सेना सेनापति, गण गणपति, व्रात (समूह) व्रातपति, रथ हुने रथ नहुने, रथमा वस्ने रथ हाक्ने रथ निर्माता, ठूला साना, शिल्पज्ञ, कुम्हाले, नकर्मी, कुकुर कुकुरपति कुकुरलाई बोकेर लैजाने सबैमा स्थित; भव, रुद्र, शर्व, पशुपति, नीलग्रीवा, सहस्राक्ष, विष्णु (व्यापक), उग्र, भीम; तथा धनुष वाण धारण गर्ने, वाण निर्माण गर्ने, सानो रूप, वामन रूप वृहत् रूप, प्रौढ रूप, वृद्ध रूप, तरुण रूप आदि सबैमा स्थित; विश्वव्यापक, शीघ्रगामी,

आत्मरूप; तथा जलतरंग, नदीहरू र टापूहरूमा स्थित, पूर्वजहरूमा र पछि जन्मनेहरूमा स्थित, गर्भ र अण्डमा स्थित, वृक्ष आदिका मूलमा स्थित (अहिर्बुध्न्य), मङ्गल कार्यमा स्थित, यमरूपमा स्थित परलोक वासीमा इहलोकवासीमा स्थित, अन्न-खली र घाँसको चरन आदिमा स्थित, ध्वनि प्रतिध्वनि दुन्दुभी (युद्धको बाजा) मा स्थित, सुगम र दुर्गम मार्गहरूमा स्थित, कुलो नहर सरोवर नदीको प्रवाह पोखरी कूप आदि र प्रकाश अन्धकार घाम मेघ विद्युत आदिमा स्थित, वायु हुरी प्रवाह गर्ने, चन्द्रमा रूप, सायमकालीन सूर्यको ताम्रवर्ण तथा प्रातकालीन अरुण वर्ण, वेदवाणी, सांसारिक सागरबाट तार्ने, शङ्कर, शिव अनि गोठ शैया घर आदिमा विद्यमान, सुगन्धित फूल हरियो पात सुकेको पात झरेको पात कुहेको पात र सो पातमा लाग्ने किरा आदिमा पनि स्थित, अकर्म गर्नेलाई दुःख दिने, तथा त्रिविधता (आध्यात्मिक, आधिभौतिक र आधिदैविक) का उत्पतिकर्ता, तथा सबै कुरामा अनि सबैका हृदयमा स्थित आदि। यी कुराहरूबाट रुद्र सर्व व्यापक सर्व सक्तिमान सर्वज्ञ हुन् भन्ने जानकारी हुन्छ। सबैमा सबै अवस्थामा सर्वत्र उही छन्, संसारका सबै कुराहरू उनै हुन् तथा तिनीहरूका अन्तरस्थित शक्तिका अस्तित्व पनि उनै हुन्। उही सबै कुराका सृष्टि, पालन र लय गर्दछन्।

ती रुद्र देवलाई चोरका पति तथा चोरका नियन्त्रक दुवै भनिएको छ। चोरका पतिको अर्थ वुझ्न योग्य छ। किनभने चोरको पनि अन्तस्करण हुन्छ जहाँ रुद्र उनका पति भएर विद्यमान हुन्छ। चोरले चोर्नु अगाडि आफ्नो अन्तस्करणमा ध्यान दिन्छ भने उसलाई चोर्ने कार्यबाट रोक्ने उही हुन्। त्यस्तै मजबूरीवश चोर्ने कार्य गर्नु परेमा पनि चोरले मलाई क्षमा गर, म चोर्दै छु, मलाई कसैले समाउन नसकोस्, मेरो चोरी सफल होस् भनेर मनको ढुकढुकीले रुद्रको प्रार्थना गरिरहेको हुन्छ जुन कार्यलाई रुद्र साक्षीभावले हेरिरहेको हुन्छ। यतिमात्र होइन जस्को चोरी हुन्छ उस्को पनि पति रुद्र नै हुन्। किनभने उस्ले पनि मेरो धन नचोरियोस् भनेर रुद्रको प्रार्थना गरि रहेको हुन्छ। अतः रुद्र चोर र धनी दुवैका पति हुन्। रुद्र दुवैका साक्षी भएर हेरिरहेको हुन्छ र कसलाई के भोग गराउने हो त्यस्को व्यवस्था पनि गराइ रहेको हुन्छ। यस्तै अर्को घतलाग्दो विषय हो रुद्र सुगन्धित फूलमा पनि स्थित हुन् तथा पातमा र झरेको पातमा तथा झरेर कुहेको पातमा लागेका किरामा पनि स्थित हुन्। देवता त स्वर्ग लोकमा बस्तछन् जहाँ सुःख र ऐश्वर्यले वास गरेको हुन्छ तर ईश्वर परमतत्व परमात्मा भएकोले सुःख र दुःख, स्वर्ग र नरक सर्वत्र विद्यमान हुन्छ। अतः यहाँ रुद्रलाई देवता मात्र होइन परमतत्व परमात्माको रुपमा दर्शाएको देखिन्छ। यो विशेष महत्वको कुरा हो।

यसैगरी साम वेदमा पनि रुद्र सम्बन्धी केही श्लोकहरू देखिन्छन् जस्मा कोही ऋषिहरू राक्षसको बल नष्ट गर्नको लागि बसु, आदित्य र इन्द्रको साथै रुद्र समेतको उपासना गर्न अग्निलाई स्तुति गर्दछन्। त्यस्तै कोही ऋषिहरू माताहरूले रुद्रको भाव प्राप्त गरेको वर्णन् गर्दछन् भने कोही ऋषिहरू कानले मङ्गलमय वचन सुन्न पाउँ र आँखाले शुभ दर्शन गर्न पाउँ तथा महादेव सदा कल्याणकारी होऊन् भनेर प्रार्थना गर्दछन्। यस अनुसार सामवेदमा उल्लिखित रुद्र सम्बन्धी स्तुतिहरू ज्ञानकै धारामा बहेका देखिन्छन् ।

अथर्व वेदमा पनि ऋग्वेद आदिमा जस्तै रुद्रलाई सकाम र निष्कामका साथै ज्ञान उन्मुख स्तुतिहरू पनि गरिएका हुन्छन्। यसमा विशेषगरी रुद्रलाई शत्रुनाश गर्ने देवता तथा औषधि सम्बन्धी देवतामा गणना गरिएको पाइन्छ। केही उदाहरणहरू, जस्तै प्रथम काण्ड सुक्त १९ ऋचा ३ मा ऋषि ब्रह्मा भन्दछन्— समान जातिका वा असमान जातिका शत्रुहरूले चढाई गरी हामीलाई दास बनाउन खोजेमा रुद्रदेवले तिनीहरूमाथि आफ्नो हिंसक वाणहरूद्वारा वध गरून्। रुद्र शत्रुका साथै पिशाच आदि प्रेतात्माहरूलाई धपाई दिने पनि हुन्। त्यसैले दोस्रो काण्डको सूक्त १४ मा ऋषि चातन भन्दछन्— भूतनाथ रुद्र र इन्द्रले यी आक्रोश गर्ने पिशाचहरूलाई मेरो आवास (घर) बाट धपाउन्। चौथो काण्डको २८ सूक्तमा ऋषि मृगार भन्दछन्— हे शिवका दुई रूपहरू भव र शर्व देवताहरु! तिमीहरू हामीलाई सबै अनर्थका जड पापबाट मुक्त गर। यो विषय पनि धेरै महत्वको छ। मानिसको जीवनमा जति पनि अनर्थहरू हुन्छन् तिनका कारण प्रायः आफ्नै पाप कर्म हुन्। अतः यस्ता पापकर्म हुनुबाट आफू बच्न सक्नु पर्दछ। धेरै जसो मानिस यस्ता कुरा जान्दछन् पनि तर तिनीहरूबाट पनि आखिर पापकर्महरू भइरहेका हुन्छन्, चाल पाएर वा नपाएर। किनभने काम क्रोध लोभ मोह जस्ता विकारहरू उत्पन्न हुँदा होश हुँदैन। पापकर्म हुन गै हाल्छ। पछि विवेकले भनिरहन्छ जा! गर्नु नहुने गरिएछ। यसको मुख्य कारण हो मानिस विवेक मुखी नभएर मनमुखी हुनु। मनमुखी हुँदा मानिसमा राग उत्पन्न हुन्छ। रागबाट इच्छा र इच्छाले पाप कर्म गराउँछ। तर मनमुखी नहुनु सजिलो कुरा होइन। अतः ती ऋषि भगवान् रुद्रसँग प्रार्थना गर्दछन् पापबाट मुक्त गर भनेर, अर्थात् जो पापहरू मैले गरें त्यसलाई क्षमा गर र अब उप्रान्त मबाट यस्ता पाप कर्महरू नहोस् ।

कुनै ऋचामा रोगबाट मुक्त हुन रुद्रसँग औषधि मागेको हुन्छ भने कुनै ऋचा यस्ता पनि छन् जस्मा स्वयम् रुद्रलाई नै रोग कष्ट दिने देवता भनेर देखाएको

हुन्छ । उदाहरणार्थ छैठौं काण्ड सूक्त ९० मा ऋषि अथर्वा भन्दछन्– हे रोगी! रुद्रले जुन शूलरोगरूप वाणलाई तिमी माथि फ्याँकेका थिए (शूलको भोग गराएका थिए) त्यो वाणलाई उडाउँछु, शूलनाशीनी औषधि स्थापित गर्दछु । हे रोगरूप वाण हानेर रुवाउने (रोगको भोग गराउने) रुद्र ! तिम्रो वाणलाई नमस्कार छ ! यथार्थमा यो पनि मननशील विषय हो किनभने यसबाट जीवनमा आउने सुख दुःख दुवै रुद्र देवताका देन हुन्, तर त्यो देन रुद्रको स्वइच्छा होइन मानिसको कर्मको फल हो भन्ने कुरा पनि बुझ्नु पर्दछ ।

त्यस्तै एघारौं काण्ड सूक्त २ को ऋचा ३ मा ऋषि अथर्वा भन्दछन्– "हे भव (रुद्र)! तिम्रो मायामय शरीरलाई नमस्कार छ । हे संसारका साक्षी देव ! तिमी अमरधर्मा भएकालाई हाम्रो नमस्कार ।" यो ज्ञान विशेषक हो । यसमा भव (रुद्र) लाई परमात्माको रूपमा दर्शाइएको छ । परमात्माका दुई अङ्ग छन्– एक आत्मा अर्को शरीर अर्थात् संसार । संसार मायामय छ अर्थात् सुख दुःखको भूलभुलैयामा डुबिरहन्छ । आत्मा चाहिं साक्षी भएर संसारलाई हेरि रहेको हुन्छ । देह र संसार मरणधर्मा हुन् भने आत्मा अमरधर्मा हुन् अर्थात् संसार परिवर्तनशील छ भने आत्मा शाश्वत हुन् । दुवै नमस्कारयोग्य हुन् । तर आत्मा विशेष नमस्कारयोग्य छ ।

यसपछि पन्ध्रौं काण्ड व्रात्य सम्बन्धी हो । यसको सूक्त १ मा नै व्रात्य (समूहपति महादेव)ले प्रजापतिलाई दिएको प्रेरणा अनुसार प्रजापतिद्वारा सबै कुरा उत्पन्न भएको तथा उनैद्वारा व्रात्य पनि उत्पन्न भई महादेव तथा ईशान भएर सबै समूह (सम्प्रदाय ?)का स्वामी एक व्रात्य (एक ईश्वर) हुन गएको वर्णन आउँछ । ती व्रात्य विभिन्न दिशाहरूमा लागेकाले सबै देवताहरू पनि उनैको पछि लागेका तथा व्रात्य नै संसारको स्वरूप भनेर जानी व्रात्यलाई अध्यात्मको रूपमा नमस्कार गरिएको रहस्यमय वर्णनले पनि रुद्र सम्बन्धी ज्ञानमा अरू उत्सुकता वृद्धि गर्दछ ।

त्यसपछि १८ औं काण्ड, सूक्त १ मा अथर्वा ऋषि भन्दछन्– 'हे स्तोता ! जस्को श्मशान नै घर छ, जो पिशाच आदिका स्वामी हुन्, जो प्रचण्ड पराक्रमी, भय उत्पन्न गर्ने र नजीक आएर हिंसा गर्ने हुन् ती रुद्र देवतालाई स्तुति गर । हे दुःख नाशक रुद्र ! हाम्रो स्तुतिले प्रसन्न भई हामीलाई सुख देउ ।' यहाँ रुद्रलाई श्मशानवासी भनिएको छ । लोकमा अवतीर्ण भएर सबै प्राणीहरूलाई ज्ञानको उपदेश दिएर हिड्ने जो शिव हुन् उनको नाम पनि जन्मदाखेरि रुद्र नै राखिएको थियो तर उनी लोक कल्याणको मार्गमा हिंडेकाले पछि शङ्कर भनेर प्रख्यात भए ।

उही शङ्कर रुद्र श्मशानमा पनि आफ्नो जीवन बिताउँथे । हुनत समाजमा श्मशान अपवित्र स्थान ठानिन्छ तर श्मशान नै त्यस्तो पवित्र स्थान हो जहाँ जीवनको सही ज्ञान तथा संसारको सही स्वरूप दर्शन गर्न सकिन्छ । अतः भगवान् रुद्र जो प्राणीमात्रका कल्याण गर्ने शङ्कर हुन् उहाँको लागि श्मशान पवित्र स्थान हुन गयो कारण उहाँले श्मशानमा बसेरै संसार र परमात्माको ज्ञान प्राप्त गर्नु भयो अर्थात् भौतिक र आध्यात्मिक दुवै ज्ञान प्राप्त गर्नुभयो जुन उहाँले सबैको लागि उपदेशद्वारा वितरण गर्नु भयो । अतः त्यस्ता श्मशानवासी नै यथार्थमा नमस्कार गर्न योग्य हुन् । जसरी हिलोमा कमल फुल्दछ त्यसरी नै श्मशानमा प्रज्ञा प्रकाशित हुन्छ । यही प्रज्ञाद्वारा ती रुद्र सबैका रक्षा गर्दछन् । अतः तिनलाई हाम्रो रक्षा गर भनेर स्तुति गर्नु सार्थक हो । श्मशानवासी, काम क्रोध लोभ मोहका नियन्त्रक, सबै पशु (प्राणी) हरूका पति ती रुद्र भगवान्लाई जसले जानेर वा चिनेर नमस्कार गर्दछ उसले मुक्ति पाउन सक्तछ । ती पिशाच आदिका पनि स्वामी हुन् । अर्थात् ती सुर, असुर जातिका मात्र होइनन् किरात, यक्ष, गन्धर्व, किन्नर, नाग, भूत आदि विभिन्न जातिका मानिसहरूका पनि श्रद्धेय हुन् र साथै श्मशानका नजीक रहने पिशाच जस्ता अति निम्नस्तरका जीव जातिका पनि स्वामी हुन् । यसरी उनी सबै गण सबै जातिका स्वामी हुनाले सबै मानिसहरू यी रुद्रमा उच्च भावले आस्था राख्दछन् ।

संसारमा कैयौं युग आए कैयौं युग गये, कैयौं देवताहरू आए गए, शिवहरू आए गए, बुद्धहरू आए गए, अनेकौं बादशाहरू आए गए, धेरै विजेताहरू आए गए, असंख्य व्यक्तित्वहरू आए गए । त्यस्तै धेरै सभ्यताहरू आए गए, कतिका दर्शनहरू, सिद्धान्त-हरू, नीतिहरू, व्यवस्थाहरू, मान्यताहरू पनि आए गए। सबैको उदय हुन्छ, मध्याह्न हुन्छ, साम हुन्छ अनि रात हुन्छ। फेरि अर्को उदय हुन्छ। तर अन्तमा सबैको गन्तव्य श्मशान हुन्छ । परमतत्त्व परमात्माको प्रकृतिले सधैं यही कुरा बताइरहेको छ । यही कुरा देखाइरहेको छ कि प्रत्येक कुराको क्षय हुन्छ, लय हुन्छ, प्रलय हुन्छ । वास्तवमा रुद्रको यो रुद्रत्व नै प्रचण्ड पराक्रम हो । यसलाई कसैले छेक्न सक्तैन, छेक्नु पनि हुन्न। किनभने छेकिएमा संसार नै चल्दैन। त्यस्कारण रुद्र देखि भय उत्पन्न हुन्छ उसलाई जो परिवर्तन चाहँदैन जो परिवर्तनमा सिसिन चाहँदैन । हाम्रो संस्कृत, हाम्रा सभ्यता, संस्कार, मान्यता, रीतिरिवाज पनि बदलिरहन्छन् । जो हाम्रो हाम्रो भनेर पुरानैलाई मात्र अँगालिरहन्छ, जो पुरानोमा मोहित भै रहन्छ र गतिशील बन्न चाहँदैन उसलाई रुद्रको भय आइरहन्छ । अतः ऊ रुद्रत्वको विरोध गर्दछ । तर उसको केही लाग्दैन र रुद्रको गतिलाई छेक्न पनि सक्तैन । समय बितेर जान्छ, दिन बितेर जान्छ, कुनै एक क्षणमा रुद्र उस्को नजिकै आएर उस्को हिंसा गरिदिन्छ

अर्थात् उसले अँगालेको कुरा लय गरिदिन्छ वा समाप्त गरिदिन्छ । अनि नयाँको सृजना हुन्छ । यसरी नयाँको सृजना हुनुलाई पनि रुद्रकै सहायता चाहिन्छ । विना एकको लय अर्कोको उदय हुँदैन । अतः रुद्र स्तुत्य हुन् सबै कुराले, सबै दृष्टिले । जब रुद्र सम्बन्धी यो ज्ञान हृदयमा जागृत हुन्छ तब मानिसको कुनै कुरामा मोह हुँदैन । जब ऊ मोहको वशमा पर्दैन तब उसलाई कुनै दुःखले छुन सक्दैन । अतः रुद्र यथार्थमा दुःख नाशक हुन् ।

साधारणतः रुद्र दुइ प्रकारका देवता देखिन्छन्–१ स्थूलरूप देवता अर्थात् व्यक्तरूप देवता जसलाई हामी शिव अथवा महादेव वा शङ्कर भन्दछौं जो संसारमा मानिसको रूपमा उत्पन्न भै मानिसहरूलाई धर्मको मार्ग देखाएर गए,जसलाई पुराणमा परमात्मा शिवको अवतरित रूप भनेर पनि विश्वास गरिएको छ । २. अर्को हो सूक्ष्म देवता अर्थात् प्रकृतिरूप देवता जसलाई हामी लय वा संहार गर्ने देवता भन्दछौं, जो सृष्टि भएका सबै कुरालाई लय गर्ने स्वभाव वा शक्ति हुन् र जसबाट संसार परिवर्तनशील बनाउँछ । यो शक्तिको स्रोत हो परमतत्त्व । परमतत्व त्यो तत्त्व हो जसबाट संसारका सबै कुराको विस्तार भयो । अतः परमतत्त्वलाई नै सबैका आत्मा वा परम आत्मा भनिन्छ । परमतत्त्वबाट जे विस्तार भयो त्यही संसार हो । विस्तारका प्रक्रिया हो सृष्टि, स्थिति र लय । अतः यही सृष्टि स्थिति र लयलाई प्रकृति भन्दछन् । यही प्रकृतिलाई परमात्माको शक्ति पनि भनिन्छ, माया पनि भनिन्छ । जस्तो परमात्माको सृष्टि गर्ने शक्तिलाई देवता ब्रह्मा तथा स्थितिगर्ने शक्तिलाई देवता विष्णु भनिन्छ त्यस्तै लय गर्ने शक्तिलाई रुद्र देवता भनिन्छ । अतः परमात्माको लय गर्ने शक्ति रुद्र पनि सूक्ष्म प्रकृति हो । वास्तवमा यो सूक्ष्म रुद्र नै संसार हो किनभने संसार परिवर्तनशील छ । अतः रुद्र हो गति–परिवर्तनशील संसार । अथवा भनुँ संसारको शील हो परिवर्तन, संसारको स्वभाव हो क्रान्ति, संसारको प्रकृति हो बद्लनु, संसारको धर्म हो भएको लय हुनु । अतः बद्लनु नै रुद्रत्व हो । रुद्र नै परिवर्तनको प्रतीक हो ।

खासगरी रुद्र वा लय भन्ने विषयको महत्त्व हुनाको पनि विशेष कारण छ किनभने महेश्वरका तीनवटा शक्ति–सृष्टि स्थिति र लयमा लयशक्ति रुद्रकै महत्त्व देखिन्छ । सृष्टिशक्ति ब्रह्मा तथा स्थितिशक्ति विष्णुको उस्तो देखिँदैन । किनभने सृष्टिपूर्व शून्य अवस्था थियो भने सृष्टि शुरु हुनु शून्य अवस्थामा परिवर्तन आउनु हो अर्थात् शून्य अवस्थाको लय हुनु हो । अतः लयकै विशेषता र प्रधानता देखिन्छ । यसको साथै सृष्टि र स्थिति

दुवै पनि आखिर लयले नै ग्रास गरिदिन्छ र लयकै विजय हुन्छ। अर्को कुरा लय देवता रुद्र नै यथार्थमा सृष्टिशक्ति ब्रह्मा तथा स्थितिशक्ति विष्णु पनि हुन् भन्ने धारणा लिन पनि सकिन्छ। किनभने जुन हामी सृष्टि र स्थिति भन्दछौं ती पनि आखिर लय नै हुन् किनभने लयको अर्थ हो गति अथवा परिवर्तन। सृष्टि हुनु पनि परिवर्तन नै हो। स्थिति भन्ने कुरा पनि राम्ररी बिचार गरी हेरेमा छैन कारण कुनै कुराको स्थिरता हुँदैन। प्रत्येक कुरा सूक्ष्म रूपले परिवर्तन हुँदै गइरहेको हुन्छ। यस्तो हेर्दा जन्मेर नमरून्जेललाई स्थिति भनिन्छ तर विचार गरिएमा त्यो स्थिति पनि प्रतिक्षण सूक्ष्मरूपमा बदलिरहेको एक समष्टि गति मात्र हो। यथार्थमा स्थिति भन्ने कुरा छैन भने पनि हुन्छ। हर क्षण लय, अर्थात् उत्पत्तिभयो कि लय, लय भयो कि उत्पत्ति। बच्चा ठूलो हुनु नै उसको बच्चा रूप लय हुनु हो। अनि त्यसै लयद्वारा उसको ठूलो रूप जन्मनु हो। अतः उत्पत्तिको उद्देश्य भनुँ वा लक्ष्य भनुँ आखिर लय नै हो, गति नै हो, परिवर्तन नै हो। यो महत्त्वपूर्ण कुराले रुद्रको लय शक्ति नै सृष्टि र लयको चक्र घुमाउने हो भन्ने बुझाउँछ। यसरी लय अर्थात् रुद्रत्वको महत्त्व बढी हुन गएकोले परमात्माको परिचयमा रुद्र नै मुख्य विषय हुन गएको देखिन्छ। अतः रुद्र नै महेश्वर तथा परमात्मा शिव र रुद्र नै शङ्कर भगवान् पनि हुन् भन्ने धारणाले स्थान लिन सक्यो।

तर यी दुई प्रकारका रुद्रहरू (पुरुषरूप र प्रकृतिरूप)को एक्यता केमा छ त्यसवारे एउटा विचार यस्तो पनि गर्न सकिन्छ– शिव जन्मेको समयमा रोएको हुनाले रुद्र भन्ने नामकरण गरिएको वर्णन पुराणले उल्लेख गरेको छ भने तत्कालीन दानवहरूको चकचकी नाश गर्नको लागि शिव स्वयं एकादश रुद्र (एघार नामधारी रुद्र) भएर जन्मेको वर्णन पनि नभएको होइन। त्यस्तै लोकमा उत्पन्न भएर उहाँले तत्कालीन ब्रह्मवादी समाजमा चलिरहेको विचारधारा तथा व्यवस्थामा परिवर्तन ल्याउने क्रियाकलापहरू गर्नुको साथै दानवहरूको चकचकी नाश गरेको वर्णनहरू पनि उल्लेख भएका छन्। अतः यी कुराहरूबाट भगवान् शङ्करमा रुद्रत्व पक्षको बढी महत्त्व हुन गएको देखिन्छ जस्बाट उहाँ रुद्र नामले प्रख्यात हुनु भयो। अर्को कुरा उहाँको धर्म-ज्ञान पनि रुद्रत्वबाट प्रभावित भएको देखिन्छ। किनभने संसार परिवर्तनशील भएकोले यो अनित्य वा असत् तथा सबै संसारका आत्मा स्वरूप परमतत्त्व (ब्रह्म) मात्र नित्य वा सत् भन्ने धर्मदर्शन उहाँको विषय मानिन्छ। लय हुने कुराबाट खोज शुरु भई उहाँ लय नहुने तत्त्व आत्मामा पुग्नु भएको देखिन्छ। मुख्य कुरात उही परमात्मा शिवको एक शक्तिरूप रुद्र देवता संहार हो भने शिवकै स्वयं अवतरित पुरुष रूप रुद्र शङ्कर

भगवान् हुन् अर्थात् अव्यक्त परमात्माको एक अव्यक्त रूप रुद्रशक्ति र अर्को व्यक्त रूप रुद्र पुरुष हुन् भनिएकोले सूक्ष्म रुद्र (लयशक्ति) र स्थूल रुद्र (भगवान् शङ्कर) को एक्य सम्बन्ध परमात्मा शिवको माध्यमबाटै हुन गएको दर्शाउँछ।

यसरी रुद्र सम्बन्धी वेदमा उल्लिखित स्तुति आदि अध्ययन गर्दा हामीलाई ती रुद्र देवता लोकमा अवतीर्ण हुने भवगान् शङ्कर मात्र नभई प्रकृतिका एक प्रमुख शक्ति लय देवता र सो भन्दा माथि महेश्वर तथा महेश्वर भन्दा पनि माथिका परमात्मा शिव हुन् भन्ने जानकारी हुन्छ। अतः साधारणाथतः रुद्र देवता भए पनि परमार्थतः ती परमात्मा हुन् अथवा भनुँ रुद्र देवता र परमात्मा दुवै हुन्। परमतत्त्व परमात्मा रुद्र (शिव) का निर्गुण निराकार, सगुण निराकार, सगुण साकार, आदि विभिन्न प्रकृति वा अवस्था तथा स्वरूप वा स्वभावहरूलाई देवता भनिएको हो। वास्तवमा देवता परमात्माबाट भिन्न होइन, तिनको स्वभाव वा कार्य मात्र भिन्न मान्नु पर्दछ।

अतः ती रुद्र निर्गुण निराकार परमात्मा शिव हुन् भने ती रुद्र सगुण निराकर महेश्वर पनि हुन्, त्यस्तै ती रुद्र महेश्वरका तीन प्रकृतिहरू (गुणहरू) सृष्टि स्थिति र लय मध्ये एक प्रकृति सगुण देवता लय शक्ति हुन् भने अनि ती रुद्र लोकमा अवतीर्ण हुने सगुण साकार देवता महादेव शिव वा भगवान् शङ्कर पनि हुन्। त्यस्तै उनी सद्योजात वामदेव तत्पुरुष अघोर र ईशान नामक पञ्चमहादेव हुन् भने उनी भव शर्व पशुपति भीम उग्र महादेव ईशान पनि हुन्। त्यस्तै उनी अजैकपाद अहिर्बुध्न्य कपाली पिनाकी पिङ्गल विरूपाक्ष विलोहित शास्ता शम्भु हर त्र्यम्बक आदि ११ नामधारी रुद्रको साथै सहस्र नामधारी शिव पनि हुन्। यथार्थमा ती रुद्र प्राणीमात्रका देवता हुन्। अतः उनी सबै प्राणी सबै मानिसका लागि दर्शनीय हुन् तथा धर्मात्मा, पापी, आस्तिक, नास्तिक, म्लेच्छ सबैले पनि दर्शन गर्न हुने हुन्। त्यस्तै उनी विश्वका देवता हुन्, कुनै सम्प्रदाय, देश वा राष्ट्रविशेषका मात्र होइनन्। तिनलाई कुनै सम्प्रदाय विशेष वा राष्ट्र विशेषका देवता ठान्नु मनलाई संकुचित बनाउनु हुनेछ। जुन रुद्रदेवता सबै प्राणीको हृदयमा साक्षीरूपमा स्थित छन् ती देवता सबैका हृदयमा खिचिन योग्य हुन्।

त्यस्तै ती रुद्र भगवान् जसले आत्मज्ञानको साथै अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य तथा अपरिग्रह (आवश्यक भन्दा बढी नलिनु) जस्ता यमहरू; शुद्धता, सन्तोष, स्वाध्याय, तप, ईश्वरप्रणिधान जस्ता नियमहरू तथा प्राणायाम, ध्यान, समाधि जस्ता संयमहरूको पालन गर्नको लागि अष्टाङ्ग योगका उपदेशहरू बताए

ती सबैका गुरु हुन् । जो वर्ण जन्मले होइन कर्मले हुने भनेर मान्दछन्, जो श्मशानका साथै निम्न जातका मानिससँग पनि रहने गर्दछन् ती जातपातको भेदभाव मान्ने देवता होइनन् । त्यस्तै जो सुर (आर्य), असुर (अनार्य), किरात, यक्ष (याखा जाति), गन्धर्व (गाइने जाति ?), किन्नर, नाग (नागालैंड्का जाति ?), भूत (भोतान्त प्रदेशका जाति ? वा प्राणीहरू), पिशाच (फोहर ठाउँमा बसोबास गर्ने) आदि सबैद्वारा मान्य हुन् ती रुद्र देवता विभिन्न जातिका साझा देवता हुन् । अतः रुद्र सबैका श्रद्धेय देवता हुन् भने सबैका आत्मतत्त्व परम आत्मा पनि हुन् ।

अन्तमा परमात्मा शिव-देवता रुद्र सम्बन्धी यस पुस्तकमा उल्लेख गरिएका तीन प्रकारका अध्ययनहरूको आधारमा सारांशमा यही भन्न सकिन्छ– "शिव सबैका परम आत्मा हुन्, उही जगत्का ईश महेश्वर हुन् अनि उही परा प्रकृति पुरुष तथा अपरा प्रकृति जगत् हुन् । उही नित्य उही अनित्य, उही निर्गुण उही सगुण र उही सत्व रज तम गुणहरू चलाउने महेश्वर हुन् भने उही सृष्टिशक्ति ब्रह्मा, स्थितिशक्ति विष्णु र लयशक्ति रुद्र तथा उही पञ्च महाभूत पर्यन्त शरीर र इन्द्रियहरू समेतमा व्याप्त भइरहने रुद्र हुन् । अनि उही द्रष्टा (साक्षी) हुन् भने उही भोग गराउने कर्ता (महेश्वर) तथा उही भोक्ता (पुरुष), उही भोग (जगत्) र उही मुक्ति हुन् । त्यस्तै उही बन्धन् बन्धन गर्ने, उही पाश उही पशु हुन् र उही बन्धन र मुक्तिको विधान गर्ने पनि हुन् ।

त्यतै सृष्टिपूर्व जब केही थिएन, त्यसबेला केवल शिव थियो । अर्थात् सृष्टि हुनु भन्दा पहिले जुन शून्य थियो त्यही सबैभन्दा सूक्ष्म तत्व थियो, त्यो तत्व कुनै अरूबाट उत्पन्न नभएकोले त्यसलाई अव्यक्त भनियो र त्यो अव्यक्त परम तत्वको कुनै आकार र गुण नभएकोले त्यसलाई निर्गुण निराकार शिव मानियो । त्यसपछि उही निराकार निर्गुण तत्व शिवमा कालद्वारा (समयान्तरमा) सगुण–पन उत्पन्न भयो । यसरी निराकार निर्गुणबाट निराकार सगुण हुनुलाई महेश्वर भनियो । सगुण भएपछि महेश्वरको स्वभाव (प्रकृति) उद्भव भयो जुन पराप्रकृति चेतन र अपराप्रकृति जडमा विभाजित भयो अर्थात् स्व (पुरुष) र भाव (सत्व, रज र तमले युक्त त्रिगुणात्मिका प्रकृति) को उद्भव भयो । त्रिगुणात्मक प्रकृति पुरुषलाई मोह गर्ने भएकोले यो महेश्वरको माया पनि हो । अतः पुरुष जब प्रकृतिद्वारा मोहित भै योसँग लीन हुन्छ वा संयोग हुन्छ वा यसलाई भोग गर्दछ तब सृष्टि कार्य विस्तार हुन्छ। साथै सत्व, रज र तम यी तीन गुणहरू नै क्रमशः सृष्टि (ब्रह्मा), स्थिति

(विष्णु) र लय (रुद्र)रूपी शक्तिहरू भएकाले प्रकृति महेश्वरको शक्ति पनि हो जुन शक्तिद्वारा स्थूल जगत् (प्राणी र जड वस्तुको संसार) को विस्तार भयो। तर जगत् भन्नु नै सुख दुःखको भोग र यो भोग सत्व, रज र तममा पुरुष जुन रूपले लिप्त हुन्छ सोही अनुसार हुने भएकोले यो संसारको अवस्था पनि ती गुणहरूकै परिणाम हो। तथापि प्रकृति अर्थात् सत्व, रज र तम जस्ता गुणहरू चञ्चल भएकाले यिनीहरूको आपसमा प्रतिस्पर्धा भैरहन्छ। जगत्मा कहिले सत्वगुणको कहिले रजोगुणको तथा कहिले तमोगुणको प्रभाव बढिरहन्छ। खासगरी तमोगुणको प्रभाव बढ्दा प्राणीहरूले बढी दुःख पाउने हुँदा सो प्रभाव कम हुने व्यवस्था (कृति) हुनु पनि महेश्वरकै प्रकृति देखिन्छ। यसै प्रकृति अनुसार लोकमा समय समयमा परिवर्तनका प्रतीक रुद्र जस्ता पुरुषहरू उत्पन्न भई धर्मको भावना वृद्धि गर्ने कार्य हुन्छ अनि तमोगुणको प्रभाव घटेर गई लोक सुखतिर गतिशील हुन्छ।"

केही सहायक पुस्तकहरू

१. श्री शिवमहापुराण भाग १ र २

सम्पादक– हिन्दी टीकाकार विद्यावारिधि पं. ज्वालाप्रसाद मिश्र

प्रकाशक– श्री खेमराज श्रीकृष्णदास, श्री वैङ्कटेश्वर स्टीम प्रेस, खेतवाडी, बम्बई, भारत।

२. कूर्मपुराण (हिन्दी अनुवाद सहित)–

अनुवादक– श्री चौधरी श्रीनारायण सिंह एम. ए.

सम्पादक– श्री आनन्द स्वरूप गुप्त, एम. ए. शास्त्री

प्रकाशक– सर्व भारतीय काशिराज न्यास, दुर्गरामनगर, वाराणसी, भारत इ. सं. १९७२।

३. वामनपुराण (हिन्दी अनुवाद सहित)–

अनुवादक– श्री गोपालचन्द्र वेदान्त शास्त्री, श्री चौधरी श्रीनारायण सिंह एम. ए. तथा डा. गंगासागर राय एम.ए. पी.एच.डी.।

प्रकाशक– सर्वभारतीय काशिराज न्यास, दुर्गरामनगर, वाराणसी, भारत वि. सं. २०२५ इ. सं. १९६८।

४. मत्स्यपुराण– (हिन्दी मासिक पत्रिका कल्याणको विशेषाङ्कको रूपमा छापिएको– सन् १९८४ जनवरीमा प्रथम खण्ड र सन् १९८५ जनवरीमा द्वितीय खण्ड)

प्रकाशक– गीता प्रेस, गोरखपुर (भारत)

५. कालिकापुराण– (हिन्दी अनुवाद सहित)

सम्पादक– डा. चमनलाल गौतम

प्रकाशक– संस्कृति संस्थान, ख्वाजाकुतुब (वेदनगर) बरेली, भारत
सन् १९८१ ।

६. श्रीमद्भागवत महापुराण– (हिन्दी व्याख्या सहित)
दशम संस्करण, २०४३
प्रकाशक– गीताप्रेस गोरखपुर, भारत ।

७. श्रीस्वस्थानी व्रतकथा– (नेपाली)
लेखक– पं. विश्वराज शर्मा ।
प्रकाशक– सर्वहितैषी कम्पनी, जालपादेवी रोड, वाराणसी, भारत ।

श्री हरिकृष्णदास गोयन्दकाद्वारा व्याख्या गरिएका तथा गीता प्रेस, गोरखपुर, भारतद्वारा प्रकाशित देहायका ३ पुस्तकहरूः–

८. ईशादि नौ उपनिषद्– (हिन्दी व्याख्या सहित) सम्वत् २०४० ।

९. वेदान्त दर्शन (ब्रह्मसूत्र)– हिन्दी व्याख्या सहित, सम्वत् २०४० ।

१०. योगदर्शन (पतञ्जली कृत)– हिन्दी टीका सहित, चौथो संस्करण
सम्वत् २०४० ।

* * *

११. सांख्यकारिका (ईश्वरकृष्ण विरचित)– (हिन्दी टीका सहित)
सम्पादक– आचार्य जगन्नाथ शास्त्री एम. ए.
प्रकाशक– मोतीलाल वनारसी दास, बङ्गलोरोड, जवाहरनगर दिल्ली–७
चोक, वाराणसी, भारत, सन् १९८२ ।

१२. शिवसूत्र– (शिवसूत्र बारे श्री रजनीशका प्रवचन संग्रह–हिन्दी)
प्रकाशक– रजनीश फाउण्डेशन, पुना, भारत– सन् १९७८

१३. शिव महिमा– (हिन्दी) द्वितीय संस्करण, जून् १९८१
लेखक– श्री दाउदयाल गुप्त ।
प्रकाशक– पुस्तक महल, खारीबावली, दिल्ली, भारत ।

१४. शिव रहस्य– (हिन्दी)
लेखक– डा. चमनलाल गौतम
प्रकाशक– संस्कृति, संस्थान, ख्वाजा कुतुब (वेदनगर) बरेली, भारत
सन् १९७४ ।

वेदमूर्ति, तपोनिष्ठ पं. श्रीराम शर्मा आचार्यद्वारा सम्पादित तथा डा. चमनलाल गौतम, संस्कृति संस्थान, ख्वाजा कुतुब (वेद नगर) बरेली, उत्तर प्रदेश, भारतद्वारा प्रकाशित देहायका १० पुस्तकहरू:–

१५. शिवपुराण– (हिन्दी अनुवाद सहित) प्रथम र द्वितीय खण्ड– चतुर्थ संस्करण सन् १९७९ ।

१६. लिङ्गपुराण–(हिन्दी अनुवाद सहित) प्रथम खण्ड– संशोधित संस्करण सन् १९८३, द्वितीय खण्ड– सन् १९८४ ।

१७. ... तृतीय संस्करण

... खण्ड– तृतीय

... न् १९७९ ।

... ड

... ण्ड

... १९८५ ।

... ५ ।

... रियागञ्ज

... किताबहरू

... त्मा शिव

29235

AUTHOR श्रेष्ठ, रेवतीरमणानन्द

TITLE परमात्मा शिव देवता रु.

29235

N-R66
SHR
2048 BS.

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

२

वाल्मीकि विद्यापीठ पुस्तकालयः

प्रत्यावर्तनतिथिः

२

२

३०.

३१.

३२. T
V
Ge

M
SIIT
2048 B.S.

वाल्मीकि विद्यापीठ – पुस्तकालय

29252

लेखक

नामः– रेवतिरमणानन्द श्रेष्ठ वैद्य

जन्मस्थानः– नरदेवी नेटपाचो, काठमाडौं ।

शिक्षाः– अर्थशास्त्रमा एम. ए. (नेपाल, २०१७ साल)
जनप्रशासनमा डिप्लोमा (नेदरलैण्ड्स, २०२२ साल)

कृतिहरूः– १. नेपालीमा विविध लेखहरू प्रकाशित ।
२. नेवारीमा साहित्यिक किताबहरू र विविध लेखहरू प्रकाशित ।
३. २०४५ सालमा 'भगवान् शङ्कर' नामक नेपाली पुस्तक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित तथा सो पुस्तकको लागि श्री गुणराज पुरस्कार प्राप्त ।

पेशाः– सरकारी सेवा ।

विभूषणहरूः– २०२९ सालमा प्रबल गोरखा दक्षिणबाहु (चौथा)
२०४७ सालमा प्रख्यात त्रिशक्तिपट्ट (चौथा) ।

मुद्रक तथा प्रकाशक : श्री ५ को सरकार, सञ्चार मन्त्रालय,
मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार ।